# संस्थागत सदस्यहरू

## संरक्षकहरू



*प्रमुख संरक्षक*
**डा. बिमलप्रसाद कोइराला**



*विशिष्ट संरक्षक*
**उमेश श्रेष्ठ**



*संरक्षक*
**द्वारिका श्रेष्ठ**



*संरक्षक*
**जलेश्वरी श्रेष्ठ**



*संरक्षक*
**उषा शेरचन**

## सल्लाहकारहरू



*विशिष्ट सल्लाहकार*
**डा.ध्रुवचन्द्र गौतम**



*मानार्थ सल्लाहकार*
**डा. रामप्रसाद उप्रेती**



*सल्लाहकार*
**कृष्ण प्रसाई**



*सल्लाहकार*
**दीपक सरकार**

## कार्यकारी समिति



*अध्यक्ष*
**मोमिला जोशी**



*उपाध्यक्ष*
**राजेश्वर कार्की**



*महासचिव*
**अरुणा वैद्य**



*कोषाध्यक्ष*
**सुन्दर बस्नेत**



*सदस्य*
**सुरेन्द्र श्रेष्ठ**



*सदस्य*
**अनन्त वाग्ले**



*सदस्य*
**कुमार नगरकोटी**



*सदस्य*
**युवराज अर्याल**



*सदस्य*
**महेश पौड्याल**

## विशिष्ट सदस्यहरू

कृष्णराज तिमिल्सिना, महेन्द्रबहादुर गुरुङ, मोहनबहादुर कायस्थ, डा. बद्री पोखेल, योगेन्द्रकुमार कार्की, महेशविक्रम शाह, योगराज गौतम, रमेश सिलवाल।

## मानार्थ सदस्यहरू

एस्पी कोइराला, इन्द्रबहादुर राई, मदनमणि दीक्षित, डा.ध्रुवेशचन्द्र रेग्मी, श्याम नेपाली, प्रमोद उपाध्याय, सत्यमोहन जोशी, डा.गोविन्दराज भट्टराई, इन्द्र अधिकारी, राजीव सिंह, ईश्वर जोशी, गीता केशरी, शशी शाह, विप्लव ढकाल, फत्तेमान राजभण्डारी, डा.राजेन्द्र विमल, श्रवण मुकारुङ, मनुजबाबु मिश्र, डा.ध्रुवचन्द्र गौतम, युवराज नयाँघरे, तुलसी दिवस, डा.वानीरा गिरि, रमेश श्रेष्ठ, जयदेव भट्टराई, डा.हरिप्रसाद मानसाग्नि, खेम शिवाकोटी, राजन काफ्ले, प्रा.ग्रेगोरी मस्कारिनेक, दुर्गा बराल (वात्स्यायन), ठाकुर गुरागाईं, भीष्म उप्रेती, फूलमान बल, दुर्गालाल श्रेष्ठ, हरिहर शर्मा, शकुन्तला शर्मा, मनु मन्जिल, शशी लुमुम्बू, प्रा.डा.वासुदेव त्रिपाठी, माया ठकुरी, मणि लोहनी, मोहन दुवाल, वैरागी काइँला, सरुभक्त, सुमन पोखरेल, नगेन्द्रराज शर्मा, एरिना ताम्राकार, प्रेमध्वज प्रधान, गणेश रसिक, रोजक घिमिरे, सरस्वती प्रतीक्षा, शिशिर योगी, विक्रम श्री, रामेश, अशेष मल्ल, ठाकुर बेलवासे, विधाता के.सी., लक्ष्मी उप्रेती, मिलन नेवार, परशु प्रधान, मञ्जु काँचुली, केशव सिग्देल, धीरेन्द्र प्रेमर्षि, ओम के.सी., शिव परियार, किरण मानन्धर, डा.लक्ष्मण गौतम, जगदीश तिवारी, भूपिन, टङ्क उप्रेती, मेलिना राई, यादव खरेल, भागीरथी श्रेष्ठ, कृसु क्षेत्री, सम्झना राजभण्डारी, सन्तोष श्रेष्ठ, अश्विनी कोइराला, वीणा पौड्याल, विश्वविमोहन श्रेष्ठ, चन्द्र गुरुङ, वसन्त बस्नेत, सुनिल सिग्देल, कमलीकान्त भेटवाल।

# कलश्री

## साहित्य वार्षिक २०८१

वरिष्ठ सम्पादन सल्लाहकार

**डा. विमलप्रसाद कोइराला**

**एस्पी कोइराला**

सम्पादन

**मोमिला**

विशेष सम्पादन सल्लाहकार

**डा. गोविन्दराज भट्टराई**

**उषा शेरचन**

**राजेश्वर कार्की**




**'नयाँ नेपाल' साहित्य-आरम्भ**

**नेपाली कलासाहित्य डट कम प्रतिष्ठान**
का लागि

NLG एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड

# कलश्री

## साहित्य वार्षिक

वर्ष–१३, अङ्क–१३, २०८१

प्रकाशक

**नेपाली कलासाहित्य डट कम प्रतिष्ठान**का लागि

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड

पानीपोखरी, लाजिम्पाट, काठमाडौँ

फोनः ०१–४४१८११३, ०१–४००६६२५

ईमेलः info@nlg.com.np

वेबसाइटः www.nlg.com.np

डिजिटल आवरणकला र डिजाइन

**सबिन शाक्य**

कम्प्युटरकला

**जयराम तिमल्सिना**

मुद्रक

**प्रिन्ट एन्ड पेपर स्टेट**

मूल्यः रु. ४००/–

KALASHREE

A Yearly Literary Journal

by Nepali Kalasahitya Dot Com Pratishthan

# अबको सत्ताले गर्विलो कलासाहित्यको उच्च सम्मानका साथ समृद्धिको यात्रा तय गरोस्...!

धैर्यको बाँध टुटेपछि उज्यालोको आसमा मौन बसेको चेतनशक्ति पनि भेलबाढी बनेर बग्दो रहेछ भन्ने सत्यको प्रामाणिक पहेलीका हामी सबै साक्षी हौँ । यसमा नेपालआमाले गत भदौ २३ र २४ गते ७५ जना डिजिटल युगका होनहार युवाहरू गुमाउनुपर्‍यो । आफ्ना डिजिटल अधिकार नखोसियून् र भ्रष्टाचारहीन रोजगारीयुक्त सुशासन कायम होस् भन्ने माग राख्दै अघि बढेका युवाहरूको हुङ्कारसामु सत्ता नै घुँडा टेक्न बाध्य बन्यो र देशको शासनव्यवस्थामा दुई दिनमै कायापलट भयो; जो विश्वइतिहासमै चामत्कारिक नौलो घटना बन्यो । यद्यपि यस बेला बगेको भेलमा हुन सक्छ, बिचैबाट मिसिएको आगोको बाढीले सिंहदरबारजस्तो ऐतिहासिक धरोहर, अदालतजस्तो भौतिक संरचनासहित त्यहाँको संवेदनशील दस्ताबेजसँगै अन्य थुप्रै भौतिक संरचनाहरू तहसनहस बनायो । मौकामा चौका हान्दै अपराधीहरू जेल तोडेर भागे; जसले गर्दा देशको अन्तर्राष्ट्रिय छवि केही हदसम्म धमिलिन पुग्यो । फेरि पनि लुटेराले सीमान्त लुटिसकेपछि लुट्नका लागि बाँकी केही नरहेजस्तो कम्तीमा निद्राबाट अर्कैको सिमानामा बिउँझनु नपरेकोमा नै हामीले धन्य सम्झेका छौँ । मानौँ, देश रहेसम्म सम्भावनाको ढोका खुलै रहन्छ भन्ने सीमान्त विश्वासमा हामी लडेर पनि पुनः उठेर हिंड्ने तरखरमा छौँ । यद्यपि अब हाम्रा सामु अनेकन् चुनौतीहरू छन्, तर चुनौतीलाई अवसरका रूपमा स्वीकार गर्दै पुनः हिंड्ने र दगुर्ने सोचमा छौँ । अबको हिंडाइ र दगुराइ दुवैले देशलाई समयमै गन्तव्यमा पुर्‍याओस् ! हामी सम्पूर्ण कलाप्रेमीहरू देशका नाममा यही शुभेच्छाका प्रेमभेटी चढाउँदछौँ !

वास्तवमा यो सत्य हो कि सारा सृष्टिकै कुशल महान् योजनाकार प्रकृतिसँग मान्छेले आँखा जुधाएर अस्तित्वको दाबी गर्न सक्ने क्षेत्र भनेको कला–साहित्य–संस्कृति नै हुन् जस्तो लाग्छ । यसमा प्रतिष्ठानका संरक्षक एवम् कवि–निबन्धकार विमल कोइरालाले कला–साहित्य–संस्कृति भनेको मन लाग्दा लगाइने र मन नलाग्दा थन्क्याइने सोकेसमा सजाइने गहना नभएर समाज, राष्ट्र र विश्वजस्ता दृश्य संरचनालाई स्वस्थ एवम् शालीन रूपमा चलायमान बनाउने सफ्ट पावर हो भन्ने विचार व्यक्त गर्दै आउनुभएको छ । तर

बाहिर नदेखिने यो सफ्ट पावरको शक्तिमाथि अविश्वास गर्नु, अवमूल्यन गर्नु भनेको त देखिने शरीरलाई मात्र सत्य ठानेर शरीरलाई चलायमान वा जिउँदो राख्ने चेतनशक्तिको तिरस्कार गर्नु हो। यसर्थमा कुनै पनि राष्ट्रका साहित्य–कला साधक भनेका त्यस राष्ट्रका आत्मा हुन्। यसैले भन्दै आएका छौँ कि आत्माबिनाको राष्ट्रलाई त ढलेको मुर्दा शरीरसरि खण्डहरबाहेक जिउँदो उपमा त के नै दिन सकिन्छ र!

फेरि हामी निरन्तर एकातिर सरकारी प्राज्ञिक थलोलाई झोलेहरूको भर्तीकेन्द्र बनाइनुहुन्न भन्ने पक्षमा ओकालत गर्दै आएका छौँ भने अब अर्कातिर देशको सभ्य र शालीन भविष्य सुनिश्चित गर्ने ठुलो जनशक्ति विद्यार्थीवर्गलाई सानैदेखि नैतिक शिक्षा प्रदान गरिनु अपरिहार्य बनेको सत्य सबैलाई टड्कारै महसुस भएको हुनुपर्छ। किनकि यस्तै नैतिकवान् बनाउने नैतिक शिक्षा र प्राप्त संस्कारले मात्र कर्तव्य चेतनासहित परिवार, समाज र राष्ट्रको छवि शालीन र सभ्य बन्न पुग्दछ। यसका लागि राष्ट्रलाई धड्कनमा राखी झोले प्रवृत्ति त्यागेर अबको पाठ्यक्रममा उपयुक्त साहित्यसम्बद्ध पाठ्यवस्तु समावेश गर्नु आवश्यक देखिन्छ। साथमा सत्तासीनले सत्तालाई कुनै एक पार्टीको निजी सम्पत्ति नबनाऊन्। सत्तालाई आमजनताको नासो मानी सत्तासीनले अधिनायकवादी बन्दुके चेतनालाई स्वार्थभन्दा माथि उठाएर अबको सत्ताले गर्विलो कलासाहित्यको उच्च सम्मानका साथ देशको समृद्धिको यात्रा तय गरोस् भन्ने कामना गर्दछौँ।

आखिर समाजमा विद्यमान यस्ता विसङ्गत अँध्यारा सत्यहरूको उजागर गर्ने देवत्वको आसनप्राप्त उही कलासाहित्यले नै त हो! यसरी जीवनका यिनै सत्यका संवाहक मानिने कलासाहित्यको सम्मान र उत्थानमा हरतरहले समर्पित संस्था **नेपाली कलासाहित्य डट कम प्रतिष्ठान**को विशेष प्रयत्न, **एनएलजी**को दृढ साथ अनि आमस्रष्टाको स्वतन्त्र लेखकीय आस्थाकै दस्ताबेज **कलाश्री साहित्य वार्षिक**को नयाँ अङ्क लिएर पुनः तपाईंसामु उपस्थित भएका छौँ। यद्यपि एउटै डुङ्गामा सबै यात्रु अटाउन नसक्नु दोष होइन, सन्तुलित यात्राको निर्णय हो भन्ने सत्य विद्वत्जनले बुझ्नु नै हुने छ। र सदाझैँ **एनएलजी**लाई स्रष्टाको शुभेच्छा सदा साथ रहने नै छ।

अन्त्यमा **कलाश्री**का सन्दर्भसहित वास्तवमा जीवनको सुगन्धलाई कैद गर्न नसके पनि यथार्थतः जीवनको रङ्ग उतार्ने इन्द्रेणी शब्दलाई सलाम! यो सृष्टिमा जति अँध्यारो छाए पनि उज्यालो सम्भावनालाई साक्षी राखेर अँध्यारोमा शब्दको आतसबाजी उतार्ने स्रष्टालाई सलाम! यिनै उज्यालो सम्भावनायुक्त सम्यक् कर्मको जीवन्त साक्षी बन्न पुगेको छ– **कलाश्री साहित्य वार्षिक**। सदाझैँ यसरी **कलाश्री** आस्था र विश्वासको जीवन्त

स्मारक बन्ने छ भन्ने ओजिलो विश्वास हामीमा अझ गहिरिएको छ । यसमा सत्कर्मयात्राको जीवन्त सारथि **नेपाली कलासाहित्य डट कम प्रतिष्ठान**लाई **एनएलजी**को स्नेहिल साथ स्रष्टाजगत्मा सदा अविस्मरणीय रहने नै छ ।

यसरी **कलाश्री**को इन्द्रेणीधर्मसहित कलाश्रीको आविष्कारमा साथ दिनुहुने सहृदयी स्रष्टाहरू, प्रतिष्ठान परिवार, कलापारखी सुन्दर बस्नेतलगायत नेपाली साहित्यका विश्वासिला स्तम्भ सहयात्री भाइ जयराम तिमल्सिना, नेपाली भाषाविद् प्रा.डा. भरतकुमार भट्टराई र प्रतिभावान् भाइ सबिन शाक्य तथा सहयात्री प्रिन्ट एन्ड पेपर स्टेट परिवारप्रति विशेष आभार !

सुन्दर जीवनका लागि सदा साहित्यकला साधक र साधनाकै पक्षमा...!

–मोमिला

# कल्पश्री
(साहित्य वार्षिक)

## विषयसूची

### कविता


| | | |
|---|---|---|
| दिनेश अधिकारी | ढाँटको लय | १ |
| लक्ष्मी माली | मौन आवाज | ३ |
| राजेन्द्र शलभ | उस्तै-उस्तै | ५ |
| राजेश्वर कार्की | छाउगोठ | ७ |
| धनबहादुर वली | बा–आमा, सपना र बाटाहरू | ९ |
| विप्लव प्रतीक | के थियो उसको सन्देशमा | १० |
| सुमन पोखरेल | मान्छेपानी | १२ |
| केशव सिग्देल | फिलिङ्गो | १२ |
| जङ्गब चौहान | मेरो गाउँमा | १४ |
| अभय श्रेष्ठ | हरियो पृथ्वी | १६ |
| चन्द्र गुरुङ | बज्यू बितेर गएपछि | १७ |
| हेमन यात्री | एक्लो मानिसको कथा | १८ |
| अनन्त वाग्ले | मदारीहरूको गाउँ | २० |
| सविता गौतम दाहाल | हराउन खोजेकी म | २२ |
| देवेन्द्र खेरेस | गन्तव्यविहीन यात्रा | २४ |
| जीवन खत्री | तिमी गएपछि | २६ |
| जनक कार्की | सम्बन्धविच्छेद | २७ |
| अमित थेबे | गणित | ३० |
| सुमी पोखरेल | हार्नेहरूको इतिहास | ३१ |
| बलबहादुर थापा | सुनाखरी | ३४ |
| विश्व सिग्देल | म एक पसर गिदी बोकेको भस्मासुर | ३५ |
| मिथिलेश आदित्य | लामो दूरीको प्रेम | ३७ |
| सूर्यप्रसाद लाकोजू | कर्तव्य | ३९ |
| बाबुराम श्रेष्ठ | एउटा अनुहार | ४० |
| लोकेन्द्र रावल | अभिशापको प्याला | ४३ |

| | | |
|---|---|---|
| गणेश खड्का | रेमिट्यान्स राष्ट्रियता | ४७ |
| सन्तोष थेबे | सुन्दर दुःखहरू | ५० |
| राधिका कल्पित | पाठेघर मोनोलग | ५२ |
| रोशन परियार | म बाँच्न चाहन्थेँ | ५४ |
| प्रदीप भट्टराई | इत्ति | ५६ |
| कपिल अन्जान | सुन्न बाँकी कथा | ५७ |
| बिपी अस्तु | डरपोकको डर | ६१ |


## गीत/गजल


| | | |
|---|---|---|
| एस्पी कोइरला | माटोकै माया | ६३ |
| उषा शेरचन | कुनै हिसाब राखिनँ मैले | ६४ |
| लक्ष्मण सिटौला | फेरि बिहानी भएँ म | ६५ |
| बूँद राना | गजल | ६६ |
| धिरेन अनुपम | गजल | ६७ |


## कथा


| | | |
|---|---|---|
| सनत रेग्मी | कमली र जामुनको रुख | ६८ |
| राजुबाबु श्रेष्ठ | भूतघर | ७२ |
| दिलीप शाह | विकल्पहीन विकल्प | ८० |
| अमर शाह | उग्राइ | ८७ |
| राजबाबु श्रेष्ठ सागर | अगमपुथी | ९४ |
| निराला शाह | हाम्री हजुरआमा | १०२ |
| गोपाल चिन्तन | खरानीबाट उठेको देश | १०५ |
| गीता खत्री | मेरी आमा | १२३ |


## निबन्ध/संस्मरण


| | | |
|---|---|---|
| विमल कोइराला | मिठो–नमिठो | १३२ |
| मञ्जु काँचुली | मनको गहनता | १३९ |
| श्रीओम श्रेष्ठ 'रोदन' | सुनामीको साक्षी | १४७ |
| भागवत खनाल | देवकोटासँग दोस्ती | १५२ |

| | | |
|---|---|---|
| अनुपम रोशी | चिसो शून्यताको एउटा ब्रह्माण्ड | १५६ |
| चन्द्रबहादुर लामा | आफ्नै गतिमा बग्नुको सौन्दर्य | १६१ |
| साधना प्रतीक्षा | फूलजस्तै जीवन | १६६ |
| गीता कार्की | शिरोवर्ती "सुधासागर यात्री" | १७० |
| तारादेवी सुनुवार | बेसाइतको गुन्युचोली | १७५ |
| छविरमण सिलवाल | लस भेगासदेखि लस एन्जेलससम्म | १८१ |


## संकृति


| | | |
|---|---|---|
| मनोहर लामिछाने | खसान क्षेत्रमा १२ र ७ को महत्त्व | १८७ |


## नाटक


| | | |
|---|---|---|
| अशेष मल्ल | कालान्तर | १९२ |


## समालोचना


| | | |
|---|---|---|
| प्रा. डा. गोविन्दराज भट्टराई | पर्यावरणीय समालोचना सिद्धान्तले पृथ्वीका रोगबिमारको अध्ययन गर्न लगाउँछ | २१० |
| प्रा. डा. हेमचन्द्र नेपाल | प्रश्नहरू त बाँकी नै रहन्छन्... मा मोमिलाको निबन्धकारिता | २१७ |
| प्रा. डा. सावित्री कक्षपति | मानसाग्निको चैतन्यबोधमा लहरिएको भावना | २२७ |
| प्रमोद प्रधान | ज्ञानू पाण्डेको नैबन्धिक स्वर र सामर्थ्य | २३२ |
| डा. कृष्णराज डी. सी. | राष्ट्रकवि घिमिरेको अपूर्ण 'गोविन्द' महाकाव्य र 'ऋतम्भरा'को प्रसङ्ग | २३८ |
| विमला नेपाल | केही परिप्रेक्ष्यमा 'लक्ष्मणरेखा' महाकाव्य | २५२ |
| डा. घनश्याम न्यौपाने परिश्रमी | बागबजार बोल्दैन कथासङ्ग्रहः केही प्रयोग केही उपयोग | २५८ |


## अन्तर्वार्ता


| | | |
|---|---|---|
| शरद प्रधान | नाटककार मनबहादुर मुखियासँग शरद प्रधानले गर्नुभएको कुराकानी | २६५ |

## विश्वसाहित्य/कविता


टोने स्क्र्यानेच (स्लोभेनिया)
केशव सिग्देल/मोमिला/बलबहादुर थापा २८१
भार्या बाल्जालोर्स्की आन्टिच (स्लोभेनिया)
मोमिला/केशव सिग्देल/बलबहादुर थापा २८५
ब्लाज बोजिच (स्लोभेनिया)
बलबहादुर थापा/केशव सिग्देल/मोमिला/ २९०
स्युन्तारो तानिकावा (जापान)
अरुणा वैद्य २९५


## कृतिपरिचय


| | | |
|---|---|---|
| ठाकुर बेलबासे | देशको विरूप तस्बिर "पाताल" | २९९ |
| मणि लोहनी | मधेसको कथा समेटिएको "घुरको धुवाँ" | ३०१ |
| | साँझमा सेल्फीः हेमप्रभासको प्रस्ट अनुहार | ३०४ |
| | नमनः ऐतिहासिक प्रसङ्गको रोमाञ्चक... | ३०७ |
| लक्ष्मण सिटौला | अस्तित्ववादी चिन्तन र "मर्नुअघि" उपन्यासमा... | ३१० |
| तैँ तैँ धिताल | मल्लका "मनका तरङ्गमा असनको स्वाद" | ३१७ |
| भावना खनाल | जयराम तिमल्सिनाको उपन्यास "धीमहि" | ३२२ |


## परिशिष्ट/सृजना उत्सव २०८१, रुकुम पश्चिम


| | | |
|---|---|---|
| मणि लोहनी | ज्यान गया जत्तिकै लाग्छ जोवन जाने बेला | ३२५ |

कविता

# ढाँटको लय



*दिनेश अधिकारी*

सधैँजसो
सामाजिक सञ्जालमा
आफ्नो नयाँ फोटो राख्न हतारिने उसले
यस पटक
छानिसकेको फोटो पनि
एकाएक नराख्ने निर्णय गऱ्यो !

ढाँट्नु–
आफूले आफैलाई कतिन्जेल ढाँट्नु ?
उसको दिमाग
फनक्क ! विपरीत दिशातिर घुम्यो
सम्झ्यो–
पारिवारिक मिलनका लागि
विदेश आएको उसले
नाति-नातिनालाई स्कुल पठाएर
छोराबुहारी काममा गएपछि
हप्ताको पाँच दिन
आँखाभरि कोक्याउँदो समय बिताउने गरेको थियो
सवारी चलाउने अवस्था र सिप त थिएन नै
भाषा पनि आफ्नो पकडमा नभएपछि
श्रीमतीसहित उसका लागि
सूर्यास्त नहुँदासम्म
झ्यालबाट सडक
र, सडकमा दौडने मोटरहरू हेर्नमै
घरको उपादेयता सीमित थियो

न आफ्नो बोली बिक्थ्यो
न अर्को कुनै उपाय थियो
ऊ गुगल-नक्सा हेरेर हिँड्न जान्दैनथ्यो
यसरी उसले
समयलाई सन्नाटामा त भोग्यो, भोग्यो
कहिले– अल्छे अजिङ्गर
र, कहिले–
आङमा दौडिरहेको
छटपटीको हजार भोल्टमा पनि भोग्यो
दिगमिग ! दिगमिग !!
जत्तिखेर पनि
बान्ता आउला जस्तो मनस्थितिमा पनि भोग्यो

आफूले भोगेको परिस्थिति र परिवेश
उसले नबुझेको पनि थिएन
सबैका आआफ्नै बाध्यता र सीमा थिए
त्यसैले अरू कसैसँग उसको गुनासो पनि थिएन
फेरि पनि आफ्नो चित्तले
कुनै सहज निकास दिन सकेन उसलाई
वा भनूँ–
आफैले आफूलाई ढाँटिरहेको अपराध-बोधले
निरन्तर ङ्याकिरह्यो उसको चेतनालाई
र, मनमा कुरा खेलेसरह
हातमा नाचिरहेको
टचस्क्रिनवाला मोबाइलमा
उसले टच गऱ्यो
र, आफ्नो नाममा रहेका
सामाजिक सञ्जालका
सबै द्वारभित्र पसेर
अघिल्लो र झन् अघिल्लो हप्ता

उत्साहित हुँदै 'अपलोड' गरेका आफ्ना हँसिला तस्बिरहरू
एक एक गरेर 'डिलिट' गर्दै गयो...

आज अघि सधैँ-सधैँ
आफ्नो फोटो पोस्ट गरेर
आँखाभरि मुस्कान भर्ने ऊ
यो पटक–
पोस्ट गरेका
आफ्नै केही सम्भ्रान्त तस्बिरहरू डिलिट गरेर
सन्तोषको सास फेरिरहेको थियो !
०-०-०

*कविता*

# मौन आवाज



***लक्ष्मी माली***

सन्तान खोज्दै सहर पसेका
वृद्ध बाआमाहरू
सोध्दै छन् आफैसँग
कहाँ छ निर्धक्क सास फेर्ने हावा
कहाँ छ धित मरुन्जेल पिउने पानी

आकाशतिर हेर्दै भन्दै छन् बा
खोलामा बाढी आयो
खेतहरू बगाएर लग्यो
पोखरीमा भेल पस्यो
माछाहरू छट्पटिँदै बगेर गए
मुट्ठीभरि रोगी माटो लिएर

सोध्दै छिन् आमा
हे धरती
तिम्रो गर्भाशयबाट
अङ्कुरित हुने नयाँ बीजहरू
सकुशलै त छन् ?

ए महाशयहरूहो !
थुप्र–
यही सहरमा आएर थुप्र
बाल–
अझै बाल प्लास्टिकहरू
तताऊ, अझै तताऊ यो पृथ्वीलाई
धुवाँ-धुवाँ बनाऊ
यो वातावरणलाई
उडाऊ धुलो र निस्सासिने बनाऊ
सुकाऊ पानीका मूलहरू
बसाइँ सराऊ चराहरू

कतै खडेरीको कहर
कतै पहिरोको डर
कतै बाढीको त्रास
कतै डुबानको घाट

ओहो !
पहाडहरू चिच्याउँदै सोधिरहेछन्
को हो त्यो आदेश दिने
हामीलाई पार्दै चिरा-चिरा
क्षतविक्षत गर्दै
झर्न बाध्य बनाउने

सुन–
हिमालका आवाजहरू
हावामा विलीन भइरहेछन्
विस्फोटित हिमतालका आर्तनादहरू गुन्जिरहेछन्
तराईका मलिला फाँटहरू
रोइरहेछन्
आफ्नो हर-हर सुकेको आँत लिएर
के कसैले सुनेका छौ ?
कसैलाई सुन्ने फुर्सद छ ?
०-०-०

*कविता*

# उस्तै-उस्तै



***राजेन्द्र शलभ***

धेरै दिनदेखि
किलामा झुन्डिरहेको
एउटा थोत्रो कमिज सधैँ गुनासो गरिरहन्थ्यो।
आफैसँग थाकेर
लखतरान झुन्डिरहेका त्यसका बाहुलाहरू
घामको रापले भन्दा जीवनको तापले
खुइलिएको त्यसको कुम
अनि, बिराउँदै नबिराएको विरामजस्तो
गोजीमा लागेको मसीको दाग
र, खुइलिएका सपनाहरूजस्तो
खिइएर च्यातिएको कलर
सधैँ-सधैँ सिकायत गरिरहन्थ्यो।
*

तर, हिजोदेखि मौन छ– कमिज
उसको छेउको किलाको हेङ्गरमा
झुन्ड्याइएको छ– एउटा पुरानो कोट
खुइलिएको र उध्रिएको छ ठाउँ-ठाउँमा
त्यसबाट पनि आइरहेछ– उस्तै पसिनाको गन्ध
ऊ पनि थाकेको छ–
र थकाइ मार्न झुन्डिएको छ– उसैको छेउमा।
**
दुबै थकित छन्
र, विश्राम गर्न चाहन्छन्
यही थकाइले सायद
मेटिदिएको छ– दुबैबिचको दूरी
उस्तै-उस्तै छ दुबैको भोगाइ
दुबै सधैँ अरूकै लागि हिँडिरहे
दुबै सधैँ अरूकै भऱ्याङ बनिरहे
कुनै द्वेष बाँकी छैन अब
कमिजको मनमा
र, कोटको दिमागमा पनि
छैन कुनै घिन।
o-o-o

कविता

# छाउगोठ



राजेश्वर कार्की

सहरतिर
सडकभरि रङ्गीन जुलुसको हुरी चल्दै गर्दा
मेरो सुदूर गाउँमा
त्यही जुलुसबाट निस्किएको
भीषण आवाजको रङ्गीन आँधी पसेपछि
छाउगोठहरू सोत्तर भत्किएका देखिन्छन्...

प्रायः मानिसहरूको एउटै स्वर सुनिन्छ–
अहिलेको युगमा पनि यस्तो हुन्छ !
रेगिस्तानजस्तो उष्णभूमिमा शीतल बस्ती
अनि अन्टार्टिकाजस्तो हिमभूमिमा न्यानो बस्ती हुँदै
जमाना मङ्गलग्रहमा बस्ती बसाउन पुगिसक्यो !
हाम्रो सोच भने
भ्यागुतो जति उफ्रिए पनि उही भुइँको भुइँ नै छ...

ज्यानमारा छाउगोठहरू भत्किएकामा
अझै कति त शोकमग्नजस्ता लाग्छन्...
कतिका अनुहारमा आक्रोशजस्ता
त कतिका मनभित्रका छटपटीहरू
सुस्केरामा पोखिएजस्ता देखिन्छन्...
कतिका बेचैनीहरू आँखाबाट झरिरहेजस्ता
त कतिका आफैसँग मेल नखाएका हाउभाउसँगै
जाडोमा पसिना नाचिरहेजस्ता लाग्छन्...
मानौँ, बस्तीबस्तीको झुन्ड नै

अस्वीकृत शोकसभाको उकुसमुकुसमा
बेतुकको मौनधारण गरिरहेजस्ता देखिन्छन्...

बिस्तारै देशभरि आवाजको अझ ठुलो आँधीबेहरी फैलन्छ
तर, अचम्म–
त्यो आँधीबेहरीले कतै कुनै छाउगोठ भत्किँदैन
बरु, अझ दृढ छाउगोठहरू जताततै पुनः उम्रिएको देख्न सकिन्छ...

आखिर, बाहिरी आवाजको रङ्गीन आँधीले
घरघरमा बनेका छाउगोठहरू भत्किए पनि
दिमागमा बारबार चक्कर लगाइराख्ने
विचारका छाउगोठहरू नभत्किएसम्म
मनमनका छाउगोठहरू कहाँ भत्किँदा रहेछन् र !...‼

ओ युगनायक !
आज, युगौँदेखि जरा गाडेर बसेको
दागी विचारलाई छोप्न अलिकति जादुई इन्द्रेणी रङ्ग
रूढ आवाजलाई छोप्न अलिकति सङ्गीतको प्रेमिल सुर
र असत्लाई सत्यात्रातिर लग्न कविको शाश्वत शब्दब्रह्म नै
म तिमीलाई हस्तान्तरण गर्दै छु...;
जसबाट
हरपल जीवनका विरुद्ध मृत्युको मुख बाइरहने
मान्छेका कलुषित मनमनका अँध्यारा छाउगोठहरू
सम्पूर्ण भत्काउन सकियोस् !
०–०–०

कविता

# बा-आमा, सपना र बाटाहरू

धनबहादुर वली



हिँड्दाहिँड्दै बाटोमै
मैले छोडेको बाटो, मेरो थिएन
उनीहरूको थियो त्यो,
जाँदाजाँदै बाटोमै
फेरेको सपना,
उनीहरूको होइन, मेरो थियो त्यो ।
त्यसैले त,
छुटेको बाटो र
पुराना सपना कुरेर बस्नेहरू
आज त्यहीँ छन् जहाँ म छैन ।
रित्ता गुँड सुम्सुम्याउँदै
गलेका हातहरू,
बाँझिएका खेतबारीसँगै
सुकेका मनहरू
मेरा होइनन्, उनैका हुन् ती ।
त्यसैले त,
हाँगा छिमलिएका
ठुटा रुखहरूजस्तै
एक्लै बसेका छन् ती
जहाँ म बसेको छैन ।
मनबाट झिकेर कोठाभरि
फ्रेम गरिएका
पुराना तस्बिरहरू मेरा होइनन्
उनैका हुन् ती,

त्यसैले त,
ती एक्लै छन्, कहिलेदेखि
भित्तामाथि उनीहरू, जहाँ म छैन।
तर थाहा नै नभई, समयले कुन बेला
कोल्टो फेरिदिने छ एकदिन
त्यसै गरी फेरिदिने छ मेरो स्थान र
उनीहरूजस्तै भित्तामा सजिने छु म पनि
तर त्यस क्षण,
हुने छैनन् त्यहाँ उनीहरू
कुरेर बसेका मलाई नै सुम्सुम्याउन
जहाँ म हुने छु।
०-०-०



कविता

# के थियो उसको सन्देशमा ?

***विप्लव प्रतीक***

जब उसको निधनको खबर आयो
खबरले घना अन्धकार लिएर आयो।

मर्माहत भएँ,
मगजमा एकछिन सन्नाटा छायो,
वरिपरि हेर्दा सब रित्तो देखेँ,
पहाड, हिमाल, जङ्गल, बस्ती
सबैमा मानौँ सेतो कपडा छोपिएको थियो,
आकाश हेरेँ, त्यो पनि सेतै थियो
मानौँ मलाई एकछिनका लागि सेतन्धो भएको छ
जे देखेँ, मैले सब सेतै देखेँ।

बिस्तारै बौरिएँ म,
भुमरीमा परेको, आँधीमा परेको
या भनूँ प्रलयमा परेको मेरो मन
शनैःशनैः स्थिर-स्थिर भयो,
र, बिस्तारै मेरा दैनिकीहरू पनि
पूर्ववत् चल्न थाले।

अचेल कहिलेकाहीँ उसको याद आउँछ
जस्तो कि प्रिय मान्छेको याद
आफू जीवित हुन्जेल अक्सर आउने गर्छ।

सोच्छु, उसको निधन केवल निधनको सन्देश थियो ?
या त्यो सन्देशभित्र कुनै सूक्ष्म पाठ थियो ?
मभित्र रहेका ईर्ष्या, अहङ्कार, क्रोध र लुब्धतालाई
पखाल्नू भन्ने सन्देश त थिएन त्यसमा कतै ?

प्रेमका शीतमा प्रेमको इन्द्रेणी मिसाएर
प्रेमका दुबोले भरिएको विशाल फाँटमा
प्रेमकै वर्षा गरिरहनू निरन्तर
भन्ने सन्देश त थिएन त्यसमा कतै ?

समाजको भलाइमा अघि उभिनू,
निर्बलहरूको बल हुनू,
अबोलाहरूको वाणी बन्नू,
होला नहोला युटोपिया यो संसार,
तर, आफ्नो वरिपरि स्वर्ग तुल्याउनू–
यस्तै केही सूक्ष्म पाठ त थिएन त्यस सन्देशमा कतै ?

उसको निधनको सन्देश आएको धेरै वर्षपछि
मेरो मनमा यस्तै कुराका जुनकिरीहरू पिल पिल गर्दै छन्,
यसो हेर्छु, भर्खरै मेरो आँखा आँसुले टिलपिल भएको रहेछ।
०-०-०



कविता

# मान्छेपानी

*सुमन पोखरेल*

बिच बाटामा यो भौडी कसले बनायो ?– पानीले ।
यी घर भत्काउने आँट कसको हो ?– पानीको ।
बाढी फिँजाउने यो उपद्रो कसको हो ?– पानीको ।
यी मान्छे बगाउने अपराध कसले गऱ्यो ?– पानीले ।

यहाँ अभाव केको छ ?– पानीको ।

बारुद, खुँडा र बदनियतहरूको
के दरकार रह्यो ?
अब त पानी नै पनि
मान्छेजस्तो भइसक्यो ।
o–o–o



कविता

# फिलिङ्गो

*केशव सिग्देल*

अगुल्टोले आगोको भुङ्ग्रोलाई ठोसेर
चैनसँग सुत्छु भनेर
कसरी सोच्यौ तिमीले महाशय ?

तिमी जाइ लागिरह्यौ

निश्छल किशोर र निहत्था युवाहरूमाथि।
तर जब युवाहरूको आक्रोशले
सहरलाई हल्लाउँदै लग्यो
मानिसहरू बिउँझाउँदै र जोड्दै गयो
त्यसपछि आगोको फिलिङ्गोझैँ
ह्वारह्वार्ती बल्यो सहर
त्यससँगै जले तिम्रा उन्मादहरू
र खरानी भए शासनका अवयवहरू।

काठमाडौँका सडकहरूमा उभिएर
शासकका सन्की हर्कतका अवशेषहरूलाई
अक्षरका कोर्रा हानिरहेछौँ हामी
ता कि भविष्यमा शासनमा बसेर कोही
फेरि बहुलाउन नखोजोस्
इतिहासको प्रेत बिउँझाएर
मनिसको स्वतन्त्र चेतनामाथि
धावा बोल्न नखोजोस्।

तिम्रो दुर्भाग्य– तिमी बहुलायौ
र अति प्रज्वलनशील क्षेत्रमा बसेर
आगोलाई चलायौ तिमीले।

हामीलाई राम्ररी थाहा छ
तन्नेरीका सपनाहरूमाथि सुतेर
तिमी शासनको रजाइँ गर्छौ
तर तिमीलाई
सपनाको उकुसमुकुसभित्र पनि
आगो हुन्छ भन्ने थाहा नहुन सक्छ
मन भाँचियो भने त्यहीँबाट निस्कन्छ आगो
र खरानी पार्छ त्यसमाथि शयन गर्नेहरूलाई।

तिमी किन देखाउँछौ यस्तो कायरता
निहत्था युवाहरूमाथि जाइ लागेर
तिमी कुन बहादुरी प्रदर्शन गरिरहेछौ ?
साँच्चिकै तागत छ र सक्छौ भने
रोक अक्षर र आवाजको बुइ चढेर हिँडिरहेका विचारहरू
जो आगोको फिलिङ्गोझैँ
सल्किँदै छन् ह्वारह्वार्ती
डढाउनलाई तिम्रा उन्मादहरू ।
०-०-०



कविता

# मेरो गाउँमा

**जङ्गब चौहान**

मेरो गाउँको मृदुल रात्रि शून्यतामा
नसुनिऊन् कुनै आतङ्की स्वरहरू
नआऊन् बजारिँदै गोलीका पर्राहरू
मेरो प्रिय गाउँ-घरका आँगनहरूमा ।

नथुनिऊन् खोलाका आवाजहरू
वनकुञ्जबाट समवेत् स्वरमा घन्किने
तिनै आदिम स्वरहरू ।

सारा कुराहरू बिर्सेर
चिरपरिचित आफ्नै घरमा
निर्धक्क निदाउन पाए हुन्थ्यो ।

बिहानीपख
वन्यपथका उकाली र ओरालीहरूमा
घरमुनिका कान्ला र गराहरूमा
सुन्दर हरिया–हरिया नागीहरूमा
बालउमङ्ग बोकेर नाच्न पाए हुन्थ्यो
वनफूलहरू टिप्दै उफ्रिन पाए हुन्थ्यो।
सधैँ सुनिरहन पाइयोस् मेरो गाउँमा
वर्षाका गीतहरू/चराका प्रीतहरू।

चट्याङको उजेलीमा रम्न पाए हुन्थ्यो
आफूले आफैलाई सस्नेह छाम्न पाए हुन्थ्यो
कहिलेकाहीँ असिनाहरू टिप्दै खेल्न पाए हुन्थ्यो
मेरो गाउँको यही युगीन रीतमा रम्न पाए हुन्थ्यो।

नबढून् यतातिर स्वार्थका हातहरू
तर्क–कुतर्कका जाली दर्शनहरू
फलहीन छलफलका शृङ्खलाहरू
विनाशकारी आधुनिक सञ्जालहरू !

नबिथोलिऊन् मेरा गाउँका सानासाना सपनाहरू
मध्यरातको ग्रामीण शान्ति
कहिल्यै बन्द नहोऊन् मेरो गाउँमा
निर्मल नदीका कलकलहरू
मायालु चरीका लयालु स्वरहरू।

मेरो यो प्यारो–प्यारो गाउँमा
कहिल्यै नमासिऊन् हरिया पाखापखेराहरू
गाउँबस्तीका सङ्ला–सङ्ला मनहरू
मेरो सुन्दर देशका आफ्नै रङहरू।
०–०–०

कविता



# हरियो पृथ्वी

*अभय श्रेष्ठ*

पातै झरे अर्को वर्ष फेरि आउला
रुखै ढले कहाँ बस्ला पात, कहाँ हाँगा पलाउला

म तिम्रो गाँस हुँ, तिम्रो चैनको बास हुँ
म तिम्रो आस हुँ, तिमीभित्रको सुवास हुँ
चिन्यौ कि चिनिनौ, कि नचिनेझैँ गऱ्यौ
म तिम्रो संसार हुँ, तिमीभित्रको सास हुँ।

नङ गए लुगाजस्तै फेरि आउला
हातै गए कहाँ बस्ला औँला, कहाँ नङ पलाउला ?

म हरियाली हुँ, म प्रकृति, कीटपतङ्ग हुँ
म सभ्यता, जिन्दगी जिउने एक ढङ्ग हुँ
चिन्यौ कि चिनिनौ, कि नचिनेझैँ गऱ्यौ
म तिम्रो जिन्दगीको अभिन्न अङ्ग हुँ

बाली मरे अर्को पाला फेरि लाउँला
माटै मरे कुन गर्भमा बस्ला बिउ, कहाँ बाली लगाउँला !

म सहकार्य, म सहजीवन, म अखण्ड हुँ
तिमी छौ यति उद्दण्ड, म सभ्यताको सुगन्ध हुँ
चिन्यौ कि चिनिनौ, कि नचिनेझैँ गऱ्यौ
म हिमाल, रुख, नदी हुँ, म नीलकण्ठ हुँ।

बाटो गए बाटोबिना वनैवन हिंडुँला
धर्ती गए कहाँ रहला बाटो, कहाँ जीवन पाउँला !
०-०-०

कविता

# बज्यू बितेर गएपछि...!

चन्द्र गुरुङ



आकाशको परिधिबाट
खसिगएको तारासँगै हराएझैँ रातको उज्यालो
बादलको पोखरीमा लुकिगएको जूनसँगै
बिलाएझैँ क्षितिजको हाँसो
अँध्यारो पार्दै थुप्रै-थुप्रै अनुहारहरूको उज्यालो
हराएको छ एउटा थोते मुस्कान ।

घरअगाडि ठडिएको ल्याम्पपोस्टमाथि
चराहरूले गाउँदागाउँदैको गीतको तार चुँडिएझैँ
थामिएझैँ रिमझिम बर्सातमा फूलहरूको नाच
पोखिएको छ एउटा गहिरो अँध्यारो
मनमुटुहरूको सँघार र कोठा-कोठामा ।

निधारबाट खसिगएको टीकासँगै
हराएझैँ बेहुलीको मनभरि फुलेको उमङ्ग
पहाडमाथिबाट हाम्फालेको घामसँगै
हराएझैँ साँझको रौनक
उदास पार्दै यात्राको चहलपहल
मासिएको छ मूलबाटोबाट एउटा पाइतालाको छाप ।

एउटा पुरानो अनुहारलाई च्यात्दै
तस्बिरको सिसा चर्किएको छ
जीवनको बहीखाताबाट एउटा हिसाब केरिएको छ
अल्झिन पुगेको छ यादहरूको झाडीमा
एउटा सुन्दर चन्द्रमा ।

डायरीको पानामाझबाट
हराएझैँ प्रेमपत्रसँगै एउटा प्रेमीको मुटु
सुकिगएको एउटा बुढो नदीसँगै
मेटिगएझैँ पृथ्वीमाथि कोरिएको एउटा लयात्मक चित्र
रुखैभरि रित्तोपन छोडिराखेर
झरिगएको छ हाँगाबाट एउटा सुन्दर फूल ।

कुनै चराको पखेटाबाट खसिगएको प्वाँखसँगै
हराएझैँ एउटा रङ्ग अँध्यारोमा कतै
घरको एक कुनाबाट हुक्काको एकोहोरो गुडगुडसँगै
गायब भएझैँ एउटा जीवनको सङ्गीत
हराएको छ घरआँगनबाट एउटा स्निग्ध छाया
छुटेको छ अप्ठ्यारोमा थाम्ने मायालु हात
बज्यू बितेर गएपछि...!
०-०-०



कविता

# एक्लो मानिसको कथा

*हेमन यात्री*

सिवाँलीको झ्याङबाट लुक्दै-लुक्दै
हेरिरहेको छु म–
बसौँदेखि कसैलाई पर्खिरहेको एक्लो मानिस
बार्दलीमा बसेर टोलाइरहेको छैन आज

उक्लिरहेको छु म पनि एक्लै उकालोमा
र हेरिरहेको छु टाढा-टाढा
कुनै युद्धपछिको मैदानजस्तो सुनसान छ चारैतिर

हेरिरहेको छ– मेरै उज्यालोमा हिँड्ने ढाक्रेहरू हिँडिरहेका छैनन् आज
हेरिरहेको छु– हाट भरेर फर्किरहेका छैनन् कोही

हेरिरहेको छु– मलामी गएर फर्किसकेको रित्तो बाटोजस्तो छ मूलबाटो

सधैँ जुनेलोको बोटमा आएर खेल्ने हावा गायब छ आज
निकुवाको सुकेको ठुटोमा अबेरसम्म नाचिबस्ने ठुटेचरो देखिन्न आज
साँझको पहिलो प्रहरमै एकनासले रुने झ्याउँकिरीसमेत चुपचाप छ आज
सधैँ एकसुरले गुनगुनाइरहने सुन्तले खोलासमेत मौन छ आज

थरथर-थरथर काँपिरहेका छैनन् झाँक्रीस्याउलाका पातहरू
एक रुखदेखि अर्को रुख गर्दै उडिरहेको छैन लाटोकोसेरो
कतै सुनिएको छैन जङ्गली भुस्याहाका कर्कश आवाज

यति चर्को शासन गर्न थालेछ शून्यताले
कि म आफै पनि शून्य-शून्य भएको छु यस बेला

शून्य...शून्य उक्लेर
अहिले त्यही सुनसान घरको शिरमाथि छु म
र हेरिरहेको छु
बर्खाभरि झरीले कुटेर छेडिएको
क्लान्त र उदास धुरीबाट भित्र–
बसौँदेखि बार्दलीमा बसेर कसैलाई पर्खिरहेको एक्लो मानिस
कोही आउने पर्खाइमा
झाँक्रीस्याउलाको पातजस्तो थरथर काँपिरहेको शरीर
र सुन्तले खोलाजस्तो सुसाइरहेको आँखा बिछ्याइरहेछ
सुनसान कोठाको अन्धकारमा

उता अघिजस्तै बाहिर प्रार्थना गरिरहेको छ सुनसान मूलबाटो
अघिजस्तै प्रार्थना गरिरहेको छ झ्याउँकिरी, ठुटेचरा र बतास
अघिजस्तै प्रार्थना गरिरहेको छ
सुन्तले खोला, अम्लिसो र झाँक्रीस्याउलाका पातहरू

तितेपाती, तुलसीको बोट र एक्लो मानिसले रोपेको केराका पातहरू
सब-सब प्रार्थनामा छन् अघिजस्तै

एक्लो मानिसका लागि
म पनि त प्रार्थनामा छु अहिले...

बरु म आफै निभेर
मेरो जम्मै उज्यालो
एक्लो मानिसलाई मिलोस्
र त्यही उज्यालोमा भेटियोस्
बसौँदेखि बार्दलीमा बसेर पर्खिरहेको कोही मानिस ।
०-०-०



कविता

## मदारीहरूको गाउँ

*अनन्त वाग्ले*

बाढी आएपछि कति बगाउनुपर्ने कुरा बगाउँछ
कति बगाउनै नहुने कुरा पनि बगाउँछ
समथर माटो उबडखाबड बन्छ
उबडखाबड जमिन समथर बन्छ
गाउँमा त्यस्तै भयो, बाढी आयो

बाढी आएपछि गाउँको चित्र बदलियो
गाउँ बनाउने कालिगडहरू गायब भए
गाउँ सजाउने कलाकारहरू हराइगए
गाउँ अन्योलको कुहिरोमा डुब्यो

कोही भन्थे तिनीहरू गायब भएका होइनन्
बदलिएका हुन्, तिनीहरू यहीँ छन्

र गाउँमा एकाएक मदारीहरू देखा परे
सपेराहरू निस्किए
चटकेहरू चलमलाए
कोही भालु नचाउँदै
कोही बाँदर डोर्‍याउँदै
कोही मुसा खेलाउँदै
कोही सर्प स्याहार्दै
यतै तमासा, उतै तमासा
टोलटोलमा नाटक
चोकचोकमा चटक
गल्लीगल्ली र गाउँगाउँमा नौटङ्की
गाउँ तमासामय भयो
बस्तीमा नौटङ्की मौलायो
मदारीहरू नै अगुवा भए
उनीहरू नै ठेकेदार भए
उनीहरू नै न्यायाधीश भए
मुखिया भए, भिक्षु भए
बडघर, फेदाङ्मा र थकाली भए

मदारी बढेपछि गाउँमा
मान्छेका दारी हराए
काँधबाट जिम्मेदारीहरू हराए
मस्तिष्कबाट समझदारीहरू गायब भए
हृदयबाट इमानदारीहरू लोप भए

काँधको झोलामा जिम्मेदारी थिएन
मदारीको प्याकेजको हिस्सेदारी थियो
मनमस्तिष्कमा समझदारी होइन

कमिसनको आलमारी थियो
हृदयमा इमानदारी होइन
अर्को मदारीप्रतिको गद्दारी थियो

यस्तैमा गाउँ कम्पायमान भयो
आकाशमा बादलको अर्को मुस्लो मडारिँदै थियो
अब हुने वर्षा र बाढीअघि
ती कलाकारहरूले गाउँको सङ्गीत गुन्जाइरहेका हुन्छन् होला त ?
ती कालिगडहरूले गाउँ सजाइरहेका हुन्छन् होला त ??
अनि हराएका दारीहरू पाइएला त गाउँलेका मुहारमा ???
o–o–o



कविता

# हराउन खोजेकी म

*सविता गौतम दाहाल*

हराउन खोजेकी हुँ,
भेटिएर हैरान छु !

महिनौँ मन्दाकिनीनजिक हराऊँ,
बसौँ बितोस्, जीवन कटोस्
भनेर तरङ्ग तर्दै हिँडेकी
घरमा भेटिएँ, थरमा भेटिएँ !

आँसुमा डुबेकी
कता–कता टोलाएकी,
एकोहोरिएकी,

तन्द्रामा तर्सिएकी,
सपनामा लखतरान
भोकभोकै दौडिएकी भेट्टाएँ।

लाग्थ्यो म हराएँ, कहाँ हराउनु,
यतै चौतारीमा, चौरमा साँझपख पर्खिरहेकी
मन भाँचिएर प्लास्टर गरिएकी
आफैलाई भेट्टाएर, मायाले सुम्सुमाएँ!

हराउन खोजेको आधा जुग भएछ
कहिले विश्वविद्यालयको फारम बुझाउने लाममा
त कहिले अब म के गरूँ जस्ता मानिसहरूको जाममा
गोडा गल्ने गरी उभिएकी आफूलाई भेटाएँ!

चिसो अँध्यारो रात,
परालसँगै परेली ओछ्याएर
टुकी सल्काउँदै गरेकी म
चट्याङको आवाजले बोलाउँदा
नितान्त एक्लै थिएँ!

हराएको हल्लाले सहर थर्किएछ,
कसैले खोजेको भए,
एक फोन टाढा थिएँ
जङ्गल कट्नासाथ,
म टावरको सिग्नल देखिरहेकी थिएँ।

हराउनुको आनन्द, भेटिनुमा भन्दा
झन् झन् घनत्वमा विलीन भएर
कुनै अदृश्य तहको दहमा
चुपचाप तैरिनु पनि रहेछ।

सबैलाई लाग्यो म हराएँ,
अरू सबै हराएको, मैले राम्ररी थाहा पाएँ...।

सहरमा हराएँ, गाउँमा हराएँ
आज, अक्षरमा भेटिएकी छु
कुनै अक्षर विज्ञानका छन्
त कुनै दर्शन ज्ञानका !
०-०-०



कविता

# गन्तव्यविहीन यात्रा

***देवेन्द्र खेरेस***

१८ जुन २०००...
रातभर, निलो समुद्रको गहिराइमा डुब्दै
र, घरी तैरिँदै मालवाहक जहाज
शरणार्थीको लास बोकेर
इङ्‌लिस च्यानल आइपुगेको छ ।

शरद् ऋतुको मौसम
खुल्ला आकाशमुनिको शान्त सामुद्रिक तलाउ
बिहानको उज्यालोसँगै क्षितिजबाट आउने
सूर्यको स्पर्श छामिरहेका एक हुल माछाहरू
न्यानो महसुस हुन नपाउँदै
शरणार्थीको लास हेर्न बाध्य भएका छन् ।

शरणार्थी हुनु रहर होइन
र, अपराध पनि होइन

यो गाँस र वासका लागि
जीवनको गन्तव्य खोज्नु
प्राणी हुनुको कर्तव्यबोध हो
तर
युरोपको फलामे ढोका
इङ्लिस च्यानल पार गर्न
जीवनलाई दाउमा राख्नुपर्दछ।

दक्षिण चाइनाको बन्दरगाहबाट निलो समुद्र पछ्याउँदै
सुन्दर भविष्यको खोजीमा हिँडेका युवायुवतीहरू
कन्टेनरको अँध्यारो कोठाभित्र
कठोर दिन र रातहरू बिताए होला ?
भोक र तिर्खाले छटपटिए होला ?
तर उनीहरूको पिर र व्यथाहरू
कन्टेनरबाट बाहिर पुग्न सकेन
र, हिँड्दाहिँड्दै बाटैमा यात्रा टुङ्गियो।

नाफाको व्यापारीलाई
बोराको सामानझैँ जीवनलाई बन्धक राखेर
पानीजहाज चढेका शरणार्थीले
के के सपनाहरू बुन्दै हिडे होला ?
उनीहरूका अनेक आशा र उमङ्गहरू
गन्तव्यको खोजी गर्दागर्दै बाटोमा कतै टुट्यो
र, बन्दरगाहमा अवतरण हुन सकेन।

कारखानामा उत्पादित वस्तुझैँ जहाजमा मानिसलाई खाँदेर
नाफाको व्यापार गर्ने सामुद्रिक लुटेराहरू
जहाजभरि शरणार्थीको भारी बोकेर
कहिले– अरबबाट
कहिले– अफ्रिकाबाट

र, कहिले– एसियाबाट युरोप ओसार्ने गर्दछन् ।
समय आउँछ, जान्छ
पानीजहाजहरू ओहोरदोहोर गरिरहन्छन्
तर–
हजारौँ युवायुवतीहरूको सपना अझै उस्तै छ
o–o–o



कविता

## तिमी गएपछि...!

***जीवन खत्री***

नजाऊ भनेर
लाख बिन्ती गर्दा पनि
झुकेर पाउ पर्दा पनि
नमानेर तिमी गयौ

नारेको जुवाबाट एउटा गोरु छुटेझैँ
तिमी छुट्टिएपछि मेरो जीवनको खेतबाट
लागेथ्यो, हुन्छ होला बाँझै सपनाको माटो
पलाउँदैन होला कहिल्यै प्रेमको हरियो
र डुब्छ होला, सदाका लागि धर्तीबाट उज्यालो

तर त्यस्तो केही पनि भएन...

आकाश उसैगरी बस्यो छानो बनेर
हिमाल उसैगरी अटल रह्यो मलाई हेरेर
आफ्नै लयमा घुमिरह्यो घडीको सुई

आफ्नै रङमा पोतिरह्यो धरती प्रकृतिले...

बरु, हरायो सम्बन्धको कोठाबाट चर्को-चर्को आवाज
भत्कियो शयनकक्षबाट मौनताको हल्ला
गायब भयो एकाएक घरको हुस्सु
जो, तिमी हुँदा घरमै भेटिन्थ्यो

अहो ! बल्ल पो बुझ्दै छु
म कत्रो भ्रमको गुफामा रहेछु

यतिबेला, महिनौँपछि नुहाएको मजदुरझैँ
भरिएको छु स्फूर्तिले
र बिसाएझैँ काँधबाट एउटा पहाड भएको छु हलुङ्गो

ओ छाडी जाने तिमी !
म तिम्रा लागि के के सोचिबस्थेँ,
सब थोक बिर्सेर आज सोचिरहेछु धन्यवाद ।
o-o-o

कविता

# सम्बन्धविच्छेद

*जनक कार्की*



म धौलागिरी थिएँ
तिमी दुई चुल्ठी लरक्क बाटेकी माछापुच्छ्रे

प्रकाशपुञ्जबाट सापटी मागेर प्रकाश
किरणको कलमले प्रेमपत्र लेखेर

डाँफेलाई हुलाकी बनाएर
पठाएको थिएँ
तिम्रो ठेगानासम्म ।

न्यानो प्रकाशको प्रेमपत्रले
डल्लाडल्ला हिउँमन
पग्लिँदै-पग्लिँदै
थोपा थोपा बन्यो ।

इसारा गर्दै मलाई
गुल्टिँदै-गुल्टिँदै गयौ
म पछ्याउँदै-पछ्याउँदै आएँ
थोपा थोपा बनेर ।

भाग्दाभाग्दै तिमी खाल्डोमा आधा भरी भएर जम्यौ
मैले पनि आधा भरी खाल्डोलाई पूर्णता दिएँ
थोपा-थोपा तिम्रो तन
थोपा-थोपा मेरो मन
यसरी एक भयो
जसरी फूल र पराग एक हुन्छन्
जसरी गर्भाशय र भ्रूण एक हुन्छन्
जसरी फल र रस एक हुन्छन्

यसरी खाली खाल्डो
एउटा सुन्दर मनमोहक फेवाताल बन्यो
नवजीवनको ऊर्जाले तरङ्गित हुँदै ।

तालको सङ्लो पानीभित्र जूनताराको बिछ्यौना बिछ्याएर
तिम्रो हृदयमा फुलेको कमलपुष्प सजाएर
हामी परागगणमा मधुमासमय आनन्दित भयौँ ।

अचानक,
जीवनमा अतिवृष्टि भयो
फुटाएर रङ्गीन तालको बाँध
मलाई पछार्दै नालीमा
हुत्त्याएर खोलामा
पुऱ्यायो नदी हुँदै समुद्रसम्म

यसरी जीवन उजाड, उदास प्यासी सहारा मरुभूमि बन्यो
उता उनको आँखा चेरापुन्जी बन्यो ।

एकदिन यस्तो
नियतिको उदासीनता पार गरी
प्रचण्ड गर्मीको सामना गर्दै
म बाफ बनेर उड्दै-उड्दै बादलको देश पुगेँ
तिमीलाई चिहाएर हेरेँ कपासको झ्याल उघारेर
मिलनको व्यग्र उत्सुकतामा म बर्सिएँ
हाम्रो फेवातालमा ।

तर तिम्रो हृदयमा मेरो जल अट्ने ठाउँ
अन्नपूर्णको थोपा-थोपा पानीले ओगटिसकेको रहेछ

म तप तप तिम्रो छातीमा बर्सिएर उठाएको फोका-फोका पानीझैँ
सपनाहरू फुटालिरहेँ

अनि किनारैकिनारा नाली-नाली हुँदै
धमिलो भेलसँग मिसिएँ

यतिबेला हाम्रो सम्बन्ध प्लुटोजस्तै चिसो भएको छ
जसको अस्तित्व वैज्ञानिकले शून्य बताएका छन् ।
०-०-०

कविता



# गणित

*अमित थेबे*

ठ्याक्कै कति अङ्क जोडेपछि
हिसाब मिल्ने हो सरकार !!!

तिम्रो रातो किताबमा
हाम्रो सास थुनिएको छ
तिम्रो सेतो घरमा
कालो कर्तुत लुकेको छ
तिम्रो जङ्गी अड्डा, थाना, अदालत, छापाखाना
हामीलाई फगत अङ्क देखिरा'छ ।

भन्नोस ठ्याक्कै
कतिवटा करङ भाँचिएपछि रीत पुग्ने हो ?
कतिवटा फोक्सोमा प्वाल परेपछि चित्त बुझ्ने हो ?
कतिवटा टाउको फोडेपछि चुपचाप बस्ने हो ?
कतिवटा औँलाहरू भुइँभरि छर्नुपर्ने हो ?
कतिवटा जाँघ, तिघ्रा च्यात्नुपर्ने हो ?
कतिवटा नाकको डाँडी बङ्ग्याउनुपर्ने हो ?
भन्नोस्...!
कतिवटा मुटुको ढुकढुकी रोकिएपछि
शाही दाम पुग्ने हो ?

हाम्रो हिसाब मिलाउन
ठ्याक्कै कतिवटा सिन्का भाँच्नुपर्ने हो ?
तिम्रो अङ्क मिलाउन
बनियाहरू छन् वरिपरि/ ठेकेदारहरू छन् दायाँबायाँ

कुण्डले मुण्डले भित्री घेरामा
बन्दुक बोकेका बाहिरी घेरामा
मसी लाउने माथिल्लो लाइनमा
फैसला गर्ने तल्लो लाइनमा
र–पनि, तिम्रो सुपरसोनिक सिस्टमले भेउ नपाउने गरी
हिसाब गडबड भइरहेको छ ।

जुन दिनदेखि
तिम्रो पाउ हाम्रो शिरमा पऱ्यो
तिम्रो नङ्ग्रा हाम्रो चोत्लुङमा गड्यो
त्यस दिनदेखि
तिम्रो खातामा फगत बेरुजु आइरहेको छ ।

थाहा छैन
ठ्याक्कै कति अङ्क जोडेपछि
हिसाब मिल्ने हो सरकार !!!
०–०–०

कविता

# हार्नेहरूको इतिहास

*सुमी पोखरेल*



रामका विजयी कथा सुनेर हुर्किइयो
हिटलर र अलेक्जेन्डरका इतिहास घोकेपछि
फटाफट पास भइयो !
तर, जब कौतूहलको बीजले आँकुरा हाल्छ
आफ्नै नजरबाट संसार हेर्ने छुट्टै चस्मा बन्नु

र 'आँखा सोझै नाक' मा चस्मा अड्याउनु
कुनै नौलो पनि त भएन...!

दिमागमा लगाम कसले लाउने ?
खालि खालि रावणकै शस्त्रअस्त्र
टलक्क टल्किएको लङ्काको कथामा
मन अल्झिरह्यो !
जान्न मन थियो उसको विद्वत्ता
उसका अनेकन् चतुरता
अहँ ! कहिल्यै बुझाइएन
वा हार्नेहरूको कुनै कथा हुँदैनथ्यो ?
हार्नेहरूको कुनै इतिहास लेखिनुहुन्नथ्यो ?
प्रश्नैप्रश्नको थुप्रोबाट कहिल्यै
अलग्गिनै सकेन मस्तिष्क ।

जिज्ञासाको त्यान्द्रो त्यति क्षीण पनि नहुँदो रहेछ
खोलेपछि चेतनाको च्यादर
यत्रतत्र देखिन थालेका छन् फरक कथाहरू !
कुनै शास्त्रमा नलेखिएका
कुनै इतिहासको शिलामा नकुँदिएका
इमानको युद्ध जित्दा छलसँग हारेका
बहादुरीलाई धोकाले हराइएका
कैयन् हरुवा कथाहरू ।

ती हराएका हरुवाहरूका कथाझैँ
छुटिगएछ पढ्न–
आफ्नै आदिवासी इतिहासका
केही गौरवका अध्याय
केही अस्तित्वका पन्नाहरू,
र बिर्सिँजाँदो रहेछु–

आफैभित्रै गर्भधारण गरिरहेको अर्को इतिहास !
यसै जरक्क कम्पन छुट्न खोज्छ–
कि पुनः अपाहिज इतिहास नजन्माऊँ म !

मासिँदैमा भाषा–
हराउँदैन बोधगम्यता !
जसरी बुझ्दै छु आज,
इतिहास लेखिने विजेताको पर्दापछाडिमा
पुनः एक हरुवा हुने छ–
र त्यो अलिखित कथाको शृङ्खला मेरो पनि हुन सक्छ ।

खासमा वास्तविकता बिलकुल फरक छ
हार्नेहरूको इतिहास जहिल्यै
लामो हुने दौरानमा हुन्छ–
कुनै दिन लिपिबद्ध हुन सक्छन्
हार्नेहरूका दस्ताबेजका राता अक्षरहरू
उनीहरूकै तातो छातीभित्र
मसाल हुन सक्छन् कुनै दिन
थोपरिएका ऐक्यबद्धताहरू
भयानक हुन सक्छ !
हरुवाहरूले आफ्ना कथा समेटेको दिन !
पासा पल्टिन सक्छ–
हरुवाहरूले साँच्चिकै
जित्ने अभ्यास गरेको कुनै दिन
प्रलय हुन सक्छ
र सधैँ लेख्न बाँकी नयाँ अध्यायमा हुन्छ
हार्नेहरूको इतिहास !
o–o–o

कविता



# सुनाखरी

**बलबहादुर थापा**

घना जङ्गलमा
उभिएको छ एउटा भीमकाय रुख
आफ्ना हाँगाहरू फैलाएर
हाइड्राका खुट्टाहरूजस्तै
सधैँ फैलिरहने साम्राज्यको सीमारेखा कोर्दै
रुख बलियो र अग्लो छ
लगभग नास्तिक, लगभग हृदयशून्य
फूलहरू र फलहरूले बढाउँछन् यसको अहङ्कार
शक्तिशालीहरूको जन्मसिद्ध अधिकार
बाँच्नु र वर्चस्वका लागि
रुखले सधैँ नै डरलाग्दो युद्ध लडिरहन्छ
आफ्ना शत्रुहरूका विरुद्धमाः
घाम, वर्षा र हिउँ ।

तैपनि एउटा कलिलो सुनाखरीले जरा गाड्छ हाँगामा
र यसकै रगत सोसेर
कस्तो आश्चर्य !
रुखले आात्मसमर्पण गर्छ
सुनाखरीको फक्रँदो सुन्दरतासामु
रुख फुल्न छोड्छ
केवल सुनाखरी फुल्छ
तैपनि रुख रमाउँछ
पातहरू पातलिँदै छन्
बोक्रा पनि सुक्दै छन्

तैपनि सुनाखरीलाई आफ्नो रगतमा
हुर्कन दिएकोमा रुख दङ्ग छ
रुखले आफू नै सुनाखरी बन्ने
वाचा गरेजस्तो छ

या सुनाखरी नै रुख बन्न खोजेको त होइन !
०-०-०

कविता

# म एक पसर गिदी बोकेको भस्मासुर

*विश्व सिग्देल*



सोच्नुहोस् त !
तपाईंले कहिल्यै आफूले गर्दै नगरेको गल्तीमा
सजाय पाउनुभएको छ ?

पानी घोप्ट्याइदिएको छ कसैले
भरी गाग्रो अब खाली छ
सागर पिउने तिर्खा बोकेर, नाउर
काला पत्थरको पहाड घँचेटिरहन्छ ।

विशाल चरिचरन, हरिया खर्क र पाटन
सर्लक्क मेटिदिएको छ तानेर वृक्षरेखा
माथि लेकैसम्म सिकारु चित्रकारले
लहलह घाँसको तिर्खा बोकेर
याक र नाकहरू सिँगौरी खेल्दै छन्
वृक्षरेखासँग दिनरात
फुकाली माग्न आफ्ना सग्ला सिङहरू

फुलेको सेतै केश
गुमाएको छ हिमालले
बेमौसमी वातानुकूलित हावा, हुरी र हुन्डरी
सौखिनले छोडिदिएको छ उसको खेतमा
सब सौन्दर्य अब काला दागहरूमा रूपान्तरित
हिमतालको ऐना हेर्दै
हिमाल पर्खिरहेछ
चिसो जून ज्योतिको सेतो वर्षा

सुकेको छ हिमनदीको आँत
अदम्य वेग उमार्ने
पानीका धारहरू सुकेका छन्
छिरलिएका चेपागाँडा हिलोमा छन्
कोमल पखेटा फिजाउँदै
शिशुस्वप्न छर्दै दशै दिशा
र लगातार चपाइरहेछन्
सुक्दै गएको हिलोको हेमलक
रसिलो पार्न खोज्दै छन्
फडफडाउँदै आफ्ना कोमल आशाहरूका दर्ज्यु
जगाउन हिमनदीको आत्मा

खोज्दै जरुवा
भौँतारिने घोरल
वा चरिचरन खोज्दै
कुदिरहेका भेडाच्याङ्ग्रा
पराग खोज्दै उडिरहेका माहुरी
गुँड खोज्दै कामिरहेका मालचरी
सुगन्धित माटो खोज्दै घाममा पिल्सिरहेका गँड्यौला
वा भर्खर जन्मिएका हाम्रा अबोध नानीबाबु
यी सप्पैसप्पैले भोगिरहेछन्

बिनागल्ती सजाय...

यस्तोमा म मान्छे भनेर कुन मुखले भनूँ !
मलाई बाँच्न स्वच्छ हावा चाहिन्छ
कञ्चन पानी, उर्वर जमिन, शुभ्र हिमाल चाहिन्छ
आफैले भत्काएर सृष्टिको चक्र
आफैले लत्याएर प्रकृतिको ऐन
म कसरी खोजूँ वर्षामा पानी ?
म कसरी आस गरौँ हिउँदमा हिउँ ?

बोकेर खप्परमा एक पसर
सप्पैलाई कोर्रा लगाउने गिदी
म कहिलेसम्म कामना गर्न सक्छु र
आफ्नो सग्लो पिँडुला ?
o-o-o

*कविता*

# लामो दूरीको प्रेम

***मिथिलेश आदित्य***



तिमी छौ कतै टाढा, म यहाँ...
माइलौँको दूरी हरेक दिन अझ बढी भयो,
तर मनका सिमाना कहिल्यै पार हुन सकेनन् ।

हामी अझै पनि एकअर्काभित्र गुन्जिएका छौँ–
जसरी हावाले चम्पाका पातहरूलाई
आफ्ना नरम बाहुपाशमा बाँध्छ ।

जब म तिमी बस्ने सहर आउँछु,
हरेक मोडमा तिमीलाई खोज्छु,
हावामा घुलिएको तिम्रो सुगन्ध
मेरो सासभित्र समेट्छु ।

र जब तिमीलाई भेट्छु,
तिम्रा हत्केलामा त्यो घामको ताप खोज्छु
जुन मेरो बिहानबाट कता कता हराएको थियो ।

तिम्रा कपालमा औँला घुमाउँदै,
गालामा एक हल्का स्पर्श छोडेर
एक क्षण रोक्छु–
ठ्याक्कै शरद्को हावाले कदम्बको हाँगालाई सुम्सुम्याउँदाजस्तै ।

दूरीहरूले हामीलाई अलग पारे पनि
कल्पनाहरू अझै सँगै छन् ।
भावनाको भेलमा बगिरहेछु नदीको कलकलजस्तै,
र कवितामा ढलिरहेको छु शब्दका रङ्गहरूद्वारा बनेको इन्द्रेणीजस्तै ।

कुनै पत्रिकाको पानामा आफ्ना शब्दहरू छपाउने छु,
र तिमीलाई भेटेर नयाँ मित्रताका निम्ति हात बढाउने छु ।

फर्किँदा, आफ्नै शब्दहरू समेटेर लैजाने छु–
चोक–चौराहामा प्रेमको उज्यालो छरिने छ,
र कसैले भन्ने छ–
"प्रेमको दूरीलाई शब्दहरूमा बुनेर
कसैले जिउँदो बनायो–
अब यो प्रतीक्षामा डुबेका
हरेक मुटुको धड्कन बनेको छ !"
०–०–०

कविता

# कर्तव्य



सूर्यप्रसाद लाकोजू

नदी हुँ
ओरालो बहनु मेरो धर्म हो
मेरो कर्म पनि निरन्तर बग्नु हो
मेरो गति कहिले शान्त हुन्छ
अनि कहिले हुन्छ वेगवान् ।

मैले मान्छेको लोभको भारी बोक्नुपर्छ
आकाशको आँसुको भार पनि थाम्नुपर्छ
मलाई जतिसुकै साँघुरो बनाए पनि
शान्तसित बगेकै हुँ
बग्ने ठाउँ नै नभएपछि
मभित्रको कर्तव्यले पनि विद्रोह गर्छ
अनि बगाएर लानैपर्छ
मेरा बाटाका अवरोधहरू ।

मान्छेहरू दोषारोपण गर्दै कराउँछन्,
बाढीले मेरो घरखेत लग्यो
वस्तुभाउ नि लग्यो/ मेरो सत्यानाश गऱ्यो ।

कहालीलाग्दो अवस्थाको भारी
अर्काको थाप्लोमा राख्न
मान्छेले मात्र जानेको छ
अहँ, यो सर्वनाशको जिम्मेवार म हुँदै होइन
शिशुपालले जस्तै

गल्तीमाथि गल्ती गर्न म सक्दिनँ
कृष्णले जस्तै एक सय एकसम्म
माफी दिने सामर्थ्य पनि त छैन नि मसँग
म जल हुँ
प्राणीहरूकै प्राणमा समर्पित रहँदै
सिञ्चन गर्नु मेरो कर्म हो
प्यास मेट्नु मेरो धर्म हो
अनि
बहनु पनि मेरो धर्म हो
म कसैलाई बगाउँदिनँ
केवल बहन्छु
म मेरो धर्म कसरी छोड्न सक्छु ?
०-०-०



कविता

# एउटा अनुहार

*बाबुराम श्रेष्ठ*

थाहा छैन उसलाई
आधुनिक मानिस कस्तो हुन्छ
समय कस्तो हुन्छ
ऊ त बिहान खस्न नपाउँदै
सबेरै अँधेरी लिपिसक्छे
घामले मझेरी र आँगन पोतिसक्छे

अँगेनामा न्यानो ल्याई
आफ्नै लयमा

कोसौँ टाढा पुगिसकेकी हुन्छे
ओछ्यानमा गुलाफहरू सुतेपछि मात्र
सुम्सुम्याउन पुग्छे

सिङ्गो युगदेखि
एकलव्यजस्तै– ऊ अविराम
एक मुठी सामल खोज्दै-खोज्दै आइरहेकी छे
पटक्कै उज्यालो उदाउँदैन उसको आँगनीमा
जून ओर्लँदैन उसको अँधेरीमा
चकटीजस्तो कालो बादल धुम्मिन्छ
टक्टक्याउँछे सकीनसकी
घिसारिरहन्छ उही दुनियाँ
र निलो आकाशमुनि निस्फिक्री सुतिरहन्छे
दुःखहरू कत्ति नफुकाली
अनि सुकाउँछे जिन्दगी खेतको ह्याङ्गरमा
अस्ताएर घरको क्षितिजमा
ब्युँझँदा रोइरहन्छ उसको बिहानी
किनकि घडीको सुईजस्तो घुम्दैन
उसको जिन्दगी

हरेक दिन बिर्सने उसको आदत हो
उसको आदिम कष्टकर अवतरणले
जसरी कर्णालीले कहाली/पट्यारमय बाटो बिर्सन्छ
छाँगाजस्तो सुदूर जिन्दगी बिर्सन्छ

आउँदैन उसको मझेरीमा आधुनिकता
किनकि
सहर चिनेको छैन उसले
मोटर चढेको छैन उसले
असमान वितरणको राजधानी ...

देखेको छैन उसले
केवल काँडाले घोचेर खिल पल्टिएको पाइताला छ
हँसियाले काटेर ड्डुँडे बनाएको औँला छ
असुग्घर अनुहार छ
असरल्ल जिन्दगीका बग्रेल्ती अभावहरूभन्दा माथि उठ्न नसकेको
आलो अनुभव छ

सजिलो छ उसका सपनाहरू भत्काउन
मनको रहर दुर्घटित गराउन
ऊसँग औपचारिक विद्यालय विश्वविद्यालय छैन
छन् केवल चित्र उकालीओरालीका
छन् उदासी एकजोर आँखा
छन् आँसुले बनाएका खोबिल्टा
छन् परदेशबाट नखोलेको ओठ
छन् परदेशबाट नपठाएको सम्झना
छन् सबै हिँडेका गाउँ
मात्र ऊ छुटेको गाउँ
ए ! उसको मुटुको मैदानमा
नखेली जाने बैँसालु समय
भनिदेऊ–
निम्छरो जिन्दगी घिसार्ने कतिन्जेल हो ?
सुनाइदेऊ–
सरकार गाउँ छिर्ने कहिले हो ?
उसको निम्छरो जिन्दगीले भोकमा– खान पाउने कहिले हो ?
रोगमा– अस्पताल पाउने कहिले हो ?
पिरहरूमा– खुसीको सास फेर्ने कहिले हो ?
मन लाग्दा– धक मारेर फेसबुक म्यासेन्जरमा
प्यारासँग गफिन पाउने कहिले हो ?
तपाईँहरूलाई अचम्म लाग्दो हो
यस्तो पनि हुन सक्छ यो समयमा

यो यथार्थ हो– महाशय,
ऊ सग्लो नक्सा कोर्छ देशको
तर दूरी जोडिँदैन उसको
मन जोडिँदैन उसको
हो अनागरिक बन्छे ऊ
तैपनि, तैनाथ सिपाहीझैँ
लाटो पहाडहरू बीचमा
भेरीझैँ छल्किएर
देशको एक कुनामा बेमतलब
सीमा रक्षार्थ पुरानो युग बाँचिरहेको
ऊ अर्थात्
छम्कली रोकाया।
०-०-०

कविता

# अभिशापको प्याला



लोकेन्द्र रावल

तस्कर र बेचबिखनको बजारभित्र
यमराजले किनिसकेको मान्छेले पनि
अरू कसैलाई बेच्दै छ
आफू सामाज हुँ भन्ने थाहा पाउँदा पनि
पुँजीबजारमा मानवताका आँसुहरू किनिँदै छ

कसैको पीडा र चीत्कार बेचेर
पैसा र पदले निन्द्रा बोलाउनेहरू हो

बगरका ढुङ्गा बोकेर कमाउनू
निद लाग्छ
मान्छे बेचेर त दिन पो लाग्छ
करुणा, दया, मायाको ऋण पो लाग्छ ।

दुई छाक खानकै लागि
कमाउन गाह्रो के नै हुन्छ र ??
यो बेखनको धन्दा सिध्याएर
आरामको खाना पस्किनेहरू हो
बेचिएका ती अप्रसन्नता र खिन्नतासँगैका आँसुहरू
तिम्रा प्रत्येक खाने गाँसहरूमा मिसिएको हुन्छ ।

तिमीले आर्जन गर्ने पैसामा आनन्दको त के कुरा
त्योभन्दा पर
एलाइन, रेजोनेट र इभोल्ब अनुभूत गऱ्यौ कहिल्यै ??
जहाँ पावर, पैसा र सम्भोगभन्दा अधिक
बलशाली आनन्दैआनन्दका क्षेत्र र परिधिहरू छन्
हृदयबाट कोटी प्रणाम छ ।
तपोभूमिको संस्कृतिमा दाग नलगाऊ
जहाँ बुद्ध, जनक, ऋषि परम्परा छ ।

पैसाको पनि त हृदय र सौन्दर्य हुन्छ होला नि ?
हलुका र गरुँगो तौल हुन्छ होला नि
सम्मान नै नपाउने कस्तो पैसा टिप्दै छौ
जहाँ भ्रष्टाचार, मानव बेचबिखनको काला दागहरू
तिम्रो घरको बाहिरी भित्तामा नलागेको होस्
जहाँ सज्जनहरूले हानिएका घृणाका प्रहार
तिम्रो घरले चोट, नखेपेको होस्

कठै ! सानैदेखि उसको सपना
विद्यालय, किताब, डाक्टर र आमाको आँसु पुछ्ने थियो

बेचिनु उसको अभाव थियो
लुटिनु उसको भोक थियो
शरीरले स्वाधीनता गुमायो ।

जति बेला तिमीले पैसा बुझेर
अन्धकार कोठामा पठायौ
कहिल्यै नखुल्ने ढोकाभित्र पठायौ
जसको झ्यालमा उज्यालो कहिल्यै आएन ।

उसको आँसु बिक्यो शरीर बिक्यो,
तर उसको आवाज सुन्ने कान भेटिएन ।

योनिको शृङ्गार मारिन्
लालित्य चढ्दै गरेका
ओठमा पिसाचका डामहरू छामिन्
अनि, गालामा लत्पतिएका
यौवनका चाहना होइनन् अश्रुहरू
र, भिजेका र गलेका परेला
र, थकित आशाहरूसँगै
त्यो लामो कठिन कालो रात बिताउँदै आइन् ।

पर्वहरू आयो गयो
छोरी फर्काउने पुकारहरू
राज्यशक्तिका नेटवर्कहरू
आफन्तका सदाशयताहरू
व्यर्थ र चौपट्ट हुँदै गयो
समाज बेइमान होइन इमान खोजिरहेरहेको बेला
करुणा, दया, मायाको सट्टा घृणा र क्रूरता बोलिरहेको बेला
देशले फेरि सज्जनहरूको जमात खोजिरहेको छ ॥

हजारौँ छोरीहरू त्यही अन्धकारमा छन्,
भविष्य र सपना
किनमेलको बजारमा हराइरहेका छन्
तर–
यदि हामी उठ्यौँ भने,
समाज बोल्यो भने,
कानुन निर्मम भयो भने,
कसैको हृदयलाई बेच्ने बजार
उजाडिने छ
ती हातखुट्टाहरूमा नेल भुन्डिने छन् ।

मानव तिम्रो भाग्यमा
महाप्रस्थानपूर्व चितानन्द थियो
कूटस्थ थियो साक्षी भाव थियो
जब
दिशा बदल्यौ पागलझैँ रोयौ
फेरि हाँस्यौ
कहिले
तस्करी, चोरी, हत्यारा, बलात्कारी बन्यौ
कहिले जेल, हातमा नेल र चोट खप्यौ
मान्छे बेच्नु र आफू बेचिनुमा खासै के अन्तर रह्यो र
नेपाल आमाको कुपुत्रमा दर्ज हुनु के राम्रो भयो र ??
प्रेमको आनन्दलाई दुर्गन्धमा फिँजाइदियौ
न बन्न दियौ प्रेमको रागिनी उसलाई
व्यर्थ व्यर्थै यो जुनीको
उसलाई अभिशापको प्याला पिलायौ
o–o–o

कविता

# रेमिट्यान्स राष्ट्रियता

*गणेश खड्का*



घरमा अनिकाल लाग्दा
अनाज किन्ने पैसा
घरदेशमा भोकमरीले सताउँदा
राहत बाँड्ने रकम
भवितव्य र दैवीप्रकोपले जन्माएका
अनेकौँ राष्ट्रिय विपदहरूमा
चन्दा तथा मालसामान
शरीर बन्धक राखेर पठाउँछन् सपुतहरू
मुगलानकै भरमा चल्छ मुलुक
रेमिट्यान्सको रिमोट कन्ट्रोलबाट ।

स्वदेशमा उपेक्षित उर्वर पसिनाले
सुगन्धित नदी बगाउँछ विदेशमा
सायद त्यही मलिलो पसिना मिसिएर
समुद्र नुनिलो भएको हो,
सोही पसिनाको नुन चटाएर पोसिलो
राष्ट्रियता तङ्ग्रिएको छ जसोतसो
कुपोषणले जीर्ण बिचरो राष्ट्रियता ।

ऋण दिएको पैसा माग्दै
साहु–महाजन आँगनमा आउँदा
आमा सुसाउँछिन्–
अर्को महिनाको तलब आएपछि
अलिकति ब्याज घटाउँला

बरु फरिया फाट्दै गरोस्
ग्यास्ट्रिकको दबाई त किन्नैपर्छ,
रहरको पाखोबारी अनुहारमा ओराल्दै
अर्धाङ्गिनी मुस्काउँछे–
उध्रेको चोली बरु टालीटुली लाउँला
नानीहरूको स्कुल फिस त तिर्नैपर्छ,
उमङ्गका चङ्गाहरू उडाउँदै चराका बचेराझैँ
चाडबाडमा बालबच्चा चिरबिराउँदा–
पापा, नाना, चाचा, खेलौना
र, बिसन्चो हुँदा ओखतीमुलो
विदेशकै बाटो हेर्नुपर्छ।

परदेशबाट घर चलाउनु भनेको
देश चलाउनु पनि रहेछ
जसरी मक्किएका घरका खाँबा फेर्न
चुहिएको छानो टाल्न
अभावले थाङ्थिलो गृहस्थी धान्न
घरका छोराहरू परदेसिनुपर्छ
त्यसै गरी गरिबीको खाडलबाट देशलाई उठाउन
भ्रष्टाचारी नेता पोस्न
तिनका बेगारी कार्यकर्ता घस्याउन
घुसखोर कर्मचारी पाल्न
र, टाट पल्टिनबाट राष्ट्रलाई बचाउन
देशका युवाहरू बिदेसिनुपर्ने रहेछ।

जब रेगिस्तानबाट उँट–गोठालाहरूले
पसिना बेचेर पैसा पठाउन भुल्छन्
तब राष्ट्रिय अर्थतन्त्रमा भुइँचालो जान्छ
त्यही बेला आउँछ महामारी
लाग्छन् मान्छेका मुखमा ताल्चा

सँगै रोकिन्छ राष्ट्रको श्वासप्रश्वास,
राष्ट्रिय ऋण उठाउने विधेयक पेस गर्दै
कथित राष्ट्रवादीहरू कुर्लिन्छन् सदनमा–
यो आर्थिक वर्षको बजेट पनि रेमिट्यान्सबाट धानौँला ।

इतिहासका पानाहरूमा
राष्ट्रियताको कथा पढियो
पृथ्वी, भक्ति, अमरले रचेको
भौगोलिक राष्ट्रियताको गाथा रटियो
वर्तमानका सडक र सदनहरूमा
छट्टू राष्ट्रवादी राजनीतिज्ञले असरल्ल छरेका
साम्प्रदायिक राष्ट्रियता पनि देखियो
तर, राष्ट्र जोगाउने राष्ट्रियता कतै भेटिएन ।

राष्ट्रका हरेक नागरिकले खाने
प्रत्येक गाँसको एक–एक सितामा
रेमिट्यान्सको अंश छ
कवि, कलाकार, वकिल, पत्रकार
राजनीतिकर्मी, अधिकारकर्मी, अभियन्ता
कर्मचारी, व्यापारी, समाजसेवी
सीमासुरक्षक, भूमिरक्षक र प्रकृतिसंरक्षक
सबै–सबैका पेटमा
समुद्रपारिबाट आएको पौष्टिक आहार छ ।

राष्ट्रका नाविकहरू भोको जहाजलाई
उल्टो दिशातर्फ धकेल्दै
स्वघोषणा गर्छन्– राष्ट्र डुब्नै लाग्यो
यस्तो लाग्छ–
राष्ट्रमा नअटाएका पौरखी राष्ट्रसेवकहरूले
पराई भूमिबाट रेमिट्यान्स पठाएर

इन्धन नहालिदिने हो भने–
राष्ट्रको जहाज
राष्ट्रियताको साख
चुर्लुम्मै डुब्न सक्छ,
कुनै पनि बखत ।
०–०–०



कविता

# सुन्दर दुःखहरू

***सन्तोष थेबे***

धेरै दिनको बन्द झ्याल
अघिदेखि
हावाको झोँकाले खटखटाइरहेछ
मौका पर्खिरहेको घाम
छिरेर जब बुढो ऐनालाई अँगालो हाल्दछ
अनिदा अनुहारहरूमा
दुःखहरू सुन्दर भएर सलबलाउन थाल्दछन्

ओहो !
समय भित्तेघडीमा अल्झिएपछि
अनिद्रा र थकानले
पछुतो र परिणामले
गुमाएर चेत/भुलेर भेट
भाग्दै–भाग्दै
कति दिनपछिको भोकनिद्रापछि

बहुलाएर
यो समशीतोष्ण प्रदेशमा आइपुगेछु

वनस्पतिहरू यिनै हुन्
शीतल छाया र गन्धहरू यिनै हुन्
यो त्यही दोबाटो हो
तिम्रो निधारमा चुम्बन गरेपछि
हिँड्दा ठेस नलागोस् भनेर
कुनै बेला छेउमा पन्छाएको
हरियो लेउ लागेको ढुङ्गा यही हो
एक्लिएपछि दोबाटोमा
मनमनै देवीदेवता पो भाक्यौ कि
फूलपातीले ढुङ्गा पो पुज्यौ कि
जुनी जुनी सँगै हिँडौँ भनेर
गालीसराप पखाल्दै आँखा यो छल्यौ कि...!?

तन्द्रामा
छोइएछु अलिकति
उही पुरानो तिम्रो आस्थाको ढुङ्गामा
ओहो !
न चिसो न तातो
न गह्रौँ न हलुका
न खस्रो न चिल्लो
न भोक न तिर्खा

छाडेर एउटा बेवारिस लास
हिँडिरहेछ हतारहतारमा
एउटा सेहेँ...

उही ढुङ्गामाथि शिर राखेर निदाइपठाएछु
तिम्रो देवीदेवता भाकिरहेछु

फूलपातीले ढुङ्गा पुजिरहेछु
अब मैले कहिल्यै ठेस लाग्नुपर्ने छैन
मर्नुपर्ने छैन फेरि कहिल्यै...

बुढो ऐनाको सतहमा सुन्दर दुःखहरू तैरिरहेछन्... !
०-०-०



कविता

# पाठेघर मोनोलग

*राधिका कल्पित*

अपरेसन थियटरको प्रवेशद्वारमा उभिएर
कैँचीले तुर्लुङ्ग झुन्ड्याउँदै डाक्टरले भने,
ल हेर्नुस् ! फालिदियौँ– रोगको घर
अब यो राखेर पनि के काम ?
चोटैचोटले थिलथिलो र निलाम्मे मलाई देखेर
छोराछोरीले मुख बिगार्दै टाउको बटारे
श्रीमान्ले दिगमिग मान्दै रुमालले नाक थुने ।

मेडिकल ट्रेमा फिँजारिएको एक परित्यक्त मांसपिण्ड
मेरा हुर्केका सन्तानका लागि
फगत एक रोगी मासुको लाप्सोजस्तो लाग्दो हो
मेरा पतिका लागि
दाइजोमा आएको काम नलाग्ने भाँडोजस्तो लाग्दो हो
तर म भने यतिखेर आफ्नै नियतिदेखि द्रवित छु ।

आफ्नै रगतको आहालमा लतपतिएकी म
चिसो ट्रेबाट चिसो मन बनाएर

चिसा नजर फिँजाउछु मेरा प्यारा सन्तानका मुहारमा
उनीहरूको अन्तिम स्पर्शको लोभले लालायित हुन्छु
ट्रेबाट ओर्लिएर
उनीहरूलाई अङ्गाल्दै भन्न मन लाग्छ ...

याद छ ?
तिमी कसरी हतास-हतास, घिस्रिँदै-घिस्रिँदै आएथ्यौ
मेरो गर्भाशयभित्र !
सृष्टिको सर्वश्रेष्ठ दौड जितेर आएका सर्वशक्तिमान शुक्र तिमीलाई
गौरवले सुम्सुमाउँदै आफ्नो डिम्बको सुरक्षित कवचभित्र
नयनले नानी लुकाएझैँ लुकाएथेँ ।

बास पाइने हो या होइन भन्ने द्विविधामा
लुग-लुग काँपिरहेथ्यौ तिमी
बास खोज्यौ– बास दिएँ
सास खोज्यौ– सास दिएँ
छानो माग्यौ– नभ बनेँ
मानो माग्यौ– थल बनेँ
पानी माग्यौ– जल बनेँ
तिम्रा लागि तीनै लोक बनेँ
तिमीलाई चाहिने सबै थोक बनेँ ।

थाहा छ तिमीलाई ?
तिमीलाई पाठेघरमा हुर्काउँदै गर्दा
तिम्रा लागि अर्का दुइटा घर बनाउँदै थिएँ म
एउटा– तिमीलाई हुर्काउने बिपनाको घर
अर्को– तिमीलाई ठुलो मान्छे बनाउने सपनाको महल ।

प्रेमको स्पर्शबाट प्रेम जन्माउने– पाठेघर
शक्तिको सङ्गमबाट सृष्टि जन्माउने– पाठेघर
आफू अदृश्य रहेर संसारलाई दृष्टि दिलाउने– पाठेघर

प्रकृतिले बनाएको पहिलो घर
सारा घरहरूको पनि पहिलो घर
बटुवाले बास बसेको छाप्रो बिर्सेसरि
बिर्सिने रहेछन् यसका अस्थायी बासिन्दाले।

मलाई त लाग्थ्यो
प्यारो मान्छेको बिदाइसरह
अश्रुपूर्ण बिदाइ हुने छ मेरो
तर कस्तो विडम्बना
मलाई त यसरी मिल्क्याइँदै छ रछ्यानमा
मानौँ यो सृष्टिको गर्भाशय नभएर
प्रयोगपछि विसर्जन गरिने अस्थायी साधन हो।
०-०-०



कविता

# म बाँच्न चाहन्थेँ

*रोशन परियार*

अचानक
उहाँले सोध्नुभयो
"मसँग प्रेम गर्छस् ?"

यत्ति सुनेपछि
मेरो अन्जुलीमा जून खसेजस्तै भयो
केही बोल्न सकिनँ
र चुपचाप दौडिएर घर पुगेँ

म पुग्नेबित्तिकै
आमा हाँस्नुभो, अँगालो हालेँ
बा रिसाएजस्तो लाग्यो, खुट्टा ढोगेँ
आँगनमा चल्लाहरू खेलिरहेका थिए
आरनमा कोइलाहरू जलिरहेका थिए
सिकुवामा बसेर मेरो सानो भाइ मलाई बोलाउँदै रुँदै थियो
जुठेल्नोछेउको दुधिलोको पातले मलाई देखाउँदै नाच्दै थियो

यिनै दृश्यहरू आँखामा बोकेर
म तुरुन्तै फर्किएँ
माथि देउरालीबाट फर्केर घरतिर हेरेँ
पिठ्युँमा बहिनीलाई बोकेर
दिदी मलाई नै हेरिरहेकी थिइन्

मेरो आफ्नो जिन्दगी
एक पलका लागि भए पनि
मेरा आफ्नाहरूसँग बाँच्नु थियो, बाँचेँ

उहाँ पर्खिरहनुभएको रहेछ
म सरासर गएर उहाँको सामु उभिएँ
र जवाफ दिएँ
"हवस्, म हजुरसँग आजीवन प्रेम गर्छु।"

उहाँ खुसी हुनुभो

मलाई थाहा थियो
उहाँ खुसी हुनु भनेको मैले हाँस्न नपाउनु हो
मेरो जातले प्रेम गर्नु भनेको बाँच्न नपाउनु हो

म बाँच्न चाहन्थेँ।
०-०-०

कविता



# इत्ति

*प्रदीप भट्टराई*

जस्तो कि धेरै चाहिँदैन
जहर
जस्तो कि धेरै पाइँदैन
इमान

इत्ति गाजलले पनि देखिने
घायल पार्ने नजरजस्तो
इत्ति आँसुले पनि हुने
स्वयं सकिएको अनुभूतिजस्तो
इत्ति प्रेमले पनि दिने
संसार जित्छु भन्ने अठोटजस्तो
इत्ति मलहमले पनि पुरिने
बसौँदेखिको खतजस्तो

इत्तिइत्ति गरेर अलिक भएको
ऋणजस्तो
इत्तिइत्ति गरेर ठिक भएको
चोटजस्तो

निधारको इत्ति टीकामा पनि
आस्थाको पूरा विश्वास टिक्छ
सिउँदोको इत्ति सिन्दुरमा पनि
सम्बन्धको पूरा विश्वास टिक्छ

जस्तो चटनी इत्ति नै हुन्छ
जस्तो इत्तिले बाँच्छ मृत्युदेखि जीवन
जस्तो इत्तिले टर्छ दुर्घटना

इत्ति गहुँतले चोख्याउँछ पूरा शरीर
इत्ति पञ्चामृतमा ब्रह्माण्डको आशीर्वाद हुन्छ

इत्ति मसीले नै लेख्ने छ
भोलिको इतिहास
इत्ति मसीले नै लेखेको हो
हिजोको इतिहास
तर मान्छेलाई किन इत्तिले कहिले पुग्दैन

ठिक विपरीत
तिम्रो मायाबाहेक
मलाई सब थोक इत्तिइत्ति भए पुग्छ
भरपुर–भरपेट सक्दिनौ दिन भने
मलाई इत्ति विष दिए पुग्छ ।
०–०–०

*कविता*

# सुन्न बाँकी कथा

***कपिल अन्जान***



यो त्यै कुना हो
अस्ति म ऊसँगै बसेर,
चियाको चुस्की लिएको थिएँ ।

पत्ती कडा नभएपछि
पुनः अर्को चियाका लागि उसैले हो अफर गरेको।

समाएर हातमा चियाको गिलास
कानमा फुकेजसरी भन्थ्यो
हावामा एक पप धुवाँ उडाइदिएको छु
धेरै थपिए आकाश रुन्छ
कम भए म रुन्छु।

ऊ बोल्दाबोल्दै
के–के बोल्थ्यो, बोल्थ्यो
ऊ यस्तो पनि भन्थ्यो–
'म त अम्मली भइगएँ यार !
पिरतीको
धुवाँको
र तेरो।'

न त प्रेमले मलाई सज्जन हुन दिएको छ
न त तैँले मलाई पागल नै हुन दिएको छस्
यहीबिचमा बसेर
एकोहोरो सल्किएर उडाउँदै छु
आफैलाई पिउँदै छु
बाँकी बचेको यो जीवन।

एस्ट्रेमा खरानी देखेर उसैले भनेको थियो
यो त तेरा लागि खरानी होला
मेरा लागि त विभूति हो
प्यास हो, अत्यास हो, सब थोक हो।

हेर त, समय र चुनौतीले बाँच्नै दिएन
जिम्मेवारीले पनि त मर्न दिएन

यार, जिन्दगीलाई पनि यस्तै गरेर ठोस्नुपर्ने रै'छ
जसरी ठोसिरहेछु
जीवनको रङ्गलाई अभावमा
उसको प्रेमलाई यादमा
आफूलाई धुवाँमा
तँलाई साथमा ।

आखिर जसरी पनि
ठोसिनुपर्ने हामी नै रै'छौँ ।
'बाँच्दा पनि र मर्दा पनि ।'

आज सबै उस्तै लाग्छ
साहुनीको हेराइ, हाँसो र बोलाइ
टेबल, टेबलमाथि राखिएको मेनु
कुर्सी र गिलास पनि उही हो

त्यो भित्तामा टाँगिएको पुरानो घडी
बिचरा ! त्यो घडी जसलाई थाहै छैन
आफूसँगै समय घुम्छ कि
समयसँगै आफू घुम्छ भनेर ।

फरक हो त केवल
दिन, बार, उमेर, कमी, अभाव र पत्रिका
हिजोले आज, आजले भोलिलाई देखेजस्तै
धेरै कुरामा फरक छ
नत्र त समयसँगै हिँडेकाहरूले आज उस्तै देख्छन् ।

मेरो टेबलमाथि पनि छ
सायद घामभन्दा छिटो ढोकामै आइपुगेको अखबार
जसमा छन्,

अबेर रातिसम्मका बासी
असहमति, बिग्रियो, खत्तमै भयो भन्ने यावत् खबरहरू।

अस्ति मात्रै हो उसले
आँखामा आँखा जुधाएर, हक जमाउँदै भनेथ्यो
ए ! साहुनी, प्रेम र चिया जुठो पनि चल्छ नि !
भन्थ्यो, सयौँ गिलासहरू जुठो बनाएको छु
तर पिरती !
खै त्यो त उसैले जानोस्।

भर्खरै पल्टाउन थालेको थियो
आफ्नो जीवनको पहिलो पाना
एकएक गरी सुनाउँछु भन्थ्यो
भविष्यको सुनौलो सपनाको कथा
अनि हाँस्दै भन्थ्यो धेरै छ, मन चङ्गा भएको कुरा
अलिकति सुनाउनु छ,
आफ्नाहरूको तिरस्कार, दमन अनि व्यवहारका कथा।

उसले आधा सुनाएको उसको प्रेम-कथा
पूरा सुन्नै बाँकी छ।
बाँकी छन् जिम्मेवारीले थिचेका उसका कथाहरू
थोरै सुनाएको थियो स्वाभिमानको प्रसङ्ग
विदेश जान्नँ भन्ने उसको अडान पनि सुन्नै बाँकी छ।

चियाको अन्तिम सुर्को सक्नुअघि
जीवनभर सङ्घर्ष गर्दै बसेको
अखबारमा श्रद्धाञ्जलीसहित छापिएको
उसैको मृत्युको खबर पनि छ।
०-०-०

कविता

# डरपोकको डर

बिपी अस्तु



यो जो खुसी अहिले छ
उज्यालोमा बिलाइजाला भनेर
हतार–हतार बत्ती निभाउँछु
र अँध्यारोमा उसलाई गुम्स्याएरै सिध्याइरहेछु ।

खुट्टा जहाँ अहिले उभिन पाइरहेछन्
अर्को पाइलो सारेँ भने
भएकै जमिन पनि मिल्ने हो कि होइन
म पाइलो सारिरहेको छैन ।

आँखैअघि देखिरहेँ
भर्खर धर्तीमा झरेको मानवताले मुख बाइरहँदा
उसको मुखमा बम खसाइरहेको
पहिला अन्योलमा काँपेँ
त्यसपछि क्रोधमा काँपेँ
र अन्त्यमा डरले काँपेँ

धेरै साधुले मलाई हाँसेरै लुटे
पहिला त लुटेको हो कि होइन भन्ने नै ठम्याउनै समय लाग्यो
जब लुटेकै हो भन्ने निष्कर्षमा पुगेँ
त्यसपछि उनीहरूको लुट्ने तरिकाबाट कायल भएर डराएँ

आफ्नो जिन्दगी कसैका लागि घोटिरहेँ
घोटाइको इमानदारिता तलमाथि हुन्छ कि ?

सदा चिन्ताग्रस्त रहेँ
मालिकले दिएको बालीघरेले मेरो पनि घर बन्ने सपना बुनिबसेँ
तर, जब थाहा पाएँ
यहाँ धेरै मान्छेहरूले घरहरू इमानदारिताबाट होइन
बेइमानी, छल, ढाँट र लुटबाट बनाए
त्यसपछि आफूले बाँचेको आदर्शदेखि डराएँ।

म इतिहासकै सबैभन्दा डरपोक मान्छे
जब–जब असुरक्षित महसुस गरेँ
तब–तब सुरक्षा खोज्दै राक्षसको शरणमा पुगेँ

सधैँ आफ्नो अस्तित्वमाथिको खेलबाड सहिरहेँ

आफ्नो डरलाई दबाउन कसैको जयगानमै जीवन बिताएँ

ओहो ! खाँदेर राख्यो भने
डर पनि बारुद बन्दो रहेछ
म यतिखेर डरको बारुदमा परिणत भएको छु
म पड्किएँ भने के खरानी होला ?
०–०–०

गीत/गजल

# माटोकै माया



*एस्पी कोइराला*

माटोकै माया बहन्छ सधैँ, मेरो यो रगतमा
नेपालझैँ सुन्दर कहीँ पनि छैन, सारा यो जगत्मा

॥१॥

मुलुककै माया धड्किन्छ सधैँ, मेरो यो धड्कनमा
बनेका हुन्छौँ नागरिक हामी, राष्ट्रकै कवचमा ।
दुःखमा देशलाई दिएको योगदान, राखिन्छ लगतमा
नेपालझैँ सुन्दर कहीँ पनि छैन, सारा यो जगत्मा

॥२॥

अप्ठ्यारो पर्दा झुकाउँछौँ मस्तक, माताकै शरणमा
विसर्जन होओस् यो पार्थिव शरीर, आमाकै चरणमा ।
चढाउनु परे हाजिर छ यो शिर, चाहिएको बखतमा
नेपालझैँ सुन्दर कहीँ पनि छैन, सारा यो जगत्मा

॥३॥

माटोकै माया बहन्छ सधैँ, मेरो यो रगतमा
नेपालझैँ सुन्दर कहीँ पनि छैन, सारा यो जगत्मा

॥४॥

०–०–०

गीत/गजल



# कुनै हिसाब राखिनँ मैले

उषा शेरचन

समयको कुरा मानेर ठिक गरेँ कि बेठिक जानिनँ मैले
जीवनमा के पाएँ ? के गुमाएँ ? कुनै हिसाब राखिनँ मैले

सुझ्दै नसुझेर धेरै कुराहरू आफै थकित थकित हुन्छु
बुझ्दै नबुझेर कहिले फेरि आफै चकित चकित हुन्छु
जीवनमा के जितेँ ? के हारेँ ? कुनै निसाप चाहिनँ मैले
जीवनमा के पाएँ ? के गुमाएँ ? कुनै हिसाब राखिनँ मैले

भन्नेजति भने पनि भन्न अझै बाँकी नै छ जस्तो लाग्ने
हेर्नेजति हेरे पनि हेर्न अझै धेरै बाँकी नै छ जस्तो लाग्ने
जीवनमा के लिएँ ? के दिएँ ?कुनै किताब लेखिनँ मैले
जीवनमा के पाएँ ? के गुमाएँ ? कुनै हिसाब राखिनँ मैले।
o-o-o

# किन यति उदास-उदास छ

यो सहर पनि किन यति उराठ उराठ छ ?
यो पहर पनि किन यति उदास उदास छ ?

धेरै भयो लालुपाते यो मनभित्र नफुलेको
धेरै भयो गोदावरी यो मनभित्र नझुलेको
यो डगर पनि किन यति उजाड उजाड छ ?
यो पहर पनि किन यति उदास उदास छ ?

खुसी पार्न खोज्छु झनै बेखुसी छ जिन्दगानी
पूरा गर्न खोज्छु झनै बेगिन्ती छ जिन्दगानी
यो कहर पनि किन यति उच्चाट उच्चाट छ ?
यो पहर पनि किन यति उदास उदास छ ?
०-०-०

गीत/गजल

# फेरि बिहानी भएँ म

*लक्ष्मण सिटौला*



जलायौ दन्दनी बाल्यौ र फुक्यौ खरानी भएँ म
उडेर गएँ मिसिएँ जूनमा र फेरि बिहानी भएँ म

आँखामा बसुँला भन्थेँ आँसुमै बगायौ मलाई
पिरो धुवाँ पो भएछु आज धोई पखाल्यौ मलाई
थोपा भै तप्किएँ भुइँमा शीतको कहानी भएँ म
उडेर गएँ मिसिएँ जूनमा र फेरि बिहानी भएँ म

छेउमा उभिई हेरुँला किनारा भएर नदीलाई
रातको अनिदो पहाडझैँ बसिरहुँला ननिदाई
सितारा आकाशको चम्किए जवानी भएँ म
उडेर गएँ मिसिएँ जूनमा र फेरि बिहानी भएँ म
०-०-०



# गजल

*बूँद राना*

नभेटी पीडाको समाधान अर्को
गजल गुनगुनाएँ थियो पिर चर्को !

लिई आस आयौ सघाऊँ कसोरी
म सेरी बसेको छु घाँटी रहरको !

जता हेर्छु देख्छु तिमी नै तिमी छ्यौ
अरू याद आए भने लाग्छ झर्को !

छ सम्चार ताजा कहाँ बेच्न जाऊँ
यहाँ माग चर्को छ बासी खबरको

भुइँ चुम्न पाई छ यो बूँद मक्खै
उनी लोभ देखाउँदै छन् सगरको
o–o–o

गीत/गजल

# गजल



*धिरेन अनुपम*

यो तेरो यो मेरो कसैको होइन
गालाको रातो चमक आफ्नो होइन

आफ्नो भन्नु केही रहेनछ यहाँ
मैले फेरेको श्वास पनि मेरो होइन

बरु अगाडि आएर कठालो समाऊ
पछाडिबाट कुरा काट्नु राम्रो होइन

भरोसा गरेकै साथीले धोका दियो
दुस्मनले गर्धन काट्नु नौलो होइन

जाने बेला अन्तिममा उनले भनिन्
कलेटी परेको ओठ हो हाँसो होइन
०-०-०

कथा



# कमली र जामुनको रुख

*सनत रेग्मी*

गाउँकै छेउमा कमलीको बाबु रामसूरतको खेतको सडककिनारमा थियो जामुनको रुख । कमलीको धेरैजसो समय त्यही रुखको छहारीमा बित्थ्यो । विशेष गरी गर्मीको महिनामा त उसको वास नै त्यहीँ हुन्थ्यो । कमलीको त्यस खेतको किनारमा दुइटा जमुनाका रुख थिए । एउटा सानो हाँगो फैलिएको अर्को अग्लो र धेरै हाँगा भएको । गाउँको प्रारम्भमै एउटा तलाउ थियो । त्यसपछि झनै दुई फर्लाङ्ग पर रामसूरतको खेतमा ठडिएका छायादार जामुनहरू । गाउँलेहरू गाईवस्तु चराएर फर्कँदा त्यहाँ एकछिन छहारीमा बस्ने गर्दथे । गाईवस्तुहरू पनि घामले पोलेपछि त्यही जामुनको रुखमुनि बसेर आराम गर्दथे ।

आज कमली बिहानै आएर जामुनको हाँगामा बसेकी छ । बिहानको घामको किरण जामुनका पातहरूमा नाचिरहेका थिए र हावा चल्दा पातहरू हल्लिन्थे । कमलीलाई लाग्यो सूर्यको किरणसँगै पातहरू पनि नाचिरहेका छन् । बिहानको समय रुखमा चराचुरुङ्गीहरूको आवाज कमलीलाई मिठो गीत नै लाग्यो । यो ठाउँ कमलीको खेल्ने ठाउँ मात्र थिएन बरु यो जामुनका रुखहरू उसका साथीझैँ थिए । उसको जीवनको अमूल्य हिस्सा थिए ती रुखहरू । यही रुखको छायामा कमली आफ्ना साथीहरूसँग खेल्थी । ऊ दुःखी वा अत्यधिक खुसी भएको बेलामा ऊ जामुनको हाँगोमा अँगालो मारेर आफ्नो सुखदुःखका कुरा जामुनको रुखलाई सुनाएर मन हल्का गर्थी ।

जामुनका रुखले प्रत्येक वर्ष फलहरू दिन्थे । कमली आफ्ना साथीहरूका साथ आएर फल टिप्थी । सानो जामुनको रुखमा लहरी गाँडी खेल्थे । यस वर्ष पनि जामुनमा निकै फल लागेको थियो । कमली यतिखेर एउटा हाँगामा बसेर जामुनको फूल टिप्दै खाँदै थिई । ऊ आँखा चिम्लेर चराहरूको चिरबिर र हल्लिरहेका पातहरूको सरसरमा एउटा बेग्लै किसिमको सङ्गीतको अनुभव गरिरहेकी थिई ।

कमलीले टाढाटाढासम्म हेर्दा उसको खेतबाहेक काहीँकतै रुख देखिँदिन । उसका गाउँभित्र भने दुईचार निमका बिरुवा मात्र देखिएका छन् । आफ्नो खेतमा मिठो फल र छायादार जामुनको रुख देखेर उसलाई गर्वको अनुभूति हुन्छ ।

आहा ! कति मिठो फल दिन्छ । यो जामुनको रुखले उसको मनलाई बुझेकोझैँ कमलीलाई लाग्छ । उसलाई लाग्छ जामुनको रुखले भनिरहेको छ सरसर गर्दै पातको साउतीमा– फल मात्र होइन छाया पनि त दिन्छु म ।

कमली मुसुक्क हाँस्छे र मनमनै भन्छे– "हो साथी तिमीले मलाई मिठो फल, छहारी र आफ्नो आङमा खेल्न पनि त दिन्छौ ।"

कमली फेरि एकपटक माथि आकाशतिर हेर्दै गाउँतिर हेर्छे । गाउँको बाहिर रहेको तलाउमा गाईभैँसी र वस्तुभाउ पानी पिएर चरनका लागि निस्केका छन् । तिनका पछि पछि गाउँका गयवार रामफल र बद्री पनि यतैतिर आउँदै छन् । बद्री काकाले उसलाई रुखमाथि देखे भने हान्न आउँछन् भनेर कमली रुखबाट ओर्लन्छे र आफ्नो चुनरीमा जामुन बटुल्न थाल्छे ।

केही बेरमा बद्री काका र रामफल जामुनको छहारीमुनि आइपुग्छन् । कमलीलाई त्यहाँ देखेर बद्रीले भन्छ– "ए, कमली त आज बिहानै आइछस् त जामुन टिप्न ।"

"हो बद्री काका घरमा रामपुरखावली मौसी आएकी छिन् । हिजो राति भनेकी थिइन्– जामुन सारै रसिलो, मिठो हुन्छ, ल्याइदेन कमलीया । मौसीका लागि जामुन टिप्न आएकी ।"

"ए, हामीलाई पनि नफुटेको सग्लो जामुन बटुलिदे त कमलीया । निकै जामुन झरेका छन् त ।" रामफल दादाले कमलीलाई अह्राए । अनि बद्री र रामफल जामुनको रुखको फेदमा अडेस लागेर बसे । कमली उनीहरूका लागि जामुन टिप्न थाली ।

रामफल गोजीबाट खैनीको डब्बा निकालेर हातमा खैनी र चुना मिलाएर खैनी मल्दै भन्यो ।

"बद्री, रामस्वरूपको यो जामुनका रुखले गर्मीमा छहारीमा बस्न मिल्थ्यो । वर्षमा एकपटक गाउँलेहरूले मजाले जामुन खान्थे । त्यो पनि नपाइने भो अब ।"

"किन र रामफल ? किन नपाइने ?"

"हिजो ओडा सदस्यसँग भेट भएको थियो । उनले भन्थे गाउँपालिकाले मूल सडकबाट जमुना गाउँ हुँदै रमपुर वडागाउँ सहर जाने नयाँ योजना बन्दै छ रे । यो बाटो पनि चौडा गर्ने रे । बाटोमा पर्ने भएकाले रामस्वरूपको खेतमा पर्ने यी दुवै जामुनका पेडहरू पनि काटिन्छन् रे अब ।"

उनीहरूको कुरा सुनेर कमलीको मुटु ढुकढुक भयो । कता–कता मुटु छियाछियाझैँ भयो । अनि कमली गहभरि आँसु लिएर रामफलको सामु आएर भन्न थाली ।

"रामफल दादा, बाटो बनाउन रुखै किन काट्नुपऱ्यो ! यो जामुनको रुख त हाम्रो हो । यो रुखले चिसो हावा दिएको छ । चराहरूलाई घर दिएको छ । गाउँलेहरूलाई मिठो फल दिएको छ । गाउँका हामीजस्ता बालबालिकाको साथी हो यो रुख । हामी यो रुखको छहारीमा खेल्छौँ । गाउँका गरिबगुरुवालाई आफ्नो टुटेका सुकेका हाँगा, झिँझाहरूको दाउरा दिएको छ । हाम्रो जिमिदार बच्चु चौधरीले कुवा खन्दा यही जामुनको डाली काटेर चक्का बनाई कुवाँको जग तल हालेर त्यसैमा कुवा उठाएको होइन । बरु बाटै सार्न लगाउनोस् तर रुख काट्न नदिनोस् तपाईंहरू !"

"गाउँपालिकाको योजना हामी के गर्न सक्छौँ !" रामफलले खैनी पिच्च थुकेर जवाफ दियो ।

"हामी नबोले को बोल्छ काका ! रुख त हाम्रो जीवनको आधार हो । पोहोर बर्खामा पानी पर्न नसक्दा मिसिर सरले हामीलाई भन्नुभएको थियो– के भएको आजका मान्छेहरूलाई हामीलाई काठदाउरा दिने, मिठो-मिठो फल दिने, आफ्नो हावाले जमिनको पानी सोसेर आकाशमा बादल बनाउने बगैँचाहरू मासेर इँटाभट्टामा झोक्ने । पहिला गाउँको चारैतर्फ बगैँचै बगैँचा थियो आज केही छैन । सबै इँटामा हाँगा झोकिए कसरी हुन्छ वर्षा ? रुख काटेर बाटो बन्न दिनुहुन्न ।"

कमली भन्दै थिई, "त्यो रुख केवल फल र छहारी दिने हाम्रो सान मात्र होइन, यो त हाम्रो पहिचान हो, हाम्रो गाउँको आधार हो । यही जामुनको रुखले गर्दा त हाम्रो गाउँको नाम जमुनाहा भएको हो । यो रुख काट्दा हामी हरियाली गुमाउँदै, शीतल छहारी गुमाउँदै, रुख पाल्ने हाम्रो संस्कृति हाम्रो गाउँको नाम दिने हाम्रो पहिचान गुमाउँदै छौँ । रामफल दादा, हामी यो रुख काट्न दिन्नौँ ।" कमलीको स्वरमा दृढता थियो ।

"हो कमलीया, भोलि नै हामीले पालिका प्रमुखलाई भेट्नुपर्छ ।" रामफल र बद्री एकसाथ बोले ।

कमली जामुनको हाँगा समातेर रुखसँग संलाप गर्दै बर्बराउन थाली, "म तिमीलाई काट्न दिन्न साथी । तिमी त हाम्रो जीवनको आधार हौ ।"

कमलीका गहभरि आँसु भरिए । कमलीले सम्झी ती दिनहरू जब ऊ गाईका बाच्छाहरूका साथ जामुनको छहारीमा बसेर बाच्छाहरूको बाँ बाँ र चराचुरुङ्गीहरूको चिरबिर सुन्थी । त्यहाँ सबै प्रकृतिसँगको सामञ्जस्यताका साथ रमाइरहेका हुन्थे र कमली पनि रमाइरहेकी हुन्थी ।

अर्को दिन बिहानी हुनासाथ कमली उठी र बिमली, सुरसतिया, रमपतिया आदि उसका सङ्गातीहरूलाई जम्मा गरी र उसले भनी, "के यो रुख हाम्रो बालखकालको

साथी मात्र हो त ? हाम्रो गाउँको आधार होइन त यो ? हाम्रो जीवनको हिस्सा होइन ? के यसलाई काटेर हामी सुविधामा रमाउँछौँ त ? रुख काट्नाले हाम्रो अनिष्ट पनि काटिन्छ ? रुख बचाउनु आफूलाई बचाउनु हो । हिँड सबै । हामी गाउँलेहरूलाई सम्झाऔँ ।"

कमलीका कुरा घरघर पुगे । एउटी बालिकाको पर्यावरणप्रतिको यो चेतनाले अचम्मित भए गाउँलेहरू ।

गाउँलेहरू कमलीलाई लिएर गाउँका जिमिदार बच्चु चौधरीकहाँ पुगे । कमलीले भनी, "मालिक काका, तपाईँ हामी सबैको अगुवा हो । तपाईँ उठ्नुपर्छ यो रुख बचाउनलाई । काका, रुखले हावालाई शुद्ध बनाउँछ । जनावर र चराचुरुङ्गीहरूको जीवन संरक्षण गर्छ । हाम्रो आँखामा हरियाली दिएर हाम्रो मनमा शान्ति दिन्छ । हामीले यस रुखलाई काट्यौँ भने बाटो त पाउँछौँ तर धेरै कुरा गुमाउँछौँ ।"

बच्चु चौधरी एकछिन मौन भएर कमलीको कुरामा मनन गर्न थाले । आँपको बगैँचा बेच्न लाग्दा मिसिर मास्टरले भनेको सम्झे । उनले भनेका थिए, "बगैँचा भाडावालालाई बेच्नुस् । पैसा त पाउनुहुन्छ तर भविष्य गुमाउनुहुन्छ ।" हुन पनि त्यस्तो भयो । बच्चु चौधरीले बगैँचा बेचेर पैसा कमाएको देखेर अरूहरूले पनि रुख, बगैँचा बेचे । प्रतिफलमा भविष्यमा पानी पर्न गाह्रो पर्दै गयो । किसानलाई गाह्रो भयो ।

"बाटो पनि चाहियो, रुख पनि काट्नु भएन । के गर्ने त अब ?"

कमलीले भनी, "काका, बाटो अलिकति टेढो हुन्छ तर रुख त बाँच्छ नि ।"

बच्चु चौधरीले भने, "ल हुन्छ, भोलि पालिका गएर कुरा राखौँ ।"

गाउँलेहरूसँग कमली घर फर्की । कमलीको प्रयासमा बच्चु चौधरीको प्रभुत्वले गाउँपालिकाको योजनामा बाटो अलि टेढो गरेर भए पनि जामुनको रुख नकाटिने भयो ।

कमली स्कुलमा मिसिर मास्टरसँग पर्यावरण शिक्षा लिएर गाउँलेहरूलाई सम्झाउँथी । हामी प्रकृतिसित जुध्न होइन मेलमिलाप गर्न चाहन्छौँ । हामीले हावा, पानी, जीवजन्तु र माटोको रक्षा गर्ने हो भने हाम्रो जीवन पनि सुरक्षित हुन्छ ।

जमुनाहाको त्यो जामुनको रुख कमलीले जोगाएकाले गर्दा आज गाउँलेहरूका लागि मान्छे र प्रकृतिको मेलमिलापको प्रतीक भएको छ ।

o–o–o

*—अवधी भाषाबाट अनूदित पर्याकथा: लेखक स्वयं*

कथा



# भूतघर

राजुबाबु श्रेष्ठ

गाउँको थाप्लैमा छु म । म अर्थात् घुमाउने घर । गरुडविक्रम काजीको घर । गाउँले सबैले बडाकाजी भनेर चिन्दछन् । सुन्नोस् आज मेरो कथा भन्छु म । चारैतिरबाट उस्तै देखिने र गोलो आकारको भएकोले बुढाले नै मेरो नाम घुमाउने घर राखिदिएका हुन् । तेह्र सालताकै दुई पाथी दाम खर्चेर बनाएको भनेर मेरो खुबै चर्चा चल्ने गर्थ्यो । छिँडीमा रिङ्गै पिँढी । पहिलो तलामा पूरै पिँढी छोपिने गरी बाहिर निस्केको अटौली । त्योभन्दा माथि लहरै आँखीझ्यालहरू भएको दोस्रो तला । त्यसमाथि गोलाकार छाना । माथिल्लो तलाको तीन कोठा बडा काजीले प्रयोग गर्थे । बिच तलाको चार कोठा छोरा काजीहरू र पाहुनापासाका लागि थियो । भुइँतला भान्सा र सामान राखनधरनका लागि प्रयोग हुन्थ्यो । कालो ढुङ्गाले छाएको र सेतो कमेरोले लिपेकोले मलाई इन्द्रावतीपारिका डाँडाहरूबाट हेर्दा पनि मान्छेहरूले प्रस्ट चिन्दथे ।

डाँडैमा भएकोले मेरो आँगनबाट तल बग्ने इन्द्रावतीदेखि माथिका तरेली-तरेली परेको पाखामा बसेका सबै गाउँहरू प्रस्टै देखिन्छ । मेरो सबैभन्दा नजिकका दुई झुप्राहरू बास्कोटे र गुमान मगरका हुन् । आफ्नो सबै काम गरिदिने हुनाले बास्कोटे र गुमानलाई बडाकाजीले नै जग्गा दिई घर बसाइदिएका हुन् । मेरो डिलैमुनिका ठुला ठुला पाटामा लहरै छन् बडाकाजीकै दाजुभाइ खलकका ठुला मझौला खालका दुईपाखे ढुङ्गाको छाना भएका घरहरू । मेरो सामुन्नेको पारि पाखामा दसबाह्रवटा बुचुक्क परेर रहेका साना साना घरहरू छन् मगरहरूका । यिनै मगरहरू हुन् बडाकाजीका दाहिनेदेब्रे सबै हातहरू । सबै काममा सघाउने हुनाले बडाकाजी यी मगरहरूलाई निकै माया गर्छन् । तलपट्टि खोल्सीमा रहेको अधिकारी गाउँका छानाहरू मात्र देखिन्छ । ठुला-ठुला रुखहरूले गाउँलाई ढपक्कै ढाकेको छ । यी गाउँहरूबाहेक पूर्व, पश्चिम र उत्तर तीनैतर्फ टाढाटाढासम्म तीनचारवटा पहाडका सुन्दर धमिला तरेलीहरू देखिन्छ । सबैभन्दा नजिकको पहाडमा रहेका बस्तीका छानाहरू घामले टल्किँदा नजिकैझैँ भान हुन्छ ।

गाउँका पचाससाठी जना भएर बोकी ल्याएको सालको सत्तरी र थामहरू हाली बनाएकाले होला पैँतालिस र बहत्तर सालको भूकम्पले पनि मलाई हल्लाउन सकेन ।

बहत्तरमा त गाउँका धेरै घरहरू भत्किए। मसँगैका केही घरहरूको पाली खसे, कोठाहरू चिरा परेर बस्नै नहुने भए। गाउँका कैयौँ गरिबहरूको घर त जगसम्मै भत्किएर पालको बास भयो। खाली रहेका घरहरूलाई त भत्किए पनि केही फरक परेन। तर कति घरमा मान्छेहरू पनि परे। बास्कोटेको घर पनि पूरै भत्कियो। घरमै पुरिए श्रीमती र छोरी। गाउँमा कोकोहोलो मच्चियो। आफ्नै गाउँका बालबच्चाहरूको चिल्ली र बिल्ली हुँदा मन दुख्दो रहेछ। एक मनमा त लाग्यो त्यो गरिबको घर भत्किनुको साटो मै भत्किन पाए पनि हुन्थ्यो नि। मान्छे कोही बस्ने होइनन्। त्यही एउटा बास्कोटे बा हुन्। उमेरमा यिनलाई सबै बास्कोटे भन्थे। अहिले बुढा भएकोले बास्कोटे बा भन्छन्। काजीसाहेबका पुरानो बफादार। तिनी पनि धनसारमा सुत्छन्। तिनले पनि कहिलेसम्म रुङ्लान् र मलाई। बेलुकी धनसारमा खोकेको सुन्दा आजै जालान् कि भोलि जालान् झैँ लाग्छ तर बुढाको इन्जिन चैँ बलियै रहेछ। जेजस्तो रोग आए पनि बुढालाई टिप्न चाहिँ गाह्रै मान्छन्। मलाई चाहिँ यो एक्ले र सुनसान जीवन बाँच्नुभन्दा त माटोमै मिसिएर जानु जाति भनेझैँ पनि लाग्छ। तर मेरो इच्छाले कहाँ हुनु र!

यतिका वर्ष बित्यो गाउँका कति घरहरूको छाना फेरियो। कतिले खरबाट जस्ता हाले। रङ्गीन जस्ताले गाउँ नै रङ्गीचङ्गी बन्यो। कति सिमेन्टी ढलानका घर बने। तर मेरो भने रूपरङ्ग जस्ताको त्यस्तै छ। अलिकति फरक भनेको पहिलाजस्तो सफासुग्घर छैन म। अहिले बिसौँ वर्ष भो पूरै घरमा राम्रोसँग कुचो नलगाएको। हाम्रो गहना भनेको त मान्छेहरू पो रहेछन्। मान्छे नबसेपछि त हाम्रो कुनै अस्तित्व नै नहुने रहेछ। हिजो एउटा सानो फोहर देख्दा क्वाप्पै खाउँला जस्तो गर्थे बडाकाजीले। आज पिँढीको एउटा खाँबो धमिराले खाँदा पनि कसैलाई वास्तै छैन। यसरी तिरस्कृत जीवन बाँच्न पनि सकसै हुँदो रैछ।

एउटा जमानामा मेरो रौनक नै बेग्लै थियो। घुमाउने घर भनेपछि चार गाउँका मान्छेलाई केही बताउनै पर्थेन। केही न केही काम परेर मेरो आँगनमा नटेक्ने यी चार गाउँका कोही मान्छे सायदै थिए होलान्। बडाकाजी गाउँका प्रधान। प्रधान पनि लरतरो होइन। उनी गाउँमा निस्केको कुरा उनको घोडाको टापको आवाजले नै गाउँलेहरूले पत्तो पाउँथे र घरबाहिर निस्केर काजीको दर्शन गर्न हात निधारमा लान्थे। काजीको न्यायको अगाडि सरकारको न्याय फिक्का पर्दथ्यो। बडाकाजीको जिउ छउन्जेल गाउँका कुनै केस चौकी र अदालतमा गएको थाहा छैन। बिहानैदेखि आँगनमा तीनचार कचहरी बसेको हुन्थ्यो। जतिसुकै समय लागोस् दुधको दुध पानीको पानी नपारी साँझैसम्म पनि

छोड्दैनथे बुढा। आजको मुद्दा भोलिलाई नराख्ने बानी थियो उनको। उनको न्याय देखेर सात गाउँका प्रधानहरू छक्क पर्दथे।

गाउँभरिमा बडाकाजीसँग मात्र थियो रेडियो। बिहान सात बजे त रेडियोको समाचार सुन्न आँगनमा आठदश जनै जम्मा हुन्थे। बिहान र बेलुकी समाचार नसुनी नहुने बानी थियो बडाकाजीको। काठमाडौँमा के भइरहेछ भनेर थाहा पाउने एउटा मात्र माध्यम थियो बडाकाजीको रेडियो। पछि-पछि मलाया र इन्डियाका लाहुरेहरूले गाउँमा रेडियो भित्र्याएपछि बडाकाजीको आँगनमा समाचार सुन्न आउनेको भिड कम हुँदै गएको हो।

अग्लो कदकाँटी, काला मुठे जुँगा, राताराता गाला, ठुलाठुला चमकिला आँखा। जो पायो त्यसले जुधाउनै पनि नसक्ने। सधैँ दौरासुरुवाल र इस्टकोटमा देशी ढाकाको टोपी। निधारमा कालो टीका। सबैसँग हाँसेर बोल्ने मिजासिलो बानी। मलाई अझैसम्म बडाकाजीको रूपरङ्ग, बोलीवचन, आनीबानी राम्रो याद छ। दिलका हिरा। गाउँका कसैको दुःख देख्नै नसक्ने। उनको जीवन छउन्जेल कुनै गाउँलेले भोकै बस्न परेको देखिनँ मैले। उनको ढोकामा आउने कसैले पनि खाली हात फर्केको थाहा छैन मलाई। त्यसैले उनले जीवनभर चुनावमा कहिल्यै हार ब्यहोर्नुपरेन। सबै गाउँलेहरूलाई एक ढिक्का बनाएर राखे। गाउँलेको सुखदुःखमा सधैँ साथ दिए। यस्तो लाग्थ्यो गाउँ भनेकै बडाकाजी हो। कसैले उनको पछाडि कुरा काटेको पनि कहिल्यै सुनिनँ। उनको कुरो कसैले नमानेको पनि देखिनँ। गाउँलेहरूमा कस्तो भाइचारा थियो। कस्तो मेलमिलाप थियो। गाउँमा बसुन्जेल प्रधान भएरै रहे। कस्तो तेज, कस्तो रवाफ, कस्तो शक्ति। बुढा बितेका यतिका वर्ष हुँदा पनि मेरो मनबाट भने अझै उनको याद हट्न सकेको छैन।

आजकल हरेक चाडपर्व, भोजभतेरमा मलाई खालि बडाकाजीको यादले सताउन थालेको छ। दशैँ आउँदा त झन् मलाई किन आको होला यो चाड भनेझैँ हुन्छ। ऊ बेलाको दशैँ सम्झेर मन भारी भएर आउँछ। दशैँ आउनुभन्दा एक महिनाअघिदेखि गाउँमा चहलपहल सुरु हुन्थ्यो। कमेरो र रातोमाटोले दुलहीजस्तै सिँगारिन्थैँ म। मेरो वरपर ढकमक्क फुल्थे मखमली र सयपत्री फूलहरू। गाउँभरिका मान्छेहरूलाई बडाभोज खुवाउन जङ्गी-जङ्गी खसीहरू बाँधिएका हुन्थे किलामा। दुई कजिनी साहेबनीहरूलाई घर सजाउने र दशैँको सरदाम जोड्न भ्याईनभ्याई हुन्थ्यो। मेरै अगाडिको ठुलो चौरीमा पिङ हालिन्थ्यो। काठमाडौँबाट ठुला काजी र साना काजीलाई पनि दशैँमा गाउँ आउन बडाकाजीबाट उर्दी हुन्थ्यो। बाघजस्ता बुढाको उर्दी नमान्ने साहस कसैको थिएन। बिहे भएका दुबै मैयासाहेब र ज्वाइँसाहेबहरू बस्नका लागि छुट्टै प्रबन्ध हुन्थ्यो। मैयासाहेबहरू

माइतीमा आइपुगेपछि मेरो दैलोमा ढोगेर मात्र पस्दथे । कान्छी मैया त खाँबोमा समाएर मलाई अँगालोमै कस्थिन् ।

दुबै छोरा बडाकाजीले जोडिदिएको काठमाडौँको घरमा बसेर पढ्दथे । कान्छाको पढाइ तेज भए पनि ठुलाको राम्रो थिएन । ठुलाको नचाहिने रवाफ र गलत आदतले निकै चिन्तामा थिए बुढा । कहिलेकाहीँ काठमाडौँबाट पाँचसात जना साथीहरू बोकेर गाउँ आइपुग्थे । एक हप्ता गाउँमा बस्दा गाउँलेहरूको दशौटा सिकायत बुढाको कानमा पुग्थ्यो । आफ्नो राजनीतिक उत्तराधिकारी बन्ला भनेर पढ्न पठाएको छोराको यस्तो भड्किलो र विलासी जीवन देखेर कैयौँपटक सम्झाउने कोसिस पनि गरे तर ठुला काजीमा तिलको दानाजतिको फरक पनि परेन । त्यसपछि सम्झाउन पनि छाडे । बरु छोरो सकेसम्म गाउँमा नै नआइदिए हुन्थ्यो जस्तो लाग्न थाल्यो बुढालाई । छोराको व्यवहारले गाउँलेहरूमा हुन गएको क्षतिको भर्पाई गर्न धेरै पटक पैसा दिएर बास्कोटे बालाई पठाएका छन् बडाकाजीले । तर कति कुराहरू त पैसाले तिर्न नसकिने पनि हुन्छन् नि । यस्तो बेला चाहिँ बुढा निकै दुःखी हुन्थे ।

एकातिर छोराको उच्छृङ्खल व्यवहार र अर्कोतर्फ बहुदल आएपछि गाउँलेमा आएको पार्टीगत विभाजनले पनि छयालिस सालपछि बुढा त्यति खुसी देखिँदैनथे । बहुदल आएपछिको चुनावमा पनि बुढाले भारी मतले चुनाव त जिते तर पनि बुढाको भित्री मन रमाएको देखिनँ मैले । बिनाकारण नै गाउँमा बुढाको विरोधमा खासखुस खासखुस हुन थाल्यो । आफूले जीवन अर्पेर माया गरेका गाउँलेहरू दशौँ चिरा भएर विभिन्न पार्टीको झन्डा बोकेर एकअर्काको कट्टर विरोधी बन्न थाले । बुढाले भनेको राम्रै कुरामा पनि गाउँलेहरूले खोचे थाप्न थाले । त्यसपछि त झन् बुढालाई असह्य पीडा हुन थाल्यो । आफैले सहयोग गरी पढाएहुर्काएका बालबच्चाहरूले आफूलाई नै सामन्ती र शोषक भन्न थालेपछि मजा आउने कुरा पनि भएन ।

बाउन्न सालपछि गाउँको परिवेश नै फेरियो । अधिकांश सोझासाझा गरिबहरू क्रान्तिकारी बनेर निस्किए । बाठाटाठा शिक्षक र अलि अलि पढेकाहरू नेता बनेर निस्किए । गाउँका साहुमहाजनलाई सफाया गर्ने अभियान चलाए । कति निर्दोष शिक्षकहरू, केही हुनेखानेहरू गाउँबाट भाग्न बाध्य भए । बडाकाजीलाई पनि भनेको नमाने र चन्दा नदिए गाउँबाट लखेट्ने धम्कीहरू आए । बुढाले पटक पटक अन्नपात, पैसा दिएर सहयोग पनि गरे । हेर्दाहेर्दै गाउँमा बुढाले भनेको केही नचल्ने भो । सबै कुराहरूमा क्रान्तिकारीहरूकै मनोमानी चल्न थाल्यो । आफ्नो समर्थन नगर्नेहरूलाई गाउँमा बस्नै मुस्किल पारे । यति

हुँदा पनि बडाकाजीलाई गाउँ छाड् भनेर कसैले भनेनन् । तर गाउँको वातावरण बस्न लायकको थिएन । गाउँमा यस्तो दिन पनि आउँछ भनेर उनले कहिल्यै सोचेका थिएनन् ।

एकदिन साँझ अँध्यारो भइसकेको थियो । बडाकाजी पिँडीको कुर्सीमा बसेर लामो पाइपले हुक्का तान्दै थिए । बास्कोटे भुइँमा बसेर चिलिमको आगो चलाउँदै थियो । बडाकाजी गम्भीर भएर बास्कोटेलाई भन्दै थिए– "हेर बास्कोटे, यो गाउँ र यो घर मेरो मुटुमा बसेको छ । यहाँका हवा, पानी, रुख, खोलानाला र मान्छेहरूसँग मेरो मन जोडिएको छ । तर अब यो घरमा बस्ने दिन पनि सकिएजस्तो लागेको छ । क्रान्तिकारीहरूबाट गाउँ छाड्ने उर्दी आको छ । यिनीहरूको कुनै विश्वास छैन । जे पनि गर्न सक्छन् । अब पहिलाको जस्तो गाउँ पनि रहेन त्यसैले मैले गाउँ छाड्ने निर्णय गरेको छु । सबै गाउँले विरोधी भए पनि तँ एउटाले त मलाई नछाड्लास् नि है ?"

काजीको कुराले बास्कोटे अक्क न बक्क बन्यो । उसका दुबै आँखाबाट बररर आँसु झऱ्यो । ऊ केही बोल्नै सकेन । लामो सुस्केरा हालेर सानो स्वरमा बोल्यो– "बडासाहेब । म त हजुरको भक्त हुँ । मेरा सबै परिवार हजुरकै दयामायाले हुर्काई बढाई गरी खाने बनाको हुँ । यो संसारै हजुरका विरोधमा गए पनि म सधैँ हजुरकै साथमा हुने छु ।"

"उसो भए म भोलि राति काठमाडौँका लागि निस्कन्छु । गाउँका कसैले थाहा नपाउने गरी जाने व्यवस्था मिलाउनू । भोलि राति ठुला काजी गाडी लिएर तल फेदीमा आइपुग्छन् । म नफर्किउन्जेलसम्म यो घर तेरो जिम्मामा भो । यो मेरो सपनाको घर हो, जस्तै आपत् परे पनि तैँले यो घरको साथ नछोडेस् है । मेरा यी सबै जायजेथाहरू तैँले कमाइ गरी खानू ।"

बडाकाजीले बास्कोटेलाई यति भनिरहँदा म विक्षिप्त बनेको थिएँ । मलाई संसारमै सबैभन्दा माया गर्ने मान्छेले छाडेर जाने कुराले मेरो संसार अँध्यारो भएको थियो । तर म निर्जीव घर मैले मेरो कुरा राख्ने कुनै माध्यम थिएन ।

भोलिपल्ट बिहानैदेखि घरभित्रै सामान पोको पार्ने काम सुरु भयो । घरमा बडाकाजी, दुई कजिनी र बास्कोटे चार जना थिए । घरका गरगहना, धनमाल कजिनीहरूले पोको पारी एउटा डोकोभरि बाँध्न लगाए । बाँध्दाबाँध्दै लानैपर्ने सामान चार डोका भए । बास्कोटेले सनपाटको डोरीले बलियो गरी बाँधेर चारै डोको लहरै भान्साकोठाको कुनामा राख्यो । चार नाम्ला पनि तयार पाऱ्यो । बडाकाजी भने गाउँको पल्लो डाँडाको चौतारामा पुगेर मलाई र गाउँका सबै घरबारी, वनपाखा र टाढा–टाढा देखिएको पहाडका तरेलीहरूलाई हेरेर मुग्ध भइरहेका थिए । सायद सोचे होलान् आजै यो गाउँलाई अघाउन्जेल हेर्छु । भोलि के हुन्छ कसलाई के थाहा !

राति एघार बजेतिर ठुला काजी काठमाडौँबाट तीन जना मान्छे लिएर आइपुगे। बास्कोटे र तीन जनाले चार डोको बोकेर ओरालो झरे। बडाकाजी र कजिनीहरू बलिन्द्रधारा आँसु बहाउँदै ठुला काजीसँगै आँगनबाट निस्किए। उनीहरू मेरो आँगन काटिरहँदा मलाई भने भुइँचालो आएर मेरो जग नै हल्लिरहेजस्तै भइरहेको थियो। फगत मसँग उनीहरूलाई रोक्ने सामर्थ्य थिएन। गाउँलाई आफ्नो प्राण सम्झिने बडाकाजीले गाउँ छाडिरहँदाको त्यो क्षण मेरो जीवनकै सबैभन्दा पीडादायी क्षण थियो। कति लानैपर्ने भाँडाकुँडा र सामानहरू मसँगै छुटे। घर छाडेर जाँदा के–के नै पो लानु, कति नै पो लानु !

राति दुई बजे बास्कोटे हारेको खेलाडीझैँ फर्केर मेरो आँगनमा आइपुग्यो। त्यसपछि बडाकाजी कहिल्यै गाउँ फर्केनन्। साठी सालमा एकपटक ठुला काजी घर हेर्न आएका थिए उनलाई ठाँटीमै क्रान्तिकारीहरूले समाते र गाउँकै चौतारोमा बाँधी खुकुरीले रेटेर हत्या गरिदिए। यसो गर्न हुँदैन भनेर बोल्ने एउटै मान्छे भएन। गाउँमा शोषण, अत्याचारको अन्त्य गर्न आज एउटा सामन्तीको अन्त्य गरियो भनेर नारा घन्कियो। दुई दिनपछि पुलिस आएर लास लगे। साना काजी अमेरिकातिर लागे भन्ने खबर आयो। पिरैपिरको यो भुमरीबाट निस्कन नसकी बडाकाजीले पनि एकसट्ठी सालमा यो धर्ती छाड्नुभयो। बडाकाजी बितेको खबरले बास्कोटे दुई दिनसम्म निकै रोयो। मेरो त जन्मदाता नै अस्ताए। त्यस दिनदेखि मसँग बास्कोटे बा मात्रै छन्।

त्यसपछिका दिनहरूमा क्रान्तिकारीहरूको बास बस्ने र खाना खाने मुख्यस्थल बनेँ म। मेरो भकारीमा उनीहरूको रजाइँ हुन थाल्यो। जहिले मन लाग्छ जति जना मन लाग्छ आउने, बस्ने, खाने र जाने क्रम चल्यो। बास्कोटेले केही भन्न सक्ने कुरो पनि आएन। तर एकपटक एउटा पूर्वतिरको सन्काहा क्रान्तिकारी कमान्डरले मलाई बम हानेर ध्वस्त पार्न उर्दी गरे। त्यतिबेला भने बास्कोटे बा नराम्रोसँग कड्किए। उनीहरूलाई भन्नु नभन्नु भने। म जिल्ल परेँ। कहाँबाट आयो ती बुढामा यति ठुलो साहस। उनले ज्यानकै बाजी थापेर उनीहरूलाई रोके। जसोतसो जोगिएँ। त्यसैले आज तपाईँहरूलाई यो कहानी भन्न पाएको छु।

बडाकाजी बितेको आज यतिका वर्ष भयो। देशमा लडाइँ सकियो, यी क्रान्तिकारी बनेर गोल्डस्टार जुत्ता लगाई हिँड्नेहरू गाडी चढेर गाउँमा आउने भए। गाउँका नेताहरूले काठमाडौँमा घर बनाएको चर्चाहरू आए। मेरै आँगनको डिलसम्म मोटर बाटो आयो। बाटोले सबै मान्छेहरू सहरतिर लग्यो। गाउँ छाडेर जानेहरू फेरि फर्केनन्। यो दश वर्षमा गाउँलेहरूको निधारबाट पसिना हरायो। कामै नगरी खाने बानी पर्‍यो। मनबाट माया हरायो, इमान हरायो। गाउँलेमा भएको भाइचारा हरायो। मेलापर्म, ऐँचोपैँचो, सरसापटी

सबै हरायो। गाउँलेहरूको बिचमा राजनीति र चुनावको गढिलो रेखा कोरियो। विकासको नाममा गाउँभरि डोजर छिऱ्यो र चिराचिरा पाऱ्यो गाउँको छाती तर केही थान ठेकेदारहरू मात्र भित्रिए। गाउँबाट गाउँ हरायो। गाउँबाट युवाहरू लोप हुँदै गए।

जब राति हुन्छ म पुछार खोल्सीको अधिकारी गाउँदेखि सबै घरहरूलाई नियाल्छु। फाट्टफुट्ट घरहरूमा मात्र बत्ती बलेको देख्छु। कति घरहरू त खाली भइसके। मान्छे बसेकाहरूमा पनि काल पर्खेर बसेका बुढाबुढीहरू मात्र छन्। मगरगाउँका केटाहरू सक्नेले रिनधन गरेर खाडीतिर पसे। नसक्नेहरू इन्डियातिर पसे। खेतबारीहरू सबै बाँझै छन्। खाडी पस्नेहरू पनि गाउँ फर्केनन्। दुईचार पैसा कमाएपछि छोराछोरी पढाउन भनेर सहरतिरै बसे। कुनै बेला केटाकेटीहरूको हल्लाले गाउँ नै गुन्जिने भन्ज्याङको स्कुलमा विद्यार्थीभन्दा शिक्षक बढी छन्। यो बास्कोटे बा नहुँदो हो त म पनि भत्किसक्ने थिएँ हुँला। हुन त यसरी एक्लिनुभन्दा त भत्किनु नै जाति हो तर पनि म अझै कहिलेसम्म ठडिन्छु थाहा छैन।

गाउँको यो अवस्था देखेर म, बास्कोटे र गुमान मगरको भत्किएको झुप्रो घर निकैपटक रोएका छौँ। मेरो नजिकै भएकोले आजकल राति राति मेरो दुःख पोख्ने साथी भएका छन् उनीहरू। मजस्तै खाली छन् दुबै घरहरू। गुमान बितेको पनि झन्डै दश वर्ष भयो। श्रीमती बितेकै साल बितेकोले गाउँमा गुमानलाई भाग्यमानी भन्नेहरू पनि छन्। गुमानका दुई छोराहरूमध्ये जेठोलाई क्रान्तिकारीहरूले जनसेनामा जाऊँ भनेर हत्ते गरेपछि भागेर इन्डिया पसेको फर्कैरै आएन। दिल्लीतिरै बसेको भन्ने खबर चाहिँ सुनिन्छ। कान्छो ड्राइभर काम गरेर बुटवलमा परिवारसँगै बस्छ भन्ने सुनेको हो तर गाउँसँग दुबैको नाता टुटेको भने धेरै वर्ष भयो। बास्कोटेको चाहिँ छोरी र श्रीमती बहत्तर सालको भूकम्पले लगेको कुरो माथि भनिसकेँ। जेठो बिस वर्षको उमेरमा घर छाडेर हिँडेको अहिलेसम्म अत्तोपत्तो केही छैन। त्यसपछि बडाकाजीकै धनसारमा बस्दै आएको छ। ऊ बडाकाजीको वचनले बाँधिएकोले मात्र मलाई रुङेर बसेको हो। अब त उसले मलाई रुङेको हो कि मैले उसलाई रुङेको हो थाहा नै हुन्न। जे होस् मलाई ती बास्कोटे बाको पनि ज्यादै माया लाग्छ।

साना काजी यस्तो देशमा के आउने भनेर अमेरिकाबाट फर्केनन्। मैयानानीहरूलाई माइती नभाको घर बिरानै भो। दुबै कजिनीहरू बितेर गए। कान्छी कजिनी हुँदैताका एकचोटि मलाई बेच्ने कुरो भएको रहेछ। दुईचार जना हेर्न पनि आए। तर यो अनकन्टार गाउँमा कसले पैसा हाल्नु र। किन्ने मान्छे नमिलेपछि त्यो कुरा पनि त्यसै सेलायो। अब मेरो बारेमा सोच्ने, मलाई माया गर्ने भनेको त्यही बास्कोटे बा एउटा मात्र हो।

हिजो मेरो अन्तिम साथी बास्कोटे बा पनि मर्‍यो । चारपाँच दिनदेखि ज्वरो र खोकीले सिकिस्त थियो । हेल्थ पोस्टसम्म गएर औषधि ल्याइदिने कोही भएन । बिहानै मेरै काखमा प्राण त्याग्यो । उसको मृत शरीर उठाउने कोही भएन । उसको मबाहेक कोही छँदै थिएन । मरेको दश घण्टासम्म कसैले थाहा नै पाएनन् । बेलुकी बाटो हिंड्ने बटुवाले लडिराखेको देखेर गाउँमा हल्ला गरेपछि गाउँका बुढाखाडाहरू जम्मा भए । उनलाई बास्कोटबाट बडाकाजीले गाउँमा ल्याएका हुनाले सबैले बास्कोटे भनेर मात्र चिन्दथे । उनका नातागोता कोही नभएकोले गाउँलेहरू अन्यौलमा परे । गाउँमा युवाहरू थिएनन् । बचेका बुढाखाडाहरू जम्मा भएर गाउँपालिकालाई लास उठाउन भन्ने निधो गरे । रातभर बास्कोटेको मृत शरीर मेरो पिँढीमा लडिरह्यो । भोलिपल्ट बिहान गाउँपालिकाबाट आएका तीन जना मान्छेले बास्कोटेको शवलाई गाउँमाथिको सल्लाघारी जङ्गलको छेउमा लगेर गाडिदिए । मेरो जीवनको एउटा लामो सहयात्रीको अन्त्य भयो । बास्कोटेको मृत्युमा मैले एक थोपा आँसु झारिनँ । उसले यो दुःखी जीवनबाट मुक्ति पाएकोमा ईश्वरलाई धन्यवाद दिएँ ।

बास्कोटे मरेको दिन बास्कोटेको घर अलाप र विलाप गरी रोयो मसँग । गुमानको घर त चुप लागेको पनि दशकौँ भइसक्यो । म भने बास्कोटेलाई बिर्सन सकिरहेको छैन । जब–जब रात छिप्पिँदै जान्छ धनसारमा बास्कोटेले खोकिरहेझैँ लाग्छ । बास्कोटे बा गाडेको ठाउँबाट आएर मेरो जेठोले खबर पायो भन्छ । अनि म चर्को चर्को स्वरमा चिच्याउँछु । मैले पनि आफ्नो पीडा त पोख्नुपर्‍यो नि । सायद मेरो चिच्याहट सुनेर पो हो कि गाउँलेहरू मभित्र बास्कोटेको आत्मा बसेको छ भनेर मेरो दैलोको बाटो हिंड्न छाडेका छन् । आइमाईहरू त घुमाउने घरमा त दिउँसै तर्साउँछ है भनेर डराई डराई हिंड्छन् । कतिले त मेरो नाम नै भूतघर राखिदिएका छन् । मेरो परिचय फेरिएको छ । म घुमाउने घरबाट भूतघर भएको छु । कोही आउँदैनन् मेरो आँगनमा । आँगन र वरपर मान्छे हराउने गरी पाती र बनमारा बढेको छ । ढोका र पिँढीमा दुबो र लहरे घाँसहरूले ढाकेको छ । म कुरूप भएको छु । मलाई कोही आओस् भन्ने पनि लाग्दैन । आफ्नो भन्नेहरू कोही नभएको यो गाउँमा मलाई ठडिएर रहनु पनि छैन । मलाई थाहा छैन म कहिलेसम्म रहने छु तर जबसम्म रहने छु गाउँका पापीहरूलाई तर्साइरहने छु भूतघर बनेर । मेरो यो अवस्था देखेर पक्कै पनि बडाकाजीको आत्मा रोएकै हुनुपर्छ । म भने हरेक दिन बिहानै इन्द्रावतीको पानी मनको अँजुलीमा थापेर बडाकाजीको आत्मालाई अर्पण गरिरहेछु ।

०–०–०

कथा



# विकल्पहीन विकल्प

*दिलीप शाह*

उनको चेहरामा खोटोमा साङ्लो चप्किएझैँ सदासर्वदा सर्वकालीन उदासी चप्किएको हुन्थ्यो । मौसमअनुसार ऋतु परिवर्तन हुन्थ्यो । प्रकृतिको नियमानुसार बर्सात, वसन्त, हिउँद, शरद्को आगमन भइरहन्थ्यो । तर जेठमासको प्रचण्ड गर्मीमा पनि उनको जिउमा पटक्कै घामको न्यानो लाग्दैनथ्यो । घाम लागेको आभाससम्म हुँदैनथ्यो । चेहरामा सधैँ डम्म बादलले ढ्याम्मै ढाकिरहन्थ्यो । बाक्लो कुहिरोले घेरिरहन्थ्यो ।

यो समयमा पनि उनी नानाभाँती सोच्दै छोरालाई मकैको खाजा भुट्न व्यस्त थिइन् ।

'आमा... आमा..!' लक्का जवान छोरो सायद दौडिँदै आएको हुन सक्थ्यो । यस्तो उसको स्वाँ... स्वाँ...गर्दै बोलाएको आवाजबाट अनुमान लगाउन सकिन्थ्यो ।

'के भयो ? फेरि गाउँका अल्लारे केटाले काला पहाड जान उकासे कि ? म एक्ली बुढी आमालाई छाडी कतै जाने होइन है ।' उनले संशयका चार हात लामा काँडा उमारेकी थिइन् ।

'होइन क्या ? सरकारले सत्य निरूपण हो कि त्यस्तै केही आयोग गठन गरेको छ रे । आयोगमा निवेदन हालेपछि सशस्त्र क्रान्तिका दौरान भएका घटनाको सत्यतथ्य छानबिन हुन्छ भनी साउने काकाहरू कुरा गर्दै थिए ।' उसले दौडिँदै आउनुको कारणको पोको खोलेको थियो ।

'खै, मलाई त विश्वास लाग्दैन । सर्खारलाई दैवले सद्बुद्धि दिए त...।' कसरी हो, घटना घटेको बिस वर्षपछि पहिलो पटक उनको ओठको कुनामा एक पित्को हाँसो फिसिक्क झुल्किएको थियो । 'जा.. जा.. हातमुख धोएर आइज, खाजा खान ।' उनले छोराको सामुन्ने अनायास फुत्किएको हाँसो देखाउन चाहेकी थिइनन् ।

***

सोह्रको सिँढी चढ्न नपाउँदै गाउँका सबै लक्का जवानजति पिठ्युँमाथि सामलको कुटिरो, परेलीमाथि नुनदालको जोहो गर्ने सपना बोकी लर्को लागेर ओरालो लाग्थे, अर्काको भूमिमा रगतपसिना बेच्न । वर्षको आठ महिना पाखुरी बजाउँथे । पसिनाको धारो बगाउँथे । आधा पेट खाएर दुई–चार आना बचाउँथे । बचाएको पैसाले साहुको रिन

त के खाएर तिरियोस् ? केटाकेटीलाई एक जोर कपडा, स्वास्नीलाई चुरापोते र केही महिनालाई ताउलो छट्काउन पुग्ने पैसो लिएर फर्किन्थे। तिनै चुरापोते, एक जोर कपडा उनीहरू फेरि कालापहाडको बाटो नलागुन्जेलसम्म परिवारका लागि खुसीको टिम्बुरे अचार हुन्थ्यो।

नचाहँदा-नचाहँदै पनि दुर्भाग्यले उनका पति पनि ओरालो लाग्ने बगालमध्येका एक जना सदस्य हुने बाध्यता आइलागेको थियो।

मनसरा र सुर्जेको विवाह भएको मात्र चार महिना पुग्दै थियो। मायाको पोखरीमा डुबुल्की लगाउन पुगेकै थिएन। धित मरेकै थिएन। मायाको प्यास नमेटिँदै अनपेक्षित, अनहोनी घटना घटिहालेको थियो।

स्थानीय स्कुलको प्राङ्गणमा मान्छेको हुल थियो। हुलभन्दा पनि ससानो मेला लागेको थियो। चौरभरि बिहानको कलिलो घाम छरिएको थियो। तर उपस्थितमध्ये कुनै पनि गाउँलेको आङमाथि घामको चोइटो परेको थिएन। चेहरा उज्यालो थिएन। सबैको मनभित्र त्रासको ऐँजेरुले जरा गाडेको थियो। कसैको घरको धुरीबाट धुवाँ निक्लेको थिएन। किनकि महिलापुरुष सबैलाई अनिवार्य उपस्थितिका लागि जङ्गे फरमान जारी गरिएको थियो। उर्दी कडा थियो किनभने यो फरमान सरकारी पक्षबाट नभई तत्कालीन जनवादी सत्ताबाट जारी भएको थियो।

'त्यसको आमा टोक्ने कुजात। कसको कुकृत्य हो यो ?' काठको कुर्सीमाथि आसीन जुँगामुठेले भुइँमाथि बसी र्‍याल काढ्दै दुईबर्से शिशुलाई दुधका लाम्टा चुसाइरहेकी केटीतर्फ इसारा गर्दै फनफनी हातको लौरो घुमाएको थियो। ऊ चार जना बन्दुकधारीबाट घेरिएको थियो।

'...।' उपस्थित कसैले पनि बफारसम्म फालेका थिएनन्। सबैले मुन्टो च्यापुसम्म झारेका थिए। खैनीको रससम्म निल्ने हिम्मत गरेका थिएनन्। बिँडीको ठुटोले हात डाम्दासमेत ऐयाआत्थु गरेका थिएनन्। परेला खोलेर पनि बन्द गरेको प्रतीत हुन्थ्यो।

'बिचरी अनाथ केटी। बाआमाको ठेगान नभएकी लाटी। कठै ! यस्ती असहाय केटीलाई पनि कुन अधम, नीचले गिजोल्न सक्याउ होला ? चारखुट्टे पशुले पनि यस्ती अशक्तलाई यस्तो क्रूर, अमानवीय कुकृत्य गर्दैन।' उसको चेहरामा दया, करुणा, मायाको मिश्रणजस्तो स्वाङ पोतिएको थियो। 'यस्ता राक्षसलाई हदैसम्मको सजाय हुन्छ। अवश्य हुन्छ।' उसले अपराधीको नाम लिएको थिएन। तर हदैसम्मको सजाय हुने ठोकुवा गर्दै लावालस्करसहित सालघारीको बाटो अलप भएको थियो।

'लाटीको पोइ । आफै धामी, आफै बोक्सी । यस्ताले न्याय गर्ने ?' सुर्जेले भिडको बिचबाट यो सब नौटङ्की नियाल्दै थिए । सहनै सकेका थिएनन् । प्याच्च थुकेका थिए ।

सुर्जेले 'लाटीको पोइ' भनी पुकारिएको हर्के सिर्फ दुई वर्षअगाडिसम्म गाउँको आवारा, लफङ्गो, गुन्डा थियो । नगर्नेजति सबै गर्थ्यो । जुवा, तास, रन्डीबाजी, सब । यहाँसम्म कि त्यही लाटीसँग समेत कुकर्म गर्न भ्याएको थियो । यसका साक्षी उनी आफै थिए ।

(भन्नु परोइन, लाटीसँग लसपस गर्दासम्म उसले क्रान्तिकारीको पगरी गुथिसकेको थिएन ।)

साक्षी कसरी भने राति दश बजेको आसपासमा उनी हराएको डिङो पछि लगाई जङ्गलबाट फर्किंदै थिए । हर्के पाइन्टको फस्नर मिलाउँदै पाटीको सिँढीबाट ओर्लिंदै थियो । शङ्का लागी उनले पाटीको कोठामा पसी दियालोको राँकोको उज्यालोमा हेर्दा लाटीका कपडा लथालिङ्ग थिए । बेहाल र अचेत लाटी रगताम्य भई छटपटाउँदै थिई ।

सुर्जेले आफ्नै आँखाले देखेको बीभत्स घटना भोलिपल्ट चौतारीमा बयान गरेका थिए । उनले हर्केमाथि आरोप लगाउनुपर्ने कुनै कारण थिएन । दुस्मनी थिएन । झगडा–सगडा थिएन । जो देखेका थिए हुबहु सत्य बोलेका थिए ।

गाउँ सानो थियो । कसैको घरमा भाँडा बजेको खबर पनि सार्वजनिक भइहाल्थ्यो । यो त झन् गाग्री फुटेको समाचार थियो । प्रत्येकको जिब्रोको स्वादिष्ट पुलाउ भइहालेको थियो ।

त्यस दिनदेखि हर्के भने स्यालसिङ भएको थियो ।

'क्रान्तिकारी हुन हिँडेको छ । देश बदल्न निक्लेको छ ।' हल्ला गरम भएको थियो ।

स्कुलको सभामा सुर्जेले 'लाटीको पोइ' हर्केलाई नै इङ्गित गरी फुसफुसाएका थिए । यो सत्य थियो । अर्को सत्य के पनि थियो भने उनले ओठ फट्टाएर बोलेका थिएनन् । जस्तो कि काँटाचम्चा, अरौटेभरौटे जहाँ पनि हुन्छन् । हर्के त झन् क्रान्तिकारी पार्टीको जल्दोबल्दो कमान्डर थियो । भिडमा उसका चम्चा नहुने प्रश्नै उठेन ।

'सुर्जेलाई भाटे कारबाही हुने भयो ।'

'किन काल निम्त्याउनुपरेको होला ?'

'कलकलाउँदी मनसराको के हविगत हुने हो ?'

नभन्दै उनी भोलिपल्टै चौध जनाको डफ्फाको टोलीमा सामेल भएर पटुकीमा मनसराको हातले भुटेका मकै र भट्टका खाजा, जौको सातु बोकी ओरालो लागेका थिए । घरबाट बिदा हुँदा अन्य युवाजस्तै उनको पनि मुहार उज्यालो थिएन । होस् पनि कसरी ?

मनसराको कोखभित्र भर्खरै उम्रिन लागेको टुसाको चिन्ता जो थियो । 'मेरो नासो जतन गरेस् है ।' उनले स्वास्नीको मुखसम्म नहेरी यति मात्र बोलेका थिए ।

घरको मर्द बाटो लाग्दा अपशकुन हुने डरले रुनु त के आँसुसमेत चुहाउन मनाही थियो । यसैले मनसराले आँसुजति भित्रैतिर कुटिरो पारी लुकाउने कोसिस गरेकी थिइन् । तर आँसु भनेको बग्ने पदार्थ न पर्‍यो । जसरी पनि बाटो खोज्ने धृष्टता गर्न लागेको थियो । यसैले उनले धोतीको सप्कोले मुखभित्र बुझो हालेकी थिइन् । मनले बाटो छेक्दाछेक्दै पनि उनी चौतारीसम्म पुगेकी थिइन् र खसम आँखाबाट ओझेल नहुन्जेलसम्म हेर्दै भाकल गर्न भ्याएकी थिइन्– 'उनी सग्लो फर्किऊन्, बज्यूमाता ! अष्टमीको दिनमा निक्खर रातो भाले चढाउँला ।'

'कमलेका बाले घर छाडेको तीन वर्ष हुन लागेछ । खोजीखबरी किन नगरेका होलान् ? मलाई नसम्झे पनि आफ्नो नासो त पक्कै सम्झिनुपर्ने हो ।' मनसराले औँला भाँचेकी थिइन् । उनले भुलुक्क गुन्द्रुक उमालिसकेकी थिइन् । कोदाको पिठो मुछ्दै रोटी पथार्ने सुरसारमा थिइन् । खेल्दाखेल्दै भुन्टे निदाइसकेको थियो ।

घटस्थापनाको दिन परेको थियो । तर उनले जमरा राख्नु त के साँझको दियो पनि बालेकी थिइनन् । 'किन जमरा राख्ने ? किन दियो बाल्ने ? कसका लागि घर उज्यालो बनाउने ? घरमुली नै नभएपछि दियो बाल्नु, जमरा राख्नुको के अर्थ ?' उनले निभ्न लागेको आगो जगाउन दाउरा ठोसेकी थिइन् । आगोको झिल्काले क्षणभरका लागि भान्सामा अत्यन्त मधुरो उज्यालो छरिएको थियो । उनलाई राम्ररी सम्झना थियो, त्यही क्षणमा आँगनमा सेते एकनासले भुकेको थियो । नजानिँदो डरले डल्लो पर्दै उनले आग्लो ठोक्नै लागेकी थिइन् । ढोकाको सङ्घारमा कालो छाया सल्बलाएको थियो ।

'यति छिट्टै बिर्सिइस् ।' सुर्जेले ढोकाभित्र पस्दै छेड हानेका थिए ।

'हे देउतीमाता !' मनसराले मातालाई स्मरण र नमन गर्दै लोग्नेका खुट्टा ढोगेकी थिइन् ।

'सौभाग्यवती भएस् । ल, झोला राख् ।' लोग्नेले आसिक दिँदै झोला थमाएका थिए र आफू हातमुख सफा गर्न लोटामा पानी लिई आँगनको डिलमा निक्लेका थिए ।

अहिले पनि सम्झना छ, त्यस रातमा मनसराले घट्ट भएर काम गरेकी थिइन् । निमेषमै भाँडा मस्काएर, भान्सा लिपपोत गर्नसमेत भ्याएकी थिइन् । ढोकामा आग्लो लगाएर मनतातो तोरीको तेल लिई भर्‍याङ उक्लेकी थिइन् । उनको मन आकाशमा बयल खाइरहेको चङ्गा थियो । हुने नै भयो ।

'ल्याउनुस् खुट्टा, तेल घसिदिन्छु। दुखेको होला।' मनसराले लोग्नेको खुट्टा समातेकी थिइन्।

'भैगो । तँ पनि थाकेकी होलिस् ।' सुर्जे जागै थिए वा मनसराको आहटलाई नै पर्खिबसेका थिए ? उठ्दै स्वास्नीलाई नजिक आउन इसारा गरेका थिए।

'भोलि कुरा गरे हुन्न ? कि फेरि भागिहाल्ने विचार छ।' मनसराले नाकको बुलाकी बजाएकी थिइन्।

'नरिसा क्या। केही दिन त बसिहाल्छु। एक महिनाको छुट्टी लिएर आएको छु। ल, यो सम्हालेर राख्। धेरै कमाउन सकिएन। ज्यान पनि पाल्नैपऱ्यो।' लोग्नेले स्पष्टीकरणसहित सानो पोको थमाएका थिए। पोकोभित्र रातो धोतीचोलो, हरियो पोते, दर्जन चुरा र अलिकति नोट थिए। साथमा मरमसला त हुने नै भयो।

'यति कला खर्च नगऱ्याउ भए हुने । (यति धेरै खर्च नगरेको भए हुने ।)' उनले कृतज्ञताका शब्द पाएकी थिइनन्। तर कृतज्ञताको भारीले थिचिएर हो वा मायाको बोझले किचिएर हो चेहरा रक्तिम भने बनाएकी थिइन्।

'ल, ल धेरै स्वाङ नपार्। थाकेको छु।' सुर्जेले बत्ती निभाउन अह्राएका थिए।

हो, त्यही अभागी क्षणमा फेरि टाउकैमाथि चट्याङ परेको थियो।

***

'सुर्जे गद्दार ! बाहिर निक्ली।' मनसराले टिनको बाकसभित्र पोको थन्क्याउनै लाग्दा ढोकामाथि एकनासले लातको बर्सात हुन थालेको थियो।

'चुप लाग्। चुप लाग्। जङ्गलीजस्ता छन्।' सुर्जेको स्वरमा घबराहट थियो।

'बाहिर निक्ली, मुर्दार ! हाम्रो जननेताको आदेशबेगर शत्रुको देशमा गुलामी गर्न जाने ?' ढोका नखुलेको झोँकमा अर्कोले पुनः लात्तीले ढोकामा बजार्दै लोग्नेको अपराधको अंश सुनाएको थियो।

त्यस बेला देशभरि जङ्गली राज थियो। राजधानीबाहेक करिब-करिब सबै जिल्ला सदरमुकाम उनीहरूले कब्जा गरिसकेका थिए । उनीहरूको आदेश, इजाजतबेगर पातसम्म हल्लिँदैनथ्यो।

***

'ज्या...पक्का तिनैजस्ता छन्।' सुर्जेले तीन वर्षअगाडिको स्कुलको चौरको घटना सम्झिँदै बेसार भएका थिए। एक बित्ता लामो जिब्रो निकालेका थिए।

'बिन्ती छ। नजानुस्। मरे दुवै यहीँ मरौँला।' उनले सुर्जेका खुट्टामा छाँद हालेकी थिइन्।

'म तल नओर्ले झन् बित्याँस पार्लान् । ज्यानै लिने के बिराम गरेको छु र ? तँ चिन्ता नगर् । म एकैछिनमा आइहाल्छु ।' उनी लगाएको बनियान र कट्टुसँगै भऱ्याङ ओर्लेका थिए ।

'हिँड् परसम्म । सोधपुछ गर्नु छ ।' सङ्ख्या यकिन भएन । दश–बाह्र जनाजति थिए होलान् । नेतृत्व उही कुखुराचोर हर्केले गरेको थियो ।

'कि लास चाहियो कि सास, साहेब !' छोराले ल्याएको शुभसमाचार सुनेको भोलिपल्टै निद्राले कचल्टिएका आँखासँगै मनसरा भएको बेहोरासहितको निवेदन लिएर सदरमुकामको साहेबका अगाडि उपस्थित भएकी थिइन् ।

'...मेरा खसम सुर्जेलाई केही व्यक्तिले जङ्गलतर्फ लिएर गएको बिस वर्ष नाघ्न लाग्यो । आजसम्म फर्केर नआएको र लाससमेत फेला नपरेकाले उनको सद्गत गर्न पनि पाएकी छैन । हिन्दु परम्पराअनुसार सद्गत गर्न नपाएकाले मैले सिन्दूर पुछ्न, चुरा फोड्न पनि सकेकी छैन । अहिले पनि म सधवा भेषमै उनी आउने बाटो कुरी बस्न बाध्य छु । गाउँमा सबैले मलाई बौलाही, सन्की, बोक्सिनी बुढी भन्ने गर्छन् । मेरो पतिको आत्मालाई मुक्ति र मलाई कलङ्कबाट बचाऊ, सर्खार !...'

निवेदनको सारांश यही थियो ।

उनी कार्यालयको प्राङ्गणमा पुग्दा उनीजस्तै दुःखान्त, पीडादायक कथाको भारीले थिचिएकाहरूको भिड थियो । सबैका ओठमुख कलेटी परेका थिए । चेहरा निचोरेका कागती थिए । आँखा खडेरी परेका दह थिए । तर आँखाको नानी मात्र कसरी हो ? सुदूरको ताराजस्तो टिलपिल टिलपिल गर्दै थिए ।

'पुलिसमा रिपोर्ट लेखाउनुभएको छ ?' तत्कालै साहेबले उनीबाट छुट्कारा पाउने उपाय खोजिहालेको थियो । तिगडम लगाइहालेको थियो ।

'क्या कुरा गर्नुहुन्छ ? हजुर ! पुलिसमा रिपोर्ट गरेको भए म आज यहाँ हुन्थेँ ? त्यसै बेला हाडखोर फेला नपर्ने गरी खाल्डोभित्र पुरिसक्थे ।' उनले त्यस बेलाको अँध्यारो, बर्बर पक्ष उजागर गरेकी थिइन् ।

'त्यस घटनाको कोही देखिजान्ने साक्षी ल्याउन सक्नुहुन्छ ?' साहेबले अर्को बनिबनाउ जाल फ्याँकेको थियो ।

'घटनाका बारेमा सारा दुनियाँलाई जानकारी छ । तर हामी गरिबका लागि कसले कष्ट बेसाइदिन्छ र ?' उनले तितो यथार्थ ओकलेकी थिइन् ।

'तपाईँले पुलिसमा रिपोर्ट लेखाउनुभएको छैन । साक्षी मात्र ल्याउन सकेको भए केही गर्न सकिन्थ्यो । त्यसैले ...।' 'अहिले पनि उनीहरूकै राज छ । न्याय पाउन मुस्किलै होला ।' साहेबले फुस्काइसकेको थियो । तर सरकारी नुन जिब्रोमा आएर अड्किहालेको थियो ।

'भरसक सास । त्यति नभए लास ।' साहेबको आशय बुझ पचाएर उनले हातको निवेदन टेबुलमाथि राखेकी थिइन् र खुइय सुस्केरा काढ्दै अनसन मुद्रामा थुचुक्क बसेकी थिइन् ।

'सरकारी काम हो, निवेदनको छिनोफानो हुन बर्सौं लाग्न सक्छ । किनभने तपाईंजस्ता युद्धका खत हुनेहरू हजारौंको सङ्ख्यामा छन् । मान्नुहुन्छ भने म एउटा सल्लाह दिन्छु । हाल विधवाभत्ता लिएर नुनतेल चलाउँदै गर्नुस् ।' साहेबले उनको उमेर र अवस्थालाई ख्याल गर्दै झिनो स्वरमा सल्लाह पस्केको थियो ।

'जे हुनु थियो । भइहाल्यो । उनी फर्केर आउने छैनन् । उनको आत्माको मुक्तिका लागि पनि चुरा फोडी कुशको सद्गत गरी मृतात्मालाई स्वर्गको बाटो देखाऊ । सरकारले दिएको विधवाभत्ता थाप । अलिनो तरकारी त खानुनपर्ला ।' गाउँलेको सल्लाह र साहेबको सुझाव समान थियो । तर उनको मन थियो हाडेओखर । ज्यान जाला सत्य स्विकार्न नचाहने । मानोस् पनि कसरी ? आफ्नै आँखाअगाडि 'एकछिनमै आउँछु' भनी गएको खसमको सास गइसक्यो भनेर कसरी पत्याउनु ? तर पत्याउनुको विकल्प पनि त थिएन ।

'बाबु ! विधवाभत्ता थाप्न के गर्नुपर्छ ?' धेरै दिनको मथिङ्गल, दुबिधापछि मनसरा सधवा भेषमै गाउँपालिकाको अध्यक्षको टेबुलअगाडि उभिएकी थिइन् । गाउँपालिका पुग्न पूरै एक बिहान हिँड्नुपर्‍यो ।

'सरकारले विधवाभत्ता विधवालाई दिने हो । सधवालाई होइन ।' अध्यक्षले उनलाई देख्नासाथ झ्यालपट्टि फर्केर चुरोट फुक्न थालेको थियो ।

'मैले भत्ता थाप्न क्या गर्नुपर्‍यो त ?' उनी वास्तवमै अनजान थिइन् ।

'पहिले विधवा बन्नुस् । अनि आउनुस् ।' उसले सपाट र ठाडो जबाफ फर्काएको थियो ।

अब त्यहाँ उभिइरहनुको कुनै अर्थ थिएन । पतिको पर्खाइबाहेक उनलाई गणतन्त्र, संविधान, निर्वाचनसँग कुनै सरोकार थिएन । त्यसैले गाउँमा अध्यक्ष काले, गोरे को थियो ? निर्वाचनमा कुन पार्टी, कसले जित्यो ? मतलब हुने सवालै उठेन । पालिकाबाट ओरालो लाग्दै गर्दा भने उनीलाई कता कता अध्यक्षको आवाज सुने सुनेजस्तो लागेको थियो । 'कतै त्यस कहालीलाग्दो रातमा उनको सुर्जेलाई मुन्ट्याएर लिनेमध्येको अपराधी ...। हो पक्का त्यही हो ।' उनले ठहर गरेकी थिइन् ।

'वास्तवमै अब विधवा बन्नुको विकल्प छैन ।' हो, त्यही क्षणमा उनले चुरा फोड्न ढुङ्गा उठाइहालेकी थिइन् ।

०-०-०

कथा

# उग्राइ



*अमर शाह*

साउनको दोस्रो हप्ता बित्दा पनि यस वर्ष वर्षा खासै भएको छैन । पानी परेको भए गर्मी हुन्नथ्यो । पानी परेको छैन त्यसैले हप्प गर्मी छ । दिउँसो काठमाडौँ पनि तराईजस्तै तातो छ भन्छन् बाहिर निस्कनेहरू तर बाहिर ननिस्कने भएकाले हरिबहादुरलाई त्यो अनुभव गर्नुपरेको छैन । उमेरले चार बिसको नेटो काटेका उनको संसार अहिले कोठा, भान्सा र कोठासँगै जोडिएको बरन्डा भएको छ ।

"यस्ता दिन पनि आँउदा रहेछन् ।"

फतफताउँदै हरिबहादुर टी.भी. बन्द गर्छन् र बिस्तारै बरन्डामा आउँछन् । पूरै दिन टेलिभिजनका च्यानल बदल्दै कोठामा बिताए पनि घाम डुबेपछि भने उनी कोठामा बस्न सक्दैनन् । बरन्डामा कुर्सी राखिदिएको छ छोराले, तानेर बस्छन् र सधैँझैँ उत्तरतिर देखिने शिवपुरीको जङ्गलतिर हेर्न थाल्छन् । हेराइ शिवपुरीको डाँडातिर भए पनि उनको मन भने उडेर लगभग छ सय किलोमिटर पश्चिम आफ्नै गाउँ दार्मा पुग्छ जहाँ उनी हुर्के, बढे र जीवन सङ्घर्षका सत्तरी वर्ष बिताए ।

"जोडी नगएको भए उतै बस्थैँ, उतै मर्थैँ, किन आउँथैँ र जेलजस्तो बसाइ भोग्दै काल कुर्न काठमाडौँमा..." पछिल्लो पिँढीका नातेदारहरू कहिलेकाहीँ भेट्न आउँदा उनी मन खोल्छन् ।

"हामीलाई दार्मा राम्रो । पहिल्यै राम्रो थियो, अहिले त बाटो र बिजुली पनि पुग्यो भन्छन् झन्...।"

पुर्ख्यौली थलो दार्माबारे सुनेका तर कहिल्यै त्यहाँ नपुगेका नातिनातिनी पुस्तालाई लोभ्याउन पनि खोज्छन् ।

"मान्छेका सक्कली सम्पत्ति त सम्झना रहेछन्...! कमाएका अरू सम्पत्ति त अरूकै लागि हुने...।"

पुराना सम्झना मात्र सक्कली कमाइ हुन् भन्ने भनाइ उनले बाँड्ने ज्ञान बनेको छ हिजोआज ।

"गर्न के पो बाँकी राखियो र आफ्ना दिनमा...।" र, उनको मन पर्ने थेगो बनेको छ ।

हुन पनि दशबाह्र वर्षको उमेर पुगेपछि सुरु भएको हरिबहादुरको सक्रियता काठमाडौँ नल्याउँदासम्म करिब साठी वर्ष चल्यो । दुई हजार सालको जाडोमा जन्मेका उनी सत्तरी वर्ष गाउँमै बिताएर दश वर्षपहिले श्रीमती बितेर एक्लो भएपछि काठमाडौँ आएका थिए छोराबुहारीको करमा ।

"धोखा दिएर गई । सँगै बाँच्छु, सँगै मर्छु भन्थी तर एक्लै हिँडी ।"

बितेको दश वर्ष पुगेको भए पनि स्वर्गीय श्रीमतीको प्रसङ्ग निस्किँदा अहिले पनि आँसु रोक्न सक्दैनन् उनी ।

"दुःख गरेर छोरा हुर्काई, पढाई, तर भोग्न त के छोराको सुख हेर्नसमेत पाइन ।"

उनको पछुतो श्रीमती दुःख गर्दागर्दै गई भन्ने छ, जुन उनी भेट्न आउनेलाई सुनाउन बिर्सँदैनन् ।

"तपाईंले कम दुःख गरेको हो र आमाले भन्दा ? अभागी त म हुँ आमाको सेवा गर्न नपाउने ।"

छोरा अरूजस्तो छैन । सान्त्वना दिने गर्छ । उसको भनाइ मनको भित्री कुनाबाट आएको वास्तविक भनाइ हो । छोरो सफल मात्र नभएर सज्जन पनि छ ।

"हरिबहादुरको जस्तो छोरा पो छोरा...! हाम्रा त...!"

साथीभाइ, नातेदारहरू उनको छोरालाई उदाहरण मान्छन् । आफ्ना छोरासँग तुलना गर्दै धेरै जना कल्पिन्छन् पनि ।

हुन पनि निकै सङ्घर्ष गरेका छन् हरिबहादर र उनकी श्रीमतीले गृहस्थी बसाल्न र एक्लो छोरालाई हुर्काउन, बढाउन र पढाउन ।

"आआफ्नो गरेर खाऔँ, मनमुटाउ भएर छुट्टिनुभन्दा सल्लाहैले पहिल्यै अलग हुनु राम्रो...!"

बाबा बितेको दुई वर्षपछि र दुलही ल्याएको छ महिनामै दाइले हरिबहादुरको चुल्हो छुट्याइदिएका थिए । भागमा परेको थियो बस्नलाई गोठ, गोठवरपरका केही सुर्का बारी, केही रोपनी पाखेखेत र खरबारी । अँ, बाली लागेको चार महिना पुगेको एउटा थोरी र दुईवटा बाख्री पनि परेका थिए हरिबहादुरको भागमा । दाइबाट छुट्टिँदा हरिबहादुर भर्खर बिस वर्ष पुगेका थिए भने उनकी श्रीमती अठार वर्ष पुग्नै लागेकी थिइन् ।

"टिकिएला र ?" आशङ्का गर्दै सुरु गरेको उनको गृहस्थी एक पटक सुरु भएपछि मजाले चलेको थियो र टिकेको मात्र होइन कालान्तरमा राम्रै जमेकोसमेत थियो । यो सफलतामा मुख्य हात हरिबहादुरका श्रीमान्श्रीमतीको मेहनत र भाग्यको अतिरिक्त छुट्टिँदा भाग परेको त्यो थोरी भैँसीको पनि थियो ।

"गोरस कति होला कुन्नि ?"

अहिले सन्चोबिसन्चो सोधेजस्तो बिसको दशकको दार्मामा भेट हुँदा एकअर्कालाई सोधिने साझा प्रश्न हुन्थ्यो ।

"घिउ कति बन्यो यो साल ?"

र प्रायः त्यसको अर्को पूरक प्रश्न हुन्थ्यो ।

खेतीले परिवार पाल्न पुग्ने "सम्पन्न" परिवारमा पनि नगद देख्ने उपाय कालापहाड जाने वा भैँसी पाल्ने दुईवटा मात्र थिए ती दिनमा । गोठका भैँसीको सङ्ख्या परिवारको सम्पन्नताको मानक थियो भने उत्पादन हुने घिउ आयको सूचक । त्यस्तोमा अंशबन्डामा हरिबहादुरले पाएको भैँसी संयोगले अत्यन्त गुणी निस्कियो ।

भैँसी खुबै फाप्यो हरिबहादुरलाई ।

हरिबहादुर दम्पतीले मेहनत त गर्नुपर्थ्यो तर त्यसमा सुख थियो । खेतीले वर्षभरि पुगनपुग खान पुग्थ्यो र घिउले वर्षभरिको नुनतेलको जुगाड हुन्थ्यो । न भोक न भकारी, बडो सन्तुलन थियो आम्दानी र खर्चमा । आफूले चाहे पनि भगवान्ले नचाहेर एउटा छोरो जन्मेपछि अर्को बच्चा जन्मेन । जन्मेका आधा बच्चा मात्रै बाँच्ने त्यो जमानामा एउटा मात्र छोरा हुनु डरलाग्दो त थियो तर त्यसले खर्च बचायो । एउटै बच्चा भएकाले हुनुपर्छ हरिबहादुरले छोरालाई सहर पठाएर पढाउन सके, जागिर खानलायक बनाउन सके र छोरालाई राजधानीमा बस्न सक्ने र बुढेसकालमा आफूलाई पाल्न सक्ने बनाउन सके ।

भैँसी हरिबहादुरलाई फापेको थियो र छोरालाई पढाएर काबिल बनाउनमा हरिबहादुरका बुढाबुढीपछि दोस्रो ठुलो योगदान त्यही भैँसीको थियो । दुई हजार चालिस सालमा छोराले बी.ए. पढ्न काठमाडौँ जान्छु भन्दा छुट्टीभिन्न हुँदा भागमा परेको भैँसीको चौथो पुस्ताको भैँसी थियो उनको गोठमा । त्यसो त त्यसका सिङ खुर्पाजस्ता लामा र टुप्पातिर घुमेका थिए तर खै किन हो त्यसको नाम बन्चरे राखेका थिए उनले ।

"रूप मात्रै होइन दुध र गुण पनि राम्रो छ बन्चरेको ।"

वरपरको गाउँमा समेत चर्चा चल्थ्यो । बन्चरे भैँसी समयमा ब्याउँथ्यो, पाडी मात्रै पाउँथ्यो, समयमै बाली जान्थ्यो र दुध पनि बढी दिन्थ्यो ।

"पाल्नु त बन्चरेजस्तो भैँसी पो पाल्नु ।"

खालीमा आहाल बसाल्न भैँसी लग्दा गाउँले लोभिन्थे । भैँसी दुहेर मोहीबाहेक बच्चालाई समेत दुध नदिएर एक बेतमा एउटा भैँसीको दुधबाट अठार के.जी.का दुई टिन घिउ बनाउन सके चित्त बुझाउनुपर्ने ती दिनमा हरिबहादुर बन्चरे भैँसीको दुधबाट एक चौथाइ थप अर्थात् चालिस के.जी. भन्दा बढी घिउ बनाउँथे । घिउ गाउँमा बेच्ने

उपाय थिएन। एकतर्फी सात दिन हिँडेर नेपालगन्ज पुऱ्याउनुपर्थ्यो हाटमा। दार्मा नजिक मानिन्थ्यो नेपालगन्जबाट हिँडेर सात दिनमै पुगिन्थ्यो, नत्र बाह्रपन्ध्र दिन हिँड्नुपर्ने टाढाका गाउँबाट पनि नेपालगन्ज वा राजापुर पुग्नुपर्थ्यो घिउ बिक्री गर्न। हरिबहादुरले यो कुरा नेपालगन्जका दैलेखी र सल्यानी बङ्लामा बस्ने अरू ठाउँका हटारुसँग कुरा गर्दा थाहा पाएका थिए। घिउ बेच्न नेपालगन्ज पुग्नुपर्ने र नुन नेपालगन्जबाट पिठ्युँमा बोकेर लिनुपर्ने ती दिन साँच्चिकै कठिन थिए।

"आँटेपछि जा न त, केही न केही बाटो देलान् नि भगवान्ले।"

आई.ए. गरे मास्टर हुन सकिन्थ्यो अतः सदरमुकामबाट एस.एल.सी. पास गरेपछि छोराले आई.ए.पढ्न काठमाडौँ जान्छु भन्दा नाइँ भन्न सकेनन् हरिबहादुरले। आफ्नो श्रम र भगवान्मा विश्वास थियो उनलाई र उनको मद्‌दत गर्न भगवान्ले बन्चरे भैँसीलाई पठाएका थिए सायद। गाउँमा दुध बिक्री नहुने भए पनि घिउ र हुर्केका पाडी बेच्दा छोरालाई पठाउने खर्चमा भरथेग भयो। फलतः छोरो काठमाडौँमा टिक्यो। जागिर पाउन धेरै प्रतिस्पर्धा नहुने ती सजिला दिनमा सरकारी जागिरमा घुस्यो र काठमाडौँमा बास बनाएर बुढेसकालमा उनलाई बोलाउन सक्ने पनि भयो।

आफ्ना पुराना दिन सम्झँदा हरिबहादुरले मुखबाट सेतो फिँज निकाल्दै उग्राइरहेको, घाँस दिन जाँदा मायाले उनको हात चाटेको र बाहिर कतैबाट आएको थाहा पाउँदा खुसी प्रकट गर्न एकनास कराएको...! बन्चरे भैँसीका अनेक रूप सम्झे।

"अघिल्लो जुनीमा आमा थियो होला मेरो।"

उनले बडो श्रद्धापूर्वक सोचे। अघिल्लो जुनीमा आमा त थियो–थिएन तर चालिसको दशकको त्यो समयमा बन्चरे भैँसी हरिबहादुरका लागि आमाभन्दा कम भने थिएन।

हरिबहादुरले छतबाट पर जगडोलतिर हेरे। धेरै पानी नपरे पनि आकाश सफा र जमिन हरियो थियो। शिवपुरीको जङ्गल सुन्दर देखियो। तर बुकुर्सी मार्दै उनको मन भने फेरि दार्मा पुग्यो।

सात बेत ब्याएको र करिब अठार वर्ष बाँचेको बन्चरे भैँसीसँग उनका धेरै सम्झनाहरू जोडिएका छन्। धेरै सम्झनाहरू मिठा छन् भने थोरै नमिठा पनि। त्यस्तै एउटा नमिठो सम्झना छ दुई हजार चवालिस साल भदौको सोह्र श्राद्धताकाको।

त्यो दिन घरमा श्राद्ध थियो र गाउँघरका पाहुनाको चहलपहल थियो। दिनभर भिडभाड रह्यो। श्राद्ध सकिए पनि गफगाफ चल्यो। भैँसीले कम वा बढी दुध दिएको, धानमा रोग लागेको, बाँदरले मकै खाइदिएको...! गफको सेरोफेरो गाउँघर र खेतीबारीमै सीमित थिए। अहिलेजस्तो सञ्चार, सम्पर्क र चेतनाको स्तर त्यतिबेला भएको भए

राजनीतिका कुरा हुन्थे होला तर त्यो बेग्लै अँध्यारो समय थियो र विकास, शिक्षा, चेतना दार्मासम्म पुग्न अझै बाँकी थियो ।

बोलाएका मान्छे सबै गएपछि अघिपछिभन्दा अलि ढिलो गाबु हल्लाउँदै भैँसी दुहुन जाँदा बन्चरेको अवस्था देखेर हरिबहादुर झस्के । झस्के मात्र होइन आत्तिए पनि । गोठमा बन्चरे लमतन्न पल्टिएको थियो, उसको देब्रे पेट डम्म फुलेको थियो र निकै अप्ठेरो मानेजसरी ठस ठस कनिरहेको थियो ।

"के भयो ?"

हरिबहादुरले बन्चरेलाई उठाउन खोजे । पुच्छर निमोठे । लट्ठीले ढाडमा घोचे । तर, बन्चरे उठ्न सकेन । उठ्ने सुरसारसमेत गरेन ।

"बन्चरेलाई सन्चो भएन, धजा ल्याउ छिटो ।"

उनले श्रीमतीलाई अह्राए । श्रीमती पनि डराइन् । उनी कुद्दै माथिल्लो तलामा गइन् । काठको सन्दुस खोलिन् र राखेको रातो र सेतो कपडाबाट एक-एक बित्ता च्यातेर ल्याइन् । हरिबहादुरले हतार हतार धजाको टुप्पामा आठ आनाका ढ्याक बाँधे । गोठतिर जाँदै गर्दा बाटोमा तितेपातीका दुईचारवटा मुन्टा पनि भाँचे ।

"हे मालिका, कालिका, बराह र देउराल्नी...! बन्चरे ठिक होस् । भोलि पुजारी बोलाएर पूजा गराउँला...। मेरो भाकल भयो । बन्चरेलाई सन्चो गराऊ ।"

उनले तितेपाती र धजालाई भैँसीको टाउकोवरपर सात पटक घुमाए । एक खुट्टामा उभिएर देवी, देवता सम्झिँदै हात जोडे । अनि धजालाई भैँसीको टाउकोमास्तिर दलिनको कापमा घुसारे ।

बन्चरे ठस ठस कन्दै उनलाई हेरेर आँसु खसाल्दै थियो ।

बाली, बोटबिरुवा र पशुपन्छी गाउँका बाँच्ने आधार थिए र आपत्‌विपद् पर्दा सम्झँदै मन बुझाउन होला गाउँलेले गाई, भैँसी, बाख्रा, भेडा सबैका अलगअलग देउता र डाँडाडाँडामा ती देवताका अलगअलग थान र पूजा गर्ने पुजारीसमेत बनाएका थिए । गाउँका पशुपन्छीमा रोगव्याधि नलागोस् भनेर वर्षमा सामूहिक पूजा गर्ने दिन तोकिएको थियो जहाँ भेडाबाख्राका देउताका लागि कुखुरा र गाईभैँसीको देउताका लागि बोका बलि दिएर देउतालाई प्रसन्न राख्ने कोसिस गरिन्थ्यो । बन्चरे एक्कासि विरामी हुँदा अघि हरिबहादुरले तिनै देउता सम्झेर भाकल गरेका थिए । तर भाकल गरे पनि बन्चरे उठेन र उसको फुलेको पेट र ठसठस कनाइ घटेन । आफूलाई हेरेर आँसु बगाइरहेको बन्चरेको पीडा हेर्नु अत्यन्तै कष्टप्रद लाग्यो हरिबहादुरलाई ।

"खै छाता, डाक्टर बोलाउन फारुला जानुपर्ने भयो ।"

देउताको मात्रै भर पर्न सकिन्नथ्यो ।

आत्तिँदै घर छोडेका उनी पैँतालिस मिनेट लाग्ने बाटो तिस मिनेटमै पार गरेर फारुला पुगेका थिए । छिमेकी वडामा पर्ने फारुला त्यस बेला गाउँ पञ्चायतको केन्द्र थियो र त्यहाँ भर्खर भर्खर कृषि र पशुसेवा केन्द्र खुलेका थिए ।

संयोगले पशुसेवा केन्द्रको प्राविधिक अफिसको माथिल्लो तलाको डेरामै भेट्टियो । हरिबहादुर पुग्दा ऊ साँझको खाना पकाउने तरखरमा थियो ।

"उतै खाउँला, उतै सुतौँला...! भैँसी होइन मेरी आमा हो, जाऔँ डाक्टरसाब...।

हरिबहादुरले हात जोडे ।

"के के लक्षण छन् ?"

"डाक्टर" ले सोध्यो ।

"सबै औषधी सरकारी छैनन् । मेरो औषधी लागे पैसा पर्छ र घरसम्म गएको फिस पनि...।"

हरिबहादुरको बिन्तीले मन पग्लेर हो वा उनी आत्तिएको देखेर फिस पाउने लोभले हो "डाक्टर" जान तयार भयो ।

डाक्टरको झोला बोकेर घरतिर फर्कँदै गर्दा हरिबहादुर खुसी र चिन्तित दुबै थिए ।

डाक्टर ल्याएर गोठमा पुग्दा बन्चरेलाई कन्दै भए पनि जिउँदै देख्दा खुसी भएका थिए हरिबहादुर ।

"भैँसी होइन मेरी आमा हो...! बचाइदिनुपर्‍यो डाक्टरसाब !"

उनी झन् बिन्ती गर्न थाले । भैँसी बिरामी हुँदा धामीझाँक्री बसाल्ने गरे पनि डाक्टर बोलाउने चलन नभएकाले होला हरिबहादुर मात्र होइन उनकी जहान पनि उत्सुकताले हरिरहेकी थिइन् ।

"के के खुवाउनुभयो भैँसीलाई आज ?"

डाक्टरको प्रश्न भैँसीको आहारावरपर थियो । केही बेरको सोधपुछपछि पत्ता लाग्यो भैँसीलाई हरिबहादुरकी जहानले श्राद्धको बचेको भात दिएकी रहिछन् दिउँसो ।

"घाँस खानेलाई भात दिने हो त ? त्यही भातले बनाएको हो यस्तो ।"

डाक्टर टुङ्गोमा पुग्यो ।

"प्रयास गरौँ, ठिक होला...!" र, ऊ उपचार गर्न लाग्यो ।

ठुलै सुई देब्रे पेटमा घोचेर प्वाल पार्‍यो र फु... सु... सु...! हावा निकाल्यो । झोलाबाट औषधी निकालेर सिरिन्ज भर्‍यो र त्यही सुईबाट भुँडीमा हाल्यो । ग्याँस निकाल्न बन्चरेको मुख खुला राख्न एउटा काठ मुखमा कोच्यो ।

"धेरै खाएको भए त गाह्रो छ, हेरौँ...!"

औषधी खुवाउने । भुँडी र मासुमा सुई लगाउने । भैँसीलाई पल्टाउने । उठाउने । बसाल्ने । जानेजति सबै उपाय गरेजस्तो लाग्यो हरिबहादुरलाई डाक्टरले ।

उपचार सुरु भएपछि बन्चरेको पेट अलि घट्यो र कनाइ पनि कम भयो ।

"जानेको र गर्ने यति नै हो । अरू तपाईँको भाग्य...! अब सुतौँ होला...!"

रातिको एघार बज्नै लाग्दा डाक्टर बिस्तरामा घुस्यो । बिस्तरामा घुसे पनि हरिबहादुर भने धेरै बेरसम्म निदाउन सकेनन् । भैँसी ठिक होस् भनेर देवीदेवता भाकल गरिरहे । राति अबेर निदाएकाले हुनुपर्छ बिहान हरिबहादुर बिउँतिँदा उज्यालो छ्याङ्गै भइसकेको थियो । हरिबहादुर उठ्दा डाक्टरले बिस्तरा छोडिसकेको थियो ।

निद्रा खुल्दा अल्मलिएका हरिबहादुर केही बेरपछि यथार्थमा आए । बन्चरे भैँसी विरामी भएको र उपचार गराएको हिजोको कुरा सम्झे सायद । उनी गोठतिर कुदे । गोठमा धाइराको हाँगाले दाँत मल्दै डाक्टर बन्चरेको छेउमा उभिएको थियो । हिजो फुलेको बन्चरेको पेट सपक्क थियो र बन्चरे मजाले उग्राइरहेको थियो ।

"भाग्य, भैँसी बाँच्यो ।"

डाक्टर सन्तुष्ट देखिन्थ्यो ।

हरिबहादुरले बन्चरेको वरपर राम्रोसँग हेरे । भैँसी मज्जाले उग्राइरहेको थियो । बन्चरे उग्राएजसरी नै मुस्कुराएका थिए हरिबहादुर त्यतिबेला । करिब पैँतिस वर्ष पहिलेको त्यो घटना हिजो भर्खर भएकोजसरी अहिले हरिबहादुरको आँखाअगाडि घुम्यो फेरि । बन्चरे सन्चो भएको देखेर पैँतिस वर्षपहिले मुस्कुराएजस्तो सम्झना मात्रले पनि उनी मुस्कुराउन थाले ।

"खान जाऊँ बुवा, के गर्दै हुनुहुन्छ अँध्यारोमा यहाँ ?"

छोरो नजिक आउँदा हरिबहादुर झस्के । एक्कासि पैँतालिस सालबाट बयासी सालमा र दार्माबाट काठमाडौँमा फर्के उनी । बाहिर अँध्यारो भइसकेको थियो ।

"बन्चरेका सम्झनामा पो उग्राउन थालेछु म । जाऊँ...!"

अघाएको भैँसी र थाकेको बुढो मान्छेले उग्राउनेबाहेक अरू गर्न पो के सक्थ्यो र ? हरिबहादुर बिस्तारै उठे र बरन्डाबाट छोराको पछि-पछि कोठातिर लागे ।

o-o-o

कथा



# अगमपुथी

*राजबाबु श्रेष्ठ सागर*

निलो विशाल अन्तरिक्षको भुजाझैँ चारैतिर फैलिएको स्वर्गको सुनैसुनले बनेको चमकदार दरबारको बिच एक विशाल सुनको कुर्सीमा यत्रो बडेमानको यमराज विराजमान थिए। उनको पहिरन गाढा रातो थियो। टाउकामा सुनको मुकुट थियो र शरीर बाजुबन्द, हार र कर्णफूल आदिजस्ता सुनका गहनाले चारैतिर ढाकिएको थियो । बायाँ हातमा पाशको कुण्डली झुन्डिएको थियो र दायाँ हातमा सुनको गदा समाइएको थियो।

यमराज बस्ने कुर्सीकै छेउमा गाडिएको चाँदीको मजबुत किल्लामा चाँदीकै सिक्रीले चाँदीकै मौलामा उनको चम्किलो कालो सवारी भैँसी बाँधिएको थियो।

उनकै छेउमा लेखापाल चित्रगुप्त पहेँलो रङको धोती र उज्यालो सेतो कमिजको पहिरनमा सुसज्जित भएर उभिएका थिए । दायाँ हातमा कलम र दवात, बायाँ हातमा "अगमपुथी" (कर्मपुस्तक) समाएका थिए। शरीरमा जनै, हार र बाजुबन्द स्पष्ट देखिन्थे। उनको अनुहार नितान्त शान्त र सफा थियो, मानौँ कुनै विद्वान् ब्राम्हणको जस्तो।

"हे चित्रगुप्त, यस ज्ञानबहादुरको भागमा के लेखिएको छ, स्वर्ग कि नर्क ?" यमदूतले ज्ञानबहादुरलाई चित्रगुप्तको छेउ घिसार्दै ल्याई भने।

यमदूतको घुँघराले कालो लामो कपाल, भयानक कालो स्वरूप, दायाँ हातमा चम्किलो सुनको गदा, शिरमा सिङझैँ उठेको सुनको मुकुट र कम्मरमा बेरेको कालो वस्त्र देख्नेबित्तिकै यमलोकमा जोकोहीको होसै उड्थ्यो।

ज्ञानबहादुर दुई हात जोड्दै डरले थरथर काँपिरहेका थिए। उनी घरी यमराजतिर त घरी चित्रगुप्त र यमदूततिर दयाका आँखा यसरी बिछ्याउँथे, मानौँ उनको दयाको पोल्टामा नर्क होइन स्वर्ग नै अवश्य दान गरिनेछ।

"हे चित्रगुप्त, "अगमपुथी" हेरेर भन, यसको भागमा के परेको रहेछ ?" यमराजले भने।

"हस् यमराज।" चित्रगुप्तले "अगमपुथी" एकध्यानले फरर पल्टाउन थाले।

"अगमपुथी" का पानाहरू फरर एकेक गर्दै पल्टिँदै थिए । अचानक ! चित्रगुप्त एउटा पानामा गएर टक्क रोकिए । पानी पर्न लागेको कालो बादलले घामलाई छोप्दा दिन झ्याप्प अँध्यारो भएझैँ एकाएक उनको अनुहार अँध्यारो भएर आयो ।

"अहो ! यमराज, यसको भागमा त पापैपापको शिखर अग्लिएको देख्छु । यो त अपराधी मात्रै होइन, महाअपराधी रहेछ यमराज । यसले आफैलाई जन्म दिने आमामाथि घोर अपराध गरेको देखिन्छ । यसलाई भोजनको रूपमा ग्रहण गर्न नर्कका आगोहरू वर्षौंदेखि भोकाइरहेका देख्छु । यस महापापीलाई नर्कको आदेश हुकुम बक्सियोस् यमराज ।" चित्रगुप्तले "अगमपुथी" बन्द गर्दै भने ।

यत्तिकैमा भोकाइएका आगोका अग्ला अग्ला लावा समुद्रको छालझैँ उम्लिँदै ज्ञानबहादुरलाई निल्न उत्साहित देखिन्थे । यो दृश्य देखेर ज्ञानबहादुरको झन् होसै उड्यो र उनी एकाएक अचेत भए ।

"हे यमदूत, यसलाई पानी छम्की होसमा ल्याऊ ।" यमराजले आदेश गरे ।

"हस् यमराज ।" यमदूतले एक बाल्टिन पानी उनको शरीरमा खन्याइदिए ।

ज्ञानबहादुर होसमा आए । उनी जुरुक्क उठे र एकाएक यमराजको खुट्टामा गई घोप्टिँदै दुई हात जोड्दै भने, "यमराज, मलाई दया गर्नुहोस्, कृपया दया गर्नुहोस् । म घामको कडा तेज सहन नसक्ने म एउटा कमजोर पापी मनुष्य हुँ । हे यमराज, म यी आगोका लावा कसरी सहन सक्छु र ?"

यमराज जोडजोडले हाँसे । यमराजसँगसँगै चित्रगुप्त र यमदूत पनि हाँस्न थाले ।

यमराजले भने, "के तँ आफ्नी जन्म दिने आमालाई भेट्न चाहन्छस् ?"

***

उनी एकाएक निःशब्द भए ।

यमराजको मुखबाट आमा शब्द सुनेपछि ज्ञानबहादुरको अनुहार एकाएक अँध्यारो भएर आयो । उनको शिर रुखको भाँचिएको डालीझैँ पश्चात्तापले भाँचिँदै उधोमुन्टे भयो । आफूले आमाप्रति गरेको अपराध सम्झी उनी भित्रभित्रै पश्चात्तापको आगोले अतिशय छटपटिनुसम्म छटपटिए ।

"हे चित्रगुप्त, आमालाई दुःख दिने सन्तानबारेमा "अगमपुथी" मा केके लेखिएको रहेछ ? हेर त ।" यमराजले भने ।

चित्रगुप्तले "अगमपुथी" का पानाहरू एकेक गर्दै पल्टाउन थाले । "अगमपुथी" का पानाहरू एक, दुई र तीन गर्दै सरर पल्टिँदै गए ।

पुस्तकको बिच भागमा गएर उनले टक्क रोकिँदै भने, "यमराज, आमालाई दुःख दिने सन्तानलाई नर्कमा भोकाएको आगोको आहार बनाइने छ। तिर्खाउँदा पानीको सट्टा गन्हाउने पिप र रजस्वला पिलाइने छ।

यसरी चित्रगुप्तले "अगमपुथी" पढिरहँदा यमराज सहमति जनाउँदै शिर हल्लाइरहेका देखिन्थे।

चित्रगुप्तले थप पानाहरू पढ्दै गए।

काँडेफलामको बिस्तरा ओछ्याइने छ र ओढ्नलाई आगोको सिरक दिइने छ। पटक पटक त्वचा काढिनेछ र पुनः त्वचा थपिने छ। फेरि त्यसै गरी त्वचा काढिनेछ र थपिने छ। दिनहुँ नाङ्गो शरीरमा एघार सय पैँसट्ठी काँडेतारको कोर्रा हानिनेछ र काढिएको त्वचामा भकभक खौलिएको तेल खन्याइने छ, यमराज।"

चित्रगुप्तले यति भनिसक्दा उनी स्वयम् पनि हाँपिरहेका थिए। उनले एक पटक गहिरो लामो सास ताने। शीतलताका लागि उनले दायाँ हात छातीमा राख्दै दुई घुट्को पानी घुटुक्क निले। मानौँ नर्कको त्यो भयानक सजाय सम्झी चित्रगुप्त स्वयम्लाई पनि असहनीय भएको हुँदो हो।

चित्रगुप्तबाट यति सुनिसकेपछि उनी एकाएक तड्पिँदै ह्वाँ ह्वाँ रोए। उनी ज्यादै छटपटाए। पानीमा सिनो लुछ्ने गोहीझैँ तडपले याचनाको भिख माग्दै यताउता ओल्टोपल्टी खाए। तर यमराजको ढुङ्गाझैँ कठोर मुटुलाई उनको याचनाको आगोले पगाल्न सकेन।

"हे चित्रगुप्त, "अग्नीपुथी" मा कहीँकतै यसको कुनै निवारण लेखिएको छ कि ?"

"छ यमराज। आमालाई दुःख दिने यस्ता पापी सन्तानहरूका निधारमा नर्कको बास हुनेछ भनी लेखिएको छ। तर, आमाले क्षमा दिन चाहेमा पाप क्षमा हुनेछ भनी पनि लेखिएको छ यमराज।" चित्रगुप्तले "अगमपुथी" बन्द गर्दै भने।

"ऐ, तेरी आमाको नाउँ के हो ?" यमदूतले ज्ञानबहादुरलाई लात्तले भ्वाक्क हिर्काउँदै भने।

"मायाबत्ती।" उनले दुई हात जोड्दै भने।

"हे चित्रगुप्त, "अगमपुथी" मा लेखिएको अनुसार मलाई भन, मायाबत्तीका कर्मफल कस्ता छन् ?"

चित्रगुप्तले "अगमपुथी" का पानाहरू एकेक गरी पल्टाउन थाले। पानाहरू एकपछि अर्को गर्दै पल्टिँदै जान्थे। चित्रगुप्तले जस्तोजस्तो "अगमपुथी" का वाक्य पढ्दै जान्थे उस्तोउस्तो उनको अनुहार सूर्यको तेजले धरती उज्यालो भएझैँ उज्यालो हुँदै जान्थ्यो।

"अगमपुथी" को बिचमा एकाएक रोकिँदै चित्रगुप्तले भने, "हे यमराज, मायाबत्तीको मृत्यु भएको २५ वर्ष भइसकेको रहेछ र उनी यहीँ स्वर्गमा आराम गरिरहेकी देखियो।"

"हे यमदूत, देखाऊ यसलाई स्वर्गको दृश्य।" यमराजले भने।

यमदूतले स्वर्ग र नर्कबिचको सुनको पातलो पर्दा खोलिदिए। पर्दा खोल्नेबित्तिकै स्वर्गको अद्भुत सानदार नजरा देखियो। मात्र एक फिटको फरकमा खिचडीझैँ फतफत फत्किरहेको आगोको लावामय कहालीलाग्दो भयानक नर्कको त्यो दृश्य पनि देखियो।

सुनैसुनले बनेका दरबारमा स्वर्गबासीहरू एकसाथ हर्षोल्लासको उत्सव मनाइरहेका थिए। त्यहाँ कोही पनि बालबालिका, तरुण-तरुणी वा बुढाबुढी देखिँदैनथे। त्यहाँ केवल सबै एउटै उमेरका कलकलाउँदा जवान देखिन्थे। सबैका अनुहारमा हिराझैँ चम्किलो खुसी फुलिरहेको प्रतीत हुन्थ्यो। त्यहाँ कसैको अनुहारमा न थकान थियो न दुःख-कष्ट, न त पिर र चिन्ताले जरा गाडेको देखिन्थ्यो।

देखिन्थ्यो त केवल जताततै हर्षोल्लासको उत्सव। सुनिन्थ्यो त केवल जताततै गुञ्जायमानको एउटै ध्वनि "आहा स्वर्ग! आहा स्वर्ग! आहा स्वर्ग!"

दरबारकै छेउ हुँदै सेतो र सफा दुधको नदी कलकलाउँदै सङ्गीतमय भई बगिरहेको थियो। त्यस्तै गरी अर्को छेउमा स्वादिष्ठ मदिराको सङ्लो सुगन्धित नदी पनि बगिरहेको थियो। केही अप्सराहरू यताउता घुमफिर गर्दै नाचिरहेका देखिन्थे। केही अप्सराहरू सुनका ट्रेमा उक्त मदिरा लिएर पुरुषहरूका समूहसमूहमा गई आदरपूर्वक मदिरापान गराइरहेका थिए।

मदिरापान गरिरहेका ती पुरुषहरू न मातेका देखिन्थे न त एकार्कामा झैझगडा र कलह नै गरेका देखिन्थे। यस्तो लाग्थ्यो, त्यो मदिरा मदिरा नभएर सोमरस अथवा देवताहरूले पिउने एक पवित्र अमृतरस हुँदो हो। मानौँ मदिरापान गर्ने ती सबै पुरुषहरू त्यसै स्वर्गमा बास गर्ने देवताहरू नै हुँदा हुन्।

न त्यहाँ व्यापार हुन्थ्यो न त खेतीपाती नै। त्यहाँ न कसैलाई भोक लाग्थ्यो न त तिर्खा नै। न त त्यहाँ कहीँकतै मृत्युलोकजस्तो दिसापिसाब गर्ने शौचालय नै देखिन्थ्यो। देखिन्थ्यो त जताततै सुगन्धित र कहिले नओइलाउने केवल फूलहरूको बाग। जताततै केवल कहिल्यै नसड्ने, नगल्ने फलफूलहरूको सुन्दर उद्यान देखिन्थ्यो। त्यहाँ उनीहरूले जति नै खाएपिए पनि उनीहरूलाई न दिसा लाग्थ्यो न त पिसाब नै।

आहा! स्वर्ग भनेपछि स्वर्ग नै हो। यस्तो भव्य र सानदार स्वर्गको परिकल्पनाको चाह कसलाई नहुने होला र। जिउँदैमा यस्तो भव्य स्वर्ग देखिने भए सायद कसैले पनि जानेर पाप गर्ने दुस्साहस कदापि गर्दैनथ्यो होला।

"ऐ, स्वर्गमा तैँले आमालाई कहीँकतै देखिस् ?" यमराजले ज्ञानबहादुरतिर फर्किँदै भने ।

उनले निधारमा हातको पाली बनाई स्वर्गको भव्य दरबारभित्र आमालाई यताउता हेर्दै खोज्न थाले ।

पाँच जना अप्सराले मायाबत्तीको सेवा गरिरहेको र शिरकै छेउमा एउटा यमदूतले पहरा दिइरहेको दृश्य अचानक उनको आँखामा ठोकियो । उनको अनुहार एकाएक सूर्यझैँ उज्यालो भएर आयो ।

"उः तिनै हुन् मेरी आमा जसलाई पाँच जना अप्सराले सेवा र एउटा यमदूतले पहरादारी दिइरहेका छन् ।" ज्ञानबहादुरले आमातिर इसारा गर्दै भने ।

"हे यमदूत, मायाबत्तीलाई यहाँ तुरुन्तै हाजिर गराऊ ।" यमराजले भने ।

यमदूतले उतिखेरै मायाबत्तीलाई यमराजको अघिल्तिर पेस गरिदिए ।

आफ्नो सामुन्ने आफूलाई दुःख दिने आफ्नै छोरालाई देख्दा उनी एकछिन त जिल्लाराम नै परिन् । छोरालाई देखेर उनी रिसले रातीपिरी भइन् । उतिखेरै उनको शरीर ज्वरो आएझैँ रनक्क रन्किएर आयो । रिसले उनी अर्कातिर फनक्क फर्किन् ।

ज्ञानबहादुर दुई हात जोड्दै "आमा, मलाई माफ गरिदिनोस् । मलाई माफ गरिदिनोस् । म पापी हुँ आमा । म पापी हुँ ।" भन्दै खुट्टामा छाँद हाली कल्पीकल्पी याचनाको भिख मागिरहेका थिए । तर मायाबत्तीको मन पग्लिएन ।

"तँ, पापीको छायासम्म नपरोस् मलाई । बुझिस् । मलाई छुनु त धेरै परको कुरा ।" मायाबत्तीले रिसले लात्तीले हिर्काउँदै भनिन् ।

"मायाबत्ती, अब तिम्रो हातमा छ अन्तिम निर्णय । तिमी आफ्नो छोरालाई माफ गरिदिन चाहन्छ्यौ या सजाय दिन चाहन्छ्यौ ? भन तिमी के चाहन्छ्यौ ? यमराजले भारी प्रश्न गरे ।

"... ... ..."

तर मायाबत्तीले झट्ट कुनै जबाफ दिन सकिनन् ।

यमराजले फेरि भने, "सोचेर, सम्झेर जबाफ देऊ मायाबत्ती । नर्कको आगोको मुटु हुन्न । नर्कको सजाय साह्रै कठोर र पीडादायक हुन्छ । सायद तिम्रो छोराले सहन नसक्ला । तिम्रो एउटा निर्णयले तिम्रो छोराको जीवनमा ठुलै कायापलट ल्याउन सक्छ ।"

यमराजले यति भनिसकेपछि मायाबत्तीले आफ्नो कोखमा छोरालाई कष्टपूर्ण नौ महिनासम्म राखेका दिन सम्झिन् । पालनपोषण गरी छोरो हुर्किँदै जाँदा बुढेसकालको

सहारा बन्छ कि भनेर मनमनै उमारेका कलिला ती सुनौला सपनाहरू सम्झिन् । छोरालाई बिहे गराएर नयाँ बुहारीसँगै रङ्गीन खुसीहरू भित्र्याएको दिन सम्झिन् ।

आफूलाई माया गर्ने श्रीमान् मरेपछि आफू विधवा हुँदा छोराबुहारीबाट पाउनुसम्मको दुःख पाएकी ती काला दिन सम्झिन् । बुहारीको कुरा सुनी आफूलाई लात र जुत्ता गर्दै कुटपिट गरी घरबाट निकालेको त्यो बीभत्स दिन सम्झिन् । आफू अर्धाङ्गघात हुँदा गुमुतकै आहालमा डुब्नुपरेको त्यो घिनलाग्दो दिन सम्झिन् ।

यी सबैसबै सम्झेर उनी आक्रोशित हुँदै ज्ञानबहादुरलाई एक्कासि लात्तले प्रहार गर्दै छातीमा दायाँ खुट्टाले टेकी एकाएक हेर्दाहेर्दै आफूलाई मायाबत्तीबाट नवदुर्गाको जादुझैँ नौ रूप धारण गरिन् ।

पहिलो शैलपुत्रीको रूप– हिमालकी पुत्री तथा माता पार्वतीको पहिलो रूप ।

दोस्रो ब्रह्मचारिणी रूप– ब्रह्मचर्य पालन गर्ने तपस्विनी रूप ।

तेस्रो चन्द्रघण्टा रूप– शान्ति र साहस दिने देवी जसको घण्टीजस्तो आवाजले राक्षसहरू नाश हुने गर्छन् ।

चौथो कूष्माण्डा रूप– ब्रह्माण्ड सृष्टि गर्ने शक्ति अथवा उज्यालो फैलाउने देवी ।

पाँचौँ स्कन्दमाता रूप– कार्तिकेयकी माता अथवा सम्पूर्ण मातृत्वको प्रतीककी धनी ।

छैटौँ कात्यायनी रूप– ऋषि कात्यायनको तपस्याबाट जन्मेकी असुर विनाश गर्ने विनाशिनी ।

सातौँ महागौरी रूप– उज्यालो, निर्मल र शुद्ध स्वरूप, पवित्रता र सौन्दर्यकी महाधनी देवी ।

आठौँ सिद्धिदात्री रूप– सिद्धिहरू अथवा आठ सिद्धि दिने शक्ति तथा सम्पूर्ण वरदान प्रदान गर्ने माताको रूप ।

नवौँ कालरात्री रूप– कालो रूप धारण गर्ने र दुष्टका लागि अत्यन्तै भयानक रूप धारण गर्ने तर भक्तका लागि भने लाभ गराउने देवीको महाशक्ति रूप ।

यही रूपलाई कसैले काली माँ भन्छन् त कसैले महाकाली । यो रूपदेखि महादेव पनि डराउने गर्छन् ।

मायाबत्तीले यही अन्तिम रूप धारण गर्दै क्रोधित हुँदै भनिन्, "हे यमराज, यो मेरो छोरो होइन । यो महाअपराधी हो, अपराधी । यसलाई नर्कको कठोरभन्दा कठोर सजाय दिनुहोस् । यसलाई आगोको आहारा बनाइयोस् र भोकाउँदा पनि यसको पेटमा आगो नै आगो भरियोस् यमराज ।"

यति भनिसकेपछि मायाबत्ती कालरात्रि रूपबाट आफ्नै स्वरूपमा एकाएक आई समुद्र निदाएझैँ शान्त भइन् ।

यमराजले क्रोधित हुँदै यमदूतलाई आदेश गर्दै भने, "हे यमदूत, यसलाई नर्कमा जाकिदेऊ ।"

दुई जना यमदूत मिली दुवैतिरबाट ज्ञानबहादुरको हात र खुट्टा समाई उनलाई नर्कको आगोमा हुत्याइदिए ।

***

ज्ञानबहादुर एक्कासि भयानक सपनीबाट आत्तिँदै ब्युँझिए । उनी टन्टलापुर घाममा बारी जोतेको बुढो गोरुझैँ ज्यादै हाँपिरहेका थिए । उनी डरले लगलग काँप्न थाले । उनले एक्कासि आफ्नो छाती छामे ।

उनलाई आफ्नो छाती आरनमा रातो पारिएको फलामझैँ तातो न तातो लाग्यो । उनले आफ्नो निधार र गाला पनि छामे । हतारहतारमा उनले आफ्नो पूरै शरीर छामे । उनलाई एकछिन लाग्यो, खड्कुँलामा खौलिरहेको गरम पानीझैँ उनी स्वयम् खड्कुँलाभित्र खौलिरहेछन् ।

उनले दायाँ हेरे । बायाँ हेरे । हातको घडी हेरे अनि भित्तेघडी पनि हेरे । दुवै घडीमा दिउँसोको ठिक २ बजिरहेको थियो ।

उनी जुरुक्क उठे र ह्याङ्गरमा टाङ्गिएको तौलीले खौलिरहेको पानीझैँ बगिरहेको निधार र गालाको तातो पसिना पुछे । अनि जिउ, हात, खुट्टा र छाती सबैतिरका पसिना एकैसाथ पुछ्दै "खुइय" गर्दै लामो सुस्केरा हाल्दै उनी थुचुक्कै बसे ।

उनले सपनीमा देखेको भव्य र सानदार स्वर्ग सम्झिए । उनले आफैलाई खान खौलिरहेको नर्कको आगोको भयानक लावाको त्यो भोको रूप सम्झिए । उनले छातीमा लात्तले हिर्काउने ती यमदूत सम्झिए । "अगमपुथी" पढ्ने चित्रगुप्त पनि सम्झिए । भयानक डरावना यमराजका रूप सम्झिएर छातीमा टेक्ने आफ्नै आमाको त्यो भयानक कालरात्रि रूप सम्झिए ।

उनको सातोपुत्लो उड्नुसम्म उड्यो । उनलाई एकछिनलाई यस्तो लाग्यो, मानौँ उनको पैतालातलको टेक्ने जमिन कुनै असुरले निलिसकेको छ ।

उनले नब्बे वर्षकी गुमुतमा डुबेकी आफ्नै अर्धाङ्गघात आमा एक्कासि सम्झिए । अनि आफैले गरेको आमाप्रतिको त्यो घोर अत्याचार पनि एकेक गरी सम्झिए ।

उनी एकाएक जुरुक्क उठे र गुमुतमा सुतेकी अर्धाङ्गघात आमा भएतिर लागे। उनले आमाको खुट्टादेखि लिएर शिरसम्म मायाले भरिएका आँसुयुक्त आँखाले नियाले। आमाले एकोहोरो ज्ञानबहादुरलाई नै हेरिरहेकोझैँ भान हुन्थ्यो।

उनलाई लाग्यो, आमाले आफूलाई नै हेरिरहेकी छिन्। उनी अझै आमाको शिरनजिक पुगे र झकझकाउँदै भने, "आमा। आमा।"

तर अब ज्ञानबहादुरकी आमा चिसो भइसकेकी थिइन्। उनी सदासदाका लागि लामो निद्रामा निदाइसकेकी थिइन्। उनले आमाका दुवै खुला आँखालाई हातले बन्द गरिदिए।

उनी घाटको मुर्दा जलेझैँ पश्चात्तापको आगोमा जलिरहे। अविरल जलिरहे। उनलाई न्वारानमा आफ्नो नाउँ ज्ञानबहादुर राख्ने बाहुनलाई एकफेर चिथोर्न मन लाग्यो। उनलाई "म ज्ञानबहादुर होइन, म मूर्खको पनि महामूर्खबहादुर हुँ" भन्न मन लाग्यो।

उनलाई आफ्नै नाम ज्ञानबहादुरदेखि घृणा लाग्नुसम्म लाग्यो। आमा बाँचेकी भए जिन्दगीभरि आमाको सेवा गर्ने थिएँ भन्ने उनीभित्र चाह टुसाएर आयो। तर अफसोच ! उनले त्यो सेवा गर्ने अवसर नै पाएनन्।

उनले एकफेर सपनामा चित्रगुप्तले "अगमपुथी" भित्रका आफ्नै पापका बारेमा पढेका ती एकेक वाक्यहरू सम्झे।

उनी एक्कासि ह्वाँ ह्वाँ गरी पश्चात्तापको रुवाइ रुनसम्म रोए।

एकोहोरो रोइरहे...! एकोहोरो रोइरहे...!! एकोहोरो नै रोइरहे...!!!

o–o–o



कथा

# हाम्री हजुरआमा

*निराला शाह*

उमेरले झन्डै पैसट्ठी–सत्तरीको देखिने ती महिला नाताले हाम्री हजुरआमा हुनुहुन्छ, तर हामी उहाँलाई 'माँ' भनेर सम्बोधन गर्दा उहाँको खुसीको सीमा रहँदैन । हजुरआमाको भन्दा अझ नजिकको नाता अझ आफ्नो पनको अनुभूति उहाँमा झुल्किन्छ । हामी दुवै दिदी भाइ जन्मेदेखि उहाँकै प्रेमपूर्ण मायालु वातावरणमा रमाउँदै आएका छौँ । दिदी जन्मिना साथ डाक्टरले उहाँकै पोल्टामा राखिदिएकी थिइन् रे । तेस्रो पुस्ताको पहिलो सन्तान प्राप्त हुँदा संसारकै बहुमूल्य वस्तु मिलेको जति खुसीको अनुभूति भएको थियो रे भन्नुहुन्छ हजुरआमा । तीनचार वर्षको अन्तरालमा भाइ पनि जन्मियो । हाम्रो बचपन उहाँसँगै बित्यो । आमाले जन्म दिनुभयो तर लालनपालन हजुरआमाबाटै भयो । हाम्रो बचपनका धेरै यादहरू उहाँको स्मृतिपटलमा छन् । आज पनि हाम्रो तोतेबोली सम्झेर रमाउनुहुन्छ । अहिलेसम्म पनि दिदीले सानो छँदा लट्ठी उचालेर भोट केमा त्योमा भन्दै घरवरिपरि दौडँदै गरेको स्मरण गराउनुहुन्छ । हामी दिदीभाइ हाँस्छौँ । सायद त्यतिबेला राष्ट्रिय प्रजातन्त्र पार्टीले चुनाव प्रचार गर्ने क्रममा भोट केमा हलोमा भनेको सुनेर दिदीले आफ्नो तोतेबोलीमा उतारेकी थिइन् होला ।

सानो छँदा हामीलाई बिहान–बेलुकाको दालभात त्यति रुच्दैनथ्यो । हाम्री आमाले सानैदेखि दालभात नखाएर अरु थोकले नै पेट भर्ने गरेको कुरा सम्झिँदै अब यिनीहरू पनि भात नखाएर बस्ने भए भन्दै हामीलाई खुवाउने प्रयत्न गर्नुहुन्थ्यो । दालभात, तरकारी एक ठाउँमा मुछेर थालको छेउछेउमा एक एक गाँस राख्दै यो पिजा हो, यो बरगा, यो चाउमिन, यो मोमो भन्दै थालको छेउसँगै पानीको गिलास राखेर यो मिल्क सेक हो, ल अब वा साइहरू अर्डर गर भन्नुहुन्थ्यो । हामीलाई खुवाउने हाम्री हजुरआमाको यो नयाँ तरिका हामीलाई साह्रै मन पर्ने खालको थियो । बिचबिचमा पानी अगाडि सारेर मिल्क सेक पनि खानुपर्छ भन्ने गर्नुहुन्थ्यो । यस्तो रमाइलो तरिकाले खुवाउँदा दिदी र मलाई एक थाल भात सकेको पत्तै हुँदैनथ्यो । यस्तै गर्दा हामीलाई दालभात नखाएसम्म पेट नभर्ने बानी बस्यो । हजुरआमा भन्नुहुन्थ्यो दालभात, तरकारी होममेड हाइजेनिक फुड हो जुन

स्वास्थ्यका लागि अत्यन्त लाभकारी हुन्छ । हाम्री हजुरआमा हामीलाई बचपनदेखि अहिले सम्म बोलाउँदा वा साइ सुनेर सम्बोधन गर्नुहुन्छ । यो हाम्रा लागि अत्यन्त प्यारो शब्द हो ।

हाम्रो बचपन बडो उत्साहपूर्ण थियो । बडो रमाइलो प्रेमपूर्ण थियो । हामीले भाषा सिक्दै गर्दाको अवस्थामा हिन्दी कार्टुन हेर्ने हुनाले हाम्रो भाषामा हिन्दी भाषाका धेरै शब्दहरू मिसिएका थिए । आधा नेपाली आधा हिन्दीमा हाम्रो भाषा बन्यो । कार्टुनमा रामायण हेर्दा भाइ 'म राम हुँ' भन्ने गर्थ्यो । तर हजुरआमा जिस्किँदै होइन तिमी रावण हौ जस्तो छ भन्ने गर्नुहुन्थ्यो । प्रत्युत्तरमा भाइ 'म राम नै हुँ' भनेर जिद्दी गर्दा तिमी राम नै हो, रामजस्तै आदर्श पुरुष बन्नुपर्छ भनेर सुम्सुम्याउनुहुन्थ्यो ।

अलि सानो छँदा दशैं, तिहार, चाडपर्व, विवाह, व्रतबन्धको पार्टीमा हामीलाई आफन्तहरूकहाँ लैजाँदा बडो रमाइलो लाग्थ्यो । चिन्ता, पिरबाट मुक्त त्यो बचपन कति हो कति रमाइलो ।

हरेक वर्ष जन्मदिन कहिले आउँछ र कस्तो लुगा किन्ने ? के के खानेकुरा घरमा बन्छ ? खास गरी कत्रो केक ल्याउने ? कसकसलाई बोलाउने ? कसले के गिफ्ट दिन्छ ? बढी उत्सुकताका साथ प्रतीक्षा भइरहन्थ्यो । साथीहरूसँग नाच्नु, गाउनु, खेल्नु, जिस्किनु कति रमाइलो कति रमाइलो । हाम्रो बचपनको हरेक क्रियाकलापमा हाम्री हजुर आमाको खुसी लुकेको हुन्थ्यो । उहाँ भन्ने गर्नुहुन्थ्यो जीवनको वास्तविक रमाइलो पल भनेको बचपन रहेछ । सानो छँदा हामी हाम्री हजुरआमाका अभिन्न मित्र थियौँ । साउँको भन्दा ब्याजको माया भन्छन् हो रहेछ ।

जन्मदिनको पार्टी सकिएपछि साथीहरू सबै घरतिर लाग्थे । हामीलाई गिफ्टका प्याकेट खोल्दै गर्दा हतार हुन्थ्यो । गिफ्टका प्याकेट खोल्दै गर्दा हजुरआमा एकस्वरमा भन्नुहुन्थ्यो गिफ्ट सानो–ठुलो भन्न हुँदैन । साथीहरूबाट प्राप्त प्रेमपूर्ण उपहार हो, मायाको चिनो हो स्विकार्नुपर्छ । हाम्री आमाको हामीलाई मोटिभेसन गर्ने तरिका असाध्य मन पर्ने खालको थियो । नराम्रो कुरालाई पनि राम्रोमा परिणत गर्न सक्ने खुबी थियो । हामीलाई कुनै कुरा मन पर्दैनथ्यो तर उहाँको मोटिभेसन गर्ने तरिकाले त्यो कुरा मन पर्न थाल्थ्यो । हाम्री आमा हामीलाई छोराछोरी मात्र होइन बेस्ट फ्रेन्ड मान्नुहुन्छ । उहाँ सकारात्मक सोचकी धनी हुनुहुन्छ । मिठो बोलीवचन, सहयोगी मन, उदार भावना, सबैको मानमर्यादा राख्ने, व्यवहारकुशल व्यक्तित्व हुनुहुन्छ ।

समयले बिट मार्दै गयो । हाम्रो विद्यार्थी जीवनको सुरुवात भयो । केही वर्ष हामीले होस्टलको जीवनको अनुभव गर्न पायौँ । हामी होस्टल जाने दिन हाम्री हजुरआमा विक्षिप्त अवस्थामा हुनुहुन्थ्यो । हरेक महिनाको अन्तिम दिन होस्टलबाट घर आउँथ्यौँ । त्यो दिन

उहाँको खुसीको सीमा रहँदैनथ्यो। यसरी घरस्कुल, स्कुलघर गर्दै हामीले माध्यमिक तह सम्मको शिक्षा पूरा गऱ्यौं। यस अवधिमा हामीले धेरै अनुभव बटुल्न पायौं। समयसँगै हामीमा धेरै परिवर्तन आयो। उच्च स्तरको शिक्षा हामीले सहज रूपमा प्राप्त गरेर सफल पनि भयौं। दिदीले कलेज टप गर्नुभयो। हजुरआमाको खुसीको सीमा रहेन। सन्तानको खुसी नै आफ्नो खुसी मानेर गर्व गर्नुहुन्छ र आफन्तहरूलाई सुनाउँदै हिँड्नुहुन्छ।

हाम्रो बचपनदेखि युवावस्थासम्मका हरेक क्रियाकलापमा खुसी जताउने, सामाजिक इज्जत, प्रतिष्ठाप्रति हामीलाई सजग र सचेत गराउने, राष्ट्रिय, अन्तर्राष्ट्रिय मामलामा चासो राख्ने, हामीसँग बुझ्न खोज्ने हाम्री हजुरआमा सादा जीवन उच्च विचारमा विश्वास राख्नुहुन्छ। जीवनको भोगाइमा कतिपय उतारचढाव आए होलान्, कतिपय मिठानमिठा अनुभव पनि भए होलान्, तर त्यो कुरा कहीँकतै व्यक्त गरेको थाहा भएन। समान जीवन यापन गर्न सकियोस्, यसमा उतारचढाव हुनुहुँदैन भन्ने उहाँको मत छ। 'कर्म गर फलको आशा नगर' भन्ने गीताको ज्ञानलाई आत्मसात् गर्नुभएको छ। यो उमेरसम्म पनि उहाँ आफै सक्नुहुन्छ। घरगृहस्थीमा बसेपछि सधैँ एकनास हुँदैन। आरोहअवरोह भइरहन्छ। सभ्यता अपनाउनुपर्छ। जीवन भनेको जित हो, हार होइन भनेर हामीलाई बेलाबखतमा सिकाउनुहुन्छ।

हिजोआज हामी विदेशमा छौं। कहिलेकहीँ फोनमा कुराकानी हुने गर्छ। कुराकानीको क्रममा उहाँको फोकस हामीले स्वास्थ्यमा अपनाउनुपर्ने सजगतामा हुन्छ। स्कुलकलेज पढ्दै गर्दा इनामका लागि पढाइ गर्नुपर्छ भन्ने हजुरआमा आज आएर नामका लागि काम गर्न प्रेरित गर्नुहुन्छ। हाम्री प्रेरणाकी स्रोत हाम्री हजुरआमाको इच्छा पूरा गर्ने काम हाम्रो पहिलो प्राथमिकतामा पर्छ। हामी सधैँ उहाँको आशीर्वाद पाइरहूँ...!

o–o–o

कथा

# खरानीबाट उठेको देश !



*गोपाल चिन्तन*

स्विट्जरल्यान्डको जेनेभास्थित संयुक्त राष्ट्र सङ्घ (सं.रा.स.) को भव्य युरोपेली सचिवालयको क्याफे ।

"ओ माई गड, सागर, यू आर हिऽऽयर टू !"

एउटी सुन्दरी अधबैंसे महिला आफ्नो हल्का खैरो र लामो कपालको सप्को पन्छाउँदै एउटा ट्रेमा कफी र 'स्यान्डविच' लिएर आइन् । मैले कफी खाँदै गरेको टेबुल खाली थियो । भुटान, म्यान्मार (बर्मा) र फिलिपिन्सका तीन जना साथीहरू भोलि सं.रा.स.को मानव अधिकार परिषद्को अधिवेशनमा वाचन हुने एउटा संयुक्त वक्तव्यमा सागरको सही गराएर भर्खर मात्र उठेका थिए ।

सागरले आश्चर्य र अत्यन्त खुसी हुँदै भन्यो, "स्यारोन, आई क्यान्ट विलिभ द्याट यू आर अल्सो हियर ! यू डिड्न्ट इन्फर्म मी !"

"यु सुड ह्याभ टोल्ड मी टू, सागर (हल्का मुस्कुराहटसहित) । आई न्यू अबाउट माई कमिङ हियर अन्ली लास्ट विक सो...! एनी वे इट्स ए भेरी बिग सरप्राइज टू सी यू हियर ।"

"मी टू, माई डियर ।"

सागर र स्यारोन पुराना साथीहरू हुन् । उनीहरूको पहिलो भेट सन् १९९३ मा क्यानाडाको ओटावामा संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को)ले आयोजना गरेको मानव अधिकारसम्बन्धी एउटा अन्तर्राष्ट्रिय सम्मेलनमा भएको थियो । स्यारोन न्युफाउन्डल्यान्ड युनिभर्सिटीकी प्राध्यापक हुन् । उनी दक्षिण अमेरिकामा चलिरहेका क्रान्तिकारी आन्दोलनहरूप्रति ऐक्यबद्धता जनाउने क्यानाडाली नागरिकहरूको राष्ट्रिय सञ्जालकी सक्रिय सदस्य पनि हुन् । सागर पनि प्राध्यापन र वकालत पेसामा संलग्न थिए । उनको अन्तर्राष्ट्रिय पहिचान र सक्रियता धेरै व्यापक थियो । सागर त्यही साल भियनामा हुने सं.रा.स. को दोस्रो विश्व मानव अधिकार सम्मेलनका लागि एसिया–प्रशान्त क्षेत्रका गैरसरकारी संस्थाहरूको संयोजकका प्रतिनिधि वक्ताको रूपमा त्यहाँ बोलाइएको थियो । कार्यक्रम सकिनेबित्तिकै स्यारोनले उनको चिनारी दिँदै आफू पनि भियना सम्मेलनका बारेमा इच्छुक रहेको कुरा बताइन् । उनीहरूले 'लन्च' सँगै लिए ।

त्यसपछिका वर्षहरूमा उनीहरू धेरै नजिक भए । पछि भियनामा भेट भयो । स्यारोनले एक हप्ताका लागि अतिथि अध्यापकका रूपमा न्युफाउन्डल्यान्ड बोलाइन् । उनका श्रीमान् टोनी पनि सोही विश्वविद्यालयका प्राध्यापक थिए । दुवै जना अन्तर्राष्ट्रिय विकास सहयोगका मामिलामा सक्रिय थिए । स्यारोनले सागरलाई लिएर आफ्नो माइतीघर न्युफाउन्डल्यान्डको पल्लो समुद्रीकिनार रोज ब्लँस पनि लगिन् । टोनीले गाडी हाँके । सागरका लागि यो यात्रा जीवनकै सबैभन्दा सुन्दर, आनन्ददायी र रोमाञ्चक थियो । त्यसपछि पनि उनी दुईपटक पुगे न्युफाउन्डल्यान्ड ।

सागरले पनि टोनीलाई नेपाल बोलाए । उनीहरूले अन्तर्राष्ट्रिय विकास र सहयोगका बारेमा धेरै छलफल र योजना गरे । पछि बेलायती गोर्खा सैनिकमाथि भइरहेका विभेदहरूको छानबिन सागरकै सक्रियतामा गठित अन्तर्राष्ट्रिय छानबिन आयोगमा उनले स्यारोनलाई पनि सहभागी गराएका थिए । यस सिलसिलामा स्यारोन र सागरबिच लन्डनमा दुईपटक भेटघाट भइसकेको थियो । स्यारोन सागरको अतिथि भएर एक हप्ता बसिन् । उनीहरूले लन्डनका हाइड पार्क र जेम्स पार्कमा पनि धेरै समय काम गर्दै बिताए । किताबहरू किने । त्यसपछि सागर र स्यारोन सँगै एअर क्यानाडाबाट न्युफाउन्डल्यान्ड पुगेका थिए जहाँ सागर एउटा अर्कै सम्मेलनमा पनि भाग लिँदै थिए । ती यात्राहरू झनै अविस्मरणीय रहे । उनीहरूले एटलान्टिक महासागरको किनारमा रहेको स्यारोनको सुन्दर 'समर हाउस' मा पनि केही समय बिताए । तर दुःखको कुरा, यो पटक टोनी साथमा थिएनन् । गत साल क्यान्सरका कारण उनको असामयिक निधन भइसकेको थियो । उनले संसार छोड्नुअघि स्यारोनलाई भनेका रहेछन्, "मेरो शेषपछि तिमीले आफूले चाहेको कोही मान्छेसँग आफ्नो जीवन बितायौ भने पनि म धेरै खुसी हुनेछु !" धेरै अर्थ थियो उनको यस मृत्युकालीन अभिव्यक्तिमा ! उनको उमेर स्यारोनको भन्दा करिब २० वर्ष फरक थियो । टोनीलाई थाहा थियो– स्यारोन र सागर कति नजिकका मिल्ने साथीहरू थिए भनेर ।

***

यो अप्रत्याशित भेटमा दुबै जना हर्षले भावविभोर भएका थिए । निकै लामो समयको अन्तरालपछि एउटा सोच्दै नसोचेको भेट । कफी गफ सुरु भयो । यी दुई पूर्व र पश्चिम गोलार्द्ध अर्थात् दुई आकाश र पातालका जोडी त्यो खचाखच भिडको माहोलमा अरूले देख्दा पुरानै दौँतरी हुन्, प्रेमीप्रेमिका नै हुन् भन्ने भान हुन्थ्यो ।

सागरले भने, "मेरो देश त भर्खरै डढेर खरानी भएको छ । त्यसैले यहाँ अन्तर्राष्ट्रिय सहयोगका लागि आवाज उठाउन आएको म ।"

स्यारोनले भनिन्, "कति नमज्जा । के भयो र त्यस्तो एक्कासि तिम्रो त्यति शान्त र सुन्दर देशमा ?"

"म भनुँला। अनि तिमी चाहिँ ?"

"म पनि मानव अधिकार र विश्वशान्तिका मामिलामा सं.रा.स. ले केकस्तो भूमिका खेल्ने रहेछ त्यो बुझ्न र विभिन्न देशका अभियन्ताहरूसँग सम्बन्ध बढाउन भनेर पहिलोपटक आएकी हुँ। त्यसैले म नयाँ छु। तिमी मलाई सहयोग गर्ने छौ।"

सागरले दिल खोलेर खुसी हुँदै भने, "भइहाल्छ नि !"

अनि उनले हतार हतार भनिन्, "अँ, केही समाचार त मैले पनि हेरेँ नेपालका बारेमा। एकपछि अर्को गर्दै कति हुन् विश्व समाचार पनि ! कहिले दरबार हत्याकाण्ड त कहिले माओवादी जनयुद्ध र गणतन्त्र अनि अहिले...!"

उनले भने, "कहानी लामो र दर्दनाक छ प्रिय !"

स्यारोनसँग यस पटकको भेट सागरका लागि एकदमै विशेष भइदियो।

विगत ३०-३५ वर्षदेखि लगातार कहिले नेपालबाट त कहिले आफूले काम गर्ने वासिङ्टन, डीसीस्थित एक अन्तर्राष्ट्रिय सङ्गठनको तर्फबाट जेनेभा आउनेजाने गरेकाले उनका लागि जेनेभा दोस्रो घरजस्तै भएको थियो। उनले त्यहाँ धेरै साथीहरू बनाएका छन्। सं.रा.स. का हाकिमदेखि कर्मचारीहरूसम्म चिनजानदेखि त्यहाँका कोठाकोठा र चोटाचोटासम्म उनलाई सब थाहा थियो।

तर स्यारोनका लागि सागरसँगको यो भेट विशेष नै भयो। उनी स्यारोनका लागि रैथाने पथप्रदर्शकजस्तै हुन सक्थे। परदेशमा हुने यस्ता कतिपय भेटले निकै अर्थ राख्छ नै। यसरी नै हुन्छ सायद, विश्वव्यापी साझा भावना र ऐक्यबद्धताको विकास !

जेनेभा बसुन्जेल उनीहरू धेरैजसो समय सँगै हुने भए। सुत्ने बेलाबाहेक...! नभन्दै दुबैको होटल पनि एउटै परेछ। एउटा सुन्दर संयोग !

स्यारोनले स्यान्डविच टोक्दै कफीको सर्को मारिरहँदा सागरको मन र मस्तिष्कमा भने दस 'रेक्टर स्केल' को भुइँचालो गइरहेको थियो। उनी स्यारोनको काँधमा छाँद हालेर आफ्नो देश सुनामीले हानेझैँ अचानक खरानी भएको दर्दनाक कथा र वेदना पोख्न चाहन्थे ! पीडामा मानिस अत्यन्तै भावुक हुन्छ र सहजै पोखिन्छ पनि। उनलाई त्यस्तै भयो।

तर उनमा यस्तो दर्दनाक कथा कसरी भन्ने होला भन्ने छटपटी पनि त्यत्तिकै थियो। किनकि पहिले पहिले त आफ्नो देशका बारेमा उनी गौरवका साथ भने गर्थे, "यस ब्रह्माण्डमा कतै एउटा संसारकै सुन्दर, सुसंस्कृत, शान्त र सभ्य देश छ– हिमालको काखमा लुकेर बसेको। त्यो देश मेरो हो !"

त्यस देशलाई कसैको कुनै पनि पर्बाह नभएको महसुस गर्थे, यस अर्थमा कि उनी कसैको कुभलो चाहँदैनथे। बरु, उनी केवल शान्ति चाहन्थे। जहाँ पुगे पनि बस शान्तिसँग निदाउन पाइयोस्! उनी गौतम बुद्धको जन्मभूमि देशको नाताले गर्विलो अनुभूति गर्न चाहन्थे। भूगोलमा सानो भए पनि हिरामोतीजडित संसारकै श्रीपेचसरिको देश नेपाल आफ्नै जीवनकालमा पूर्ण रूपले स्वतन्त्र र समृद्ध हुने कुरामा उनी ढुक्क थिए। किनकि उनी पनि विभिन्न अभियान र आन्दोलनहरूमा प्रत्यक्षतः सक्रिय थिए, एउटा सदाबहार बौद्धिक अभियन्ताका रूपमा।

तर त्यही देश आज बिजुली चम्केझैँ एक झड्कामा खरानी भइसकेको थियो।

***

स्यारोनले सोधिन्, "अनि क्रान्ति त पटक पटक भइसकेको हैन र पहिले नै ? अनि फेरि केका लागि जल्यो नेपाल र विश्व समाचारको केन्द्र बन्यो फेरि ?"

"केको क्रान्ति हुनु नि पहिले त! भएकै छैन रहेछ भन्दा पनि हुन्छ। हल्ला मात्र हो अर्थात् हल्लाखल्लाको क्रान्ति। क्रान्ति हुन त समाज र सामाजिक व्यवस्था बदलिनुपर्‍यो। समाजको सांस्कृतिक रूपान्तरण हुनुपर्‍यो। जातिभेद र वर्णव्यवस्था तोडिनुपर्‍यो। सबैभन्दा मूल कुरा त आर्थिक रूपान्तरण हुनुपर्‍यो। मानिसहरूको सोच र व्यवहार पनि बदलिनुपर्‍यो। मान्छे सामन्ती अनि कुरा चैँ सधैँ क्रान्ति! क्रान्तिको भ्रममा बिते विगतका तीन-चार दशक। यसरी नहुने रहेछ। देश झनै गरिब र पराधीन भइरहेको छ।"

"हैन, तिमी त चे ग्वेभाराको भाषा पो बोल्न थाल्यौ त सागर।" चे उनका लागि एक आदर्श क्रान्तिकारी थिए। पहिले पनि उनी सागरलाई "सिद्धान्त, विचार र क्रान्तिकारी व्यक्तित्वका हिसाबले तिमी नेपालका लागि चे नै हौ" भन्ने गर्थिन्। उनी भित्रभित्रै खुसीले गदगद हुन्थे तथापि उनलाई थाहा थियो, कहाँ चे कहाँ सागर! चे हुन कहाँ सजिलो छ र!

"हेर स्यारोन, अहिले संसारभरि नै हजारौँ चेहरूको उदय भइरहेको छ, हुनुपर्ने छ। दुनियाँमा यति अकल्पनीय विज्ञानप्रविधि र उत्पादनको विकास भइसक्दा पनि बढ्दो सङ्ख्यामा रहेका विपन्न, शोषित र परिवर्तनकारीहरू सबै चे त हुन् नि!"

"हो, वास्तवमै ठिक भन्यौ तिमीले।"

उनले थोरै व्याख्या थपे, "हेर त, विकास र भूमण्डलीकरणका नाममा सारा भूगोल, वर्ग, समुदाय र उमेरका सारा पर्खालहरूलाई भत्काएर सबैलाई दैनिक ज्यालादारी र श्रमजीवी वर्गमा परिणत गरिसकेको छ, दलाल पुँजीवादले! मेरो देश मात्र होइन, सारा विश्वसंयन्त्र नै केही सीमित व्यापारीका हातमा गइसकेको छ। लोकतन्त्र, मानव अधिकार

र कानुनी शासनका सारा मान्यताहरू क्रयविक्रयका वस्तु भइसकेका छन् । गरिबीको खाडल झन्झन् बढिरहेको छ । अनि हुन्न त जताततै विद्रोह !"

स्यारोनले भनिन्, "हत्तेरी, मेरो त दिमागै रन्थनियो तिम्रो कुरा सुनेर । तिमीले त मार्क्सवादी दर्शनकै प्रवचन दियौ । कुनै कक्षाकोठामा जस्तो । अनि चुनाव त भइरहन्छ हैन र !?"

"चुनाव त हुन्छ । तिम्रो देशमा भन्दा मेरो देशमा धेरै चुनाव हुन्छ । पाँच-पाँच वर्षमा फेरिनुपर्ने सरकारहरू एक-एक वर्षमा फेरिन्छन् । असक्षम र भ्रष्टहरूबिचको निर्वाचनलाई नै लोकतन्त्रको उत्कृष्ट अभ्यास भनिएको छ । यथार्थ स्थिति जस्ताको तस्तै ।"

उनले एकैचोटि कुराको बिट मारे ।

"मतलब ?"

"मतलब बहुमतको सरकार कहिल्यै बन्दैन । गठबन्धनका सरकार बनिरहन्छन् । संसद् विघटन र मध्यावधि चुनाव त चुड्कीको भरमा । अन्ततः पुनः निर्वाचित पात्र उही । सत्ता उही । सरकार उही । मानौँ, दशकौँ पुरानो गाडीमा चालक फेरिन्छ । कमाउँछ । खान्छ । जान्छ । खेल खत्तम । हो त ! परिवर्तन भनेकै मूलतः उत्पादक र उत्पादनका स्रोत र साधनहरूमाथि गरिखाने श्रमजीवी वर्गको स्वामित्व स्थापित हुनु हो । त्यो त केही भएकै छैन । अझ उल्टै कथित क्रान्तिपछि त कुनै बेला राजाले लागु गरेको भूमिमाथिको हदबन्दी पनि हटाइएको छ । गाउँफर्क राष्ट्रिय अभियानको ठाउँमा 'आफ्नो गाउँ आफै बनाऊँ' भनिएको छ । जनवाद, नौलो जनवाद, बहुदलीय जनवाद वा समाजवाद जे भने पनि उनीहरू त्यही पुरानै संसदीय थाङ्नो भिरेर हिँडेका छन् । अनि कहाँ हुन्छ क्रान्ति ?"

"ओहो, तिमीले त मलाई पनि पहिलो भेटमै एकैछिनमा क्रान्तिकारी नै पो बनाउने भयौ त ।" एकअर्काको चम्चा बजाउँदै हल्का हाँसो ।

"हँसायौ तिमीले त । हाम्रोमा त त्यस्तो हुन्न है !"

"हुन्न तर त्यसको कारण पनि त छ नि ।"

"के कारण भन त । मलाई पनि थाहा नहुन सक्छ ।"

"तिम्रो देशमा मूलतः दुई दलीय व्यवस्था छ । निर्वाचन र खर्च प्रणाली धेरै पारदर्शी र समावेशी छ । तर हाम्रोमा साँच्चिकै बहुदलीय अर्थात् सयदलीय । यस्तो भएपछि बहुमतको सरकार त कहिल्यै बन्दै बन्दैन । निर्वाचन लोकतन्त्रको अभ्यास नभएर भ्रष्ट, गुन्डा र अपराधी समूहहरूको कब्जामा गएको छ ।"

"चुनावबाट त राम्रै मान्छे आउलान् नि !"

"आउँदैनन् । राम्राजति सबै किनारा लगाइन्छन् वा आफै किनारा लाग्छन् । पार्टीका नाम र घोषणापत्रमा जे लेखिए पनि नायकहरूजति सबै सामन्त र घोषणापत्रजति सबै नारामा सीमित छन् । एकाधिकार दलाल पुँजीवादको घेराबाट उनीहरू बाहिर निस्कन सकेका छैनन् । उमेर र पटकेको हद छैन । साम, दाम, दण्ड, भेद गर्नेले बाहेक अरूले चुनावै जित्दैनन् । विदेशी घुसपैठ र चलखेलमा पनि त्यत्तिकै बिक्छन् ।"

"अनि पढेलेखेका र बुझेका नयाँ पुस्ता आउँदैनन् र राजनीतिमा ?"

"नयाँ पुस्ता आउँछन् नि ! तर औपचारिकताका लागि भोट हाल्न मात्र ।" उनले एकैचोटि आफ्नो आक्रोश नै पोखे ।

"उनीहरूले त हामीजस्ता मान्छे र हाम्रो युवा पुस्तालाई नै बेकामे बनाइदिए ।" उनले आफूतिर समेत सङ्केत गर्दै चरम निराशा पनि पोखे ।

"मतलब ?"

"मतलब चुनाव लड्ने र जित्ने त तिनकै सन्तान त हुन्छन् नि अर्थात् तिनकै छोरा, छोरी, साला, ज्वाइँ, भतिज । धेरै पर गए उनका पालितपोषित चम्चे, मुन्द्रे, गुन्डा वा दलाल आदि ।"

"उसो भए यो त पूरै नातावाद, कृपावाद भइहाल्यो नि !"

"भनेकै त्यही हो अर्थात् 'सिन्डिकेट' भनौँ वा नयाँ रूपको जहानियाँ शासन । एक हिसाबले पहिलेको दरबारिया र राणाशासनजस्तै । वर्तमान सन्दर्भमा 'नेपो बेबिज' । अनि चरम भ्रष्टाचार र पैसाजति विदेशी बैङ्कमा । सकिन्जेल लुट्ने अनि नसकेपछि टाप । तिम्रै देशमा टाप । मतलब स्विट्जरल्यान्ड, अमेरिका र अस्ट्रेलियातिर टाप !"

"कसरी ?"

"कसरी भने यिनै धनी भनिएका देशहरूले दिन्छन् नि त तिनलाई संरक्षण । सारा कालो धन सेतो बनाइदिन्छन् । इतिहास हेर त ! यी सारा धनी भनिने पश्चिमा देशहरूको आर्थिक साम्राज्य भनेकै एसिया, अफ्रिका र दक्षिण अमेरिकाका तानासाह र काला व्यापारीमार्फत लुटिएको वैभव हैन त ! नत्र के छ तिनको आफ्नो भन्ने ! अहिले त सारा युवा र हुनेखानेहरू पनि विदेशतिर । स्वदेशमा भएको पुँजी पनि विदेशतिर । देशै खाली भइसक्यो । त्यसैले त चे, प्याट्रिस, जो मा र इब्राहिम ट्रवरेहरू जन्मन्छन् नि जताततै, अझै पनि दुनियाँ बदल्न सकिन्छ कि भन्दै ! यो संसारमा विद्यमान सबैखाले शोषणका पर्खालहरू भत्किएर सबैका लागि साझा र सुन्दर नयाँ संसार निर्माण नभएसम्म चे र ट्रवरेहरू जन्मिरहने छन् । नत्र साना र गरिब बनाइएका सारा देशहरू क्रमशः विश्वमानचित्रबाट हराउँदै जाने निश्चित छ ।"

"हो, ठिक भन्यौ तिमीले । ती ३६ वर्षका सैनिक पोसाकधारी इब्राहिम ट्रवरेले त अहिले तहल्कै मच्चाएका छन् । केही समयअघिसम्मको युद्धग्रस्त बुर्किनाफासोलाई अफ्रिकाको 'स्विट्जरल्यान्ड' बनाउँदै छन् । पश्चिमाहरूलाई 'फिर्ता जाऊ, हामीलाई चाहिँदैन तिमीहरूको कुनै पनि साम्राज्यवादी शोषणमा आधारित सहयोग' भन्दै संयुक्त राज्य अफ्रिकाको कुरा गरिरहेका छन् । अफ्रिका अब अफ्रिकीहरूको हातमा भनेर ठुलो चेतना जगाइरहेका छन् ।" स्यारोनले थपिन् ।

"कुरा मात्र हैन, काम नै गरिरहेका छन् । हाम्रा एक प्रसिद्ध कवि गोपालप्रसाद रिमालले 'एक जुगमा एक दिन एकचोटि आउँछ; उलटपुलट, उथलपुथल हेरफेर ल्याउँछ' भनेका थिए । भनेजस्तै नेपालमा पनि चरम भ्रष्टाचार, बेथिति, नातावाद, कृपावाद र गरिबीमाथि असन्तुष्टि र आक्रोशको ज्वालामुखी कुनै पनि विस्फोट हुने अवस्थामा थियो नै !"

स्यारोनले प्रतिक्रिया जनाइन्, "मेरो त दिमागै रन्थनियो तिम्रो कुरा सुनेर ।"

***

"खै, हामी त कता पुग्यौँ कता ! अब भन त तिम्रो देश कसरी खरानी भयो ?" स्यारोनले भनिन् ।

"यो हालसालैको कुरा हो । हाम्रा एक राष्ट्रवादी तर अहङ्कारी कम्युनिष्ट प्रधानमन्त्रीले चीनबाट फर्कनेबित्तिकै अचानक सबै पश्चिमा सामाजिक सञ्जालहरू बन्द गरिदिए । भारतले नेपालको लिपुलेक भूभाग कब्जा गरेको चीनले समेत नेपाललाई नसोधी भार तसँग द्विपक्षीय व्यापार सम्झौता गरेको विषयमा उनले असहमति जनाएर यस विषयलाई पहिलोपटक यसरी अन्तर्राष्ट्रियकरण गर्ने हिम्मत गरेका थिए । तर भारतीय प्रधानमन्त्री यसबाट बौलाइसकेका थिए । उता रुसका राष्ट्रप्रतिसँगको भेटवार्ताबाट अमेरिकासमेत चिढिएको थियो । जापानविरुद्धको विजय–परेडमा भाग लिएर उनले कूटनीतिक गल्ती पनि गरिसकेका थिए । हेर्दा यो सबै एउटा संयोगजस्तो पनि लाग्न सक्छ !"

"धेरै पेचिला विषयहरू रहेछन् तर सञ्जालहरू बन्द गर्नुपर्ने मुख्य कारण ?"

"कारण, सम्बन्धित कम्पनीहरूले कानुनअनुसार सामाजिक सञ्जालहरू दर्ता गरेनन् भन्ने थियो । निहुँ त्यत्ति हो ।"

"अनि, त्यसपछि ?"

"त्यसपछि चारैतिर विरोधको सुनामी आयो । आगोको झिल्को डढेलो भयो । निहुँ सामाजिक सञ्जाल भयो । भ्रष्टाचारको मुद्दा थपियो । त्यसपछि त के के थपियो के के ! यसअघि इन्डोनेसिया र फिलिपिन्सका युवा पुस्ताले आफूहरूलाई 'जेनरेसन–जे

(जेन-जेड)' अर्थात् 'जेनजी' अर्थात् १२ देखि २८ वर्ष उमेरसमूहको पीडित पुस्ता भन्दै 'नेपो बेबिज' अर्थात् सत्ताधारीका नातेदार सन्तान र भ्रष्टाचारविरुद्ध सामान्य विरोधको कार्यक्रम राखे। दुनियाँमा 'कलर रेभोल्युसन' अर्थात् रङ्गीन क्रान्तिका नाममा विघटित सोभियत सङ्घ र पूर्वी यूरोपका समाजवादी मुलुक हुँदै पछिल्लो चरणमा युक्रेन, ट्युनिसिया, संयुक्त अरब एमिरेट्स, थाइल्यान्ड, पाकिस्तान, श्रीलङ्का, पेरु, चिले, बङ्गलादेश, जर्जियादेखि भारतको नागाल्यान्ड, मणिपुर र लद्दाखमा असङ्गठित सडक विद्रोहको सफलअसफल अभ्यास गरिसकेकै थिए। मतलब त्यहाँ हुने स्वाभाविक आन्तरिक असन्तोष, परिवर्तनको चाहना र विद्रोहलाई आफ्नो पक्षमा पार्न आगो सल्काइरहेकै थिए। नेपालमा पनि ठ्याक्कै त्यही भयो र मनसँगै नजल्नुपर्ने धेरै कुराहरू जले, अनि देश खरानी नै भयो।"

"सो स्याड !" स्यारोनको अनुहार पनि एकैछिनमा त्यही खरानीझैँ फुङ्ग देखिएको थियो।

अहिले दुबै जनाका अरू केही काम र भेटघाटहरू पनि थिए। निकैबेरको मौनतापछि उनीहरू भरे भेट्ने गरी छुट्टिए। भरे साँझ जेनेभा लेकको किनारमा कुनै रेस्टुराँमा सँगै 'डिनर' खाँदै कुरा गर्ने र भोलि मानव अधिकार अधिवेशनसमक्ष वाचन गरिने वक्तव्यको तयारी पनि गर्ने सल्लाह गरे र उठे।

***

उनीहरू साँझ पाँच बजेतिर होटलबाट जेनेभा लेकतिर लागे। साँझ परिसकेको हुनाले रारारूपी जेनेभा तालको बिचमा अवस्थित जेनेभाकै गौरव मानिने पानीको फोहोराअगाडि टक्क उभिए। यो दृश्य देखेर उनीहरू दुई प्रेमिल दम्पतीझैँ रोमाञ्चित भए र भावविह्वल पनि। तर दुबै जनाका यी अनुभूतिहरू आफैमा अव्यक्त थिए विगतमा जस्तै ...! यता छलफलको विषय भने प्रेमिल नभएर आङ नै जिरिङ्ग पार्ने नेपाल खरानी भएको विषयमा केन्द्रित हुनेवाला थियो।

उनीहरू त्यही फोहरा आफ्नो आँखासामु पर्ने गरी मूलसडकमै रहेको एक स्विस रेस्टुराँमा पसे। दुवै जनाले रेस्टुराँको माथिल्लो तलामा फोहोरातिरको बार्दलीको सानो टेबुल रोजे।

स्यारोनलाई उनले एकपटक आफू पुगिसकेको देश कसरी अचानक खरानी भयो भन्ने कुरा सुन्ने हुटहुटी जागिसकेको थियो।

बस्नेबित्तिकै उनले कुरा सुरु गरिहालिन्, "अनि त्यति राम्रो देश खरानी भयो कसरी ? म त अचम्मित परेँ।" उनले मलिन स्वरमा भनिन्।

सागरलाई यो इतिहासकै दुःखद र दुर्लभ कहानी भनौँ वा घटना कहाँबाट सुरु गरौँ झैँ भइरहेको थियो । किनकि यसमा खुसी मान्ने कुरा केही थिएन र यो कहाँ पुगेर टुङ्गिन्छ त्यसको पनि कुनै अनुमान थिएन ।

तर पनि उनले अवरुद्ध हुन लागेको गलालाई सम्हाल्दै छोटकरीमा देश खरानी भएको कथा भन्न सुरु गरे जुन कथा उनी भोलि सारा विश्वलाई थाहा हुने गरी वाचन गर्न चाहन्थे ।

उनले स्यारोनतिर एकटक भएर हेर्दै जीवनमै पहिलोपटक आफ्नो देश खरानी भएको दर्दनाक कथा भन्न सुरु गरे । इतिहासदेखि वर्तमानसम्म । शृङ्खलाबद्ध रूपमा ।

उनीहरूले नजिकै आँखैअगाडि टल्किरहेको तालको पानी (फ्रान्सेली भाषामा 'द लो दु लाक') नै खाने विचार गरे । खानामा 'रेड वाइन' र 'साल्मन फिस' सलादको साथमा परम्परागत स्विस ग्रामीण परिकार फोन्दु खाने सल्लाह गरे ।

सागरले कथा पनि सुरु गरे, "इतिहासमा राजा पृथ्वीनारायण शाहले २६० वर्षपहिले नेपालका बाइसेचौबिसे राज्यहरूको भौगोलिक एकीकरण गरिसकेपछि मेरो देशको सम्पूर्ण इतिहास रक्तपातपूर्ण काण्डैकाण्डले फेरिएको छ । पहिले दरबारभित्र सत्ता र शक्तिका लागि परिवारभित्रै मारामार । त्यसपछि १०४ वर्षसम्म राणाहरूको जहानियाँ शासनभित्रको मारामार । सन् १९४९ मा भएको अधुरो क्रान्तिपछि दरबार र राजनीतिक दलहरूबिचको खिचातानी । सन् १९५८ मा निर्वाचित पहिलो संसद् र प्रधानमन्त्रीलाई सन् १९६० मा दरबारले अपदस्थ गरेपछि सन् १९८९ सम्म निर्दलीय निरङ्कुश पञ्चायती व्यवस्थाको शासन र दमन ।"

उनीहरूको रेड वाइन आइपुग्यो । सागरले ग्लासमा वाइन राखे । दुबैले एकअर्कामा 'चियर्स' गरे ।

सागरले सासै नफेरी कथालाई निरन्तरता दिए, "त्यसपछि सन् १९९० को जनआन्दोलनले सन् १९६० मा गुमेको बहुदलीय व्यवस्थालाई पुनर्स्थापित गऱ्यो । यसमा नेपालमा सन् १९४८ देखि नै टुक्राटुक्रा भएर छरिएका एक दर्जनजति वामपन्थीहरू नेपाली काङ्ग्रेस नामक बुर्जुवा पार्टीसँग मिलेका थिए । यो एउटा अपहरिहार्य राजनीतिक एकता र समझदारी थियो । पहिलो निर्वाचित सरकार नेपाली काङ्ग्रेसको बन्यो भने वामपन्थीहरू प्रतिपक्षमा बसे । उनीहरूको पहिलो राष्ट्रिय सहमतिमा गरेको काम थियो– नेपालको एक मात्र ठुलो सीमानदी महाकाली नेपालको हित र स्वार्थविपरीत भारतलाई सुम्पिने । यसमा खेल्नसम्म खेल खेलियो । नेपालका प्रसिद्ध देशभक्त एवं क्रान्तिकारी नेता मदन भण्डारी र जीवराज आश्रितको योजनाबद्ध एवं रहस्यमय हत्या भयो । यसमा

ठुलै धनराशि खर्च गरिएको र राजनीतिक दबाब पनि दिइएको भन्ने तथ्यहरू सार्वजनिक हुँदै गए । दरबार हत्याकाण्डमा पनि नेपालका लेन्डुपहरूको समेत अदृश्य समर्थनमा उसकै संलग्नता देखियो । अँ, अनि त्यही राष्ट्रघाती सन्धिका कारण पार्टीहरू फुटे । सारा देश विभाजित भयो । खास गरी वामपन्थीहरूप्रतिको जनआस्था र विश्वास पनि यसले धूलिसात् बनाइदियो । नेपालले यसरी एकपछि अर्को गर्दै सबै ठुला नदीहरूमाथिको हकाधिकार गुमाइरहेको छ । देशको भविष्य र समृद्धिको मूल आधार सधैँका लागि समाप्त हुँदै गइरहेको छ ।"

सागरले आफ्नो कथन उनलाई लामो भयो कि भनेर सोधे । उनले भनिन्, "छैन । मेरा लागि तिमीलाई भेट्नु र यति धेरै कुराहरू थाहा पाउनु एउटा सुनौलो अवसर हो । भन त्यसपछि के के भयो ? बहुदलीय प्रजातन्त्र आइसकेपछि पनि किन अहिलेको स्थिति सिर्जना भयो ?"

यसैबिच सलाद आइपुग्यो । सागरले दुबै जनाको प्लेटमा सलाद राखे ।

तुरुन्तै सागरले सोच्दै नसोचेको कुरा भयो । स्यारोनले उनैको काँटाले उनेर सामन (माछा) र ओलिभ (जैतुन) को एउटा दानो सागरको मुखमा हालिदिइन् । उनी खुसीले गदगद मात्र भएनन् कि भावविह्वल नै भए । स्यारोनसँग खुसीले रसिला भइसकेका आँखा जुधाउँदै भने, "थ्याङ्क यू डियर" !

स्यारोनले भनिन्, "केही छैन । म खुसी छु ।" यद्यपि यो क्षण पहिलो भने थिएन ।

फेरि कथाको प्रवाह सुरु भयो, "त्यसपछि संसद्मा रहेको माओवादी कित्ताले राष्ट्रघाती महाकाली सन्धिको खारेजीलगायतका मुद्दाहरू अघि सार्दै संसद् ततायो । त्यसपछिको चुनावमा भाग लिएन र जनयुद्धको उद्घोष गर्‍यो । हामी सबैले कुनै न कुनै रूपमा साथ दियौँ । बुर्जुवा संसदीय व्यवस्था भनेको बोकाको टाउको देखाएर बाख्राको मासु बेच्ने थलो हो भन्दै नौलो जनवादी क्रान्ति नै नेपाली जनताको मुक्तिको एक मात्र उपाय भन्दै जनयुद्ध सुरु गर्‍यो । यस जनयुद्धमा सरकार तथा माओवादीसमेत दुबैतिरबाट करिब १७ हजार नेपालीहरूले ज्यान गुमाए । हजारभन्दा बढी बेपत्ता भए । लाखौँ घाइते र विस्थापित भए । दस वर्षपछि बल्लबल्ल बृहत् शान्ति सम्झौता भयो र सन् २००६ मा मुलुकमा संसद्बाटै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको घोषणा भयो । तर आजसम्म पनि न निर्दोष जनता मार्ने र बलात्कार गर्नेहरूमाथि कारबाही भयो न बेपत्ता भएकाहरूको खोजी, न त घाइतेहरूको उपचार र पीडितहरूलाई खास क्षतिपूर्ति नै । त्यसपछि सत्ता र सम्पत्तिको लोभमा अरूको त के कुरा, स्वयं जनयुद्ध गरेर गणतन्त्र ल्याउने नेता र पार्टीसमेत टुक्राटुक्रा भए । कोही भ्रष्टाचारमा जेल परे भने कोही जनताको नजरमा सधैँका

लागि मरे। आखिर, सफल जनयुद्धका सारा आशा, अपेक्षा र उपलब्धिहरू सबै धूलिसात् भए। गरिब देशहरूमा हुने परिवर्तनहरूलाई संस्थागत गर्ने सवालमा यो विश्वव्यापी रोग नै हो क्यारे !"

उनी भन्दै गए, "तर नयाँ संविधान निर्माण गर्न नै अनावश्यक रूपमा दश वर्ष लगाइयो। बेकारमा अर्बौं रुपैयाँ खर्च भयो र देशको अमूल्य समय बर्बाद भयो। यस संविधानको निर्माणमा नेपाली जनताभन्दा पनि विदेशी शक्ति र स्वार्थको चलखेल बढी थियो। आखिर भनेजस्तो संविधान पनि बनेन। बरु यस संविधानले उही पुरानै आर्थिक तथा सामाजिक प्रणालीलाई निरन्तरता दियो। राजनीतिक रूपमा उही नकाम भइसकेको संसदीय परिपाटी हावी भयो। बरु नागरिकहरूलाई नस्लनस्लमा विभाजित गरियो। संविधानमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू त लेखिए तर तिनको कार्यान्वयन भने कहिल्यै पनि भएन। बरु छिमेकी भारत खुलेरै संविधानको विरुद्धमा उत्रियो नेपाल त हिन्दूराष्ट्र हुनुपर्छ भन्दै। जब कि संविधानमा नेपाल धर्मनिरपेक्ष हुनेछ भनेर एकमतले लिपिबद्ध भइसकेको थियो। भनिन्छ, नेपाललाई धर्मनिरपेक्ष राज्य बनाउनमा नेपालीहरूभन्दा पनि पश्चिमा इसाई राष्ट्र र धार्मिक संस्थाहरूको ठुलो भूमिका रहेको छ। यद्यपि राज्य भने धर्मरहित नै हुनुपर्दछ। किनकि धर्म राज्यले नभएर व्यक्ति, सम्प्रदाय र समुदायले स्वेच्छाले मान्ने वा नमान्ने निजी सवाल हो। त्यसपछि कुनै पनि पार्टीले बहुमत प्राप्त गर्न सकेनन्। देश अस्थिर सरकारको चपेटामा परिरह्यो।"

***

"अनि, सरकारले सामाजिक सञ्जालहरू बन्द गरेपछि के भयो ?" दिउँसोको वार्तालापलाई निरन्तरता दिँदै स्यारोनले सोधिन्।

उनी पनि भन्दै गए, "जब भएजति सबै पश्चिमा सामाजिक सञ्जालहरू बन्द भए तब मुलुक नै ठप्पजस्तै भयो। सामाजिक सञ्जालका दुर्व्यसनीहरूका लागि श्वासप्रश्वास नै बन्द भएसरह भयो। हुन त यो अभिव्यक्तिको स्वतन्त्रताको अभिन्न विषय त छँदै थियो, यसमा धेरैको रोजीरोटी पनि जोडिएको थियो। आज सामाजिक सञ्जालले विश्वलाई यसरी एक सूत्रमा बाँधिसकेको छ कि यसको अभावमा सामाजिक सञ्चार र मनोरञ्जन मात्र नभएर आर्थिक तथा प्राविधिक विकासदेखि शिक्षा र स्वास्थ्य क्षेत्रसमेत प्रत्यक्ष रूपले प्रभावित हुने स्थिति छ। अन्तर्राष्ट्रिय सम्पर्क र सम्बन्ध तथा वित्तीय कारोबारहरूसमेत अवरुद्ध भएर दुनियाँ नै अस्तव्यस्त हुने स्थिति छ। प्रसङ्गवश, यसका विकृत र विसङ्गत पाटाहरू पनि उत्तिकै छन्। मलाई त लाग्छ, सामाजिक सञ्जालहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन बनाएर नियमन नगर्ने हो भने यी सञ्जालहरू साम्राज्यवादी तथा

शक्तिराष्ट्र र आतङ्ककारी/आपराधिक समूहहरूका नवऔपनिवेशक, पुँजीवादी एवं साम्राज्यवादी हतियारका रूपमा कुनै पनि बेला दुरुपयोग हुने निश्चित छ ।"

यो कुराले स्यारोनलाई निकै घत परेछ क्यार ! उनले पनि भनिन्, "यो सामाजिक सञ्जाल भन्ने कुरा त विश्वकै लागि सुविधासँगै महारोग नै भइसकेको छ । मेरै देशमा पनि धेरै मानिसहरू, खास गरी स्कुल र कलेज उमेरका 'जेनजी' हरू दुर्व्यसनीजस्तै भएका छन् । यसले नयाँ पुस्तामा एकदमै एकलकाँटेपन र कुलतको विकास भइरहेको छ । पारिवारिक तथा सामाजिक सम्बन्धहरू पनि विखण्डित हुन थालेका छन् । यसलाई नियमन गर्न त एकदमै आवश्यक छ । नत्र सामाजिक सञ्जालहरूले शक्तिराष्ट्रहरूका निमित्त परमाणु बमको काम गर्ने निश्चित छ; जो प्रविधिको विकासका नाममा कृत्रिम मानवजाति र कृत्रिम संसारको निर्माणका खातिर बेलगाम अघि बढिरहेको छ !"

अन्ततः उनीहरू दुवैको बुझाइमा एकरूपता देखियो । सागरले भन्न खोजेको थप कुरा उनैले भनिन् । सामाजिक सञ्जालका प्रविधि र सुविधाहरू समस्त मानवजीवनकै लागि नभई नहुने अनिवार्य आवश्यकताजस्तै भएका छन्– जति नै विषाक्त भए पनि । अर्थात् स्वास्थ्य बर्बाद हुन्छ भन्ने जान्दाजान्दै पनि धूमपान, मद्यपान र लागुपदार्थको दुर्व्यसनीजस्तै ।

उनले भनिन्, "यो त सबै आफैले बुझ्ने र राज्यले पनि देशको परिस्थिति र आवश्यकताअनुसार अनुगमन र नियमन गर्नुपर्ने विषय हो नि !"

"हो त । घरमा चक्कु वा बन्दुक छ भन्दैमा काटमार गर्ने र गोली हान्ने त कदापि होइन । अझै अर्को शब्दमा भन्नुपर्दा, आइन्सटाइनले परमाणुको आविष्कार गरे भन्दैमा परमाणु बम बनाएर संसार ध्वस्त गर्न त पाइन्न नि ।" सागरले थपे ।

"साह्रै मन छुने कुरा पो गऱ्यौ त तिमीले । आखिर दुनियाँमा भएका सबै कुराहरू सदुपयोग र दुरुपयोगका विषय हुन् ।" स्यारोनले थपिन् ।

उनले अब चुरो कुरो भन्न सुरु गरे, "नियमनका नाममा सबैजसो सामाजिक सञ्जाल बन्द गरेको विरोधमा देशैभरि विरोध भयो । खास गरी 'जेनजी' को नामबाट विद्यार्थी पुस्ताले संसद् भवनअगाडि शान्तिपूर्ण विरोधको आयोजना गरे । हजारौँको सङ्ख्यामा अबोध विद्यार्थी विद्यालय र कलेजकै पोसाक र झोलासहित उत्सवरूपी विरोध प्रदर्शनमा उपस्थित भए । कतिका लागि त सायद मुलुकमा भइरहने सार्वजनिक विरोधका विभिन्न कार्यक्रमका सन्दर्भमा यो पहिलो सडक अनुभव थियो ।"

उनले बेलिविस्तारमा भने, "म पनि त्यस बेला त्यहीँ आसपास थिएँ । चारैतिबाट बख्तरबन्द गाडी आइरहेको देखेर म र मेरा एक मित्र धेरै चिन्तित भएका थियौँ । नभन्दै,

एकैछिनमा त अश्रुग्यास र गोलीका पर्रा छुटेको र ती कलिला विद्यार्थी र युवा भाइबहिनी भकाभक मरिरहेका समाचार छ्यास्छ्यास्ती आउन थाले। हामीलाई पत्याउनै गाह्रो भयो। किनकि गोली नै हान्नुपर्ने अवस्था छँदै थिएन। गोली नै हान्नु परे पनि त्यसभन्दा अघि स्थिति नियन्त्रणबाहिर गएको कारण र अवस्था दर्साउँदै सबैलाई क्रमशः तितरबितर हुन माइकबाट खबरदारी गर्ने, अश्रुग्यास हान्ने र हवाई फायर गर्नुपर्थ्यो। त्यति गर्दा पनि भएन भने मात्र घुँडामुनि गोली हान्न सकिने कानुन छ। शक्तिको प्रयोगसम्बन्धी अन्तर्राष्ट्रिय मानव अधिकारका सिद्धान्त र मापदण्ड पनि यिनै हुन्। तर यस्तो केही नै भएको देखिएन। ताकी ताकी टाउका र छातीमा गोली हानियो।"

स्यारोनले गम्भीर पीडा महसुस गर्दै आँखा चिम्लिन् र आश्चर्यभावमा भनिन्, "अनि सरकारले सामाजिक सञ्जाल बन्द नगरी समाधान खोज्न सक्थ्यो। ती कलिला नानी र विरोध आह्वानकर्तासँग वार्ता गर्न सक्थ्यो। के त्यस्तो केही भएन ? मेरो देशमा भए यसरी चरा मारेझैँ गोली हान्ने काम त कल्पनै गर्न सकिन्न।"

"ठिक भन्यौ तिमीले। त्यस्तो केही भएन। तर कुरा यस्तो पनि छ, त्यस दिन संसद् भवनभित्रै जबरजस्ती प्रवेश गर्नेदेखि गोली हान्नेसम्मका काम कुनै भित्री/बाहिरी घुसपैठियाबाट भएका थिए भन्ने छ। तर ती को थिए भन्ने कुरा अहिलेसम्म पनि खुल्न सकेको छैन। जेनजीले त यसरी ध्वंस र हिंसा मच्चाउने भन्ने कुनै उद्देश्य नरहेको बताइरहेका थिए। केही घण्टाभित्रै १९ जनाको ज्यान गयो। यसरी ज्यान गुमाउनेको सङ्ख्या हेर्दाहेर्दै ७५ पुग्यो। भनिन्छ, गोली हान्ने सुरक्षाकर्मी नभएर अदृश्य, आपराधिक तथा बाह्य शक्तिका दलाल थिए। खास गरी, भोलिपल्ट नेपाल राज्यको प्रतीक सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, राष्ट्रपति भवन, अन्य सयौँ सरकारी तथा निजी/व्यापारिक भवन र पुलिस चौकी छानी छानी खरानी बनाउने दक्षिणतिरबाट आएका हजारौँ घुसपैठिया थिए भन्ने आशङ्का छ। दोस्रो दिन, नेपाल प्रहरीले केही गरेन। सेना पनि नरसंहार नहोस् र विदेशी शक्तिहरूको रणमैदान नहोस् भनेर मौन बसेको भन्ने अभिव्यक्ति दिइरहेको छ। पश्चिमी महाशक्तिको घुसपैठको आशङ्का पनि त्यत्तिकै छ। नेपालमा नयाँनयाँ जेलेन्स्की र लुसिफर जन्माउन खोजिएको चर्चा पनि त्यत्तिकै छ। अहिले यो सबै अनुसन्धानको गर्भमा छ। यसका लागि एउटा छानबिन आयोगसमेत गठन भइसकेको छ।"

उनीहरू बिस्तारै खाना पनि लिँदै गए। स्यारोनलाई पनि यो कठ्याङ्ग्रिने चिसोमा भड्डुमा भकभकी उमालिएको चिज, ह्वाइट वाइन चेरीको ब्रान्डी, मरीच, जाइफल, भेडेखुर्सानी, मकैको पिठो, पोलेको आलु र पाउरोटीको परिकार खुबै मन पऱ्यो। दुबै जनाको शरीर वास्तवमै न्यानो भयो। एकअर्काका गाला पनि मधुरो बत्तीमुनि रातो भएर टल्किएका थिए।

यति बेलासम्ममा स्यारोन भावविह्वल भइसकेकी थिइन् । उनले भनिन्, "भयो अब यो कुरा यहीँ रोक । म यसभन्दा बढी सुन्न सक्दिनँ । म धेरै कमलो दिलकी भावुक मान्छे हुँ । भन, अब हामी यहाँ के गर्न सक्छौँ । पछिको कुरा छँदै छ ।"

सागरले भने, "म धेरै आभारी छु, स्यारोन । मैले मेरो देश खरानी भएको दुःखद कथा तिमीलाई सुनाउन पाएँ । यो मैले सारा संसारलाई सुनाएबराबर भएको छ । मैले यति प्रेमिल एवं शान्त वातावरणमा एउटा पुरानो दिलको साथीझैँ सम्झेर यी सबै कुराहरू भन्न पाएँ । मलाई अलिकति भए पनि राहत मिलेको छ ।"

उनले एक्कासि भनिन्, "अनि तिमी सुरक्षित छौ त नेपालमा ? नत्र म तिमीलाई क्यानाडा बस्ने गरी बोलाउन सक्छु । तिमी मसँगै बसेर देशका लागि काम गर्न सक्छौ ।"

उनलाई एक मनमा लाग्यो, "यो त मेरा लागि सबैभन्दा खुसीको कुरा हो, तिमीजस्तो साथीसँग काम गर्न पाउनु !" तर भनेनन् । नभने पनि सङ्केत स्वाभाविक थियो । उनले यति मात्र भने, "हेर्दै जाऔँ, तर म पनि कुनै पनि हालतमा नेपाल छोड्न चैँ चाहन्नँ । देशका लागि देशमै बसेर सकेको काम गर्न चाहन्छु । तर तिम्रो प्रस्ताव र आतिथ्यप्रति म आभारी छु ।"

***

वाइन र फोन्दु पनि सकियो । कुरा पनि सकियो । साँझको नौ बजिसकेको थियो । अब भोलिका लागि एउटा दमदार र मार्मिक वक्तव्य तयार गर्नु छ । दुबै जना उठे । सागरले बिल तिरे । त्यसपछि चिसो सिरेटोमा एकअर्काको न्यानो हात पकड्दै होटलतिर लागे । बाटोमा सिसाजस्तै भएर जमेको हिउँमा चिप्लेर स्यारोन झन्डै पछारिएकी । सागरले उनलाई च्याप्प हात र कम्मरमा समातेर लड्नबाट बचाए । होटलमा पुग्न २० मिनटजति लाग्थ्यो । बाटोमा भोलिको वक्तव्यमा के के विषय समेट्ने भनेर कुरा गर्दै गए ।

सर्वप्रथमतः खरानी बनाइएको तथा युद्धले क्षतविक्षत बनाइएका कुनै पनि सदस्य राष्ट्रलाई उठाउन संयुक्त राष्ट्रसङ्घ र अन्तर्राष्ट्रिय समुदायको निःस्वार्थ भूमिकामा केन्द्रित हुने निश्चय भयो । खरानी भएको नेपाल र इजरायल र अमेरिकाको कत्लेआमले देश नै मेटिन लागेको प्यालेस्टाइनको विषय पनि उठाउने सल्लाह भयो ।

"युक्रेनको कुरा पनि उठाउने कि ?" स्यारोनले मलिन स्वरमा भनिन् ।

सागरले भने, "उठाउन त हुन्थ्यो तर के भनेर उठाउने ?"

"युद्ध रोकिनुपर्‍यो, नरसंहार रोकिनुपर्‍यो भनेर उठाउन त भइहाल्छ नि । तर यस युद्धको मूल कारण त्यही अमेरिका र युरोप हो । शान्तिको भविष्य उनीहरूकै हातमा त छ ।"

"तिम्रो कुरामा सत्यता छ" उनले भनिन् ।

सागरले अब कुरो टुङ्ग्याउने सोच बनाए र भने, "हामीले खास गरी दोस्रो विश्वयुद्धपछि विकास भएका अन्तर्राष्ट्रिय संरचना, मापदण्ड, कानुन, मानव अधिकार र मानवता बचाउन जरुरी छ । नत्र संसार फेरि तेस्रो विश्वयुद्धको नरसंहारमा फस्ने छ । विश्वविख्यात बेलायती वैज्ञानिक स्टेफन हकिङ्सले गरेको भविष्यवाणीभन्दा पहिले नै संसार सकिने छ ।"

***

होटल पुगेर दुई जनाले राति अबेरसम्म बसेर भोलि १० मिनटमा पढिसक्नुपर्ने तीन पानाको वक्तव्य तयार गरे । नेपालबारे वक्तव्यको मूल सार यस्तो थियो– "आज विश्वलाई शान्ति र समृद्धिको नेतृत्व प्रदान गर्ने क्षमता भएको अमेरिका आफैमा सबै थोक भएर पनि घुमाइफिराइ विश्वभरि युद्धको शङ्खनाद गरिरहेको छ । रक्षा मन्त्रालयलाई युद्ध मन्त्रालय बनाउने तयारीमा छ । इजरायललाई बोकेर प्यालेस्टाइन र अरबजगत्मा युद्ध, भेनेजुएलासँग युद्ध, युक्रेनलाई बोकेर रुससँग युद्ध, चीनका अभिन्न भूभागहरू ताइवान र तिब्बतलाई बोकेर चीनसँग युद्ध ! यसका लागि नेपालजस्तो स्वतन्त्र र असंलग्न शान्तिप्रिय मुलुकलाई पनि आफ्नो अखडा बनाउन खोजिरहेको छ । भनिन्छ, नेपालका रहस्यमयी बडेबडे गुम्बाहरूमा हजारौँको सङ्ख्यामा सादा पोसाकका आफ्ना सैनिकहरू घुसाइसकेको छ जब कि यही अमेरिका हो जसले राजा वीरेन्द्रले २०३३ सालमा अघि सारेको शान्ति क्षेत्र नेपालको प्रस्तावलाई सहर्ष समर्थन गरेको थियो । हामी आज पनि यही चाहन्छौँ न कि युद्ध !"

अर्को विषय पनि समावेश गरियो– "अर्कोतिर छिमेकी भारत छ जो सधैँ नेपालमा अस्थिरता चाहन्छ । आफैमा एउटा विशाल मुलुक भएर पनि नेपालका सिमाना र भूभागहरू मिचिरहन्छ । नेपालका नेता र शासकहरूलाई किनेर हुन्छ कि मारेर हुन्छ, ऊ सधैँ आफ्नो दादागिरी चलाइरहन चाहन्छ । नेपालका सीमाक्षेत्रहरू जबरजस्ती कब्जा गरिरहन चाहन्छ । नेपाल र नेपालीका लागि यो धरती रहिन्जेलसम्म जीवन र अस्तित्वकै मेरुदण्ड रहेका नदीनालाहरू हडप्न चाहन्छ । धेरै त हडपिसकेको छ । उस्तै परे नेपालको राजसंस्था र राजनीतिक पार्टीहरूलाई विनाश गरिसकेपछि नेपाली सेनालाई समेत बदनाम गरेर नेपालभरि आफ्ना सैनिकहरू हुल्न चाहन्छ । त्यसैले त अहिले सन् १८१६ को सुगौली सन्धिअनुसार कायम रहेको नेपाल-भारत सीमाका आधारमा बृहत् नेपालको अभियानले पनि भारतीय विस्तारवादका विरुद्ध विशाल रूप लिन थालेको छ ।"

निष्कर्षमा लेखियो– "बुद्धभूमि नेपाल स्वतन्त्र र असंलग्न रहिरहे मात्र भारत र चीनका सुरक्षा चासोहरूको सम्बोधन हुन सक्दछ । यदि यो कुरा हाम्रा दुई छिमेकीले तत्काल बुझेनन् र नेपाललाई अमेरिकाको चीन र भारतविरोधी गतिविधिको केन्द्र बनाउनबाट

रोकेनन् भने यस क्षेत्रमा त्रिपक्षीय क्षेत्रीय युद्ध अवश्यम्भावी छ। नेपाल अनाहकमा अहिलेको युक्रेनसरह हुनेछ। नेपाल र नेपालजस्ता शान्तिप्रिय मुलुकहरूको राष्ट्रिय सार्वभौमिकता र स्वतन्त्रताको रक्षाका लागि सं.रा.स. दरोसँग उभिन आवश्यक छ। यसको बडापत्रले निर्धारण गरेको अनाक्रमण र अहस्तक्षेपको सिद्धान्तलाई कडाइका साथ लागु गर्नुपर्दछ। यसका निमित्त सारा विश्व एक हुनुपर्दछ। विश्वलाई केही शक्तिराष्ट्रहरूको युद्धउन्मादीको सिकार हुनबाट जसरी पनि रोक्नैपर्दछ। नेपालको शान्तिपूर्ण रूपमा बाँच्न पाउने अधिकारको सम्मान हुनुपर्दछ। अहिले नेपालमा युवा पुस्ताबाट परम्परागत सामन्ती सत्ता र लुटतन्त्रका विरुद्ध भइरहेका शान्तिपूर्ण विरोध र प्रदर्शनहरूमा प्रत्यक्ष/अप्रत्यक्ष घुसपैठ, हिंसा र हत्याका सम्पूर्ण हर्कतहरू सबै राष्ट्रहरूले बन्द गर्नुपर्दछ। नेपाललाई सं.रा.स. बाटै शान्तिक्षेत्र घोषणा गरिनुपर्दछ। अन्यथा यस क्षेत्रको शान्ति र सुरक्षा स्वतः खतरामा पर्नेछ। विज्ञानप्रविधिको उत्कर्षबाट विकसित कृत्रिम बौद्धिकता र जलवायु परिवर्तनकै कारण ध्वस्त हुन लागिरहेको विश्वलाई जति सकिन्छ बचाउने भनेको युद्ध र परमाणु हतियाररहित संसार नै हो।"

उनले मनमनै सोचे, संसार त कुनै शासक वा शासनको मात्र नभएर एक व्यक्ति र समुदायको पनि हुन्छ। संसार कसैको पेवा होइन। यसमा सबैको बराबरी हक छ। यसैका लागि त इतिहासदेखि वर्तमानसम्म पनि राष्ट्र–राष्ट्रबिचको वर्गसङ्घर्ष चलिरहेकै छ र एउटा निश्चित विन्दुसम्म चलिरहने छ। त्यो अन्तिम विन्दुका मात्र दुईवटा बाटाहरू छन्– बुद्धले व्याख्या गरेको हिंसारहित ढङ्गले निर्माण गर्ने समानतामा आधारित शान्तिपूर्ण संसार र मार्क्सले उद्घोष गरेको वैज्ञानिक समाजवाद र अन्ततः साम्यवादको संसार। यद्यपि सम्भव–असम्भव आफ्नो ठाउँमा छ।

***

रातको ११ बज्यो। यस वक्तव्यलाई भोलि दुवै जनाले पाँच–पाँच मिनट वाचन गर्ने सल्लाह गरे। स्यारोनले भावी नेपालको रूपरेखाबारेमा अझै केही कुरा गर्न चाहेको बताइन् र एकछिनका लागि आफ्नो कोठामा निम्ता गरिन्। सागरलाई दुईवटा ग्लासमा वाइन राख्न लगाइन्। ओखर, बदाम र खजुरी प्लेटमा हालिन्। दुबै जना आम्नेसाम्ने सोफामा बसे र वाइनको चुस्की मारे। सारा संसार मस्त निद्रामा थियो। तर मध्यरातको सन्नाटामा अलौकिक आनन्दको अनुभूति गरिरहेका थिए।

रात छिप्पिँदै गयो। वाइनको बोतल र प्लेट पनि खाली हुँदै गयो। जब कि नेपाललाई खरानीबाट कसरी उठाउने भन्ने मूल प्रश्न भने बाँकी नै छ।

सागरले अन्तिम ग्लास वाइन दुबै जनाको ग्लासमा राखे। स्यारोनले नजिकैको फ्रिजबाट फेरि 'स्मोक्ड साल्मन', 'गोट चिज' र 'ओलिभ पिकल' निकालिन्। मानौँ,

उनीहरूको 'लेट नाइट डिनर' बल्ल सुरु हुँदै छ ! र, उनीहरू आज एकअर्काका लागि, अझ भनौँ, नयाँ नेपालका लागि के गर्ने भन्नेबारेमा सोच्दै त्यो रात नै छर्लङ्ग पार्न पनि तयार छन् ।

"ल, भन अब, तिम्रो नयाँ नेपालको योजना ।"

"म एकदमै छोटकरीमा र बुँदागत रूपमा भन्छु है त । किनकि भोलि पनि सबेरै अधिवेशनतिर जानु छ ।"

"हुन्छ, भइहाल्छ नि ! विस्तृत कुरा त फेरि पनि गरौँला नि !" उनले भनिन् ।

उनले नेपाललाई खरानीबाट उठेको देशका रूपमा विश्वसामु उभ्याउन आफूलाई लागेका केही कुराहरू भन्न सुरु गरे– "हेर स्यारोन, यो काम कदापि सजिलो छैन तर उठ्नुको विकल्प पनि छैन । आज विश्वसामु युद्धपिपासु महाशक्तिराष्ट्र साम्राज्यवादको स्वार्थमा अर्काको देश टुक्र्याएर खडा गरिएको नक्कली राष्ट्र इजरायलको बसाँदेखिको नरसंहारबाट प्यालेस्टाइन त उठ्न खोजिरहेको छ भने हामी नउठ्ने कुरै छैन । एकदिन सत्यको जित अवश्य हुन्छ नै । युद्ध र ध्वंसबाट गुज्रिएका सबै मुलुकहरूको दुःख र दशा एउटै हो ।"

"हो, त्यो त । दुनियाँमा यस्तो धेरै भएको छ, भइरहेको छ ।"

उनले बिट मारे– "पहिलो कुरा, हामी कहिल्यै पनि भूराजनीतिक तथा सैन्य रणनीतिक मामिलामा कुनै पनि राष्ट्रको पक्षधर हुन सक्दैनौँ । छिमेकी चीन र भारतकै बिच तटस्थता गुमाउनु पनि नेपाललाई युक्रेन बनाउनुबराबर हो । अझ त्यसमा चीन र भारतविरोधी पश्चिमा महाशक्तिलाई नेपाल पस्न र खेल्न दिनु भनेको ढिलोछिटो नेपाललाई युक्रेनकै नियतिमा पुऱ्याउनु हो । तसर्थ सर्वप्रथम हामीले कुनै पनि शक्तिराष्ट्र र बाह्य स्वार्थहरूको खेलौना हुनबाट नेपाललाई बचाउनुपर्दछ । त्यसपछि देशका लागि कस्तो राजनीतिक तथा आर्थिक प्रणाली उपयुक्त हुन्छ भन्ने विषय शान्तिपूर्ण विधि र प्रक्रियाबाटै टुङ्गो लगाउनुपर्दछ । नत्र दर्शन र सिद्धान्तको रटानका भरमा कुनै दक्षता, विज्ञता र इमानदारीबिनाका पुराना पुस्ताबाट आजको प्रतिस्पर्धात्मक विश्वमा नेपालको अस्तित्व र समृद्धि असम्भव छ । त्यस्तै, भारतसँग जोडिएका सिमाना पारस्परिक आवागमनलाई सहज गर्दै नियन्त्रण र नियमन गर्नैपर्दछ । छोटकरीमा भन्नुपर्दा हामीले अहिले बुर्किनाफासोबाट सिक्नुपर्दछ जहाँ वैदेशिक दासता र शोषणविरुद्ध आत्मनिर्भर अर्थतन्त्रको मार्ग अवलम्बन गर्ने महान् कार्य भइरहेको छ ।"

उनले अझै थपे– "नेपाललाई सं.रा.स. मार्फत शान्तिक्षेत्र घोषणा गराउनैपर्दछ । यसका लागि भारतसँग भएका सारा असमान सन्धि, अमेरिका र चीनसँग भएका वा हुन सक्ने घोषित–अघोषित सैन्य रणनीतिक सम्झौतालगायतका घातक सम्झौता संशोधन/खारेज

गर्नैपर्दछ । विगत २१० वर्षदेखि भाडाका सैनिक उत्पादन गर्ने देशका रूपमा बदनाम नेपालले आजसम्ममा राज्यतहबाटै विदेशी सेनामा आफ्ना नागरिक भर्ती हुन दिने र सिधै अर्को देशसँग युद्ध लड्न पठाउने कार्य सरासर गौतम बुद्धको विश्वशान्तिको सन्देश र सं.रा.स.को बडापत्रविपरीत छ । साथै, विकास सहायता र ऋणका मामिलामा नेपालको राष्ट्रिय आवश्यकता र प्राथमिकता तथा अन्तर्राष्ट्रिय सहयोगका स्थापित मापदण्डविपरीत नवऔपनिवेशिक सर्तबाट अलग रहनुपर्दछ । अब कहिल्यै तिर्न नसकिने खराब वैदेशिक ऋण मिनाहाको बाटो अख्तियार गर्नैपर्दछ । नेपाललाई रहस्यमयी गुम्बा, चर्च र मदरसाजस्ता धर्मका नाममा हुने अप्रिय गतिविधिबाट मुक्त गर्नैपर्दछ । यति भएपछि मात्र बुद्धको देश नेपाल असंलग्न हुनुको सार्थकता पनि रहन्छ ।"

स्यारोनले एकै शब्दमा भनिन्, "गज्जब !"

रातको एक बजिसकेको थियो । ग्लासमा बाँकी रहेको वाइन र स्न्याक एकैसाथ ग्याम्बे गरे । एकछिन एकअर्कालाई टोलाएर हेरिरहे ।

सागरले भने, "अब सुतौँ ।"

स्यारोनले टाउको हल्लाइन् र सागरलाई हात समाउँदै ढोकासम्म छोडिन् । सागर आफ्नो कोठाभित्र नपसेसम्म एकोहोरो हेरिरहिन् । उनी भित्र पस्नुअघि दुवैले एकअर्कालाई न्यानो चुप्पा दिए र आआफ्ना ढोका बन्द गरे । उनीहरूको जेनेभा बसाइ अझै एक हप्ता छ । यसबिचमा पनि उनीहरूले अरू पनि धेरै सरसल्लाह गर्ने छन् । यसै हप्ता 'स्विस आल्प्स माउन्टेन' र तालैतालको उपत्यका 'इन्टरल्याकन' को यात्रा र अर्को हप्ता पेरिस भ्रमणको रेलयात्रा पनि तय गरिसकेका छन् । युरोपमा द्रुत गतिमा चल्ने रेलबाट एकअर्को देशको यात्रा गर्नु भनेको काठमाडौँबाट ललितपुर र भक्तपुर जानुजस्तै हो ।

सागरलाई आज धेरैबेरसम्म खुसीले निद्रा परेन । सोच्दासोच्दै उनलाई निद्रादेवीको शरणमा परेको थाहै भएन ।

जे होस्, आज सागर धेरै खुसी छन् । छिट्टै नै उनले आफ्नो देशलाई "खरानीबाट उठेको देश !" भनेर विश्वलाई चिनाउने अभियानको एउटा मार्गचित्र तयार गर्ने छन् । उनलाई स्यारोनले पनि सधैँ साथ दिने छिन् । उनीहरूको भेट र सहकार्यको नयाँ ढोका खुलेको छ । बाँकी कुरा भविष्यले आफै बताउने छ ।

०–०–०

कथा

# मेरी आमा



*गीता खत्री*

मैले काम नगरेको झन्डै दुई वर्ष नाघिसकेको थियो । बिहान सामान्य योगा गर्ने । घरको सामान्य काम सक्ने । त्यसपछि खाना खाएर नजिकैको कोरोना पार्कमा हिंड्ने बानी बसालेकी छु । एक दिनको कुरा हो । दिन रमाइलो थियो । निलो आकाशमा बादलको एक टुक्रा पनि थिएन । जाडो खसिसकेको थिएन । गर्मीले पूरै बिदा लिइसकेको पनि थिएन । म नियमित हिंँडाइमा कोरोना पार्कमा पुगेँ । पार्कको लामो हरियो मेचमा एक जना बुढी मान्छे बसेर रोइरहेकी देखेँ । आजकाल हामी नेपाली महिला तथा अन्य भारतीय वा बङ्गलादेशी महिलाबिच भिन्नता पहिरनबाटै छुट्याउन सक्छौँ । ती बुढी आमा नेपालीजस्तै लाग्यो । परिचय सोध्दै नसोधी नजिकै गएर रोइरहेकी बुढी आमासँग नेपालीमै सोधेँ– "के भयो आमा ? बाटो भुल्नुभो कि क्या हो ?"

आँखाको डिलबाट झरेका आँसु पुछ्दै उनले मतिर हेर्दै भनिन्– "नानी, तिमी पनि नेपाली हौ ?"

मैले भनेँ– "हो आमा, हो । पार्कमा बसेर रोइरहनुभएको छ । केही आपत्ति पर्‍यो र आमा ?"

बुढी आमाले भनिन्– "के गर्ने नानी, यी आँखामा कहिले नसुक्ने आँसुको मुहान रहेछ क्यारे ? सधैँ रुन मन लाग्दैन । मिल्दैन पनि । त्यसैले यहाँ आएर एकै दिनमा सबै आँसु रित्याउने प्रयास गर्छु । तर, के गर्नु फेरि भरिन्छ । सकिँदैन त ! हरदिन हरपल यस्तै छ नानी मेरो दिनचर्या ।"

"के भयो भन्नुस् न आमा, मैले केही सहयोग गर्न सक्छु कि ?"

"तिमीले मेरा कुरा सुन्ने चाहना राखिहाल्यौ, एकछिन बस न त यहाँ ! (उनीसँगैको खाली ठाउँ देखाउँदै) ।"

म उनीसँगै बसेँ । बुढी आमाले बेलीविस्तार लगाउँदै आफ्नो आँसुको कहानी सुरु गरिन्– "मेरा तीन जना छोराहरू छन् । उनीहरू केटाकेटी छँदैमा लोग्नेले साथ

छोड्नुभयो । सोही वर्ष सासूससुरा पनि बित्नुभयो । एकै सालमा लोग्नेसहित सासूससुरा गुमाउँदा मेरो जीवन निक्कै कष्टपूर्ण र पीडादायी भयो । जीवन कसरी अगाडि बढाउने मैले सोच्न सकिनँ । मेरो परिस्थिति मेरो सोच र कल्पनाभन्दा बाहिर थियो । झन्डै–झन्डै म जीवनको अन्तिम क्षणमा पुगेकी थिएँ । केटाकेटीको रुवाइले मेरो मातृत्व ब्युँझियो । भगवान्‌का कृपाले मेरो घर सम्पन्नै थियो । सामान्यतया मेरो घरमा खान र लगाउनको कुनै दुःख थिएन । त्यसैले ती तीनै जना छोराहरूलाई बाबु पनि आफै आमा पनि आफै, हजुरबा पनि आफै र हजुरआमा पनि आफै बनेर हुर्काउने, बढाउने अठोट गरेँ ।

म एक्लैले तीनै जना छोराहरूलाई माया, ममता र संस्कार दिएर राम्रोसँग हुर्काएँ, बढाएँ र शिक्षित बनाएँ । उनीहरूको मिहेनत र परिश्रमले अहिले तीनै जना एकसेएक भएका छन् । उनीहरूले रोजेको जागिरमा लागेका छन् । आफ्नो धर्म, परम्पराअनुसार विवाहसमेत भएर आआफ्नो गृहस्थी चलाउन थालेका छन् । आफ्ना छोराहरूको प्रगति तथा उन्नति देखेर म आफूलाई भाग्यमानी र गर्बिलो महसुस गर्दछु । मेरो मनभित्रको एउटा पाटो सधैँ गर्वले गदगद भइरहेकै छ । म यो रुवाइभित्रै पनि गर्वको महसुस गर्छु ।

यति हुँदाहुँदै पनि के गर्ने नानी मानिसभित्र अर्को मन हुने रहेछ । जो वर्तमानमा रमाउन चाहन्छ, वर्तमानमै भुल्न चाहन्छ, विगतमा होइन । जीवनमा झल्याकझुलुक खुसी नआएको त होइन । छोराहरूले पढाइ पूरा गरे । उनीहरूको विवाह सम्पन्न भयो । बुहारीहरू भित्रिए । मेरा हात र शरीरले केही समय आराम गर्न पाए । जवानी बित्यो । बुढ्यौलीले सङ्केत दिँदै गयो । बिस्तारै पुनः बेग्लै कष्ट र पीडाहरू जन्मन थाले । यो बुढेसकालमा म अझै खुल्ला जेलको बन्दीगृहमै छु । यो खुल्ला आकाशमा बस्दा पनि बन्दीगृहभित्रै छु कि जस्तो लाग्छ । मर्ने बेलामा झन् झन् दुःखका भारी गह्रौँ हुँदै गएका छन् ।"

बोल्दाबोल्दै बुढी आमा एकछिन रोकिइन् । म उनलाई हेरिरहेकै थिएँ । शब्दहरू उनका गलासम्म आएर अडिएका थिए । मैले पछाडिबाट सुम्सुम्याउदै ढाढस दिएँ । उनी फेरि बोलिन्–

"नानी, सबै राम्रै चलिरहेकै थियो । एकदिन तीनै जना छोराहरू तथा बुहारीहरू मसँगै बसेर सरसल्लाह गर्न आए । अनि भने, 'आमा अघि लिए पनि पछि लिए पनि नेपालको जग्गाजमिनका हकदार हामी नै हौँ । यहाँ हामीलाई घरको ऋण तिरिराख्नुपरेको छ । उताको घरबारी, जग्गाजमिन त्यसै खाली छ । बाँझो बसिरहेको छ । प्रयोग गर्न सकिएको छैन । हामी नेपाल फर्कने टुङ्गो पनि छैन । तपाईं पनि हामीसँगै कहिले यता कहिले उता गरेर आनन्द र खुसीसँग बस्ने हो । त्यसैले नेपालमा भएको सबै सम्पत्ति बेचबिखन गरौँ

र आएको पैसा सबैले मिलेर बाँडफाँड गरौँ । हुन्न आमा ?' मनमनै निकै सोचेँ । दुई जना छोराहरू बेलायतमा घरजम गरेर बसेका छन् । कान्छो अमेरिकामा राम्रैसँग बसिरहेको छ । म बुढी मान्छे एक्लै नेपालमा कसरी जीवन चलाउन सकुँला । अलि अत्यासजस्तो लाग्यो । यिनै सन्तानहरू बढाउन, हुर्काउन र योग्य बनाउन मेरो जल्दोबल्दो उमेर सिध्याएँ । अब यिनीहरूकै सेवा र प्यार लिएर बाँच्न पाए राम्रो भइगयो भन्ने सोचेँ । आउने दिनहरूमा नाति-नातिनीहरू हेर्नदेख्न पनि पाइने । उनीहरूको सल्लाहमा मैले मिठो सपना देखेँ । सल्लाह नराम्रो लागेन । ढल्कँदो उमेरले गर्दा मैले केही गर्न सक्ने अवस्था पनि थिएन । आफ्नो मुटुका टुक्राहरूलाई उनीहरूको माग पूरा गर्न मैले कुनै अप्ठेरो मानिनँ । घरजग्गा, जमिन बेच्ने स्वीकृति दिएँ । प्राप्त रकम सबै उनीहरूको हातमा हालिदिएँ । केही समय म उनीहरूले देखाएको सपनामा खुसी भएँ, रमाएँ । बेलायतमा दुई हप्ताको फरकमा दुबै छोराहरूका सन्तान जन्मिए । नाति र नातिनी हेर्न म बेलायत पुगेँ । आफ्नो सन्तान बढ्दा म हर्ष र खुसीले गदगद भएकी थिएँ ।

दुबै छोराहरू एउटै भवनको बेग्लाबेग्लै अपार्टमेन्टमा बस्दा रहेछन् । लामो समयपछि आफ्ना मुटुका टुक्राहरूसँग भेट हुँदा मेरो खुसीको सीमा थिएन । त्यसमाथि नाति र नातिनी जन्मिएकामा अर्को खुसी थपिएको थियो । बसौँपछि मेरो मनमा खुसीको बाढी आएको थियो । म कति खुसी थिएँ । यसको वर्णन गर्न पनि सक्दिनँ ।

अमेरिकामा भएको कान्छो छोरासँग बेलाबेलामा फोनमा कुरा हुने गर्दथ्यो । दुई-तीन महिनापछि दुबै बुहारीहरूलाई उनीहरूको काममा जानुपर्ने भयो । दिनभरि दुबै केटाकेटी हेर्ने जिम्मा मलाई सुम्पिए । एकातिर म निकै खुसी पनि भएँ । फेरि मैले बाललीला हेर्न पाउने भएँ । अर्कातिर उमेरका कारणले निकै डर पनि लाग्यो । समयसँगै केटाकेटी चञ्चल हुँदै जान्छन् । जे नगर भन्यो त्यही गर्छन् । मैले राम्रोसँग उनीहरूलाई सुरक्षित राख्न त सकुँला ? बुहारीहरूसँग सल्लाह पनि गरेँ । उनीहरूले ढुक्क भएर किन नसक्नु, जति भए पनि सक्नुहुन्छ भने । मन डराए पनि चुपचाप आँट गरेँ । बच्चा हेर्ने विषयमा उनीहरूले एक-एक महिनाको पालो लगाएका थिए । म जसको अपार्टमेन्टमा बस्थेँ अर्को छोराले बच्चा मैकहाँ ल्याइदिन्थ्यो । मेरो छ-सात वर्षको बेलायत बसाइ बाललीला तथा घरधन्दामा व्यस्त हुँदै बित्यो । बेलाबेलामा मलाई गाह्रो नभएको पनि होइन तर आफ्ना सन्तानका लागि ती अप्ठेरा र असजिला पलहरूलाई पनि मैले ईश्वरको वरदान सम्झेर बिताएँ । कुनै गुनासो थिएन । छोराहरू तथा बुहारीहरूले मलाई राम्रै व्यवहार गरिरहे । एकाध समय झर्कोफर्को गर्दा पनि मलाई मतलब नै भएन । म एकप्रकारले धेरै व्यस्त पनि

थिएँ । सातै दिन नातिनातिनीहरू मेरै जिम्मामा थिए । उनीहरूको उठबस मैसँग थियो । ती मैसँग सुत्न रुचाउँथे ।

शनिवार तथा आइतवारका दिनमा नेपालीहरूको पार्टी, भोज, विवाह, व्रतबन्ध आदिमा उनीहरूलाई जानुपर्दा 'आमा तपाईँ घरमै बस्नुहोस् है । केटाकेटीहरू हेर्नु पनि पऱ्यो । तपाईँलाई त्यहाँ त्यति रमाइलो पनि हुँदैन । केटाकेटीहरूलाई अरूको हातमा छोडेर जान पनि अप्ठेरो' भनी दुबै छोराहरूले भन्दथे । म पनि नाइँनास्ति गर्दिन थिएँ । मलाई लाग्थ्यो, उनीहरू पनि अर्काको देशमा आएर दुःख गरिरहेका छन् । राम्रो लगाउने, मिठो खाने, रमाइलो गर्ने उमेर छ । ठिकै त छ भनी म रमाएरै आफ्ना नातिनातिनी खेलाएर बस्थेँ । कहिलेकाहीँ पार्टीमा मलाई समेत लिएर गइहाले पनि बच्चाको जिम्मा मेरो हुन्थ्यो । मेरो परिचय कसैसँग हुँदैन थियो । कसैसँग गफसफ, कुराकानी गर्न भ्याउँदिन थिएँ । त्यसैले पनि म घरमै बस्न रुचाउँथेँ ।

मेरा दिनचर्याहरू त्यसरी नै बितिरहेका थिए । लौ भनौँ भने छसात वर्ष बितेको पत्तै भएन । बिस्तारै नातिनातिनीहरू स्कुल जान थाले । त्यसपछि म दुबै छोरा र बुहारीहरूकी हेलाकी पात्र बन्दै गएँ । दुबैतिर ठस्स, फस्स गर्न थाले । बुढ्यौलीले गर्दा नेपालमै गएर एक्लै बस्न पनि मलाई कठिनै थियो । त्यसैले केही नबुझेजस्तो गरी लिसोजस्तै उनीहरूसँगै चिप्किएर बसिरहेकी थिएँ । त्यो चिप्काइ समयसँगै झन् झन् सकसपूर्ण हुँदै गयो । तर के गर्ने ? मेरो न कुनै आयस्रोत थियो न बस्ने ठाउँ । मेरो आफ्नो जीवन तथा लोग्नेको तर्फबाट प्राप्त सम्पूर्ण सम्पत्ति सबै उनीहरूकै जीवनको उन्नति र उज्ज्वल भविष्यका लागि रित्याइसकेकी थिएँ । बाँकी जीवन त उनीहरूकै आश्रय र दानमा अडेको थियो । त्यसैले मेरो ज्यानले धानेसम्म कुनै अप्ठेरो नमानी घरको सरसफाइ, खाना पकाउनेजस्ता कामहरू गर्दै आएकी थिएँ ।

यता अमेरिकामा बसिरहेको कान्छो छोराको पनि बच्चा जन्मिएछ । कान्छाले फोनमा भन्यो, 'आमा, यता हाम्रो पनि बच्चा भयो । बुहारी केही गर्न जान्दिनन् । आमाले अलि अलि सहयोग गरिदिनुपऱ्यो । म टिकट पठाउँदै छु । आउनुहोस् है ।' मलाई यता मानसिक तनाब भइरहेको थियो । केही समय भए पनि तनाब फेरिन्छ भन्ने सोच बनाएँ । मैले उसलाई भनेँ, 'भइहाल्छ नि बाबु । दाजुहरूसँग सल्लाह गर्नु नि ।'

विगत केही वर्षमा मैले मानव जीवनलाई धेरै नजिकबाट चिन्ने मौका पाइरहेकी थिएँ । जीवनका तितामिठा अनुभव बटुलिसकेकी थिएँ । माया कसरी पानीजस्तै तलतिर बग्दै जाँदो रहेछ भन्ने आफ्नै अनुभवले बुझिसकेकी थिएँ । कान्छो छोराको घरमा पुग्दैमा

मेरो जीवनका दुःख सकिँदैनन् भन्ने मलाई ज्ञान भइसकेको थियो। तैपनि यो मौकालाई मैले आफ्नो कर्तव्य पनि सम्झेँ र निरीहता पनि। त्यसैले टिकट पाउनासाथ म अमेरिकातिर उडिहालेँ।

यता आएको पनि पाँच वर्ष बित्यो। सानो नाति स्कुल जान थाल्यो। यता पनि म बढी हुन थालेकी छु। उमेरले गर्दा कति कुरा बिर्सिन्छु। कति कुरा थकाइले गर्दा गर्न भ्याएकी हुन्नँ। उनीहरूले मेरो अवस्था बुझेनन्। मैले परिस्थिति र समय चिन्न सकिनँ। आफ्नै मुटुको टुक्राले समेत सानातिना कुरामा गाली गर्दा साह्रै ननिको लाग्ने रहेछ। नेपाल फर्केर जान पनि सक्दिनँ। गएर पनि कहाँ बस्ने भन्ने समस्या नै छ। टाउको लुकाउने आफ्नो ठाउँ छैन। कसको सहयोगमा बस्ने ? कालले पनि मलाई किन पर्खिरहेको होला ? कति पटक त इस्ट रिभरमा हाम फालेर चोला फेर्न पाए पनि हुन्थ्यो भन्ने विचार नआएको पनि होइन। त्यो पनि गर्न सकेकी छैन। म यो जीवनलीलाबाट तृप्त भइसकेकी बुढी आमा हुँ नानी।

हिजो फेरि कान्छाले भन्यो, 'आमा, तपाईँलाई हामीसँग राख्न नसकिने भयो। तपाईँको र बुहारीको कचकचले मेरो घर बिग्रन आँट्यो। लन्डनमा दाजुहरूकहाँ जानुहोस्। त्यहाँ तपाईँलाई रमाइलो लागिरहेको पनि थियो। म तपाईँलाई लन्डन जाने टिकट काट्दै छु है। दाइहरूसँग कुरा पनि गर्छु।' यति भन्दै उता फोन लगायो। थाहा छ नानी, उताबाट के जवाफ आयो ? 'ल ल हामीकहाँ पठाउने त कुरै नगर। जे गर्नु छ त्यतै मिलाउनू। हामी आमाको जिम्मा लिन सक्दैनौँ।' उनीहरूको कुरा मलाई पनि सुनाइरहेको थियो। म यो धर्तीमै भएर पनि धर्तीविहीन भइरहेकी थिएँ। त्यसपछि कान्छाले भन्यो, 'ल आमा के गर्ने, उता दाइहरूले पनि जिम्मा नलिने भए। अब तपाईँ नेपाल नै जानुपर्ने भयो। म पनि यहाँ राख्न सक्तिनँ। बरु मामाघरमा गएर बस्नुभए पनि हुन्छ नि !' कान्छाले पनि जिम्मेवारी लिनबाट मलाई सरक्क पन्छायो।"

बुढी आमा आँखाभरि आँसु टलपल-टलपल पार्दै आफ्नो व्यथा भन्दै गइन्, "माइतीमा न आमा हुनुहुन्छ न बुवा। दाजुभाइहरू पनि बुढा भइसकेका छन्। उनीहरू नै अरूको आश्रयमा बाँचिरहेका छन् भने मलाई कसरी आश्रय दिन सक्छन् र ? माइतीमा चेलीको अस्तित्व वा मायाममता मिल्ने आमाबुवाको हैकम चलेसम्म मात्र हो। त्यसपछि माइती बिस्तारै परायमा परिणत हुन्छन्। कतै-कतै अपवादको रूपमा अलि ढिलैसम्म दाजु वा भाइले सम्झिराखेका हुन्छन्। तर अन्ततोगत्वा चेली माइतीबाट हराउँछिन् नै। किनकि त्यतिन्जेल उनको सृष्टि र अस्तित्व अर्कोतिर जमिसकेको हुनुपर्छ। यो बुढेसकालमा म

कसको आश्रयमा माइतीमा गएर बस्ने ? कुन आइमाई मर्ने बेलामा माइतीमा गएर बस्न सक्छिन् ? आफ्नो सम्पत्तिको जिम्मा लिने तीन-तीन छोराहरूका लागि त म बढी भएँ भने वृद्ध दाजुभाउजू वा भाइबुहारीले मेरो हेरविचार कसरी गर्लान् ? र, किन गर्ने ?

यता पाँच वर्ष उता सात वर्ष आफ्ना नातिनातिनीहरू खेलाउँदै आफ्नै सन्तानहरूको घरमा सुखदुःख झेल्दै एक किसिमले रमाएर बसिरहेकै थिएँ। चुपचाप हात बाँधेर म कहिले बसिनँ। ज्यानले सकेको घरको सबै काम गरिरहेकै थिएँ। आज म एउटी आमा तीनै जना छोराहरू तथा बुहारीहरूका लागि बढी भएँ। मैले त सोच्न पनि सकेकी थिइनँ नानी, आज आएर यो दिन देख्नुपर्ला भनेर ! हुन त मैले नेपालमा छँदा यदाकदा झन्डै यस्तै कथा सुनेकी थिएँ तर पत्याएकी थिइनँ। अमेरिकामै बसिरहेका एक जना नेपालीले बाबुको स्वर्गारोहणपछि आमाको नाममा भएको सबै सम्पत्ति आमालाई बेच्न लगाएछन्। तपाईँ पनि उतै हामीसँगै बस्ने हो भनेर बुढी आमालाई फकाएछन्। सबै सम्पत्ति बेचबिखन गरेर रकम आफ्नो हात पारेपछि ती एक्ली बुढी आमालाई आमाकै पैसामा घुम्न लैजान्छु भनेर पशुपतिनाथ ल्याई अलपत्र छोडी आफू अमेरिकातिर उडेछन्। सुनेको कथा नपत्याई बसेकी थिएँ। अहिले म आफै त्यस कथाकी पात्र भइरहेकी छु। नानी, आज म आफै त्यही बिन्दुमा उभिन पुगेकी छु। दैवको यो विचित्र खेलमा म आफै डुबुल्की मार्दै छु।"

मैले बुढी आमालाई सान्त्वना दिँदै भने, "हामी यस धर्तीमा नाङ्गै जन्मिन्छौँ अनि नाङ्गै मर्छौँ। बाचुन्जेल ईश्वरको कृपाले जे मिल्छ त्यही गर्छौँ। हाम्रो जीवनका हरपलको निर्धारण सबै पूर्वनिर्धारित हुन्छ। हामी त कठपुतलीजस्तै हौँ। जता चलायो उतै चल्ने। जे गर्न लगायो त्यही गर्ने। ईश्वरको इच्छा बुझ्न मानिसलाई हम्मे-हम्मे पर्छ। तपाईँप्रति ईश्वरको योभन्दा राम्रो कुनै इच्छा पो छ कि ? आमा, आजको समय बदलिएको छ, समाज बदलिएको छ। त्यति मात्र नभएर मानिसको व्यवहार बदलिएको छ। हामी सबैले विचार पुऱ्याएर काम गर्नुपर्ने बेला आइसकेको छ। पूर्ण विश्वास आफ्नै सन्तानमाथि पनि गर्न नसकिने बेला आयो। मर्ने दिनको टुङ्गो नलागेसम्म सम्पूर्ण सम्पत्ति छोराछोरीलाई सुम्पिएर घरको न घाटको हुनबाट कसरी बच्न सकिन्छ भनेर सोच्ने बेला आइसकेको छ। पानी रोकिएपछि जसरी हामी छाता बिर्सिन्छौँ, त्यसै गरी आजभोलिका मानिसलाई स्वार्थ सकिएपछि नाता, कुटुम्ब, साथीभाइ कोही काम लाग्दैन। सबै बिर्सिने बानी लाग्न थालेको छ। जे भए पनि समय नआएसम्म हामी यसै धर्तीमा बाँच्नु त पर्छ, आमा।"

मेरो कुरा सुनेर बुढी आमा केही नबोली चुपचाप बसिरहिन्। यत्रो विरहको कहानी सुनिसकेपछि यिनलाई मैले त्यसै अलपत्र पर्न दिन त भएन। के गर्ने होला ? मनमा अनेक

कुराहरू आए । घर पुऱ्याइदिन यी बुढीलाई घरको ठेगाना पनि थाहा रहेनछ । मेरो आफ्नो घरमा लैजान घरमा सल्लाह पनि गरेको छैन । फेरि उनको छोराले खोजी गरिरहेकै होला । प्रहरीमा खबर नगरी मैले घर लानु उचितजस्तो लागेन । उनको विचार जान्नलाई मैले सोधेँ, "आमा, अब तपाईँ कहाँ जानुहुन्छ ? यहाँ बास बस्न त पाइन्नँ । भोक पनि लाग्यो होला । छोराको घरको ठेगाना भए म पुऱ्याइदिन्थेँ । त्यो पनि थाहा रहेनछ तपाईँलाई ?"

बुढी आमाले भन्नुभयो, "खोइ नानी, के गर्ने केही थाहा छैन । मर्नु न बाँच्नु भो मलाई । यो बिरानो देशमा म कता जाऊँ, के गरूँ नानी ? म न घरको न घाटको भएँ अहिले । आफ्नै सन्तानहरूले मलाई सडकमा पुऱ्याएका छन् । म कसको शरणमा जाऊँ । म जीवनबाट आजित भइसकेकी छु । त्यसैले मलाई बाँच्नै मन छैन । इस्ट रिभरमा गएर हाम फाल्नेबाहेक मनले केही गुन्न सकेको छैन ।"

बुढी आमाका ती कुराहरू सुन्दासुन्दै म आफ्नो बालापनको सम्झनामा रुमलिन पुग्छु । एउटा मन्दिरअगाडि मलाई मेरी आमाले एकसरो लुगाले बेरेर छोडिदिएकी थिइन् रे । मेरो चिच्याहटले मन्दिरका पुजारीको आँखा मलाई बेरिएको लुगाको पोकोमाथि परेछ । मेरो नियतिमा मलाई अमेरिकासम्म पठाउने उद्देश्य लेखिएको रहेछ । त्यसैले बिचरा ती पुजारीले मलाई उठाउन बाध्य भएछन् । मलाई बोकेर उनी सोझै बालमन्दिर गई मेरो जिम्मा उनीहरूलाई दिएछन् । म बालमन्दिरमै हुर्कें, बढेँ र मैले पढ्ने सौभाग्यसम्म पाएँ । त्यतिबेला मेरो घाँटीमा एउटा सानो लकेट झुन्डिएको थियो जुन आजसम्म पनि मैले सुरक्षितसाथ राखिरहेकी छु । हेर्दाहेर्दै मैले यी बुढी आमाको अनुहारमा आफ्नी आमाको अनुहार देखेँ जुन मेरो कल्पनाकी आमा थिइन् ।

मैले भनेँ, "लौ सुन्नुहोस् आमा मेरो विचार । मैले आफ्नी आमा देखेकी छैन । कस्तो थियो उहाँको अनुहार त्यो पनि म जान्दिनँ । आमाको माया कस्तो हुन्छ त्यो पनि मलाई थाहा छैन । तर मैले आजबाटै तपाईँलाई आफ्नी आमा मानेँ । लौ हिँड्नुहोस् मसँगै । तपाईँलाई मेरो घरमा लैजान्छु । अब तपाईँले मर्नुपर्दैन । घरमा हामी दुई जना लोग्नेस्वास्नी मात्र छौँ । मेरो श्रीमान् पनि बालआश्रममै हुर्किनुभएको हो । उहाँको पनि यो संसारमा मबाहेक कोही छैन । हाम्रो विवाह पनि बालमन्दिरमै भएको थियो । बालमन्दिरकै मद्दतले हामी यहाँसम्म आएका हौँ । त्यसैले आमा, तपाईँले आजदेखि आफूलाई एक्ली नठान्नु होला । तर घर जानुअगाडि तपाईँको रिपोर्ट चाहिँ प्रहरीमा गर्नुपर्‍यो । फेरि तपाईँको छोराले आमा हराएको रिपोर्ट गरेर मलाई अपहरणको मुद्दा लगाउन सक्छ । कानुनी राज्य भएको ठाउँमा कानुनबमोजिम नै चल्नु हामी सबैका लागि राम्रो हो ।" यति भन्दै म

आमालाई गम्लङ्ग अङ्गालो हाल्न पुग्छु। आमाले आँसु पुछ्दै आफूले आश्रय पाएकोमा लामो सास फेर्नुभयो। नजिकैको प्रहरी कार्यालयमा गएर मैले सबै रिपोर्ट गरेँ। रिपोर्टको एक प्रति कागज साथैमा लिएर आमालाई घरमा लगेँ।

श्रीमान् पनि कामबाट घरमा आइसक्नुभएको रहेछ। मैले उहाँलाई आमाको सबै कुरा बेलिविस्तार लगाएँ। उहाँ पनि मेरो निर्णयबाट खुसी हुनुभयो। दिनहरू बित्दै गए। म र मेरो श्रीमान् आमा पाएकोमा ज्यादै खुसी थियौँ। घरमा अर्को खुसी पनि थपिएको थियो। म स्वयम् आमा बन्दै थिएँ। कामबाट घरमा आउँदा आमाका हातले बनेका परिकार तथा ताजा खानेकुरा खान पाउनु, आमाको छत्रछायामा ओत लागेर बस्न पाउनु भाग्यमानीले मात्र पाउने कुरा हुन्। मेरो बच्चा जन्मिने मिति पनि नजिकै आइरहेको थियो। एकदिन म र मेरो श्रीमान् कामबाट घरमा आउँदा आमाले दहीचिउरा खुवाउने चाँजोपाँजो मिलाएर हामी दुबैलाई आश्चर्यमा पारिदिनुभयो। सबै पाहुना हाम्रो घरमा आइसक्नुभएको थियो। आमाले केक काट्ने, टीकाटाला गर्ने सबै बन्दोबस्त मिलाउनुभएको रहेछ। म हर्षविभोर भएँ। मैले आमासहित सबैको आशीर्वाद पाएँ। बालमन्दिरबाट जीवन सिर्जना गरेको मानिसलाई योभन्दा बढी खुसी जीवनमा के चाहियो र ? यतिबेला कता-कता मनभित्र मलाई जन्माउने आमालाई सम्झना गर्न पुग्छु अनि कोठाभित्र आफूले जतनले राखेको त्यो पुरानो लकेट झिक्दै ओल्टाईपल्टाई हेर्छु। कुन विवशताले होला मेरो परिवार तथा मेरी आमाले मलाई त्यागेको ? अनि मसँग अहिले भएकी आमालाई सम्झन पुगेँ जसले मलाई जन्म नदिए पनि ममाथि मायाको वर्षा बर्साइरहेकी छिन्।

म सम्झनामा बहकिरहेको बेला आमाको अत्तालिँदै गरेको स्वरले झस्किन्छु, "नानी, के भयो तिमीलाई ? आजको दिनमा पनि तिम्रो आँखामा आँसु ? सन्चो भएन कि क्या हो ? व्यथा त लागेन ?"

मैले भनेँ, "हैन आमा, यस्तो केही होइन। आज कता-कता मलाई जन्म दिने आमालाई सम्झन पुगेँ। बच्चामा मेरो गलामा एउटा लकेट थियो। त्यसलाई मैले जतनसँग राखेकी थिएँ। आमाको चिनो हेर्न मन लागेकाले झिकेर हेरेकी मात्र हो।"

"खोइ हेरौँ त नानी ?" आमाले भन्नुभयो। आमालाई त्यो लकेट दिएँ। आमा एकाएक मलाई अङ्गालो मार्दै रुन थाल्नुभयो।

छक्क पर्दै सोधेँ, "आमा के भयो ?" आमा मेरो घरमा आएदेखि कहिले पनि यसरी रुनुभएको थिएन। आज एक्कासि त्यो लकेट देखेपछि भक्कानिएर रुन थाल्नुभयो।

रुँदै-रुँदै आमा बोल्न थाल्नुभयो, "छोरी तिमीले मेरो जीवनमा यति खुसी ल्याइदिएकी छ्यौ कि म जन्मजन्मान्तर तिम्रो ऋण तिर्न सक्दिनँ । तिमी मेरी छोरी हौ । मेरी आफ्नै छोरी ।"

म अकमक्क पर्छु । ट्वाल्ल परेर आमालाई हेरिरहन्छु । यी बुढी आमा के भन्दै छिन् हँ ? मेरो मनको दुबिधालाई हटाउने इच्छासहित आमाले भन्नुभयो, "हो, छोरी म सत्य बोल्दै छु । तिमी मेरी आफ्नै छोरी । मेरै कोखबाट तिमी जन्मिएकी हौ । यो लकेट तिम्रो गलामा मैले मेरो लोग्ने र परिवारको दृष्टिबाट टाढा फाल्नुभन्दा पहिले तिमीलाई लगाइदिएकी थिएँ । सासूससुरा र लोग्नेले गर्दा तिमीलाई यही हातले मुटुमाथि ढुङ्गा राखेर मन्दिरको अगाडि छोडेर आएकी थिएँ । मेरा घरका खान्दानी परिवारले पहिलो जायजन्म छोरी भयो भने घरमा राख्नै हुँदैन, अफापसिद्ध हुन्छ भन्ने अन्धविश्वासी अडान कायम राख्नका लागि मेरो ममताको गला घोटेर तिमीलाई फाल्न लगाएका थिए । जीवन बिताउनुपर्ने घरमा तिमीलाई फाल्नुबाहेक मेरा अरू केही बाटाहरू थिएनन् । कसैले लगिदिऊन् र तिम्रो जीवन बाँचोस् भन्ने मेरो चाहना थियो । त्यसैले मन्दिरअगाडि पुऱ्याएकी थिएँ । त्यसपछि मैले एक एक वर्षको फरकमा तीन जना छोराहरू जन्माएँ । छोराहरूको मुख हेरेर लोग्ने तथा सासूससुराको स्वर्गारोहण केही वर्षको अन्तरालमा भएको थियो । त्यसपछि मेरो जीवन पुनः सङ्घर्षको मैदानमा उत्रियो । जुन बेलादेखि म तिमीकहाँ बसेँ मैले मनमनै तिमीलाई आफ्नी छोरी बनाएकी थिएँ । हेर, आज ईश्वरको लीला !"

म निःशब्द हुन्छु । केही बोल्न सक्तिनँ । एकछिनपछि खुसी व्यक्त गर्दै आमालाई अङ्गालो हाल्दै 'आमा ! आमा !' भनिरहन्छु । मैले मेरी आमा पाएँ । म स्वयम् आमा बन्दै छु । एउटी परी हामी दुबैको खुसीमा सामेल हुँदै मेरो पेटभित्र खुसीले उफ्रँदै नाचिरहेकी छिन् । भन्दै छिन्– 'आमा, म पनि चाँडै आउँदै छु, तपाईँ र हजुरआमालाई सताउन ।'

०–०–०



निबन्ध / संस्मरण

# मिठो-नमिठो

*विमल कोइराला*

किन कुनै खानेकुरा भनेपछि हुरुक्कै हुन्छु, किन कुनै पकवान ठिकठिकै लाग्छन् । किन कुनै खास वस्तु हेर्न पनि मन लाग्दैन । किन कसैले बोलेको मधुरो धुन बजेजस्तो लाग्छ । किन कसैले चेपारो घस्दा पनि मन निस्सासिन्छ । म बिहान कति गाँस भात खान्छु, गनेको छैन । तर मिठो पाउँदा ५/७ गाँस बढी नै खान्छु । यो कुरा मेरी पत्नीलाई थाहा छ । मेरा लोग्नेले धेरै खाइदिओस् भनेर मलाई मन पर्ने कुरा बनाउँछिन् । अहिले भने धेरै खाँदा मोटाइन्छ भनेर सजग हुन्छिन् । मिठो खानासँग मेरो अनौठो सम्बन्ध छ । सानो हुँदा बारीमा फलेका कुराहरू मात्र पाक्ने हुँदा कहिले पन्ध्र दिनसम्म आफूलाई मन नपरेको खानुपर्ने, कहिले ७/८ दिनसम्म आफूले रुचाएको पाक्ने । म आफू पनि मौसमी-बेमौसमी भएको थिएँ त्यस बेला । प्रायः "मिठो" भनेको गुलियो भन्ने बुझिँदो रहेछ । एकपल्ट एउटै टेबलमा उत्तर प्रदेशको साथीसँग भात खाइरहेको थिएँ । मैले "बहुत मिठा हैं" भन्दा उसले ओठ लेप्रायो । मैले उसलाई मिठो नलागेको हुन सक्छ भन्ने ठानी केही भनिनँ । पछि उसले मिठा तो नहीं था स्वादिष्ठ जरुर था भनेपछि अर्थ थाहा पाएँ । मिल्छ-मिल्दैन थाहा छैन तर मिठो-नमिठो धेरै ठाउँ प्रयोग गर्छु । खानेकुरा, बोलीवचन, व्यवहार र प्रेममा यो शब्द मेरो मुखबाट निस्किहाल्छ । कुनै खालको द्वन्द्व वा झगडा मलाई नमिठो लाग्छ, शान्ति मलाई निश्चय पनि मिठो लाग्छ । बच्चा हाँसेको, लडीबुडी गरेको मिठो लाग्छ । नमिठो लाग्ने त कति छन् कति ...! मिठो-नमिठो हाम्रो सोचाइ, भावना, व्यवहार र क्रियाकलापका उपज हुन् जसलाई जिब्रोले मात्र सङ्केत गर्दैन । मैले लामो समयसम्म मिठो-नमिठोको न्यायाधीश जिब्रोलाई ठानेर भ्रमपूर्ण जीवन बिताएँ ।

मिठो इच्छित र नमिठो अनिच्छित पनि होइन रहेछ । संस्कृति र सन्दर्भमा यसको व्याख्या हुने रहेछ । यो वस्तुगतभन्दा पनि विषयगत हुने रहेछ । यसलाई पर्गेल्ने कुनै साझा, समझदारी वा यसलाई मापन गर्ने कुनै विधि होला ? न्याय, निष्पक्षता वा करुणाजस्ता भावनात्मक संयन्त्रले मिठो-नमिठोलाई छुट्याउन सक्ला ? मभित्र इमान, निष्ठा, सार्वभौमिकता र आपसी सम्मानजस्ता शब्दहरू परेड खेल्दै हुन्छन् तर पनि म सही जवाफ पाउन नसकेर हराइरहेको हुन्छु । त्यसको ठिक विपरीत निर्दयता, यन्त्रणा

र जानीजानी पुऱ्याउने नोक्सानीलाई वस्तुगत मापनका सूचकहरू बनाएर नमिठोलाई मापन गर्न खोज्छु– म त्यहाँ पनि हराउँछु । यो अमूर्त विषय त पक्कै पनि होइन तर पनि विषयगत कुरामा अल्मलिएर साझा मापन हुँदैन !? के मिठो सधैँभरि मिठो र नमिठो सधैँभरि नमिठो नै हुन्छ ? कहिलेकाहीँ मिठो-नमिठो र असल-कमसलमा समानता खोज्छु । कुनै-कुनै सन्दर्भमा त पर्यायवाची नै हुन् कि जस्तो पनि लाग्छ तर धेरै विषयहरूमा झनै फरक पाउँछु । ज्याँ पल सार्त्रले साहित्यतर्फको नोबेल पुरस्कार अस्वीकार गर्दा मलाई नमिठो लाग्यो । त्यसलाई कमसल लाग्यो भन्न मिलेन । तर हेगेलको आदर्शवाद मलाई मिठो पनि लाग्यो र असल पनि । तासको पत्ता फिटेजस्तो हुँदो रहेनछ जे आयो त्यही प्रयोग गरिदिने ।

राजनीतिमा मिठो-नमिठो पनि हिंस्रक हुने रहेछ । विपक्षीलाई अन्यायपूर्वक गला रेटिँदा पनि समर्थकहरूले मिठो मान्दिनुपर्ने । कसैले तर्कपूर्ण अभिव्यक्तिले आफ्नो नेताको कुरालाई अस्वीकार गऱ्यो भने आफूलाई मिठो लाग्दालाग्दै पनि नमिठो साह्रै नमिठो भन्दिनुपर्ने । युद्ध, मारकाट र नाइन्साफी पनि मिठो लाग्ने अर्का थरीलाई रुच्दै नरुच्ने । हावादारी गफ र उटपट्याङ अभिव्यक्तिलाई पनि जीवनसूत्र मानेर मिठो-मिठो भन्दै थपडी बजाउनेहरूको झुन्ड देख्दा मिठो-नमिठो शब्दमा नै खोट छ जस्तो लाग्छ । तर, बरा शब्दले त के अपराध गऱ्यो होला, शब्दको दुरुपयोग गर्नेहरूले शब्दकोशमा उल्लिखित अर्थ भत्काइरहेछन् भन्नुपर्ने हुन्छ । अहिले संसारभरि नै मिठो-नमिठोको जनमतसङ्ग्रह गर्ने हो भने कुनै पनि विषयमा मत विभाजित भएको देख्नुपर्ने हुन्छ । के त्यसो भए मिठोको सार्वभौम अर्थ र परिभाषा छैन ?

बाघले रगतमासु मिठो मानी-मानी खान्छ, गाईले सुँघ्दा पनि सुँघ्दैन । रुचि-अरुचि भन्दा पनि जैविक संरचनाले नै कतिपय मिठो-नमिठो वा ग्राह्य वस्तुहरू छुट्याइदिएको हुन्छ । मान्छेको जैविक र वंशाणुगत बनौटका कारणले उसको निर्णयमा कमसेकम एकरूपता हुनुपर्ने हो, तर मानिसमै यति धेरै विविधता पाइन्छ कि अर्थ खोज्न थाल्यो भने अर्थ नै अलमल हुन्छ । के यो पृथ्वीमा 'स्वयं सिद्ध' भन्ने छैन वा हुँदैन ? पाँच/छ कक्षाका विद्यार्थीले अझै पनि पृथ्वी गोलो हुनुका कारणहरू घोकेर (बुझेर होइन) परीक्षा पास गर्ने गर्छन् । पृथ्वी गोलो छ भन्ने पनि स्वयंसिद्ध छैन र ? कतिपय विषयहरू कुनै समयमा स्वयंसिद्ध अप्रमाणित भएका उदाहरण पनि छन् । लेमार्कको वंशाणुगत विकासवादले एकछत्र ४०/५० वर्षसम्म रजगज गऱ्यो । जिराफको घाँटी लामो हुनुको कारण रुखका पातहरू खान घाँटी तान्क्याउनुपरेको दृष्टान्तले विकासवादको सिद्धान्तमा तहल्का मच्चायो तर कान छेडिएका बा-आमाबाट कान छेडिएको अर्को पुस्ता देखा परेन

र एउटै क्षमता-दक्षताका बा-आमाबाटै उस्तै दक्षताका सन्तान जन्मिएनन् । विकासवादमा वंशाणुगतको सिद्धान्त थला पऱ्यो । स्वयंसिद्ध बन्न लागेको सिद्धान्त असिद्ध हुन पुग्यो । मलाई मिठोको स्वयंसिद्धता पनि अस्थायी हुन्छ जस्तो लाग्छ । एउटा कालखण्डमा मिठो र पछिको कालखण्डमा नमिठो हुने ।

मिठो-नमिठो वा असल-कमसल यात्रा हो कि गन्तव्य ? यसको मार्गचित्र कस्तो होला ? मिठो-नमिठो वा असल-कमसलको औसत के होला ? यो सापेक्षिक हो कि निरपेक्ष ? नमिठोको चरम बिन्दुबाट मिठोमा पुगिने हो कि आआफ्नो स्वार्थअनुसार व्याख्या गर्दै जाने ? कस्तो अवस्था सृजना हुँदा स्वाद फेरिएको भन्दै आशावादी हुने वा कस्तो अवस्था रहिरहँदा निराश हुने, कुण्ठा पाल्ने ? हाम्रो देशको राजनीतिले भने राम्रो-नराम्रो, असल-कमसल र मिठो-नमिठोको बेग्लै मानक र परिभाषा निर्माण गरेको छ । आफूले गरेको जति जम्मै राम्रो-असल र अरूले गरेको एकमुस्ट खराब भन्दै सरकारमा बहाली गरेको दिनदेखि २ महिनासम्म निरन्तर यो पनि खराब ऊ पनि खराब त्यो पनि खराब भन्ने र त्यसपछि आफू रहुन्जेल जादुको छडी खेलाएर सबै ठिकठाक र उपद्रो राम्रो गरेँ भन्ने, गाली गर्न भने नछाड्ने । आफूले दिएको/खाएको मिठो मान्दिनुपर्ने भाष्यको जन्जालमा परेका हामीलाई पारिभाषिक समस्या त पर्ने नै भयो ।

हामी चरम निराशाको अवस्थामा हुनुको कारण सामाजिक विचलन पनि हो । राजनीतिक दलहरूले आफन्तलाई बक्सिस बाँडे, जनताको भागमा खोक्रो आश्वासन पऱ्यो । मिठो-नमिठोको हेक्कै भएन । भाषण र कागज पकाएर छाक नटर्ने भएपछि स्वादको कुरै भएन । तत्कालको त कुरै छाडौँ, सुदूरसम्म पनि भविष्य नदेख्ने भएपछि अङ्शवण्डामा पाएको निराशाको स्वाद कस्तो हुने ? तितो राजनीतिले बाँडेका टर्रा सपनाहरूको खान्कीको स्वाद कसरी परख गर्ने ? केही आशालाग्दा र मिठा कथाहरू भनेर आशा जगाइदिने नायकको खोजीमा भौँतारिएको समाजका निम्ति 'मिठो-नमिठो' विलासी विषय बन्न पुगेको छ । यदि चरम गरिबीबाट समाज मुक्त हुन सक्यो भने, यदि सबै किसिमका विभेदहरूको अमलेख हुन सक्यो भने र यदि राज्यको स्रोत सीमान्तीकृत जनताको उन्नतिका खातिर विनियोजन हुन सक्यो भने नेपालीहरूले पनि मिठो सपना देख्न थाल्छन् र उनको अचेत मस्तिष्कको ग्रन्थिले मिठो-नमिठो छुट्याउन थाल्छ ।

किन हामी स्वाद थाहा पाउँदैनौँ ? किन मिठोजति एक थरी र नमिठो अर्को थरीले खानुपर्छ ? यो असमान धरातल कसले बनाएको हो ? धेरै प्रश्नहरूको जवाफ मसँग छैन । अनि बास्नादार (मसला हालेको), देख्दै आकर्षक र सजाइएको खानेकुरा मन पर्ने हुनाले सार्वजनिक जीवनमा पनि त्यस्तै कुरा मन पर्नु पर्ने हो, तर नागरिकको हिसाबले मलाई

मुलायम र आफूले पचाउन सक्ने सामग्री मात्र मन पर्छन् । सन्दर्भ फरक रुचि पनि भिन्न हुने रहेछ । मसला हालेर बोलेको ढाँट कुरा पटक्कै मन पर्दैन । झन् उडन्ते गफ छाँटेको त सुन्नु पनि नपरोस् जस्तो लाग्छ । म निराश व्यक्ति त होइन तर छल गरेका कुराहरू सुन्दा कहिलेकाहीँ भ्रममा पर्छु । मलाई पर्ने द्विविधाको हल भनेको मुलायम र तार्किक प्रस्तुतिले दिने हुन् । अहिलेको विश्वमा आकाश–पाताल जोड्ने ढाँटहरूले पनि नमिठा समूहहरू बनाएका छन् भने धेरैजसो मन पराइनेहरू भने गम्भीर (आवश्यक परेका बेलामा मात्र विचार दिने) र छेडखानी नगर्नेहरूलाई नै धेरैले मिठो मानेको देखिन्छ । स्वाद नरम भए पनि पचाउन सजिलो हुन्छ र स्वास्थका लागि पनि गुनिलो हुन्छ । बलियो स्वाद र वास्ना नभए पनि दिगो हुन्छ ।

अहिलेको विश्वमा वैश्विक शक्तिको अस्वस्थ प्रतिस्पर्धा भइरहेकाले विज्ञान र प्रविधिको शक्ति विस्तारमा सबै लागिपरेको देखिन्छ । यस्तो अवस्थामा हामीजस्ता साना मुलुकहरू कहाँ अटाउने भन्ने चिन्ता छ । प्रविधिले नै सबै समस्या समाधान गर्छ भनेर बस्यौँ भने रूपान्तरण सम्भव नहोला । जेजति र जेजस्तो विज्ञानप्रविधिले गर्छ त्यो सबैको केन्द्रविन्दुमा 'मानिस' हुन्छ भन्ने बिर्सियौँ भने अधोगति नै हात लाग्छ । मानवीय विशिष्टतासहितको विज्ञानको प्रयोगले मात्र मिठो नतिजा दिने हो । कृत्रिम बौद्धिकता (AI) लाई शब्द दिएर कविता लेख्न लगाउन सकिएला तर भाव आउँदैन जो मानवमनको गर्भमा बन्छ । राज्य सञ्चालकहरूले साझा रूपमा बुझेको कुरा के हो भने शक्ति कसरी एकै ठाउँमा थुपार्न सकिन्छ र त्रास सृजना गरेर जनता कज्याउन सकिन्छ । सबै शासकले खेल्ने खेल यही हो । प्रविधि त हतियार हो जसलाई बलपूर्वक जनताविरुद्ध प्रयोग गरिन्छ । यसलाई मिठो–नमिठो जे भन्नुहोस् जनताले स्विकार्दै आएको छ । प्रविधिले नै सबैथोक गर्दिने भए विशिष्टीकृत जनशक्ति किन चाहियो ? कर्मचारीतन्त्रमा व्यावसायिकताको खाँचो किन पऱ्यो ? जस्तो परिवर्तन भए पनि मानिसको विकल्प मानिस नै हो । संस्कृति, सभ्यता र सृजनाको नरम शक्ति ऊसँगै छ र ऊबिना कठोर हिंसा वा युद्ध पनि सम्भव छैन ।

सभ्य समाज नै मिठास हो । हतियार र क्षेप्यास्त्रले लडिने द्वन्द्व वा युद्धले विनाश निम्त्याउँछ, त्यो मिठो हुँदैन । प्रविधिको विकास र उपयोगबिना विकास सम्भव छैन तर त्यो सृजनात्मक प्राविधिक व्यावसायिकता हुनुपर्दछ । सृजनात्मक भन्नेबित्तिकै "मानिस"सँग जोडिन्छ अर्थात् मानिसले थुप्रै मानिसहरूका निम्ति उपयोग गर्ने र लाभ दिलाउने प्रविधिले मात्रै रूपान्तकारी प्रगति–समृद्धि फिँजाउँछ । मानवता नभएको प्रविधिले त केही भङ्ज्याहाहरूको झुन्डलाई असीमित शक्ति थुपारिदिन्छ र त्यो शक्ति प्रायः मानवहित

विपरीतका काममा प्रयोग हुन्छ । भारत-पाकिस्तानको सीमा रक्षाको खर्च वा रुस-युक्रेन युद्धको लागत हिसाब गर्ने हो भने मानवीय क्षतिबाहेक नै पनि ३/४ वटा अति गरिब मुलुकहरूलाई गरिबीबाट उकास्न लाग्ने खर्चभन्दा बढी नै भएको छ । यो कसले कसका निम्ति गरिरहेको छ ? अहं र तुष्टिका निम्ति राष्ट्रवादको नारा घन्काउने शासकहरूले गरिरहेका हुन् । त्यसको विरोध गर्ने सामर्थ्य सर्वसाधारणबाट खोसिएको छ । यी र यस्ता नमिठा प्रसङ्गहरूले मलाई मिठो-नमिठोको परिभाषामा अल्मल्याइरहेका छन् ।

लेखाको अभिलेख र श्रमिकहरूको भाग हरण गरेर उत्पादनको प्रतिफल लगानीकर्तालाई मात्र दिलाउने प्रयोजनका लागि राखिनु हुँदैन । अहिले हामी कृत्रिम बौद्धिकता (AI) को त्रास र द्विविधामा बाँचिरहेका छौँ । यो बिर्सनु हुँदैन कि एआई को अन्वेषक र प्रयोगकर्ता मानिस नै हो । जसले बनायो उसले पक्कै पनि आणविक हतियारको सूचना प्रणालीका लागि मात्र यसको प्रयोग हुन्छ र कोही (धेरैथोरै) यसको प्रयोगले शक्तिशाली हुन्छन् भनेर बनाएको होइन । सृजनात्मक काम गरेर उत्पादकत्व बढाउँछ र प्रतिएकाइ लागत घटाउँछ, यसले लोककल्याण बढाउँछ भनेर नै विकास गरिएको हो, तर यसको उपयोग भने गलत ठाउँमा भइरहेको छ । मानवकल्याणमा यो मिठो लाग्नुपर्ने प्रविधि नमिठो मात्र होइन टर्रो हुँदै जाने खतरा छ ।

दासता खराब मात्र होइन कलङ्क नै हो सामाजिक-आर्थिक र राजनैतिक दृष्टिकोणले तर दासता वा बँधुवा श्रमिक (विशेष गरी काला अमेरिकी) अमेरिकाको विकासको आधारस्तम्भ रह्यो । उजाड फाँटहरूमा हरियाली भर्न, कठिन खानी उत्खननको काम गर्न र अमेरिकाको औद्योगिकीकरणमा बँधुवा श्रमिकहरूको ठुलो योगदान छ । अमेरिकाले सकारात्मक परिवर्तनको विस्तार र वितरण त्यसै बेला गऱ्यो । राज्यले यसलाई मिठो मान्यो । कैयौँ वर्ष यसको लाभांश जनताले पाइरहे, तर त्यो विकास समग्र मानवजातिको अपमान थियो । मार्टिन लुथर किङ जुनियरले भद्र अवज्ञाको आन्दोलन चलाएपछि बँधुवा श्रमिकले आर्थिक-राजनैतिक अधिकार पाए । त्यसअघि नै काला जातिको अमलेखको घोषणा अब्राहम लिङ्कनले गरिसकेका थिए । दासबाट नागरिक मात्र होइन, मुलुकको समान अंशियार बनाइएको त्यो घटना मलाई मिठो लाग्छ । यसलाई नमिठो मान्नेहरू त्यसबेलै थिए, अहिले पनि छन् । दबाब र थिचोमिचोलाई राज्य सञ्चालकहरूले चाँडो आफूले भनेका र चाहेका कुरा पूरा गर्ने अस्त्रको रूपमा प्रयोग गर्ने गरेका छन् । जनताको अभिमतको पछि लाग्यो भने चाहेजस्तो गर्न सकिँदैन भन्ने मानसिकतामा निर्वाचित अधिकारी नै लाग्ने गरेको देखिन्छ । जनतालाई केही होइन भन्ने र आफ्नो स्वार्थका निम्ति बिचौलिया प्रयोग गरी राज्यका तीनै अङ्का अधिकारहरू एकीकृत गरी "निर्वाचित

अधिनायकवादी" हुने होडले लोकतन्त्र विकृत हुँदै गएको छ । लोकतन्त्रको शुद्धता निर्वाचित अधिनायकवादीहरूलाई मिठो लाग्दैन र अहिलेको विश्वमा यो सामग्री अप्राप्य हुँदै जानुभन्दा नमिठो के हुन्छ र ?

भाँती पुऱ्याएर बोल्यो भने मिठो सुनिन्छ तर त्यो कविता हुँदैन । कवितामा हुने भावको घनत्व मरिगए पनि संवादमा हुँदैन । मिठो हुनु वा लाग्नु भनेको त स्वाद लिनेको मनको कुरा हो । त्यसो भए मिठो–नमिठो अमूर्त विषय हो त ? मलाई काउली र हरियो केराउको तरकारी हिउँदभरि दिँदा पनि मिठो मानेर खान्छु । मेरो जिब्रोको स्वादे ग्रन्थिले पनि राम्रै रुचाउँछ । यो कसरी अमूर्त हुन सक्छ ? लगातार एउटै कुरा चपाउँदा पनि स्वादे ग्रन्थि नथाक्नु अचम्मैहोइन त ! विश्वको आठ अरव जनसङ्ख्याको यस्तो ग्रन्थि बेग्लाबेग्लै हुन्छ कि मनको रसायनले मिठो–नमिठो छुट्याउँछ । यी प्रश्नहरूले मलाई झन्ः द्विविधामा पार्छन् । मैले एक पटक आइज्याक बासेभिस सिङ्गर (साहित्यका नोबेल पुरस्कार विजेता)लाई सुन्ने मौका पाएको थिएँ । उनले तिम्रो लेखाइमा यिद्दीश संस्कृति झल्किन्छ भनेका थिए– "मेरो लेखाइमा यिद्दीशबाहेक अरू झल्क्यो भने तिमीले शङ्का गर्नू । मैले आफू जे हुँ त्यही लेखेँ भने त्यो आधिकारिक हुन्छ । मेरो जिभ्रोले पनि लगातार पिज्जा वा ह्याम्बर्गर रुचायो भने शङ्का गर्दा हुन्छ । काउली रुचायो र रैथाने स्वाद रुचायो भने के बिग्रियो ? मलाई आफ्नै सांस्कृतिक मान्यताका परिधिमा रहेर गरिएका कार्यहरू राम्रा र मिठा लाग्छन् ।

सिद्धान्तकारहरू आदर्श समाजको परिकल्पनामा असम्भव अनुमान लाएर विचार रच्छन्, वादका कुरा गर्नेहरू अरूका मस्तिष्कमा सीमाको पर्खाल लाइदिएर परिधि ननाघ्नू भनेर आदेश दिन्छन् । मलाई यिनीहरूका कुरा नमिठो मात्र होइन वाहियात नै लाग्छ । म आफ्नै विचारमा स्वतन्त्र हुन चाहने प्राणी हुँ । मलाई यीभन्दा व्यवहारवादीहरू (Pragmatist) कुशल लाग्छन् । कसैका विरुद्ध मुर्दावाद वा समर्थनमा जिन्दावाद भन्ने इच्छा भएन । आदर्शका खोक्रा उपदेशहरू बाँड्दै हिँड्ने वा मेरो वादको हो भनेर कित्ताकाट गर्नेहरूबाट सहिष्णु समाज निर्माण होला भनेर पत्याउनु गाह्रो हुन्छ । विचारको प्रवाहलाई नरोकी पारस्परिक सम्मानका आधारमा सम्मिलित समाज मलाई मिठो लाग्छ । मिठो–नमिठो अन्तर्द्वन्द्वमा मैले छुट्याउने सूचकहरू पनि अनौठा छन् ।

मिठो स्वादको मार्गचित्रभन्दा मिठो भविष्यको मार्गचित्र फरक हुन्छ । निष्ठा, इमान, लगन र वैचारिक स्पष्टताले नै गन्तव्यतिर डोऱ्याउने हो । जतिसुकै आदर्श र वादका कुरा गरे पनि निष्ठा र इमान छैन भने त्यो खोक्रो र प्रयोजनविहीन हुन्छ । हामीले आफ्नै देशको

इतिहास हेर्दा पनि जनताले भविष्य लेखिदेऊ भन्दा कलमको हुनेले निब भाँचेको देखेका छौँ । अतः हामी बनाइदिनेभन्दा नबिगारिदिने नायकको खोजीमा छौँ ।

हाम्रो अपूर्ण दृष्टिकोण र शक्तिशाली हुने रहर र चरित्र हाम्रो विकासको प्राथमिक बाधक यथार्थता हुन् । हामीसँग धेरथोर सिप पनि छ र ल्याकत अनि जाँगर पनि । यी सबै निकास नभएको पोखरीमा जम्मा भएर बसेका छन् । योभन्दा नमिठो र कहालीलाग्दो अवस्था के हुन्छ ? हामीसँग आशा, आस्था र विश्वासको ठुलै मूल्यको चेक पनि छ तर साटेर नगद बनाउने बैङ्क छैन । विश्वासिलो बैङ्क भए पो बचत गरिराखेको ऊर्जा सुरक्षित हुन्थ्यो । यो वातावरणीय कठिनाइले नमिठो अवस्था सृजना भएको छ । प्रतिस्पर्धा चाहिन्छ र विकासको पूर्व सर्त पनि हो यो । हामी पारस्परिकता र सहयोग खोजिरहेको बेला अस्वस्थ प्रतिस्पर्धाको कुरा गरिरहेका हुन्छौँ । तिक्तता बढाउने प्रतिस्पर्धाभन्दा पास्परिकता ठिक हो कहिल्यै भनेनौँ र ईर्ष्या, डाह र होच्याउने प्रवृतिलाई मलजल गऱ्यौँ ।

राजनैतिक प्रणालीमा भएका फेरबदलबाहेक हाम्रा गौरवशाली उपलब्धिहरू निकै कम भए । हामीले के पायौँ भन्नेहरूको सङ्ख्या ठुलो र अहिलेको परिस्थितिमा रमाउनेहरूको सङ्ख्या सानो अनि सानो सङ्ख्याले ठुलो जनमतलाई अह्राउन वा हेप्न थाल्यो भने असन्तुष्टि बढ्छ । स्थिति सुध्रिएन भने असन्तुष्टि निराशामा परिणत हुने भय हुन्छ । त्यतिसम्म त ठिकै छ, निराशा कुण्ठा वा विद्रोहमा अनूदित भयो भने त्यसको मूल्य राज्यले चुक्ता गर्न गाह्रो पर्छ । हामीले बेलैमा यो बढ्दो असन्तोष साम्य पार्ने जुक्ति खोजेनौँ भने हाम्रा सामाजिक मूल्य र मान्यताहरू नष्ट हुन्छन् । थोरै मात्र पर हेरौँ र नमिठो अवस्था आउन नदिने परिस्थिति निर्माण गरौँ । हिंसा, विनाश, विग्रह र अत्याचारजस्ता शब्दहरू जीवनको शब्दकोशबाट हटाउन हाम्रा प्रयासहरू निर्देशित भएनन् कि ? विभेद र असमानता बढ्दै जाँदा पनि वितरण प्रणालीका कारणले बोकेका सिद्धान्त वा वाद प्रयोजनविहीन भए कि ? केही पत्यारिला सुरुआत नगरी विश्वास आर्जन गर्न नसकिने नमिठो अवस्थामा फँसेका छौँ अहिले ।

नमिठोलाई मिठो बनाउन गाह्रो हुन्छ । अध्ययन, सिप, कौशल र इमानबिना परिस्थिति बदल्न सकिँदैन । "मासु त त्यसै मिठो हुन्छ, गुन्द्रुकलाई मासुजस्तै स्वादिलो बनाऊ न" भन्नुहुन्थ्यो काहिँला बा । परिश्रम नै नगरी मिठो खोज्ने हाम्रो सोचाइ र केही नगर्ने अनि अरूले पकाएको मिठो खाने मस्त स्वभाव हाम्रो विकासका बाधक हुन् । हाम्रो स्थानीय तह, प्रदेश र केन्द्रीय सरकारले मठमन्दिर बनाउन, सामुदायिक भवन बनाउन वा नेताका नाममा रहेका प्रतिष्ठानहरू चलाउन राष्ट्रिय ढुकुटीबाट राम्रै रकम बर्सेनि विनियोजन गर्छ तर गरिब जनताले सोझै पाउने क्षेत्रमा, साहित्य–कला–संस्कृति विकासमा

रकम दिन कन्जुस्याइँ गर्छ। यी नमिठा विरोधाभास मिठो बनाउन ठुलो सिप पनि चाहिँदैन। लक्ष्यप्रति इमान भए पुग्छ।

किन कसैको भागमा सधैँभरि मिठो मात्र पर्छ, किन कसैले नमिठो मात्र ब्यहोर्नुपर्छ ? केही नगरीकन नमिठो र मिठोबिच बाँधिएको पुल बाटोबिना गन्तव्यहीन र यात्रा-अमैत्री बन्दै छ ? किन कसैलाई त्यही कुरा सरल हुन्छ, किन अरूलाई महाभारत हुन्छ ? किन सरकारहरू सरकार मात्र सञ्चालन गर्छन् र जनतालाई तपसिलको विषय ठान्छन् ? किन न्याय प्रणाली सक्रिय र विकासमैत्री हुँदैन र थुनछेक र धरौटीमै घुमिरहन्छ ? विकासमैत्री न्याय प्रणाली भइदिएको भए "लोडसेडिङ" भन्ने शब्द हाम्रा छोराछोरीले सुन्नुपर्थेन। हामीले नमिठा कुराहरूलाई मिठा बनाउने प्रयत्न नै गरेनौँ; त्यसैले यी शब्दहरू सार्वभौम भए– मिठो सधैँभरि मिठो र नमिठो सधैँभरि नमिठो।

o–o–o

निबन्ध/संस्मरण

# मनको गहनता



*मञ्जु काँचुली*

जसले मनलाई बुझ्ने, केलाउने, हेर्ने र विवेचना गर्ने चेष्टा गर्छ त्यसलाई आत्मदर्शनको भावले छोएछ भनी ठान्नू। मनलाई बुझ्न, तौलन र यकिन गर्न त्यति सजिलो छैन। मनकै खेलमा परेर मानिसले ठुलो पराक्रम वा ठुलो भूल गर्छ र पछि खुसी हुन्छ वा पछुताउँछ। त्यही मनले असल वा खराब कामहरूको तर्जुमा गर्छ, सफल वा विफल हुन्छ। देखिइने वा नदेखिइने सबै खालको स्थितिमा पुऱ्याउने मन नै हुन्छ। मनको कुरा गर्ने मान्छे सबै ब्रह्मज्ञानी हुँदैनन्, दार्शनिक बन्दैनन्। मनलाई साँच्चै नै चिन्तन र चेतनाले जानेर, बुझेर अर्थ्याउन सक्यो भने अवश्य नै पूर्वीय दर्शनअनुसार त्यस्ताको बुद्धि चाहिँ मोक्ष प्राप्तिको इच्छाको बाटोतिर लागेछ भनी ठान्नू। तर आफ्नो वा अर्काको मनलाई केवल कोट्याएर, छोएर मात्र छोड्ने मान्छे चाहिँ जीवनमा सधैँ तृषित हुन्छ। उसलाई केवल आकाङ्क्षाले लखेट्न थाल्छ र सधैँ अप्राप्ति, अभाव र असन्तुष्टिको अनुभव हुन्छ। यो पनि मनकै खेल

हो। मनको भूमिका कोही ट्विस्ट, रक एन्ड रोल, ज्याज र ब्रेक नाच नचाउँछन् भने कोही ब्रह्मास्त्रको कल्पना गर्छन् त कोही आनन्दप्राप्तिको (Hedomism) अभिलाषा राख्छन्। मनकै रङ्गमा कोही सिनतु, कोही हिन्दु, कोही बौद्ध, कोही इसाई र कोही सिख आफू भएकोमा गर्व गर्छन्। मनको रङ्गभूमिमा प्रोटेस्टेन्ट र क्याथोलिकहरू, सिया र सुन्नीहरू, दिगम्बर र श्वेताम्बरहरू अग्निकुण्डको खेल खेल्छन्। मनका रङ्गहरू पनि विचित्रका हुँदा रहेछन्– राता (क्रान्ति), निला (शान्ति), सेता (स्वच्छता), पहेँला (वैराग), हरिया (प्रकृति वा सिर्जना), गुलाबी (रोमाञ्चकारी), प्याजी (आत्मकेन्द्रित) आदि छन्। मानिस प्रायः आफ्नै मनको रङ्गको छत्रछायामा अर्काको मनको अवलोकन र मूल्याङ्कन गर्ने गर्छ भन्छन्। त्यसैले कोही कोही संसार ऐना हो पनि भन्छन्।

मनलाई मुटु मानेर मन बस्ने ठाउँ विचित्रसँग शरीरविज्ञानले तोकिदिएको छ जुन स्थानलाई हामी लाक्षणिक अर्थले पनि लिन सक्छौँ। मन बस्ने ठाउँ मुटु वा यसको वरिपरिको ठाउँ छातीलाई मानिआएको छ। मन बस्ने ठाउँ पेटभन्दा अलिकति माथि र मस्तिष्कभन्दा कतिकति मुनि पर्छ। त्यसैले होला यसका अधिकांश क्रियाकलाप तृष्णा, भोक, अभिलाषा (पेटसम्बन्धी) र बुद्धि-विचारचेतनाको (मस्तिष्कसम्बन्धी) बिचमा केन्द्रित हुन्छ। यदि यसले विचलन गति प्राप्त गऱ्यो भने र अलिकति तल पेटतिर सऱ्यो र त्यहीँ स्थायी रूपमै बस्यो भने मानिस सामाजिक जीव नभएर केवल पशु मात्र बन्छ। यदि त्यो मन अलिकति माथि याने कि मस्तिष्कतिर सऱ्यो र स्थायी रूपमा त्यहीँ बस्यो भने त्यही मानिस बुद्धिवादी बनेर महामानव बन्न पुग्छ। पेट, मन र मस्तिष्कका क्रियाकलापहरूलाई मनोविज्ञानविद् डा. सिग्मन्ड फ्रायडले इद, इगो र सुपरइगोको नाम दिएका छन्। मनलाई अर्थ्याउनुपऱ्यो भने सायद वैज्ञानिक विचारक म्याकक्लिनले मन भन्ने चिजलाई मस्तिष्कको रूपमा लिएर केन्द्रीय स्नायु विभाजन गरिदिएरै अर्थ्याउँथे होलान्।

(क) बाँच्नका लागि सङ्घर्षरत भएको, अर्धचेतन अवस्थाको, इदको स्वभाव भएको, limbic node को भागमा रहने मस्तिष्कसँग सम्बन्धित मन,

(ख) स्तनपायी अवस्थाको, समूहमा बाँच्न चाहने, चेतनशील भाग भएको, इगो भएको, Cortex को भागमा रहने मस्तिष्कसँग सम्बन्धित मन,

(ग) अर्धचेतन भागको, शक्तिविस्फोटन भएको, सुपर इगो भएको, neo–cortex मा रहने नवीन मस्तिष्कसँग सम्बन्धित मन।

मनोविशेषज्ञ वाट्सन र केही आधुनिक शरीरविज्ञानशास्त्रीहरू मनको अस्तित्वलाई स्विकार्दैनन्। उनीहरू भन्छन् मन भन्ने नै छैन। जसलाई हामी मन भन्छौँ त्यो मस्तिष्कको

खास भागको क्रियाकलापको खेल हो । तर हामी पूर्वीय दर्शनको मान्यता र रहनसहनमा हुर्केकाले भने मनको अस्तित्वलाई स्विकाछौँ । योगवाशिष्टमा मनको व्यापक चर्चा छ ।

मान्छेको स्वभाव, आचरण र व्यवहारलाई हेरेर यी तीन अवस्थामध्ये मस्तिष्कको कुन चाहिँ भागमा limbic node वा cortex वा neocortex सँग झुन्डिएर आत्मसात् भएर बाँचेको मन हो भन्ने अवलोकन गर्न सजिलो पर्छ । मनोवैज्ञानिक परीक्षण गरेर उक्त व्यक्तिको मनको धरातल पत्ता लगाउन सजिलो पर्छ किनकि बितेको दशबिस वर्षमा मनोविज्ञानले निकै नै मात्रामा वैज्ञानिक उपकरणहरूको विकास गरिसकेको छ । सङ्घर्ष, अध्ययन, लेखन आदिले अनेकौँ भाव र अभाव उब्जाएको मनको ढुकढुकीलाई पनि मनोविज्ञाले जाँचेर, तौलेर, नापेर, जोखेर त्यसको अन्तरआयाम र बाह्य आयाम पत्ता लगाइदिन्छ ।

संसारमा सायद महत्त्वपूर्ण दुई तत्त्वहरू छन् जस्तो मलाई लाग्छ जसमा अत्यन्त शीघ्र रूपमा कीटाणु फैलन सक्छन् । मेरो विचारमा ती हुन् दुध र मन । सरल मान्छेको मन कुनै भावनामा जन्मँदा पहिले सधैँ नै निर्मल, सफा र शुद्ध दुधजस्तै हुन्छ रे । पश्चिमी दार्शनिक विद्वान् लेखकले त प्रथम संस्कारणको मन याने कि बालकको मनलाई ट्याबुला रोसा नलेखिएको खाली स्लेट पनि भनेका छन् । हामी नेपालीले प्रथम संस्करणको मनलाई विभिन्न आकारका माटाका भाँडाहरू बनाउने कुम्हालेको चक्रले समेटेको माटो भन्छौँ । जन्मँदा सबै मान्छेले शुद्ध दुधजस्तो, खाली कालोपाटीजस्तो, खाली कागजजस्तो र कुम्हालेको माटोजस्तो मन लिएर यस धरतीमा अवतरित हुन्छ । पछि त्यस शुद्ध मनमा कीटाणु प्रवेश गरेर अनन्त रूपमा फैलँदै त्यसको रूपरङ्गलाई नै दूषित पार्दै पूर्ण परिवर्तन गरिदिन्छ । कालोपाटी र खाली कागजमा लेख्नुपर्ने मात्र होइन नलेख्नुपर्ने कुरा पनि लेखिइन्छन् । वैदिक दर्शनशास्त्रीहरू भन्छन्– मनले जस्तो चितायो त्यस्तै नै हुन्छ रे । विद्वान् खप्तडस्वामी पनि त्यसै भन्छन् आफ्नो प्रसिद्ध पुस्तक विचारविज्ञानमा । दुधजस्तै स्वच्छ छ मन तर कीटाणुग्रस्त भइदिनाले त्यस्तो मन विवेकहीन प्रदूषणयुक्त मन बन्न पुग्छ । त्यसरी अकस्मात् कीटाणु फैलिएर भावनामा नकारात्मक परिवर्तन देखा परेको मन कीटाणुयुक्त विषालु पदार्थ बन्न पुग्छ । त्यस्तो मनको नजिकसम्म बस्नाले पनि त्यसको प्रदूषणले अर्को दुधजस्तो पहिलो संस्करणको मनलाई आक्रमण गरेर प्रदूषित गर्ने सम्भावना हुन्छ । यस्तो वातावरणको समीपताबाट एउटा स्वच्छ मनलाई हटाएर बस्नु उचित हुन्छ । किनकि धरती, वायुमण्डल र जलप्रदूषणभन्दा पनि अझै डरलाग्दो र खतराजनक त मन-प्रदूषण हुन्छ । त्यसले व्यक्तिको आफ्नै मनको परिधिलाई मात्र नसमेटेर बाहिर अरूको शरीर मनसम्म छुन पुगेर भयावह प्रदूषण फैलाउन थाल्छ । त्यही

मन हो जसले वात्सायन, फ्रायड, रजनीश र चार्वाक जन्माउँछ र फेरि त्यही मन हो जसले कृष्ण, बुद्ध, हजाद, मुहम्मद, इशु, नानक जन्माउन लालायित हुन्छ । नेपोलियन र हिटलर जन्माउने महत्त्वाकाङ्क्षी मनले उक्लने शिखर फेरि भिन्दै प्रकारको हुन्छ ।

मनलाई समय र परिस्थितिले अचम्मसँग असर पार्छ । अहिले प्रशस्त अघाएको मन पनि कुनै समयको भोको मनको अवस्थासँग खेल्न सक्छ । अघाइसकेको मनले स्वाद चाहिँ अझै नभेटेको पनि हुन सक्छ । फेरि पेट अघाइसकेपछि पनि मन नअघाउन पनि सक्छ । मनोविशेषज्ञहरूका अनुसार चञ्चल स्वभाव भएको मन तीन किसिमको चिन्ताको धरातलमा विचलित हुन सक्छः

(क) साँच्चिकै चिन्ताको,

(ख) काल्पनिक चिन्ताको,

(ग) नैतिक चिन्ताको ।

अरूबाट लुकाएको मनले भित्रभित्रै लाज, ग्लानि, अपराधबोध, आत्मअस्वीकृति, सामाजिक चिन्ता (Social Anxiety) पालिरहेको हुन्छ । त्यस्तो मनलाई अरूले भन्दा ऊ आफैले बढी देख्ने गर्छ । अर्धचेतन मन, चेतन र अवचेतन मनको भागभन्दा धेरै नै ठुलो हुने हुनाले त्यसको क्रियाकलापस्वरूप मान्छेले सपनामा वा फुर्सदको समय दिवास्वप्नमा अतृप्त इच्छा र कामनाहरू देख्न सक्छ भनी सिग्मन्ड फ्रायड भन्छन् । त्यस्तो मान्छे, लखेट्ने सपनाहरूबाट आक्रान्त हुन्छ ।

मान्छेसँगकै व्यवहारबाट मैले पनि दुई थरीको मन भेटेको छु कुचालक मन र सुचालक मन । सुचालक मनमा धातु वा पानीमा करेन्ट कुदेजस्तै सानै कारणले पनि रिस, उमङ्ग, अत्यास वा घृणाका आवेशहरू स्तर एकैसाथ हुनुपर्छ, उमेरअनुसारको शिक्षा भएन भने यसले व्यक्तिको मनमा कतचभकक पैदा गर्छ र उसको मनको व्यक्तित्वको विकासमा असर पार्छ भन्दछन् । कुनै विषय वा चिजको ज्ञान प्राप्त गर्नु छ वा त्यसलाई हासिल गर्नु छ भने पहिले मनले त्यस चिज वा विषयलाई परिकल्पना गर्छ, बुद्धिले त्यसलाई विचार गर्छ र कर्मेन्द्रियले त्यसलाई कार्य रूपमा परिणत गर्छ । त्यसैले होला विज्ञानका हरेक सिद्धान्त पहिले मनद्वारा परिकल्पित (hypothesized) हुन्छन् । परिकल्पनालाई वैज्ञानिक प्रणालीको परीक्षणद्वारा प्रमाणित गरिन्छ, त्यसको विश्वसनीयता र प्रामाणिकता निकालेर त्यसलाई साबित गरेपछि त्यो विज्ञानको सिद्धान्त बन्छ । यस प्रकारको अनुसन्धानको प्रक्रियामा सबभन्दा जेठो त मन नै रहेछ ।

कहिले कहिले एउटाको मनबाट अर्कोको मन जन्मन्छ । राजनीति र धर्मको वैचारिक आस्था यसै गरी फैलन्छ । माताको र पिताको मनबाट प्रभावित हुनेहरू चाहिँ टल्स्ट्वाय

र हिटलर पनि हुन् । टल्स्ट्वाय आफ्नी माताको सरलताको महत्त्वबाट मानसिक रूपमा प्रभावित भए भने हिटलर चाहिँ आफ्ना पिताको शक्तिको भोक भएको महत्त्वाकाङ्क्षी मनबाट प्रभावित भए । यी दुई मदर कम्प्लेक्स र फादर कम्प्लेक्स मनको बिच कति धेरै फरक छ । भारतकी पूर्वप्रधानमन्त्री इन्दिरा गान्धीको राजनैतिक व्यक्तित्वको सिर्जना उनका पिता जवाहरलाल नेहरू र उनका पतिको व्यक्तित्वको मिश्रणबाट बनेको हो भनेर उनी आफैले स्विकारेकी छिन् ।

मान्छेको अहिलेको मन उसको पूर्वमनबाट सधैँ प्रभावित हुन्छ भनेर केही मनोवैज्ञानिकहरू भन्छन् । युवावस्था बालककालबाट प्रभावित हुन्छ । अधबैँसे उमेर र बुढेसकाल चाहिँ बाल्यावस्था र यौवनावस्थाबाट प्रभावित हुन्छ । पुराना चिन्ता, अभाव र असुरक्षाको भावनाले वर्तमान मनलाई असर पार्न सक्छ । त्यसो त मन आदिम मानव वा पुर्ख्यौली जनावरसँग मिल्दोजुल्दो तुरुन्तै तेजसँग सञ्चालित हुन्छन् जसरी बिजुलीको तारमा धार सञ्चारित हुने गर्छ । कुचालक मनमा चाहिँ ठिक त्यसको उल्टो हुँदो रहेछ । सांसारिक भोक, प्यास, तृष्णाको सतहमा सीमित भएर अति रमाएको वा त्यसको अभावमा अतिविचलित भएको मन र आत्मज्ञानले तृप्त, वैरागी, ज्ञानी र त्यागी मनको भिन्नता पनि त्यत्ति नै र त्यस्तै नै हुँदो रहेछ । त्यसो त ठोस, तरल र ग्यास मनहरू पनि हुन्छन् । ठोस मन भनेको डेगै नचलेर स्थिर मात्र रहिरहने अपरिवर्तित ढिस्को मन हो । तरल मन भनेको क्रियाशील, परिवर्तनशील, चञ्चल र गतिशील मन हो । यी मनहरू क्रमशः आदर्शवादी र मानवतावादी मनहरू हुन् । ग्यास मन भनेको चाहिँ कल्पनाशील अनन्तमा गुडिरहने फैलिरहने virtual reality को मन हो । मनहरू धरतीदेखि ओजोनको तहसम्म पुगेका छन् । धरतीको सीमा, धर्म, जाति, स्वतन्त्र अस्तित्व बोकेका कैयौँ मनहरू आपसमा भिडिरहेर क्षत-विक्षत भएको बेला रसद र औषधि बोकेर उपस्थित भएको राष्ट्र सङ्घको हवाईजहाजको मन कैयौँचोटि घायल हुँदा पनि उद्धारका लागि उड्न छोडेको छैन । आफ्नाका लागि बाँच्ने मन त यहाँ थुप्रै छन् तर अरूका घाउमा मलहमपट्टी लगाउने मन विरलै हुन्छन् । दाउदको पनि मन हो र मदर टेरेसाको पनि मन नै हो । मनका तत्त्वविद्हरूले मनको माटो, मनको पानी र मनको आकाशलाई अनेकौँ परीक्षणद्वारा विभिन्न अवस्थाका विभिन्न मनका तत्त्वहरूलाई प्रमाणित गरेका छन् ।

शरीर र मनको उमेर पनि फरक हुँदो रहेछ । कसैको शरीर बुढो हुँदा पनि मन बुढो नहुने र कसैको चाहिँ शरीर तरुनो हुँदा पनि मन बुढो भइसक्ने हुँदो रहेछ । शरीरको उमेर र मनको उमेर कहिलेकाहीँ मेल खाँदैनन् । 'कपाल फुल्यो मन अझै तरुनी लैलै' र 'तन जोगी के जोगी भाइ मन जोगी पो जोगी' जस्ता गीत र भजन पनि मनकै दुई अवस्थाबाट

निस्किँदा रहेछन् । आधुनिक शिक्षाशास्त्री र सिकाइका मनोवैज्ञानिकहरू त व्यक्तिको उमेर र शिक्षाको भूमिका हुने बताउँछन् । सभ्यताको खोलले ढाकिएर आदिम मन बोकेको मान्छे 'रोगी जनावर' (Sick animal) बन्न पुगेको छ, मनभित्र अनगन्ती प्राचीनता बोकेर आधुनिकताको ढौँग उसले रचिरहेछ भनेर कार्ल जुङ भन्छन् ।

विरेचनवादीहरू मनलाई पोखरीजस्तो जमाएर राख्ने कुरामा विश्वास गर्दैनन् र मनलाई सङ्लो खोलाझैँ स्वतन्त्र छाडिदिनुपर्छ, जम्यो भने लेउ जम्छ भन्छन् । तिनीहरू अभिव्यञ्जनावादी चित्रकलामा झैँ मनको स्वतन्त्र अस्तित्वलाई स्वीकार गर्छन् । संस्कृतिका क्रियाकलाप, साहित्यसिर्जना, कलासिर्जना, सङ्गीतसिर्जना र खेलकुदलाई सिगमन्ड फ्रायडले मानसिक क्रियाकलापको उपज मान्दै 'सब्लिमेसन' को संज्ञा दिएका छन् । युङ तिनै क्रियाकलापलाई मान्छेले आफ्ना पूर्वअभाव र हेत्वाभासउपर विजय प्राप्त गर्ने क्रियाकलाप हुन् भन्छन् । तिनै क्रियालाई एड्लरले मान्छेले समाजमा आफ्नो प्रभुत्व स्थापना गर्न खोज्ने प्रवृत्ति भनेका छन् । ती सबै मन नै हुन् । मनको सम्बन्धमा कोही कोही टेलेप्याथी (एकको मनबाट अर्कोको मनमा अप्रत्याशित रूपमा विचार सञ्चार) र एम्प्याथी (अर्काको भावना जस्ताको तस्तै ग्रहण गर्ने काम) मा अभ्यस्त पनि हुन्छन् । आजकल मनको भावको गतिलाई स्क्रिनमा आफैले हेर्न सकिने यन्त्रको विकास भइसकेको छ । मनमा आवेशका गतिलाई ग्याल्भ्यानोमिटरको सहायताले अल्फा, बेटा वा डेल्टा कुन गतिमा छ आफ्नै अगाडि भित्ताको स्क्रिनमा हेर्न सकिन्छ, सूचित हुन सकिन्छ, आफ्ना आवेशलाई आफैले हेर्न र तौलन सकिन्छ । यसलाई चाहेजस्तो नियन्त्रण गर्ने प्रयत्न पनि गर्न सकिन्छ ।

मनलाई थान्को लगाउने थुप्रै स्थानहरू छन्, जस्तैः धर्म, राजनीति, साहित्य, दर्शन, सङ्गीत, विज्ञान, खेलकुद आदि । तिनीहरूलाई मनको लहरालाई टेवा दिने थाँक्रो भने हुन्छ ।

कुकुरको मनको आकाशमा अकस्मात् रिस उत्पन्न भएको एउटा घटना छ । प्रसिद्ध मनोवैज्ञानिक प्याब्लभले प्रयोगशालामा कुकुरको मनमा अकस्मात् रिस उत्पन्न गरे जसले गर्दा त्यस कुकुरले प्रयोगशालामै मनोवैज्ञानिक अनुसन्धानकर्ताको अनुहारमा अकस्मात् झम्टन पुग्यो । त्यसरी अनुसन्धानात्मक रूपमा उत्पन्न गरिएको रिसको आवेशलाई प्याब्लभले एक्स्पेरिमेन्टल न्युरोसिसको नाम दिए । यस्तो अवस्था मान्छेमा लागु हुने तथ्य उनले बताए । घण्टी लागेपछि बाटुलो रिकापीमा खानेकुराको अनुभवले पहिले खाइपाइ आइरहेकोमा त्यसपल्ट चाहिँ घण्टी लाग्दा पनि रिकापीमा कुकुरले खानेकुरा पाएन । त्यत्ति ठुलो रिसको कारण यत्ति मात्र हो । त्यसैले मान्छेलाई रिस उठाउन गाह्रो छैन । मान्छेले

बनाइराखेको अर्को व्यक्तिसँगको आशा र अभिलाषा पूर्ति हुनमा बाधा उत्पन्न भयो र पूर्ति गर्ने उद्देश्यमा पुग्न व्यक्तिले अकस्मात् त्यस्तो अति अप्ठेरो विघ्नबाधा बेहोर्‍यो भने त्यस व्यक्तिमा अकस्मात् रिस उत्पन्न हुँदो रहेछ। शान्तचित्तमा विवेक हुन्छ तर रिसको आवेशले पूर्ण भएको चित्तमा विवेकले बास गर्न सक्दैन। आवेशको निर्णयमा मान्छे जिन्दगीभर नै पछुताउँछ। पूर्वीय दर्शनमा भन्ने गरिन्छ काम, क्रोध, लोभ र मोहको दलदलमा नराम्ररी परेको अन्धो मान्छेको चित्त समुद्रको शान्त पानीजस्तो समोत्तलित हुँदैन र उसको जिन्दगी नै भ्रममा बित्छ। त्यस्ताको मनमा स्नेह, मातृत्व, विश्वबन्धुत्व र मनुष्यत्वजस्ता सकारात्मक भाव सजिलै उत्पन्न हुँदैन। आत्मकेन्द्रित भएको त्यस्तो मान्छेको चित्त सधैँ विह्वल हुने मात्र होइन त्यस्ताको नजिक बस्नेको चित्त पनि त्यस्तै नै विह्वल बन्न पुग्छ।

हरेक मानिसका मन व्यस्त हुने केही सीमित क्षेत्रहरू हुन्छन्, जस्तैः घर, परिवार, व्यक्तिगत चाखको विषय, नोकरी, कार्यालय, साथी, नातेदार, रूपैयाँपैसा, मन परेको खाना, राजनीति, धर्म, खेलकुद आदि। व्यक्ति आफ्नो चाख र आवश्यकतानुसार आफ्नो मनलाई तिनै केही सीमित विषयहरूमा खेलाएर र लगाएर आफ्नो दिनचर्याभरि व्यस्त रहने गर्छ। ती विषय व्यक्तिगत विभिन्नतामा आधारित हुन्छन्। मानिस सधैँ मनको त्यही सीमित धरातलमा चिन्तन, सङ्कल्प र कार्यले परिक्रमा गर्ने गर्छ। मान्छेको मन, बुद्धिको स्तरले पनि परिवेशसँग घनिष्ठ सम्बन्ध राख्ने हुनाले उसको क्रियाकलाप र सिर्जनाको स्तरलाई राम्ररी प्रभाव पारेको हुन्छ।

मनमा उब्जाएको भावनाबाट नै ज्ञानेन्द्रियहरू जागरूक हुन्छन् भनी हिन्दु दर्शनका आत्मज्ञानीहरू भन्छन्। बायोलोजिस्टहरूले त मनका भावहरू (स्नेह, रिस, यौन उत्तेजना, खिन्नता, पीडा आदि) को असर केन्द्रीय स्नायुप्रणालीमा पर्न जाने र तिनीहरूले शरीरको सबैभन्दा माथिल्लो भाग मस्तिष्कमा रहने पिउटीटरी ग्रन्थिदेखि लिएर शरीरको तल्लो भाग मिर्गौलामा रहने आएड्रेनल ग्रन्थिसम्मलाई असर पार्ने कुराको तथ्यलाई अनुसन्धानद्वारा पुष्टि गरेका छन्। मान्छेको मनमा उब्जने कामवासनाको भावनाबारे उनीहरू शरीरविज्ञानसँग जोडेर व्याख्या गर्छन्। शरीर र मनको घनिष्ठ सम्बन्ध छ नै। एकले अर्कालाई अवश्य असर पार्ने गर्छन्।

एन्डोमर्फिक, एक्टोमर्फिक र मेसामर्फिक शारीरिक ढाँचाभित्रका मनका क्रियाकलाप भिन्दाभिन्दै प्रकारका हुन्छन्। मानिसको शरीरको यी विभिन्न बनावटबाट नै मनको विभिन्न धरातलको निर्माण हुन्छ भनी वैज्ञानिकहरू भन्छन्। एक्टोमर्फिक (सिकुटो) चाहिँ पानीआन्द्रे, छेरुवा र बुद्धिवादी प्रवृत्तिका हुन्छन्, मेसोमर्फिक (हृष्टपुष्ट मोटो) चाहिँ मस्सलवादी, शारीरिक बल प्रदर्शन गर्ने प्रवृत्तिका हुन्छन् भनिएको छ। मनका रङ्गहरू

पनि मस्तिष्कका अनेकौँ हलुका रङ्गहरूबाट पत्ता लगाउने प्रविधि हालै पत्ता लागिसकेको छ । मान्छेका मस्तिष्कहरू विभिन्न हलुका रङ्गका हुन्छन् र ती रङ्गअनुसार मान्छेका स्वभाव र ढङ्ग पनि फरक हुने गर्छन् भन्ने कुरा वैज्ञानिकहरूले पत्ता लगाएका छन् ।

संरचनावादी मन र विघटनवादी मन, परम्परावादी मन र आधुनिक मन, अन्तर्जगत्को मन र बाह्य जगत्को मन, सापेक्ष र निरपेक्ष मन आदि अनगन्ती मनहरू यस जगत्मा छन् । अर्कातिर मनको प्यास भन्नाले मनले ग्रहण गरेको शारीरिक र भौतिक प्यास भन्ने बुझिन्छ याने कि वासना वा भौतिक परितृप्तिको अभिलाषा । मनका प्यासीहरू धेरै प्रकारका धेरै ठाउँका धेरै पानी पिएर पनि जिन्दगीभर नै तृषित नै रहन्छन् । कुवा, झरना, खोलाको पानी पिएर पनि तृप्त नभएकाहरू धाराको पानी खोज्छन् । धाराको पानी प्रशस्त पिइसक्दा पनि अझै तृषित भएर समुद्रको पानी चाख्छन् र समुद्रकै पानीको सपना देख्छन् । यसरी खोला, धारा र समुद्र हुँदै गाउँ, सहर र महानगर हुँदै प्यासी मनहरू पानीमाथिको आकाशमा दौडिरहन्छन् । तिनीहरू जिन्दगीभर प्यासीजीवन बाँच्छन् र प्यासमै मर्छन् । अर्का थरी प्यासीहरू चाहिँ रगतका प्यासीहरू हुन् । उनीहरूलाई यो कुरा थाहा छैन कि मानिसलाई वा उसका विचार तथा भावनालाई जित्नु भनेको सिङ्गो उसको मनलाई जित्नु हो जुन कि माया, प्रेम, सद्भावना, भाइचारा र आपसी मेलमिलापबाट मात्र सम्भव छ । हत्या, हिंसा, घृणा, लडाइँ, झगडा र ध्वंसबाट अर्काको मनलाई जित्न कदापि सकिँदैन । आजको आवश्यकता नै मानसिक प्रवृत्तिको परिवर्तन हो जुन कि व्यापक रूपमा सामाजिक मनोपरामर्शबाट सम्भव छ । सबैभन्दा राम्रो असल र सदाबहार मन त मानवतावादी मन नै हो भन्ने मलाई लाग्छ जसमा शान्ति र सिर्जनाको मात्र विचरण हुने गर्छ । त्यस्तै मनको परिकल्पना गरौँ र त्यस्तै मनले मात्र हामी हाम्रा सम्पूर्ण कार्य गरौँ ।

०–०–०

निबन्ध/संस्मरण

# सुनामीको साक्षी



*श्रीओम श्रेष्ठ 'रोदन'*

कहिलेकाहीँ कसैले केही नभन्दा पनि सुनिरहेकोजस्तै लाग्छ। प्रकृतिको एकान्तमा आइरहने आवाजजस्तै गरेर। त्यसै गरेर कहिलेकहीँ जान नसकेको ठाउँमा पनि पुगेकैजस्तो लाग्छ। कल्पना पनि नगरेको ठाउँमा पुगेजस्तै। साँच्चिकै भएकोजस्तो गरेर देखिने सपनाजस्तै। अचम्म हुँदा रहेछन् यस्ता लाग्ने कुराहरू। नगएर पुगेजस्तो हुने। नचाखेर स्वाद पाएजस्तो हुने। नभेटिएरै भेट भएजस्तो हुने। केही नबोल्दा पनि आफ्नै आवाज सुनेजस्तो हुने। यस्ता सबै मनका कुरा त होलान् नि ?

सबैसँग हुने तर कसैले कहिले देख्न नसक्ने मन। सुरक्षित रूपमा गोप्य तरिकाले बस्ने मन। कहिले नखोलिने गुफाको ढोकाजस्तै रहस्यमयी मन। कसैले नदेख्ने र नसुन्ने मनलाई भने सबैले देखेकैजस्तो गरेर भन्छन्– मनको कुरा। नदेखिने भए पनि मनको प्रतिनिधित्व अनुहारले गर्ने गरेको हुन्छ। मनलाई हेर्ने र बुझ्ने भनेको अनुहारबाट नै हो। त्यही भएर मन खुसी भएको बेला अनुहार उज्यालो हुन्छ र दुःखी भएको बेला अनुहार अँध्यारो हुन्छ। आकाशमा हुने औँसी र पूर्णेजस्तै। रात र दिनजस्तै।

त्यस्तै पो हुँदो रहेछ समुद्रमा आउने सुनामी पनि। समुद्रको पानीभित्रै लुकेर बसिरहेको हुने तर नदेखिने। निस्किएपछि ताण्डव नृत्य गरेजस्तै गरेर सर्वनाश गरिदिने। विज्ञान र प्रविधिले अहिले असम्भव भनिएका जति सबैलाई सम्भव बनाइसकेको छ। नहुने र नसकिने भन्ने केही पनि बाँकी नभएजस्तो बनेको छ अहिलेको विश्व। तर पनि कहिलेकहीँ आउने सुनामीलाई भने आजसम्म कसैले केही गर्न सकेको छैन। किन होला ? त्यही भएर सुनामी पनि मात्तिएर आफ्नो शक्ति देखाइरहेको छ। हो, त्यस्तै एउटा सुनामीको साक्षी बनेको छु म। ताजा नभएर दुई दशकअगाडि गएको सुनामीको। जुन संसारकै ठुलो सुनामीको अभिलेख बनेको छ। लाखौँको जीवनलाई पूर्णविराम लगाइदिने हत्यारा सुनामी बनेको छ।

समुद्र भनेको पानीको संसार नै हो। पानीको साम्राज्य पनि हो। जताबाट हेर्दा पनि पानीभन्दा अरू केही नदेखिने। विश्व देख्ने आँखाले पनि हेरेर नसकिने। होइन कति मात्र

पानी हुनुपरेको होला यो पृथ्वीमा ? धर्तीभन्दा कता हो कता धेरै पानी भएको पनि कसरी होला ? धेरै भएर होला समुद्रलाई शान्त भनिएको र मानिएको पनि ।

समुद्रलाई बाहिरी आँखाले हेर्दा मात्र पानी देखिने हो । समुद्रका त अनेक रूप हुन्छन् । समुद्र त कति चिज हो, हो । बुझ्नेका लागि पानी बत्ती हो । पानी शक्ति हो । पानी मार्ग हो । पानी व्यापार हो । पानी वासस्थान हो । पानी रोजगारी हो । पानी प्रशिक्षण केन्द्र हो । पानी परीक्षण केन्द्र हो । पानी प्रशोधन केन्द्र हो । पानी अध्ययन र अनुसन्धान क्षेत्र पनि हो । छन् यस्ता अनेक अनेक पानीका अनेक रूपहरू । पानी नै होला सायद धेरैभन्दा धेरैको माध्यम बन्ने गरेको । यति धेरै विषय र क्षेत्रको भएकाले नै होला समुद्रको पानी ज्ञानीजस्तो देखिने गरेको पनि । फेरि किन कहिलेकहीँ बदमास बनेर आतङ्ककारीजस्तो पनि बन्छ समुद्र ?

एक्काइसौँ शताब्दी र विज्ञानको परिपूरक बनेको छ अहिले । मस्तिष्कमा कुनै कुरा आएपछि त्यसको आविष्कार भइहाल्ने समय छ अहिले । आजको कल्पना भोलि प्रमाणित भइरहेको छ अहिले । प्राकृतिक प्रकोपको अघिल्तिर भने सधैँ विज्ञानले किन घुँडा टेक्नुपरिरहेको छ ? किन प्रकृतिलाई जित्ने विज्ञान र वैज्ञानिक बन्न नसकेको होला ?

उदाहरणमध्येको ठुलो उदाहरण बनेको छ सन् २००४ डिसेम्बर २६ मा गएको महासुनामी । त्यस दिनको बिहान घाम उदाइसकेको थियो । सूर्यका किरणहरूले समुद्रका पानीलाई चुम्बन गर्दै शुभ बिहानीको अभिवादन गरिसकेको थियो । क्रिसमसको रमझम सुरु भइसकेको थियो । मान्छेहरू उन्मुक्त भएर रमाइरहेका थिए । थाइल्यान्डको जमिन र पानीमा नयाँ वर्षको प्रतीक्षा गरिरहेका थिए मानिसहरू । फुकेट, खउलाकको समुद्री किनार मनोरञ्जनको केन्द्र बनिरहेको थियो । कोही पानीसँग खेलिरहेका थिए । कोही किनाराको बालुवामा पल्टिरहेका थिए ।

नयाँ वर्षले सबैलाई स्वागत गर्न हतार गरिरहेकोजस्तो थियो । मानिसहरू एकआपसमा नयाँ उत्साहले रमाइरहेका थिए । थाइल्यान्डका आन्तरिक पर्यटकहरूको घुँइचो हुनसम्म बढिरहेको थियो । विदेशबाट आएकाहरू तेत्तिस देशका पर्यटकहरू आआफ्नो समूहमा रमाइरहेका थिए । उनीहरूको शारीरिक स्वरूप, उनीहरूका वर्ण, उनीहरूले बोलेका भाषाका ध्वनि गुन्जिरहेका थिए । उनीहरू आआफ्नै स्वभाव र प्रचलनमा बोल्ने र व्यवहार गर्ने गरिरहेका थिए । कोही कफी पिएर धीत मारिरहेका थिए । कोही बियर पिएर नसा बढाइरहेका थिए । कोही खानेकुरा खाइरहेका थिए ।

अकस्मात् आकाशमा बादल मडारिएकोजस्तो भयो । हावा जोडजोडले चल्न थाल्यो । मान्छेहरू ओत लाग्ने ठाउँतिर भागदौड गर्दै जान थाले । त्यति नै बेला एकप्रकारको

अनौठो आवाज सुनिन थाल्यो । हेर्दाहेर्दै समुद्रमा पानीको सतह घट्न थालेकोजस्तो देखियो । त्यसको केही बेरमा नै पानीको सतह ह्वात्तै बढेर अगाडि बढ्न थाल्यो । हेर्दाहेर्दै, कराउँदाकराउँदै, भाग्दाभाग्दै वरपरका सबै भूभाग पानी नै पानीले जलमग्न बनायो । जसले जति कोसिस गर्दा पनि त्यहाँ वरपर भएका मान्छे, जनावर केही पनि बाँच्न सकेनन् ।

पछि थाहा भयो हिन्द महासागरको उत्तरतिर इन्डोनेसियाको सुमात्रानजिकैको समुद्रमुनि भूकम्प गएको रहेछ । त्यो पनि नौ रेक्टरभन्दा पनि बढीको शक्तिशाली भूकम्प । समुद्रको सतहभन्दा तिस किलोमिटरमुनिबाट गएको भूकम्प । प्रतिघण्टा आठ सय किलोमिटरको गतिमा गएको भूकम्प रहेछ । त्यो पनि तिस मिटरजति पानीलाई अग्लो बनाएर । यो भूकम्पले चौध देशको समुद्रमा सुनामी ल्याएको थियो । सबै ठाउँमा गरेर दुई लाख तिस हजारजतिको ज्यान लिएको थियो । अनुमान नै गर्न नसकिने भौतिक क्षति भएको थियो ।

फुकेट र खउलाकमा देखिएका जति सबै संरचनाहरू ध्वस्त भएका थिए । पहिले कुन ठाउँमा के थियो र कस्तो थियो भन्ने अनुमान पनि गर्न नसकिने गरेर । मानौँ परिकल्पना गरिएको स्वर्गजस्तो ठाउँ एकैछिनमा नर्कजस्तो बनेको थियो । अचम्म लाग्छ, मानिसको खुसीलाई किन यसरी मन नपराएको होला प्रकृतिले ? किन नसहेको होला मान्छेले गरेका रमाइलोलाई ? किन नरुचाएको होला मान्छेका ओठका हाँसोलाई ? घना जङ्गलको ठुलो अजिङ्गरले निलेजस्तो गरेर समुद्रले भेटिएकाजति सबैलाई निलिदिएको थियो । पानीले पूरै आफ्नै साम्राज्य बनाएजस्तो गरेर ।

भूकम्प त थाहा पाउने गरेर आउँथ्यो । देखिने गरेर भत्काएर जान्थ्यो । सक्नेजतिलाई बिगारिदिए पनि सबै कुरा त्यहीँ छोडेर जान्थ्यो । पानीमुनिको भूकम्प भने किन लुकेर आउँदो रहेछ ? के आतङ्ककारीले जस्तै गरेर आक्रमण गर्नलाई हो ?

यसरी आउने सुनामीलाई कसैले केही पनि गर्न नसक्ने रहेछ । देखिएकाजति सबैलाई नदेखिने गरी छोपिदिने रहेछ । त्यस बेला लुकेर आएको भूकम्पले समुद्रलाई उचालेर इन्डोनेसियाबाट श्रीलङ्का, भारत, माल्दिभ्स हुँदै थाइल्यान्ड आइपुगेको थियो । यति धेरै देश भएर आउँदा पनि पानीको महाङ्काल रूप भने अलिकति पनि कमजोर भएको थिएन । यस्तो हत्यारा सुनामीको नाम भने बक्सिङ डे राखिएको रहेछ ।

समुद्रको पानी निलो हुन्छ । छाल बनेर आउँदा सेतो बन्छ । सामान्य बेलामा पनि यसरी रूप परिवर्तन गर्ने समुद्रले विनाश गर्ने बेलामा कस्तो रङ बन्छ होला ? अरू बेला लाखौँलाई हातमुख जोड्न र परिवार पाल्न दिने समुद्र । लाखौँलाखलाई आआफ्नो गन्तव्यमा पुऱ्याउने समुद्र । आफूमाथि र आफूभित्र जेजस्ता परीक्षण गर्दा पनि कहिले कुनै

प्रतिवाद नगर्ने समुद्र । जेजस्तो अभ्यास गर्दा पनि कहिले नाइँ नभन्ने समुद्र । जेजस्ता खेल खेल्दा पनि चुप लाग्ने समुद्र । देखिने र नदेखिने गरेर हातहतियारको ओसारपसार गर्दा र युद्ध गर्दा पनि कुनै खोजी नगर्ने समुद्र । जसले जे गर्दा पनि मौन बस्ने समुद्र । किन एकैपटक मान्छेसँग त्यति धेरै रिसाउँछ होला ? सहँदासहँदा सहन नसक्ने भएपछि जम्मा भएको रिस पोख्ने गरेको पो हो कि ?

कुरा यस्तो पनि हुन सक्छ । समुद्रले दिनभरि छाल भएर केटाकेटीले तेलकासा खेलेजस्तै किनारका बालुवासम्म पुग्ने र फेरि फर्किने गरिरहन्छ । यो उसको निरन्तर प्रकिया नै हो । उसको पहिचान पनि हो । दिनभरि उस्तैउस्तै हुने समुद्र रात बढ्दै गएपछि भने अलिकति बालुवा उक्लेर फर्किने छाल टाढाटाढासम्म पुग्ने गर्दो रहेछ । कतै समुद्रले म अघि बढिरहेको छु है भन्ने सङ्केत गर्ने गरेको पो हो कि ?

समाचारमा कहिलेकाहीँ पढेको थिएँ सुनामीलाई । टेलिभिजनमा देखेको पनि थिएँ सुनामीलाई । थाइल्यान्ड गएको बेला खउलाकको समुद्रमा पुगेको थिएँ । त्यहाँ बिस वर्ष पुरानो सुनामीको प्रभावलाई प्रत्यक्ष देख्न पाएको थिएँ । पाँच हजार चार सयजतिको ज्यान गएको ठाउँमा आइपुग्दा पटक्कै खुसी हुन सकेको थिइनँ । त्यत्रो सुनामीको एक जना साक्षी किनारा बन्न पाएकोमा पनि खुसी हुन सकेको थिइनँ ।

समुद्रमा पुगेपछि आँखालाई टाढासम्म फैलाएर हेरेको थिएँ । खउलाकको समुद्र ज्ञानी बनेको थियो त्यतिखेर । बिस वर्षदेखि पश्चात्ताप गरिरहेजस्तो गरेर अनुशासित बनिरहेको थियो । कहिले पनि त्यस्तो ताण्डव नृत्य नाचेकै छैन जस्तो गरेर । त्यस्तो आतङ्क फैलाएको छैन जस्तो गरेर । सानो गल्ती पनि गरेको छैन जस्तो गरेर । सधैँ अरूका लागि आफू उपयोग मात्र भइरहेकोजस्तो गरेर । अरूका लागि उद्धारको माध्यम मात्र बनिरहेकोजस्तो गरेर । त्यत्रो हत्या र विध्वंसको कुनै नैतिक जिम्मेवारी नै नभएजस्तो गरेर । शालीन रूपमा आफूलाई देखाइरहेको थियो खउलाकको समुद्रले ।

समुद्रलाई टाउको घुमाएर चारैतिर हेरेको थिएँ । ससाना डुङ्गाहरू चलिरहेका थिए । डुङ्गामा बसेर माझीहरू माछा मारिरहेका थिए । कुनै किनारतिर आइरहेका थिए । कुनै टाढिँदै गएका थिए । टाढातिर जहाजहरू पनि देखिइरहेका थिए ।

त्यही सुनामीले एउटा जहाजलाई भने समुद्रबाट ठेलेर दुई किलोमिटर टाढाको जमिनमा ल्याएर राखिदिएको रहेछ । जहाज न ढल्किएको छ न पल्टिएको नै छ । व्यवस्थित रूपमा प्रदर्शनीका लागि मिलाएर राखिएकोजस्तो गरेर थपक्क राखिएको छ । कतैतिर कुनै किसिमको क्षति भएको पनि देखिँदैन । जहाज सामान्य पनि होइन विशाल छ । हो, त्यतिबेला युवराज जेनसेन आफ्ना मित्रहरूसहित समुद्रमा सयर गरिरहेका

थिए । राजपरिवारका अन्य सदस्यहरू भने नजिकै भएको रिसोर्टको माथिल्लो तलामा रमाइरहेका थिए । सुनामी आएपछि आतङ्कित भएका परिवारका सदस्यहरूले युवराज बसिरहेको जहाज हेर्दाहेर्दै बेपत्ता भएको थियो । तर उनलाई सुरक्षा दिइरहेको प्रहरीको जहाज भने सुनामीले नै सुरक्षापूर्वक जमिनमा ल्याएर छोडिदिएको रहेछ ।

समुद्रले आफ्नो अपराध स्वीकार गरेको नदेखिए पनि आफ्नो आतङ्कको प्रमाण भने कहिले नमेटिने गरेर छोडेको रहेछ । ल ! हेरिराख मेरो शक्तिको प्रमाण भनेकोजस्तो गरेर । त्यहीँ बनाइएको रहेछ सुनामी सङ्ग्रहालय पनि । त्यहाँ हेर्नै नसकिने हृदयविदारक फोटाहरू थिए । लाइन लगाएर राखिएका क्षतविक्षत भएका लासका फोटाहरू । तहसनहस भएका भवनका भग्नावशेषहरू । अग्लाअग्ला रुखहरू माथिसम्म समुद्र चढेका प्रमाणहरू । यति दुःखलाग्दो र यति भयानक दृश्यहरू जीवनमा कहिले हेर्नुपरेको थिएन । फोटाहरू मात्र हेर्दा पनि मन ठनक्कै भाँचिन खोजेजस्तो भएको थियो । प्रत्यक्ष घटनाको साक्षी बस्नुपरेको भए कस्तो हुन्थ्यो होला ?

खउलाक पुगेपछि देखिने त्यो जहाज नै सुनामीको सबैभन्दा ठुलो साक्षी भएर बसेको छ । समयले बिस वर्ष पुरानो भए पनि ताजा बनेर बसेको छ जहाज-८१३ नम्बर । नबनोस् फेरि यस्तो साक्षी कहिले कुनै ठाउँमा पनि । नआओस् फेरि त्यस्तो सुनामी कहिले कुनै समुद्रमा पनि । नपुऱ्याओस् त्यो जहाजलाई फेरि समुद्रमा कसैले कुनै प्रयोजनका लागि पनि । यो मान्छेका लागि मात्र सुनामी सम्झाउने जहाज नभएर समुद्रलाई पनि सतर्क गराउने प्रतीक बनिरहेको छ ।

समुद्र नभएको देशको मान्छे हुँ म । सामान्य अवस्थाको समुद्र मात्र देख्दा पनि अनौठो मानेर खुसी हुने मान्छे म । समुद्र देखेपछि सकुन्जेलसम्म हेरिरहन मन गर्ने मान्छे म । समुद्रनजिक मात्र पुग्दा पनि मनैदेखि रमाउने मान्छे म । त्यस्तो उपद्रो गर्ने समुद्रको साक्षी बन्न पाउँदा कसरी खुसी हुन सक्थेँ र म ?

विषयले जतासुकै बहकिएको भए पनि कुरा मनकै हो । मनभन्दा टाढा जान सकेको छैन । समुद्रको ताण्डव स्वरूप पनि मनले नभेटिएरै भेटिएको होला सायद । नबोलेरै पनि मनले सुनेको होला त्यतिबेलाका क्रन्दनहरू । त्यसैले जेजे भएको भए पनि किन रिस गर्नु बिचरा समुद्रसँग । उसले चाहेर नभएको पनि त हुन सक्छ नि । प्राण र चेतना नभएको समुद्रसँग बेकारमा किन चित्त दुखाइरहनु ? चेतना भएको मान्छेले त अनेक बहानामा मान्छेलाई नै मारिरहेका छन् । दैनिक हजारौँ मान्छे मार्ने अरू कोही नभएर मान्छे नै हुन् । अनि कहिलेकहीँ प्रकृतिले गरेको अन्यायमा केको न्याय खोज्न अदालत खोज्दै हिँड्नु ?

o-o-o



निबन्ध / संस्मरण

# देवकोटासँग दोस्ती

*भागवत खनाल*

कहिलेकाहीँ म सुन्दर सपना देख्छु । चढ्दो यौवन, साथमा प्रेमिका र मादक वातावरण । हामी शीतल छहारीमा बस्छौँ । जतातत्तै सुन्दर फूल, मोहक र शीतल पवनको कोमल स्पर्श । हामी अलि पर निकुञ्जमा जान्छौँ । प्रेमको गहिरो संवेदन, लामो-लामो उष्ण श्वासप्रश्वास र धिमा आँचको प्रेमिल तप्तता । कतै दुःखको लवलेश छैन । कतै कुनै द्वेष र ईर्ष्या छैन । कतै भोक, रोग र दरिद्रता छैन । कतै रोदन र क्रन्दन छैन । कोही विरामी छैन ।

वृद्धवृद्धा पनि स्वस्थ र सन्तुष्ट छन् । सबै पूर्ण प्रतीत हुन्छन् । कसैले केही पाउन बाँकी छैन । केही गुमाउने डर छैन । केही सिक्नु छैन । त्यसैले त्यहाँ कुनै गुरु छैन । कुनै उपदेशक छैन । हप्काएर डर देखाउने सिपाही छैन । चरीले मानवी आवाजमा गीत गाउँछे । वानरले बाजा बजाउँछ । भालु छमछमी नाच्छ । कलामय उपवन, कालातीत वातावरण र मदालस मानवी देहहरूको सुखदायी संसार ।

एक दिन त भनै अद्भुत सपना देखेँ । म मेरा दशवटै मुखौटा मिल्क्याएर स्वतन्त्र विचरण गर्दै थिएँ । सहसा एक जना दिव्य स्वरूपका मानिस नजिकै आएर मुसुक्क हाँसे । ठिक्कको उचाइ, पातलो देह, उन्नत ललाट र मधुर मुस्कान । नियालेर हेर्दा अघि नै कतै देखेजस्तो लाग्यो । मुहारमा केही बेचैनीका रेखा देखिन्थे । उनी मलाई हेर्दै मन्द मुस्कुराए । भने, 'आज बल्ल सन्चै देखेँ तिमीलाई ।' म अकमक्क परेँ । 'चिनेजस्तो लाग्ने, कतै देखेजस्तो लाग्ने, कहीँ सङ्गत गरेजस्तो लाग्ने' तपाईँ को हो ? मलाई कहिले देख्नुभयो ? कहिले मलाई बिरामी देख्नुभयो र आज सन्चै देखेको कुरा गर्नुभयो ?'

उनी नजिकै आएर बसे । सस्नेह मेरो काँधमा हात राखे । छड्के टाउको र नाच्दा नयनले हेरे । भने 'म लक्ष्मीप्रसाद देवकोटा ।' म हर्षातिरेकमा बेहोसझैँ भएँ । मेरो सर्वाधिक मन परेको मानिसले मलाई स्पर्श गरिरहेको थियो । मैले भनेँ, 'मैले त तपाईँलाई कहिल्यै भौतिक रूपमा भेटेको थिइनँ । हाम्रो भेट अक्षरमा, तस्बिरमा र डिजिटल दुनियाँमा सीमित थियो । हे मेरा प्रिय कवि ! हे मेरा प्रिय पागल ! मलाई मुनामदन, सुलोचना र शाकुन्तल उपहार दिने हे मेरा प्रिय दाता ! मेरा साइँला बा !' मेरो भावातिरेकको कुनै अन्त थिएन त्यहाँ । मेरो रोम-रोम पुलकित थियो । हर्षको अश्रुपातले छाती भिज्यो ।

उनले भने, 'यसअघि सधैँ तिमी मुखुन्डोमा हुन्थ्यौ । आज मुखुन्डो फालेर आएको हुँदा शुद्ध छौ र त्यसैले नै आज तिमी सन्चै छौ । म साठी वर्षदेखि यो मधुवनमा विचरण गर्न आइरहेको छु । यहाँ मैले हरेक मनुष्यलाई मुखौटोमा रहेको पाएँ । इमानका, अभिमानका, सदाचारका, धर्मात्माका, दानवीरका, बहादुरीका, साम्यवादका, लोकतन्त्रका, राजभक्तिका, करुणाका र परोपकारका मुखुन्डो पहिरेका मानुषी देहहरू ।'

उनले मैले मिल्क्याएका दशवटा मुखौटातिर हेर्दै भने, 'दशोटा मुखौटा ? कसरी बोक्न सकेको तिमीले ?' मैले उत्तर दिएँ, 'भूमिका अनुरूपको मुखुन्डो लगाउनु मेरो रहर नभई बाध्यता हो मान्यवर । यी मातापिताका अगाडि लगाउने, मित्रवृन्दका अगाडि लगाउने, दाजुभाइ र दिदीबहिनीसामु लगाउने, हाकिमको खुसामद गर्दा लगाउने, मन्दिर जाँदा लगाउने, पत्नीका सामु लगाउने, छोराछोरीका सामुन्नेमा लगाउने, मलाम जाँदा लगाउने, छिमेकीको अगाडि लगाउने र मेरा आश्रित र सहयोगीका अगाडि लगाउने मुखुन्डाहरू हुन् ।' मेरा नानाविध मुखुन्डा देखेका महाकविले खुसी हुँदै भने, 'स्याबास भागवत !'

उनी भन्दै गए, 'हेर भागवत ! मैले नकाब फाल्दा मलाई बहुला भनेर राँची पुऱ्याएका थिए । तिमी यहाँबाट फर्किदा यी सबै मुखुन्डा बोकेर जानू, अन्यथा तिमीलाई पनि पागल भन्ने छन् । तिमीलाई गुट्मुटु पारेर पाटनतिर लैजाने छन् । एउटा कुरा भनौँ भागवत ! आज तिमी देदीप्यवान् देखिएका छौ । आज तिम्रो अनुहारमा सच्चाइको रोसनी जगमगाएको छ । तर तिमी फर्केर उनीहरूसामु जाँदा यस्तो पवित्र अनुहार लिएर नजानू ।'

मैले सोधेँ, 'के ईश्वरलाई पनि मुखुन्डोले छकाउन सकिन्छ कविवर ?' उनले हँसिलो हुँदै भने, 'मेरो ईश्वरलाई मुखुन्डोले छकाउन सक्दैन, तर उनीहरूको ईश्वरलाई छकाउन सक्छ । मेरो ईश्वर मनको शुद्ध आसनमा बस्छ, किन्तु उनीहरूको ईश्वर पत्थरमा । मेरो ईश्वर गहिराइमा बस्छ, उनीहरूको सतहमा । मैले उनीहरूलाई सोधेको थिएँ, मानिसको काँध चढी कुन देवपुरीमा जाने हो ? प्रश्न गरेबापत पत्थरमा ईश्वर देख्ने पत्थरिलो मनका उनीहरूले मलाई पगलाएको देखे । म त प्रकृतिसँग एकाकार अनि स्वतन्त्र र सदाचारी, लापरबाह तर दयालु, रीतिहीन तर करुणाशील मान्छे मन पराउँछु । उनीहरू डराउँदै ईश्वर खोज्न निस्कन्थे, म प्रेमले वार्ता गर्थें । उनीहरू ईश्वर भेट्न भद्रकाली, दक्खिनकाली र नारायणस्थान पुग्थे, म मेरो ईश्वरलाई मनस्थानमा भेट्टाउँथेँ । उनीहरू चार दिवारीभित्र ईश्वरको तलास गर्थे । म बिहानको सूर्यमा ईश्वर देख्थेँ । म वर्षा, वायु, बालक र वृद्धमा ईश्वर देख्थेँ ।'

मैले भनेँ, 'म पनि तपाईँले झैँ ईश्वर भेट्न चाहन्छु ।'

कविले भने, 'तिमी सम्पूर्णतः आफू बनिदेऊ । आफूमा अरूलाई नजोड, आजाद बन । त्यो आजादीले तिमीलाई ईश्वर देख्ने आँखा दिने छ । त्यसले तिमीलाई रिवाजभन्दा टाढा

प्रेमको संसारमा लैजाने छ । त्यहाँ तिमीले दिलको द्वार खुल्ला राख्नू, ईश्वर देख्ने छौ । तिमी बिस्तारै समदर्शी बन्ने छौ । तिमीले बहुलामा, वेश्यामा, भुस्याहा कुकुरमा, चोरमा, अरिङ्गालमा र कागमा समेत ईश्वर देख्न थाल्ने छौ ।

गीतामा भगवान्ले भन्नुभएको छ–

विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि ।

शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥

किन्तु विडम्बना ! अज्ञानको मोहमा निद्राशील मूढहरूलाई ईश्वरीय वचनले पनि जगाउन सकेन ।'

देवकोटा सुस्तरी उठे । उनले एकबार अनन्त आकाशतर्फ हेरे । फेरि केही सम्झे जस्तो अभिनय गर्दै भने, 'मैले आज बल्ल एउटा दोस्त भेट्टाएँ ।'

म– को होला त्यो भाग्यमानी ?

उनी– भागवत !

म– म तपाईंभन्दा पचास वर्ष कान्छो मान्छे कसरी दोस्त हुन सक्छु ?

उनी– अहिले तिमी र म कालातीत अवस्थामा छौँ । यहाँ समयको अस्तित्व छैन । तिमीलाई भागवतको अर्थ थाहा छ ?

म अलमल्ल परेको देखेर उनी अझै समीपमा आएर बसे । मेरा आँखामा आँखा राख्दै भने, 'जसले ईश्वरलाई नै आफ्नो जीवनसाथी बनाएको छ त्यही भागवत हो । क्रोध, अभिमान, द्वेष र ईर्ष्यालाई सर्वथा त्याग गरेको छ त्यही नै भागवत हो । जो सुखमा र दुःखमा समभावमा रहन्छ त्यही नै भागवत हो । जो हरेक प्राणीमा ईश्वरको दर्शन गर्दछ त्यही नै भागवत हो । जसले सारा द्वैतभावलाई बिर्सेर आफू, अन्य जीवजन्तु र प्रकृतिसमेतलाई ब्रह्मस्वरूपमा देख्दछ त्यही नै भागवत हो ।' स्वप्नलोकको मनोरम घडीमा अत्यल्प समयकै लागि नै किन नहोस्, सायद मुखुन्डोहीन मेरो चेतना भागवतमय भएको थियो ।

महाकवि बोल्दै गए, 'मेरो मृत्यु र तिम्रो जन्म लगभग एउटै समयमा भएको थियो । मलाई याद छ, तिम्रो र मेरो प्रथम परिचय मुनामदनमा भयो । तिमी वनमा गाई चराउन गएका थियौ । साउनको महिना थियो । झमझम वर्षा भइरहेको थियो । तिमी छाता ओडेर एउटा ढिस्कोमा बसेका थियौ । तिम्रो हातमा मुनामदन थियो । तिमी पढ्दै थियौ, 'पर्दाले ढाक्यो पर्दाले छोप्यो हे दिदी मलाई, म रुने छैन...। छाताबाहिर आकाशबाट बादलका अश्रुधारा झरिरहेका थिए । छाताभित्र तिम्रो बलिन्द्र आँसुले छाती भिजाइरहेको थियो ।

तिम्रो र मेरो अर्को परिचय यात्री, प्रश्नोत्तर र पागल कवितामा भयो । फेरि 'के नेपाल सानो छ ?' मा पुग्दासम्म हाम्रो परिचय झनै प्रगाढ हुँदै गयो । त्यो परिचय सुलोचना र

शाकुन्तलमा पुगेपछि अझै घनीभूत भयो । समयक्रममा हाम्रो भेट पातलो हुँदै गयो । तिमी संसारी लहरामा लहरिँदै गयौ । तथापि मप्रति तिम्रो माया भने घटेन । भेट हुन छाडे पनि म तिम्रो सम्झनामा रहिरहेँ ।

मुनामदनमार्फत तिम्रो र मेरो परिचय हुँदासम्म तिम्रो मुहारमा एउटा पनि मुखुन्डो थिएन । यात्री, प्रश्नोत्तर र पागलमा पुग्दा तिमीसँग चारवटा मुखुन्डा थिए । क्रमशः तिमीले जागिर खान थाल्यौ । विवाह भयो, बालबच्चा भए । तिम्रा मुखुन्डा थपिँदै गए, थपिँदै गए । तिमी तिम्रो चेहरामा बहुरूप गाँसेर विचरण गर्न थाल्यौ ।

तिमीले मलाई श्रद्धा त गरिरह्यौ तर मुखन्डो भिरेर । तिमीले आफूलाई इमानदारीको छाताभित्र छोप्न सुरु गर्‍यौ । हाकिमको अगाडि पर्दा नक्कली भक्तिभावले ओतप्रोत हुन थाल्यौ तिमी । तिम्रा धेरै हाकिमले तिम्रो मुखुन्डोलाई नै तिमी माने । तिमीले आफूलाई बाबा महातारीका अगाडि अर्को श्रवणकुमार बनाएर उभ्याउँथ्यौ । दाजुहरूको अगाडि भरत झैँ खडा हुन्थ्यौ । समाजका अगाडि यसरी उभिन्थ्यौ, मानौँ तिमी भागवत कथाका गोकर्ण हौ । तिमी सदाचारिताको नक्कली लिबास पहिरेर सज्जनता देखाउन बडो खप्पिस थियौ ।

आज तिमी आफ्नो यथार्थ स्वरूपमा यहाँ आएका छौ । अहिले म देख्दै छु, तिमीमा ज्ञान र इमानको अभिमान छैन । मुखुन्डो मिल्क्याएको हुँदा तिम्रो मुहारभरि लोभ, द्वेष, ईर्ष्या र परनिन्दा आदिका दागैदाग छन् । परन्तु आफ्नो सच्चा स्वरूपमा आएको हुँदा तिमी दागी भएर पनि बेदाग छौ । तिमी अहिले स्वीकारको भावमा भएको हुँदा पवित्र छौ । तिमी ईश्वरका सामु छौ । ईश्वरले तिमीलाई प्रेम, करुणा र क्षमाका आँखाले हेरिरहेका छन् । हुन त तिमीले यी फ्याँकिएका मुखुन्डाहरूलाई ग्रहण नगरेकै बेस हो । परन्तु तिमीले मुखुन्डो ग्रहण नगरेबापत कतै बेइमान, कतै लोलुप, कतै कामुक, कतै ढाँगी र कतै बहुरूपीको आरोप खेप्नुपर्ने छ ।

हे मित्र भागवत ! मेरो अभियान लामो निद्राविरुद्धको जागृति थियो । किन्तु दुनियाँले त्यो जागरणलाई पागलपन सम्झ्यो । पत्थरमा देवता देख्नेले मानिसमा परमात्मा देख्न इन्कार गरिदियो ।'

म स्वप्नबाट जाग्दा ती मुखुन्डाहरू मेरो साथमै थिए । जाग्रत अवस्थामै पनि देवकोटा मेरो सामुन्ने आएर उभिएको भान भयो । उनी मन्द-मन्द मुस्कुराइरहेका थिए । उनले त्यही कोट लगाइरहेका थिए जुन मन्त्री हुँदा लगाउने गर्थे । उनको अनुहार देख्दा लाग्थ्यो, उनी मेरो लाचारी बुझिरहेका छन् । उनले मसिनो स्वरमा भने, 'हे मेरो प्यारो दोस्त ! तिमी मुखुन्डोमै बस । जहिलेसम्म यो जगत्ले मुखुन्डोलाई सम्मान गरिरहन्छ, फाल्ने काम नगर्नू...!'

०-०-०



निबन्ध / संस्मरण

# चिसो शून्यताको एउटा ब्रह्माण्ड

*अनुपम रोशी*

आज फेरि...! मध्यरातमा आँखा खुले । न निद्राले थाम्न सक्ने थकान थियो न सपना मुटुमा बस्न सक्ने साहस । सबै चुपचाप थियो । बाहिर सडक, भित्र घडी, झ्यालबाहिर देखिएको जून र मेरो मन । यस्तो लाग्छ आजकल म एउटा गहिरो मौनतामा डुब्दै छु ।

मोबाइल खोल्छु । रातको एक बजेको छ । एकपटक सोसल मिडियातिर आँखा दौडाउँछु । पाकिस्तानी सेलिब्रेटी हुमैरा अस्गर अलीको मृत्युको खबर जताततै फैलिएको देख्छु । दश महिनादेखि मृत अवस्थामा रहेको शव अत्यन्त दुर्गन्धित अवस्थामा उनको आफ्नै अपार्टमेन्टमा फेला परेको खबर समाचारहरूले बताइरहेका थिए । छाला र हड्डी मात्र बाँकी रहेको अवस्थामा उनी भेटिएकी थिइन् ।

हुमैरा पाकिस्तानको चम्किलो पर्दामा देखिने सुन्दरी तर भित्रभित्रै बिलाउँदै गएको एउटा अस्तित्व । कराँचीको फ्ल्याटमा मरेर १० महिना हुँदासम्म कसैले खोजी नगरेको जीवनको नमुना । एक अभिनेत्री, एक स्त्री र अन्तमा एउटा बेवारिसे लास । म उनलाई चिन्दिनँ । कहिल्यै भेटेकी पनि छैन । तर जब उनको मृत्युको समाचार पढेँ मैले आफूभित्र उभिएको आफ्नै छायालाई देखेँ । एउटा एक्लै बस्ने स्त्रीको छाया । यतिबेला लाग्छ एकान्त– स्वतन्त्रता हो वा सजाय ?

हाम्रै समाजमा एउटी स्त्रीले एक्लै बस्ने निर्णय लिनु विद्रोहजस्तै छ । साथीभाइहरू सोध्छन्, यसरी एक्लै बस्न तिमीलाई डर लाग्दैन ? सायद उनीहरूको डर भौतिकभन्दा सामाजिक हो । म मुस्कुराउँछु । कहिलेकाहीँ गहिरो रातमा कान तन्काउँदा नसुनिएको आवाज सम्झन्छु । अनि सोच्छु, हुमैरा पनि यस्तै रातहरूमा कुन आवाज सुन्थिन् होला ?

के उनी पनि कसैको फोनको प्रतीक्षा गर्थिन् ? के उनी पनि कहिलेकाहीँ बत्ती निभाएर भित्रभित्रै रुन्थिन् ? के उनको अन्तिम आवाजमा, अन्तिम श्वासमा कसैले "तिमीलाई सम्झने छु" भनेको थियो ?

हुमैराको शरीर जब फेला पऱ्यो त्यो शरीर थिएन, त्यो समाजको मौनता थियो । त्यो हाम्रो एक्लोपनप्रतिको लाचारी थियो । परिवारले खोजेन, साथीहरूले सम्झेनन्, सरकार

ट्वाल्ल पऱ्यो । शरीर गलिसकेको थियो तर त्यो दुर्गन्ध उनको शरीरको होइन यो संवेदनहीनताले भरिएको समाजको गन्ध हो ।

म सोच्न बाध्य हुन्छु– यसरी नै यदि म भोलि यसै गरी मरेँ भने के कोही खोज्न आउने छन् ? म अचेल दिनभरिमा एकपटक पनि फोनको घण्टी नबज्दा झस्कन्छु । म्यासेजका कुनै नोटिफिकेसन नसुन्दा डराउँछु– त्यो झस्काइ कता हो कता, मरेर महिनौँसम्म अज्ञात रहन सक्ने भविष्यप्रतिको त्यही त्रास नै हो कि जस्तो लाग्छ । आफैले बहिष्कार गर्दै आएका सम्बन्धका आयामहरू । खोल्न पनि त सजिलो छैन । मान्छेलाई आफैमा हराउने बानी परेपछि ऊ एक्लिँदै जाने रहेछ । हुन त एकान्त हुनु भनेको मोक्षको द्वारनजिक पुग्नु हो पनि भनिन्छ । तर हुमैराको मृत्युले मेरो मनमा थुप्रै प्रश्नहरू उठाए । के एक महिलाको जीवनको मूल्य यति सस्तो हुन सक्छ ? किन समाजले उनलाई स्वतन्त्र भन्नेबित्तिकै छोडिएको सम्झियो ?

के हामीलाई प्रेम चाहिएको हो ? कि केवल पहिचानको खोजी ? चाहेर कसैले एकान्त रोज्नु यति घातक किन भइदिन्छ ? हो एक्लोपन शान्त हुन्छ तर कहिलेकाहीँ अत्यन्त क्रूर पनि भइदिँदो रहेछ । जब एक्लोपन गहिरिँदै जान्छ त्यो अस्तित्वको प्रश्न बन्दो रहेछ । म छु कि छैन ? मलाई कसैले सुनेको छ कि छैन ? मलाई महसुस गरेर कोही मुस्कुराउँछ कि मुस्कुराउँदैन ? यावत् तर्कहरूले आफैसँग जोरी खोजिरहन्छन् ।

मध्यरातमा म उठेर आफूलाई एकपटक ऐनामा हेर्छु । आँखा निराश देखिन्छन् र मन थकित तर जीवनप्रतिको लालसा चुँडिएको हुँदैन । लाग्छ, मृत्यु मसँगै बाँचिरहेको छ र म मृत्युसँगै हिँडिरहेकी छु । मैले कहिल्यै हुमैरा अस्गरलाई भेटिनँ । उनको मुस्कान मेरा आँखामा पर्दै परेन । उनको अभिनय मैले पर्दामा कहिल्यै हेरेकी पनि छैन । तर जब उनको मृत्युको खबर आयो– एक्लै, हराएको, गलेको, चिन्न नसकिने अवस्थामा, आफ्नै अपार्टमेन्टमा थुनिएको । म भित्रैदेखि हल्लिएँ । हातखुट्टा लुला भए ।

म पनि त एक्लो छु र हरेक समय म मृत्युको पूर्वाभास बाँचिरहेकी छु । लाग्छ, यो जीवन नै मृत्युको एउटा अभ्यासमा बाँचिरहेछ । म कल्पना गर्छु, उनी पनि कहिलेकाहीँ झ्यालछेउ वा छतको कुनामा उभिएर तारा गन्दै बस्थिन् होला ? फोनमा कुनै घण्टी बज्छ कि भनेर पटक पटक मोबाइल चेक गर्थिन् होला । मन पोलेर डाहा भएपछि कति पटक उनी पनि भित्रभित्रै चिच्याइन् होला र बाहिर कसैले नसुनून् भनेर सिरकले मुख छोप्दै बिस्तारै आँसु पुछिन् होला ? लाग्छ, एउटी हुमैरा म पनि हुँ, या म पनि हुमैरा बन्दै छु बिस्तारै । एकदिन म पनि मर्ने छु यसै गरी ।

म जीवनलाई प्रेम गर्ने मान्छे हुँ तर कहिलेकाहीँ म त्यो प्रेममा प्रेम देख्दिनँ । म बाँच्न चाहन्छु तर बाँच्दा–बाँच्दै आफैलाई गुमाउँदै गएको पत्तो पनि त नहुने रहेछ । मलाई प्रेम गर्ने कोही छैन भन्दा पनि मलाई सम्झने कोही छैन भन्नु साँच्चिकै मृत्युदायक हुँदो रहेछ ।

कुनै पनि बेला सुत्दासुत्दै सधैँका लागि सुतिरहन सकिन्छ । आफ्नै घर आफ्नै कोठा वा आफ्नै बाथरुममा लडिरहन सकिन्छ । त्यतिबेला केही पटक फोनको घण्टी बज्लान् । उठेन भनेर फोन पनि बज्न छोड्ला । बिस्तारै फोन अफ होला र फोन पनि अफ भयो भनिएला । तर दौडेर मलाई केही भयो कि भन्न को आउला ? अब म मूक हुन्छु । मभित्र चिसो शून्यताको एउटा ब्रह्माण्ड तयार हुन्छ । जहाँ आफ्नै अस्तित्वको डरलाग्दो समाधि देख्न थाल्छु म ।

त्यसैले भन्न चाहन्छु यदि म हराएँ भने, म कतै बिलुप्त भएँ भने एक पटक मेरो ढोका ढकढक्याउनु । मेरो थर्मसमा रहेको चिया अझै तातो होला, मेरो डायरीमा लेख्न बाँकी अधुरा कविता होलान् । टाइप गरेर पनि पठाउन नसकेका सन्देश मोबाइलमै अड्किरहेको हुन सक्छ । लेख्दालेख्दैको उपन्यास ल्यापटपको स्क्रिनमा झुन्डिइरहेको हुन सक्छ । कथाहरू अधुरै भेटिन सक्छन् । म हराइहालेँ भने मलाई कसैले त सम्झिनू । कम्तीमा एक जनाले भए पनि सम्झिनू...!

त्यसैले त म लेखिरहेकी छु यतिबेला, आफू सम्झिँदै, बाँचेका सबै एक्लाहरूलाई सम्झिँदै । किन पनि यो कुरा लेख्दै छु भने कोहीले त सम्झियोस् । कुनै भाइले, कुनै छोराले, कुनै छोरीले एक्लो भएर बसिरहेकी कुनै आमालाई, एक्लै जीवन बाँचिरहेकी कुनै दिदीलाई, बहिनीलाई या दाजुभाइलाई सम्झियोस् । कसै न कसैले कसैको खोजी गरोस् । आफ्ना हुनुको धर्म निभाओस् ।

हुमैरा अस्गरको मृत्युको यस्तो खबरले मेरो आँखाको निद्रा हराउँछ । आफूभित्रको एकान्तले सताउन थाल्छ । यो एकान्त कुनै खाली कोठाको एकान्त होइन, यो त मेरो मुटुमा पलाउँदै गएको मौनताको एकान्त हो जहाँ म आफैसँग टाढा हुँदै गएको अनुभूति फेरि चिच्याएर फर्किएको थियो । यसले मलाई मैले बिर्सिरहेको मेरो वास्तविक अस्तित्वतर्फ एकाकार गराइदिएको थियो । त्यो अस्तित्व जसलाई दिनभरिको भिडले, आफ्ना हुँ भन्नेहरूको ढोँगले केही क्षणलाई टालिदिएको थियो ।

अब मलाई घाट पुग्ने रहर हुन्छ किनकि मभित्र सुतेको मेरो एकान्त जागेको थियो । म उठ्छु । नीरव कोठाबाट बाहिर निस्कन्छु । चन्द्रमाको थकित उज्यालो पछ्याउँदै मान्छे निदाएको सहरबाट टाढा पुग्छु । शरीरको चालभन्दा चाँडो मेरो मन घाटतिर दौडिन्छ ।

यतिबेला घाटमा कोही छैनन् । क्रियापुत्रीभवन पनि शून्य छ । कपुरका अग्ला रुखहरू शान्त छन् । म त्यही ढुङ्गामाथि गएर सुत्छु जसलाई मानिसहरू पापधर्म ढुङ्गा भनेर दिनभरि पुज्छन् । त्यहाँबाट चितामा बगेका खरानीका धाराहरू देखिन्छन् र एक प्रकारको मौनतामा हराइरहेका आत्माहरूको गन्ध मेरो हृदयलाई महसुस हुन्छ ।

विष्णुदेवीघाट मेरा लागि एउटा नदीको किनार मात्रै होइन न ती देवीदेउताको धाम मात्रै हो । यहाँ त जीवनको रहस्य अस्ताउने शून्यता देख्छु म । जहाँ मानिसहरूले जीवन बिर्सिन्छन् । यहाँ आएपछि लास होइन आत्माहरूको मौनतामा मौन हुन सकिन्छ । मभित्रको एकान्तलाई यदि कसैले परास्त गर्न सक्छ भने त्यो यही घाटको मौनताले सक्छ । यहाँ पुगेपछि मेरा आँखाहरू बन्द हुन्छन् । म गहिरो सास तानेर आफूलाई आफैभित्र अनुभव गर्न खोज्छु ।

टुक्रिएको, गलित भएको तर अझै बाँच्न चाहेको एउटा कमजोर जिजीविषा मेरो अगाडि आएर ठिङ्ग उभिन्छ । लाग्छ, जीवन एउटा घाट नै त रहेछ जहाँ हरेक दिन केही मर्छ, केही बाँचिरहन्छ । सपनाहरू जल्छन्, आशाहरू खरानी हुन्छन् र हरेक चितामा उठ्ने धुवाँसँगै कसैको अन्तिम सासजस्तै स्वर्गतर्फ उडेर जान्छ ।

मध्यरातको यो घाटयात्रा कुनै कर्मकाण्ड होइन मेरा लागि– यहाँ आत्मा र समयबिचको एक मूक संवाद हुन्छ । म त्यहाँ उभिएर, आफ्ना अवाञ्छित भोगाइहरूलाई जलाउन सक्छु । अभावहरूलाई चितामा चढाउँछु र पीडालाई भस्म पार्छु र फर्कन्छु थकित भएर, किनकि म अझै मरेकी छैन । चाहे त्यो एकान्तमा, घाटमा या आफैभित्रको मौनतामा । नयाँ घाउसँग, नयाँ एकान्तसँग, अझ गहिरो बँचाइ बाँकी छ मेरो ।

आजकल घाटमा बलेको चिताले तान्दैन मलाई । मलाई त त्यहाँ पुग्न नसकी भित्रभित्रै गलेर मरिरहेका मनहरूको आगोले पोल्छ । हामीभित्रको मान्छेको मृत्यु त चुपचाप भइरहन्छ त्यसलाई न कुनै चिता चाहिन्छ न कुनै संस्कार । त्यो मौन मृत्युले अस्तित्वको आभालाई कैयौँ पटक निल्यो म गन्न सक्दिनँ । कैयौँ पटक मैले मुटुभित्र चुप लागेर बसेका शब्दहरूलाई छोएकी छु र भनेकी छु, "म बाँचिरहेकी छु तर यो बाँचिरहनु कति सहज छ त्यो त्यही मृत्यु भोगेको आत्मालाई नै थाह हुन्छ ।"

बाँच्नु र मर्नु– यी शब्द मात्र होइन रहेछन्, सारा अस्तित्वका धुरी रहेछन् । जन्म एक अदृश्य प्रारम्भ भएजस्तै मृत्यु एउटा अनिश्चित अन्त्य । तर यिनको बिचमा फैलिएको त्यो अनन्त यात्रालाई के भनेर चिन्ने ? हामी प्रायः बाँचिरहेका हुन्छौँ तर वास्तवमा बाँचिरहेको महसुस कति गरिरहेका छौँ ? यो यात्रा समयको गणनाले होइन अनुभूतिको गहिराइले मापन हुने रहेछ ।

हामी बाँचिरहेका छौँ हर्षमा, आँसुमा, हाँसोमा, डरमा । क्यालेन्डर र घडीका क्लकहरूमा बग्दै । कामको, जिम्मेवारीको, सम्बन्धको र स्वप्नको पर्खालभित्र पुरिँदै । तर बाँच्नु भनेको केवल सास फेर्नु मात्रै कहाँ रहेछ र ? बाँच्नु भनेको त पटक–पटक आफैसँग भेट भइरहनु रहेछ । आत्मासँग संवाद गरिरहनु रहेछ । एकान्तमा आफ्ना डर, इच्छा, हर्ष, र पीडालाई नाघेर अघि बढिरहनु रहेछ ।

हामी डराउँछौँ– एकान्तसँग, मौनतासँग, मृत्युसँग । तर मृत्यु नै जीवनको सबैभन्दा ठोस यथार्थ रहेछ जसलाई नजरअन्दाज गर्न सकिन्न न उसलाई पछि धकेल्न सकिन्छ । मृत्युले नै सम्झाइरहन्छ– म जसरी बाँचिरहेकी छु त्यसको कुनै अर्थ छ कि छैन ? त्यसैले बाँच्नु र मर्नुबिचको यात्रा प्रश्नहरूको यात्रा हो जस्तो लाग्छ ।

म कसरी बाँचिरहेछु ? म को हुँ ? के म आफ्नो जीवनमा प्रेम, करुणा र अर्थ भरिरहेको छु ? त्यसरी साँच्चिकै मृत्यु अगाडि आइपुग्दा म के लिएर जाउँला ? जब यी प्रश्नहरू उठ्न थाल्छन्, बल्ल जीवन साँच्चै सुरु भएजस्तो लाग्छ ।

स्वप्नहरूको आँधी, अस्तित्वको खोज, प्रेम र विद्रोह, सिर्जना र सङ्घर्ष, जिम्मेवारी, असमझदारी, सम्झौता, पश्चात्ताप, सम्झना, मोक्षको खोज, बाँच्नु र मर्नुबिचको यात्रा एउटा गहिरो ध्यान त रहेछ । अनुभूति, प्रेम, चिन्तन र चेतनाको कम्पनमा शरीरका अवयवहरू त साक्षी मात्रै बस्ने रहेछन् ।

हामी न आफ्नो इच्छाले जन्मन्छौँ न चेतनाले । आँखा उघार्नेबित्तिकै संसार हामीमाथि थोपरिन्छ । भाषा, धर्म, नाता, मूल्य र नियम । हामी बाँच्न सुरु गर्छौं तर थाहा हुँदैन किन बाँचिरहेका छौँ । बाँच्नु भनेको साँच्चिकै बाँच्नु हो कि केवल समाजले बनाइदिएको भूमिकामा अभिनय गर्नु हो ?

कैयौँ मृत्युलाई पार गरेर यसरी नै अस्तित्व बगिरहँदो रहेछ । अनुभूतिहरू जिउँदा रहँदा रहेछन्, र त स्मृतिहरू समयभन्दा बाहिर उभिन्छन् ।

हरपल मृत्युलाई कोखिलामा च्यापेर बाँच्नु भनेको त्यो अमूर्त र गहिरो अनुभूतिसँग बाँच्नु रहेछ जसले शरीरभन्दा पर, समयभन्दा पर र सीमाभन्दा पर अस्तित्वको जर्गेना गरिरहँदो रहेछ ।

o–o–o

निबन्ध/संस्मरण

# आफ्नै गतिमा बग्नुको सौन्दर्य



*चन्द्रबहादुर लामा*

समयको एउटा अनियन्त्रित भुमरीमा म आफैलाई बिचमा उभिएको पाउँछु । यो भुमरीको गति यति तीव्र छ कि यसले मेरो सोच, मेरो सम्बन्ध र मेरो अस्तित्वकै धरातललाई आफूसँगै घुमाइरहेको छ । मेरो वरिपरिको संसार एक अतृप्त दौडमा छ जहाँ सफलतालाई गतिले नापिन्छ र फुर्सदलाई अकर्मण्यताको दागले हेरिन्छ । छिटो, अझ छिटो– यो हाम्रो युगको अदृश्य तर शक्तिशाली महामन्त्र हो । सडकमा गुड्ने गाडीदेखि लिएर मेरो हातमा भएको मोबाइलको स्क्रिनमा दौडिने अक्षरहरूसम्म, सबैतिर एउटा बेचैन हतार छ । हामी सूचनाको बाढीमा यसरी डुबेका छौँ कि हामीले पौडिन होइन, केवल डुब्न सिकेका छौँ । हरेक दिनको बिहानी व्यस्तताको वाचा लिएर उदाउँछ र हरेक रात अपूर्ण कामहरूको बोझ बोकेर अस्ताउँछ ।

यो गतिको संस्कृतिले मेरो चेतनामा गहिरो छाप छोडेको छ । मेरो पात्रो जति भरिएको हुन्छ म आफूलाई त्यति नै महत्त्वपूर्ण महसुस गर्न थाल्छु । मेरो कलम कहिले कविता कोर्छ, कहिले निबन्धका पानाहरू भर्छ कहिले एउटा भाषाको आत्मालाई अर्कोमा सार्ने अनुवादको ध्याउन्नमा हुन्छ । कक्षाकोठामा भविष्यका आँखामा ज्ञानको दियो बाल्न खोज्छु भने उता कुनै कुनामा गुरुको सहायक बनेर अनुसन्धानका जटिल सूत्रहरूमा अल्झिन्छु । अनि आक्कलझुक्कल आएका भाषासम्पादनका कामहरूले फुर्सदका ससाना छिनहरू पनि टाल्छन् । यी अनेकौँ भूमिकाहरूको कोलाजले मलाई व्यस्त र सार्थक भएको भ्रम दिन्छ । 'म व्यस्त छु' भन्नुमा एउटा अनौठो गर्व मिसिएको छ । मानौँ यो व्यस्तता नै मेरो जीवनको सार्थकताको प्रमाण हो ।

तर एकान्तका क्षणहरूमा जब म आफ्नै मनको ऐनामा हेर्छु, म एउटा खोक्रोपन देख्छु । बजारले मलाई निरन्तर फुस्ल्याइरहेको छ– 'अझ धेरै' । 'धेरै सामान, धेरै उपलब्धि, धेरै अनुभव' खुसीको सूत्र यही हो भन्ने भ्रम मेरो दिमागमा बारम्बार रोपिन्छ । तब मलाई रोमन दार्शनिक सेनेकाको त्यो व्यङ्ग्य याद आउँछ, जसले भनेका थिए– "साँचो गरिब त्यो होइन जससँग थोरै छ, बरु त्यो हो जो सधैँ धेरैको तृष्णामा जलिरहन्छ ।" मेरो सम्पन्नताको भ्रम यही तृष्णाको आगोमा खरानी भइरहेको थियो ।

म वस्तुहरूको थुप्रोमा आफ्नो पहिचान खोजिरहेको छु र यो दौडमा मैले सबैभन्दा बहुमूल्य कुरा गुमाइरहेको छु– समय । थोरोले वाल्डनको किनारमा बसेर सोधेको प्रश्न मेरो मनमा पनि उठ्छ, "हरेक वस्तुको मूल्य त्यो जीवन हो जो त्यसलाई प्राप्त गर्न खर्च गरिन्छ । "मैले यी अनावश्यक वस्तुहरूको मूल्य आफ्नो जीवनकै अमूल्य क्षणहरू साटेर चुकाइरहेको थिएँ, त्यो जीवन जो सरलतामा बग्न सक्थ्यो । प्रविधिले मलाई संसारसँग जोड्नुपर्ने हो तर म आफ्नै आत्माबाट विच्छेद भएको महसुस गर्छु । म 'व्यस्त रहनका लागि व्यस्त' छु । यो अनन्त दौडधुपमा मैले जीवनको लय गुमाएको छु । मैले सास फेर्न बिर्सिएको छु । जीवन जिउन बिर्सिएको छु ।

यही कोलाहलको बिचमा कहिलेकाहीँ एउटा मसिनो तर दृढ स्वर मेरो कानमा गुन्जिन्छ– अल्पतमवादको स्वर । यो कुनै नयाँ आविष्कार होइन बरु युगौँदेखि गुमाइएको पुरानो ज्ञानको पुनर्खोज हो । यो दर्शनलाई मैले कुनै किताबमा भेटेको होइन बरु आफ्नै हजुरबाका खाली खुट्टामा देखेको हुँ, जसको जीवनमा भौतिक वस्तुको उपस्थितिभन्दा धेरै धर्तीसँगको स्पर्शको गहिरो अर्थ थियो । म सानो छँदा एकदिन मैले मेरा साना चप्पल उहाँतिर सार्दै सोधेको थिएँ, "हजुरबा, मेरो चप्पल लाउनुहुन्छ ?" उहाँले धर्तीतिर हेर्दै मुस्कुराएर भन्नुभएको थियो, "बाबु, मलाई चप्पल लाउने बानी नै भएन । यो जिन्दगी त यिनै खाली खुट्टाले नै नापियो ।" उहाँको यो वाक्यमा मैले जीवनको सबैभन्दा ठुलो दर्शन भेटेँ । यो त्यो राजकुमारको कथाजस्तै हो जसले सुखसयलको दरबार त्यागेर बोधिवृक्षमुनि शान्ति खोजेका थिए । यो ती ज्ञानीहरूको दर्शन हो जसले सिकाए कि खुसी बाहिरी वस्तुमा होइन भित्री अनुशासन र अनासक्तिमा छ । यो केवल सामान घटाउने गणित होइन, यो त अनावश्यकलाई हटाएर आफ्नो जीवनमा वास्तविक मूल्य के हो भनी चिन्ने कला हो । जब पूरै प्रणाली मलाई कोलाहल र अतृप्ति बेचेर नाफा कमाइरहेको छ तब स्वेच्छाले सुस्तता, सरलता र मौनतालाई अँगाल्नु एउटा साहसिक र विद्रोही कार्य हो । यो बजारले निर्धारण गरिदिएको मूल्यलाई अस्वीकार गरेर आफ्नै मूल्यहरू स्थापित गर्ने प्रयास हो ।

यसरी सचेत जीवन अँगाल्ने प्रयासमा म घडीको सुईलाई रोक्न खोज्दिनँ बरु समयको बगाइसँगै आफ्नै लयमा बग्न सिक्छु । बिहानको चियाको कपबाट निस्किरहेको बाफलाई हेर्दै, सूर्यको पहिलो किरणसँग गफ गर्दै दिनको सुरुवात गर्छु । यो मानसिकताले मलाई सचेत उपभोगको बाटोमा डोऱ्याउँछ । कुनै पनि वस्तुलाई आफ्नो जीवनमा प्रवेश दिनुअघि म आफैलाई सोध्छु के मलाई साँच्चै यो चाहिएको हो ? के यसले मेरो जीवनमा कुनै अर्थपूर्ण मूल्य थप्छ ? तब मलाई इपिक्युरसको सम्झना आउँछ जसले सिकाएका थिए कि साँचो सुख सम्पत्ति थुपार्नुमा होइन बरु आफ्ना आवश्यकताहरूलाई घटाउनुमा

छ । यो प्रश्नले मलाई क्षणिक आवेगमा निर्णय गर्ने बानीबाट मुक्त गराउँछ र वस्तुको दास बन्नबाट जोगाउँछ ।

तीव्र संसारमा मेरो सोच पनि सामाजिक सञ्जालको फिडजस्तै छोटो र सतही भएको थियो । सचेत जीवनले मलाई विचारको गहिराइमा डुबुल्की मार्न सिकाउँछ– त्यो सतही जीवनलाई अस्वीकार गर्नु, जसको बारेमा सुकरातले भनेका थिए, "नजाँचीकन बाँचेको जीवन जिउनुको लायक हुँदैन ।" गहिरो पठन, केन्द्रित सोच र वास्तविक संवादका लागि समय निकाल्दा विचारहरू परिपक्व हुन र सम्बन्धहरू झाँगिन अवसर पाउँछन् । तर जब म मेरो झ्यालबाट बाहिर हेर्छु, दैनिक गुजाराका लागि दौडिरहेका मानिसहरू देख्छु, तब एउटा असहज प्रश्न मेरो मनमा काँडाझैँ बिझ्छ– के यो सचेत जीवनको दर्शन एउटा विलास मात्र हो, जो केवल आर्थिक रूपमा सुरक्षितहरूका लागि मात्र सम्भव छ ? जो बाँच्नकै लागि तीव्र गतिमा दौडिन बाध्य छ उसलाई यो दर्शनले के सान्त्वना देला ? यो आलोचनाले मलाई अल्पतमवादलाई केवल व्यक्तिगत छनोटको रूपमा नभएर सामाजिक र आर्थिक संरचनाको कठोर यथार्थभित्र राखेर हेर्न बाध्य बनाउँछ ।

मेरो अव्यवस्थित कोठा अक्सर मेरो मनको ऐना बन्थ्यो– बाहिर जति सामानको थुप्रो भित्र त्यति नै विचारको विशृङ्खलता । हरेक अनावश्यक वस्तुले मेरो मानसिक संसारको एउटा कुना ओगटेको थियो, जसले मेरो सोच्ने क्षमतामाथि एक अदृश्य बोझ थपिदिन्थ्यो । मनोविज्ञानले यसलाई 'संज्ञानात्मक बोझ' भन्छ होला तर मेरा लागि यो एउटा यस्तो कुइरो थियो जसले मेरो चेतनालाई धुम्म बनाइदिन्थ्यो । अल्पतमवादले मलाई बाहिरी संसारलाई सरल बनाएर भित्री संसारमा स्पष्टता र शान्ति ल्याउन मद्दत गरेको छ । हरेक वस्तुलाई बिदा गर्दा म केवल एउटा भौतिक चिज मात्र त्यागिरहेको थिइनँ बरु त्यससँग जोडिएको भावनात्मक र मानसिक बोझ पनि विसर्जन गरिरहेको थिएँ । जब मेरो वरिपरि कम विचलन हुन्छ तब मनको त्यो खाली क्यानभासमा नयाँ सिर्जनाका रङहरू भर्न मात्र होइन बरु त्यो क्यानभासलाई आफ्नै मौनतामा श्वास फेर्न दिन पनि सजिलो हुँदो रहेछ ।

तर आजको युगमा मेरो सबैभन्दा ठुलो अव्यवस्था भौतिक होइन डिजिटल हो । मेरो स्मार्टफोनले मेरो चेतनालाई एउटा यस्तो ऐनामा परिणत गरेको छ जुन हजारौँ टुक्रामा फुटेको छ र हरेक टुक्रामा एउटा फरक प्रतिबिम्ब देखिन्छ । यसले मेरो ध्यानलाई मात्र विभाजित गर्दैन बरु मेरो 'उपस्थिति' को सार नै चोर्छ । हरेक सूचना, हरेक सन्देशले मेरो ध्यानको एउटा सानो अंश आफूतिर तान्छ जसले गर्दा म कुनै पनि काममा पूर्ण रूपमा डुब्न सक्दिनँ । यो आत्माका लागि एउटा यस्तो कोलाहलको मन्दिर हो जहाँ शान्तिको प्रार्थना कहिल्यै सुनिँदैन ।

यही डिजिटल चक्रव्यूहबाट निस्कन म 'डिजिटल अल्पतमवाद' को साधना गर्छु । म प्रविधिलाई त्याग्दिनँ किनकि यो मेरो युगको यथार्थ हो तर म त्यसको दास बन्न अस्वीकार गर्छु । बरु म त्यसलाई आफ्नो मूल्यको सेवा गर्ने साधनको रूपमा सचेत रूपमा प्रयोग गर्न सिक्छु । कुन एपले मेरो जीवनलाई धनी बनाउँछ र कुनले मेरो समय र ध्यान मात्र चोर्छ भन्ने विवेकशील छनोट गर्नु नै मेरा लागि डिजिटल अल्पतमवाद हो । यो सतही सूचनाको अनन्त चौडाइलाई त्यागेर विचारको गहिराइमा डुबुल्की मार्ने सचेत निर्णय हो । तर म यो भ्रममा छैन कि मनको अँध्यारो कोठा सामान फाल्दैमा वा एप्स हटाउँदैमा सफा हुन्छ । अल्पतमवादले बाटोमा रहेका बाहिरी काँडाहरू पन्छाउन सक्छ तर मनभित्र गढेको काँडा निकाल्ने काम त स्वयंले नै गर्नुपर्छ । यो एउटा सहयोगी साधन हुन सक्छ तर गहिरो मानसिक पीडाको उपचार होइन; यो त केवल एउटा पहिलो पाइला हो, पूरै यात्रा होइन ।

यो सुन्दर दर्शनको पनि आफ्नै छायाँ छ । कहिलेकाहीँ आधुनिक अल्पतमवाद एउटा महँगो र विशिष्ट सौन्दर्यबोधको खोल ओढेर आउँछ । इन्स्टाग्राममा देखिने चिल्लो, सेतो कोठा र डिजाइनर फर्निचरले यसलाई एउटा यस्तो जीवनशैलीको रूपमा प्रस्तुत गर्छ, जुन आम मानिसको पहुँचभन्दा बाहिर छ । यो 'सौन्दर्यीकृत अल्पतमवाद' ले सरलताको नाममा नयाँ किसिमको उपभोगलाई नै बढावा दिइरहेको देख्दा मेरो मन खिन्न हुन्छ । तब मलाई ओशो र उनका ९३ वटा रोल्स रोयस गाडीको विवादास्पद कथा याद आउँछ । एकातर्फ त्याग र अनासक्तिको कुरा गर्ने गुरु अर्कोतर्फ भौतिक सम्पन्नताको चरम प्रदर्शन । तर सायद, ओशोको त्यो कदम बाहिरी संसारका लागि एउटा ऐना थियो जसले देखाउँथ्यो कि मानिसहरू बाहिरी वस्तुमा कति धेरै अल्झिन्छन् । उनको सन्देश सायद यो थियो– सम्पन्नता वा गरिबीमा होइन चेतनाको स्वतन्त्रतामा मुक्ति छ । वस्तु तिमीसँग हुनु समस्या होइन तिमी वस्तुसँग बाँधिनु समस्या हो ।

यो विरोधाभासपूर्ण चित्रभन्दा पर एउटा अझै शक्तिशाली र स्पष्ट कथा छ– सम्राट् अलेक्जेन्डर र दार्शनिक डायोजिनिजको । विश्व जित्ने महत्त्वाकाङ्क्षा बोकेर हिँडेका अलेक्जेन्डर एउटा खोलाको किनारमा नाङ्गै बसेर घाम तापिरहेका डायोजिनिजलाई भेट्न पुग्छन् । आफ्नो सम्पूर्ण शक्ति र वैभवको प्रदर्शन गर्दै सम्राट् सोध्छन्, 'म तिम्रा लागि के गर्न सक्छु ?' डायोजिनिज निर्भीकतासाथ जवाफ फर्काउँछन्, 'केही गर्नुपर्दैन । केवल पर सरेर घाम नछेकिदिनुहोस् ।' त्यो क्षणमा संसारको सबैभन्दा शक्तिशाली मानिसले संसारको सबैभन्दा गरिब तर स्वतन्त्र मानिससँग आफूलाई पराजित महसुस गऱ्यो । डायोजिनिजसँग केही थिएन तर उनीसँग त्यो सन्तुष्टि थियो जुन अलेक्जेन्डरले पूरै

संसार जितेर पनि पाउन सक्ने थिएनन् । यो कथाले अल्पतमवादको गहिरो अर्थ खोतल्छ र आधुनिक अभ्यासको खोक्रोपनलाई उदाङ्गो पारिदिन्छ ।

अर्कोतर्फ यो दर्शनले कहिलेकाहीँ आफ्नै सांस्कृतिक मूललाई बिर्सिदिन्छ । विश्वका अनगन्ती समुदायहरूले शताब्दीयौँदेखि आवश्यकता र विवेकले सरल जीवन बिताउँदै आएका छन् । उनीहरूका लागि यो 'जीवन-शैली' होइन, 'जीवन-दर्शन' थियो जो प्रकृति र समुदायसँगको गहिरो सम्बन्धबाट जन्मिएको थियो । र, सबैभन्दा पेचिलो प्रश्न त्यहीँ गएर ठोक्किन्छ 'त्याग्ने विशेषाधिकार' को । जससँग धेरै कुरा छ उसले मात्रै केही कुरा त्याग्ने निर्णय गर्न सक्छ । जससँग पहिलेदेखि नै केही छैन उसका लागि अल्पतमवादको के अर्थ ? उसको बाध्यतालाई दर्शनको सुन्दर नाम दिनु उसको गरिबीमाथि गरिएको एउटा बौद्धिक ठट्टाभन्दा बढी के होला र ?

त्यसैले म अल्पतमवादको पुनर्कल्पना गर्ने प्रयास गर्छु । एउटा यस्तो दर्शन जो समावेशी छ र कुनै निश्चित सौन्दर्यको मापदण्डमा बाँधिएको छैन बरु हरेक व्यक्तिको जीवनको धरातलमा फुल्न सक्छ । अल्पतमवाद सेतो भित्ताको रङ होइन, मनको रङ हुनुपर्छ । यो मेरो घरमा कतिवटा सामान छन् भन्ने तथ्याङ्क होइन बरु मेरो हरेक कर्म, हरेक सम्बन्ध र हरेक विचारमा कति नियत र सचेतता छ भन्ने आत्म-प्रश्न हो । यो 'कम हुनु' को अभावबोध होइन बरु 'पर्याप्त हुनु' को आत्मबोध हो । बुद्धले सिकाएको 'मध्यम मार्ग' जस्तै हो यो न भोगको अति न त्यागको हठ, केवल सन्तुलनको बोध । यो मानसिकता जुनसुकै आर्थिक पृष्ठभूमि भएको व्यक्तिले पनि अपनाउन सक्छ । जसको घरमा सयौँ किताब छन् उसले नपढ्ने किताबहरू हटाएर आफ्नो मन सफा गर्न सक्छ भने जससँग एउटै मात्र किताब छ उसले त्यही किताबलाई सय पटक पढेर त्यसको गहिराइमा डुब्नु पनि अल्पतमवाद हो । यो अभावको दर्शन होइन बरु जे छ त्यसको गहिरो मूल्याङ्कनको दर्शन हो । यो मार्कस अरेलियसले सिकाएको भित्री साम्राज्य निर्माण गर्ने कला हो जहाँ बाहिरी संसारको कोलाहलले छुँदैन ।

यसलाई व्यक्तिगत साधनाको साँघुरो कोठाबाट निकालेर सामुदायिक अभ्यासको फराकिलो आँगनमा ल्याउन सकिन्छ । हाम्रो समाजमा लुकेर बसेका 'पर्म' वा 'गुठी' जस्ता अभ्यासहरू सामुदायिक अल्पतमवादका जीवन्त उदाहरण हुन् जहाँ स्रोत र श्रम व्यक्तिमा होइन समुदायमा केन्द्रित हुन्छ । हरेक घरमा छुट्टाछुट्टै सामान थुपार्नुको सट्टा हामी टोल-छिमेक मिलेर साझा पुस्तकालय, साझा बगैँचा वा साझा उपकरणहरू प्रयोग गर्न सक्छौँ । 'साना कुरा सुन्दर हुन्छन्' भन्ने दार्शनिक सुमाकरको दर्शनलाई व्यवहारमा उतार्ने

प्रयास हो यो । यसले 'मेरो'को साँघुरो किल्लाबाट निकालेर 'हाम्रो'को फराकिलो आँगनमा उभ्याउँछ जहाँ भौतिक वस्तुभन्दा धेरै मानवीय सम्बन्ध र विश्वासको मूल्य हुन्छ ।

र अन्त्यमा, साँचो अल्पतमवादले हाम्रो व्यक्तिगत सिमाना नाघेर पूरै ग्रहलाई आफ्नो परिधिमा समेट्छ । यसले मलाई मेरो हरेक उपभोगको पछाडि लुकेको अदृश्य धागो देखाउँछ– त्यो धागो जसले मलाई कुनै कारखानाको श्रमिकको पसिनासँग, कुनै प्रदूषित नदीको चीत्कारसँग र कुनै लोप हुन लागेको जीवको अन्तिम श्वाससँग जोड्छ । तब गान्धीको त्यो मार्मिक चेतावनी मेरो कानमा बज्छ, "यो धरतीले सबैको आवश्यकता पूरा गर्न सक्छ तर एक जनाको पनि लोभ पूरा गर्न सक्दैन ।" गान्धीले आफ्नै हातले चर्खा चलाएर धागो कात्नु केवल एउटा राजनीतिक प्रतीक थिएन यो त उपभोगको क्रूर शृङ्खलाबाट आफूलाई मुक्त गर्ने, आफ्नो आवश्यकतामा आत्मनिर्भर बन्ने र हरेक धागोमा नैतिक जिम्मेवारी बुन्ने एउटा आध्यात्मिक र नैतिक उद्घोष थियो । हामीले फालेको हरेक प्लास्टिकको झोला पृथ्वीको श्वासनलीमा अड्किरहेको छ र हामीले किनेको हरेक 'फास्ट फेसन' ले कसैको जीवनलाई सस्तो बनाइरहेको छ भन्ने बोध नै अल्पतमवादको सबैभन्दा गहिरो र जिम्मेवार स्वरूप हो । यो केवल आफ्नो जीवनलाई सरल बनाउनु मात्र होइन बरु पूरै अस्तित्वप्रति विनम्र र संवेदनशील बन्ने एउटा निरन्तरको प्रयास हो ।

o–o–o



निबन्ध / संस्मरण

# फूलजस्तै जीवन

*साधना प्रतीक्षा*

आजभोलि म यो बाटो हिँड्दाहिँड्दै टक्क अडिन्छु अनि केहीबेर प्रकृतिको अनुपम सौन्दर्य हेरिरहन्छु । जति हेरे पनि आँखा थाक्दैनन् र मन पनि अघाउँदैन तर पनि मलाई आफ्नो बाटो हिँड्नैपर्छ किनकि मलाई मेरो गन्तव्यमा पुग्नुपर्छ समयमा नै ! बाटोको दुवैतिर लहरै उभिएका चेरीका बोटहरू अहिले गुलाबी फूलले ढकमक्क भएका छन् । बिना कुनै पात हाँगाभरि फक्रिएका फूलहरूले हरेक बटुवालाई आफूतिर तानिरहेका हुन्छन् । आँखाले देखुन्जेल परसम्मका लामबद्ध यी बोटहरू मानौँ सुन्दरता र जवानीले भरिपूर्ण यौवनाहरू हुन् जो आफ्ना प्रियतमको पर्खाइमा अपलक उभिएका छन् । कतै गुलाबी

त कतै सेता फूल अनि कतै भर्खर पालुवा पलाएर हावामा झुलिहेका हरिया विशाल रुखहरूले सजिएको यो बाटो देख्दा मलाई धार्मिक पुस्तकहरूमा वर्णन गरिएको स्वर्ग यही पो हो कि जस्तो लाग्छ । यी गुलाबी फूल स्वर्गका तिनै सुन्दर अप्सरा पो हुन् कि !

मैले पढेका धार्मिक एवम् पौराणिक कथाहरूमा देवताहरू स्वर्गमा बस्दथे । त्यो स्वर्ग सबै प्रकारका सुख-सुविधा भएको ठाउँ हुन्थ्यो । त्यहाँ चारैतिर हरियाली अनि असल जातका बोटबिरुवा हुन्थे । ती बोटहरूमा सधैँभरि फलफूल लटरम्म फलेफुलेका हुन्थे । त्यसको सुवास टाढा-टाढासम्म फैलिएको हुन्थ्यो । त्यहाँ विभिन्न चराचुरुङ्गीहरू रमाउँदै मिठो गीत गाएर नाचिरहेका हुन्थे । मौरी, पुतली, भँवरा आदि भुनुभुनु गरेर वातावरणलाई झनै मोहक बनाएका हुन्थे । त्यहाँ सबै सुखी र खुसी हुन्थे । स्वर्गका राजा इन्द्रको दरबारमा सधैँ अप्सराको नाचगान हुन्थ्यो । उनको बगैँचाको सुन्दरताको बयान सुन्दा त साँच्चै अनौठो लाग्दथ्यो । यस्तो सुन्दर ठाउँ पनि हुन सक्ला र ? केटाकेटी बेलामा यस्तै प्रश्न बारम्बार मनमा आइरहन्थ्यो । अहिले यहाँको वातावरण देख्दा मलाई लाग्दै छ, स्वर्ग भनेको त पृथ्वीमा नै हुँदो रहेछ यदि मानिसले पौरख गरेर बनाउन सक्यो भने । मैले कथामा सुनेको स्वर्ग र यहाँ देखेको स्वर्गमा भिन्नता छ त केवल यस्तो– त्यो दैवी शक्तिले बनाएको स्वर्ग हो तर यो मानिसको इच्छाशक्तिले बनाएको स्वर्ग हो । त्यहाँ देवताहरू मात्र बस्दथे भने यहाँ मानिसहरू बस्दछन् ।

हो, धर्ती नै स्वर्ग बन्दो रहेछ यदि मानिसमा कर्मप्रति विश्वास हुन्छ भने । यो धर्तीको स्वर्ग हाम्रो छिमेकी देश चीनको एउटा सानो सहरमा छ । उनीहरूका लागि त यो एउटा सामान्य सहर हो । यही सहरको एउटा विश्वविद्यालयको परिसरको सौन्दर्यले मात्र पनि मलाई कल्पनाको स्वर्गको साक्षात् दर्शन गराइरहेको छ । कठैबरा ! मेरो देशको केन्द्रमा रहेको कीर्तिपुरको विश्वविद्यालय ! धन्न केही वर्षयता गौचरणबाट शनैः शनैः काँचुली फेर्दै छ । सायद, प्रकृतिले दिएको अनुपम सौन्दर्य र सम्पदाको महत्त्वबोध हामीले गर्न सकेनौँ मात्र होइन चाहेनौँ पनि ! चिनियाँ नेता एवम् जनतामा आफ्नो देश बनाउने इच्छाशक्ति तथा कर्ममा विश्वास भएको हुनाले आज यो देश संसारमा अग्रतातिर बढिरहेको छ । इतिहासमा अभाव, विपन्नता, भोकमरी आदिजस्ता कैयौँ विकराल समस्या भेलेको यो देशको जमिन आज अन्नको भण्डार बनेको छ अनि यहाँका नागरिकले इच्छ्याएको चिज खान पाएका छन् । नोबल पुरस्कारप्राप्त प्रसिद्ध उपन्यास द गुड अर्थ जसको नेपाली अनुवाद कल्याणी धरती यसै यथार्थको साक्षी हो । चिनियाँ विकास-निर्माण कुनै चमत्कारले अनि रातारात भएको होइन, यहाँका मानिसको निरन्तरको श्रम र कर्मप्रतिको इमानदारीका कारण भएको हो । सुख्खा ठाउँमा रहेको यो सहरमा पनि यस्तो हरियाली हुनु, बाटोका छेउमा

मौसमअनुसारका फूलहरू फुलाउनु सामान्य कुरा होइन । सहरको यो विश्वविद्यालयको परिसरको हरियाली मात्र होइन बोटविरुवा तथा बाटोको व्यवस्थापन आफैमा अनुपम छ । त्यसैले त यो सधैँ सुन्दर देखिन्छ । फूल फुल्ने समयमा यसको सुन्दरता थपिने गर्दछ । अहिले फूलको मौसम छ । त्यसैले यसको सौन्दर्य थपिएको छ र म हरेक दिन मोहित बनेर यसको सौन्दर्यपान गरिरहेकी छु ।

बाटो हिँड्दाहिँड्दै म रोकिन्छु अनि रुखमा बसेर मिठो गीत गाइरहेका चरालाई हेर्न खोज्छु । कहिले बाटोमा फुरफुर गर्दै नाचिरहेका चरा देखेर रमाउँछु । यी मानिससँग नडराउने चरा देख्दा अनौठो लाग्छ मलाई । सायद, यहाँका मानिस प्रकृतिमैत्री छन् । त्यसैले चराहरूलाई मानिससँग डर लाग्दैन होला ! हो, अहिले म बाटोका फूलहरूको सौन्दर्यमा डुबेकी छु । यिनै फूलसँग मैले मानिसको जीवनको रहस्य खोज्ने प्रयास पनि गर्दै छु । मानव जीवन र यी फूल उस्तै रहेछन् । मानिस जन्मन्छ, हुर्कँदै जान्छ र जवान हुन्छ । जवानीमा शक्ति र सुन्दरताले पूर्ण हुन्छ । सुसंस्कार तथा सद्व्यवहारको सुगन्धले उसलाई सबैको प्रिय बनाउँछ । आफ्ना हरेक आवश्यकता ऊ स्वयम् पूरा गर्न सक्छ । त्यसैले उसलाई जीवन प्यारो लाग्छ, सबैतिर रमाइलो लाग्छ । क्रमशः उमेर ढल्कँदै जान्छ, ऊ कमजोर र रोगी पनि बन्दै जान्छ । अब उसलाई अरुको सहारा चाहिन्छ । उसको रूप–सौन्दर्य पनि सकिँदै जान्छ । अब उसलाई आफ्नो जीवन प्यारो लाग्न छाड्छ र त्यसबाट मुक्त भएर ऊ कतै शून्यमा हराउन चाहन्छ, अन्त्यमा हराउँछ पनि । जसरी फूल ओइलाएर झर्छ त्यसरी नै मानिस पनि बुढो भएर मर्छ । फूल र जीवन उस्तै ! दुवैको गन्तव्य अन्ततः खुला आकाशमुनिको एक टुक्रा जमिन न हो ।

यी ढकमक्क फुलेका फूल केही दिनमा फक्रिएर पत्ता–पत्ता भएर हावाको वेगसँगै झरेर भुइँभरि हुने छन् । केही समयअघि सबैको आकर्षणको केन्द्र बनेका फूल अब बाटोभरि छरिने छन् फोहोर बनेर ! बाटो सफा गर्ने मानिसले लामो कुचो लिएर ती सबै फूल उठाएर फोहोरको कन्टेनरमा राखिदिने छ । बाटोमा कार्पेट बिछ्याइएझैँ झरेका फूलहरूलाई कुल्चिएर मानिसहरू ओहोरदोहोर गर्ने छन् । केही समयपछि त फूलको अस्तित्व नै रहने छैन तर पनि फूलको बोटको सुन्दरता र उपयोगिता त उस्तै रहने छ । झपक्क पलाएका पातहरूले त्यसको महत्त्व बढाउने छन् । मानिसहरू फेरि त्यसको छहारीमा रमाउने छन् । चराचुरुङ्गी पनि त्यहाँ आएर रमाउँदै गाउने छन्–नाच्ने छन् । ऋतुचक्रसँगै समय घुम्दै जाँदा शिशिरको कठ्याङ्ग्रिने जाडो आउने छ । रुखका पातहरूले एक–एक गरी रुखलाई छाडेर त्यसरी नै झर्ने छन् जसरी मानिसको जवानी उसलाई छाडेर जान्छ । अन्ततः रुख हाँगा मात्र लिएर ठिङ्ग उभिइरहने छ ।

केही समयअघि यी रुखहरू त्यस्तै थिए । यो बाटो ओहोरदोहोर गर्दा मलाई लाग्थ्यो यी रुखहरू पनि मजस्तै पीडामा छन् । जीवन सारहीन छ, केवल निराशा मात्र ! ती रुखले न मानिसलाई छहारी दिन सक्थे न त पन्छीलाई बास । त्यसैले त्यहाँ वरिपरि न मानिस हुन्थे न त चराको सङ्गीत नै । मृत्यु पर्खिरहेका वृद्धहरूजस्तै, उपचार खोजिरहेका रोगीहरूजस्तै, दाता पर्खिरहेका भिखारीहरूजस्तै यस्तै-यस्तै लाग्थे मलाई यी रुखहरू । त्यसैले म पनि उदास हुन्थेँ, एउटा अव्यक्त पीडाले म पनि दुख्ने गर्दथेँ । आफूजस्तै कुनै दुर्घटनाले अशक्त भएर एउटा निर्जीव लट्ठीको सहारामा उभिएजस्तै लाग्थ्यो मलाई यी बोटहरू ! र म आफूलाई यिनै कुरूप बोटहरूसँग एकाकार गर्दथेँ । वसन्तको आगमनसँगै जब न्यानो बढ्न थाल्यो यी रुखहरूमा ससाना कोपिला र पालुवा देखिन थाले । केही समयपछि त कोपिला फूलमा परिणत भएर वातावरण नै सुन्दर बन्यो ।

जब म पहिलो पटक यहाँ आएकी थिएँ, यही फूलको मौसम थियो । जता हेऱ्यो उतै ढकमक्क फूल ! पहिलो पटक देखेकी थिएँ मैले यो र यस्तो सुन्दर फूल । त्यसैले म रमाउँदै फूलसँग बसेर तस्बिर खिचेकी थिएँ अनि आफ्नो परिवारलाई पठाएकी थिएँ । सामाजिक सञ्जालमा पनि हालेकी थिएँ त्यो तस्बिर । मलाई लागेको थियो मेरो स्वागत गरिरहेछ यो गुलाबी मौसमले । आहा ! यी बोटहरू कति सुन्दर ! यी फूलहरू कस्ता कोमल ! मैले मन अघाउन्जेल हेरेँ यी फूललाई अनि यिनको सौन्दर्यमा टाँसिएर अनगन्ती फोटा पनि खिचेँ तर पनि तृप्त हुनै सकिनँ । कति मनमोहक हुँदो रहेछ यो फूलको जवानी ! अझै अघि बढेर मैले बिस्तारै स्पर्श गरेँ यी फूलका नरम थुँगाहरूलाई बोटमा नै । सायद, यो मेरो अन्तिम स्पर्श हो, अन्तिम भेट हो किनकि मेरो यो आगमन एउटा संयोग मात्र हो, पटक-पटक कहाँ जुर्छ र यस्तो संयोग ? यी फूलले मलाई धेरै सिकाए । परिस्थितिसँग सम्झौता गर्न, प्रतिकूलतामा विचलित नभई धैर्य गर्न, आफूसँग भएका कुनै कुराको घमन्ड नगर्न अनि नभएका कुराप्रति हीनताबोध पनि नगर्न । मन पवित्र हुनुपर्दछ, विचार सुन्दर हुनुपर्दछ र व्यवहार शिष्ट हुनुपर्दछ फूलका हाँगा, पात र सुवासजस्तै । यही सिकाए मलाई यी फूल अनि बोटहरूले । बाहिर मात्र होइन, यहाँको कक्षाकोठा पनि सुन्दर बगैँचाजस्तो लाग्छ मलाई । यहाँ पनि थरीथरीका फूलजस्ता छात्रछात्राहरू छन् । उनीहरूमा पनि फूलको जस्तै सुविचार र सद्भाव छ अनि मिहिनेत गरेर भविष्यमा केही राम्रो गर्ने दृढता छ । उनीहरूको साथमा पनि म त्यसरी नै खुसी हुन्छु जसरी फूलको साथमा हुन्छु । सुसंस्कारको मधुर बास्ना पनि पाउँछु म यिनीहरूमा । प्रविधिको माध्यमबाट कम्प्युटरको स्क्रिनमा पढाएकी थिएँ एक-दुई वर्ष । मात्र त्यति सम्बन्ध थियो यिनीहरूसँग । मेरो अनुहार मात्र देखेका अनि बोली मात्र सुनेका यिनीहरूले मलाई यति धेरै माया र सम्मान

दिए, त्यति त मैले आफ्नो आजसम्मकै शिक्षण अवधिमा पनि पाएकी छैन ! र सायद अब पाउने पनि छैन किनकि अब अवधि नै पो कति छ र ? यिनीहरूलाई सिकाउन आएकी म, यिनीहरूबाटै धेरै कुरा सिकेकी पनि छु ।

हो, म यहाँ केही समयको पाहुना हुँ । पाहुना मात्र होइन, भाग्यमानी पाहुना जसले परदेशमा पनि आफ्नै परिवारजस्तो वातावरण पायो । यति लामो समय आफ्नो देश र परिवारबाट टाढा भएर पनि त्यसको अभावको महसुस कहिल्यै भएन । आत्मीयता, सहयोग, सद्भाव अनि साथीत्व सबै-सबै पाएँ मैले यहाँ । यहाँ मैले पाएको मानसिक सुखका कारण शरीरको दुःख बिर्सेकी छु र सोच्दै छु, प्रकृतिको रङ फेरिएजस्तै जीवनको रङ पनि फेरिने छ । घाम-पानी, हिउँद-वर्षाजस्तै जीवन पनि गतिशील छ । रात जति नै लामो र कालो भए पनि अन्ततः बिहान उज्यालो हुनैपर्छ । त्यसैले धैर्य र सहनशील बन्न सिकायो मलाई मेरै भोगाइले । सम्झन्छु आफ्नै अतीतलाई, मेरो बालापन फूलको कोपिला, मेरो जवानी फक्रेको फूल अनि प्रौढ... ! सङ्घर्ष, रोग, शोक, दुर्घटना ! ओइलिने-झर्ने-पलाउने अनि... ! एउटा अनन्त यात्राको पूर्वसङ्केत ! अर्को वर्ष पनि यी फूलहरू फुल्ने छन् यसै गरी । वातावरण पुनः रङ्गिन बन्ने छ तर त्यसमा रमाउने म हुने छैन । यी सुन्दर फूल र फूलजस्तै सुन्दर सम्बन्ध, माया र आत्मीयता मुटुभरि लिएर म जाने छु । सम्झनामा नै म यिनीहरूसँग हाँस्ने छु, बोल्ने छु अनि रमाउने छु । हरेक वसन्तमा म आफ्नो सपनाभरि स्पर्श गर्ने छु यी कोमल गुलाबी फूलहरूलाई । हरेक शिशिरमा पनि म आत्मसात् गर्ने छु वसन्तको पर्खाइमा रहेका सिख्रा बोटहरूलाई ।

o-o-o



निबन्ध / संस्मरण

## शिरोवर्ती "सुधासागर यात्री"

*गीता कार्की*

श्रद्धामय पुष्पाञ्जली ! प्रेरक आशीर्वचनको स्पर्श !!

लोलाएका कलम पनि यहाँको प्रेरणापुञ्जले चलमलाएका छन् । डाँडाबाट ओर्लन लागेको जाँगर पनि फर्केर आफ्नै घरआँगन पसेका छन् । जसमा हुन सक्छ निष्णात सामर्थ्य । हुन सक्छ सुकोमल लालित्य भावना र विचारको मरुभूमि । पक्कै पनि कल्पनातीत

आकाशमार्गमा हृदयले वेग मार्न नसक्ला । तर पनि अनकन्टार बनमा भर्खर-भर्खर पसेका काइँया पलाएको चरालाई पनि खुल्ला आकाशको एक सानो कुना छुट्याउनु उत्साहप्रद र स्नेहसिक्त सद्भाव ठान्दछु ।

साहित्य सुधा ! पत्र-साहित्यको सानो डिलमा उभिएकी छु । अल्पज्ञान र विवेकले कर्ममैदानमा घस्रिरहेको यो मस्तिष्क । हुन सक्छ भावना र कल्पनाका खण्डित ढिस्काहरू ! यी मलिन शब्दको गतिले भोर पन्छाएर उम्रँदै गरेका असङ्ख्य गुराँसका पोथ्राहरू सार्न सकूँ । तिमीले भनेका थियौ नि ! अनगन्ती प्रश्नहरू गरेर लेख पत्र साधिका । माग मसँग जवाफ ! हो । तिमीसँग छन् मेरा अनेकौँ प्रश्नका जवाफ । तर तिमी त अदृश्य सिताराजडित रङ्गीन स्वरूपमा पुगिसक्यौ । फेरि पनि म तिमीलाई नै सम्बोधन गरिरहिछु । मेरा अनुत्तरित प्रश्नका जवाफ लेखेर पठाउनु पिपलको पत्तामा या लेखेर पठाउनु इमो, ह्वाट्सएप वा भाइबरमा । सायद यही लेख्छौँ होला– जीवनदर्शन बोलेको हुनुपर्छ पत्रसाहित्यमा । भाव विगतको तातो लाभा ओकलेको हुनुपर्छ । विचार र कल्पनानुभूति र संवेदनाको सफेद बादल कुदेको हुनुपर्छ । बस्तीमाथि पत्रसाहित्यले पनि आफू बाँचेको समय, समाज र युगकै ऐना देखाएको हुनुपर्छ । शैलीगत आरेख र पहिचानको केशराशि फिँजाएको हुनुपर्छ र काइँयो लगाउँदै डुङ्गा खियाउँदै गएको हुनुपर्छ । गहिराइतिर भावकलाई युगदर्शन, जीवनदर्शन, प्रकृतिदर्शन, अध्यात्मदर्शन, ज्ञानविज्ञान, सामाजिक चेतना, युगीन चेतना, इतिहास, पुराण आदि र यसभित्रका अन्य स्वादिष्ट व्यञ्जनहरू दिएको हुनुपर्छ । तिमी यस्तै-यस्तै जवाफ दिन्छौ होला, सायद । यो भवसागरभित्र पस्न त के किनारा टेक्न खोज्नु पनि मेरो कायरतापूर्ण धृष्टता हुने छ । यो मेरो अन्योलपूर्ण दुस्साहस सोचेकी थिएँ । तिमी सुटुक्क त्यो बादलभित्र पस्यौ ।

मलाई थाहा छैन पत्रसाहित्य के हो ? यसको सुरुआत कहिले कसले गऱ्यो ? यसको पृष्ठभूमि अर्थात् विकासक्रम के हो ? यसको अवस्था र भविष्य कस्तो छ ? तिमीभित्रको विराट् सानका केही दानाहरू खसाल्न सके मेरो धूमिल चेतनाले अलिकति प्रकाश पाउँथ्यो कि ! अथवा मेरो अनभिज्ञताको कुहिरो हट्थ्यो कि ! तिमी बादलको घोडा चढेर माथि-माथि पुगिसक्यौ । म त तिमीलाई नै सम्बोधन गरिरहिछु । तिमीले खनेको बारीको डिल तिमीले नै सम्याउनुपर्थ्यो, होइन र ? किन हतार गरेर उड्यौ चङ्गा भएर आकाशतर्फ ! पत्रसाहित्यको सागरभित्र पस्यौ । मोती टिप्ने तृष्णा त मेरा लागि मृगतृष्णै हो तर पनि टल्कने ढुङ्गा मात्र हात परे पनि धन्य ठान्दछु । त्यही धृष्टता गरिरहेछ मेरो लेखनीले । साहित्यमा कान्छो विधा मानिन्छ निबन्ध । त्योभन्दा कान्छो विधा हुनुपर्छ पत्रसाहित्य । मैले पस्केको यो व्यञ्जनको स्वाद पनि कान्छै अथवा काँचोकचिलो हुनुपर्छ । तापनि सूर्यसँगको लाममा यो मधुरो दियो लहरबद्ध हुनुमा नै गौरवशाली ठान्छु आफूलाई ।

शिरोवर्ती गुरुब्रह्म !

पूर्ण घडाको अभिषेक तिमीलाई !!

हामी जीवनजगत्को कुरा गर्छौं । जगत्लाई हृदयको कुन स्थान दिने । जब जीवनको चङ्गा उडाउन आकाश ताकिरहेका हुन्छौं वायुमण्डलमै अलमलिन्छौं । जगत्मा महाप्रलयको सङ्केत देखियो भने जीवनको संरक्षणतर्फ अभिमुख हुन्छौं । जगत् बिर्सन्छौं । स्वाभाविक हो । जीवन रहे मात्र जगत्को धुलो र सुगन्धहरूको स्पर्श गर्न सकिन्छ । हामी जीवनमुखी छौं । हुनु आवश्यक पनि छ । नवमानव भ्रूण जीवनको रूप धारण गरेर बाहिर आउँछ । हामीले जीवन र जगत्लाई एकैसाथ आत्मसात् गरेका हुन्छौं । यद्यपि हामी यो पृथ्वीमा उभिएका हुन्छौं । जीवन मात्र उभिएको आभास हुन्छ । धरती बिर्सन्छौं । हामी यही जमिनको पानी पिएर, माटो टेकेर चङ्गाजस्तै हराएको अनुभव गर्छौं । मूल्याङ्कन गर्छौं । गुरुवर ! जीवनजगत् के हुन् ? यिनको कस्तो सम्बन्ध छ ? मलाई भरपुर सोध्न मन छ । तिम्रै सम्मुख उभिएर सोध्न मन थियो । समयले छल गऱ्यो । अहिले पृथ्वीको जराको एउटा नसा टेकेर त्यतै फर्की म थुप्रै प्रश्नहरू सोधिरहिछु । के तिमी सुनिरहेछौ ? सृष्टिको अनादिकालदेखि जगत्को खोकिलामा हुर्किएको मान्छेले प्रलयको बिन्दुसम्म पुग्दा सभ्यताको कुन चरण पार गरिसकेको हुँदो हो ? अर्थात् जन्मसँग मृत्यु अवश्य सम्भव छ भने सृष्टिसँगै महाप्रलय पनि अवश्य सम्भव छ । गुरुवर ! बालुवाका कणजस्ता यी मेरा जिज्ञासाहरू लाग्न सक्छन् नगण्य । तर पनि यस्तै धुवाँजस्ता मेरा जिज्ञासाहरूमा यहाँको अमृतरूपी ज्ञानकुण्डबाट केही थोपा भए पनि पाउन सके आत्मा तृप्त हुन्थ्यो ।

म मान्छेका बारेमा अलिकति बहकिँदै छु । सबैभन्दा विश्वास गर्नुपर्ने पनि मानिस । सबैभन्दा विश्वास गर्न नसिकने पनि मानिस । मान्छेबाट मान्छे प्रताडित छ । मान्छेबाट मान्छे आह्लादित । लाग्छ, मान्छेको उत्पत्ति जटिल प्राणीमा होइन । ऊ सरल प्राणी हो । म अन्योलमा पर्छु । मान्छेभित्र यति गहिरो सागर हुन्छ । त्यहीँ हुन्छ वेदनाको पानी । त्यहीँ खुसीको बाफ । त्यहीँ षड्यन्त्रको छाल । त्यहीँ मायाको जाल । त्यहीँभित्र उठ्छन् क्रान्तिका ज्वाराभाटा । त्यहीँ उम्रिन्छ शान्तिको गाछी । म मान्छेलाई बुझ्न सक्दिनँ । लाग्छ कहिले चट्टानको पर्वत । लाग्छ कहिले झरनाको गीत ! त्यसैले मलाई जटिल लाग्छ मानिस । हुन सक्छ मान्छेप्रति मेरो बुझाइ गलत । हुन सक्छ मप्रति मान्छेको बुझाइ भ्रम । कति अन्तर छ मान्छेले मान्छेलाई बुझ्ने परिवेशहरू ! मैले देखेको संसारको मानिस किन जटिल ? के चेतनशील प्राणी जटिल हुन्छ ? मैले मान्छेको परिभाषाको रेखदेखसम्म ठम्याउन सकेको छैन । दुई हातखुट्टा, आँखा, कान, नाक, मुखलगायत शारीरिक अवयवले पूर्ण शरीर मानव हो ? अर्थात् के हो मान्छे ? अत्यधिक मानिसमा मानवता, दया, धर्म, करुणा, इमानदारी तिरोहित हुँदै गइरहेछ । के मानिस हुनुको अर्थ युग र समयसँगको बाघचाल

हो ? उसले घरपरिवार, समाज र राष्ट्रप्रतिको दायित्व इमानदारीपूर्वक निर्वाह गरेको छ ? कति हदसम्म ? र पनि विश्वास मानिसप्रति नै गर्नुपर्ने । भरपर्दो विश्वास त जीवजन्तु, पशुपन्छीमा हुन्छ । तर मानिस सर्वश्रेष्ठ प्राणी रे । ऊसँग चेतना छ । भाषा, संस्कार, संस्कृति छ । एउटा मान्छेले अर्को मान्छेप्रति विश्वास गर्छ । विश्वास ! कत्रो विश्वास ? आफ्नै मुटुसँग भन्दा पनि बलियो विश्वास । विश्वास गरेपछि नै ऊ विश्वस्त हुन्छ । तर विश्वास एउटा पर्दा मात्र हो । जब पर्दा खुल्छ विश्वास खस्दछ । त्यतिखेर मान्छेलाई विश्वासप्रति नै घृणा जाग्दछ । धिक्कार विश्वास ! ऊ छाती ठोकेर फेरि मृत विश्वास जगाउन चाहँदैन । धिक्कार्छ, पीडाबोध गर्छ मान्छे हुनुसँग । पुनःविश्वास गर्दैन मानिससँग । ऊ आगोलाई विश्वास गर्छ । पानीलाई विश्वास गर्छ । रुखपातलाई, ढुङ्गालाई विश्वास गर्छ । फूललाई विश्वास गर्छ । विश्वस्त हुन्छ । केवल निश्छलता । फगत् हार्दिकता । म हार्दिकतालाई स्वीकार गर्छु । त्यो हार्दिकता जहाँ कुटिलताको आवरण भत्केको होस् । मलाई आडम्बरमा रुचि छैन । म हार्दिकतालाई प्रेम गर्छु । छलकपट र हार्दिकताविहीन मान्छेबाट म टाढिन चाहन्छु । म पक्कै रविन्सन क्रुसो होइन । मलाई केवल निर्जन टापु पनि मन पर्दैन । टापुको पनि इमानदारी, निष्कपटता लुटिइसकेको छ । त्यही मान्छेबाट बेचिएको छ । दुर्गन्धित बम र बारुदको गन्धले टापुमा पनि त अहिले आगोका लप्काहरू खस्छन् । निर्वस्त्र पार्छन् । बामियानको अस्तित्व सङ्कटमा परेको बेला हाम्रै आमाका सन्तानहरूको चिहान बन्छ टापु । मानवता मेटिइसकेको छ इतिहासबाट । यहाँ इतिहास फेरिन फेरि बुद्ध जन्मनुपर्छ । एउटा मात्र होइन । हजार बुद्ध । बुद्धैबुद्ध ! मान्छेबुद्ध ! बुद्धमान्छे !

जब जिन्दगी नै जिन्दगीजस्तो हुन्न; तब अर्थहीन बोझिलो हुन्छ जिन्दगी । जब घाम डुब्दै जान्छ जिन्दगीका सपनाहरू निखिँदै जान्छन् । मान्छेका अर्थहरू, महत्त्वहरू सेलाउँदै जान्छन् । मरुभूमिका बालुवाहरू पनि निस्तेज बन्छन् । समय बलवान् हुन्छ । समयले जब अर्थहीन मानिसहरूको चङ्गुलभित्र थुन्छ; ती मानिसहरूलाई काखी च्यापेर निदाउन सकिन्न । त्यतिखेर मात्र एक शरीर बाँचेको हुन्छ । के मानिस बाँच्नु शरीर बाँच्नु हो त ? बाँच्नुको बहानामा म धेरैचोटि मारिइसकेकी छु । हे महामानव ! म मान्छे भएर बाँच्न चाहन्छु । विवश भएर आफ्नो आयु बाँच्नु पनि जीवन होइन । मैले यतिखेर शङ्कर लामिछानेले भनेको सम्झेँ– "मानिसदेखि म त्रसित छु र मानिसबाहेक मेरा लागि विषयवस्तु छैन पनि अभिव्यक्तिका लागि" (गोधूलि संसार) । मान्छे आफ्नो प्रतिबद्धता र सङ्कल्पमा भाका फेरिरहन्छ । वनचरी कोइली त मिठास भरेर सङ्गीतमा मान्छेको मनभित्र पस्न भाका फेर्थी । तर मान्छे परिवेश र जीवनको नाममा बेइमानीको भाका फेरिरहन्छ । यो समयको प्रसाद हो । विषम समयको । मलाई विश्वास छ केवल आफैप्रति । म हराउन्न झुटो संसारमा । झुटो स्वप्नको महलप्रति चुलिन्छ लालच । मलाई विश्वास छ

झुपडीसँग। इनामको झुपडी। श्रमको झुपडी। सत्यको झुपडी। निश्छल पवित्र झुपडी। म त्यही झुपडीलाई करुणभावले प्रेम गर्छु। त्यही झुपडी ! जसका निम्ति म मरेकी हुन्छु। बौरेकी हुन्छु। त्यो झुपडीमा बलोस् मात्र एउटा दियो। शुभ्र, शान्त र चिसोले खाएको जीवन सेक्न त्यही दियो पर्याप्त हुन्छ। मलाई झल्मलाकार झुटो संसार चाहिन्न। बरु शान्त, सौम्य, विश्वस्त संसार ! त्यही संसार जुन मेरो दुःखमा झुलुक्क बनोस्। त्यही संसार जसले मलाई झुपडीमा रम्न सिकाओस्। होस् त्यो मेरो विश्वासको संसार अनि प्रेममय संसार जहाँ हिंसाका असिनाहरू नझरून्। सङ्लो खोलाप्रति आकृष्ट छु म। छैन धमिलोतिर त्यो जतिसुकै उच्च र विशाल किन नहोस्।

हे परमार्थी यात्री !

विश्वासको छचल्काइ र तरङ्ग भएको इनारमा म स्वर्ग देख्छु। तिर्खा मेट्छु। सुख भेट्छु। मलाई नढाँटोस् मान्छेले। नछलोस्। नहानोस् शान्त तलाउमा ढुङ्गा। नखल्बल्याओस् मेरो शान्ति। म तलाउलाई विश्वास गर्छु। तरङ्गलाई होइन। म लहरसँग विश्वस्त छु। छालसँग होइन। म शान्त बग्न चाहन्छु। नभत्काओस् मान्छेले मेरो विश्वास। म मान्छेलाई देवताका रूपमा पुज्न चाहन्छु। तर मान्छे देवता बन्न सक्दैन। बरु, मात्र बन्न सकोस् मानव। म मान्छे पशु भएको हेर्न चाहन्नँ।

ज्ञानमार्गी गुरुदेव। जीवनले गर्नुपर्ने कुराहरू धेरै छन्। छुटेका कुराहरू पनि धेरै छन्। कति पाखा लागेका छन्। कति रुखको हाँगामा ऐँसेलुजस्तै झुन्डिएर बसेका छन्। मानिस घरी-घरी इच्छाले जन्मिँदैन र मर्दैन पनि। जीवनको ठेगाना पनि छैन। कुन अस्पतालमा पुगेर टुङ्गिन्छ र उसका सपनाहरू आफ्नै मलामी बनेर हिँड्छन्। अन्तिम सास फेर्दासम्म पनि उसमा जिजीविषा त मरेकै हुँदैन। मैले हरमानिसको आँखामा जिजीविषाको इन्द्रेणी देख्छु र हृदयमा रित्तिएको विश्वास। त्यसैले मलाई मानिसभन्दा जीव, पशुपक्षीको निश्छलता र करुण पुकार मन पर्छ। मानिसहरूको भिडमा पनि मलाई मौनता स्वीकार्य छ। पशुपक्षीसँग बात मार्नुमा आनन्द छ। त्यसो त यहाँ ईश्वरजस्ता मानिस पनि भेटिन्छन्। यही धरतीको कुनामा तर विरलै चाल्नीमा चाल्दा सग्लो मात्र माथि रहन्छ। अरू सबै कुराका भुस, बालुवा आदि बाहिरिन्छ। ती ईश्वरजस्ता मानिसहरू सुपूज्य हुन्छन्।

हो ! गुरुवर, यो युगले कति प्रताडना झेल्यो। मानवमानवबिच बीभत्स हत्या। भाइभाइबिच हिंसा। बलात्कार र हत्या। एउटा आमाको सन्तानले अर्को आमाको सन्तानको घाँटी रेट्नु। के यो हाम्रो सभ्यता र धर्मले सिकाएको हो त ? के त्यही हो गोर्खाली वीरता ? नेपाली स्वाभिमान र अस्तित्वखातिर वीर गोर्खालीको नामले विश्वसामु चिनिएका थिए नेपालीहरू। उच्च राष्ट्रियताका लागि लडेका थिए नेपालीहरू। नेपाली माटो र मुटुका

लागि युद्धमा रगत बगाएका थिए कोसी र कर्णाली फैलिएर । पूर्व टिष्टादेखि पश्चिम काँगडासम्म फहाराएको नेपाली भन्डाको वर्चस्व कहाँ छ ? बुद्धको देशमा आमाको हत्या हुन्छ । वीरको देशमा बालकको हत्या हुन्छ । नेपालीले बनाएको खुँडा र खुकुरीले नेपालीकै बारेमा चौतर्फी प्रश्न उठिरहेको छ । कहाँ गयो मान्छेको मानवता, धर्म र विवेक ? मान्छे आकाशमा भरोसाको स्वच्छन्द चङ्गा उडाउन सकिरहेको छैन । यो अस्थिर र हिंसात्मक युगलाई कस्तो संज्ञा दिने हो ? हामी बाँचेको युगले भविष्यको कस्तो चित्र कोर्ला ? कस्तो सिर्जना फुल्ला ? बारुद र खुकुरीको या रगत र आँसुको ?

हो, मृत्यु अवश्य सम्भव छ । जिन्दगीलाई मृत्युका आँखीझ्यालले चिहाइरहन्छन् । निरर्थक बाँच्नु त शङ्कर लामिछानेले भनेझैँ "मृत्युसँग प्रत्येक दिन सापट मागेको दिन" जस्तो हुनेछ । कस्तो अचम्म ! जिन्दगीको तालमेल जिन्दगीले साँचेका धेरै सपनाका पोका बनेर थन्किँदा रहेछन् कुनामा । जिन्दगीले रोपेका सबै फूलहरू कहाँ फल्दा रहेछन् र । विश्वासका सगरमाथा ढल्दा रहेछन् । आस्थाका पहाडहरू भत्कँदा रहेछन् । तर पनि जिन्दगी उतार्न चाहँदैन आयुको पगरी । लामो लामो सास तान्दै लामो लामो फड्काले चढ्न चाहन्छ उकालो । साँझ बास माग्न चाहन्न कतै । टेक्न चाहन्छ आफ्नै सँघार । त्यतिखेर विषादको तीरमा उभिएर सोचिरहन्छ जिन्दगी ।

o–o–o

*निबन्ध/संस्मरण*

# बेसाइतको गुन्युचोली

*तारादेवी सुनुवार*



सप्तरङ्गमा रङ्गिदा बाहिरी आवरण जति सुन्दर देखिन्छ त्योभन्दा दोब्बर फिक्का रङ्गमा रङ्गिएका मन छचल्किन्छन् । बाहिरी वातावरणले जीवनका सुन्दर रङ्गमा फुलेका फूलको बास्ना चारैतिर फैलँदा फिक्का रङ्गको अनुभूति मनभरि बोकेर जीवनका उज्याला अँध्यारो दुवै पाटामा चिसो मनलाई छिनभरको न्यानोपनको तरङ्गमा तैरिँदै जीवन घस्रिरहेछ– आमाका रङ्गिन सपना पूरा गर्ने सम्झनाको घना जङ्गलभित्र आशीर्वादको भारी बोकेर । स्मृतिका खम्बाहरू यति बलिया छन् कि दुनियाँको कुनै पनि

हतियारले ढाल्न सक्दैन। यही खम्बाहरूको आडमा कैयौँ सपना उडिरहन्छन् आकाशका बादलभन्दा पहिले जहाँ कुनै प्रतिस्पर्धा, प्रतिशोध हुँदैन।

दवाली भए पनि एक वर्षको फरक उमेरका जेठाकी ठुलीकान्छी र साइँलाका कान्छी छोरी आँगनका डिलमा फुलेको गुलाबसँग प्रतिस्पर्धा गर्दै मध्यपहाडी गाउँको सानो जङ्गलभित्रको सुन्दर बस्तीको लस्करे टोलमा सँगै हुर्के। लाहुरे बाउका सन्तान, बाउ परदेशी भएकाले बढी समय घरमा आमाले बिताउनुपर्ने हुँदा आमाको शासनसत्तामा हुर्केका यी पुतलीहरू आमाप्रति बढी जवाफदेही छन्। आमाको निर्णयमा यिनीहरूको जीवनको रङ्ग रङ्गिन हुन्छ। सयमक्रमसँगै समाज, समुदायमा परम्परादेखि चल्दै आएको आफ्नो जातजातिअनुसारको रीतिरिवाजलाई जीवन्त राख्ने प्रचलनले सबैको मानसपटल सिँगारिएको छ मठमन्दिरको ध्वजापताकासरि ! जहाँ खुसी र शान्ति मिल्छ अस्थायी आवास जस्तै किन नहोस्।

गाउँका नानीलाई आठ वर्ष नाघेपछि साइत हेरेर गुन्युचोली दिएर परिपक्व छोरी बनाउने चलनअनुसार वल्लो-पल्लोघरमा आआफ्नो अनुकूलता पारेर छोरीको गुन्युचोलीकर्म छरछिमेकीलाई भोज खुवाएर टीकाटालो गरेर चलाउनुपर्छ जसले समाजमा छोरीको पहिलो कर्म चलेको र अब छोरी परिपक्व भएको सूचना प्रवाह हुन्छ। बडाकी छोरी उही दवाली दिदी र उनकी कान्छी बहिनीलाई गुन्युचोली दिने साइत बडादशैँ नवमीको दिनमा जुरेको खबर बडीआमाले देउरानीलाई दिइन्। साइत जुरेको खबर भए पनि आमाले केही चालचुल गरिनन्। दिन बित्दै गयो दशैँको नवमी साइतमा गुन्युचोली दिन लागेकोले उपस्थितिको निम्तो आयो। दशैँको टीकाको दिनमा साइँलाको घरमा जम्मा हुने हुँदा जेठाको घरमा नवमीको दिन पारेर गुन्युचोलीको साइतमा जम्मा भए। सानीले पनि अरूसँगै टुलुटुलु गुन्युचोली लगाउनेलाई हेरेर निन्याउरो अनुहारमा अरूसँगै खुसी साटिन्। दिदीबहिनीलाई साइतको शुभघडीमा गउनको रातो फरिया र रातै चोली पहिराइदिए। आफ्नो संस्कारअनुसार पिदार सकेपछि सबैले टीका लगाएर दक्षिणा दिए। सानी हेरेको हेऱ्यै गरिन् ऐँठन परेभैँ। गुन्युचोलीमा सजिएर टीका लगाउन मन लागे पनि भँगालो थुनेर पानी अर्को दिशातिर लगाएजस्तै आफ्ना रहरहरूलाई अन्तै मोडेर मन बुझाइन् साइत जुरेकै छैन।

यस्तै गरी वर्ष बिते। आफ्ना सन्तानलाई शिक्षित बनाएर समाजमा केही गराउने रहर थियो सायद आमालाई र त सानीलाई काठको कालोपाटीमा खरानीले पोतेर खरीढुङ्गाको चक बनाएर आफै क, ख लेखेर रटाउँथिन्। आठ वर्षको उमेरमा कक्षा एकमा पढ्न सक्ने बनाइन् सुनाखरीजस्तै मुलायम र मन्द-मन्द फुल्दै गरेकी सानीलाई। 'म' र 'न' लेख्न सारै गाह्रो हुन्थ्यो। हात समातेर कण्ठ गराउनुहुन्थ्यो आमाले। बाबा कलकत्ताको लाहुरे रिटायर

जीवनपछि कलकत्तामा जागिरे भएकोले वर्षमा एक पटक घरबिदामा आउनुहुन्थ्यो घरका लागि मसला, साबुन, लत्ताकपडाजस्ता घरायसी सामान लिएर । सानीलाई ल्याइदिएको घ्यु रङ्गको जामा, सोही रङ्गको फित्तावाला रबरको जुत्ता लगाएर फुरुक्क पर्दै यताउति डुल्ने सानीले अब त पायल चप्पल लगाएर पल्लो गाउँको कक्षा सातसम्मको पढाइ पनि पूरा गर्न लागिन् ।

दिदीलाई आमाले चारनी माला, हातमा चाँदीको काँडे चुरा बनाइदिएपछि अन्जानी प्रश्न गर्थिन् रहरको झोला थापेर मलाई खोइ त माला भन्दै आमाको मुखमा पुलुक्क हेरेर । आमाको मनमा कठोरता पक्कै होइन कर्तव्य र जिम्मेवारीले थिचेर मुख खोल्नुहुन्थ्यो तँलाई पढाएको छु त्यसले पढेन त्यही भएर दिएको । कता–कता सानीको मनमा गहनाको लोभ, गुन्युचोलीको रहर असारे बन्सोजस्तै हलक्क बढेर आउँथ्यो तर अलमलिने समय आमाले कहिल्यै दिँदै दिइनन् । एकराते जात्रा, गाउँघरमा लगाइने एकराते सत्यनारायणको पूजाआजा, तीनदेखि पाँच दिनसम्म लगाएर विवाह गर्ने चलनको धन्दामा सामेल गराउनुभएन । त्यो कामभन्दा बढी स्कुलको घेराभित्र समय बिताओस्, फरियाचोली र चारनी–आठनीको रहरभन्दा माथि उठोस् र जीवनको उडान सजिलै भरोस् भन्ने चाहना थियो, सायद !

स्कुलमा सञ्चालन हुने विभिन्न गतिविधिमा सहभागी हुने हौसला गोजीभरि मकैभटमाससँगै भरिदिन्थिन् । भान्साको काममा भात बसाल्नेबाहेक तरकारी पकाउने काममा लगाइनन्, मेथी पड्केर घाइते हुन्छे भनेर । घाँस काट्दा हातको औँला घाँसमा मिसाउँछे भनेर हँसिया लिएर घाँस काट्न निस्कन दिइनन् । खेताला लगाउँदा होस् या पाहुना आउँदा कोदोको जिर्मा छान्ने काम सामान्य हो तर सानीलाई सबैभन्दा झन्झटिलो गाह्रो लाग्ने हुँदा त्यो काममा पनि सामेल हुनुपर्थेन । बारीमा खेतीपाती उठाउने बेला भ्याईनभ्याई हुने, खेतालासँगै आफै लागेर हतारमा बालीनाली नभित्र्याए भोको पेटको विलाप सुन्नुपर्छ ।

खाऊँ त भने सुन्तोला पानी<br>
नखाऊँ भने दुवैको ज्यान जानी<br>
नरोऊ मयालु...!

आमा प्रायः यो गीत गुन्गुनाउँदै थुन्से बोकेर कोदो टिप्न कचिया हँसिया दाहिने कम्मरमा भिरेर सानीलाई अगाडि लगाएर बतासे डाँडा र जोरस्वरो हानिन्थिन् । खेतबारी नजिक मात्रै थिएनन् । टाढा नजिक दुवैको बारीमा दिन बिताउनुपर्थ्यो खेतबारी गिज्याइरहन्थ्यो यस्ता हतार गर्नेहरू कति जना फेरिसकेँ भनेर । क्याबबारीको फापर पाकेर घर नपसी बारीमै झर्न थालेपछि आमाछोरी फापर टिप्न बारीमा पसे, सानीले जति

पटक फापरको बोट तान्छिन् उति नै पटक फापरका गेडाहरू बारीमै झरेर गट्टे मात्रै हात लागेपछि सानीले ए भगवान् के गरिखाने हो भनेर भगवान्लाई पुकारेको सुनेर सायद आमाको मन आत्तिएर होला अलि कडा स्वरमा भन्नुभयो, "पढेर खा भनेर पढाको छु।" सानी झसङ्ग झस्किन् तर केही बोलिनन्। आमासँग दोहोर बोल्ने संस्कार नै थिएन। फापरलाई बिस्तारै-बिस्तारै आफ्नो हातमा कब्जा गर्दै पाँजा लगाइन् आमाले दिएको जिम्मेवारी पूरा गर्ने अठोट गर्दै। विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापमा पनि सहभागी भइदिए हुन्थ्यो जस्तै लाग्छ र सानीको बारेमा शिक्षक रामकुमारसँग सोध्छिन्– कस्तो गर्दै छे। गाउँको मनोरञ्जन गर्ने माध्यम एकराते मेला, एकदिने हाट, पूजाआजा र चाडपर्व हुने। दशैँको बेलामा सांस्कृतिक कार्यक्रम गर्छन् गाउँका युवाहहरू मिलेर। यसपालि त नाच्न, गाउन सक्ने उमेर भएकाले सानीलाई भाग लिनैपर्ने बाध्यता बनाएका छन्। नचाउनका लागि खड्ग मास्टरले गीत लेखेः

"यो देशको चारैतिर हिमालचुली हाँसेको
हिमालको मुन्तिर डाँफे मुनाल नाचेको"

कुनै ट्र्याक, साउन्ड सिस्टमको व्यवस्था नभई आफै गीत लेख्ने, आफै मादल बजाउने, आफै रिहलसल गरेर कार्यक्रम गर्ने जुग हो। रामकुमारले नृत्य निर्देशन गर्दा सानीले सक्ने देखेपछि साँझ आमासँग भन्छन्– अरूको खासै ढङ्ग देखिएन, ताराले पारा ल्यायो भनेपछि आमा मख्ख। गीत, सङ्गीत, कथा, कविता जुनसुकै विषयमा भए पनि सहभागी भए हुने भन्ने आमाको रहर हुन्थ्यो।

जिरी नगएसम्म सानीले आफै कपाल कोर्नुपरेन। आमाले सात कक्षा पढ्ने बेलासम्म कपाल कोरेर दुईचुल्ठी बाटी रातो धागो लगाइदिँदै भन्थिन्– कपाल कहिल्यै नकाट्नू। कपालले ठुलो मान्छे हुन छेक्दैन। कपाल गहना हो। लामो समय भारत बसेर भारतको संस्कार र संस्कृतिबारे जानकारी छ आमालाई र भारतीयको उदाहरण दिन्थिन्। हिरोइन, नेता सबैको कपाल लामो हुन्छ। भारतीयको नानीहरूलाई कपालले छेकेको छैन। विद्यालय गएर फर्केपछि समय आमासँगै बिताउन चाहन्थिन् सानी। जता गए पनि पछि लाग्ने बचेराहरू चारो ल्याउँदा माउसँग झुम्मिएजस्तै जति बेला पनि फरियाको छेउ समातेर आमाको पुच्छर बनिरहँदा दिदीलाई रिस उठेर कराउँथिन्। तर आमाको विश्वासिलो पात्र भएकाले आमाले घर छोड्दा चाबी पनि सानीकै हात लगाएर जान्थिन्। सकभर आमा हिँड्ने सुइँको पाएपछि भित्रभित्रै तयार हुन्थिन्। आमाको मन सानी तयार भएको थाहा पाएपछि जता गए पनि उनलाई नलानै कुरै भएन। आमाको डोऱ्याइले पढ्नुपर्छ, पढेर जागिर खान्छु भन्ने आत्मबलले कक्षा सात पूरा गरेपछि गाउँ छाडेर आठ कक्षादेखि पढ्न जिरी निस्कनुपऱ्यो।

जिरी पढाउन आमाले बन्दोबस्त मिलाउँदा छिमेकी दाजुले आमालाई जिरीमा छोरी पढ्न पठाउँदा जिरेलसँग जान्छन्, केटालाई चिट्ठी लेख्छन्, पठाउन हुँदैन भन्दा आमाले वास्तै गर्नुभएन। त्यस्ता कुरालाई झरेका पातजस्तै कुहिनेमा विश्वास गर्थिन्। बेलाबेलामा सबैले गुन्युचोलो लगाउँदा सानीलाई पनि रहर लाग्थ्यो तर साइत जुराएर गुन्युचोली नदिएसम्म लगाउन हुँदैन भन्ने मान्यताले गाँजेर मन खुम्च्याउँथिन् र आमालाई प्रश्न गर्थिन्– आमा म ठुली भइसकेँ, कहिले दिने हो गुन्युचोली ? जवाफमा बिहेमा दिउँला एकैपटक दुई जोर भनिन्। समयक्रमसँगै सानी पढ्दापढ्दै सरकारी जागिरे भएर घरभन्दा धेरै पर सुदूरपश्चिममा जाँदा मन थामिन्। जिरी पढ्न पठाउँदा दही हेर्दै रुने, मासु ल्याउँदा खान नसकेर आगोमा सेकाएर टिनको बाकसमा साँच्ने आमा यसपालि भने मन फुलाएकी छिन् छोरी जागिरे भई भनेर। दुःख गरेर गुन्युचोली र चारनी मालामा अल्झिन नदिएर पढाएकी छोरी जागिर खान जति टाढा गए पनि हर्षले मन फुलाइन्।

सानीले पहिलो तलबमा आफूलाई सानो औँठी जोडेपछि आमालाई एक तोलाको सित्री बनाइदिइन्। घरमा जाँदा केही न केही कोसेली लानैपर्थ्यो। सुर्ती, चिनी, मसला जे होस् आशाका भारी बोकेर बस्थिन् आमा गाउँभरि छोरी जागिरे भएको हर्ष र खुसी बाँड्न। ल्याइदे है, लिएर आइज, घरमा जे भए पनि लिएर आइज भन्थिन्। घरमा आउँदा जङ्गलको एउटा पात भए पनि लिएर पस्नुपर्छ भन्थिन्। सुर्ती, कालो चिया र रक्सी आमाका साथी हुन्। मतानकी बडीआमा जेठानी भए पनि सारै मिल्ने साथी भएकाले मिठो रक्सी र सुर्ती एकअर्काले नबाँडी खाने आँट गर्दैनथे। बाघजस्तै स्वभावकी आमालाई बिस्तारै खोकीले कमजोर बनाउन थाल्यो।

परदेशबाट बुवा बिदामा आइसक्नुभएकोले सानीलाई ढुक्क छ आमाको साथी बुवा हुनुहुन्छ। मङ्सिरको सिरेटोसँगै घरबाट जचाउन निस्केकी आमाको रोग पत्ता लगाउन अस्पताल र नर्सिङ होम चहार्दाचहार्दै पाँच महिना लाग्यो। चैत्र महिनाको हुरहुरे बताससँगै उडेर गयो बाँकी जीवनका रङ्ग। दुर्गम जिल्ला टाढाको जागिर भएकाले सानीले फोनमा सम्पर्क गरिरहने। दिदी र बुवाले काठमाडौँमा उनै आमाकी मिल्ने साथी बडीआमाको छोरा दाजुको सहयोगमा चेकजाँच गरे। विनायक अछाममा साँझपख फोन आयो पिसिओमा। नरदेवको सानो छोरा बोलाउन आयो। सानी हत्त न पत्त फोन उठाउन पुग्छे। फोनमा दिदीले आमालाई क्यान्सर भयो रे। जहाँ लगे पनि उपचार हुँदैन। अबको छ महिनाभन्दा बढी बाँच्नुहुन्न भन्ने खबर दिएर फोन राख्छे। सानी आवाज निकाल्न नसकेर फोनको रिसिभर छाड्दै हतारहतारमा कोठा पस्दा केही देख्दिनन्। कालोनिलो दृश्यले घेरेपछि सानी मुर्छा परिन्। केही बेरमा ब्युँझिएर डाँको छाडिन्। त्यतिका दुःख गरेर पढाइन्। सानो भाइले त पढाइ पनि भर्खर नौ कक्षाको सुरु गरेको छ। ठुलो भाइले जागिर खाएको छैन।

भर्खर त दुई वर्ष भयो सानीले तलब बुझ्रेर आमाको खुसी हेरेको कस्तो हो दैवको लीला ! दिदीको घरजम, लालाबाला, ठुलो भाइको घरजम एक उत्तराधिकारी, सानो भाइ र सानी पूरै टुहुराटुहुरी भए । एकल बाबाको हौसला घटेर कमजोर मानसिकतामा बाँच्न थाले । जिन्दगीका बाटोहरूमा आइलाग्ने काँडाहरू पन्छाउँदै अघि बढ्नु छ ।

सानी भित्रभित्रै आफू कमजोर भए पनि जिम्मेवारीको भारी उठाउनु छ । त्यसैले कमजोरी प्रस्तुतीकरण नगरी सानो भाइलाई पढाउने, बाबालाई आर्थिक सहयोग गर्ने, घरव्यवहार मिलाउने काममा तल्लीन भई । भाइले बिस्तारै पढाइ सकेपछि विवाह गरेर जोडी बाँधेपछि भाइप्रतिको दायित्व अलिकति कमी भएको महसुस गरी । जीवनका कैयौँ चिसो र तातोपनसँग तन घिसार्दै कष्टसँग साक्षात्कार गर्दै अगाडि नबढी सुखै छैन जुन दिनसम्म भावीले तोकेको छ यस धर्तीमा राज गर्न । जीवन धपक्क फुल्दा बाध्यताका भकारी भर्दाभर्दै स्वतन्त्र रूपमा फुल्न नपाए पनि निधारमा कोरिएका भित्री रेखाहरूले साथ नछोडेर लेखिएकासँग भाग्य बाँड्ने दिन आयो । अभिभावकत्व उमेरले ठुलो हुँदैमा मात्रै हुने, सानो हुँदैमा नहुने कहाँ हो र ! आडभरोसाले निर्धारण गर्छ देखावाको अभिभावक फरक भए पनि । सानो भाइले सानीको गोडा आफ्नै आँगनमा एकमुठी धान पोलेर मात्रै धुने निर्णय गरेपछि चलेको चलनअनुसार रीतिरिवाज प्रारम्भ हुन्छ । चुलो चोखाएर, दुलहा र दुलहाका कपडा पितृलाई चरेचुरे चढाउँदै पिदारआदार गरेर राम्रोसँग पितृ र देवता पुजेपछि मात्रै जग्गेको काम सुरु गरेर विवाह सम्पन्न हुने चलन छ ।

घुर्मेसो पातको स्यार्फा फिँजाउन सुरु हुँदा सगुनका लागि बेहुलाबेहुलीको कपडा फिँजाइन्छ । सानीले आमाको बाचाअनुसारको कपडा हेरिन्, छ कि कतै ! उनको आँखा खुब डुल्यो तर कतै देखिनन् । साइत नजुरेकाले विवाहको साइतमा दिने गुन्युचोली अदृश्य आमालाई बाहेक कसैलाई सोधिनन् खै मेरो साइतको कपडा ? सानीलाई विवाहको कपडा सबै खल्लो, अधुरो, अपुरो लाग्यो । समयले आमालाई आफूसँगै लग्यो, जति बेला सानीको नयाँ जीवनको अध्याय सुरु भयो त्यतिबेला सारै ढिला भएको थियो । गुन्युचोली किनेर आफ्नो बाचा पुरा गर्न नपाई समयले अँगालो मारेर लुकाइसकेको थियो आमालाई । सानीले खाटको छेउमा बसेर चिहाइरही । साइतको गुन्युचोली अब बिहेको लुगाबाहेक केही नदेखेपछि स्मरणमा आमाको प्रेमलाई आँखाभरि टिल्पिलाएका दुई थोपा मोतीका दाना चढाउँदै पिदारमा सामेल भइन् । आजसम्म कसैलाई थाहा नभएको सानीसँग गरेको आमाको बिहेमा दिने गुन्युचोलीको बाचा अधुरो रहे पनि आमाको सपना पूरा गर्न सानीको बेसाइतको गुन्युचोलीले कर्म चलिरहेछ ।

०–०–०

निबन्ध/संस्मरण

# लस भेगासदेखि लस एन्जेलससम्म



छविरमण सिलवाल

लस भेगासको दुई दिनको बसाइ आज सकिँदै छ । लस भेगास र हुवर ड्यामसम्म गीताले नै हामीलाई घुमाउँदै छिन् । हामी हुवर ड्याम अवलोकनपछि पुनः भेगास नै फर्कियौँ । फर्किएपछि हामी इटालियन रेस्टुरेन्टमा लन्च गरेर व्यापार मेला भइरहेको स्थान सेन्ट्रलहलतर्फ लाग्यौँ । भाइ डिल्ली र पुकारका लागि पनि लन्च प्याकिङ गरेर ल्याएका थियौँ । केही घण्टा मेलाको रौनकमा रमाएर बेलुका करिब पाँच बजे लस एन्जेलसतर्फ लाग्यौँ । आजको यात्रामा क्यालिफोर्निया राज्यका महावाणिज्यदूत ऋषि ढकालजी पनि हुनुहुन्छ । गाडीको स्टेरिङ गीताले सम्हालिरहेकी थिइन् । पाँच घण्टाको ड्राइभिङपछि हामी लस एन्जेलस पुग्छौँ भन्ने जानकारी नेभिगेटरले देखाइरहेको छ ।

हामी लस एन्जेलस पहिलो पटक पुगे पनि लस एन्जेलसप्रतिको स्नेह अगाध थियो । भाइ डिल्लीले आफ्नै मेहनतले सिर्जित सुन्दर घरमा केही दिन रमाउन पाउने भएकोमा मन हर्षित थियो । उसको व्यवसाय तथा सामाजिक कार्यमा साक्षी बस्न पाउने क्षणको म अमेरिका पुगेदेखि नै प्रतीक्षामा थिएँ । छोराद्वय शुभम्, श्रीयम्, भाइ यादव, रेसु तथा छोरी रिया अनि सानो छोरा रेयानसँग रमाउने क्षणको प्रतीक्षा थियो । बुबाआमासँगको भलाकुसारी त छँदै थियो ।

कारभन्दा छिटो–छिटो मन कुदिरहेको छ, मानौँ सबैभन्दा हतार उसैलाई छ । मनमा अनेक तर्कनाहरू खेलिरहेका छन् । पछाडि सिटमा बसेर यात्राको स्वमन्थन गरिरहेको छु । गीताको चिन्ता भने अर्कै छ । उनलाई सकेसम्म धेरै ठाउँ घुमाउनु छ हामीलाई त्यो पनि एक हप्ताभित्र ।

'अन्त नभ्याए पनि हलिउड त पुग्नुपर्छ है गीता' भनेर म उनलाई हौस्याइरहेको छु ।

भेगासबाट लस एन्जेलस जाने बाटो मेरा लागि मात्रै नौलो थियो । तुलसा र गीता हिजो मात्रै यही बाटोबाट आएका थिए । गीता र भाइहरूका लागि यो बाटो पानीपँधेरो जस्तै थियो । नेपालबाट आएपछि एकपटक त भेगास घुमाएकै हुन्थे । अघिल्लो साता मात्र भान्जा हरिप्रसाद मैनाली पुग्नुभएको थियो । त्यसबेला हामी आलावामामै थियौँ । भेट हुन नसके पनि हामी फोनमा गफियौँ ।

ऋषिजीसँग मेरो भेट पहिलो नभए पनि यात्रा चाहिँ पहिलो थियो । सहयोगी भावनाका ऋषिजी अमेरिकामा सबैले रुचाउने नाम हो । उहाँको व्यवसाय पनि निकै राम्रो रहेछ । क्यालिफोर्निया राज्यका महावाणिज्यदूत ढकालजीसँग अहिले अमेरिकामा भेट्दा रमाइलो लागिरहेको थियो । परिचयको नवीकरण गरेजस्तो ताजा महसुस भइरहेको थियो ।

भेगासबाट लस एन्जेलस फर्कँदै गर्दा बाटोमा बस्तीहरू देखिँदैनन् । ससाना काला पहाडहरू वरपर देखिन्थे । बाटो धागो टाँगेजस्तो सिधा छ । एक्सिलेटमा इँटा राखिदिए पनि हुनेजस्तो । गाडीहरू आफ्नै रफ्तारमा कुदेका छन् । कसैले नियम उलङ्घन गर्ला भन्ने छैन । इच्छाशक्ति भए मरुभूमिमा पनि सुन फलाउने सामर्थ्य हुन्छ भन्ने दृष्टान्त बोकेर भेगास मेरो मनलाई लोभ्याइरहेको थियो ।

अमेरिकाले मनलाई तानिरहेको छ । अझै केही दिन बसेर यहाँको सेरोफेरो राम्ररी नियाल्ने लोभ छ । आफ्ना प्रियजनहरू यतै छन् । उनीहरूसित अलिधेरै समय बिताउने मन छ । तर समय छोटिइसकेको छ । त्यसैले होला अमेरिकाको बसाइ सकिनै लागेको चिन्ता पनि छ ।

घरीघरी यतै पढिरहेको छोरालाई सम्झन्छु, कहाँको मान्छे कहाँ आएर आफ्नो भविष्यको गोरेटो कोरिरहेको छ । ऊ मात्रै किन धेरै नेपालीहरू अमेरिकामा आफ्नो भविष्य उज्ज्वल पार्नका लागि सेकेन्डसेकेन्डको लेखाजोखा गरिरहेका छन् । भाइ डिल्लीले पनि अमेरिकामा ठुलै सङ्घर्ष गरेर आजको दिनसम्म आएको छ । वास्तवमा समयको महत्त्व सिकाउने अमेरिकामा हाम्रा नेताहरू कैयौँ पटक आए, तर यहाँको पद्धतिलाई बुझेर आफ्नो देशमा अवलम्बन गर्न कहिल्यै जानेनन् । आखिर भत्ता पचाउनेभन्दा अर्को काम केही गरेनछन् । यस्ता कुरा भने मनमा खिलझैँ गढेर बस्ने रहेछ । आखिर आफ्नो देश कमजोर भएपछि संसारका जुनसुकै कुनामा गए पनि त्यही दुर्बलता घाउझैँ बल्झिरहने रहेछ ।

भेगासलाई अब पछाडि छाडेर हामी अगाडि बढिरहेका छौँ । कहीँ-कहीँ साना-साना बस्ती देखिन्छन् । बन्जर पहाडहरू थकित भएर अप्ठ्यारोसित सुतिरहेका जस्ता देखिन्छन् । एक ठाउँमा सौर्य ऊर्जा खेती गरेको भेटियो । बाटोको दुवैतर्फ रहेको सौर्य ऊर्जा खेती हेर्दा निकै मनमोहक देखिन्थ्यो । निकै ठुलो क्षेत्रमा फैलिएको त्यो सौर्य ऊर्जा खेती गुगलको रहेको बताउनुभयो ऋषिजीले । मैले गाडीबाट केही थान तस्बिरहरू लिएँ । गीता र ऋषिजीलाई कुनै नौलो नलागे पनि मलाई र तुलसालाई भने नौलो अनुभूति भइरहको थियो । अमेरिकनहरूले त्यस्ता बन्जर डाँडालाई पनि उपयोगमा लगाएको देख्दा मान्छेले गरे नहुने केही रहेनछ जस्तो लाग्यो । हाम्रोमा पनि यस्ता सौर्य ऊर्जालाई उपयोग गर्न सकेमा कति राम्रो हुन्थ्यो भन्ने मनमा लागिरह्यो । सौर्य ऊर्जाको खेती मैले बेलायतमा पहिलो पल्ट देखेको थिएँ । निकै ठुलो क्षेत्रफलमा फैलिएको सौर्य खेती हेर्दा मनमोहक

लाग्थ्यो । भेगासमा रहेको सौर्य ऊर्जा खेती बेलायतको भन्दा निकै नै ठुलो क्षेत्रफलमा फैलिएको थियो ।

क्रमशः दिन ढल्कँदै छ । उज्यालोलाई अँध्यारोले कब्जामा लिँदै छ । हामी निरन्तर हुइँकिरहेका छौँ । गीताको ड्राइभिङमा म पहिलो पटक चढेको छु, त्यो पनि अमेरिकामा । पहिला–पहिला गीताले म त ट्रक पनि चलाउँछु भन्दा अचम्म लाग्थ्यो । अहिले म प्रत्यक्ष देखिरहेछु । गीतालाई देख्दा गर्व लाग्छ । त्यसो त यहाँ आफ्नो काम आफै गर्नुको विकल्प छैन । गाडी चलाउन जानेन भने त यहाँ कुनै कामै छैन । न काम पाइन्छ न खान पाइन्छ । नेपालमा जस्तो घरैपिच्छै पसल अमेरिकामा हुँदैन रहेछन् । निश्चित ठाउँमा मात्र किनमेल गर्ने थलो हुँदा रहेछन् । प्रायः सार्वजनिक यातायात नहुने भएकाले ड्राइभिङ अनिवार्य सिक्नुपर्ने रहेछ । छोरा लोकेशले पनि गएको छ महिनामै गाडी सिकेको थियो ।

अँध्यारो साम्राज्यले ढपक्कै ढाके पनि सहर दिनजस्तै उज्यालो देखिन्छ । तुलसा अगाडि सिटमा मस्त निद्रामा छिन् । ऋषिजी र म भने नेपालका विविध विषयहरूमा गफिइरहेका छौँ । अमेरिकाका बारेमा मेरो मनमा उठेका कतिपय जिज्ञासाहरू मेटाइरहनु भएको छ ऋषिजी । करिब पाँच घण्टाको यो यात्रामा नेपालदेखि अमेरिकासम्मका विविध प्रसङ्गका बारेमा कुराकानी चलिरहेकै छ । बेलाबेलामा हाम्रा कुरामा गीता पनि मिसिन आइपुग्छिन् । उनी यो बाटोमा निकै अभ्यस्त भइसकेकी छिन् । भन्दै छिन् 'अर्को हप्ता कान्छी बहिनी कञ्चनलाई पनि भेगास घुमाउनु छ ।'

रातको करिब साढे दश बजे हामी लस एन्जेलसमा पुग्यौँ । गाडी चलाउने मान्छे भन्दा पनि गफ गरेर बस्ने हामी थाकिसकेका थियौँ । खाना खाइसक्दा नसक्दै हामीलाई ओछ्यानमा पुग्न हतार भइसकेको थियो । अघिल्लो दिन पनि राति अबेरैसम्म लस भेगासको रात्रिजीवन नियालिरहेका थियौँ । त्यसैले ओछ्यान पुग्नासाथ निद्राले छोपिहाल्यो । झ्यालबाट उज्यालो छिरेपछि झटपट उठेर लस एन्जेलसको बिहानीलाई स्पर्श गऱ्यौँ । जता हेरे पनि उस्तै ! फराकिला बाटो उस्तै घरहरू । वास्तवमै अमेरिकाको सडक निकै लोभलाग्दो लाग्यो । छोटो समयको हाम्रो यात्राको समयमा अमेरिकी जनजीवनसँग त्यति घुलमिल गर्न नपाए पनि अमेरिकी सडक सञ्जालसँग भने म मोहित भएँ ।

बेलुका थाकेकाले बुबाआमासँग गफिन पाइएको थिएन । बिहान हामी बुबाआमासँग गफिन्छौँ । यादव र रेसु पनि हामीसँग गफिन्छन् । आज स्वामीनारायणको मन्दिरमा जाने योजना गीताले सुनाउँछिन् । आलावामा हामी आफै घुमफिर गर्न सक्ने भइसकेका थियौँ । यहाँ त कता हो कता ट्वाल्ल पर्नुको विकल्प थिएन । हामीलाई कहाँ–कहाँ घुमाउने हो, त्यसको सम्पूर्ण जिम्मा गीताको थियो । उनको कमान्डमा हामी त बस पछि लाग्थ्यौँ ।

ब्रेकफास्ट गरेपछि हामी स्वामीनारायणको मन्दिरतर्फ लाग्छौँ । यादव र रेसु वेयर हाउसमा गइसकेका थिए । आमाबुबा, छोरा शुभम्, श्रीयम्, तुलसा र म सात जनाको टोली छौँ । गाडी ठुलो छ । गाडीको स्टेरिङ गीताको कमान्डमा छ । हामी कमान्डरको नेतृत्वमा ढुक्क छौँ । नेपालमा त दुई नम्बर र एक नम्बरमा घ्याच्चघ्याच्च गरेको बानी परेको म नेपाली चालक, अमेरिकामा त डर लाग्ने रहेछ । सायद बानी नपरेर पनि होला, गाडीको स्पिड देख्दा कुनै कुनै बेलामा त झसङ्ग हुने रहेछ । गीताले सजिलै हाँकिरहेकी थिइन् । यहाँ केही दिन प्राक्टिस गरेपछि गाडी हाँक्न सकिन्छ जस्तो पनि लाग्यो मलाई । यो मन न हो जता लग्यो उतै जान्छ, म गाडीमा स्वमन्थन गरिरहेको छु । गफ गर्न र कुराहरू सुन्न पनि भ्याएको छु । भाइबुहारीले गरेको प्रगति नजिकबाट नियाल्न पाएकोमा गदगद छु ।

नेपालमा मन्दिर जाने भने पनि नुहाइधुवाइ गरेर भोकै जाने गर्छन् । तर अमेरिकामा खाएरै मन्दिर गए पनि हुने रहेछ । देशअनुसारको भेष भनेको यही होला । हामी पनि बिहान नास्ता गरेरै आएका थियौँ । बाटोमा हलिउड लेखेको डाँडो देखिइरहेको थियो । मैले गीतालाई सोधेँ, 'त्यो हलिउडको डाँडोमा गएर फोटो खिच्न पाए हलिउड आएको प्रमाण हुने थियो नि गीता ।'

'दाइ त्यहाँ अर्को दिन जाने हो आज अर्कै बाटो जाने हो ।' गीताले जवाफ दिइन् ।

मैले भनेँ, 'आज हेरेर मात्र चित्त बुझाउनुपर्ने भयो ।' एकछिन हाँसो गुन्जियो गाडीमा ।

गाडी डाउनटाउनलाई पछाडि पार्दै केही उकालो तथा सानासाना रुखहरू भएको जङ्गलको बाटो गुडिरहेछ । निकै रमणीय स्थल छ । टाढा-टाढा सुन्दर बस्तीहरू देखिन्छन् । साना साना पहाड यहाँ पदयात्रा गर्नेहरू प्रशस्तै आउने रहेछन् । लस एन्जेलस साँच्चिकै सुन्दर सहर रहेछ । त्यसैले त यहाँ संसारका चर्चित व्यक्तिहरू बसोबासका लागि रोज्ने रहेछन् । विश्वका चलचित्रको केन्द्रबिन्दु पनि यहीँ छ ।

'दाइ अझ योभन्दा पनि सुन्दर ठाउँहरू त घुम्न बाँकी नै छ' भनेर लोभ्याउँदै छिन् गीता । गीताको एउटै गुनासो बारम्बार पोखिइरहन्छ– 'पाँच दिनमा कति मात्र घुम्ने, अझै टिकट चेन्ज गर्नुस् क्या ।' म फिस्स हाँस्छु मात्र ।

स्वामीनारायणको मन्दिर भव्य रहेछ । पुजारीहरू भारतीय मूलका रहेछन् । संसारमा मान्छेहरू जहाँ-जहाँ जान्छन्, त्यहाँ-त्यहाँ आफ्ना धर्मसंस्कृति सँगै लैजान्छन् । निकै भव्य रहेको यो मन्दिर अमेरिकाका विभिन्न प्रान्तमा रहेका छन् । यहाँ शनिवार र आइतबार भक्तजनहरूको भिड लाग्ने रहेछ । हामी पुग्दा केही भक्तजनहरू मात्र थिए । भक्तजनहरूको सेवाभावना संसारका जुन कुनामा गए पनि कसैले रोक्न सक्दैन रहेछ । मन्दिर दर्शनपश्चात् हामी सान्टा मोनिका समुद्री किनारतर्फ लाग्यौँ ।

पहाडको घुमाउरो बाटो निकै सुन्दर लाग्यो । उत्तरतर्फ लस एन्जेलस नियाल्न सकिने र दक्षिणतर्फ प्रशान्त महासागर र महासागरको किनारामा रहेको सुन्दर सान्टा मोनिका सहर । त्यो सुन्दर दृश्यलाई मैले गाडीबाटै अघाउन्जेल नियालेँ । म भूपरिवेष्टित देशको नागरिक समुद्र देखेपछि अचम्म लाग्ने र डर पनि, आँखाले जति देखिन्छ सबै समुद्रै समुद्र । लोकेशले पहिलो पटक हामीलाई फ्लोरिडास्थित हड्सन बिचमा लगेको थियो । केही क्षण समुद्री किनारामा बिताएका थियौँ । हड्सन बिच निकै उत्ताउलो थियो, छाल तीव्र गतिका थिए । तर यसको विपरीत सान्टा मोनिका निकै शान्त थियो । हामी पुगेको समयमा त्यति भिड थिएन, नत्र गाडी पार्किङ गर्ने ठाउँ हुँदैन भन्दै थिइन् गीता । केही समय बिचमा रमाएर हामी लस एन्जेलसको डाउनटाउनमा अवस्थित वेयरहाउसमा पुग्यौँ ।

वेयरहाउसमा भोकको उपचार गरियो । डाउनटाउनमा रहेको पसलको अवलोकन पनि गरियो । डाउनटाउनको अवस्था अन्य सहरको भन्दा फरक देखियो । यहाँ घरबारविहीनहरू धेरै देखिए । उनीहरूको हाउभाउ, रहनसहन तथा स्थिति दर्दनाक देखियो । उनीहरूको बसोबास गर्ने स्थानहरूमा फोहोर तथा दिसापिसाबको गन्धले हिँड्नै मुस्किल पर्ने रहेछ । सडकपेटीहरू उनीहरूको कब्जामा थिए । मैले नेपालमा देखेका घरबारविहीन भन्दा उनीहरू केही फरक देखिन्थे । नसामा लठ्ठ परेर बसेर पैसा मागिरहेका थिए । कतै एक्लै त कतै ग्रुपमा बसिरहेका थिए । उनीहरूका लागि अमेरिकी सरकारले पुनर्वासको बन्दोबस्त नगरेको पनि होइन रहेछ, केही समय बस्ने र पुनः सडकमै आउने गर्दा रहेछन् । सडकमै खानाको बन्दोबस्त भने गर्दा रहेछन् । जब मान्छेको चेतनाले नै काम नगरेपछि उसलाई जसले जे गर्दा पनि केही हुँदैन । एक्लै हिँड्दा पनि डर मान्नुपर्ने रहेछ, उनीहरूको स्थिति निकै कमजोर थियो । राम्रा–नराम्रा पक्षहरू सबै ठाउँमा हुन्छन् नै, मुख्य सहरको मुख्य स्थानमा यस्तो दृश्य पक्कै दुःखद नै मान्नुपर्दछ ।

जीवन नै यात्रा हो, यात्राकै क्रममा छौँ हामी । अहिले लस एन्जेलसका विविधतासँग रमाउँदै छौँ । अझै केही दिन बाँकी नै छ, अमेरिकाको बसाइ त्यो अवधिमा हामी केही स्थानहरूको भ्रमणमा रमाउने नै छौँ । नेपालीहरूको बाक्लै बसोबास रहेछ लस एन्जेलसमा । नेपालीहरू यता पनि आफ्नो धर्मसंस्कृति बचाउन दिलोज्यान दिएर लागिपरेका छन् । चन्दा उठाएरै पशुपति बुद्ध मन्दिरको निर्माण गरेका छन् । वास्तवमा मान्छेलाई आपसमा जोड्ने भनेकै धर्मसंस्कृतिले हो । पशुपति बुद्ध मन्दिर बन्ने क्रममा मैले धेरै समाचारहरू पढेको थिएँ, अहिले प्रत्यक्ष रूपमा पुगेको छु । यसको अगुवाइ गर्ने व्यवसायी तथा समाजसेवी ऋषि ढकालजी नै हुनुहुन्थ्यो । उहाँसँगको हिजोको पाँच घण्टाको यात्राले अमेरिकालाई मात्रै होइन अमेरिकी नेपाली जीवनलाई पनि बुझ्ने सुन्दर अवसर मिल्यो ।

पशुपति बुद्ध मन्दिरसँगै यहाँ नेपाली पाठशाला पनि खोलिएको रहेछ । यहाँ शनिबार र आइतबार नेपालीहरू आआफ्ना बालबच्चालाई नेपाली भाषा पढाउन ल्याउने रहेछन् । बिहानको खाना पनि अभिभावक, शिक्षक तथा विद्यार्थीहरू मिलेर रमाइलो गर्दै खाने परम्परा रहेछ । यसले गर्दा नेपालीहरू एकआपसमा आफ्ना दुःखसुखका कहानीहरू आदानप्रदान गर्ने थलोको रूपमा स्थापित भइरहेको रहेछ । यहाँका यी सबै गतिविधिहरूको खर्च प्रत्येक हप्ता पालैपालो गरेर ब्यहोर्ने परम्परा रहेछ । चाडपर्वमा सबै भेला भएर भजन गाउने नाच्ने रमाइलो गर्ने परम्पराले एक आपसमा सद्भाव बढ्ने गर्दछ । परदेशमा रमाएर बसिरहेका नेपालीहरूले वास्तवमै एउटा नयाँ नेपालको स्थापना गरिरहेको भान हुन्छ ।

हामीले पनि एउटा पार्टीमा भाग लिने मौका पायौँ । ऋषिजीको घरमा रहेको त्यो पार्टीमा हामी निकै रमायौँ । हाम्रा लागि यो एउटा नयाँ अनुभव थियो । छोरा लोकेश र मिदान शिवाकोटी मिलेर आलावामा पनि एउटा पार्कमा पार्टी गरेका थिए । हामीले त्यहाँ पनि पार्टीका परिकारहरू चाखेका थियौँ । भिन्न देश भिन्न परिवेशमा रमाएर बसेका नेपालीहरूसँग हामी पनि करिब चौबिस दिन रमायौँ ।

मैले माथि नै उल्लेख गरिसकेको छु, पशुपति बुद्ध मन्दिरको बारेमा । यहाँ नेपालीहरू जमघट हुने तथा सभा सम्मेलन गर्ने हल पनि रहेछ । यसै अवसरमा मलाई पनि अमेरिकामा बस्ने केही साहित्यकारहरूका बिचमा आफ्ना केही सिर्जनाहरू सुनाउने अवसर प्राप्त भयो । भाइ डिल्लीको संयोजनमा अनेसास लस एन्जेलस च्याप्टरद्वारा आयोजना गरिएको उक्त साहित्यिक कार्यक्रममा मैले केही कविताहरू वाचन गरेँ । हाम्रा अग्रज साहित्यकार दाजु कृष्ण धरावासीको समेत उपस्थिति थियो । ऋषि ढकालज्यूको प्रमुख आतिथ्यमा सो कार्यक्रम सम्पन्न भएको थियो । अमेरिकामा बसेर सिर्जना गर्ने सर्जकहरूका सिर्जना पनि हामीले श्रवण गऱ्यौँ । मेरा लागि पनि यो राम्रो अवसर थियो । मैले मेरो भर्खरै प्रकाशित भएको कवितासङ्ग्रह 'डोरम्याट' बाट केही कविताहरू सुनाएँ ।

नेपालीहरू खानाका पारखी नै छन् भन्दा पनि हुन्छ, संसारमा जहाँ पुगे पनि आफ्नो स्वाद कहाँ बिर्सन सकिन्छ र ? अमेरिकामा पनि हामीले अमेरिकनभन्दा पनि नेपाली स्वाद नै बढी खायौँ । खानाको स्वादमा हामी नेपालमै छौँ कि क्या हो ? जस्तो पनि लाग्दो रहेछ । संस्कृतिका धनी हामी जहाँ गए पनि आफ्ना रीतिरिवाज र संस्कृतिलाई चटक्कै बिर्सन सक्दैनौँ, आफ्नो जिब्रोमा सानैदेखि झुन्डिएको स्वाद झन् कहाँ भुल्न सकिँदो रहेछ र ? अमेरिकामा ती स्वादहरू झन गाढा भए । यसका लागि गीता, रेसु र सुस्मिता हाम्रा धन्यवादका पात्र हुन् ।

०–०–०

संस्कृति

# खसान क्षेत्रमा १२ र ७ को महत्त्व

*मनोहर लामिछाने*



## १. पृष्ठभूमि

बाह्रौँ शताब्दीमा स्थापित खस राज्यले विशाल राज्यको रूपमा स्थापित कैयौँ सामाजिक प्रचलनहरूले वर्तमानसम्म आफ्नो पहिचान दिइरहेको छ। यस राज्यको निर्माणमा खसहरूको महत्त्वपूर्ण भूमिका रहेको र जनसङ्ख्याको ठुलो हिस्सा पनि खसहरूको भएको हुँदा खसलाई नै विशेष महत्त्व दिइएको पाइन्छ। खसहरू को हुन् ? खसानमा यिनीहरूको बसोबास कहिलेदेखि भयो ? खसको राज्य स्थापनापूर्व कुन-कुन जाति वा समूहले यस क्षेत्रमा बसोबास गरेका थिए भन्नेबारेमा यहाँ चर्चा गरिएन। बाह्रौँ शताब्दीको सुरुवाती तत्कालीन अवस्थामा विकट सिञ्जाको एउटा सानो राज्य उसको सिप कौशलले विशाल मात्र भएन नेपाली भाषाको उद्‌गमभूमि यस राज्यका प्रचलनहरू आजसम्म वन्दनीय, पूजनीय, मननीयका रूपमा खसहरूले आफ्नो पहिचानको रूपमा ग्रहण गरिरहेका छन्। त्यसबाहेक कैयौँ जातजातिको उद्‌गमभूमिसमेत खस राज्यसँग जोडिन पुग्दछ। मानसरोवरमा रहेको कैलाशसँग निकट मात्र होइन आफै भूमि रहेको मान्ने खसहरू कैलाश सभ्यताले निर्माण गरेका विभिन्न दर्शनलाई आत्मसात् गर्ने उनीहरू खसानी समाजमा पनि प्रयोग गरेको पाइन्छ। देव-दानव युद्धमा मात्र होइन त्यस्ता द्वन्द्वपश्चात् प्राप्त उपलब्धिलाई समन्वयात्मक रूपमा जनभावनाअनुसार खसानीकरण गरी त्यसलाई निरन्तरता दिनु पनि खस क्षेत्रको आफ्नै परम्परा छ। खस राज्य निर्माणपूर्व यस क्षेत्रमा विभिन्न जातजातिका राज्य थिए। अति प्राचीन समयको सुर्वणभूमि, स्त्रीराज्य, जालन्धारी राज्य र पालवंशी महत्त्वपूर्ण राज्यमा नागवंशीहरूले सिञ्जाको लामाथाडामा प्रारम्भिक राज्य स्थापना गरी बनेको राज्य नै कालान्तरमा विशाल खस राज्य बन्यो। उनका उत्तराधिकारीहरूबाट राज्य विस्तार गर्ने क्रममा पूर्वमा गण्डकी पश्चिममा कुमाउ, गडवाल, दक्षिणमा गया, गङ्गाको किनारा र उत्तरमा गुगैँसम्म विशाल र शक्तिशाली राज्य बनेको खस राज्यले विभिन्न कालखण्डमा विविध कारणले आकर्षक रहेको यही राज्यमा विभिन्न समूहलाई आश्रय दिने काम पनि गऱ्यो। उत्तरदक्षिणको आकर्षक स्थल रहेको यहाँका रैथानेहरूले समेत आगन्तुकहरूले आफूसँगै ल्याएको सिप, कौशल र सांस्कृतिक

विरासतलाई उपयोग गर्ने क्रममा निर्मित संस्कृतिको साझा केन्द्र बन्यो खसान । यसरी अन्तरघुलित संस्कृति समन्वय भावले बेग्लै अस्तित्व निर्माण गरी वर्तमानसम्म समयसापेक्ष परिमार्जन हुँदै चलिरहेको छ । यसैबिच यहाँको समाजमा १२ र ७ को महत्त्व र प्रभावबारे सामान्य चर्चा गरिएको छ ।

## २. खसानमा १२ अङ्कको प्रसङ्ग

खस जातिको कुलायन मस्टोलाई मान्ने गरिन्छ । खस राज्यको समयमा मस्टोलाई राजकीय मान्यता पनि प्राप्त थियो । १२ भाइ मस्टोको यस क्षेत्रमा धेरै महत्त्व रहेको छ । १२ को संयोग पनि विशेष छ । हिन्दु पूराकथाअनुसार अब्राहमका १२ भाइ छोराहरू थिए । त्यस्तै एकादश रुद्रसहित वीरभद्र जोड्दा १२ हुन्छ । शिवका अति प्रसिद्ध ज्योतिर्लिङ्ग पनि १२ वटा नै छन् । वायुपुराणअनुसार आदित्य (सूर्य) १२ वटै भएको मानिन्छ । आदित्यलाई १२ महिनाको प्रतीक मान्दै महिनाहरू पनि १२ वटै रहेका छन् । एक कथनअनुसार कश जातिको बेबिलोनबाट खसानसम्म आउँदा १२ भाइ मस्टोलाई आफूसँगै ल्याएको मानिन्छ । कतिपयले शैव संस्कृतिको प्रभावित क्षेत्र कैलाश र यहाँकै रैथाने कुलायन भएको विश्वास गर्दछन् । कसैकसैले १२ भाइ मस्टोलाई जेठोदेखि लखन्तरे हुँदै कान्छो भन्दै १२ प्रकारले वर्गीकरण पनि गरेका छन् । हुम्लातिर १२ भाइ मस्टो र १८ भाइ खस्टो भन्ने गरेका छन् ।

खसानमा महत्त्वपूर्ण पक्षीको रूपमा बाजलाई मान्ने गर्दछन् । कुनै समयमा बाजको प्रतिष्ठायुक्त व्यापार हुन्थ्यो । राजघरानाहरूमा बाज र राजको महत्त्वपूर्ण स्थान थियो । प्रमुख बाजहरूका १२ प्रकारका नामहरू रहेका छन् । तिनको नामहरू हंस बाज, जुर्रा बाज, साइबाज, चल्या जुर्रा, चल्या साई, कुच्चा जुर्रा, कुच्चा साई, कुच्या, कलमुख्या, तेसार, ढिकुर र पटकुच्या (खैरो) आदिले १२ प्रकारकै पहिचान दिन्छन् । खसहरूका प्रमुख जाति पनि १२ प्रकारकै छन्ः क्षेत्री, ब्राह्मण, ठकुरी, कामी, दमै, सार्की, गाइन, वादी, सन्यासी, दशनामी, घर्ती, भाट । खसान क्षेत्रमा प्रवेश गरेका छाग समूहभित्र रहेका छाग छगाल, शाक, छागल केतु, शाकल, सोकोल, सगर, शाल, शाली, वहान, छागल केतु, स्कुलु, स्कोल हुन् भनी प्रा. बालकृष्ण पोखरेल मान्दछन् । उनले 'खस जातिको इतिहास' मा उल्लेख गरेका छन् । खस राज्य १२ औँ शताब्दीमा स्थापना भएको थियो भने खस राज्यको विखण्डन हुँदा अन्तिम राजा मलय बम्मका १२ छोरा थिए भन्ने केही इतिहासकारको भनाइ छ । धेरैजसो इतिहासकारले उनका ४ छोरा भएको भनाइ पनि रहेको छ । जुम्लालगायत खसानका हिमाली क्षेत्रमा चैत्र १२ गते धानको बिउ पानीमा भिजाउने प्रचलन अझसम्म छ भने चैत्र १२ गतेसम्म परदेश गएको जुम्ली नफर्केमा मृत्यु

भएको मानिन्थ्यो। खसानको तल्लो क्षेत्रमा साउन १ गतेदेखि भदौ १२ गतेसम्म सिङ्गे महिना मनाउने प्रचलन थियो। भदौ १२ गतेदेखि मादल बजाउन सुरु गर्ने र १२ भदौमा विभिन्न स्थानमा छेलो खेल्ने प्रचलन रहेको पाइन्छ। खसानका मगरबस्तीको सोरठी नृत्यमा सम्यारने गीतमा यी १२ लाई स्मरण गरिन्छ। सरस्वती, देवीदेवता, प्रीतिगण, तीर्थस्थल, गाउँघरका थामी, मनाली, धामी, झाँक्री, भूत, भयार, आकाश, पाताल, पृथ्वीलाई सुरुवाती स्मरण गरिन्छ।

कतिपय स्थानमा १२ भाइ बराह र १८ भाइ मस्टा भनेर पुकारिन्छ। प्रायः धेरै स्थानमा १२ भाइ मस्टा र १८ भाइ खस्टया, १८ भाइ बराह भनिन्छ। वास्तवमा बराह पनि १२ प्रकारकै छन्। जस्तो कैल बराह, जल बराह, हाँस्या बराह, रुद्र बराह, लाटी बराह, कुजी बराह, ऐरो बराह, बैरो बराह, एख्ल्या बराह, लिखे बराह, रानी बराह, बाहुनी बराह। खसानी समाजका मुख्य पानीका स्रोत पनि १२ प्रकारकै रहेका छन्। जस्तो दह, रह, ताल, पोखरी, खाली, खोली, नाउला, मूल, कुण्ड, झरना, धारा, मुग्राहा। यस्तै १२ वटा राशि रहेका छन् भने त्यस क्षेत्रका मगरहरू आफूलाई १२ पन्थी भनेर परिचित थिए। महासिद्ध १२ वटा पण्डित थिए भने १२ पन्थी महासभा रहेको पाइन्छ। खस आर्य समाजमा १२ प्रकारका छोराको वर्णन पाइन्छ। खस आर्य समाजमा १२ प्रकारका पुत्रमध्ये पुत्रिका पुत्र, दत्तक पुत्र, कृत्रिम पुत्र, गुडज पुत्र, अपवित्र पुत्र, कमीन पुत्र, सहोट पुत्र, क्रीत पुत्र, पौनर्भ पुत्र, स्वयम् दत्त पुत्र। इपुको सातौँ शताब्दीभन्दा पहिले नै काश्मीर झरेका पन्छी खस बनेका शाखाले १२ औँ नम्बरसँग जोडिएको पाइन्छ। जस्तो कश्मीर, गडवाल, काशदल, कशवाडी, कशलनगर, कशमोली, कशानी, टिहरी, कश, कशौली, कसुर, कशतल। खसान क्षेत्रमा प्रमुख र महत्त्वपूर्ण स्थान ओगटेका १२ प्रकारका चराहरू रहेका छन्। तिनीहरू मालचरी, मालुवा, मुनाल, मयूर, मैनाचरी, रजहाँस, राइसुवा, रानीचरी, रङ्गीन सुवा, शैली सुवा, लालचरी हिराचडो। यस्तो प्रसङ्गले खसानी समाजमा १२ अङ्कको विशेष महत्त्व रहेको पाइन्छ।

## ३. खसानी समाजमा ७ अङ्कको सम्बन्ध

मानवीय समस्या आइपर्दा खसानी समाजमा धामीझाँक्रीको सहयोग लिने गरिन्छ। उनीहरूको झारफुक क्रियापश्चात् सात तली वाचा भनेर अन्त्यमा विश्राम गर्ने गर्दछन्। विभिन्न प्रकारका समस्यामा झारफुक गर्दा ७ तली वाचा गरेर बिट मारिन्छ। यसै क्षेत्रमा प्रवाह हुने सप्त राप्तीका नामहरू ऐरावती, बवै, झिमरुक (धर्मावती) शारदा, माडी (माण्डवी), लङ्ग्री (सुवर्णभूमि), अरुङक आदि रहेका छन्...। सप्त गण्डकीका सप्त धारा

र ७ नामहरू यस प्रकारका रहेका छन्ः सप्त धारा, धर्मधारा (महेश्वरी), यशोधारा (ब्राह्मी), विश्वधारा (नारसिंही), शीत प्रभा (वैष्णावी), रत्नधारा (कौमारी), सर्वणभा (कालिका), कृष्णामाख्या (गङ्गा) । यस्तै सप्तगण्डकीमा सेती, माडी, मर्स्याडी, ताडी, बुढीगण्डकी, त्रिशूली, कालीगण्डकी । सप्तमहाकालीमा महाकाली (शारदा), कालापानी, व्यास, चगेडी, सर्नेया (सरयू) गौरी, धौलीहरू रहेका छन् । खसान क्षेत्रमा नभए पनि सप्तकोसीका नामहरू तमोर, अरुण, दुधकोसी, सुनकोसी, तामाकोसी, वरुण, इन्द्रावती रहेका छन् ।

कुनै समय खसान राज्यको प्रारम्भिक अवस्थामा यहाँको मुख्य व्यवसाय पनि ७ प्रकारका थिए, घोडा, चौरी, च्याङ्ग्रा (वादस्या), कस्तूरी, बुकी, सुन र सिम्रिक, तामाखानी । खसान क्षेत्रका प्रमुख आदिवासी पनि ७ प्रकारकै थिएः रुद्र, यस, गन्धर्व, किन्नर, नाग, वृषभ, किराँत । खसलगायत अन्य जाति पछि मात्र आएका हुन् । यहाँ सात कमलको चर्चा गरिन्छः पद्मकमल, नीलकमल, अष्टकमल, ब्रह्माकमल, बासुदलकमल, इन्द्रकमल, रुखकमल । खसानी समाजका प्रमुख घाट पनि सात प्रकारका छन्ः मसानघाट, पानीघाट, चिताघाट, तारघाट, झिरघाट, गाईघाट, देवघाट ।

खसानी समाजमा जन्मिएको स्थानको महत्त्व दिने गर्दछ । जन्मभूमिलाई स्वर्गभन्दा माथिल्लो स्थान दिइएको छ । यस्ता वन्दनीय वस्तु पनि ७ प्रकारकै रहेका छन् । जन्मिएको स्थान, कुलो, कान्लो, पँधेरो, घरको आँगन खाँबो, आफ्नो भाषा, चौतारालाई सत्कारपूर्वक महत्त्व दिइन्छ । खसभूमिमा रहेका हिमाली पर्वत पनि ७ प्रकारकै रहेका छन् जहाँ खसहरूले आफ्ना गतिविधिहरू बढी गरेका थिए । ती भूमि गढवालको उत्तरकाशी, महाकाली पश्चिमको कुर्माचल, महाकाली पूर्वको धनकाशी (घनघस्या), स्वेचराद्री (खप्तड), गोताम (गौतमाद्री), लखदात र कशमेरु (काश्मीर) । खसान क्षेत्रमा पाइने ७ प्रकारका माछाहरूको वर्णन गरेको पाइन्छ जुन यस प्रकारका रहेका छन्ः धामीमाछो, दहमाछो, तालमाछो, कालोमाछो, नदीमाछो, गौमाछो, सरमाछो । खसानकै तल्लो क्षेत्रमा देवगणको रूपमा बर्मालाई पुज्ने गरिन्छ । बर्माका थानहरू (मन्दिर) रहेका हुन्छन् । त्यस्ता प्रमुख बर्माहरूसमेत ७ प्रकारकै रहेका छन्– गङ्गा जैसी, कमल जैसी, काल जैसी, सेतु जैसी, सुर्मा जैसी, चुर्मा जैसी, गर्जु जैसी । यी बर्माहरू नै खसानी झाँक्रीहरूले आफ्नो खेती वा कायाकैरनमा नाम लिँदै आराधना गर्ने गर्दछन् । सूर्यदेखि शनिसम्म ७ वटा ग्रहले ७ बारको प्रतिनिधित्व गर्दछन् । बाँकी २ ग्रह राहु र केतु छाया ग्रह भएको हुँदा यी दुवैको आफ्नो बार हुँदैन ।

खसहरूको राज्य पनि प्राचीन कालमा बसाइको आधारमा ७ वटै खण्डका रूपमा चिनिन्थ्यो । यसमा नेपाल खण्ड, कुमाउ खण्ड, केदार खण्ड, जालन्धर खण्ड, काश्मीर खण्ड, सैरिन्ध खण्ड, कुलुतमा खण्ड । एक प्रसङ्गमा गौतम बुद्धले ७ प्रकारकै श्रीमतीको

चर्चा गरेका छन् । सात प्रकारका श्रीमतीहरू यस्ता छन्ः बधक, चोरीसम, मातुसम, आयासम, सखीसम, भगिनीसम, दशीसम । यिनको वर्गीकरण गरेर चर्चा गरेका छन् । एक मान्यताअनुसार तन्त्रमा दिशा पनि ७ प्रकारकै हुन्छन् जसमा शाम्भवी, कुण्डलिनी, मान्त्री वा मन्त्र दिशा, तान्त्रिक साधनाको स्थिति, पश्चाचार, वीराचार, दिव्याचार । कैलाश (कविलाश) र खसान जोड्ने ७ स्थानका प्रमुख बाटाहरू यस प्रकारका रहेका छन्– दानवताल (हाल बर्दिया), काँक्रेविहार (हाल सुर्खेत) पाथरनाउली (दुल्लु)। सिञ्जा (जुम्ला), करानदरा (मुगु), यारी भन्ज्याङ (हुम्ला), खेचरनाथ (तिब्बत) । यिनका मुख्य ७ वटा बाटाहरू नै कविलाश र खसान जोड्ने मुख्य बाटा रहेका थिए । यस्तै एक विश्वासअनुसार ब्रह्माले सप्तऋषिहरूको सृजना गरेको विश्वास गरिन्छ भने गङ्गा नदी साततिर बगेको मान्यता छ । गुणको आधारमा ब्राह्मणहरूलाई ७ प्रकारले वर्गीकरण गरेको पाइन्छ जसअनुसार सत्यवादी, दानी, दयाल, क्षमाशील, चरित्रवान्, अरूप्रति सहानुभूति राख्ने, तपस्वी । यस्ता गुण भएका व्यक्ति जुनसुकै कुलमा जन्मेको भए पनि ब्राह्मणको कोटीमा राख्नुपर्दछ भन्ने भनाइ पनि छ । यस्तै हप्तामा ७ दिन, ७ महादेश, ७ समुन्द्रपारि, विवाहमा सात फेरो, सात जन्मसम्म साथको वचन, सात तल, सात वितल, सिद्धार्थ गौतम जन्मनेबित्तिकै सात पाइला हिँडेको, सप्त मातृत्वको उपासना, खसान क्षेत्रमा अझै भन्ने गरिन्छ 'सात रकाल एक सिञ्जाल र सात सिञ्जाल एक मुगाल' । व्यापारिक प्रसङ्गको चतुरा व्यापारीको प्रसङ्ग अझै चल्ने गर्दछ । खस राज्यको पछि प्रमुख राज्य बनेको सल्यान राज्यमा प्रारम्भमा ७ थपौला थिए । पञ्चायती व्यवस्थामा सल्यानबाट गुर्माकोट सुर्खेततिर र कालागाउँ रोल्पा जिल्लामा विभाजन भएपछि पछिसम्म सल्यानमा पाँच थपौला मात्र रहेका थिए । वर्तमानमा नेपाल राज्यभित्र ७ प्रदेश रहेका छन् । यसरी खसानीहरूले ७ अङ्कको भरपुर उपयोग गरेको पाइन्छ ।

## ४. उपसंहार

सानो तथा अत्यन्तै विकट स्थानमा रहेको खसान राज्य विशाल राज्यमा जसरी निर्माण भयो त्यसरी नै खसान राज्यले निर्माण गरेका अनगन्ती सांस्कृतिक विरासदका लागि पनि त्यतिकै महत्त्वपूर्ण राज्यको रूपमा चिनिन्छ । यद्यपि यस्तो विशाल राज्य १५औँ शताब्दीमा विभाजन हुँदा पनि आफ्नो पूर्ववत् सांस्कृतिक प्रचलनलाई अझ विस्तारित गराउन सक्यो । यस राज्यका रैथाने मानवबस्ती र तिनीहरूले निर्माण गरेका संस्कृतिलाई पछि आगन्तुक खसलगायत विभिन्न जातजाति समूहहरूको कविलाले कैलाशको पवित्रता र विविध कारणले यहाँसम्म आउँदा आफ्ना सांस्कृतिक प्रथा, प्रचलन, परम्परालाई रैथाने

समूहसँग घुलमिल गराई एकअर्काको अस्तित्वलाई सहर्ष स्वीकार गर्दा निर्माण भएको बेग्लै प्रकारको संस्कृतिले नै खसान राज्यको चिनारी प्रदान गर्न पुग्यो। प्रारम्भदेखि विभिन्न दर्शनबिच अन्तरघुलित भएर प्राकृत, शाक्त, शैव, वैष्णव, बौद्ध दर्शनको क्रीडाभूमि र प्रयोगभूमि रहेको खसान आपसी सद्भावको अनुपम स्थल बन्न पुग्यो। त्यसैले आजका खसहरू मात्र होइन यो क्षेत्रसँग सम्बन्धित जो जहाँ रहे पनि यो वन्दनीय भूमि पनि हो। यहाँ उल्लिखित १२ र ७ अङ्कको प्रसङ्गवशको चर्चा गरिएजस्तै अरू अङ्कको पनि त्यत्तिकै महत्त्व र प्रसङ्ग पनि पाइन्छ। यहाँ उल्लेख भएका यी दुवै अङ्कको सामान्य चर्चा गरिएको हो। यो चर्चा अवश्य नपुग छ। यसको खोजको लागि लेखक अपेक्षा गर्दछ। खोज्दै जाँदा यसको फेहरिस्त लामै हुन सक्छ। यसका लागि पहिलाको खसान राज्यका सबै लाग्नै पर्दछ।

०-०-०



नाटक

# कालान्तर

***अशेष मल्ल***

*(मञ्च एकदमै शून्य छ। कुनै भव्यता छैन। कुनै वस्तु छैन। मधुरो प्रकाश। प्रकाश क्रमशः पहेँलिँदै नाटक प्रारम्भ हुन्छ। अभिनेता सर्वज्ञ मञ्चको बिच भागमा प्रकट हुन्छ। हातमा मुखुन्डो छ। एकदम पातलो, सरल। बिलकुलै सेतो। मञ्चमा ऊ पटक-पटक मुखुन्डो हेर्छ। मुखुन्डोसँग जिस्किन्छ। संवाद गर्न खोज्छ। घरी मुखुन्डोलाई चुम्छ। घरी अँगालो मार्छ। उसको भाव भङ्गिमासँगै मिठो सङ्गीत मञ्चभरि छरिन्छ। सङ्गीतसँगै सर्वज्ञ झुम्न थाल्छ। मानौँ मुखुन्डो र ऊ दुबै एकअर्कालाई बुझ्दै, एकअर्कासँग प्रेम गर्दै, एकअर्कालाई समाउँदै, एकअर्कामा समाहित हुँदै झुम्छन्। नाच्छन्।*

*सर्वज्ञको ठिक पछिल्तिर तीन नर्तकीहरू त्यही सङ्गीतमा सुस्तरी-सुस्तरी झुम्दै नाच्छन्। एक कुनाबाट कवि आफ्नो काव्यधारा बर्साउँछ।)*

कविः आज कुनै हतार छैन
केवल छ
शान्त शान्त मुस्कान
सधैँझैँ छैन हताश
उदास, उदास
चारैतिर मानौँ
बर्सिरहेछ कुनै खुसीको वर्षा
वा वसन्तको पदचाप।
नर्तकीका नृत्यहरूमा पनि छन् उत्साह। उत्साह र उत्साहका सङ्केतहरू।
नाटक यहीँबाट सुरु हुन थालेको छ।
सर्वज्ञ, तिमी पनि नाच!
नाच, एकदमै खुसीले!
आज
छैन कतै निराशाका बादलहरू

*(सर्वज्ञ मुखुन्डोसँगै मञ्चको अग्रभागमा आउँछ र मुखुन्डोसँगै नाच्न थाल्छ। सङ्गीतको धुन अलि तीव्र। पछिल्तिर नर्तकीहरू पनि त्यही सङ्गीतसँगै नाचिरहेका छन्।)*

बोझिल दिनहरू सकिएर
शान्त, स्निग्ध बिहान
कतै सुस्तरी हावा
पातहरूसँग कुरा गर्न थालेका छन्।
हिजोझैँ पीडा छैन
छैन कुनै हताश
आकाश पनि निलो निलो
मानौँ बादल कतै लुक्न थालेका छन्।
पहाडहरू आकाशसँग
आकाश
आफैसँग साउती गर्न थालेझैँ
सारा समय खुसीले
झुम्न थालेका छन्।

*(सर्वज्ञ मुखुन्डोसँग कुरा गर्दै केही भन्न लागेझैँ देखिन्छ । उसले टक्क अडिएर मुखुन्डोको कुरो सुनेझैँ लाग्छ ।)*

सर्वज्ञः म तिम्रो शब्द बुझ्दिनँ । यही त मेरो कमजोरी । न म तिमीलाई भन्न सक्छु न तिमी केही बोल्न सक्छौ । युगदेखि मौन छौ तिमी । म कसरी बुझूँ तिम्रो भाषा ।

नर्तकीः भाषा !

नर्तकीः भाषा !

नर्तकीः भाषा !

*(सङ्गीतको तीव्रता थपिँदै जान्छ । नर्तकी अब पहिलेभन्दा अलि बेग्लै तालमा नाच्छन् ।)*

कविः यही त हो सधैँ एउटै भावभङ्गिमा कहाँ हुन्छ र ! नाटक त हिजो पनि सुरु भएको थियो र हिजै अन्त्य हुन खोजेको थियो । न नाटक हिजो अन्त्य भयो न आज अन्त्य हुँदै छ । सायद युगदेखि यसरी नै अन्त्यहीन गतिमा नाटक मञ्चन हुँदै छ । आफ्नै गतिमा...!

शब्द छैन
छैन शब्द शब्दमा
कुनै शब्द
कसैको भाषा
न कसैको बुझ्न सक्छ
न बुझ्ने प्रयत्न गर्छ ।
यसैले त अब खुसी पनि
एकाएक हराउन थाल्छ
अचानक
आफ्नै भाकामा
गीतहरू हराउन थाल्छन् । *(सबै टक्क अडिन्छन्)*

सर्वज्ञः *(मुखुन्डोसँग)* आज तिमी बोल्नैपर्छ । म मात्र तिमीसँग कति एकोहोरो संवाद गरिरहूँ । जबदेखि मेरो तिमीसँग भेट भयो केवल म नै बोलिरहेको छु र तिमी सुनिरहेका छौ । आज अब तिमी बोल म सुन्छु ।
के यो सम्भव छ ?

*(फ्रिज)*

*(सङ्गीतको मधुरो धुन । नृत्य जारी छ पछिल्तिर)*

कविः आकाश अब
अलि रिसाएझैँ
बादलहरू
थुप्रिन थालेझैँ छ ।
यसरी नै सधैँको खुसी
किन क्षणभरमै बिलाउँछन् ।

सर्वज्ञः मैले भेटेदेखि जिज्ञासा केवल जिज्ञासा बोकेको छु । तिमी बोल्दैनौ, म केवल जिज्ञासाले तिमीलाई सोध्छु, तिमी सुन्दैनौ । भन आज भन, को हौ तिमी ? यसरी मौन, किन मौन ?

समय सायद रोकिएको छ । बतास पनि केही क्षणका लागि चल्न थालेझैँ । सब मौन छन् । सर्वज्ञको जिज्ञासा सायद केही क्षणमै वज्र बन्न सक्छ । सर्वज्ञ र उसको जिज्ञासा अझै तीव्र रूपमा बाहिर आउँदै छ ।

कविः ए समय !
के तिमीलाई थाहा छ,
कति दिनदेखि तिमी
यो ताण्डव भोग्दै छौ ?
तिमी हैन
म भोग्दै छु
भोग्दै छ ऊ
सर्वज्ञ, मुखुन्डो र मेरा आफन्तहरू
वा मेरा अपरिचित
परिचित
मित्र वा शत्रुहरू
समय तिमी पनि किन
मौन ?
मौन !
मौन !

कहिलेसम्म मौन हुन सक्छौ ?

*(केही क्षण सबै फ्रिज । सङ्गीत बन्द ।)*

सर्वज्ञः मैले सोधेँ, तिमी को हौ ? जवाफमा तिमी मौन । म के बुझूँ मौनताको अर्थ ? मैले जब तिमीलाई कुनै अज्ञात, अनाम, अपरिचित मूर्तिझैँ थियौ तब मैले देखेको थिएँ तिमीमा कुनै इतिहास वा इतिहासको भग्नावशेष ।

कविः सुन सारा धर्तीका
चल अचल
मानिस
वा वनस्पति
किराफट्याङ्ग्रा
सबै सुन
तिमीहरू सबै केवल
मुखुन्डाहरू हौ
मित्र कोही छ
तिमी जो हौ
त्यो होइन ।
केवल
भ्रम
केवल
भ्रान्ति ।

के म पनि भ्रम हुँ । सोध्छु सधैँ आफैलाई र थाहा हुन्छ म पनि त्यही भ्रान्ति हुँ । तर पनि छु घमन्डले मात्तिएको बहुला हात्तीझैँ । अहं ब्रह्मास्मि ! किन म आफैलाई एउटा शक्तिशाली पहाड ठान्दै छु ।

म पनि हुँ को ?
त्यही भ्रम
वा भ्रमकै अंश
बारम्बार ईश्वरको अंश सम्झेर
अहंमा बाँचेको एउटा भ्रम
ठिक छ

अब मैले भन्नैपर्छ
यो नाटक
न कहिल्यै सुरु भयो
न कहिल्यै अन्त्य हुने छ
केवल भ्रममै सुरु
भ्रममै अन्त्य !
पर्ख !
पर्ख,
कोही आउँदै छ ।
त्यही प्रतीक्षा छ ।

सर्वज्ञः के अब कोही आउँदै छ ? र भन्नेछ यो मुखुन्डो होइन । मुखुन्डोको इतिहास भन्नेछ । म त्यही इतिहास सुन्न प्रतीक्षामा छु । खै, कहिले आइपुग्छ त्यो अज्ञात पुरुष ?

*(नर्तकीहरू थकित मुद्रामा एक कुनामा बस्छन् । सङ्गीत केही मधुरो हुँदै जान्छ । सर्वज्ञ र मुखुन्डो पनि अर्को छेउमा बस्छन् । केवल कवि मञ्चको अग्र भागमा उभिन्छ र सिधै दर्शकसँग संवाद गर्छ ।)*

कविः हेर्नुको कुनै अर्थ छैन
मैले जब
यो मञ्चलाई आकार दिन खोजेँ
ती मेरा इच्छाभन्दा विपरीत
मेरा चाहनाभन्दा विपरीत
आफ्नै आकारमा खुम्चियो ।
ठानेको थिएँ
मेरा चरित्रहरू
मेरै इच्छा र इसारामा नाच्ने छन्
र बताउने छन्
मेरै संवादका अर्थहरू
तर ठिक विपरीत
ती पनि

मेरा इच्छाभन्दा भिन्नै परिवेशमा
भिन्नै आकार
र भिन्नै प्रस्तुतिमा
प्रस्तुत भए
म अब किन
यहाँ केही भन्न आतुर होऊँ !
यो समय नै
मभन्दा भिन्न
भिन्न
बिलकुल
अर्कै स्वरूपमा
उभिन खोज्छ भने
म यो नाटकको
अन्त्य किन खोजिरहूँ ।

*(दर्शकलाई सङ्केत गर्दै)*

मैले आज चाहेको थिएँ । यो सर्वज्ञ ! सर्वज्ञ के त यो मुखुन्डोसँग संवाद गर्न खोज्ने पुरुष ! यसलाई मैले कुनै चौबाटोमा भेटेर ल्याएको होइन । यो त मसँगै युगदेखि यही रङ्गमञ्चमा नाटकको तयारीका लागि सक्रिय छ । कैयौँ पटक मैले उसलाई उसको स्वरूपभन्दा भिन्नै स्वरूपमा बदल्न खोजेँ तर ऊ कहिल्यै परिवर्तन भएन । त्यो मुखुन्डो अवश्य होइन । इतिहासको एउटा शक्तिशाली पात्र हो । सर्वज्ञ त्यही शक्तिशाली पात्रको परिचयमा रातदिन यही रङ्गमञ्चमा भौँतारिरहेको छ ।

सायद सङ्घर्ष
यसैलाई भन्छ सङ्घर्ष
आफैसँगको युद्ध झेलिरहेको
एउटा अज्ञात पात्र
वा कुनै अपरिचित पात्र
घरी आफैलाई सोध्छ

सर्वज्ञः म को हुँ ?
तिमी को हौ ?

कविः केवल मुखुन्डो मात्रै होइन

सर्वज्ञः यही खोजी हो मेरो ।

कविः एकदिन बोल्ने छ
मुखुन्डो
र खुल्नेछ इतिहास
सायद
त्यही घडी
बदलिनेछ संसार
बदलिनेछ समय ।

*(दर्शकसँग)*

जब यो मुखुन्डो ! *(सुस्तरी)* भनूँ ! हामीले बसौँदेखि उत्खनन गऱ्यौँ । कुनै शिलालेख भेटिएन । कुनै सङ्केत, कुनै वस्तु, कुनै प्रतीक केही पनि भेटिएन, खन्दै जाँदा, खोज्दै जाँदा, हामीलाई लागेको थियो कुनै इतिहासको एउटा सानै अंश प्रतीक वा कुनै सङ्केत भेटिने छ । हामीले बसौँ प्रयत्न गऱ्यौँ । हामीले ठान्यौँ एकदिन हाम्रो सङ्घर्षको अर्थ भेट्ने छौँ । तर अर्थ भेटेनौँ । यो सर्वज्ञ आज जसरी यो मञ्चमा उभिएको छ, यसरी उभिन पनि नसक्ने भएर उत्खननमा व्यस्त थियो, कमजोर भइसकेको थियो । तर ऊ थाकेन । हामी थाकेनौँ । हामी उत्खननमा अझै सक्रिय भयौँ ।

*(एकाएक चट्याङ्को ध्वनि । सर्वज्ञ मुखुन्डो लिँदै उभिन्छ । नर्तकीहरू पनि अत्तालिँदै उभिन्छन् ।)*

रौद्र !
अखण्ड !
अभद्र !
जब जब म निष्कर्षमा पुग्न खोज्छु
यस्तै अपशकुन समय
बादलसँगै
गर्जेर आउँछ
मानौँ
कुनै हुरी

वा बबन्डर
फेरि
कुनै अपशकुन
निम्तिएझैँ ।
यसैले त कहिल्यै सकिएन यो नाटक !

*(एकाएक सर्वज्ञ अत्तालिँदै मञ्चको अग्रभागमा आइपुग्छ । उसको हातको मुखुन्डोलाई कसैले तान्न खोजेको आभास । मुखुन्डो उसको हातबाट उछिट्टिएर भुइँमा बजारिन्छ र सुस्तरी हावामा तैरिन थाल्छ । एउटा मुखुन्डोबाट अर्को र अर्कोबाट अर्को हुँदै चार-पाँच वटा मुखुन्डो मञ्चको शून्यतामा हल्लिन थाल्छ ।)*

सर्वज्ञः *(प्रत्येक मुखुन्डो नियाल्दै)* मलाई थाहा थियो । तिमी कुनै एउटा मात्र अस्तित्व होइनौ भन्ने । भन, अब भन तिमी को हौ ?

*(शून्यमा मुखुन्डाहरू हल्लिरहेका छन् । नर्तकीहरू एक कुनामा ती मुखुन्डाहरूलाई नियालिरहेका छन् । कवि स्तब्ध छ ।)*

मैले पटक पटक सोधेँ । पटक पटक तिमी मौन । के यसको पनि कुनै भाषा छ ? अर्थ छ ?

कविः केही अर्थहरू
अब खुल्ने छन्
खुल्ने छन्
र पोखिने छन्
रङ्गमञ्चभरि
सायद !
रङ्गमञ्चभन्दा पर
परको दुनियासम्म
पुग्नेछन् अर्थहरू
अनि उठ्ने छन्
सारा अर्थका अर्थहरू
मानिसका मनहरू
सधैँसधैँको दुःख
सायद हराउने छन् ।

*(दर्शकसँग)* जब मैले यो नाटक सुरु गरेँ। मैले भ्रम छर्न खोजेको थिएँ। खुसीको भ्रम। भनेँ अब कतै छैन हताश वा छैन कतै उदास। छैनन् आकाशमा कतै पनि बादलहरू।

भ्रम त हो सबै
अब फाट्दै छ भ्रम
र सत्य आउँदै छ
अघिल्तिर
यतै अहिल्यै
यतिखेरै !

नर्तकी: मैले खोजेकी थिएँ बसौँदेखि त्यही सत्य। न कहिल्यै भेटेँ। न कहिल्यै भेट्ने आस गरेँ। न कहिल्यै भेटिन्न भन्ने निराशा नै बोकेँ।

नर्तकी: यही अर्थहीन खोजाइमा थिएँ म पनि। अब त खुल्छ होला अर्थ जीवनको। मेरो खोजीको।

नर्तकी: सायद यो त भ्रम होइन, नहुनुपर्ने।

*(मुखुन्डाहरू शून्यमा चलबलाइरहन्छन्।)*

कवि: अब बोल्नुपर्छ
मुखुन्डो
बोल,
मौनता तोड।
सधैँको मौनताले
पोल्न थालेको छ छाती
र धर्ती
उकुसमुकुस
यो रौद्र
यो अट्टहास
कहिले सकिने हो
सारा बस्तीहरू
प्रतीक्षारत हुन्
एक दन खुल्ने अर्थहरूको

प्रतीक्षामा
सारा जीव
कीटपतङ्ग
मानौँ मौन छन् ।
मौनता भङ्ग भए
के होला,
त्यो कल्पना
किन गर्ने ?
भूकम्पको झट्काझैँ
किन
मौनता भङ्ग होस् ।
ए
समय
अब
तिमी बोल
र भन
यी अर्थहरू !

*(मुखुन्डाहरू सुस्तरी हल्लिरहेका छन् । सङ्गीत पुनः मञ्चभरि फैलिन्छ र नर्तकीहरू सङ्गीतसँगै झुम्न थाल्छन् ।)*

समयलाई रोकिन नदेऊ
बग्न देऊ
उठ ए ! हातहरू उठ
र मन यो समयसँगै बग्छु ।
मैले ती सारा मौनतालाई
बारम्बार भनेँ
आवाज देऊ
तर
तैपनि
न आवाज
न प्रतीक

किन
कहिलेसम्मको यो
प्रतीक्षामा सबै
अल्झिरहूँ !

*(सर्वज्ञ एकाएक मुखुन्डोनजिक पुग्छ ।)*

सर्वज्ञः मैले तिमीलाई प्राप्त गर्न सयौँ वर्ष सङ्घर्ष गरेँ । हेर यी हातका औँलाहरूका प्वाल । यो धर्तीबाट कति सङ्घर्ष गरेर, उत्खनन गर्दै तिमीलाई प्राप्त गर्न खोजेँ ।

कविः *(दर्शकसँग)* धर्ती उजाड थियो । बालुवाको बिच बाटो, ढुङ्गा केवल ढुङ्गाहरू फोर्दै अनेक सङ्घर्ष अनेक प्रयत्न गर्दै बल्ल प्राप्ति भएको थियो एउटा अवशेष, त्यही अवशेष थियो यो मुखुन्डो !

*(अनेक मुखुन्डोमध्ये एउटा मुखुन्डो अट्टहास हाँस्छ)*

किन हाँस्छौ ?
के यो असत्य हो भने
के हो सत्य ?
अब
समय बुझ्न चाहन्छ
बुझ्न चाहन्छ
धर्ती
भन्छन्
युग अब कोल्टे फेर्दै छ
सायद
एउटा युग
यो कलिबाट
सत्यतिर
अब सर्दै छ,
तिमी जो
धर्तीको कुनै
पत्र–पत्रमा

कहीँ
बालुवाभित्र
च्यापिएर
मौन
कतै
हराउन थालेका थियौँ
के यो पनि असत्य
हो ।
किन
हाँस्छौ यसरी अट्टहास
अब
त
अर्थ खुल्नैपर्छ
पत्र–पत्रमा
पत्र–पत्रमा

*(केही क्षण एकदमै मौन । क्रमशः सङ्गीत पनि बन्द हुन्छ । सबै मौन । केही क्षणमा बिस्तारै सङ्गीतको धुन छरिन्छ र कवि पुनः सक्रिय हुन्छ ।)*

कुनै दिन
ज्वालामुखी पड्कियो
आगोका ज्वालाहरू
छरिए धर्तीभरि
बसौँ लाग्यो चिसिन
न जीवजन्तु
न वनस्पति
न कीटपतङ्ग
थाहा छैन
फेरि कसरी सिर्जना भयो
धर्तीमा
क्रमशः सिर्जनाहरू
फेरि

कसरी पलाए पातहरू
कसरी
जन्मे
जीवहरू
यही त हो प्रक्रिया
सायद जीवनको
इतिहास त जीवित छ
बोल्छ
कैयौँ कथाहरूमा
यही खोज्दै जब निस्के हातहरू
अनि प्राप्त भयो
अवशेष,
तिमी
तिमी एउटा मुखुन्डोमा
एउटा
अवशेष
अनि
पुनः
फैलिएर तिमी
अनन्तमा यसरी
शून्यमा
हामीलाई हेरिरहेछौ

सर्वज्ञः अझै पनि सोध्दै छु, अब त बोल को हौ तिमी ? तिम्रै बोली सुन्न मात्र बाँचिरहेको छु म ।

*(एकाएक बतास चल्छ । मुखुन्डाहरू बेस्सरी हल्लिन्छन् । चरित्रहरू अत्तालिन्छन् । एउटा मुखुन्डो शून्यबाट हुत्तिएर सर्वज्ञनेर पुग्छ । सर्वज्ञ त्यसलाई हातमा लिन्छ । मुखुन्डो त्यसबाट पनि फुत्किएर सर्वज्ञकै अघिल्तिर सर्वज्ञसँगै हल्लिन्छ र एकाएक मुखुन्डो सर्वज्ञको अनुहारमा टाँसिन्छ ।)*

मुखुन्डोः अब मैले एउटा स्वरूप पाएँ। तिमी अब सर्वज्ञ होइनौ। तिमी तिमी होइनौ। यो म हुँ।

*(सङ्गीत। नृत्य। नर्तकीहरू नाच्न थाल्छन्।)*

कविः सायद अब
अर्थहरू खुल्न थाल्छन्।
र मौनता
अब आवाजमा
बदलिन थाल्छ।
तर अझै केही सन्देह बाँकी छ।
बाँकी छ
अझै केही विचारहरू।

*(सङ्गीतको ताल फेरिन्छ। केही चर्को सङ्गीत। मुखुनडो ताण्डव नृत्यमा नाच्न थाल्छ।)*

भय!
त्रास!
यो समयको अर्को रङ्ग।
के अब
फेरि परिवर्तनको सङ्केत
वा
कुनै अर्को रूप हो
समयको!
*(सङ्गीत। नृत्य।)*
अविकल्प। अकल्पनीय। संवेदनहीन। न लय। न छन्द। न कुनै ताल न कुनै सुर। यो अर्थहीन समय अर्थहीन जीवन।
त्यो को थियो
जसले
समयको चक्रलाई
उल्टो पाऱ्यो
र

सङ्गति
विसङ्गतिमा परिणत भयो ।
दुःखहरू
दुःखहरूमा अनुवाद भए
मनहरू
कहीँ अडिएन
बस्ती उजाडियो ।
मानिसका
आर्तनाद
आर्तनाद
कहीँकतै
घाउहरू
सुम्सुम्याउन कोही आएनन् !

*(शून्यमा हल्लिरहेको अर्को मुखुन्डो हुत्तिएर नर्तकीको अनुहारमा पुग्छ । नर्तकी अब मुखुन्डोमा परिवर्तित हुन्छे । पुनः अर्को मुखुन्डो त्यसरी नै अर्को अर्को नर्तकीको अनुहारमा टाँसिन्छ । क्रमशः अर्को मुखुन्डो अर्को नर्तकीमा टाँसिन्छ । मञ्चमा चार मुखुन्डाहरू क्रमशः नाच्न थाल्छन् ।)*

अभद्र
अविश्वास
अकल्पनीय
असमय
अनिद्रा
अनकन्टार
कुनै
रौद्र रूपले
अब
ढाकिन थालेको समय
के यी कुनै
अवशेष हुन्
इतिहासका ?

मुखुन्डो १: अझ निस्सासिन देऊ। अझ निस्सासिन्छु यो युग फेरिन अझ निस्सासिन चाहन्छ मेरो समय।

मुखुन्डो २: मैले भोगेको युग अर्को फैरिँदै छ। मलाई अझ पीडा देऊ, पीडा देऊ।

मुखुन्डो ३: हिर्काऊ कोर्राले मलाई। म अझ क्रूरताको दमन पिउन चाहन्छु। समाप्त हुन लागेको युगले कोल्टे फर्न लाग्दै छ।

मुखुन्डो ४: कलिको समाप्तिसँगै अझ अनेक चोट खप्न चाहन्छु। देऊ चोटहरू, चोटहरू।

*(सङ्गीत/ नृत्य)*

कविः उग्रता अझ उग्रता
झन् झन् बबन्डर
झन् झन् क्रूरता
ताण्डव अझ ताण्डव
नृत्य जाग
जाग ताण्डव जाग
बजाऊ ढोल र नाच
ताण्डव नाच

*(चर्को सङ्गीत। कुनै उग्रतामा नृत्य प्रस्तुत हुँदै छ। अनेक भावभङ्गिमामा मुखुन्डो नृत्य जारी छ।)*

सारा समय भावविहीन
कुनै संवेदना
न स्नेह
सद्भाव!
उठ्न थालेको हुरी
आकाश पनि काला बादलले
ढाकेको समय!
घनघोर बर्सातको तयारी!
तयारी एउटा अर्को युगको
समग्र अर्थ। खोजी छ अर्थको अर्थ। परमात्माको जन्म पुनः धर्तीमा। कसले भन्छ ईश्वर मऱ्यो ? कहाँ मर्छ ईश्वर। अब छ भयङ्कर विनाश। र रोकिने छ समय।

अनि, प्रकट हुनेछ ईश्वर ।
मानिस मानिसका मनमा
ईश्वर जन्मन लाग्दै छ ।

*(डरलाग्दो ध्वनि । ताण्डव नृत्य । मुखुन्डाहरू मानौँ सारा पृथ्वी ध्वस्त पार्ने भावभङ्गिमामा क्रूर नृत्य नाच्दै छन् ।)*

अजङ्ग– अन्ध, अविश्वास । असङ्ख्य क्रूरता । रौद्र रूप । भङ्ग भङ्ग समयको भङ्ग रूप । अभद्र । अज्ञात । अमानवता ।

*(कवि एकाएक दर्शकको नजिक पुग्छ । प्रत्येक दर्शकलाई नियाल्छ । मुखुन्डो नृत्य जारी नै छ ।)*

कविः अज्ञात, अभद्र अमानवता
अजङ्ग अन्ध अविश्वास
क्रूरता
अभद्र रौद्र रूप !

*(ताण्डव अझ तीव्र गतिमा । चारैतिर कोलाहल । हुरी । चट्याङ । बिजुली । केही क्षण मानौँ कुनै अनिष्ट हुँदै छको सङ्केत ।)*

कविः हे ईश्वर !
नेपथ्यबाट आवाजः यदा यदा ही धर्मस्य...!

*(एकाएक सारा ध्वनिहरू रोकिन्छन् । मञ्चभरि निलो प्रकाश छरिन्छ । मुखुन्डो नृत्यको समाप्ति । कुनै मधुर सङ्गीत, सङ्गीतको मधुरतासँग चारै जनाको अनुहारमा टाँसिएका मुखुन्डाहरू उप्किएर हावामा झुन्डिन्छन् । ती तीन नर्तकी र सर्वज्ञ खुसीले सङ्गीतसँगै झुम्न थाल्छन्, नाच्न थाल्छन् । मुखुन्डाहरू हावामा उड्दै क्रमशः हराउँछन् । नृत्यसँगै मञ्चमा फूलको वर्षा हुन्छ । कवि पनि फूलहरूसँग खेल्दै, मुस्कुराउँदै नाच्न थाल्छन् ।)*

*(क्रमशः प्रकाश मधुरो हुँदै जान्छ । मञ्च पूरै अन्धकार । अन्धकारमै कविको आवाज सुनिन्छ)*

कविः *(चर्को आवाजमा)* अब नाटक सुरु हुन्छ ।

o–o–o



समालोचना

# पर्यावरणीय समालोचना सिद्धान्तले पृथ्वीका रोगबिमारको अध्ययन गर्न लगाउँछ

*प्रा. डा. गोविन्दराज भट्टराई*




मानव उन्नतिसँगसँगै विविध क्षेत्रमा हाम्रा पहुँच बढेका छन् । हस्तक्षेपका क्षेत्र पनि विविध हुँदा रहेछन् किनकि अन्तरसम्बन्धहरू विस्तारित हुँदै जाँदा रहेछन् । जीवन पद्धति नित्य निरन्तर बदलिरहेछ । त्यसैकारणले साहित्य सिर्जनाका क्षेत्र विविध हुँदै जाँदा रहेछन् । त्यहीअनुसार मूल्याङ्कन अध्ययनका क्षेत्र पनि थपघट भइरहने रहेछन् ।

त्यसैले होला समकालीन समालोचना सिद्धान्तहरू के-के हुन् भनी प्रश्न गर्दा सहज उत्तर आउँछ– एउटा हाँगो **प्रयोगात्मक** छ जसले कृतिको बाह्य सन्दर्भ नहेरी पाठ विश्लेषण गर्नू भन्छ । तर यस्तो विनासन्दर्भ कृति अध्ययन गरौँ भन्ने सिद्धान्तको विपरीत छ **दोस्रो पद्धति जसले समाज-सांस्कृतिक सन्दर्भ** बुझेर त्यस परिप्रेक्ष्यमा साहित्य अध्ययन गरौँ भन्छ । हो पनि यसपालि पाँचथरका वीरेन्द्र थोक्लिहाङको **गुम्सिएको अभिव्यक्ति** उपन्यास आयो । यसमा लिम्बू जातिको सांस्कृतिक विरासत नबुझी अर्थ भर्न सकिन्न । तेस्रो छ **रूपवादी दृष्टिकोण** । त्यसअनुसार तोकिएका सैद्धान्तिक आधार एवम् पद्धतिको अनुसरण गरी त्यसैअनुसार कृति मूल्याङ्कन गरिन्छ ।

चौथो छ **पाठक-प्रतिक्रिया** सिद्धान्तको आधार अर्थात् सिद्धान्त । यसअनुसार पाठकले पढे-बुझेको दृष्टिकोण गरेको वा विश्लेषण नै आधार बन्छ । अर्को छ– **मनोविश्लेषणात्मक** जसले मनोजगत्को अव्याख्येय अन्तरजगत्भित्र पसी कृतिको अर्थ फुकाल्न खोज्छ । मार्क्सवादी सिद्धान्तमा आधारित भएर उत्पादन, वितरण, स्वामित्व र वर्गीय समाजको सिद्धान्तले कृति अध्ययन गर्ने अर्को पाटो छ– **मार्क्सवादी** । अर्को **उत्तरआधुनिक दृष्टिकोण**

छ जसले एकीकृत समाज, राष्ट्र, सिद्धान्त अस्वीकार गर्दै नवीनता, विविधताको पक्षमा बोल्ने, पुराना संस्थापन पक्षका जड सिद्धान्त भत्काई नवीनता ल्याउने सिद्धान्त प्रयोगमा ल्याउँछ । नारीवादी, उत्तरऔपनिशिक, उत्तरमार्क्सवादी, डायास्पोरिक, सबाल्टर्न नत्र आउने थिएनन् । सबै उत्तरआधुनिकले ल्यायो । **विनिर्माणवादी** छ अर्को । यसले भन्छ– कुनै कृतिको एक पक्षीय पठन व्यर्थ छ । अतीत, वर्तमान, देश, परदेश, अन्य लेखन र छोपिएको सिद्धान्त खोतलेर नयाँ पाठ उभ्याउने । त्यसरी हेर्ने सिद्धान्त हो ज्याक डेरिडाको विनिर्माणवादी । यसलाई नेपालीमा इन्द्रबहादुर राईले प्रवेश गराए र त्यसलाई **लीलालेखन** नाम दिए । त्यसका अनुयायीहरू भने नेपाली साहित्यमा डेरिडियन विनिर्माणको लीला गरिरहेका छन् ।

त्यसै गरी **उत्तर–औपनिशिक**, **नारीवादी**, **सन्दिग्ध**, **पर्यावरणीय**, **डायास्परिक** जो हिजो नाम नसुनिएका बिसौँ शताब्दीको मध्यभागदेखि स्थापित हुँदै हुर्किएका समालोचकीय विचार, सिद्धान्त र धारणा हुन् ।

यी सिद्धान्तहरूको जङ्गलमा आफ्नो वृक्ष छुट्याएर देखाउने, चिनाउने उद्देश्यले म तत्पर भएको छु । मैले परिचय गराउन चाहेको सिद्धान्त हो– **पर्यावरणीय समालोचना** (इको क्रिटिसिजम) ।

अमेरिकी प्राध्यापक **शेरिल ग्लटफेल्टी** (१९५०) लाई पर्यावरणीय समालोचनाका संस्थापक/आरम्भकर्ताको सम्मान प्राप्त छ । उनको 'पर्यावरणीय समालोचना पाठः साहित्यिक पारिस्थितिकीमा एक स्मारक' **दी इकोक्रिटिसिजम रिडरः ल्यान्डमार्क्स इन लिटरेरी इकोलोजी** भन्ने कृति सन् १९९६ मा प्रकाशित भयो । यो कृति विश्वभरि नै व्यापक प्रयोग हुने रिडर हो ।

यस ग्रन्थमा साहित्य र पारिस्थितिकी, नाटक र आख्यानमा पर्यावरणीय अवधारणा, प्रकृति लेखन र वातावरणीय मनोविज्ञान, प्रकृतिको पुनर्मूल्याङ्कनजस्ता पाठ छन् । आज ता अनेक लेखकका विविध कृति आउँदै छन् । यस विषयका अन्तर्राष्ट्रिय जर्नल, विज्ञ, तिनका अनुसन्धान छाप्ने जर्नल र अनुसन्धानशाला पनि सक्रिय छन् ।

नेपाली साहित्यमा पर्यावरणीय साहित्य अझ समालोचनाबारे सर्वप्रथम मैले रचनाहरू प्रकाशित गर्न थालेको दुई दशक नाघेको छ । सबै प्रेरणा मैले **द साइलेन्ट स्प्रिङ**बाट लिएँ । हाम्रो तत्कालीन एम. ए. अङ्ग्रेजी पाठ्यक्रममा यस विषयका प्रारम्भिक पाठ सिक्न पाइयो । रचेल कार्शन (सन् १९०८) कृत **द साइलेन्ट स्प्रिङ**लाई साहित्यिक/वैचारिक जगत्मा एक युगान्तकारी प्रकाशन मानिन्छ । यसले कीटनाशक औषधि खास गरी डीटीटीजस्ता उत्पादनले कसरी पृथ्वीलाई समाप्त पार्न सक्छन् भन्ने कुरा देखाएको छ ।

यस्तै प्रेरणाले मैले **उत्तरआधुनिक विमर्श** नामक ग्रन्थ (२०६४) मा पर्यावरणीय सिद्धान्त र सोही दृष्टिले कृति समालोचनाका पाठहरू राखेँ। ती दिनमा विशेष गरी अमर नेम्बाङ लिम्बूको **सम्झनाका तरेलीहरू**का निबन्धहरूबाट उदाहरण प्रस्तुत गरेँ। त्यसदेखि यता गर्दा–गर्दा केही समयपछि (सन् २०१२ मा) विजय हितानसित बेलायतमा भेट भयो। उनी यस क्षेत्रमा समर्पित हुन इच्छुक पात्र रहेछन्। उनले धेरै काम गरे। उनले सिर्जनामा पर्या साहित्य सिर्जे। मैले सम्पादन र सिद्धान्तमा भर गरेँ। गर्दा–गर्दा हालको दशक लामो प्रयत्नले केही महत्त्वपूर्ण कृति प्रकाशित भए– पर्यावरणीय कविता, कथा, समालोचना इत्यादि।

त्यसमा विगतका तीन वर्षमा महत्त्वपूर्ण कर्मको जग बसायौँ अर्थात् नेपाली साहित्यमा दुई थान अभूतपूर्व कृति प्रकाशन गर्‍यौँ। ती कृति हुन्– **पर्या साहित्य सिद्धान्त र सिर्जना** (२०८०) अनि **प्रथम नेपाली पर्या निबन्धसङ्ग्रह** (२०८२)। क्रमशः ४०० र ५०० पृष्ठका यी ग्रन्थको सम्पादन कार्यमा म र विजय हितान भाइ संलग्न छौँ। विजय पर्या साहित्यको जग बसाउने एक समर्पित स्रष्टा हुन्। यस सिद्धान्तको जगको ढुङ्गामा ता गोविन्दराज भट्टराईको समर्पण र नाम छ। त्यसैले नेपालको दोस्रो विद्यावारिधि निर्देशकमा मैले काम गर्न पाएँ। आजसम्म नेपालबाट तीनवटा शोधकर्म पूरा भएका छन्– (क) प्रा. अम्मरराज जोशी (ख) डा. कृष्ण भण्डारी र (ग) डा. गीता त्रिपाठी।

सर्वप्रथम म पर्यावरणीय साहित्यका दुई परिभाषा प्रस्तुत गर्दछु।

शेरिल ग्लोटफेल्टीका अनुसार *पर्यावरणीय साहित्य भनेको साहित्य र भौतिक वातावरणबिचको सम्बन्धको अध्ययन हो*।[1]

यस परिभाषाले समीक्षकलाई साहित्य सिर्जनाकर्मका ती व्यापक रेन्जतिर हाम फाल्न सङ्केत गर्दछ जसले मानव संस्कृति र प्राकृतिक विश्वका बिचको प्रतिच्छेदनको अध्ययन/अन्वेषण गर्दछ।

यसको तात्पर्य के हो भने प्रकृतिको विश्व सीमाहीन छ; उनको सृष्टि नै सीमाहीन छ। मानव जाति पनि उनकै सृष्टि हो, सबै प्रकृतिका सन्तान हौँ। यो पृथ्वी ग्रहमा भएका अरबौँ जीव-प्राणीमध्ये मानव मात्र यस्तो शक्ति प्राप्त राक्षस रहेछ जसले अरूको गाँस, बास खोस्तै छ, तिनीहरूको प्राण लिँदै निश्चिह्न पार्दै छ। साथै यस पृथ्वीलाई प्रदूषित गर्दै कुरूप र विद्रूप बनाउँदै छ।

1 Eco literature can be defined as the study of the relationship between literature and the physical environment (Glotfeltyc 1996).

अर्को क्लासिक दर्जाका प्रभावशाली पर्या साहित्य र समालोचनाका स्रष्टा छन्– लरेन्स ब्युल जसका अनुसार *पर्या साहित्यले विशेष गरी एउटा वातावरणीय दृष्टिले सङ्क्रमित (इन्फेक्टेड) साहित्यको कल्पनातिर हामीलाई फर्काउँछ ।* (२००५)[२]

कति गहिरो कुरा छ यो, यस शब्दले कत्रो भाव बोक्तछ । वास्तवमा यो पृथ्वी ग्रह घाइते र विरामी भएपछि मात्र 'पर्यावरण' वा पर्यावरणीय विज्ञानले हाम्रा अध्येता र वैज्ञानिकको मन तान्यो । बिस्तारै त्यो साहित्य र अन्य साहित्यमा पनि सर्दै छ । पर्यावरणीय साहित्य र समालोचनाको जग नै पृथ्वीको सङ्क्रमण वा बिमार हो ।

यी परिभाषाले सङ्केत गरेअनुसार पर्यावरणीय साहित्य एउटा बेग्लै, भिन्न प्रकृतिको साहित्य हो जसमा मानवले आफ्नो मात्रै कुरा राख्न पाउँदैन । किनभने ऊ मात्र स्वस्थ भएर पुग्दैन । उसका घरलाई रोगले गाँज्दै छ । एउटा विषयवस्तु अर्थात् परिवेश ता प्रकृति हुनैपर्छ, स्वतः हुन्छ नै । तर प्रकृति मात्रै भन्दैमा स्वच्छन्द सुन्दर परिपूर्ण प्रकृतिको आज नाश भइसक्यो । त्यसको कल्पना गरेर निर्मल प्रकृतिको बारेमा– कलकल बहने नदी, छङछङ छहरा, पक्षीको गुञ्जन, वसन्तको मनोहारी बहार, निर्मल बतास, वनमा उफ्रने मृगका दृश्य, हिमालमा टल्कने सुन र चाँदी यस्ता बिम्ब आज पुस्तकमा मात्र छन् । उताका वर्डस्वर्थ, शेली, किट्सजस्ता रोमान्टिक कवि र यताका हाम्रा महाकवि, कविशिरोमणिजस्ता प्रकृतिका पुजारीहरूका सिर्जनाले वर्तमान जगत्को यथार्थ चित्र देखाउँदैनन्, ती कल्पनाका कुरा हुन गए ।

त्यसकारण आज प्रकृतिउपर मानिसका हस्तक्षेपहरू कसरी फैलिँदै छन्, तीबारे सचेत बन्नुपर्दछ । पर्या-समालोचकले (क) पृथ्वी, (ख) आप, (जल), (ग) अग्नि, (घ) वायु र (ङ) आकाश (अन्तरिक्ष/इथर) लाई समान श्रद्धा गर्नुपर्छ । यीमध्ये प्रत्येकलाई मानवकर्मले के कस्तो प्रभाव पार्दै छ त्यसप्रति सचेत रहनुपर्दछ । तिनै आधारबाट कृतिको विश्लेषण गर्नुपर्दछ । तिनको सहअस्तित्वले पृथ्वीको सन्तुलन जोगिन्छ ।

यो ता प्राचीनतम वैदिक शास्त्रको ज्ञानमा आधारित कुरा हो । यो पृथ्वी वा सृष्टि पाँच तत्त्वले निर्मित छ; अनि तिनको पूजा गर्नुपर्दछ । तर आज त्यत्ति ज्ञानले पुग्दैन– समुद्रलाई हाम्रा कुनकुन कर्मले दूषित पार्दै छन्, वायु प्रदूषण केमा आधारित छ, वन्य आवरण विनाशको परिणाम के हुन्छ, हामीले त्यतातिर चिन्ता गर्नुपर्दछ । जमिनमा विद्यमान कुन जीवन-तत्त्व बसेको छ जसमाथि यो सारा अभिभारा छ । तर धरतीमातालाई मानव अत्याचार अति भो । अनादिकालको ग्रन्थ अथर्ववेदमा लेखिएको छ– म*ाता भूमि, पुत्रोहम पृथिमा*– धरती मेरी माता हुन् म उनको पुत्र हुँ । यद्यपि मानिस सारा पृथ्वी हडप्न खोज्छ । पृथ्वी, जल, आकाश सबै अधीनस्थ गर्न खोज्दै छ । परिणामस्वरूप जलवायुले आफ्नो

2. Eco Literature involves an effort to imagine aMore environmentally infected literature. (2005)

समयमा काम गर्न छोड्यो, कृष्णविवर (ब्लाक होल) झन् डरलाग्दो बन्दै छ, पृथ्वीका अगणित जीव र वनस्पतिबिचको अन्तर्सम्बन्ध भत्किँदै छ, कहाँ स्वभावैले हुने वनस्पति र जीव कहाँ बढ्न हुर्किन बाध्य छ । प्राकृतिक परिवेश प्रकृतिको इच्छामा छैन, मानिसको हातमा पुग्यो । आफूखुसी वर्षा गराउन थाल्यो ।

कति धूलकण जीवले खप्न सक्छन्, कति ध्वनि खप्न सक्छन्, कति प्रकाश ताप र शीत– हाम्रो हातमा स्विच छैन तर प्रकृतिसँग भएको स्विचलाई उल्टो घुमाउन खोज्दै छौँ त्यसैले त्यसअन्तर्गतका जीव र वनस्पति रोगिने, मासिने हुन सक्छन् ।

पर्यावरणीय साहित्य समालोचना गर्दा भावुकता र बौद्धिकताको काम छैन । मुख्य भूमिका चाहिन्छ– वैज्ञानिक दृष्टिकोणको । सम्पूर्ण प्रकृतिको संरक्षण गर्ने तत्त्व विज्ञान हो, वैज्ञानिक सन्तुलन । हाम्रो अस्तित्वबारे जीवविज्ञानले के भन्छ, भौतिकविज्ञानले के भन्छ, रसायनविज्ञानले के भन्छ– अणु, परमाणुतत्त्व यौगिकहरूको प्रतिक्रियाको अस्तित्व कसरी सन्तुलित रहन्छ ? प्राणीविज्ञान, वनस्पतिविज्ञान, भौतिकविज्ञान र यी पञ्चतत्त्वबिचको अन्तर्सम्बन्ध कसरी स्थिर रहन्छ, कसरी सञ्चालित हुन्छ, कसरी बिग्रन्छ, त्यसको प्रभाव कहाँसम्म पुग्छ ? हेर्ने विधा नै पर्यावरणीय समालोचना हो । तर ती कुरा निरपेक्ष रूपले सिद्धान्तमा हेर्ने, पढ्ने होइन परन्तु अमुक साहित्यमा कसरी ती अन्तर्भूत छन्, कसरी चेतना संवाहक तत्त्व भएर पसेका छन् त्यो हेर्ने कुरा हो । त्यसकारण आजको स्रष्टाले पृथ्वी र मानवको अन्तरसम्बन्धबारे पनि सचेत रहनुपर्ने दिन आएका छन्, विशेष गरी साहित्य स्रष्टाले ।

नेपालमा हामीले सन् २०२३ मा **नेपाली पर्या साहित्य प्रतिष्ठान**को स्थापना गर्‍यौँ । भर्खरै हो । यसले यसपालि सम्पन्न गरेको ऐतिहासिक कर्मले नेपाली संसारभरि प्रशंसा पायो । कारण प्रतिष्ठानले एक प्रतियोगिताको आयोजना गर्‍यो– पर्या निबन्ध प्रतियोगिता । तीन महिना म्यादसहितको उक्त प्रतियोगितामा सहभागी बन्दै एघार देशमा छरिएका १०८ प्रतिस्पर्धी नेपालीले निबन्ध पठाए । विज्ञहरूको एउटा साहित्यिक जुरीले अध्ययन र छानबिनको आधार निर्णय गर्‍यो र तीन पुरस्कार प्रापक विजयी छुट्यायो । बाँकी चयनित ३२ निबन्ध र पाँच अतिथि स्रष्टाका गरी जम्मा ३८ निबन्धको सङ्ग्रह (पृ. ५१५) प्रकाशनमा आयो ।

विश्वसाहित्यको एक नवीनतम शाखाले नेपालमा पनि दह्रो पाइला टेक्न थाल्यो भन्ने खुसी लाग्यो । अब पर्यावरणीय साहित्य अन्य विधाझैँ स्वतस्फूर्त ता होइन । यो विषय ज्ञान भएको छलफलको विषयलाई आवश्यक दृष्टान्त प्रस्तुत गर्ने उद्देश्यले म सङ्ग्रहका निबन्धका शीर्षक प्रस्तुत गर्दै छुः

## प्रथम पर्या निबन्धसङ्ग्रह २०८२ मा पुरस्कृत निबन्धहरू

प्रथम– प्रलयको आँधीबेहरी– भवानी खतिवडा
द्वितीय– प्रकृतिप्रति प्रेम, करुणा र उत्साह किन ?– हरिबोल काफ्ले
तृतीय– विकासः प्राप्तिको शृङ्खला या पश्चात्तापको पुनर्बोध ?– गोविन्दगोपाल खतिवडा

## प्रतियोगी निबन्धहरू

अँध्यारोको खोजीमा– अनिता कोइराला
त्यसपछि चराहरू हराउने छन्– अनिता न्यौपाने
रोगी नबनाई राख्नुपर्छ– अनिता पन्थी
बाह्र वर्षपछि पनि खोला फर्किएन भने ?– ऋतेश गुरुङ
प्रदूषण, वर्तमान र भविष्य– कुञ्जदेवी उपाध्याय
वनस्पतय शान्तिः पृथ्वी शान्तिः– कुमार काफ्ले
अब बाग्मती फेरि हाँस्छ– कुमुद श्रेष्ठ
पाले उम्रपालीको लोकमा– जे एन दाहाल
बालसखाहरू गुमाउँदाको पीडा– तारानिधि भट्टराई
साझा घरको माया– दीपकप्रसाद ढकाल
माटोको छातीमा आमाको अनुहार– दीपित सिजापति
साङ्खामचुली, गिद्ध र टेम्के– दिलीप बान्तवा
मेरो अँधेरी खोला– दुर्गाकुमारी थापा
असमको नेपाली पर्यावरणीय साहित्य र चेतनशील प्रवृत्तिको खोजी– तारानाथ शर्मा अधिकारी
सात्ताले– नुमेश घर्ती मगर
महिला र प्रकृतिको तादात्म्य– प्रभा बराल
अकाल मृत्युबाट बाँचेका वरपिपल– पुरुषोत्तम उपाध्याय दाहाल
वातावरणीय विचलन कि रूपान्तरण ?– बोमबहादुर थापा
सिमगाडको मुहानतिर– भेषराज बुढाथोकी
हिमानी आलोकको तेजोवध– रोशन आपागाईं
रहौँला कहाँ, हिमालै नरहे– लक्ष्मण वियोगी
रातो बत्ती– राजु अधिकारी
जलवायु परिवर्तन र पर्वतीय पर्यटनको भविष्य– राजेन्द्रमान डङ्गोल
प्रकृतिः अनुपम अस्तित्व सौगात– रमेश भट्टराई सहृदयी

प्रकृति र मानिस– रूपसिंह भण्डारी
माफीनामा– रूपा थापा
प्रकृतिमा बाँदर र मानवको सहअस्तित्व– विश्वनाथ रिजाल
प्रिय जन्मभूमि– सरिता घिमिरे
स्वच्छ पर्यावरण, समृद्ध जीवन– सानिया कटवाल

## आमन्त्रित निबन्धहरू

पर्यावरण भन्नु नै सम्पूर्ण भूमण्डल र परिवेशको समग्रता हो– प्रा. डा गोविन्दराज भट्टराई
प्राणमयी पृथ्वीको पक्षमा– मनप्रसाद सुब्बा
आफ्नो दुस्मन स्वयं आफै– मान्छे– प्रा.डा. विष्णु एस राई
सुमति उदय होस्– ज्ञानबहादुर छेत्री
सम्बन्धका अनेकौँ तहमा बाँस र मान्छे– महेश पौड्याल
उक्लँदै गरेका रुखरेखा– विजय हितान

यी शीर्षकबाट एक सामान्य सर्वेक्षण गर्न मिल्छ। विजयी निबन्धहरू तीनैवटाले प्रकृतिविनाशले कुरूप पारेको देश-चित्र प्रस्तुत गरेका छन्। विकासको सम्बन्ध विनाशसित भएकाले र हामीले नगरे तापनि शक्तिराष्ट्रहरूका कर्मले ग्लोबल वार्मिङ बढेर पृथ्वीको कोमलतम अङ्ग हिमाललाई ठुलो चोट परेको देखिन्छ।

तर ग्लोबल वार्मिङ, ब्ल्याक होल (कृष्णविवर) जस्ता विषयमा विद्यावारिधि गर्ने विद्वान्हरूले मात्रै ती विषयको आधिकारिक प्रमाणहरू ल्याउन सक्छन्। प्रतियोगी निबन्धहरूमध्ये अँध्यारोको खोजीले देखाउँछ निशाचार प्राणी/जीवहरूलाई रातोदिन बन्द नहुने प्रकाशले उनीहरूको जीवन प्रणाली नै खलबलिएको छ। यो बुझ्न वा बुझाउन ता पारिस्थिकीतन्त्र (इकोसिस्टम) बुझ्नु/पढ्नुपर्दछ। यो विज्ञानकै शाखा हो। पक्षी कसरी जन्मिन्छन्, बढ्छन्, हुर्किन्छन्, के खान्छन्, कसरी भ्रमण गर्दछन् भन्ने कुरातिर हाम्रो ध्यान छैन। तर हाम्रो हस्तक्षेपले उनीहरूको प्रजनन प्रणाली र जीवनचक्रमाथि नै आघात पार्दै छ। तेस्रो निबन्धमा पृथ्वीको समग्रतालाई निरोगी रहन दिऔँ, भावी पुस्तालाई रोगयुक्त पृथ्वी सुम्पनु हुन्न, हामी रोगी, अपराधी ठहरिन्छौँ भन्ने छ। अर्को निबन्ध ऋतेश गुरुङको भाव पनि फोहरमैला प्रदूषित सहरको चिन्ता छ।

यसप्रकार यी निबन्धहरूमा आधीजस्तो विषाक्त पारिएको अशान्त पृथ्वीग्रहका विविध पक्षप्रतिको संवेदनशीलता छ।

हाम्रा प्रत्येक कर्म स्वाथ्यप्रेरित छन्। हामी आफूलाई सर्वश्रेष्ठ भन्दै अन्य जीव, वनस्पतिलाई तर्छाउने, खेद्ने, काट्ने, खाने, दल्ने, उनीहरूको अस्तित्व नै समाप्त

पार्ने मूर्खताको अभ्यासमा छौँ । यो साझा आवास पृथ्वी प्राणी, वनस्पति, सजीव, निर्जीव, चराचरको अस्तित्वको बिचमा सह–अस्तित्वले जोगाउनुपर्ने, अर्काको भाग खोसेर मानिसले अत्याचार गरिरहेको छ । उष्णता, विषादी, केमिकल, बमबारुद उसकै कर्म हुन् । आजको विश्वमा हाम्रो जस्तो निमुखो देशले केही नगरे पनि पहरा विस्फोट फोर्ने, भ्याकु, जमिन जोत्ने डोजर, खोलो छेक्ने प्रविधि, डाँडा घाइते बनाउने आँट, वरपिपलसँगै डाँडाका मन्दिर चौतारासमेत उखेल्ने जोस, मधेसमा खुट्टामा बुट लाएर रोपाइँ गर्ने प्रविधि, गोरुविना दाइँ गर्ने शक्ति कहाँकहाँका राक्षसले हाम्रो देशलाई सप्लाई गर्दै छन् ! त्यसैले हामीमा राक्षसी शक्ति भरिँदै छ । तिनैका परिणाम गगनचुम्बी बनिन्छन्, खोला–नालाका बालुवा, बगर रित्तिन्छन्, सहरका मैला र फोहरले जताततै प्रदूषित छ आदि । यस्ता कुराहरू पत्ता लाउने उद्देश्यले अध्ययन गरिने समालोचनाको कोण हो पर्यावरणीय । वास्तवमा सजीव, निर्जीव सारा अस्तित्वको भाषा बुझ्न र बोल्न प्रयत्न गर्ने विधा हो । सजीव, निर्जीव सबै तत्त्वको भाषा हुन्छ, त्यो भाषा बुझाउन खोज्ने निरूपक भाषा (मेटाल्याङ्गुएज) नै पर्यावरणीय समालोचना हो ।

o–o–o

*समालोचना*

# 'प्रश्नहरू त बाँकी नै रहन्छन्...' मा मोमिलाको निबन्धकारिता



***प्रा.डा. हेमचन्द्र नेपाल***

पढ्दा निर्निमेष पाराका र हेर्दा नयनाभिरामजस्ता लाग्ने सुललित निबन्धहरूका सिर्जनाकार मोमिलाका लेखनमा काव्यशक्ति स्वतः अनुस्यूत देखिन्छ । भावको तीव्रता, अनुभूतिको मार्मिकता र बौद्धिक स्फुरण पाएका उनका कविताहरू पनि चर्चित छन् भने निबन्ध– राशिमा शैलीगत स्वच्छन्दता, ऊर्जस्वी कल्पनाशीलता, लयात्मक प्रगीतात्मकता र मनोहारी निजात्मकताको प्रचुरता पाइन्छ । ग्रिसेली महिला साहित्यकार साम्फोको प्रेमिल जीवनमाथि मिथ्यारोप लागेपछि उनी झन् सक्रिय भएर आसक्तिजन्य प्रेम, कामवासनाजन्य प्रेम, श्रद्धा–भक्तिजन्य र वात्सल्यजन्य प्रेमका कविताहरू लेखेर विश्वचर्चित साहित्यकार भएजस्तै मोमिलाको पनि आफ्नो धर्म र संस्कृतिमा बाधा नपर्ने गरी आआफ्ना आदिम चाहनाले जोडिएको निकटतम सम्बन्ध अल्पकालिक रहे पनि जीवनदेखि नहारी निरन्तर

साहित्यसाधनामा लाग्दा अत्युच्च सफलता प्राप्त उनको बेजोड कृति प्रस्तुत निबन्धसङ्ग्रह (२०८०) हो । उनको कुशल अध्यापकको कलाले अध्यवसायमा समकालिक कृतिकारभन्दा ज्यादा अग्रज पुस्ताका साहित्यकारहरूको नमुना कृति छनोटले यस निबन्धसङ्ग्रहलाई अद्यावधिक पार्न गहन भूमिका खेलेको छ ।




महानिबन्धकार देवकोटा, प्रयोगशील निबन्धकार शङ्कर लामिछाने, आयामिक कवि वैरागी काइँला, समकालिक कवि भूपी शेरचन, वासु शशीका साथ मनोविश्लेषणात्मक उपन्यासकार विजय मल्ल, राष्ट्र र राष्ट्रियताका उन्नायक नेपाली गीतकार र सङ्गीतकारहरूका सिर्जनालाई गहन पठन गरेर, आवश्यक नापजोख गरेर, मिहिन पाराले चपाएर, कोरामिन चक्कीजस्तै स्वाट्ट पारेर अनि आफ्ना अध्ययन धारणासमेत यथास्थानमा उद्धृत गरेर अनुभूति स्फुरण, चिन्तन र दृष्टिकोण काव्यात्मक शैलीमा लिपिबद्ध गर्नु अन्यान्य निबन्धकारभन्दा उनको पृथक् पहिचान हो ।

पूर्वी एवं पश्चिमी दर्शन र साहित्यको अध्ययन प्रवर्द्धनसँगसँगै धनकुटाली प्राकृतिक पर्यावलोकनले पनि उनको निबन्धकारितामा सञ्जीवनीको काम गरेको छ । धनकुटा बजारवरिपरि जोडी-जोडी वरपिपलहरूको सिरसिराहट हेरेर, रानीवनका सल्लाहरूको सुसाहट सुनेर, पारिपात्ले र मुसुरेको मुस्कुराहट देखेर, लामा हात-पाखुरा पसारेजस्ता वारिपारिका होचाअग्ला डाँडा र थुम्काहरू हेरेर अनि रमिते चौतारीबाट देखिने तमोर नदीको वेगसँगै हानिएर धरान-विराटनगर हुँदै काठमाडौँ झरेकी मोमिलाका मानसमा अनुभव र अनुभूति, विचार र संवेदनाले सुदीर्घ सत्ता कायम गरेको छ ।

प्रायः रातका समयमा मात्र कराउने हाम्रा लोककथाको प्रतीक प्रेमचरी गोलसिमल गोलखाडीमा पर्दा कुनै दयालु बनेली चराले आआफ्ना केही प्वाँख र भुवाहरू दिएपछि प्रेमको अमरताले पुनर्जीवित भएजस्तै अथवा पश्चिमी पुराकथामा प्रचलित मरेपछि डढेका चिताबाट फेरि यौवन प्राप्त गर्ने फिनिक्स चराझैँ प्रेमका अमरतामा जागरणशील मोमिला आफ्ना निबन्धात्मक संसारमा दुई भिन्न लिङ्गका व्यक्तिमा हुने विशुद्ध आध्यात्मिक प्रेमका

बाटामा गतिमान् छन् । उनका निबन्धहरूमा सम्बोधित तल्लो आदरार्थी 'तिमी' एक सबल उदाहरण हो ।

रचना प्रक्रियाका सम्बन्धमा उनको आत्मोद्‌गार यस्तो छः

सम्पूर्णतः रित्तिएर महाशून्य सिर्जना गर्छु,

त्यहाँ मलाई मृत्युपछिको शून्य सम्झेर कोलाहल लाग्ने छैन ।

ब्रह्माण्डको अनन्त यात्रामा...! आस्तित्विक उपसंहारजस्तो मोक्षानुभूतिमा समाधिस्थ हुने द्रष्टा मोमिलाको द्रष्टव्य दृष्टिगोचर हुन्छ । रचना–सन्दर्भको उठानमा पनि मोमिलाले केही नवीन दृक्टिकोण अघि सारेकी छन् । आफैमा समाहित तीव्रतम अनुभूतिलाई वाष्पीकरण गर्दै सारपूर्ण बोलहरू अघि सार्दा कलाको प्राकृतिक चमत्कार, रोचक तरङ्ग प्रेम या घृणा उन्मुक्त भएर जिन्दगीको मजा गुनगुनाउन सकियोस् भन्ने मोमिलाका आत्मस्वीकृतिलाई स्विकार्दै शब्दका रुमानी कारीगरी जडिएका उनका निबन्धहरूको सक्षिप्त परिचर्चा यहाँ प्रासङ्‌गिक छ ।

'मेरै छायाको विद्रोह र अस्वीकृत ग्रहण' नामको निबन्धमा छाया आफ्नै सादृश्यमा अघि लागेको छ । विद्रोह चाहिँ कसैलाई पल्टाउनभन्दा पनि रिस, आवेश, विद्वेष र तीव्र ईर्ष्या–ग्राही सापेक्षतावादलाई चोइट्याएर र भत्काएर आस्थाको जग राख्न सकिन्न भन्दै कोही कसैको पनि आफ्नै प्रवाह हुन्छ, शैली हुन्छ, आ–आफ्नै अस्तित्व र भिन्न पहिचान हुन्छ भन्न खोजिएको छ । जीवन सङ्ग्रामलाई हिटलरको नाजीवादमा अङ्कित व्यक्ति–स्वतन्त्रता तथा जनतन्त्रविरोधी कुविचारले पक्षपोषण गर्न कदापि सक्तैन । बरु दुःखका साथ दुःखसँग युगीन लडाइँ लड्दै यथार्थ सत्यमा आधारित नयाँ इतिहासको डोब खन्ने प्रस्ताव मुखरित छ । यो प्रेमिल विश्वमा एउटा विद्रोहले शिर उचालेर हिँड्न पाउनुपर्छ भन्ने विद्रोही बोल यहाँ आप्लावित छ । निबन्धकारका अन्तर्बोधबाट घिउ कुरा होइन एउटा वेगवान् आँधीसरिको विद्रोही चेतना अस्तित्वसँगै प्रतिध्वनित छ । सङ्क्षेपमा स्वपक्षका रोचक र परपक्षका झोरजस्ता घोचक कुराको तेरिज खिचेर अस्वीकृत ग्रहणलाई आत्मकेन्द्री ताजा स्वप्नबिम्बका रूपमा अघि सारिएको छ ।

'देवकोटासँग एउटा साँझको कायान्तरण' मा आँसु र हाँसो मिसाएर एउटा बाँच्ने जिन्दगी घिसारिरहेकी एउटी अर्को सरस्वती वरदपुत्री मोमिलाले मुनामदन, शाकुन्तल, लक्ष्मी निबन्धसङ्ग्रह र पागल कविता जन्माएर रुमानी काव्यिक संसार बसाउने सच्चा सरस्वतीप्रसादलाई पाठकीय अनुभवजन्य चेतन जल छर्किएर नयाँ प्राण फुकेकी छन् । छोटो जीवनकालमै एउटा दन्त्यकथात्मक पहेली बन्न पुगेका एक साहित्यिक महारथी देवकोटालाई तीव्रतम अनुभूति, गहन विचार र उच्च मानवीय संवेदनाले तैलचित्र बनाएर

त्यसमा चुरोटको धुवाँ, मसी, कागत र चौबिसघण्टे समयको अपुग्दो अवस्थालाई वर्तमानमा फर्काएर...! तिम्रो दर्शन र पीडाका तालमा...! म डुब्दै गइरहेछु...! डुब्दाडुब्दै बाँचेको तीव्र महसुस गरिरहेछु भन्ने आत्मिक उद्‌गारमा निबन्धकारले आफैलाई देवकोटाको कायान्तरणमा रूपान्तरण गरेको देख्ता आश्चर्यित लाग्छ । ठिकै हो– प्रतिभाबाट छहरा छुटे हृदय नछोला ? (कविवर घिमिरे)

'नायक भूमिकामा उनी...!' अरू कोही नभएर स्वयं निबन्धकार मोमिला सगर्व खडा छन् । उनी वर्तमान युगको एक सक्षम छोरी, पत्नी र आमाका रूपमा रहँदारहँदै पनि बिन लादेनकी प्रेमिकाका भूमिकामा अभिनेता बनेर प्रेमवासको समुदायमा समुद्यत पनि छन् । प्रस्तुत निबन्धमा पौरुषेय अधिनायकत्वका विरुद्ध नयाँ चेतनाको विस्फोट हुने काममा पनि नायक मोमिला अघिसरा छन् ।

'मृत्यु सौन्दर्य' मा निबन्धकार मोमिलाले ठुलोअन्तर्गत रहने ससाना उपाख्यान बुनेर जीवनको विसङ्‌गत कुरूपता र मृत्युको शालीन सौन्दर्य रोज्नुपर्दा किन मानिस बकम्फुसे (निरर्थक) जिन्दगी नै रोज्छ ? मृत्युका बजारमा हाट भर्ने मानिस मृत्यु छेवैनिर देख्ता पनि बेखबर रहन्छ भन्ने गम्भीर प्रश्न पनि निबन्धकारले सोधेको पाइन्छ । नवरसका अभिनयकौशल समका मृत्युसम्बन्धी दुई पङ्‌क्ति यहाँ उद्धृत गर्नु सान्दर्भिक लाग्छ, 'हुँदैन मृत्युको मृत्यु मृत्यु हुन्छ हरेकको, परिवर्तनको फेरि हुँदैन परिवर्तन ।'

हो, अपरिवर्तनीय मृत्युको स्वीकारभन्दा जीवनका नाममा पलपल मरिरहेको यो कुरूप जिन्दगी बन्धकी राख्नुभन्दा जीवनको अन्तिम सत्य अराजक मृत्युलाई राजीनामा गरिदिने नवीन मृत्युचेतना यहाँ प्रस्तुत छ । २०७२ सालको महाभूकम्पले चुकाइएको जीवनको अवस्थिति पनि यहाँ प्रस्तुत छ ।

'इतिहास वर्तमानको सहुलियतमा टुङ्‌गिनु हुन्न' प्रस्तुत निबन्ध कवि हरिभक्त कटुवालको 'रहर' कविताको गहन पठनको प्रतिप्रभावमा लेखिएजस्तो छ । मरेका दिनहरूको इतिहास र तिथिमिति किटान गर्ने गणितका सूत्रहरूमा खिया परेको अनुभूत गर्ने कवि कटुवालका सम्बोधित छोराले आफै इतिहासको निर्माण गर्दै इतिहासको निष्पन्द र शिथिल गतिलाई उछिनेर अघि बढ्न चाहेजस्तै निबन्धकार मोमिलाले पनि कल्पना, संवेदना, भावुकता र आदर्शलाई पञ्चतत्त्वमा फिटेर जलन, तड्पन र आँसुले रुझेका जनसामान्यको देशप्रेमी भावनामा नवइतिहासको खाका कोर्ने अठोट गरेको पाइन्छ । पृथ्वीको स्थूल स्वरूप, जलको बोधोपन, तेजको तातो र उज्यालोपन, वायुको गतिशीलपन र आकाशको शून्यपनलाई सम्बोधन गर्दै इतिहास व्यक्तिविशेषको सहुलियतदार नभई कठोर अग्निपरीक्षाको एक अहम् प्रश्न हो भन्न खोजिएको छ ।

'चट्टान र फूलको दोहोरी' निबन्धको प्रेरणा स्रोत म त भएछु भन्ने राष्ट्रिय गीत हो कि जस्तो लालीगुराँस भएछु...! छ। संवादात्मक शैलीमा प्रारम्भ र अन्त्य भएको यस निबन्धमा कथोपकथनको कवितात्मक कौशल अत्यन्त सुन्दर ढङ्गमा अघिसरा भएको छ। चट्टान र फूलमा अनूदित जिन्दगीले चट्टानका बगैँचामा फुलेका यी शब्दका फूल–गुच्छाहरू कलापारखीका उत्सुक सञ्चेतनालाई समर्पण गरिएको शब्द, रङ्ग र धुनमा तरङ्गित मानवीय चेतना चट्टान र फूलको दोहोरीजस्तो जीवनको मोहनीमा एउटा सुन्दर युटोपियन राज्य अर्थात् सन् १५१६ मा सर टमस मोरले लेखेको युटोपिया कृतिमा एक आदर्श सामाजिक र उत्कृष्ट राजनीतिक व्यवस्थाकल्पित द्वीप निबन्धकारबाट पुनः सृजित छ।

'सम्भावित पुतलीको वर्तमान' र 'देउताको काम' भन्ने शङ्कर लामिछानेका निबन्धमा आकस्मिक संयोग छ। विधाभञ्जन भएका यी दुवै निबन्धमा रुग्ण महिलाहरू प्रमुख घटक बनेका छन्। 'देउताको काम' की आमा पतिपरित्यक्ता टिबी रोगले प्रपीडित छन् भने मोमिलाकी काल्पनिक आमाको व्यथा टाइफाइड रोगले थलिएका छन्। दुवै बालपात्रहरूको आआफ्ना आमाहरूको जीवन बाँच्ने एउटा क्रम टुट्न लागेको देखाइएको छ। अनुभूति र तीव्र संवेदनामा भने निबन्धकार मोमिला बढ्ता प्रभावशाली छन्।

'प्रातःकाल हुनुअघि' कुनै पनि सफल निबन्धकारले अनुभूतिको प्रवाह र वैचारिक विस्तारको एउटा न एउटा सूत्रवाक्यको अनुकल्पना गरेकै हुन्छ। प्रस्तुत निबन्धमा सहिदहरूका लासको ढेरबाट युगीन सन्दर्भमा गङ्गालाललाई जगाएर निबन्धकार मोमिलाले आफ्ना देशभक्तिपूर्ण जिजीविषाहरूलाई काव्यिक वाणी दिएकी छन्। रक्तसीमाले सीमाबद्ध भएर जीवन अर्पिएका इतिहासका नाममा नयाँ डोबहरू हालेर चेतनापरिसरमा यात्रारत निबन्धकार जेरुसेलमका गल्लीमा काँटी नपाएर क्रस (cross) मा क्राइस्ट टाँगिएझैँ विष्णुमतीका तीरमा एउटा अर्को खरीको बोट नदेखेर जल्लादका गोलीले उडाइएका गङ्गालालका बलिदानी चीत्कारमा देशको असङ्ख्य दुःख त्यो रातको उज्यालो हुनुअघि नै विष्णुमतीकै काला बालुवामा लिपिएको जिन्दगीको कोलाज (collage) अर्थात् निजी भावपूर्ण कला यहाँ टाँगिएको छ।

'प्रिय पात्रहरू अस्तित्व–उत्सवमा' एक सर्वोत्कृष्ट समीक्षात्मक निबन्ध हो। यहाँ भावक आफै समीक्षक र नायक भई नारी सञ्चेतनामा अग्रसर छन्। विश्वसाहित्यका इतिहासमा नयाँ अस्तित्वको जन्म दिन भनेर नर्वेली सामाजिक यथार्थवादी नाटककार हेन्रिक इब्सनकी विप्लवी नारीपात्र नोराले स्क्यान्डिनेभियाली हैकमवादी युरोपेली पौरुष जमातलाई विद्रोहको ढोका ठटाएर हायलकायलको परिदृश्यात्मक सङ्केत अनि मनोविश्लेषणात्मक नेपाली लेखक विजय मल्लकी अहम्बाज पात्र अनुराधालाई

नारीअस्तित्वको नयाँ डोब कोर्ने विद्रोही चरित्रका रूपमा हेरिएको छ। निष्पाप आकाशलाई यदाकदा पुच्छ्रेताराले डाम्न खोजेजस्तै पितृसत्ताधारीका कामान्धु नजरले नारी जीवनका दुःख, पीडा, यातना र विशृङ्खलतालाई डामेर घाइते पारेपछि निबन्धकारकी परिकल्पित एक साहसी पात्र आउटसाइडर (परचक्री) समेत घाइते बघिनी बनेर परम्परागत आदर्श, सिद्धान्त, विचार, पद र प्रतिष्ठामाथि झम्टा मार्दा महिला अस्तित्वको नयाँ उत्सवमा निबन्ध समापन गरिएको छ।

'गीतिकथाः शीतबिन्दुको सौन्दर्य' मा बितेका सम्झनाहरू अर्थात् नेपाली साङ्गीतिक भास्कर फत्तेमान र नौलो नियात्राकृतिका (अन्तर्मनको यात्रा) निर्माता जगदीश घिमिरेलाई मनका पटाङ्गिनीमा राखेर लिखित प्रस्तुत रचनामा स्रष्टाद्वयलाई मृत्युले भयानक अँगालामा बेरे पनि उनीहरूको जीवन्त अस्तित्वमा निबन्धकार मोमिलाले ऐतिहासिक गौरवबोध गरेको पाइन्छ।

'युद्धको ह्याङओभर, अन्तर्चेतना र सिर्जना' मा सृष्टिको विनाशका लागि लडिएका साना–ठुला महायुद्धहरूमा निर्दोष मान्छेले आहतबाहेक केही पाएको छैन भन्ने मानवतावादी दृष्टि अघि सारिएको छ। देश–देशका सीमामा होस् अथवा घर–आँगनका डिलमा गोली र बम प्रहार गर्दै असङ्ख्य निर्दोषी जीवनहरू विश्वका कुना–कुनामा मूल्यहीन ठानेर कत्लेआम भइरहेकामा निबन्धकार भक्कानिएकी छन्, मानवीय संवेदनाका आँसुहरू बर्साइरहेकी छन्। सङ्ग्रहमा समाविष्ट निबन्धहरूमध्ये यो एक सबल युद्ध साहित्य हो। युद्धपछिको मुर्दाशान्तिमा लेखकको विमति यहाँ जाहेर भएको छ।

'एक पागलको डायरी' मा जीवनसित सम्बद्ध यातायात प्रहरीको काम बहुलाहाको अभिनय गर्ने बाटे प्रहरी (बिना बर्दीधारी) ले गरेको देखेर निबन्धकारलाई काठमाडौँको अस्तव्यस्त ट्राफिक व्यवस्थामा जनचेतना जगाउने उद्देश्यको स्फुरण भएको छ। स्रष्टा मोमिलाका मानसभूमिमा छरपस्टिएका सिर्जनात्मक तत्क्षणहरू पागल मनोकाङ्क्षाका प्रतिबिम्ब हुन्। साधनाभूमिमा अग्रजहरूले छाडेका डोबहरूमा पहिचानहीनको आवाजलाई मुखरित पार्ने एक नौलो प्रयास हो– एक पागलको डायरी। आयामिक कवि वैरागी काइँला सत्य कुरा बक्न यहाँ मान्छे मात्नैपर्छ भन्छन्। सडक कविता क्रान्तिका अगुवा हरिभक्त कटुवाल, विकलाङ्ग पारिजात र सरुभक्तका पागल पहेलीहरूजस्तै यो पनि एउटा नयाँ पहेली हो।

'ईश्वरको अदालतबाट निर्वासित आउटसाडर !' अस्तित्व–उत्सवको सर्वोत्कृष्ट निबन्ध हो।

'प्रश्नहरू त बाँकी नै रहन्छन्...' यो कुनै एक स्वप्न-प्रदेशको प्रकल्पित आत्म-विचरण हो । यो जिन्दगी खै के जिन्दगीका दोसाँधमा अनगन्ती प्रश्नहरू उठान गर्दै पहिरो जाने पहाडमुन्तिरको जोखिमपूर्ण यात्रामा लामबद्ध थुप्रै बाटाहरू छन् र अनगन्ती गन्तव्यहरू पनि । तिनीहरूमध्ये अस्तित्व र सत्यको खोज यहाँ 'तिमी' वा तल्लो स्तरको आदरार्थी शब्दले 'म' अर्थात् अभाव जनाउने राम्रो मप्रति प्रचुर प्रेमासक्ति प्रकट गरेको छ । तथापि प्रेमविरक्त निबन्धकारका शब्दहरू सापटी लिएर भन्नुपर्दा तिमी पुरुष र तिम्रो स्वर्ग पुरुषसुखको सङ्केत नै किन नहोस् तिमीलाई तिमी र तिम्रो स्वर्गको सट्टामा म र मेरो धरती मिले पनि या मलाई म र मेरो सट्टामा तिमी र तिम्रो स्वर्ग नै मिले पनि यो ब्रहमाण्डमा हामी दुवै अधुरो रहने हौँ (मोमिला, पृ.२२०) भन्ने भाषिक सङ्कल्पमा आएको अधुरो विशेषण शब्दमा प्रश्नहरूको पहाड उठाउन सकिन्छ । मोमिलाका निबन्धमा प्रत्येक प्रश्नहरूको समाधान भेट्टाउन पनि सकिन्छ । तर मोमिला आफ्ना निस्सार जीवनका गम्भीर प्रश्नहरूको उत्तर पाठक-समीक्षकहरूका ओठे जबाफबाट होइन, गम्भीर भाष्यकारहरूका ठम्याइमा हेर्न चाहन्छिन् । हाम्रो आधुनिक साहित्यमा पनि राशि-राशि कविता-काव्यहरूमा जीवनलाई सम्पूर्ण लेख्न असफल भएपछि महाकवि देवकोटा संशयात्मक उत्तरमा भन्छन् :

*जिन्दगी न त मासु हो न आत्मा हो दुवै कुरा*
*विरोध नै जीवन हो मिसौट सब छ्यास्मिसे ।*

कविशिरोमणि लेखनाथ प्रश्नाति मुद्रामा लेख्छन्ः

*तँलाई मालुम छ कि यो कुरा भन ?*

सरस्वतीपुत्री सुश्री पारिजात थप्छिन्– *यो जिन्दगी एक बन्डल हाडखोड़ पनि हो कि होइन कुन्नि ?*

यति लामो समयसम्म जिन्दगी लेखेर र भोगेर पनि कत्ति चित्त नबुझी समसामयिक युगकी सरस्वतीकी अर्की छोरी मोमिला 'प्रश्नहरू त बाँकी नै रहन्छन्...' पो भन्दछिन् ।

पुनश्च संवेदनहरू खण्डमा लगभग एक दर्जनजति अनुभूति तारल्यमा निबन्धकारका आवेग र संवेगहरू यसरी तरङ्गित छन्ः

'झर्दै गरेको पातको कहानी' निबन्धमा हो, झरेको पातलाई पत्कर भनिन्छ । सुक्खा पातपत्करको सोतर जिन्दगीमा अब सदाबहार नआई शिशिर वा अन्य कुनै पतझड ऋतुमा पात झरेर नाङ्गिएको सिक्रे रुखको दुःखपूर्ण बँचाइलाई निबन्धकार मोमिलाले त जीवनोत्सव मानेकी छन् । जतिखेर...! डुब्दै गरेको घाम र विधाताको चित्रकारिताबाट कहानी बनेर भुइँमा सर्दै गरेको पात आफैले कोरेको कर्मरेखाहरूको अन्तिम आकर्षक पेन्टिङजस्तो (मोमिला, पृ.१२७) आफैमा प्रदर्शित पीडाका सौन्दर्यमाथि कलम र कुचीले

मृत्युको बेठेगान भएको अस्तित्वसार पनि उनले यहाँ सगर्व उतारेकी छन् । 'प्रिय संवेदन' चाहिँ यहाँ अमुक दर्शक देखिन्छ ।

'चित्रालय, असामयिक मृत्युको यादमा' मा निबन्धकारले चित्रस्थ 'स्व' को चित्रण गरेकी छन् । भिन्न-भिन्न किसिमको भावपूर्ण कलाको त्यो स्वरूप जसमा तस्बिर, रङ्गीन कागत, सलाईको काठ आदि चित्रमाथि टाँसी प्रदर्शनीमा नमुनास्वरूप झुन्ड्याइन्छ । ठिक त्यसरी नै बाँझो बगर, विनाफूलको काँडा, भुलैभुलको यथार्थ, ताप, सन्ताप र महादुःखको कोलाजमय (colage) जिन्दगी प्रिय संवेदन, प्रिय सञ्चेतन र प्रिय अस्तित्वको अवगतार्थ बुख्याचाझैँ प्रस्तुत छ ।

'आदिम सन्दर्भ' नितान्त कथात्मक टेक्निक प्रयुक्त निबन्ध हो । प्रस्तुत चयनीय विषयमा आदिम भन्नाले आद्यस्वरूपको महत्त्व दर्साइएको छ । सन्दर्भले यहाँ अर्थगर्भित गूढ कुरा खोजतलासको कार्य गरेको छ । यहाँ विषादपूर्ण क्षणका आवेग र संवेगहरू निस्सीम भएर उर्लँदा जीवनका निराशा, वेदना, व्यथा, कुण्ठा र पीडाजन्य भावहरू अतीतोन्मुखी भएर प्रकट भएका छन् । परिणामतः धर्मयुद्ध लडाउन छोडेर प्रेमिल बाँसुरी-धुनमा रुसोसँगै गाई चराउने कृष्ण, दास क्यापिटल-बाट कम्पोस्ट मल निकालेर उब्जनी बढाउन मद्दत गर्ने कार्ल मार्क्स, ईश्वरलाई मराउन छोडेर कान्छाकान्छीको रोमान्स हेर्ने महामानव नित्से र आतङ्कवादीजति सबै गोलाबारुदसँग खेल्न छाडेर बुद्धका करुणा-विगलित स्वरहरूमा रमाउँथे होलान् भन्ने रुमानी उद्दाम भावनाको स्वप्नमहल खडा गर्दै त्यसमा प्राचीन संसारको मिठो कथा भन्ने महाकवि देवकोटालाई, आदिम देशको कथा हाल्ने पारिजातलाई, उपनिषद्कालीन बौद्धिक साहित्य पनि मन पराउने शङ्कर लामिछानेलाई अनि आद्ययुगका कथाजस्ता रमाइला कथाहरू लेखेर नथाक्ने रमेश विकल आदिलाई आदिम सन्दर्भका कथावाचक बनाएर निबन्धकार मोमिलाले प्राकृतिक युगतिरको आफ्नो झुकावलाई छर्लङ्ग पारेकी छन् । सङ्ग्रहमा पनि प्रस्तुत निबन्ध अतिरिक्त मूल्य कायम राख्न सर्वथा सफल छ ।

''जीवन' नामको एउटा घटनामा छु' भन्ने नामको छोटो निबन्धमा जीवनको यस्तो दृश्यात्मक चित्रपट (canvas) बिछ्याइएको छ; जहाँ एउटा अत्यन्त निजी पीडा, लयबद्ध यातना, मिठो स्मृतिमा विस्तारित आकाश-भाषित अस्तित्व विराजित छ ।

'प्रेम, अहम्को तिलाञ्जलि !' सन्दर्भमा साँच्चै भन्ने हो भने प्रेमका अनेक रूपहरू छन् । आसक्तिजन्य प्रेम, कामवासनाजन्य प्रेम, श्रद्धाभक्तिजन्य प्रेम र वात्सल्यस्नेहजन्य प्रेमका रूपमा यसलाई हेर्न सकिन्छ । यहाँ निबन्धकार मोमिलाले तल्लो आदरार्थी तिमी संवेदनलाई अर्थात् दृश्यमान सुख-दुःख आदि अनुभवकर्तालाई प्रेमका संवेदनीय कुराहरू

निवेदन गरेकी छन् । गद्यात्मक विचारप्रवाहमा पनि प्रतीकाङ्कन र बिम्बाङ्कन स्थापित गर्ने क्रममा उनले प्रस्तुत निबन्धमा अभिशप्त अहल्या भनेर पौराणिक प्रतीक अघि सारेकी छन् ।

विधाताकी मानसपुत्री अहल्या गौतम ऋषिकी पत्नी हुन् । यौवनदर्पले गर्दा इन्द्रसँग लहसिँदा पतिको अभिशापले गर्दा पत्थरमा परिणत भइन् । उनले त्रेतायुगमा मुक्ति पाइन् । अहल्याजस्तै अभिशप्त म पात्रले पनि भोग्य जीवनलाई पूर्ण रूपमा भोगचलन गर्नै नपाई निम्न अहम्ले होस् कि उच्च अहम्ले होस् निस्स्वार्थ प्रेमलाई सदाका लागि त्याग्ने सङ्कल्प गरेको पाइन्छ ।

'पीडाप्रेम' भित्र पीडामा प्रेम, विचार र अनुभूतिको स्वप्नप्रदेशतिर असह्य पीडा र क्रूर यातनालाई स्मृतिका आँचलमा गाँठो पारेर यात्रारत छ । प्रेमका पीडामा अभिशप्त म पात्रले... यदि तिमीसित रुन सक्तिनँ भने म तिमीलाई प्रेम गर्न पनि सक्तिनँ भन्दै आँसुको बाफ शून्यमा मिसाएको पाइन्छ ।

'सबैभन्दा सुन्दर कविता' मा अनुभूतिको खग्रास बस्तीमा उज्यालोको कविता लेख्ने प्रण छ । यहाँ आकाश र धरतीको सौन्दर्य-आभामा फूल, पात, पत्कर, झरना, बादल, बतास र निर्मल जलतरङ्गमा प्रतिध्वनित हुने सबैभन्दा सुन्दर कविता बनाएर प्रिय संवेदनलाई तुष्टि प्रदान गर्ने कर्म वा कर्मफलले नबाँधिएको नोट्स अर्थात् प्रेमबन्धनबाट छुट्कारा पाउने आकाङ्क्षा यहाँ अभिव्यक्त छ ।

'विमुक्ति समारोहमा नायकलाई प्रवेश निषेध !'मा 'विमुक्ति' नाम शब्दभित्र गम्भीर आशय लुप्त छ । पौरुषेय कैदखानामा पारिएकी यो युगकी एउटी ट्रेजिक क्विनले जिन्दगीका रङ्गमञ्चमा नायकलाई निषेधको बोल अघि सारिएको छ । असल गर्दा झन् बिघ्न परे जिन्दगीका बाटामा सँगै मर्न नसक्ने सदोष नायक नभेटेरै होला सायद अरस्तुको दृश्यात्मक संवाद बोल्ने विरेचन समारोहमा नायकको प्रवेश निषेध छ । विरेचन भन्नु भवितामा करुणा र त्रास निकालेर मानसिक शुद्धीकरण गर्ने वा भावनात्मक विमुक्ति दिने ओखतीतुल्य एउटा कलात्मक साधन हो । यसरी जलन, तड्पन र आँसु लुकाएर निबन्धकार मोमिलाले रङ्गभूमिमा दृश्यात्मक वियोगधुन प्रसारण गरेको पाइन्छ ।

'कोष्ठकभित्रका पीडाहरू र फुटनोट्स' अघिल्लो निबन्धकै शृङ्खला आभासित हुन्छ तापनि आन्तरिक संवेदनहरू झन् तरोताजा उद्दाम रीतले प्रस्तुत छन् । पीडा भन्नु मानसिक आघातपछि व्यक्ति-मनमा उत्पन्न हुने दुःखानुभूति हो । आघातपछिको आह्वान चाहिँ त्यस्ता असहनीय दुःखान्त अर्थात् वियोग वा करुणाजन्य परिणति देखाउने कृतिविशेषलाई लक्षित छ । फुटनोट्सभन्दा हाम्रो साहित्यमा दुःखायतनलाई अग्रज

पुस्ताहरू र समकालिक पुस्ताले कति जीवन्त तरिकाले उल्लेख गर्न सके अथवा सकेनन् भन्दै निबन्धकार मोमिलाले भने आधिदैविक (भाग्यले हुने दु:ख), आध्यात्मिक (जीवसम्बन्धी दु:ख) र आधिभौतिक (पदार्थजन्य शारीरिक र मानसिक दु:ख) यी तीनवटै पीडाबोध गरिरहेको यथार्थता यहाँ अभिव्यञ्जित छ। एक वाक्यमा भन्नुपर्दा मनका पीडाहरू आँसुका झरनाले धुँदा-धुँदा मन स्वतन्त्र अस्तित्वमा आश्वस्त छ।

## समापन

चर्चित निबन्धकार मोमिलाको अध्ययन-परिधि विस्तृत र व्यापक छ। यसर्थ मोमिलाको निबन्धकारितामा एकातिर स्वच्छन्दता, कल्पनाशीलता, भावुकता, प्रगीतात्मकता र निजात्मक कौशलको तारतम्य मिलेको छ भने अर्कातिर चित्रात्मकता, सङ्गीतात्मकता र स्पर्शशीलताको उपक्रमले हरेक निबन्धमा नौलो बान्की दिएको छ। जीवनमा टन्नै समस्याहरूको चाङ छ। जीवन रहेसम्म समस्याले पछ्याइरहने हुँदा प्रश्नहरू पहेली अर्थात् उत्तरलुप्त प्रश्न वा गम्भीर रहस्यहरू यहाँ पेटबोली बनेर प्रेमकै निवेदनका रूपमा, फिरादका रूपमा र प्रतिउत्तरका रूपमा लिपिबद्ध छन्। झुटको खेती नगर्ने इमानदार लेखक मोमिलाको निबन्धकलाको प्रशंसामा जति शब्दहरू खर्च गरे पनि थोरै हुन्छ। जिन्दगीका किरमिर रेखाहरूमा परिभाषित निबन्धहरू अस्तित्व-उत्सवमा खिपिएका काव्यात्मक बिम्ब-प्रतिबिम्बजस्ता छन्। संवेग खण्डका निबन्ध आवेग खालको पारखसहित मनोरम खिप्तीका निखारजस्ता छन्। कथा समाप्त भैसक्यो व्यथा अझै रहिरह्यो भनेझैँ उनका निबन्धमा दु:ख, पीडा, व्यथा र वेदनाको अग्लो चाङ छ। कुशल निबन्धशिल्पी मोमिलाका हरेक निबन्धमा एउटा न एउटा नयाँ हलचल प्राप्त हुन्छ। विषयगत एवं शैलीगत कौशलताले पाठकलाई डोऱ्याउन सक्नु उनको एक मौलिक विशेषता नै हो। कल्पनाका समीक्षकहरूलाई यस्तो भान कारचोबी भरेर प्रत्यक्ष देखेभेटेझैँ कुनै व्यक्ति, वस्तु र घटनाको वर्णन गर्ने शाब्दिक चित्राङ्कन गर्ने मोमिला अत्यन्त खप्पिस छन्। साथै उनका निबन्धहरू प्रेमपीडाका पुडिया मात्र होइन यहाँ त राष्ट्रनिर्माण र राष्ट्रभक्तिको प्रदीप्त चेतना पनि छ।

अन्त्यमा नाटकीय विधान पनि निबन्धकार मोमिलाको एक नवीनतम पक्ष हो।

o-o-o

*समालोचना*

# मानसाग्निको 'चैतन्यबोध'मा लहरिएको भावना



**प्रा.डा. सावित्री कक्षपति**




पाल्पा, तानसेन, मखनटोल स्थित दरबारअगाडिको आँगनमा खुरुखुरु हिँडिरहने होचो कदको एउटा पात्र हरिप्रसाद पोखरेल र मेरो घरको बार्दलीबाट हेर्ने मेरो दृष्टि । त्यो सडकबाट धेरै यात्रीहरू हिँडेका थिए । तर भाइ हरि भने मेरो मानसपटलमा घरिघरि आइरहन्थ्यो । उनको बोलीचाली, व्यवहार र हिँडाइ किन–किन अरूको भन्दा फरक लाग्दथ्यो । क्याम्पसको अध्ययन सकिएपछि को कता लागे ! को कता लागे ‼ समयको बहावमा विभिन्न परिवेशमा बहँदै जाँदा धेरै समयपछि कतै बिर्सिएको त्यो पात्रले 'दिदी' भनेर आफूलाई परिचय गराउँदा साँच्ची नै म भावुक भएकी थिएँ । सम्पर्कविहीन भएको परिवारको सदस्य भेटिएजस्तै । भाइ हरि भेटिँदा उनी प्राकृतिक चिकित्साको अध्ययन सकेर डा. हरिप्रसाद पोखरेल बनिसकेका रहेछन् ।

उनीसँग मेरो भेटघाट भइरहन्छ । **नेपाली कलासाहित्य डट कम प्रतिष्ठान**ले उपत्यकाबाहिर आयोजना गर्ने गरेको साहित्यिक कार्यक्रममा म उनीसँगसँगै हिँडेकी छु । यात्रामा हुने हाम्रो अन्तरक्रिया बडो रोचक र व्यवहारमुखी हुने गरेको छ । उनको सन्त व्यक्तित्वले हाम्रो यात्रालाई नै सकारात्मक ऊर्जा प्रवाह गरिरहेको हुन्छ । उनले पूर्वीय दर्शनमा आधारित प्राकृतिक चिकित्सापद्धतिलाई नेपाली समाजमा प्रयोग गरिरहेका छन् । यस अर्थमा हामी पनि परापूर्व कालदेखि हाम्रा ऋषिमुनिहरूको अनुभव र ज्ञानबाट निर्माण भएको हाम्रै मौलिक जीवन बाँच्ने पद्धतिलाई अरू कसैले होइन, हामी आफैले परिभाषित गरेर स्थापित गर्नुपर्छ भन्ने मजस्तो अभियन्ताका लागि योभन्दा खुसीको कुरा के हुन

सक्छ र ! आफू, आफ्नै जरातिर वा मौलिकतातिर फर्किने र समाहित हुने पद्धतिले मलाई पनि आकर्षित गर्ने गर्दछ र गौरवशाली बनाउँछ । त्यसैले उनले भन्ने गरेका कुरालाई मैले सुन्ने र अनुभूत गर्ने गरेकी छु । साथै उनले गर्ने गरेका कामलाई पनि साक्षी भावले हेर्ने गरेकी छु ।

भाइ त 'मानसाग्नि' पो भइसकेछन् । मानसाग्नि वा मानस+अग्नि । आफूभित्रको अग्नि बालेर चैतन्यबोधमा यात्रारत एउटा यात्री । जीवनबोधको खोजीमा निस्किएको एउटा बटुवा, जीवन भोगाइको हन्डर र ठक्करको झङ्कारले प्राप्त भएको सिकाइबाट रूपान्तरित भएको जीवनलाई उनले 'मानेर होइन' 'जानेर' आफ्नो अन्तरयात्रालाई गतिशील बनाइरहेका छन् । यही 'जानेको' वा 'आफैले अनुभव गरेको अनुभूति'ले उनलाई वा हरिप्रसाद पोखरेललाई 'मानसाग्नि' बनाइदिएको छ । मानसाग्नि शब्दलाई मनन गरिरहँदा मैले अनुभूत गरिरहेँ आफूभित्रको 'नूर' वा 'प्रकाश' अथवा बुद्धवचन 'अप्पो दीपो भवः' । यही यात्रामा हिँडिरहेको यात्री भएको नाताले होला, सायद यो 'मानसाग्नि' शब्दले मलाई आध्यात्मिकताको सङ्घारमा पुऱ्याइदिएको छ ।

मानसाग्निको सिर्जनशीलताबाट प्रवाह भएको अनुभवजन्य पुस्तकको नाम 'चैतन्यबोध' । आफ्नो जीवनको पाठशालामा प्राप्त भएका अनुभवलाई उनले १८ किसिमका निबन्धात्मक स्वरूपमा विस्तार दिएका छन् । ती १८ किसिमका अनुभूतिलेखनको विषय र कथ्यले यसलाई नेपाली निबन्धको क्षेत्रमा दार्शनिक निबन्धको स्थान दिएको छ । तीमध्ये पृ.५३ देखि ६४ सम्म विस्तारित भएको चौथो निबन्ध 'चैतन्यबोध' ले मलाई आकर्षित गर्न पुग्यो । ती १८ मध्ये लेखकलाई मन परेर नै पुस्तकको नामका लागि यही शब्द उठेर स्थापित हुन पुगेको हो भन्ने मेरो ठहर छ । किनभने लेखकलाई मन परेको लेखनले नै विशेष गरेर पुस्तकको नामकरणमा स्थान लिने गर्दछ । त्यसैले लेखकलाई मन परेको निबन्धले मलाई पनि तरङ्गित गर्न पुगेको छ, जुन शब्द नै दार्शनिक र गहन छ ।

यो निबन्धमा 'मान्नु' र 'जान्नु' को आधारभूत भिन्नतामा रहेर अभिव्यक्ति पोखिएका छन् । यसले सामान्य वा आम पाठकभन्दा विशिष्ट वा विशेष पाठकको अपेक्षा गरेको छ । निबन्धको पठनप्रक्रियाबाट गुज्रँदै जाँदा यो आम पाठकका लागि जस्तो देखिँदैन । तर सिर्जनाले प्रवाह गरिरहेको अर्थले भने आफ्नो लक्षित पाठक आफै निर्धारण गरिरहेको देखिन्छ ।

जीवन वक्ररेखामा घुमिरहेको छ । त्यो घुमाइमा रुमल्लिएर जीवनको वास्तविक बोधलाई बिर्सनै लागेका र बिर्सेकाहरूसँग लेखकले आफ्नो अनुभव र अनुभूति इमानदारिता साथ पस्केका छन् । यसले वक्ररेखामा घुमिरहेको जीवनलाई कसरी सरल रेखामा वा

सम्यकतामा मोड्न सकिन्छ भन्ने सङ्केत दिएका छन् । सबैको जीवनको भोगाइमा आइरहने चक्र निरन्तर गतिशील छ साथै क्षणक्षणमै परिवर्तनशील पनि छ । जीवनको त्यो गतिमान अवस्थामा सन्तुलन र पूर्णभावको अनुभूति आवश्यक हुने रहेछ भन्ने सुन्दर र शाश्वत भाव यसमा अभिव्यक्त भएको पाइन्छ ।

लेखनभित्रका कुरा उपदेश, नीतिशिक्षाजस्तो देखिन्छ । तापनि त्यो कुरा 'कसले भनिरहेको छ' भन्ने कुराले विशेष अर्थ राख्दछ । लेखक उपदेशक मात्र बनिरहेको छ कि उसले आफूले भनेका कुरालाई आफ्नो जीवनमा निभाइ पनि रहेको छ भन्ने कुरा पाठकको विश्वासका लागि महत्त्वपूर्ण सूचक मानिन्छ । किनभने उसले आफूले भनिरहेको त्यस्ता गहन कुरालाई आफैले निभाइरहेको छ कि छैन भन्ने कुराले पाठकको विश्वासलाई स्थापित गर्न निर्णायक भूमिका खेलेको हुन्छ । हिजोका पाठकले, लेखकले जे-जे भनिरहेको छ, त्यसलाई खुरुखुरु मानेर, पढेर त्यसलाई निःसर्त आत्मसात् गर्ने खालका थिए । तर आजको पाठक लेखकसँग अन्तरक्रिया गर्न चाहन्छ । आफूलाई लागेको कुरा भन्न र त्यसमाथि तर्क गर्दै आफ्नो कौतूहल मेटाउन चाहन्छ । लेखकले भनेका कुरा तर्कसहित प्रामाणिक रूपमा व्याख्या हुन सकेको अवस्थामा पाठक त्यसलाई निर्धक्क अनुसरण गर्न पछि हटेको हुँदैन । हुन त निबन्ध निजात्मक अभिव्यक्ति हो । त्यहाँ लेखकको अभिव्यक्तिलाई विधाको शास्त्रीय नियमले छुँदैन । तर निजात्मकताभित्र प्रवाह भएको र स्थापित भएको विषयले केही कुरा भने खोज्दो रहेछ । यदि विषय शाश्वतता वा सार्वजनीनतामा केन्द्रित भएको छ भने त्यो लेखनको शैलीमा निजात्मकता रहे तापनि त्यसले वस्तुगततालाई समानान्तर रूपमा स्पर्श गरिहेको हुन्छ । यही धारमा 'चैतन्यबोध' ले यात्रा गरिरहेको देखिन्छ ।

शास्त्रको अध्ययनले मार्गदर्शनबाट जागेको पाठक र जीवनसङ्घर्षको घर्षणमा रेटिएर जागेका पाठक मनले मात्र यो अभिव्यक्तिलाई भित्रै मनदेखि आत्मसात् गर्न सक्दछ । लाग्दै छ, ध्यानप्रति जिज्ञासु मनले यो अभिव्यक्तिसँग साक्षात्कार गर्न सक्ने सम्भावना देखिन्छ । कुरा कसबाट भनिएको छ त्यसले विशेष अर्थ राख्ने गर्दछ । शास्त्रभित्र शब्दमा लेखिएका कुरालाई 'मानेर' यात्रा गरिरहेका यात्री पनि छन् । ती कुरालाई 'जानेर' यात्रा गर्न नसकिरहेका तर यात्रामा हिँडिरहेका यात्री वा पाठकका लागि शीतलता प्रदान गर्ने विश्रामस्थल बन्न सक्ने पनि सम्भावना भने रहेको देखिन्छ । आजको सन्दर्भमा 'ज्ञान' वा 'बोध प्राप्ति' भन्ने कुरालाई बुझ्न पाठकको उमेरको हदबन्दीले प्रभावित नपार्न पनि सक्ने देखिएको छ । यसैले 'म को हुँ' भनेर आफूलाई जान्न खोज्ने जिज्ञासु जोसुकै पाठकले पनि यो पुस्तक उठाएर पढ्न सक्दछ । लेखकको निजात्मकताभित्रको शाश्वत विषयप्रवाहले पाठकलाई आकर्षित गर्न सक्दछ ।

हो नि, मलाई पनि लागिरहन्छ, शास्त्रीय ज्ञानले भोक नमेटिने रहेछ। भोकलाई त भोजन नै चाहिन्छ। किताबी शिक्षा वा शास्त्रीय शिक्षाबाट लिइएको उपदेश वा भनौँ ज्ञानले जीवनको गहिराइलाई प्रतिध्वनित गरिरहेको त हुन्छ नै। तर जीवनभोगाइको उतारचढावबाट लिइएको शिक्षाले प्रवाह गर्ने अनुभूतिको शाश्वतता, महत्त्व र यसको पूर्णताले ज्ञानलाई कालातीत बनाइदिँदो रहेछ। वास्तविक अनुभवको आधारमा जीवनको खोजी गर्न उभिएको यो लेखनले कुनै आग्रह, पूर्वाग्रह र आसक्ति देखाएको छैन। विनासङ्कोच खुला आकाशमुनि प्रकृतिको व्यवस्थापनको लयमा लयबद्ध हुँदै निःसर्त खुरुखुरु हिँड्ने प्रक्रियाले जीवनलाई कति सहज र सरल बनाउँदो रहेछ भन्ने कुरालाई यस लेखनले स्थापित गरिदिएको छ।

लेखकको श्वेतवस्त्रमय एक किसिमको पहिरनले उनी अरूभन्दा बेग्लै देखिन्छन्। त्यही पहिरनको स्थूलताभित्र प्रवाहित भइरहेको सूक्ष्मताले शब्दबाट निःशब्दको यात्रा, विचारबाट निर्विचारको यात्रा, शास्त्रबाट स्वको यात्रा गरिरहेको देखिन्छ। वास्तवमा यो नै यस लेखनको केन्द्रीय भाव र विचारवाक्य हो। लेखकको लेखनशैलीले यो विचारवाक्यको स्थापना गरेर यसैको व्याख्यामा आफूले देखेको र भोगेको घटनाहरूलाई सान्दर्भिक र प्रासङ्गिक तथ्यका रूपमा प्रस्तुत गर्दै यसलाई पुष्टि गरिरहेको देखिन्छ। लेखनमा पोखिएका अन्य विभिन्न भावका अनुभूति र अभिव्यक्तिले एकपछि अर्को परिवेशमा त्यही चैतन्यबोधको कुरालाई पुष्टि गरिरहेको छ।

नेपाली निबन्धको इतिहासको उत्तरवर्ती चरण वा २०३६ सालपछिको निबन्धको परिदृश्यमा यो दार्शनिक निबन्ध बनेर प्रवेश गरेको छ। आफ्नो जीवनभरिको अनुभवबाट शास्त्रले दिने सूचनाबाट मात्र सत्यको बोध हुन नसक्ने ज्ञान भएको छ लेखकलाई। त्यसैले उनी आफ्नो अनुभव पाठकका बिच पस्केर जीवनबोधको नयाँ क्षितिज उघार्न अगाडि बढेका छन्। आजको भौतिकवादी समयमा अध्यात्मबोधको आवश्यकतालाई स्थापना गर्न लागिपरेको सन्त व्यक्तित्वको अनुभूतिले भन्दछः शारीरिक रूपमा गृहस्थ र मानसिक रूपमा सन्न्यासी हुनु हामी बाँचेको युगको युग-धर्म रहेछ (पृ.५३) अर्थात् मैले बुझेको 'जोरबा दि बुद्ध'। यहीँनिर लेखकको र मेरो समन्वित संवेदनाको मिलन विन्दु बनेको छ। हो नि, सन्तुलित रूपमा जीवनलाई यसरी मिलाउन सकिएको तालमेलले भएको चैतन्यबोधले आफूभित्रको 'अनहद नाद' सुन्न सक्ने अनुभव मलाई पनि छ। यो अवस्थाको बोधले व्यक्तिलाई सङ्गीतज्ञबाट उठाएर उसलाई नै सङ्गीत बनाउँदो रहेछ।

मानिस भएर जन्मिएपछि उसले आफ्नो जरातिर वा उद्‌गमतिर फर्कने यात्रामा लाग्ने हो भने साधनाबाट अनुभव र अनुभूति प्राप्त भयो भने मात्र पवित्र कथाको मूल स्वरूप बुझ्न सकिने कुरामा त दुई मत नै रहेन।

लेखकले भनेका छन्ः पवित्र ग्रन्थ बुझ्नुभन्दा अगाडि आफूलाई बुझ्नु जरुरी रहेछ। आफूलाई नबुझी ग्रन्थ बुझ्नै सकिँदो रहेनछ। अन्तरको गीत नबुझीकन बाहिरको गीता बुझिँदो रहेनछ। बोध उपलब्ध भएपछि मात्र वेद देखिँदो रहेछ। हृदयमा प्रार्थना गुञ्जायमान नभईकन कुरान र बाइबल नबुझिने रहेछ (५५)। कस्तो मिठो अभिव्यक्ति! यो कुरा शाश्वत र अर्थपूर्ण त हुँदै हो। तर लेखकको जीवनयात्रा र उनले निभाइरहेको जीवनशैलीको बोधीय चेतनाको यो अभिव्यक्तिले मलाई विश्वस्त पार्दै विशेष प्रभाव पारिरहेको छ। 'म को हुँ' भनेर शास्त्रको अध्ययन र शास्त्रार्थको यात्राले त सतही ज्ञान मात्र दिने न हो, जो स्थूल रहन्छ। तर चेतनाको बोधबाट निःसृत अनुभूति र अनुभवले साँच्चि नै 'म को हुँ' को बोधलाई साक्षात्कार गराइदिने पल र क्षण पनि त्यत्तिकै सत्य हो भन्ने मेरो पनि ठहर छ। यसैले लेखकले अभिव्यक्त गरेको जीवनस्रोतबाट धार्मिकता प्रवाहित भएको हुन्छ भने शब्दस्रोतबाट धर्मग्रन्थ निर्माण हुन्छ भन्ने आशयले मलाई अहिलेसम्म तरङ्‌गित बनाइरहेको छ। मैले ध्यान समाधिको यात्रा गरिरहँदा हुने अनुभूति लेखकमा पनि सल्बलाएको पाएँ। यसैले लेखक भन्छन्ः शब्दहरूले बिदा लिएपछि मन अमन हुँदो रहेछ। शब्दखेलबाट बिदा लिएर सनातन मौनको मुखिया बनेपछि अध्यात्मको मूलधारमा बजेको स्तुतिगानको सुसेली सुनिँदो रहेछ (पृ.५७)। लेखकको अनुभव बोल्दछः आफूभित्रको सगरमाथा देख्दैन र भूगोलको चुचुरो चुम्दछ। मस्तिष्कको पूर्णिमा चिन्दैन र चन्द्रयानमा चाँदनी खोजिरहेछ (६१)।

जीवन भोग्दै गर्दा थाहा नपाएका र पछि जीवनबोधीय अनुभवको अनुभूतिलाई अभिव्यक्त गर्दा लेखनशैलीले ठाउँठाउँमा अज्ञात भूतकाल 'रहेछ' मा प्रवेश गरेको देखिन्छ। त्यो शैलीले पनि मलाई स्पर्श गरिरहेको छ। हामी निदायौँ भने त्यो क्षण थाहा पाउँदैनौँ। निदाएर ब्युँझिएपछि मात्र थाहा पाउँछौँ र भन्छौँ, ए ...! म त निदाएछु। वा निदाएको कुरा ब्युँझिएपछि वर्तमानमा मात्र थाहा पाइन्छ। त्यस्तै लेखकले आफ्नै जीवनबोधका गहन अनुभवलाई पनि 'यस्तो हुने रहेछ' भन्दै पाठकसँग मिठो कुराकानीको शैलीमा पस्किरहेका छन्। यो शैलीले लेखनीलाई गहन, कोमल र सौन्दर्यात्मक बनाएको छ।

o–o–o



समालोचना

# ज्ञानू पाण्डेको नैबन्धिक स्वर र सामर्थ्य

*प्रमोद प्रधान*




ज्ञानू पाण्डे नेपाली साहित्य जगत्मा अपरिचित नाम होइन। काठमाडौँको इन्द्रचोक क्षेत्रमा जन्मिएकी उनको पहिलो परिचय भने समालोचकको रूपमा रहेको छ । उनको फुटकर लेखनयात्रा धेरै अघि सुरु भए पनि कृतिकारका रूपमा भने उनी २०६२ सालमा पहिलो पल्ट देखा परिन् । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद (२०६२), विकीर्ण अनुशीलन (२०६८) र नेपाली उपन्यासमा लैङ्गिकता (२०६९) शीर्षकका समालोचनाकृतिहरूले उनको समालोचक-व्यक्तित्वको परिचय दिन्छन्। यस अतिरिक्त उनी नारी साहित्यकारको विधागत इतिहास (२०६२) की सहलेखिका हुन् भने उनको सम्पादनमा नेपाली महिला कथाकार (भाग २, २०७०) र समकालीन पाश्चात्य समालोचना सिद्धान्तका प्रणेताहरू (२०७४) जस्ता ग्रन्थ पनि प्रकाशित छन्। नेपाली भाषा-साहित्यको प्राध्यापनमा जीवन समर्पण गरेकी पाण्डेले सिर्जनाको क्षेत्र भने निबन्धलाई बनाइन्। यहाँ चर्चा गर्न लागिएको पनि उनको 'निबन्धकार-व्यक्तित्व'को हो।

लेखनयात्राको धेरै लामो समयपछि बल्ल पाण्डेको निबन्धसङ्ग्रह **जीवनको अभिनन्दन** २०७९ सालमा प्रकाशित भएको छ, जसमा एघार निबन्ध सङ्गृहीत छन्। उनले निबन्ध लेख्न थालेको ५० को दशकदेखि नै भए पनि पुस्तक प्रकाशन भने धेरै नै ढिलो भएको देखिन्छ। यस तथ्यलाई उनले निबन्धसङ्ग्रहको भूमिकामै स्विकारेकी छन्ः

*पचासको दशकबाटै निबन्ध विधामा (पनि) कलम चलाउन सुरु गरिसकेकी हुँ, तर पनि पुस्तक प्रकाशित गर्न विलम्ब गरेँ । किन होला ? पाठकको जिज्ञासा हुनसक्छ मप्रति । तर यसबारे यहाँ अहिले म केही भन्दिनँ* (पृ. १६६) ।

**जीवनको अभिनन्दन** कृतिभित्र 'ऊ मेरो अमुक प्रेमी', 'विरोधाभासको मिठो तनाव', 'बन्दाबन्दीको उन्मुक्ति', 'भूकम्पको भयमा उच्छलित अनुभूतिका तरङ्गहरू', 'पाठकको सत्ता', 'सङ्क्रमणको प्रशिक्षा', 'स्मृतिबिम्बमा अमेरिका', 'निर्बन्ध नायिकाको महाप्रस्थान', 'त्यहाँ म केवल छोरी मात्र बाँकी रहन्छु', 'भगवान्...?' र 'जीवनको अभिनन्दन' । यस कृतिमा भएका निबन्धहरूको प्रमुख विशेषता भनेको जीवनप्रतिको सकारात्मक दृष्टिकोण हो । पुस्तकको नामकरण नै पुस्तकको अन्त्यमा रहेको निबन्धको शीर्षकबाट गरिएको छ । यसका अतिरिक्त स्व–अस्तित्वबोध, प्राणीहरूप्रतिको समभाव, अध्यात्म चेतना आदि उनका निबन्धका विषय बनेका छन् । यसमा भएका निबन्धहरू विषयकेन्द्रित, घटनाकेन्द्रित, व्यक्तिकेन्द्रित र यात्राकेन्द्रित रहेका छन् । त्यसो भए पनि उनी सकेसम्म आत्मपरकतालाई अँगालेर आफ्ना विचार, धारणा, तर्क र अनुभूतिहरू निबन्धहरूमा प्रकट गर्छिन् । त्यही विशिष्ट अनुभूति र महत्त्वपूर्ण चिन्तनले ज्ञानू पाण्डेका निबन्धलाई पाठकप्रिय बनाएको छ ।

यसमा भएको पहिलो निबन्ध 'ऊ मेरो अमुक प्रेमी' सङ्ग्रहकै सबैभन्दा महत्त्वपूर्ण निबन्ध हो । विषय र प्रस्तुतिका कारण यस निबन्धले पाठकलाई अन्त्यसम्मै बाँधिराख्छ । 'को हो त अमुक प्रेमी ?' भन्ने कुतूहलले पाठक निबन्धका पाना पल्टाउँदै जान्छ र अन्त्यमा त्यो अमुक प्रेमी लेखक आफै भएको थाहा पाएपछि छक्क पर्छ । लैनसिंह वाङदेलको एउटा यात्रानिबन्ध 'सायद उनले मलाई बिर्सेकी छैनन्' मा पनि यस्तै शैली पाइन्छ, जुन निबन्ध **रोमको एउटा फूल र पेरिसको एउटा काँडा** यात्रा निबन्धकृतिभित्र रहेको छ । यस निबन्धमा लेखकको अस्तित्ववादी चेतना र स्वअस्तित्वबोध प्रखर रूपमा प्रकट भएको छ । यस निबन्धभित्र गहिरो जीवन–दर्शन पनि रहेको छ । वास्तवमा भने पनि, नभने पनि मानिस सबैभन्दा बढी आफैलाई माया गर्छ, प्रेम गर्छ । यस निबन्धमा उनी पूर्वीय दार्शनिक चेतनाबाट पनि प्रभावित देखिन्छिन् । उनले निबन्धको अन्त्यमा भनेकी छन्ः

*ऊ बेहिसाबसित प्रेम गर्छ मलाई । मसितको उसको प्रेम, त्यस्तो महान् प्रेम जसमा स्वार्थको कुनै कण छैन । बिलकुल निस्स्वार्थ, निष्कलङ्क, निश्छल प्रेरणाको ऊर्जा ऊ मेरो जीवनको । कहिल्यै बासी नहुने, कहिल्यै 'हिजो' नबन्ने विश्वासको अविरल वर्तमान हो ऊ मेरो । ऊ मेरो अमुक प्रेमी ! म उसलाई जति माया अरू कसैलाई गर्दिनँ, गर्न सक्तिनँ । ऊ त मेरो म हो । म आफूलाई भन्दा बढी माया अरूलाई कसरी गर्न सक्छु र ?* (पृ.२२)

सङ्ग्रहकै नामकरण गरिएको अन्तिम निबन्ध 'जीवनको अभिनन्दन' यस सङ्ग्रहको अर्को प्रभावशाली निबन्ध हो, जसमा उनका जीवनसम्बन्धी दृष्टिकोण, धारणा र चिन्तनहरू पाइन्छन् । आत्महत्या गरेका गुरुका नाममा कलेजमा आयोजना गरिएको शोकसभाको स्मरण गर्दै उनी जीवनको चिन्तन गरिरहन्छिन् । उनी कामुको स्वरमा स्वर मिलाउँदै 'आत्महत्यालाई कुनै पनि दर्शन, चिन्तन र तर्कले चिर्न नसकिने' धारणा राख्छिन् । उनी मृत्युपछिको मुक्तिमा विश्वास गर्दिनन् । एकबार पाइने जुनीलाई सार्थक र सुन्दर बनाउनुपर्नेमा उनको जोड छ । मानिसको जीवन दुःख–सुख, आँसु–हाँसो, पीडा–आनन्द, धोका–प्रेम, घात–प्रतिघात, अपमान–सम्मान, आफन्त–पराई यी सबैबाट घेरिएको छ । यो यथार्थ हो । त्यसैले दुःख, आँसु, पीडा, धोका, घात, अपमान, समस्या, अप्ठ्यारा आउँदैमा जीवनबाट भाग्नु हुँदैन, त्यसमाथि विजय प्राप्त गर्दै अघि बढ्नुपर्छ भन्ने विचार उनको निबन्धको निष्कर्ष देखिन्छ । जीवनको यही मर्मलाई बोध गर्दै उनी भन्छिन्ः

*सबैभन्दा डरलाग्दो कुरा जीवनमा मृत्यु अवश्यम्भावी छ । तर पनि मज्जालाग्दो कुरा के हो भने मृत्यु छ र अर्थ छ जीवनको ! मृत्यु छ र त केही न केही गरिरहन सधैँ हतारो छ हामीलाई !* (पृ. १५९–१६०) ।

यस निबन्धका अतिरिक्त 'विरोधाभासको मिठो तनाव', 'बन्दाबन्दीको उन्मुक्ति', 'भूकम्पको भयमा उच्छलित अनुभूतिका तरङ्गहरू' र 'सङ्क्रमणको प्रशिक्षा' शीर्षकका निबन्धहरूमा पनि उनका जीवनबोधी चिन्तन पाइन्छन् । यही चिन्तनले उनको निबन्धशक्ति प्रखर हुन पुगेको छ । आफ्नै विद्यार्थीलाई सम्बोधन गर्दै लेखिएको उनको अर्को निबन्ध ' विरोधाभासको मिठो तनाव'मा पनि जीवनप्रतिको उनको चिन्तनले निरन्तरता पाएको छ । जीवन 'सरल शास्त्र' नभएको उनको निष्कर्ष छ । जीवनको गणित कठिन र अमूर्त भएको उनको विश्लेषण छ । हुन पनि सबै मानिसका आआफ्ना कथा छन्, व्यथा छन् । कसैको कथा–व्यथा अर्कोसँग मिल्दैन । जीवनप्रतिको उनको चिन्तन प्रायः सबै निबन्धहरूमा कुनै न कुनै रूपमा प्रकट भएका छन् । सङ्ग्रहको छैटौँ निबन्ध 'सङ्क्रमणको प्रशिक्षा' को पहिलो पङ्क्ति नै जीवनबारेको धारणाबाट सुरु भएको छ । उनी भन्छिन्, जीवनको विश्वविद्यालयमा आफूखुसी विषय रोज्न नपाइने रहेछ (पृ. ८६) । वास्तवमा, जीवनको सत्य नै यही हो । विद्यालय या कलेजहरूमा विभिन्न विषय पढाउनका लागि बनाइएको समय–तालिकाजस्तो जीवन हुँदो रहेनछ । यो सत्यलाई नबुझ्दा वा बुझ्ने प्रयास नगर्दा मानिस जीवनबाट हार मान्न पुग्छ ।

यसमा भएका 'निर्बन्ध नायिकाको महाप्रस्थान' र 'त्यहाँ म केवल छोरी मात्र बाँकी रहन्छु' व्यक्तिकेन्द्रित निबन्ध हुन् । 'निर्बन्ध नायिकाको महाप्रस्थान' मा आफ्नो गुरु, नेपाली

साहित्यका विशिष्ट स्रष्टा वानीरा गिरिका आनीबानी, जीवनशैलीसहित उनीसँगका सम्बन्धलाई आत्मीय ढङ्गले प्रस्तुत गरिएको छ । वानीरा गिरि (२००३-२०७८) नेपाली साहित्यकी एक विशिष्ट व्यक्तित्व ! कविता, उपन्यास र निबन्धका क्षेत्रमा उनको योगदान आफैमा अत्यन्त महत्त्वपूर्ण रहेको छ । उनलाई कतिपयले घमन्डी भने पनि वास्तवमा उनी घमन्डी होइन, स्वाभिमानी थिइन् । तथापि, उनी निश्चित रूपमा फरक थिइन्, बेग्लै थिइन्, जसरी उनी लेखनमा अरूभन्दा फरक र विशिष्ट थिइन् । यस निबन्धका माध्यमबाट निबन्धकार पाण्डेले एकातिर उनको व्यक्तित्वका छोपिएका पाटाहरूलाई उजागर गरेकी छन् भने अर्कोतिर उनको सिर्जनात्मक योगदानलाई स्पष्टसँग पाठकसामु राखिदिएकी छन् । एक अर्थमा यो निबन्ध उनको गुरूप्रतिको सम्मान पनि हो । उनकै अर्को व्यक्ति–निबन्ध 'त्यहाँ म केवल छोरी मात्र बाँकी रहन्छु' पिता पोषण पाण्डेप्रतिको उनको श्रद्धा र सम्मानको अभिव्यक्ति मात्र नभएर आत्मीय भावको सिर्जनात्मक अभिव्यक्ति पनि हो । पोषण पाण्डे नेपाली साहित्यमा विशिष्ट कवि र कथाकारका रूपमा स्थापित विशिष्ट स्रष्टा ! एउटा विशिष्ट स्रष्टाको सन्तानको रूपमा जन्मन पाउनु नै अहोभाग्य ! त्यसमाथि ज्ञानू पाण्डे आफ्ना पिताको उत्तराधिकारी पनि हुन् । फरक यत्ति मात्र हो, पोषण पाण्डेले कथा र कविताका क्षेत्रमा आफूलाई समर्पित गरे भने ज्ञानू पाण्डेले निबन्ध र समालोचना विधामा । ज्ञानू पिताबाट प्रभावित छिन् । उनी पितालाई 'आबुवा' भनेर सम्बोधन गर्ने गर्थिन् । यस निबन्धमा पनि उनले त्यही सम्बोधन गरेर पिताप्रतिको हार्दिकता र आत्मीयतालाई पुनः प्रदर्शन गरेकी छन् । उनी भन्छिन्:

*आबुवा घरीघरी अक्षर बनेर चिहाउन आउनुहुन्छ मलाई । म रमाएको बेला मुस्कुराउनुहुन्छ । हतासिएको बेला, उदासिएको बेला आबुवा मलाई थुमथुम्याउनुहुन्छ (पृ.१३५) । ...म जबजब आबुवाबारे केही लेख्न बसेकी हुन्छु, सधैँ म एउटा बेग्लै किसिमको अलौकिक आनन्दको संसारमा आफू अवतरित हुन पुगेको भेट्छु । एउटा बेग्लै किसिमको दिव्याभासको अनुभूति आफूभित्र सलबलाएको स्पष्ट महसुस गर्छु । त्यहाँ म प्राध्यापक रहन्न, डाक्टर रहन्न । लेखक-अन्वेषक केही पनि हुन्न । वक्ता व्याख्याता त झन् पटक्कै हुँदिनँ; हुन सक्तिनँ । हुन्छु त त्यहाँ म केवल छोरी मात्र हुन्छु ! त्यहाँ म निक्खर एउटी अबोध छोरी मात्र बाँकी रहन्छु ! आबुवाकी उही छोरी, जो पाइला पाइलामा आबुवालाई खोज्छे । आबुवालाई भेट्छे । आबुवालाई सुन्छे र आबुवाबाट सिक्छे । र, आबुवाकै बाटो पछ्याउँदै लेखक बन्न उत्सुक हुन्छे; हरदम उत्सुक भइरहन्छे* (पृ.१४१) ।

निबन्धकृतिमा समावेश गरिएका अन्य दुई निबन्ध 'पाठकको सत्ता' र 'भगवान्: ?' मा पनि उनका विचार र तर्कहरू प्रभावकारी रूपमा प्रस्तुत छन् । 'पाठकको सत्ता' मा

उनको समालोचक-व्यक्तित्वको स्पष्ट छाप पाइन्छ । उनी लेखकजत्तिकै पाठकलाई पनि महत्त्वपूर्ण मान्छिन् । परम्परागत सोचाइ भएका मानिसहरू वा कतिपय लेखकहरू नै पनि पाठकलाई महत्त्व दिँदैनन् । उनीहरू 'लेखक नै सर्वस्व हुन्' भन्ने भ्रमपूर्ण चिन्तनबाट ग्रसित छन् । यसबारे निबन्धकार पाण्डे कुनै पनि किसिमको दुबिधामा छैनन्, स्पष्ट छन् । यो स्पष्टता पनि उनको नैबन्धिक स्वरको एउटा महत्त्वपूर्ण सामर्थ्य हो भन्ने मलाई लाग्छ । उनी भन्छिन्ः

*केही लेखूँ, केही पोखूँ भन्ने भाव मनमा स्फुरित भई एउटा लेखक जब कलम उठाउँछ, उसको सिर्जनामा पहिलो हरफदेखि नै पाठकचेत (पनि) सक्रिय हुन सुरु भैसकेको हुन्छ । लेखकभित्रको सर्जकचेत र पाठकचेतको सम्मिलन नै लेखनको ध्यानावस्था हो । त्यस्तो ध्यानमा बसेको बेला प्रायः लेखक बाहिरी दुनियाँसँग लगभग बेखबरको अवस्थामा हुन्छ । ऊ आफैभित्रको पाठकसित मौन संवाद र अन्तरक्रिया गर्दै आफ्नो सिर्जनालाई सुन्दर आकार दिन अभिलिप्त भएर लागिरहेको हुन्छ* (पृ. ७४) ।

वास्तवमा पाण्डेका लागि लेखन अत्यन्त गम्भीर र जिम्मेवारीपूर्ण विषय हो भन्ने तथ्यलाई पनि माथिका हरफहरूले प्रमाणित गर्छन् ।

उनको 'भगवान्ः ?' शीर्षकको अर्को रचना त्यस्तो निबन्ध हो, जसमा उनले आफ्ना विचार, धारणा र चिन्तनलाई तार्किकताका साथ प्रस्तुत गरेकी छन् । भगवान् छ कि छैन ? भन्ने विषयमा विश्व दुई भागमा विभाजित छ । यस्तो अवस्थामा भगवान्को आकार र निराकार दुई स्वरूपका बारे प्रशस्त विमर्शहरू हुँदै आएका छन् । ज्ञानू पाण्डेको धारणामा भगवान् छन् र त्यो मानिसभित्र नै छन् । उनी आफू आस्तिक भएकोमा शङ्का नगर्न भन्छिन् । तर मठ, मन्दिर, देवल, धाममा देवदेवी खोज्ने कुरामा भने उनको रत्तीभर विश्वास छैन । आफूले पाप गरेर त्यसबाट मुक्त हुन देवदेवी गुहार्ने मानवीय प्रवृत्तिप्रति उनको पूर्ण असहमति छ । यसबाट के बुझिन्छ भने निबन्धकार पाण्डे ईश्वर निराकार स्वरूपमा रहन्छ र त्यो व्यक्तिको आफ्नै अन्तहृदयमा हुन्छ भन्नेमा विश्वास गर्छिन् ।

कोरोना त्रासदीका क्षणलाई सम्झेर लेखिएका 'बन्दाबन्दीको उन्मुक्ति' र 'सङ्क्रमणको प्रशिक्षा'मध्ये पहिलोले निबन्धकारलाई कोरोनाले सङ्क्रमण गरेपछिको अवस्था र मनस्थितिलाई प्रकाश पारेको छ भने दोस्रोले त्यस्तो समयलाई पनि मानिसले उपयोगी ढङ्गबाट लिन सक्छ र हेर्न सकिन्छ भन्ने दृष्टान्त प्रस्तुत गरेको छ । पाण्डेभित्रको सकारात्मक दृष्टिकोण 'सङ्क्रमणको प्रशिक्षा' निबन्धमा पनि यथेष्ट रूपमा पाउन सकिन्छ । 'स्मृतिविम्बमा अमेरिका' भने यात्रानिबन्ध हो । माथि उल्लिखित तीनै निबन्धको विषय फरक फरक भए पनि यी सबै परिवारसँग जोडिएका निबन्ध हुन् । यी निबन्धहरूमा

परिवारभित्र रहेको प्रगाढ सम्बन्धको दृश्य पनि भेटिन्छन् । 'भूकम्पको भयमा उच्छलित अनुभूतिका तरङ्गहरू' २०७२ को भूकम्प-त्रासदीको संस्मरणात्मक निबन्ध हो ।

निबन्धकार ज्ञानू पाण्डेको निबन्धगत विशेषताहरूको चर्चा गर्ने हो भने सामान्य कुरा वा घटनाबाट उठान गरी गहन विषयको प्रस्तुति, वैयक्तिक अनुभव र अनुभूतिहरूको प्रकटीकरण, काव्यिक भाषाको प्रयोगलाई लिन सकिन्छ । निबन्धका विषय विविध भए पनि कतिपय निबन्धमा जीवनसम्बन्धी चिन्तन र विचारहरू अत्यन्त महत्त्वका साथ प्रस्तुत हुनु उनका निबन्धगत विशेषता मान्नुपर्छ । उनका निबन्धहरूमा जीवनबोधी चिन्तन पाइन्छन् । यही चिन्तनले उनको निबन्धशक्ति प्रखर हुन पुगेको छ । यो नै उनको नैबन्धिक स्वर र सामर्थ्य पनि हो । उनले केही निबन्धहरूमा सम्बोधन-शैलीको प्रयोग गरेकी छन् । पहिलो निबन्धमा उनले 'पाठक' लाई सम्बोधन गरेकी छन् भने अन्य केही निबन्धमा 'विद्यार्थी', ' आबुवा' र 'तिमी' भनेर सम्बोधन गरिएका छन् । यस्तो सम्बोधनले स्रष्टा र पाठकबिच संवादको अवस्था सिर्जना गर्छ र पठनप्रक्रियामा घनिष्ठ सम्बन्ध बन्न पुग्छ ।

उनका सबैजसो निबन्धमा पाइने विशिष्ट विचार र भनाइहरू उनको चिन्तन र भाषिक क्षमता दुवैका प्रमाण हुन् । तलका पङ्क्तिहरू यसका उदाहरण हुन् भन्न सकिन्छः

*जीवनमा जबजब लस्कर बाँधेर प्रश्नहरू मसित जोरी खोज्न आउँछन्, त्यस्तो अवस्था मलाई अत्यन्तै रोमाञ्चक लाग्छ...! यद्यपि उठेका, उठाइएका सबै प्रश्नहरूको उत्तर भेट्टाउन सम्भव छैन जीवनमा, यो यथार्थ आफ्नो ठाउँमा छ नै, तर पनि प्रश्नहरूको लखेटाइ मलाई औधी सम्मोहक लाग्छ । वास्तवमा प्रश्नहरूको लखेटाइका कारण उत्तरको खोजी गर्ने उद्वेलन मनमा जसरी जागृत हुन्छ, त्यो जागृति आफैमा एउटा मिठो आनन्दको अनुभूति हो ।* ('विरोधाभासको मिठो तनाव', पृ. ३३-३४)

*प्रत्येक क्षण आफ्नै भाग्यको आयु चपाउँदै जीवनमा निरन्तर अगाडि बढिरहनुपर्ने नियति च्यापेर आएका हामी मान्छेले जीवनमा सधैँ सबै कुरा मिलेकैमिलेको मात्र देख्नु-हेर्न खोज्नु कहाँ सुहाउने कुरा हुन्छ र ?* ('विरोधाभासको मिठो तनाव', पृ. ३६)

*जीवनको वास्तविक सौन्दर्य अर्थात् यसभित्र अन्तर्निहित सम्भावनाका अनेक रङहरू, ज्ञानहरू, गुणहरू ! हो, यी सब कुराहरू चरम विपत्का घडीमै सलबलाउन आइपुग्छन् हाम्रो चेतनामा । वास्तवमा विपत् ठुलो पाठ हो जीवनको ।* ('भूकम्पको भयमा उच्छलित अनुभूतिका तरङ्गहरू', पृ. ६३)

सङ्क्षेपमा भन्नुपर्दा, ज्ञानू पाण्डेका निबन्धहरूमा उनको अध्ययन, चिन्तन र दृष्टिकोणको समन्वित रूप भेटिन्छ ।

०-०-०

समालोचना



# राष्ट्रकवि घिमिरेको अपूर्ण 'गोविन्द' महाकाव्य र 'ऋतम्भरा'को प्रसङ्ग

*डा. कृष्णराज डी. सी.*




## आत्मनिवेदन

महाकाव्यकार माधव घिमिरे वि.सं. १९७६-२०७७ नेपाली साहित्यका शिखर पुरुष हुन् । उनले वि.सं. २००२ मा 'गोविन्द' महाकाव्य रचना गर्न थालेका थिए । तर अचानक २००४ मा उनकी धर्मपत्नी गौरीको असामयिक निधनले गर्दा महाकाव्यकार घिमिरेको आन्तरिक दुनियाँमा विशेष आगलागी भयो । उनी महाकाव्य लेखनबाट अलग रहेर फुटकर कविता र शोककाव्यको रचनातर्फ लागे । घिमिरेको लोकप्रिय शोककाव्य 'गौरी' घिमिरेले आफ्नी २२ वर्षे धर्मपत्नी गौरीको दुःखद निधनमा रचना गरेका थिए । महाकाव्य रचना गर्ने सपना घिमिरेले २००२ सालमै देखेका थिए भन्ने प्रमाणका रूपमा उनको **गोविन्द महाकाव्य**को पहिलो सर्गलाई यहाँ प्रस्तुत गरिएको छ; जस्तैः

ब्यूँझ्यो भारत नै झल्याँस्स पहिलो झूल्का मिली ज्ञानको
गौरीशंकरमा झुलुक्क पहिलो झूल्का पर्‍यो घामको
पोती पूर्व सुवर्णको तपकले हाँसिन् उषा सुन्दरी
स्वर्गङ्गा वन चौर मन्तिर झरिन् पानी भरी सुस्तरी
॥ १ ॥

आहा त्यो दिनदेखि हुन्छ, पहिले मिर्मिर् उज्यालो यहीँ
देखाएर नयाँ विचार पहिले झुल्कन्छ तारा यहीँ
सारा लोक विहार गर्न पहिले आत्मा यहीँ झर्दछ
द्यौताको पनि स्वर्गबाट पहिले आँखा यहीँ पर्दछ
॥ २ ॥

पाखा जङ्गल खेतचौर चुचुरा खाल्डा कुना सम्थर
झुल्का मूल अहाल ताल छहरा खोला नदी सागर
छाया घाम झरी र फूल फलको वैचित्र्यले शोभित
बाह्रैमास रमाइलो, दश दिशा गुल्जार भो भारत
॥ ३ ॥
पाई-पाइन धातु रत्न सुनको माटो छ राम्रो धनी
ताजा तागतिलो हवा छ भरिई श्रीखण्ड सञ्जीवनी
छायामा वन कुञ्जमा वगरमा सोचिन्छ नौला कुरा
सङ्लो शान्ति, नमैलिने छवि लिने छन् कन्दरा टाकुरा
॥ ४ ॥
हाम्रो भारत कर्म भूमि, मनमा छन् धर्मका आँकुरा
सारा फल्दछ स्वर्गमाथि यसमा रोपिन्छ जो जो कुरा
त्यो भोगस्थल स्वर्गबाट महिमा गाएर द्यौता पनि
झर्छन् कर्म गरौँ भनेर यसमै ठूला महात्मा बनी
॥ ५ ॥
ओर्लन्छन् भगवान् लिएर मुरली आनन्द बर्साउन
घन्की 'उठ्तछन्' पाञ्चजन्य उनको अन्याय तर्साउन
केही खल्बल मच्चिँदैन भगवान् छन् खालि हाम्रा बल
हाम्रो भारत प्रेमभूमि, उनकै हो नित्य लीलास्थल
॥ ६ ॥
चारै आश्रममा क्रमैसित चढी बाटो बनाईकन
चारै वर्ण मिलेर कर्म जति हो बन्डा लगाईकन
चारै वर्ण गरी अनन्त सुखले पूरा हुने जीवन
चारै जो जुगबाट भारत लिने नाना अनौठापन
॥ ७ ॥
लाग्यो सत्ययुगी प्रभात, कुटिया आए धुवाँईकन
गाए सुन्दर सामगान ऋषिले घन्क्यो तपस्यावन
सामा जौ करु-खोरिया वरिपरी गाई चराईकन
पानी बादल घामबाट बटुले घोके ऋचा पावन
॥ ८ ॥

थुङ्गामा मह अन्नमा सह थियो बाना थिए बल्कल
राखी संयम देहमा बल थियो, आभा थियो निर्मल
मिल्ती मानसमा थियो, सुख थियो, सत् कत्ति छाड्दैनथे
टाढा स्वर्ग थिएन फेरि घरमा द्यौता स्वयं आउँथे
॥ ९ ॥
चारै वेद पढीसकेर घरमा पस्थे गृहस्थी बनी
सारा कर्म गरी सकेर वनमै जान्थे छहारीमनी
लाई दीर्घ समाधि काल सजिलै बाँधी गुफामन्तिर
मिल्थे आखिर अन्धकार परको फुक्का उज्यालोतिर
॥ १० ॥
गोरेटाहरू उघ्रिए, युग फिऱ्यो बढ्दै गए मानिस
केही दक्षिणतर्फ वानर रहे, धेरै उता राक्षस
फाँडी ताड अहल्य जङ्गल हली लाग्ने बिरौटा बने
आधा जङ्गल देखिने गगनमा उक्लेर हेऱ्यो भने
॥ ११ ॥
झोलिन्थ्यो जलबाट स्वर्ग भुइँमा नेत्राग्नि धुवाँ उडी
जोरिन्थे सुखदुःखबाट घरका कोठा वनैया-कुटी
तत्त्वज्ञान सिकाउँथे जनक जो राज्यै गरे तापनि
विश्वामित्र सिकाउँथे धनु भई अध्यात्मवेत्ता पनि
॥ १२ ॥
आत्मापालन मान्यको छ घरमा मिल्ती छ भाईसित
आत्मा मिल्दछ मीतसाथ, कुहुनो जोरिन्छ वैरीसित
'के भन्ला नरलोकले डर यही, त्यो एक पत्नीवृत
फैलाए तब रामराज्य भगवान् श्रीरामले उन्नत
॥ १३ ॥
लाग्यो भारत देखिए दश दिशा सारा उधारा स्थल
लाखौँ मानिस, लेनदेन सुखका, नाना कला कौशल
बेपारी दुनियाँ बन्यो सडकमा बग्गी र गाडा लडे
टाढासम्म छ खोजखाज, जलमा जहाज ढुङ्गा बजे
॥ १४ ॥

आफै देखिन खोज्छ आज दुनियाँ चौडा उज्यालोतिर
`कोभन्दा कम को छ ? तुजुकले कल्लाई को गन्छ र
लागे छुट्टिन दाजुभाइ घरमा ढोका दशौटा बढे
टुक्र्याई भुइँलाई अस्त्र बलले राजा रजौटा बढे
॥ १५ ॥
ताकाताक छ अस्त्रशस्त्रहरुको पारी बडो थर्थर
तानातान छ धर्मकर्महरु छन् सन्देहले धर्मर
बोक्रा बाहिर मात्र, भित्र धमिरा, संस्कार दुर्भार छ
कल्लाई तह लाउने र कसले ? सारा असंभार छ
॥ १६ ॥
पृथ्वीमा मथुरापुरी त्यस घरि भारी अँध्यारो थियो
मैमत्तू खल कंस दैत्यदलको राजा बनेको थियो
बाबालाइ नवाव बन्न त्यसले गद्दी उतारी दियो
होच्याई यदुवंशलाइ गफका सर्दार आफ्नै लियो
॥ १७ ॥
स्वाहाकार सुनिन्नथ्यो न त झरी बाली भरी पर्दथ्यो
मेटिन्थ्यो अनिकाल त्यो न त कुनै अड्को कतै टर्दथ्यो
छारो बुङ्ग उडाउँदै दिनभरी चल्थ्यो हुरी हुन्हुन
रुन्थे कुक्कुर रातिराति नानिका दोसाँत डाकीनन
॥ १८ ॥
बच्चालाई निमोठ्छ कंस निठुरी, आमा कठै देवकी
पाउन्नन् रुनसम्म नै मुटु मिची रोक्छिन् त्यसै घुँक्घुकी
गाईरूप लिएर हाई ! पृथिवी बाँधेर डामेसरी
माग्छिन् ईश्वरको मुहार नभमा हेरेर बाँ–बाँ गरी
॥ १९ ॥
आधारात पुगेर भाद्र पदको कृष्णाष्टमीको दिन
बर्स्यो बादल स्वर्गबाट करुणा पग्लेसरी रिम्झिम
धाराकार झरेर देवहरूले घेरेर काराघर
लागे मंगल–गान गर्न बिजुली नाच्यो सबैको घर
॥ २० ॥

क्या राम्रोसित देवकी बिनुव्यथा आफै हलुङ्गी भईन्
थापी माथ लिएर स्वर्ग गरिमा पृथ्वी गरुङ्गी भईन्
सारा भारत भक्तको हृद यो सौभाग्य तारासरी
आतारी भगवान् अहा, चहकिए कारा उज्यालो गरी
॥ २१ ॥
'धर्मै मात्र भएर पाप नभए मेरो यहाँ पेटमा
बोल्ने छन् भगवान स्वयं प्रकट भै मैबाट संसारमा
भन्दै दुःख सही त्यसै चुप रही बस्थिन् कठै देवकी
विश्वात्मा हरि पेटबाट उनकै जन्मे नभन्दै हकि !
॥ २२ ॥
'मेरा दूध चुसी-चुसी उदरका गर्थ्यौ तिमी चल्मल
ओर्ली पुष्पविमानबाट सपना देखाउँथ्यौ झल्झल
आमा ! नेलगले अँगाल अब ता आएँ नि भन्थ्यौं कहि !
आऊ बा अब काखमा बस ! भनी लिन्छिन् अहा देवकी
॥ २३ ॥
'मेरो गर्दछ हेर को र अहिले ? रामे उही एक छ
आँखा लाख छली छलिन्न सबको साक्षी उही देख्दछ,
भन्दे श्री वसुदेव आँसु गहमा राखेर आकाशमा
हेर्थे कृष्ण बनेर राम उनका आएर त्यो काखमा
॥ २४ ॥
माया मोह मडारियो नजरमा हेरेर साना हरि
आमाबाबु बसे मुखामुख गरी हाँसूँ कि हाँसूँ सरी
झस्के फेरि झसक्क बाहिरि यसो हेरी अँध्यारोतिर
मानो निष्ठुर कंसको अमिट त्यो छाया छ चारैतिर
॥ २५ ॥
कोखी घाउ उकाल्लिएर अधिका छाती त्यसै दग्दछन्
ख्वाऊँ च्वाट्ट सकिन्न हाय ! हिमका धारा दशै बग्दछन्
आई निष्ठुर दाइ पेट पुछुवा छोरो पनि लान्छ कि !
हेर्दै बालकको मुहार कलिलो, रोईन् कठै देवकी
॥ २६ ॥

यो सानो चिचिलो चुँडेर यसरी आमा रुवाईकन
गर्नै पर्दछ व्हैन कंस, कहिल्यै मैले लगी अर्पण
तेरो धर्म तँलाइ होस्, डुबिसक्यो संसार मेरा ! भनी
होला ए वसुदेव आज त्यतिका छोरा गुमाए पनि
॥ २७ ॥
पत्नीलाई पुछेर आँसु पछिको आशा दिलाईकन
मागी बालक सावधान मनले लागे तिनी निस्कन
राखी साहस चित्तभित्र, शिरमा राखी स्वयं ईश्वर
निस्केका जनको निमित्त पथका बाधा हटे दस्तुर
॥ २८ ॥
सुन्दै सिम्सिम गान कान भरियो पोले मजाले झुले
ढोका पट्टलका मिले तर उता ढोका फलामे खुले
कालो बादल झुम्मिई शहरमा ज्वाला निभेको थियो
चम्की केवल बीचबीच विजुली दौडेर टाढा गयो
॥ २९ ॥
फैलाईकन अन्धकारहरूका फुङ्कार चारैतिर
आए पातलबाट शेष, प्रभुको छाएर चौडा फणा
छोऊँ पाउ भनी उठेर यमुना आइन् झुकाइन् शिर
हल्कामा वसुदेव ढल्पल गरी पारी पुगे आखिर
॥ ३० ॥
सुम्पी बालक पुत्रलाई हितका श्रीनन्दको काखमा
रातारात गरी फिरे हरि-पिता माया लिई साथमा
जाली जालिम कंसलाई सजिलै जेली महाजालले
खेले गोकुलमा पुगेर भगवान् गोपालको चालले
॥ ३१ ॥
हज्जारौं घर लाख भीड मथुरा देखिन् उता उत्तर
कोल्टो देश छ एक शान्ति सुखको पोल्टोसरी सुन्दर
सानो गाउँ छ फाट्टफुट्ट घर छन् खेती र गाई धन
कालिन्दीजल शीतलो छ, फलको डालो छ वृन्दावन
॥ ३२ ॥

हाम्रो गोकुललाई चट्ट बिचमै फर्केर हेरीकन
हस्केका वन फाँटलाई हलुको धक्का लगाईकन
पत्ला छाल, तरङ्ग लाल चुनरी, सारी लतरीकन
उर्लन्छिन् यमुना त्यसै खितिखिति हाँसेर कुर्लिकन
॥ ३३ ॥
वर्षा झर्दछ मेघबाट रसिला गाना असारे गरी
नाच्छन् धानकुटी शरत्समयमा गोपी बयलीसरी
झुल्छन् गोगण पूसमास मधुरो पाहार तापीकन
बोलीले भरिनेछ फाँट तटमा आली गारा शोभन
॥ ३४ ॥
पाखामा उखुका गरा, रहरका पाटा, पहेँला पर
बाटामा अनि आँपबाट हरिया हाँगा बगैँचा पर
घोप्ट्याएसरि स्वर्गबाट बटुको घेरा छ टाढातिर
चारैतर्फ हराभरा अमृतले सेचेसरी सुन्दर
॥ ३५ ॥
सन्धीसर्पन गाउँको छ सबको साझा छ वृन्दावन
गोठालाहरू घाँसपात यसमै गर्छन् रमाईकन
राखी गौचर–काखमाथि हरिया डाला लुटाईकन
गाईलाइ बढाउने गिरिजहाँ बोलिन्छ 'गोवर्द्धन'
॥ ३६ ॥
यो सारा वनखेतमा दिनभरी गाना गरी गुन्गुन
हिँड्छन् जाँगरिला किसान रसिला मौरीसरी भुन्भुन
फर्कन्छन् कण धान फूलफूलका बोकेर साखा घर
बस्ती गोकुलको अहा, छ महको चाकासरी सुन्दर
॥ ३७ ॥
बारीमा घरनेर फूल फलले फुल्छन् गरा बेसरी
खुर्सानी अनि सागपात अदुवा मूला हलेदोभरी
थाँत्रा झ्याल लटारिएर कँकरी काँक्राहरू फल्दछन्
तोरीभित्र चलेर बालक लुकामारी गरी खेल्दछन्
॥ ३८ ॥

सारा आँगन छन् अगाडि घरका, दूलो जमी जब्बर
बायाँतर्फ छ गाइगोठा, मलको खाता छ केही पर
मारी पाहुर झुल्दछन् समयले गाई भकारा भरी
बाच्छा बुर्कुसि मार्दछन् चहुरमा उफ्री उपद्रो गरी

॥ ३९ ॥

बारी आँगनको खुला गगनको हवा सधैँ सर्‌सर
भूँई गोबरले लिपेर खरका छाना बनेका घर
त्यो छानामनि तैलदीप मधुरो खाना मजा गोरस
खेतीको गर बात, साँझ सबले घेरी अँगेना बस

॥ ४० ॥

बेहानीपख नै उठेर दहिलो पोतेर पानी भरी
गोठाली लग गर्दछन् घरघरै ढिक्की र जाँतो गरी
गोठाला भरगोठ दूध दुहुँछन् फालीवरी गोबर
बङ्ग्याई शिर दाँत कट्‌कट किटी मथ्छन् दही घर्‌घर

॥ ४१ ॥

हेर्नासाथ झुकेर फेरि हँसिला तेर्छा कुनाले तरी
मारी छेड मसक्क मस्कन गई हिँडछन् ठिटी सुन्दरी
लाई पार रचेर स्वाँग हलुको तारे उता नाच्तछ
आँखा एक गरेर चिम्म किन हो तिल्के यता हाँस्तछ

॥ ४२ ॥

कोदाली र कुटो हलो र हँसिया लाग्ने गराई भिरी
ती हिँड्छन् वनखेतमा दिनभरी मेला र पाता गरी
आउन्नन् झुसिला डकार, छ वडो मीठो सबै भोकमा
निस्कन्नन् ननिका विकार, मन त्यो सोझो सफा प्रेममा

॥ ४३ ॥

झ्वाँला दिन्छ मिलेर घामजलले, सर्दी कि गर्मी खरो
दोहोलो छ जरो परक्क निमठी आलो बुटीको जरो
आँखा बस्नु नरोउँ फुल्नु, मुखका रातापिरा छन् सबै
कामै गर्छ असी पुगे पनि बसी खाला र बूढो कबै

॥ ४४ ॥

प्रस्तुत २००२ सालमा रचित **गोविन्द महाकाव्य**को पहिलो सर्ग महाकाव्यकार घिमिरेले मलाई हस्तान्तरण गर्नुभएको थियो । यो सामग्री हालसम्म अप्रकाशित नै छ । मैले घिमिरेका फुटकर कवितामा त्रि.वि.वि.बाट २०६१ सालमा विद्यावारिधि पूरा गर्ने समयमा यो सामग्रीलाई मेरो शोधप्रबन्धमा समावेश गरेको छु । प्रस्तुत सामग्रीले घिमिरेको महाकाव्य रचनाको सपना २००२ सालमै देखेका थिए भन्ने कुराको पुष्टि हुन्छ । कवि घिमिरे लेखनाथ पौड्याल, बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाका सहयात्री थिए । २००२ सालमा प्रथम आधुनिक महाकाव्यकार लक्ष्मीप्रसाद देवकोटाको 'शाकुन्तल' महाकाव्य प्रकाशनपछि देवकोटाको महाकाव्य रचनाक्रमको बाढी नै आयो । यसैको प्रभाव ग्रहण गरेर घिमिरेले पनि महाकाव्य रचनाको सपना देखेका हुन सक्छन् । कवि घिमिरेले यो पङ्क्तिकारसँग बताएअनुसार गोविन्द भगवान् श्री कृष्णको अर्को नाम हो । द्वापर युगमा भगवान् श्रीकृष्णले गरेको कृष्णलीलाका बारेमा आफूले महाकाव्य रचना गर्ने सपना देखी 'गोविन्द' महाकाव्यको पहिलो सर्ग मात्र रची बाँकी अंश अपूरै रहेको पाइन्छ । तसर्थ, आजीवन काव्यसाधना गरी कवि घिमिरेले नेपाली महाकाव्यका क्षेत्रमा नितान्त मौलिक र नौलो महाकाव्य 'ऋतम्भरा' को रचना गरेको पाइन्छ । प्रस्तुत महाकाव्यमा महाकाव्यकार घिमिरेले भगवान् श्री सूर्यनारायणको विश्वव्यापी शाश्वत सत्यलाई उद्गायन गरेका छन् । मानिसभित्रको अज्ञान र अन्धकारको कालो रातलाई सूर्यनारायणको तेजले हरण गरी हामीलाई चेतनाको उज्यालो प्रदान गर्दछ भन्ने मूलभाव यस महाकाव्यले एकातिर सम्प्रेषण गरेको छ भने अर्कोतिर आर्ष सभ्यता र संस्कृतिको चेतनालाई पनि यसले अगाडि सारेको पाइन्छ । यस महाकाव्यकी प्रमुख नायिका राजा रथवितीकी छोरी ऋतम्भरा हुन् । उनकै नामबाट घिमिरेले यो महाकाव्यको शीर्षकीकरण गरी 'ऋतम्भरा' राखेका छन् । तसर्थ, यो नायिकाप्रधान महाकाव्यजस्तो लागे पनि यसभित्र नायक श्यावश्वको पनि प्रमुख भूमिका रहेको पाइन्छ । ऋग्वेदलाई आधार मानी रचिएको यस महाकाव्यमा महाकाव्यकार घिमिरेले आफूले आजीवन गरेको काव्यसाधनालाई प्रस्तुत गरेका छन् । कवि घिमिरेले स्वयम् 'ऋतम्भरा' महाकाव्यको भूमिकामा भनेका छन् "बाहिर म कवि हुँ तर भित्र म योगी हुँ किनभने मैले सानैमा मेरा बुढा ससुरा तथा मेरी प्रथम धर्मपत्नी गौरीका हजुरबाबाट दर्शन सिकेको हुँ । जसको प्रभाव मेरो जीवनमा पर्न गयो । म प्रकृतिको सुन्दर स्थल मर्स्याङ्दी नदीको किनारमा गौरीशङ्करको काखमा जन्मेको हुँ । प्रकृतिलाई परमेश्वर मान्ने मेरो सानैदेखिको बानी थियो । तसर्थ, मैले आफ्ना गीत र कविताहरूमा प्रकृतिको उच्च महिमागान गरेको छु ।" यसरी बाल्यावस्थादेखि नै घिमिरेमा स्वाभाविक रूपमा प्रकृतिप्रेम र देशप्रेमको भावना जागेको पाइन्छ । आफ्नो माटो र मुटुको महिमागान गर्ने

कवि घिमिरेले विश्वबन्धुत्व र भाइचाराको भावनालाई सदैव आत्मसात् गरे। उनका गीत र कविता तथा गीतिनाटक र खण्डकाव्यहरूमा माटो र मुटुको माया पाइन्छ। जीवनको अन्तिम चरणमा आफ्नो सोह्रसर्गको 'ऋतम्भरा' महाकाव्य रचना गर्ने घिमिरेको चाहना भए पनि २०७७ साल भाद्र २ गते कोरोनाको महामारीले कवि घिमिरेलाई यस पृथ्वीबाट सदाका लागि लिएर गयो। २०७९ सालमा उनी मरेको २ वर्षपछि साझा प्रकाशनले तेह्रसर्गको ' ऋतम्भरा' महाकाव्यको प्रकाशन गऱ्यो। 'गोविन्द' महाकाव्य पहिलो सर्गमै अपूर्ण रहनु र सोह्रसर्ग भनेको ऋतम्भरा पनि तेह्र सर्गमै अपूर्ण रहनुलाई एउटा दुःखद संयोग मान्नुपर्छ।

'ऋतम्भरा' राष्ट्रकवि माधव घिमिरेको साहित्यिक साधनाको चरम परिणतिस्वरूप उनको आसन्न शतायुको चरमबिन्दुमा प्रकाशित शाश्वत प्रज्ञाद्वारा आलोकित दार्शनिक महाकाव्य हो। महाकाव्यकारको भनाइले पनि यो महाकाव्य सजिलै बुझिने खालको लाग्दैन; आँखिभौँ खुम्च्याएर तेस्रो नेत्रलाई झकझक्याउनुपर्छ। 'ऋतम्भरा' नाम हेर्दा नायिकाचरित्र प्रधान रहेको महाकाव्य हो यो भन्न मन लागे पनि पढेर सक्दा नायिका मात्रै होइन नायक पनि आत्मबोधको एकीकृत सत्यका अङ्ग बन्न पुगेका छन्। जीवनको उत्तरार्धमा महाकाव्यकार घिमिरेको महाकाव्य रचना गर्ने सपना उनी आफू मरेपछि मात्र साकार भयो। महाकाव्यकार घिमिरेले ऋग्वेदलाई आधार बनाएर यसको रचना गरेका छन्। महाकाव्यकार घिमिरेले भनेका छन्:

"त्यै नाचिरै'छ भुवनैभरि रम्य रम्यै,
सारा समुद्र लहरैसरि रम्य रम्यै
त्यै हेरिरै'छ सगरैभरिबाट गुप्त
नीहारिकासरि परात्पर व्योमसूत्र।

यो सर्गको सुरुको गीत ज्योति दर्शन हो। यसरी नै १० औँ सर्गको सुरुमा नादानुसन्धान र १२ औँ सर्गको (मान्ड्युक्योपनिषद्मा आधारित) अन्तिम सर्ग आनन्दमा आधारित हुने छ। यो सर्ग वसन्ततिलकामा यो अन्तिम आनन्दको गीतबाहेक सबै लेखिसकिएको छ।

सुखको विषय भौतिकतिर लीन हुन्छ, त्यो क्षणिक हुन्छ, जति धेरै भए पनि त्यसमा सन्तोष आनन्द मिल्दैन। सुखको विषय स्वयं आत्मा नै हो, जीवात्मा, त्यो पनि पूर्ण सुख प्राप्त छैन। प्रज्ञाचक्षुबाट मात्र त्यो हट्दै जान्छ र आखिर जीवात्मा, प्रत्ययात्मा, परमात्मामा मिल्छ। आत्मामा रुक्नु र भिज्नुमा फरक छ। रुक्नु चाहिँ एक किसिमको हुन्छ, भिज्नु चाहिँ आत्मामा नै मिल्नु हुन्छ। जीवात्मामा आत्मा अथवा अमृत भिजेपछि आत्मास्वरूप हुन्छ। वैदिक ऋषिहरूको सिद्धान्त आखिर आत्मा बनेर अमर बन्नुमा आधारित छ। यो आत्मा सुखस्वरूप पनि छ, चित्तस्वरूप अथवा ज्ञानचेतनास्वरूप पनि छ र आनन्दस्वरूप पनि

छ । यस्तो तीनै एकैचोटि प्राप्त गर्नु नै अमरताको आत्मा हो, सविता भित्र बनेपछि आनन्द बन्छ, अर्थात् त्यो स्वयं उद्घाटित हुन्छ । यो मैले १६ औँ सर्गको अन्तिम ४ कविता‍गुच्छको भित्र सच्चिदानन्दबारे प्रकट गर्न खोजेको सुख हो तर समयले साथ नदिएको हुँदा आफ्नो इच्छा अधुरै रहेको कुरा महाकाव्यकार घिमिरेले बताएका छन् ।

त्यसैको दोस्रो श्लोक रात्रि र दिनको बिचमा ध्यान गरिने ज्योतिको हो । त्यो ज्योति बिहानबेलुका जति बढ्दै गयो त्यति नै दुवै पार्श्वमा उज्यालो हुँदै जान्छ । समग्र सत्य, दुवै पार्श्वमा देखिएपछि जगत् पनि एउटै रूप देख्न थाल्दछ । तेस्रो गुच्छमा सहज समाधिको कुरा गरिएको छ । त्यो भगवान्को कृपाले प्राप्त हुने हो । ऋतंभरा सत्य त्यही हो । चौथो श्लोकमा मानिसको भित्र सबैभन्दा माथि अति चेतना, बिचमा सामान्य चेतना र तल भौतिक स्तरमा, अज्ञानको स्तरमा अचेतनको रूपमा रहेको हुन्छ र माथिकोलाई माथिल्लो समुद्र र तलकोलाई तल्लो समुद्रको रूपमा वर्णन गर्न खोजिएको छ । यही कविता‍गुच्छको तेस्रो भागमा घिमिरेले श्यावाश्वका माध्यमद्वारा जिज्ञासुहरूले पनि साधनाद्वारा या भगवान्को कृपाद्वारा समाधि प्राप्त गर्न सकिने कुरा बताएका छन् । उक्त कुरा प्राप्तिपछि मनको सबै विकार निर्मल पारेर मान्छे भगवान्मा मिल्छ भनी घिमिरेले भनेका छन् ।

महाकाव्यकार घिमिरेले वेदका ऋचा, उपनिषद्का श्रुतिवाक्य र पातञ्जल योगसूत्र आदिको अध्ययनबाट र धेरैजसो एकान्त अनुभवबाट यो महाकाव्य रचना गरेको बताएका छन् । यसको साथै प्राचीन ऋषिहरूले वेद र उपनिषद्मा मानव अमर छ भन्ने कुरा गाएका छन् । गीताबाट पनि त्यही कुरा सिद्ध हुन्छ । मैले सौन्दर्यप्रति दृष्टि राखेँ र सत्यप्रति आस्था राखेँ भने एक दिन म भगवान्मा मिल्छु यसैले गर्दा मलाई मृत्युको कुनै चिन्ता छैन। मैले दर्शन पनि पढेको छु तर मलाई स्वानुभूतिमा विश्वास छ कुनै पनि सत्य आत्मासँग नमिलीकन सत्य हुँदैन । ऋषिहरूले बाहिर सूर्यको मन्त्रद्वारा भित्र त्यही स्वानुभूति ज्ञान नै प्राप्त गर्छन् । त्यसो हुनाले महाकाव्यको उत्तरार्धमा 'नाद श्रवण सर्ग', 'ज्योति दर्शन सर्ग' र 'प्रज्ञान सर्ग' मा यिनै कुरा मैले लेखेको छु । म संसारलाई भ्रम मान्दिनँ, तर मान्छेकै कुनै एउटा दृष्टिकोण मात्रै हो भ्रम । आत्माले आत्मालाई देख्नु नै सत्य हो । इन्द्रियले विषयलाई मात्र देख्छन्, हामीले कविता, कला, नृत्य, भगवान्मा श्रद्धा र साधना गर्नुपर्छ ।

भगवान्को दर्शन सबभन्दा भित्रपट्टिको अनुभूति हो र वैश्वस्तरमा ब्रह्माण्डभरि नै फैलिएको सौन्दर्यको आभा हो । मैले मेरा स्वागतका निम्ति सुनौला साना कलशमा बत्ती बालेको देखेको छु । ईश्वरको अस्तित्व, स्वर्गको अस्तित्व सब मानिसलाई आश्वासन दिन गरिएको हो । म नाद सर्गमा साङ्ख्य दर्शन, ज्योति दर्शनमा र प्रज्ञान दर्शनमा वेदान्त दर्शन देख्छु । तर काव्यदृष्टि अरू सर्गमा पनि राखेको छु । आफूले नाद श्रवण सर्ग र

ज्योति दर्शन सर्ग सबभन्दा पछाडि लेख्छु भन्दाभन्दै जीवनको किनारमा आइपुगेको हुँदा भगवान्‌को कृपा भए नाद श्रवण सर्ग र ज्योति दर्शन सर्ग पनि लेख्ने छु तर लेख्न सकिनँ भने यो महाकाव्यका निम्ति ती दुई सर्ग लेख्न बाँकी नै रहने कुरा महाकाव्यकार घिमिरेले बताएका छन् ।

महाकाव्यकारको उपर्युक्त भनाइले यो विश्व ब्रह्माण्डलाई सञ्चालन गर्ने तत्त्व सविता वा सूर्य नै हो । तसर्थ, ब्रह्माण्डका सबै ग्रहहरू र चराचर प्राणीहरूलगायत सूर्य नै यदि ब्ल्याक होलमा विलय भयो भने यो सृष्टिको महाप्रलय हुने कुरा महाकाव्यकारले ऋग्वेदको आधारमा बताएका छन् । यो महाकाव्यकार घिमिरेको दार्शनिक महाकाव्य हो । १६ सर्गसम्म विस्तार गर्ने महाकाव्यकार घिमिरेको चाहना भए पनि समय अभावको कारणले यो महाकाव्य १३औँ सर्गमा टुङ्गिएको छ ।

## निष्कर्ष

निष्कर्षमा भन्नुपर्दा १३ सर्गमा विस्तारित यस महाकाव्यको पहिलो सर्गमा सूर्यको तेजको महिमागान गरिएको छ । सूर्यको ज्योतिलाई प्राप्त गरी त्यही परम ज्योतिर्मय चैतन्यमा एकाकार हुने उत्कट अभिलाषा कविले राखेका छन् भने दोस्रो सर्गमा रथवीति राजाकी पुत्रीका रूपमा शिशुको जन्म, अत्रि ऋषिद्वारा ऋतम्भरा नामकरण, ज्योतिको पङ्ख– चित्त र शरीरभित्र बसेर को हो, को हो भन्नेलाई म हुँ भनेर उत्तर दिने ऋतम्भराले आफैलाई चिन्छिन् त ? भन्ने प्रश्न, मुख्य लक्ष्यको बीजारोपण, ऋतम्भराको वृद्धि, युवावस्था, मोहनमूर्तिको परिकल्पना गरिएको छ । त्यसै गरी तेस्रो सर्गमा ऋतम्भराद्वारा कल्पित मोहनमूर्ति पुरुषका रूपमा श्यावाश्वको उपस्थापना, उनमा अद्‌भुत ज्योतिको दर्शन गर्ने तीव्र अभिलाषा, ब्रह्ममुहूर्तमा स्वप्नमा शिवशिरको शशिकलाजस्तै छविको कमनीय रूपको दर्शन, राजा (रथवीति) कहाँ उत्पन्न पुत्रीरूप ऋत (ऋतम्भरा) ले अर्को ऋषिरूप ऋत (श्यावाश्व) लाई डाकेर राखेको र सत्यज्योति नित्य निश्चल छ भन्ने भाव व्यक्त भएको पाइन्छ । चौथो सर्गमा राजा रथवीति र रानीको संवाद, राजा ऋतमन्त्रको यथार्थलाई व्यवहारमा उतारेका, रातमा बिछ्यौनामा रानी नबोल्दा कारण जान्न खोज्नु,केही कुरापछि ऋतम्भरा युवती भएको र उसले एकान्तमा बसी कल्पेर गीत गाउने गरेको, देवदूत बनेर कुनै ज्योतिको ज्योति झरेर झ्यालबाट उसलाई चियाउला भन्ने रानीको चिन्ता, ज्योतिको खोजी गर्ने ऋतम्भराले गायनमा पनि ज्योतिकै दर्शन गरेकी होली भन्ने राजाको उत्तर, चित्रलेखा र ऋतम्भराको संवाद, विवाहका लागि राजकुमार र ऋषिकुमारको वृत्तान्त सुनाएको प्रसङ्ग प्रस्तुत गरिएको पाइन्छ । पाँचौँ सर्गमा राजा रथवीतिकहाँ सोपानको

आयोजना, विश्वबाट सहभागिता, युवती ऋतम्भराको अधिल्तिर स्वप्नसुन्दर युवाका रूपमा श्यावाश्वको उपस्थिति, उनको सौन्दर्यको बयान, ऋतम्भराले आफूलाई नै हेरेकोजस्तो ठान्नु, दुबैले दुबैलाई देखेर सोमपानोत्सवमा नेपाली संस्कृतिको प्रयोग गरेको पाइन्छ। छैटौँ सर्गमा श्यावाश्वले गरेको ऋतम्भराको सौन्दर्यको वर्णन, ज्योतिका रूपमा ऋतम्भराको चित्रण, प्रेमको ज्योतिले हृदय सङ्लिएको र ज्योतिभित्र ज्योति अग्लिएको कुरासँगै 'आ ये धामानि...!' वेदमन्त्रको उल्लेख गरिएको छ। सातौँ सर्गमा ऋतम्भरालाई सखीले राजप्रासादमा राजारानीसँगै महर्षिका साथमा कुनै युवाको प्रवेश भएको कुरा सुनाउनु, युवालाई ऋतम्भराले लुकी-लुकी हेर्नु, उनी श्यावाश्व भएको पछि खुल्नु, ऋतम्भराले बजाएको वीणा सुनेर महर्षिले नाराशंसी ऋचाको स्मरण गर्नु, राजाले ज्योतिका रूपमा आएकी ऋतम्भराका लागि आशिष् माग्दा श्यावाश्व र ऋतम्भराको जोडी सुन्दर भएको कुरा प्रस्तुत गरिएको छ। आठौँ सर्गमा सखी चित्रलेखा र ऋतम्भराको संवाद, सखीले श्यावाश्वको चित्र दुरुस्तै बनाएको प्रसङ्ग, ऋतम्भराको कल्पनामा २५ बर्से ऋषिकुमारको आगमन, ज्योतिले ज्योति देखेको कुरा, पछि त्यो मूर्ति ज्योतिमा परिणत भएको, त्यो फेरि फर्केर आउँछ भन्ने चित्रलेखाको आश्वासन, ऋतम्भराले रातरात त्यसैको सपना देखूँ भन्ने कल्पना गरेको र उनी शून्य-शून्य बनेर टोलाइरहनुको कारण सोध्दा ऋतम्भराले जसबाट आँसु सलल्ल बगिरहन्छ त्यस्तो वियोग केवल शून्य होइन भन्ने उत्तर दिएको भाव व्यक्त भएको पाइन्छ। नवौँ सर्गमा श्यावाश्वको एकालाप पाइन्छ। यो सर्गभरि उनलाई पनि ऋतम्भराको प्रेमले सताएको देखिन्छ। दसौँ सर्गमा काल्पनिक संसारमा श्यावाश्वको उडानको वर्णन छ, ज्योतिको दर्शन आफैभित्र गरी उनले स्वर्गीय आनन्दको अनुभूति गरेको वर्णन छ। एघारौँ सर्गमा श्यावाश्वको एकालाप, सत्यको चरम चिन्मय दृष्टि खुलेको, त्यसबाट नै जगत्को विस्तार भएको, महापुरुष बनेर कुनै नयाँ सविता उदाएको, सृष्टिमाथि अझै सुन्दर अर्को सृष्टि थपिएको, त्यही नयाँ सूर्यको वरिपरि सम्पूर्ण जगत् रिङ्न थालेको सूर्यमण्डलभित्र लाखौँ ज्योतिको दर्शन श्यावाश्वलाई भएको, उनीभित्रै ज्योतिशरीरको उदय, सोच्दासोच्दै उनी निदाएको स्वप्नमा कल्पवृक्षको तल एउटी अमरकुमारीको दर्शन पाएको भाव व्यक्त भएको छ। बाह्रौँ सर्गमा पुनः श्यावाश्वको एकालाप, आफूले प्राप्त गरेको मन्त्रका कारण उत्पन्न अद्भुत अनुभूतिको वर्णन छ।

तेह्रौँ सर्गमा वसन्त ऋतु आएको र श्यावाश्वलाई ऋतम्भराको वर बन्ने चाहना जागेको सर्तअनुसार उनले अपूर्व ऋतुगीतमन्त्र गाउनुपर्ने भएको, राजप्रासादमा सङ्गीत–सम्मेलनको आयोजना गरिएको, गीत गाउन एउटै रूप गुणका सातवटा कुमार आएको, राजपुत्रीले ऋतम्भरालाई रिझाएर वरमाला लगाउनु छ उनले 'कसलाई रोज्लिन् ?'

भन्ने कौतूहल जगाएको, जनमानसमा पनि उही रूप गुणका सातैवटी कुमारी आएको, तिनमा कुन ऋतम्भरा हुन् भन्नै नसकिने, सातवटी मरुत्पत्नीजस्ता देखिने भएको भए पनि ऋतम्भराले आफ्नो वरको रूपमा श्यावाश्वलाई नै वरमाला लगाइदिएको सन्दर्भमा यो महाकाव्य टुङ्गिएको छ । महाकाव्यकार घिमिरेले भामह र विश्वनाथले गरेको महाकाव्यको परिभाषाअनुसार यस महाकाव्यलाई नायकनायिकाको मिलन वा सुखान्तमा टुङ्ग्याएका छन् ।

## सन्दर्भसामग्री सूची


१. अधिकारी, जीवन, (२०८१), **ऋतम्भरा महाकाव्यः एक चर्चा,** अप्रकाशित कार्यपत्र ।

२. घिमिरे, माधव, (२०७९), **ऋतम्भरा महाकाव्य**, साझा प्रकाशनः ललितपुर ।

३. डी.सी., कृष्णराज, (२०६१), **माधव घिमिरेका फुटकर कविताहरूको समीक्षात्मक अध्ययन**, त्रि.वि.वि कीर्तिपुर ।

४. शर्म्मा सिग्देल, सोमनाथ, (२०७२), **साहित्य प्रदीप**, विद्यार्थी पुस्तक भण्डारः काठमाडौँ ।

५. प्रवाह, वर्ष २०, अङ्क ७ **राष्ट्रकवि माधव घिमिरे विशेषाङ्क** २०७४, लेखक सङ्घ, दाङ ।

६. लुइटेल, तिलकप्रसाद र अन्य, (२०७४), **चार वेदको सार**, मञ्जरी पब्लिकेसनः काठामाडौँ ।

७. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, (२०६१), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, विद्यार्थी पुस्तक भण्डारः काठमाडौँ ।

८. विश्वनाथ, (ई.स. १९९७), **साहित्यदर्पण**, दशम संस्करण, वाराणासीः चौखम्बा सुरभारती प्रकाशन ।


o–o–o



समालोचना

# केही परिप्रेक्ष्यमा 'लक्ष्मणरेखा' महाकाव्य

*विमला नेपाल*




'लक्ष्मणरेखा' (२०८१) आधुनिक नेपाली साहित्यका स्रष्टा-द्रष्टा व्यक्तित्व कृष्णराज डी.सी.को नवीनतम सामाजिक महाकाव्य हो । शब्दकोशहरूमा महाकाव्यका विविध प्रकार उल्लेख गर्ने क्रममा ऐतिहासिक, धार्मिक, उच्च सामाजिक वा कल्पित ठुलो या श्रेष्ठ काव्य नै महाकाव्य हो भनिएको छ । काव्यकारको विशिष्ट रुचिअनुसार कथासूत्रमा आबद्ध पद्यमय, सर्गनिबद्ध तथा रसयुक्त गहन काव्य पनि महाकाव्य हुन सक्ने कुरा पनि प्रस्तावित छ । व्यापक अर्थमा साहित्यलाई श्रव्यकाव्य र दृश्यकाव्यअन्तर्गत राख्न सकिन्छ । प्रस्तुत कवि कल्पित सामाजिक यथार्थवादी काव्य मूलभूत रूपमा श्रव्यकाव्य नै हो तापनि यसभित्र दृश्यात्मकता ज्यादा पाइन्छ । महाकाव्यकार समले पनि कविता वा काव्य रसमय भावको प्रदर्शन हो भनेका छन् । यद्यपि यथास्थानमा दृश्यात्मक परि दृश्यहरू यसमा पेस गरिएका छन् तापनि पढेर वा सुनेर सम्पूर्णानन्द लिन सकिने हुँदा यो श्रव्यकाव्य नै ठहर्छ । महाकाव्यकार देवकोटाले सुलोचना महाकाव्यका भूमिकामा साधारण सामाजिक औपन्यासिक सामग्री र कल्पना युक्तिद्वारा रचना गरिएको कृति कविता उपन्यास हो भनेका छन् । वास्तविक घटना (पुत्रशोक)मा आधारित महाकाव्यका नायक लक्ष्मण र नायिका रेखाको छोटो प्रेमसम्बन्ध अनि आमा रेखा र नाबालक छोरा फणीन्द्रको हेरविचार एवम् शिक्षादीक्षामा देखिएको तत्परता महाकवि देवकोटाको नेपाली शाकुन्तल महाकाव्यको कथास्रोतसँग तुलनीय देखिन्छ । त्यहाँ दुष्यन्तसँग बिछोड भएपछि वन्यप्रान्तमा नायिका शकुन्तलाले नाबालक छोरा भरतलाई लालनपालन गरेर एक साहसी

(बाघका दाँतहरू हातैले गन्न सक्ने) वीर बनाएजस्तै लक्ष्मणका अभावमा रेखाले पनि नाबालक फणीन्द्रलाई विश्वविजयी बनाउन सकेकी छन् । 'लक्ष्मणरेखा'लाई महाकाव्य नै भन्न अङ्ग्रेजी साहित्यका विद्वान् एबरक्रोम्बीको यो भनाइले निकै सहयोग गर्छ । उनी भन्छन्– 'ठुलो आकारको कारणले कुनै काव्य महाकाव्य हुन सक्दैन ।' कवि–कल्पना, विचार र भावधारालाई वहन गर्ने शैली जब महान् हुन्छ त्यही कृति नै वास्तवमा महाकाव्य हो । पारिवारिक शोकलाई काव्यशक्तिमा बदल्ने टेको समर्पण पृष्ठमा काव्यकार डी.सी. ले यसरी अघि सारेका छन्ः 'तिम्रै निम्ति रचैँ कला र करुणा सन्तानका चोटले ।'

पत्नीवियोगमा रचिएको घिमिरेको 'गौरी' शोककाव्य मुनामदनपछिको सर्वश्रेष्ठ काव्य हो । आफ्ना छोराको असामयिक निधनमा कवि–काव्यकार भरतराज पन्तले 'रमुर रम' खण्डकाव्य लेखेका छन् भने छोरा लक्ष्मणको अकाल मृत्युमा आँसुको दर्के झरी पारेर डी.सी. ले त 'लक्ष्मणरेखा' महाकाव्य नै लेखेका छन् । पूर्वीय काव्यशास्त्रले महाकाव्याधिकारीलाई इष्टदेवको प्रशस्तिगान गर्ने क्रममा नमस्कारात्मक, आशीर्वादात्मक, वस्तुनिर्देशात्मक मङ्गलाचरणमध्ये कुनै एकबाट काव्यारम्भ गर्ने सुविधा दिएको छ । यो परम्परागत ढाँचा बदल्दै डी.सी.ले भने प्रथम सर्गका पद्यहरूमा तीनै किसिमका मङ्गलाचरणको प्रयोग गरेर क्रान्तिकारिता प्रदर्शन गरेका छन् । नमुनापाठका लागि तलका उद्धृतांश दर्शनीय छन्ः

सशक्त सिर्जना दिनू म वन्दना चढाउँछु
मभित्र कल्पना दिनू म सम्झना सजाउँछु (पृ.१)
मभित्र चेतना दिनू र भावना दिनू नयाँ
मबाट वेदना लिनू र सान्त्वना दिनू नयाँ (पृ.१)
लेकाली चिडिया भुरिन् नि रसुवाबाटै निहारीकन
हेर्दै पश्चिमको सुदूर भुइँमा माया बसालीकन
धुन्चेको रमिता भुलेर सहजै दौडेर आइन् तिनी
पीडाका जलमा घुलेर बिचरी ! पौडेर आइन् तिनी (पृ.१६)

प्रस्तुत महाकाव्यमा नायक क्षत्री र नायिका शेर्पाली छन् । भूमिकाकारहरूमध्ये विद्वान् लेखक कुलप्रसाद कोइरालाले यस कृतिलाई आधुनिक विनिर्माणपरक महाकाव्य हो भनेका छन् भने वरिष्ठ समालोचक गोविन्दराज भट्टराईले वर्तमान कालको यो एक उत्कृष्ट महाकाव्य सिद्ध गरेका छन् । जिल्द पृष्ठमा समालोचक हेमचन्द्र नेपालले यो महा–काव्यात्मक कृति जातीय समन्वयात्मक चैतमा आधारित एक विशिष्ट सृष्टि हो भनेका छन् भने कवि–निबन्धकार मोमिलाले 'लक्ष्मणरेखा' महाकाव्य केही यथार्थ र केही

स्वैरकाल्पनिक घटना परिघटनाहरूको कलात्मक संरचनामा आबद्ध नेपाली काव्यजगत्‌कै एक विशिष्टतम निधि हो भनेकी छन् ।

बाइसौँ सर्गसम्म विस्तारित यो महाकाव्यले प्रथम सर्गको ६२ औँ पद्यखण्डमा नै दुर्घटना हुने छ भन्ने भविष्यवाणी यसरी गरेको छः

सुवर्ण यानमा गयो चरो उडेर दूरमा
भविष्यको चरो यहीँ छ है ! अहो ! नजीकमा ।

शार्दूलविक्रीडित छन्दमा निबद्ध दोस्रा र तेस्रा सर्गमा अकालमै मृत्युले चुँडेर नायक लक्ष्मणलाई, कल्पनातीत लोकमा लगेपछि नाबालक नाति र वैधव्य जीवनमा परिवर्तित रेखा (बुहारी) लाई हेरेर गरिएको काव्यकार डी.सी.को बिलौनाका स्वरहरूमा 'गौरी' शोककाव्य र 'राजेश्वरी' ऐतिहासिक शोककाव्यको सञ्चारी भाव प्रकटित छ । चौथो र पाँचौँ सर्गका अधिकांश पद्यांशमा रेखाको प्राकृतिक पर्यवेक्षणको चित्राङ्कन काव्यकार डी.सी.ले चित्ताकर्षक ढङ्गले गरेका छन् । रसुवाली शेर्पाकी दुहिता रेखा दङाली छेत्री लक्ष्मणका प्रेमबन्धनमा बाँधिएपछि नेपालको उत्तर-पूर्वी पहाडी भूभाग छाडेर मध्यपश्चिम नेपालकी चुरे पहाड क्षेत्रमा घरसार गरेको केही वर्षमै नियतिवश एकल हुन पुग्छिन् । बुहारी नानीको त्यो असह्य शोकावस्थालाई उनकै वाणीमा काव्यकार डी.सी.ले यसरी अघि सारेका छन्ः

लागे राम कता ! परेर वशमा त्यो राक्षसी जालको
मेरा लक्ष्मण ती भएर वनमा फन्दा परे कालको
हान्यो रावणले त बाठा गहिरो खालै पऱ्यो कोखमा
के होऊँ ! मनमा थियो नि जपना ऐले परेँ शोकमा ।

शोकका सिलोकहरू हाल्दा राष्ट्रकवि माधव घिमिरेका शोककाव्यहरूमा सिलसिला टुटेजस्तै कालले आफ्ना मुखमा बन्द गरेका नायक लक्ष्मणलाई ब्युताएर काव्यकार डी.सी. ले कृष्णपुत्र सुलक्ष्मणको अन्तर्राष्ट्रिय जगत्‌मा सम्पन्न खेल जीवनको विजययात्रालाई यस प्रकार उल्लेख गरेका छन्ः

स्वभक्ति जन्मभूमिको गरेर विश्वमञ्चमा
सशक्त गर्जिए तिनी तमाम देशका मुनि
जितेर विश्वखेलमा सुनाम चम्कियो त्यहाँ
पहाडिया सपूत त्यो ल हेर ! विश्वमाझमा (सर्ग ९, श्लो.२८)

दशौँ सर्गमा काव्यकार डी.सी.ले काव्यनायक लक्ष्मणका माध्यमबाट पद्यांश १-२३ सम्म स्वदेशप्रेमको अनुक्रम उत्साही पारामा मिलाएका छन् । नमुनार्थ तलका काव्यांश दर्शनीय छन्ः

स्वराज्यभित्र मानको विशाल शक्ति-कुञ्ज छ
स्वराज्यमित्र सानको पवित्र भक्तिभाव छ
तसर्थ, भाइबन्धु हो नछोड देश क्यै गरी
सहेर कष्ट देशमा तिमी बसे सधैँभरि

प्रस्तुत सर्गको श्लोक २४-४२ मा वीर पुर्खाको सम्झना गर्दै राजेश्वरी ऐतिहासिक शोककाव्यका स्रष्टा माधव घिमिरेले 'पुर्खाका पदचिह्न छन् अमिट रे प्रत्येक ढुङ्गामहा' भनेझैँ डी.सी. ले पनि हाम्रा वीर पुर्खाहरू अमरसिंह थापा, बुढा भक्ति थापा र जोसिला बलभद्र कुँवरका रक्तवाही रणकौशल देखिने काव्यांशहरू पञ्चचामर र स्रग्धरा छन्दमा प्रस्तुत गरेका छन् । उदाहरणका लागि वीर बलभद्र कुँवरका राष्ट्रिय गर्जनलाई यसरी हेर्न सकिन्छः

गौर्खालीका जवानै जब-जब रणमा मुण्डमाला लगाई
आरोही फौज बढ्लान् आधाअधि विजयी देशमा झैँ बढाई
ढल्लान् धर्तीभरी नै जब समर हुँदा रुण्ड ती छट्पटाई,
बाल्लान् ती अग्निको त्यो जलन समरमा दाँत नै कट्कटाई

हाम्रा युद्धवीरहरूको वीरव्रतलाई काव्यकार कृष्णराज डी.सी.ले बडो उत्साही ढङ्गमा सम्झना गरे पनि उनको लेखनी पुनः पुत्रवियोगकै स्मृतिमा बल्झिएको छ । एघारौँ सर्गमा पुग्दा न्यौपानेका पसलअगाडि अकस्मात् आफ्नो छोरो लक्ष्मण ढल्दा निधिनी पसलेले पानीसम्म मुखमा नराखिदिँदा काव्यकार मानवता हराएको आजका मान्छेप्रति तीव्र क्षोभ प्रकट गर्छन् । भावशून्य त्यस्ता मूक दर्शकलाई लक्षित गर्दै कुनै सज्जनहरूका अगाडि छोराको मृत शरीरलाई अँगालामा बेर्न बिर्सिई उसका अवशिष्ट कामनाको बिम्बाङ्कन उनले यस रीतले गरेको देखिन्छः

ती हेर्थे नभमा यताउति गरी आँखा चलाएसरी
ती बोल्थे दिलमा कहाँ छ सँगिनी ! भन्ने बुझाएसरी
ती भन्थे मनले कहाँ छ ! पिउसो मेरो नयाँ जिन्दगी
हेर्नु मानिस हो, उदार दिलले केही ठुलो ओत दी (पृ.१३१, श्लोक ९)

अधिकांश दङालीका आँखामा राखे पनि नबिझाउने नायक लक्ष्मणको शवयात्रामा घरदेखि घाटसम्म मलामी-लर्को देखी मन थाम्न नसकेकी नायिका रेखा अढाई वर्षको छोरो फणीन्द्रलाई काखीमा च्याप्तै छातीको भक्कानु अबोध बालकसामु यसरी फुटाउँछिन्ः

यो के देख्नुपऱ्यो छोरा देख्नै नसकिने पनि
यो के भोग्नुपऱ्यो बाबू भोग्नै नसकिने पनि (पृ .१३१, श्लो.२५)

यसरी शोकाग्निमा परेका पत्नी रेखा, बहिनी सरु, दिदी सन्ध्या र अबोध शिशु फणीन्द्रलाई बाह्रौँ सर्गभरि नै अत्यन्त सन्तप्त देखाइएको छ । शोकार्द्र कृतिमा शृङ्खलित कथावस्तु हेरिँदैन । अब यहाँ पनि सहन गर्न ज्यादै धौधौ पर्ने दारुण कल्पनालाई यत्तिकै छाडी स्वप्नचित्र अर्थात् महाकाव्यले औँल्याएन । स्वैरकल्पना लोकतिर तेह्रौँ सर्गउता यो समीक्षा क्रमलाई अघि बढाइन्छ । पश्चिममा चिन्तक अरिस्टोटलले आफ्नो काव्यशास्त्रमा स्वप्नचित्रमूलक असम्भाव्य साहित्यिक सम्भावनाको चर्चा गरेका छन् । हुनै नसक्ने कुरालाई सम्भवजस्तो तुल्याउने काम काव्यकार कृष्णराज डी.सी.ले 'लक्ष्मणरेखा' महाकाव्यको उत्तरार्द्धमा गरेका छन् ।

विश्व–साहित्यको दिग्दर्शन गर्दा लिलिपुटका देशमा एक जना एभान गार्द गुलिभर पुगेको असम्भव सम्भावना जोनाथन स्विफ्टले 'गुलिभर्स ट्राभल्स' मा देखाएका छन् भने बक्सरजस्ता महाबङ्गुरहरूले दुईखुट्टे प्राणीहरूको सम्पूर्ण भाग हसुरेको दृष्टान्त जर्ज अर्वेल–कृत 'एनिमल फर्म' मा प्रस्तुत गरिएको छ । नेपाली महाकाव्यको विकासक्रममा असम्भवजस्तो रहेको सन्दर्भमा डी.सी. ले पक्कै नवीन प्रचेष्टा देखाएका छन् । चन्द्रमासको कालिमापछि पूर्णिमासम्म चन्द्रमाको कला र बिम्ब बढ्दै जाँदा उज्यालो छाएजस्तै कर्म दिने आमा हेलेन केलरलाई पाएपछि बालपात्र फणीन्द्रका सुदिनहरू घमाइला देखाइएको छ । उदाहरणका लागि बालक फणीन्द्रमा यस्ता चारित्रिक गुण देखी उच्च शिक्षाका लागि प्रवास (अमेरिका) लैजान लागेको कुरा उनले स्वप्नबिम्बका रूपमा यसरी रहस्योद्‌घाटन गरेका छन्ः

पिता गए यिनी बडा सुवीर बुद्ध बोध छन्
छ धीरवीर चेतना प्रबुद्ध शुद्ध चेत छन्
नवीन जिन्दगीसँगै उदाउला भविष्य नै (पृ.१४५, श्लो.४१)

हो, हेलेन केलरका साथ लागी हवाईयानबाट स्वप्नसुन्दर महादेश अमेरिकातिर फणीन्द्रको प्रस्थान हुन्छ भने पतिवियोगमा अललिएकी रेखा पुत्रबिछोडमा झन् विरहानलमा शोकमग्न हुन्छिन् । पतिको असामयिक दुःखद मृत्यु र जीवनाधार छोरा फणीन्द्र देशान्तरमा हिँडेपछि अत्यन्त दुःखी बनेकी ती शैल सुन्दरी रेखालाई महाभारतकालीन वैधव्य जीवन भोग्न बाध्य राजमाता सत्यवती, पाण्डुको मृत्युपछि विधवा बनेकी महारानी कुन्ती, चक्रव्यूहमा मारिएका वीर युवा अभिमन्युकी विधवा पत्नी श्रीउत्तरा, सत्यवान्‌की बालविधवा पत्नी सती सावित्री, जिन्दगीका अधिक वर्ष पतिवियोगिनी बन्नुपरेकी लक्ष्मण–पत्नी उर्मिला, इन्द्रजालमा फसेर पतिद्वारा श्रापित शिलारूपिणी अहल्या, बालिकी विधवा पत्नी तारा र रामायण युगकी अधिष्ठात्री माता जानकीहरूले सान्त्वनाका आशिष् दिएका

छन् । जीवनकालमा एक से एक असह्य पीडा सहेका ती नारीरत्नहरूका कर्तव्यबोधका कुरामा पनि विश्वस्त बन्न नसकेकी वियोगिनी रेखालाई सर्वदर्शी श्रीकृष्णका निम्नलिखित सूच्यार्थमा मात्र भरपुर सान्त्वना यसरी मिलेको कुरा प्रस्तुत महाकाव्यमा उद्धरणीय छः

वाणी सुन्दर शान्त कृष्ण प्रभुको पाई उज्यालो तन
रेखा सुन्दर भावले मनमनै मुस्किन् बुझाई मन (सर्ग १७, श्लो.६३)।

अमेरिका प्रबासिएको २२ वर्षपछि फणीन्द्रले मुटुरोगविशेषज्ञको उपाधि हासिल गरेको प्रसङ्ग उन्नाइस सर्गमा देखाइएको छ । साँचो अर्थमा स्विस अकादमीले प्रदान गर्ने विश्वप्रसिद्ध नोवेल शान्ति पुरस्कार अकल्पित र अचिन्तित पात्र फणीन्द्रलाई प्रदान गरिँदाको बढाइँ यी तलका पद्यांशहरूमा अभिव्यञ्जित छः

युरोप एसिया सबै जुटेर रङ्गमञ्चमा
नवेलको इनाममा रमाउँदै सबै जना
अमेरिकी र अफ्रिकी सबै जना जुटी त्यहाँ
बढाई गर्दथे तिनी सुनाम नामको जहाँ (सर्ग २०, श्लो.७)।

एक्काइसौँ सर्गमा विश्व पुरस्कारविजयी फणीन्द्र सुपत्नी उर्वशीका साथ स्वदेश फर्किएको कुरा संक्षिप्तमा चित्रित छ । बाइसौँ सर्ग अर्थात् 'लक्ष्मणरेखा' महाकाव्यको सर्गसमाप्ति खण्डमा महाकाव्यकार कृष्णराज डी.सी. ले रेखा-परिवारमा छाएको खुसी यसरी खुलासा गरेका छन्ः

महर्षि व्यास बुद्धझैँ बनेर दिव्यदर्शन
फणीन्द्रको सुनाम भो समस्त बन्धुवर्गमा
मुसुक्क भै मुमा खुसी खुलेर ओठमा तिनी
फणीन्द्र-उर्वशीसँगै रमाउँछन् जुनीजुनी ।

## उपसंहार

हृदयरूपी आकाशबाट बर्सिएका शोकधाराहरू श्लोकमा बदलिँदो हृदयलाई छिया-छिया पार्ने, मुटु नै फुट्ला जस्तो हुने, अतिशय दुःखदायी, दया, करुणा र शोकान्त खालका हुनु शोकप्रधान नेपाली कविता, खण्डकविता र महाकविताको मूल विशेषता नै हो । महाकवि लक्ष्मीप्रसाद देवकोटाले मुना, सुलोचना र कुञ्जिनीहरूका करुण क्रन्दन लेखेर नेपाली सहृदयी पाठकहरूलाई अद्यापि रुवाइरहेका छन् । अभागिनी शकुन्तला र मेनकाका वियोगका प्रलापहरूमा प्रबुद्ध पाठकलाई झस्काइरहेकै छन् । आखिर जीवन रहेसम्म रुवाइहरूलाई नयाँ जीवनाधिकार बनाउनुपर्छ भन्ने आशावादी सन्देशले पिता, माता, पुत्र, पुत्री र पत्नीवियोगी जनमनलाई सान्त्वना प्रदान गर्न महाकाव्यकार कृष्णराज

डी.सी.ले 'लक्ष्मणरेखा' महाकाव्य लेखेका हुन् भन्न सकिन्छ । प्रस्तुत सन्दर्भमा कवि तथा काव्यकार मुकुन्दशरण उपाध्यायका यी पद्यांशहरू उद्धरणीय छन्:

फुट्तछन् मनका भाव दु:खले आत्तिएपछि
कि मान्छे हुन्छ पग्लाहा कि हुन्छ बढिया कवि ।

हो, बढिया कवि–कलाकार डी.सी. शैलीतत्त्वका हिसाबले हेर्दा लेखाइमा कमनीयता, आस्वादनीय काव्यिक सरसता एवम् दृश्यात्मक प्रतीक र बिम्बविधानको आपसी सामञ्जस्य कायम गर्न अत्यन्त सफल देखिएका छन् ।

०–०–०



समालोचना

# 'बागबजार बोल्दैन' कथासङ्ग्रहः केही प्रयोग केही उपयोग

*डा. घनश्याम न्यौपाने 'परिश्रमी'*

**बागबजार बोल्दैन** (२०८१ चैत्र) सद्यः प्रकाशित कथासङ्ग्रहः हो । यस कृतिका कथाकार हुन् प्रोल्लास सिन्धुलीय । यसको प्रकाशनको भूमिका भुँडीपुराण प्रकाशनले वहन गरेको छ । सिन्धुलीय मूलतः कविका रूपमा ख्यातनामा स्रष्टा हुन् । यिनको लेखन क्षमता आख्यानमा पनि अनुधावित दृष्टिगत हुन्छ । यसका उदाहरण हुन् यिनका **शून्य डिग्री** (२०७३) र **भग्न भैरव** (२०७९) नामक उपन्यास । यिनका **बाहिर एकमुठी तुसारो छ** (२०५३), **चुपचापको अन्त्य** (२०६१), **झन्डालाई डिभी पऱ्यो भने के हुन्छ ?** (२०६९) र **जन्मजात बाहुनको विज्ञप्ति** (२०७४) कवितासङ्ग्रहका अतिरिक्त **आँखाभरि भुइँ कुहिरो** (गजलसङ्ग्रह २०५९), **हिंड्दै थिएँ उकालीमा** (गीतसङ्ग्रह २०६९), **कल्पना पाण्डे दूध हालेको चिया खान्छे** (नियात्रासङ्ग्रह २०७१), **टाउको नभएको तस्वीर** (लघुकथासङ्ग्रह २०७३) जस्ता विविध विधाका कृतिहरू प्रकाशित छन् । यीबाहेक यिनका बालचित्रकथाहरू तथा जीवनी र दैनिकीसम्बद्ध कृतिहरू पनि प्रकाशित छन् । यसरी हेर्दा सिन्धुलीयमा बहुविध आयामको सृजनक्षमता देखिन्छ ।




**समीक्ष्य कृति बागबजार बोल्दैन**अन्तर्गत समग्रतः बीसवटा कथा सङ्गृहीत छन् । वि.सं . २०५० देखि २०८१ सालसम्मको अन्तरालमा लेखिएका यी कथामा फरक-फरक प्रवृत्ति र शैली दृष्टिगोचर हुन्छ । तीनदशकाधिक अवधिमा लेखिएका हुनाले यिनको स्तरमा पनि पार्थक्य देखिन्छ । पुस्तकभित्र कथाक्रममा यिनलाई लेखनवर्षका आधारमा क्रमबद्ध सूचीकरण गरिएको छ भने पाठका रूपमा बेग्लै ढङ्गले समाहित गरिएको छ । पृष्ठसङ्ख्याले यिनको अवस्थिति कहाँ-कहाँ छ भनेर सङ्केत गरेका छन् । यथा-कथाक्रममा आरम्भमा रहेको **टेके मन्त्रीहरू** नामक कथा पृष्ठसङ्ख्या १२३ मा अवस्थित छ भने दसौँ क्रममा रहेको **मच्छिनी-दंशन** पहिलो स्थानमा रहेको छ । सूचीअनुसार भित्र कुनै पनि कथा आआफ्ना अनुक्रममा छैनन् । यसलाई प्रस्तुतिको नयाँ प्रयोगका रूपमा लिन सकिन्छ ।

पुस्तकभित्र पाठमा कथाहरूको क्रमबद्ध प्रस्तुति यसरी रहेको छ– **मच्छिनी-दंशन**, बागबजार बोल्दैन, दर्पणछायाँमा उल्टो देखिएको आकाश, आँखाहरू खोसेर, पन्द्रुङको ढुङ्गो, सार्कः एक अलौटो संस्मरण, सप्रसङ्ग व्याख्या, पियास, कथ्न नसकेको एउटा कथा, टेके मन्त्रीहरू, उमेर-हद, फुस्रा नोट, एकदृश्य, छिटो भाग् छकुबन्जार, विद्रोहका डाम, नयाँ घर, सम्भवतः यो मेरो गाउँको मात्र कथा होइन, सम्पादन गर्न नभ्याएको वाक्य, ओखती र चोर आँखा । अन्तमा **परन्तुमा...!** शीर्षकमा कथाकारले आफ्नो भनाइ राखेका छन् । यसमा अन्य कोहीकसैको कुनै भूमिका रहेको छैन । यहाँसम्म कि प्रकाशकीयले समेत समावेश हुन पाएको छैन ।

**मच्छिनी-दंशन** प्रथम पुरुष दृष्टिविन्दुमा कथिएको र चौबीस पृष्ठमा फैलिएको कथा हो । यसमा एउटा कवि/पत्रकार समाख्याता छ । यस कथामा प्रेमको भाव तथा माओवादी जनयुद्धको प्रसङ्गका साथै अन्य कतिपय रोचक विषय रहेका छन् । यो कथा निकै मार्मिक र कौतूहलसम्पृक्त छ । **बागबजार बोल्दैन** यस कृतिको शीर्ष कथा हो । दस पृष्ठको आयाममा रहेको यस कथामा पनि प्रथम पुरुष दृष्टिविन्दुको उपयोग गरिएको छ । यसले काठमाडौँकै बागबजारको यथार्थलाई बुझाएको छ । यस कथाले एकातिर

बागबजारका गल्लीमा हुर्केको एकजना युवकको क्षमतालाई दृष्टान्त बनाएको छ भने अर्कातिर नेपालको राजनीतिभित्रका विकृतिहरूलाई खोतलेको छ । कोटाप्रणालीले गर्दा धनी दलित, जनजाति आदिले अवसर र सुविधा पाएका र ब्राह्मण भएकै कारण श्रम गरेर जीवन गुजारा गर्ने निम्नवर्गकाले अवसरबाट वञ्चित हुनुपर्ने अवस्था भएको नीतिको आलोचना गरिएको छ । वास्तवमा बागबजारमा हुर्केका कतिपय विशिष्ट प्रतिभाहरू छन् जसलाई सजिलै चिन्न सकिँदैन, यो कर्म गर्नेहरूको थलो हो भन्ने यस कथाको आशय हो । बाबुको श्रमको लगानी र आफ्नो लगनले डाक्टरी पढ्दै गरेको युवकको प्रतीकात्मक कथा हो यो । यहाँ त्यही युवकलाई बागबजार भनिएको छ । कथा निकै रोचक र सन्देशप्रद छ । **दर्पणछायाँमा उल्टो देखिएको आकाश** प्रयोगात्मक कथा हो । तृतीय पुरुष दृष्टिविन्दु प्रयोग गरी लेखिएको यो कथा बीस पृष्ठमा फैलिएको छ । प्राक्कथनबाट आरम्भ भएको यस कथाभित्र कोही भएन देउमायाको शव उठाउने, आउने नै भयो कल्पनाको भित्रिने साइत र ननिभोस् अब खलाँतीको आगो शीर्षकबद्ध तीनवटा उपकथा रहेका छन् । यसलाई स्वैरकल्पनाका रूपमा लिन सकिन्छ । सुदूर भविष्यमा आजका ब्राह्मण, क्षेत्रीहरू दलित हुने छन् भने आज भन्ने गरिएका दलितहरू उच्च जाति कहलिने छन् । जातीय प्रथा, संस्कार-संस्कृति, पेसा, व्यवसाय उल्टिन सक्छन्, त्यस युगमा पनि जातीय भेदभावप्रथाको पालना कठोर रूपमा हुने छ भन्ने सङ्केतको अनुकल्पना गरेर लेखिएको यस कथामा केही प्रसङ्ग अस्वाभाविक लाग्ने खालका पनि छन् । अपितु कथा रोचक छ । **आँखाहरू खोसेर**मा प्रथम पुरुष दृष्टिविन्दुको उपयोग गरिएको छ । यसको आकार आठ पृष्ठको छ । यो कथा युवासुलभ मनोविज्ञानको भावनामा सङ्केन्द्रित छ । युवकमा हुने युवतीप्रतिको र युवतीमा हुने युवकप्रतिको आकर्षणले यसमा महत्त्व ओगटेको छ । यसको म पात्र कवि/पत्रकार यात्राका क्रममा कुनै युवतीप्रति आकर्षित भएको तर अन्तमा छुट्टिनुपरेको नमिठो अनुभूतिको अव्यक्त भाव यस कथामा पोखिएको छ । **पन्द्रुङको ढुङ्गो** कथाको आयाम बाह्र पृष्ठको छ । प्रतीकात्मक शैलीमा लेखिएको यस कथामा पनि प्रथम पुरुष दृष्टिविन्दुको उपयोग गरिएको छ । माओवादी जनयुद्धको प्रसङ्ग छ यस कथामा । यसमा उपयोग गरिएको स्वप्न प्रसङ्गले कथामा कौतूहलता थपेको छ । अतियथार्थवादको प्रभाव पनि यसमा देखिन्छ । सारमा सहिदका सपना सार्थक भएका छैनन् भन्ने दृष्टिकोणसहित आजको जीवनको जटिलतालाई यस कथाले सङ्केत गरेको छ । **सार्के: एक अलौटो संस्मरण** प्रथम पुरुष दृष्टिविन्दुको उपयोग गरेर लेखिएको कथा हो । यसको आयाम दस पृष्ठको छ । आफ्नो कक्षामित्रको दुःखद घटनापश्चात् उसका बारेमा कथाको **म** पात्रले गरेको बयान हो यो कथा । पतिवियोगी नारीको पीडा पनि यसमा समाविष्ट छ । यसमा केही

यथार्थवाद र केही मनोविज्ञानको सहयोग लिइएको छ भने सवारी साधनमा असुरक्षित ढङ्गले यात्रा गर्दा हुने घटना र त्यसको असरको चित्रण स्वाभाविक किसिमले गरिएको छ। कथाको समापन संयोगान्त भए पनि सुखद अनुभूतिको प्रतिविम्बन छैन। **सप्रसङ्ग व्याख्या** कथाको समाख्याता **म** नै छ। अर्थात् यो कथा पनि प्रथम पुरुष दृष्टिविन्दुको उपयोग गरेर लेखिएको छ। दस पृष्ठमा फैलिएको यस कथामा स्ववियु निर्वाचनको प्रसङ्ग एकातिर छ भने अर्कोतिर यौवनावस्थामा हुने विपरीतलिङ्गी आकर्षणको चित्रण पनि छ। नखुलेको भए पनि यसमा अन्तर्निहित प्रेमिलतन्तु लोभलाग्दो र प्रभावकारी छ। अन्त्य रहस्यात्मक र रोचक छ। यद्यपि रहस्य सहजरूपमा खुल्न नसक्ने खालको छ। **पियास** कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ। प्यास शब्दलाई कथ्य नेपालीकरण गरी पियास बनाइएको यो कथा दाम्पत्य जीवनका फरक फरक अवस्थाको चित्रणमा केन्द्रित छ। सम्पन्नहरूको दाम्पत्यभित्रको असन्तुष्टि र विपन्नहरूको दाम्पत्यभित्रको सुख र खुसीको स्वाभाविक र सुन्दर चित्रण गरिएको छ यस कथामा। यसको अन्त्य अत्यन्त रोचक र प्रभावोत्पादक छ। सारमा विपन्नहरूको सम्पन्न हुने रहर हुन्छ भने सम्पन्नहरूमा आत्मिक सुखी बन्ने चाहना हुन्छ भन्ने कुरालाई यस कथाले उद्घोषण गरेको छ। **कथ्न नसकेको एउटा कथा** प्रथम पुरुष दृष्टिविन्दुको उपयोग गरेर लेखिएको छ। चौध पृष्ठमा फैलिएको यस कथामा विपरीत लिङ्गी आकर्षणको स्वाभाविक सौन्दर्य छ। मन पराएका युवतीसँग विवाह गर्न चाहे तापनि वञ्चित हुनुपरेको युवकको मनोवेदना पनि यसमा अन्तर्निहित छ। यसमा साङ्केतिक भाषा प्रयोगको प्रसङ्ग र त्यसको रहस्योद्घाटन रोचक छ। प्राप्तिका चाहना अप्राप्तिमा टुङ्गिएका सन्दर्भहरू छन्। अन्ततिर युवतीबाट "मैले बीस वर्षपहिले सुन्नुपर्ने कथा रहेछ" भनिएको वाक्यले प्रतीकात्मक रूपमा रहस्य खोलेको छ र कथा मार्मिक हुन पुगेको छ। **टेके मन्त्रीहरू** व्यङ्ग्यभावको प्रतीकार्थी कथा हो। प्रथम पुरुष दृष्टिविन्दु अवलम्बन गरी चार पृष्ठमा लेखिएको यो कथा आकारका दृष्टिले सानो छ। यस कथामा मूलतः टेको लगाएर माथि पुगेका क्षमताहीन सांसद र मन्त्रीहरूलाई मजाले व्यङ्ग्य गरिएको छ। **उमेर-हद** अठार पृष्ठमा फैलिएको छ। समाख्याता प्रथम पुरुष दृष्टिविन्दु रहेको यस कथामा जीवनका विविध रङहरू छन्। पहाडबाट मधेश बसाइँ सराइ, वृद्ध विधुर पुरुषको नीरस जीवनयापन, पत्नीबाट परित्यजित **म** पात्रको सेतो कुर्तावाली युवतीप्रति आकर्षण, विवाह गर्ने चाहना र असहजता, अन्तमा जिम्मेवारीसहितको अवसरजस्ता प्रसङ्गहरू यस कथामा कथ्यवस्तु बनेका छन्। सिनेमा शैलीका घटना र परिदृश्यहरू भएकाले यो कथा पढ्दै गर्दा कुनै चलचित्र हेरेजस्तो आभास हुन्छ। रहस्यमय घटनाहरूले यस कथालाई कौतूहलपूर्ण बनाएका छन् भने अन्तमा रहस्यको पर्दा रोचका ढङ्गले खुलेको छ र कथा

सुखद संयोगमा टुङ्गिएको छ । **फुस्रा नोट** कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग छ । आठ पृष्ठमा विस्तारित यस कथामा शैक्षिक बेरोजगारीलाई मुख्य कथ्य बनाइएको छ । बेरोजगारीका कारण युवाहरू कामको खोजीमा सहर पस्न बाध्य हुन्छन् र त्यहाँ योग्यता अनुसारको काम पाउन नसकेपछि रिक्सा चलाएर भए पनि चित्त बुझाउनुपर्ने हुन्छ भन्ने कटु यथार्थको चित्रण यस कथामा भएको छ । योग्यताभन्दा ठुलो काम हो, सानै काम पनि इमानदारितापूर्वक गरिएको छ भने एकदिन त्यसको मूल्याङ्कन अवश्य हुने छ भन्ने सन्देश यस कथाबाट पाइन्छ । **एकदृश्य** कथामा पनि तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग छ । छ पृष्ठमा विस्तारित यस कथामा मानवीय चरित्रका कमजोरीहरूलाई व्यङ्ग्यमय प्रतीकका माध्यमबाट चित्रण गरिएको छ । यसलाई प्रयोगात्मक नाटक कथाका रूपमा प्रस्तुत गरिएको छ । यस कथामा एकातिर पशुभन्दा तल गिरेका मानव पात्र छन् भने अर्कातिर मान्छेभन्दा असल गुण भएका पशुपात्र छन् । मान्छेले मान्छेलाई गाली गर्दा गोरु, कुकुर, बिरालो गधा जस्ता शब्द प्रयोग नगर्न पशुले मान्छेलाई चेतावनी दिएका छन् । कथा रोचक छ । **छिटो भाग् छकुबन्जार** कथामा पनि तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग छ । बाह्र पृष्ठमा विस्तारित यस कथामा काठमाडौँको एक बन्जर बस्तीमा टहरो बनाएर सपरिवार बस्दै आएको एकजना मिहिनेती मधेशी मूलको मान्छेलाई प्रमुख पात्र बनाइएको छ । मधेशीहरूप्रति पहाडियाहरूको हेपाहा व्यवहार, अव्यवस्थित ढङ्गले बस्ती बसाइएका ठाउँहरूमा हुने असुरक्षा, वर्षाको भेलबाढी तथा प्राकृतिक प्रकोपले ठुलो सानो र धनी गरिब नभन्ने यथार्थता जस्ता विषयले यस कथामा स्थान पाएका छन् । यस कथामा यथार्थवादी चिन्तनको प्रयोग छ । **विद्रोहका डाम** नारीचरित्र प्रधान कथा हो । प्रथम पुरुष दृष्टिविन्दु अवलम्बन गरी चार पृष्ठमा लेखिएको यो कथा आकारका दृष्टिले यस सङ्ग्रहअन्तर्गतका साना कथाभित्र पर्दछ । यसमा एउटी सचेत, सङ्घर्षशील र विद्रोही नारीको आस्था र मनोदशाको प्रभावकारी चित्रण छ । सचेत, सङ्घर्षशील र विद्रोही नारीहरू समाजमा अनाहकमा लाञ्छित हुन्छन् भन्ने कुरालाई यस कथाले प्रतिविम्बन गरेको छ । **नयाँ घर** प्रथम पुरुष दृष्टिविन्दु अवलम्बन गरी लेखिएको छ । यो अठार पृष्ठमा फैलिएको छ । यस कथामा एउटा वृद्ध विधुर पुरुषको मनोदशाको चित्रण छ । एउटी विधवाप्रतिको उसको आकर्षण, मिलन र वियोगजस्ता घटनाले कथालाई मार्मिक बनाएका छन् । छोरा, बुहारी र नातिसँग सहरमा बस्दै आएका वृद्धमा एकाएक गाउँ फर्किने हठ उत्पन्न हुनु उनले सहारा खोज्नुको सङ्केत हो । यस कथाले विधुर र विधवाहरूमा पनि सहाराका लागि दाम्पत्य जीवनको चाहना हुन्छ, यस कुरालाई छोरा, बुहारीहरूले बुझिदिनुपर्छ भन्ने सन्देश दिएको छ । नयाँ घर यहाँ नयाँ दम्पतीको प्रतीक हो । सम्भवतः यो मेरो गाउँको मात्र कथा

होइन अगाडि चर्चा गरिएको **दर्पणछायाँमा उल्टो देखिएको आकाश**जस्तै प्रयोगात्मक कथा हो। प्रथम पुरुष दृष्टिविन्दु प्रयोग गरी लेखिएको यो कथा बाह्र पृष्ठमा फैलिएको छ। प्राक्कथनबाट आरम्भ भएको यस कथाभित्र *चिल्लो गधा, झिँगा आतङ्क र छेपारो*को कथा शीर्षकबद्ध तीनवटा उपकथा रहेका छन्।

यी उपकथाहरूमध्ये चिल्लो गधाले निर्वाचन पद्धतिमाथि व्यङ्ग्य गरेको छ भने झिँगा आतङ्कले माओवादी जनयुद्धप्रति सङ्केत गर्दै त्यो बेला माओवादी जनयुद्धमा बदमासहरूको पनि संलग्नता रहेको थियो, त्यहाँ असलहरूको संलग्नता पनि आवश्यक थियो भन्ने कुरालाई इङ्गित गरेको छ। यसरी नै छेपारोको कथाले स्वार्थसिद्धिका लागि नेताहरूको दल बदल्ने प्रवृत्तिमाथि व्यङ्ग्य गरेको छ। यी तीनवटै उपकथा पूर्णतः व्यङ्ग्यात्मक र प्रतीकात्मक छन्। **सम्पादन गर्न नभ्याएको वाक्य** यस सङ्ग्रहमा सङ्कलित अत्यन्त रोचक कथाअन्तर्गत पर्दछ। प्रथम पुरुष दृष्टिविन्दु प्रयोग गरी लेखिएको यो कथा चौध पृष्ठमा फैलिएको छ। जग्गा दलाली गर्ने एक पात्रको इतिवृत्तलाई यसको कथावस्तु बनाइएको छ। यस कथामा एकातिर जग्गादलालहरूको चतुऱ्याइँ, धुर्त्याइँ, बाठोपन र ठग्ने प्रवृत्तिको चित्रण छ भने अर्कातिर दलाल नै भए पनि मित्रमा हुने इमानदारीको प्रकटन छ। मेरो दृष्टिमा यस सङ्ग्रहभित्रकै सर्वोत्कृष्ट कथा हो यो। कथाको अन्त्य अत्यन्त रोचक छ। **ओखती** तृतीय पुरुष दृष्टिविन्दु प्रयोग गरी लेखिएको छ। यो कथा छ पृष्ठमा अटाएको छ। यसमा जात्रा र यसका घटनाहरूलाई प्रमुख विषय बनाइएको भए पनि बाबुको बिरामी छोराप्रतिको दायित्वलाई सारभूत रूपमा महत्त्व दिइएको छ। आमाले छाडेर गएकी भए पनि बाबुको माया र स्याहार नै बिरामी छोराका लागि ओखती तुल्य भएको कुरालाई यस कथाले प्रतीकात्मक रूपमा भनेको छ। कथा निकै मार्मिक, रोचक र सन्देशप्रद छ। **चोर आँखा** यस सङ्ग्रहमा समाहित अन्तिम कथा हो। यथार्थवादको परिवृत्तमा लेखिएको यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ। यो कथा आठ पृष्ठमा अटाएको छ। रत्नपार्क र गणेशमान सिंहको सालिक रहेको क्षेत्र यसको परिवेश वा कार्यपीठिका बनेको छ। यो कथा अत्यन्त रहस्यमय छ। म पात्र, युवती र ड्राइभर क्रियाशील चरित्र रहेको यस कथामा गणेशमान सिंहको सालिकलाई पनि पात्र बनाइएको छ। साँझपख देहव्यापारी युवतीहरू ग्राहकको खोजीमा आउने रत्नपार्क क्षेत्रमा देखिएकी युवती र एकाएक उसकै खोजीमा आएको ड्राइभरप्रति म पात्रको धारणा स्पष्ट हुन सकेको छैन। यसको अन्त्य रहस्यात्मक र कौतूहल उत्पन्न गराउने खालको छ।

नेपाली कथाको बजारमा आएको केही प्रयोग र केही उपयोग गरेर लेखिएका कथाहरूको सङ्कलन हो **बागबजार बोल्दैन**। यसमा कथाकारको मौलिक शैली र शिल्प

भेटिन्छ । यस सङ्ग्रहभित्रका धेरै कथाहरूमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ भने केही मात्र कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ । सबैजसो कथाहरूमा वृत्ताकारीय प्रस्तुति शैली छ । उत्सुकता जगाउने वाक्यहरूबाट कथाहरू आरम्भ गरिएका छन्, समापनमा भने कुनैमा रोचकता पाइन्छ भने केहीमा सामान्यता । कथाकारले चेतनप्रवाह शैलीको उपयोग खुब गरेका छन् । कथाहरू बढी रहस्यमय छन् भने कतिपय कथाका रहस्यका ग्रन्थि फुस्काउन नसकिने खालका पनि छन् । यी कथाभित्रका युवा पात्रहरू प्रेमाकाङ्क्षी त छन् तर शालीन र शिष्ट छन् । प्रेमिल प्रसङ्गका कथाहरूमा शिष्टता र अनुशासनलाई महत्त्व दिइएको छ । यौनजन्य नग्नचित्रण कहीँ कतै देखिँदैन । युवतीहरूका सौन्दर्यको चित्रण सर्वत्र सूक्ष्म र सुष्ठु देखिन्छ । जीवनका प्रायः जटिलताजन्य प्रसङ्गहरूको प्रचुरता छ यी कथामा । कथाका कार्यपीठिका धेरै मधेशका, केही पहाडका र केही काठमाडौँ उपत्यकाभित्रका छन् । कुनै-कुनैमा मिश्रण पनि छ । यी कथामा सङ्घर्ष र श्रमको कदर गरिएको छ । संवादहरू नाटकीय ढङ्गका छन् र कथ्य भाषानुकूल स्वाभाविक लाग्दछन् । कुनै-कुनै शब्दमा वर्णविन्यासगत अभ्यस्त त्रुटि भेटिन्छन्– यथा-अनुकुल, आभाष, विदूर, प्रतिकृया, कम्तिमा, जोतूँला, सहूँला, सकूँला इत्यादि । यिनको शुद्ध रूप हुन्छ-अनुकूल, आभास, विधुर, प्रतिक्रिया, कम्तीमा, जोतुँला, सहुँला, सकुँला । समग्रमा नेपाली आख्यान जगत्ले एउटा महत्त्वपूर्ण कृति पाएको छ **बागबजार बोल्दैन** नामको । यो कृति पठनीय त छ नै, आजका नेपाली कथासङ्ग्रहहरूको थुप्रोमा तुलनात्मक अध्ययनका लागि उपयुक्त पनि छ ।

०-०-०

अन्तर्वार्ता

# नाटककार मनबहादुर मुखियासँग शरद प्रधानले गर्नुभएको कुराकानी






**_शरद प्रधान_**

*मनबहादुर मुखिया प्रसिद्ध कवि, कथाकार तर त्योभन्दा बढी नाटककार हुन् । उनी कक्षा नौमा पढिरहेका बखत नै सर्वप्रथम हास्य एकाङ्की 'जिरिखिम्टेको दुर्दशा' को रचना गरेका थिए । त्यो एकाङ्कीको सेन्ट रोबर्ट्स विद्यालयमा सबै कक्षामा स्पिकरमार्फत प्रसारण गरिएको थियो । उनको नाट्ययात्रा चाहिँ वि.सं. २०२५ (फरवरी १९६८) को 'धूवाँ' पत्रिकामा प्रकाशित 'वियोग' एकाङ्कीबाट सुरु भएको हो । उनको आठवटा एकाङ्कीहरूको सङ्ग्रह 'अँध्यारामा बाँच्नेहरू' वि.सं. २०२९ मा दार्जिलिङबाट प्रकाशित भएको थियो । उनले पहिलो पूर्णाङ्की नाटक 'अनि देउराली रुन्छ' सन् १९७२ मा प्रथम पल्ट प्रदर्शन गरिएको थियो । 'अनि देउराली रुन्छ' नाटकपछि उनले वि.सं. २०३२ मा 'फेरि इतिहास दोहोरिन्छ' र 'असत्यं, अशिवं, असुन्दरं' पूर्णाङ्की नाटकहरूको रचना गरे । वि.सं. २०३४ मा उनको 'क्रसमा टाँगिएको जिन्दगी' नामक नाटक प्रकाशित भयो । उनको 'अनि देउराली रुन्छ' पूर्णाङ्की नाटकको प्रथम संस्करणमा 'अनुराग' र 'तर क्षितिज हाँस्दैन' दुई एकाङ्कीहरू पनि समावेश गरिएका थिए तर द्वितीय संस्करणमा यी एकाङ्कीहरू समावेश गरिएका छैनन् ।*

(यो अन्तर्वार्ता रेडियो टुरिजममा कार्तिक २६, २०८० सालमा प्रसारित भएको थियो । त्यही अन्तर्वार्तालाई केही संशोधन गरी बोलचालकै भाषालाई प्राथमिकता दिएर यहाँ प्रस्तुत गरेको छु । –शरद प्रधान)

- **नमस्ते, म शरद प्रधान। आज विशेष कार्यक्रम लिएर आएको छु। आज हाम्रो साहित्य विमर्शमा अतिथि हुनुहुन्छ मनबहादुर मुखिया। मनबहादुर मुखिया नेपालको एउटा मूर्धन्य नाटककार हुनुहुन्छ। उहाँ साहित्यकार पनि हुनुहुन्छ। साथै विभिन्न क्षेत्रमा प्राध्यापनमा पनि लाग्नुभएको छ। आज उहाँसँग हामी केही कुराकानी गर्ने छौँ। मनबहादुर मुखियाको परिचय दिनुपर्दा उहाँ एउटा कुशल नाटककार हुनुहुन्छ, नाट्यनिर्देशक पनि हुनुहुन्छ, गीतकार हुनुहुन्छ, कवि हुनुहुन्छ, कथाकार हुनुहुन्छ अनि प्राध्यापक पनि हुनुहुन्छ। सरलाई आज यहाँ हाम्रो रेडियो टुरिजममा स्वागत गर्न पाउँदा धेरै खुसी लागेको छ। सरको एउटा बहुचर्चित नाटक 'अनि देउराली रुन्छ' मञ्चन भएको आज ५१ वर्ष ७ दिन पुगेछ। भनेपछि, त्यतिबेला ५१ वर्षअगाडि १९७२ को अक्टोबरको माहोल कस्तो थियो होला सर ? हजुरलाई यो मञ्चन गरेको छ–सात दिनपछि माहोल कस्तो महसुस भएको थियो होला ?**

गत शताब्दीअन्तर्गत साठीको दशकका अन्तिम वर्षहरूमा पूर्णाङ्की नाटकहरू रङ्गमञ्चबाट प्रायः विस्थापितझैँ भइसकेका थिए। बिच्किसकेका दर्शकलाई रङ्गमञ्चतर्फ उन्मुख गराउनु चानचुने प्रयासले पुग्दैन थियो। गीत–नाचमूलक कार्यक्रममा एकाङ्की वा लघुनाटक घुसाउनुबाहेक अर्को विकल्प थिएन। यसर्थ 'अनुराग' र 'तर क्षितिज हाँस्दैन' जस्ता एकाङ्कीहरूको मञ्चनबाट हामीले नाट्ययात्रा आरम्भ गरेका थियौँ। भनौँ, पछिल्लो एकाङ्कीको आधार शिविर टेकेपछि मात्र हामीले 'अनि देउराली रुन्छ' को आरोहणको तयारी गरेका थियौँ। त्यो समयको माहोल...! नाटकको दृष्टिले भन्नुपर्ने हो भनेदेखि मलाई यो नाटकको त्यति ठुलो...! जन...! माया पाउँला जस्तो लागेको थिएन। लोकप्रिय होला जस्तो लागेको थिएन। हामीले साधारण किसिमले गरेका हौँ। तर त्यो समयको माहोल, सम्पूर्ण दार्जिलिङ र भारतभरिका नेपालीहरूको अवस्थालाई हेर्ने हो भनेदेखि त्यतिबेला नेपालीहरू चाहिँ नेपाली भाषाले संवैधानिक मान्यता पाउनुपर्छ भनेर एउटा लडाकु...! एउटा अवस्थामा थिए। त्यो अवस्था थियो। तर...! त्यो समयमा हामीले यो नाटक गऱ्यौँ। तर यो नाटक गर्दाखेरि चाहिँ जुन हामीले गरेको एउटा कोसिस, प्रयास थियो, पहिलोपल्ट एउटा पूर्णाङ्की नाटक लेख्ने हाम्रो प्रयासको परिणाम थियो। माहोल त एक प्रकारको राम्रै माहोल थियो। सकारात्मक माहोल थियो।

- **त्यो सरले अक्टोबर ६ तारिखमा पहिलो मञ्चन भएको अनि अक्टोबर ७ दोस्रो फेरि भइहाल्यो कि मञ्चन कि केही समय ब्रेक भएर फेरि मञ्चन भयो ?**

अँ...! तिहार...! लगत्तै भयो कि अथवा त्यस्तै...

- **ए...! ए...! अक्टोबरमा पहिलोपल्ट भयो, नोभेम्बरमा भएको होला । दोस्रोपल्ट नोभेम्बरमा । भनेपछि त अहिले एउटा रफ्तार लिइहाल्यो त्यो नाटकले अगाडि बढ्ने ।**

  **अनि यसो सरको...! यो निर्देशनमा पहिलो नाटक त पक्कै पनि होइन । अनि यसमा कर्म योञ्जन लिनुभयो, सङ्गीतकारमा । सर आफैले पनि एउटा नाटकमा एउटा भूमिका लिनुभयो । त्यसपछि मेनुका दिदी, अनेक भए नि । यसको सबै सरले नै चोइस गर्नुभएको कि अरूसँग पनि सरको केही कुराहरू भएर यो सङ्गीतकार लिने, गायक लिने कुराहरू...?**

अँ, यो चाहिँ पूरै मेरो आफ्नै एउटा के रे छनोटको विषय हो । किनभनेदेखि नाटकमा कस्तो खालको पात्रहरू छन्, ती पात्रहरू अनुकूल कलाकारहरू छान्ने एउटा मैले आफ्नो के रे अधिकार प्रयोग गरेरै लिएको हुँ । किनकि त्यो समयमा फेरि एउटा महिला पात्रहरू पाउन त एकदमै गाह्रो, कलाकार कम थिए । र त्यसमा नीना प्रधान, मेनुका प्रधान, अल्का प्रधान, जम्मा नौ जना महिला पात्रहरू थिए । त्यसमा पात्र पाउनु बडो गाह्रो भयो । अन्तमा, दार्जिलिङ गभर्मेन्ट...! होइन । नेपाली बोर्डिङ स्कुलमा पढाउनुहुन्थ्यो, इन्दु देवान । उहाँले नै अन्तमा आएर चार जना पात्र ल्याउनुभयो । अनि आफैले पनि एउटा प्रमुख भूमिका लिनुभयो । अरू कलाकारहरूमा पी. अर्जुन (अर्जुनप्रसाद), मेनुका प्रधान, नीना प्रधान, बद्री खरेल, दुर्गा खरेल, मोहन विष्ट, विश्वमणि हिङमाङ, कालूसिंह रनपहेंली, अलकाप्रसाद, मरियमित लेप्चा हुन् । शान्ति क्षत्री, मीना प्रधान बितेर गएका कलाकार हुन् ।

- **यो चाहिँ जी.डी.ने.स. मा भएको थियो ?**

  अँ, जी.डी.ने.स. मा भएको थियो ।

- **अनि यो 'अनि देउराली रुन्छ' मा जुन छ नि गीत पनि हजुरले लेख्नुभएको हो ?**

  हजुर ।

- **अनि यो गीतमा चाहिँ जुन चाहिँ छ नि, जस्तै त्यो ए फूल चुँडेर लाने भयो...! यसको लोकगीत पनि...! हजुरले नै सबै लेख्नुभएको गीतहरू ?**

  होइन, लोकगीत चाहिँ होइन ।

- **लोकगीत छैन ?**

एउटा लोकगीत छ । त्यो सङ्कलन चाहिँ हाम्रो बद्री–दुर्गा खरेल भाइले गर्नुभएको हो । त्यो दशैंको मारुनी नाचको, उहाँहरूले गर्नुभएको हो ।

अनि गीतहरू चाहिँ मैले लेखेको। नाटकको जुन अनुकूल स्थिति छ, त्यही नाटकको सिचुएसनअनुसार नै गीतहरू लेखिएको हो र त्यसैअनुसार कर्म योञ्जनले सङ्गीत भर्नुभएको हो।

अनि यो गीतको सुरु-सुरुको जुन चाहिँ छ नि, त्यतिबेला त अब पाश्चात्य सङ्गीत त अबजस्तो रेकर्डेड थिएन। आफै गाउनुपर्थ्यो। त्यसमा चाहिँ बद्री-दुर्गा...! हो, उहाँकै आवाज हो।

- **ए, सुरुमा ?**

किनभनेदेखि त्यो गाइनेको भूमिकाका लागि जुन एउटा अनुकूल, ठ्याक्क सुहाउँदो आवाज चाहिएको थियो, त्यो चाहिँ दुर्गा खरेलको मात्रै थियो। ठ्याक्क सुहाउने। उहाँले खुब राम्रो गाउनुभएको थियो। दुर्गा खरेलकै गायनले गर्दाखेरि यो गीत ज्यादै नै लोकप्रिय भएको थियो त्यो समयमा।

- **ए, यो जुन चाहिँ 'अनि देउराली रुन्छ' को ?**

'अनि देउराली रुन्छ' को त्यो के रे सारङ्गीको तारले भन्ने गीत। उसकै आवाजको कारणले गर्दाखेरि त्यति लोकप्रिय भएको थियो।

- **अनि यो जुन चाहिँ नाटक थियो नि सर, अब हामी नाटकमा केही कुरा गरौँ। जस्तै अब त्यतिबेलाको परिवेशलाई सरले चाहिँ एउटा नाटकमा उतार्नुभएको थियो। र मलाई लाग्छ, त्यो नाटक चाहिँ प्रयोगात्मक रूपमा जस्तै सङ्गीत पनि, गायन पनि भएको नाटक। यो चाहिँ अलि प्रयोगात्मक रूपमा... यो सरको सोच कसरी आयो ? किनभने पहिला त अब त्यति गीतहरू नहुने नाटकहरू थिए नि जस्तो लाग्छ।**

होइन, पहिला पनि गीतहरू त हुन्थे। मोहन थापाज्यूले लेखेका नाटकहरूमा प्रायः सबै गीतहरू नै हुन्थे। अँ...! किनभने कुनै-कुनै नाटकको स्थिति यस्तो हुन्छ, त्यसलाई संवादले भन्दा गीतले नै बढी सम्प्रेषण गर्ने अवस्थामा आउँछ। त्यसकारण गीत लेखिएको हो।

अनि त्यसमा प्रयोग गरेको भन्ने कुरा के हो भनेदेखि एउटै सेटिङमा धेरै कुराहरू चाहिँ त्यहाँ देखाउने प्रयास गरिएको थियो। किनभनेदेखि नाटकहरूमा पहिले-पहिले एउटा दृश्य सक्यो, फेरि अर्को दृश्यका लागि पर्दा लाउने, पर्दा खोल्ने, यस्तो खालको परम्परा थियो। त्यसमा दर्शकलाई झिँजो लाग्ने। र यस्तो पनि थियो कि मूल नाटकसँगसँगै अर्को एउटा हास्य नाटक पनि हुन्थ्यो। हास्य नाटक बिच-बिचमा हाल्नुको कारण के हो

भनेदेखि त्यो मूल नाटकका लागि अर्को दृश्य तयार गर्नलाई सेटिङ तयार गरिन्थ्यो, अर्को पर्दा तयार गरिन्थ्यो, त्यो खाली ठाउँमा चाहिँ अर्को एउटा हास्य एकाङ्की घुसाइन्थ्यो क्या।

त्यसले गर्दाखेरि त्यो परम्परा चाहिँ तोड्ने हामीले कोसिस गऱ्यौँ । त्यसकारण त्यसमा कुनै हास्य एकाङ्की मिसाइएन। अनि साथ-साथै एउटै सेटको जति सक्दो प्रायः सबै घटनाहरू घटाउने प्रयास गरिएको थियो। त्यसको के भनेदेखि दर्शकलाई चाहिँ त्यो पर्दाभित्र र पर्दा झर्ने कुराले चाहिँ बोर नहोस् भन्ने चाहिँ हाम्रो सोच थियो।

- **जस्तै सन् १९०९ मा होला सायद पहिलोपल्ट अटलबहादुरको मञ्चन भएको थियो दार्जिलिङमा। त्यसपछिको त इतिहास त लामो, अहिले भनौँ न ११५ वर्षको इतिहासमा एउटा-एउटा एकदमै चलेको नाटकमध्येमा 'अनि देउराली रुन्छ' भन्छन्। तर सरको यो त पहिलो नाटक पक्कै होइन।**

पहिलो होइन।

- **पहिलो चाहिँ कुन थियो सर ?**

पहिला-पहिला एकाङ्की नाटकहरू प्रयास गरिएको हो। छोटा नाटकहरू। एकातिर पहिलो एकाङ्की नाटक त मैले प्रयास गरेको क्लास नौ पढ्दाखेरि स्कुलमा नै हो। सेन्ट रोबर्ट्स स्कुलमा हामी क्लास नौ पढ्दाखेरि एउटा स्पिकर, क्लास-क्लासमा फिट गरिएको थियो। रेडियो नाटकको सरह गर्ने हिसाबले। त्यसकारण हामीले क्लास नौ पढ्दाखेरि एउटा रेडियो नाटक तयार गरेका थियौँ। त्यही नै मेरो पहिलो नाटक हो।

- **भनेपछि सरको जुन चाहिँ नाटक, कला क्षेत्रमा अथवा सङ्गीतमा भनौँ न, स्कुलको ठुलो योगदान छ।**

स्कुलको र मेरो आफ्नो गाउँको पनि ठुलो योगदान छ।

- **दार्जिलिङमा चानबारीमा बस्नुहुन्थ्यो ?**

चानबारीमा। चानबारीमा चाहिँ के हो भनेदेखि छेउमा के रे, एनएनएसपी हल छ। त्यहाँ वर्षैभरि बङ्गला नाटकहरू, सांस्कृतिक कार्यक्रमहरू भइ नै रहने। बेला-बेलामा नेपाली नाटकहरू पनि हुन्थे। र हामी केटाकेटी अवस्थादेखि नै त्यो बङ्गला नाटकको भाषा नबुझे तापनि हामी त्यो ढोकाको चेपबाट चिहाएर भित्र हेर्थ्यौँ। कहिलेकाहीँ मौका पर्नेबित्तिकै त्यो चौकिदारको आँखा छलेर भित्रै पसेर पनि हामी बङ्गला नाटक खुब हेर्थ्यौँ। अब बङ्गला नाटक हेर्दाखेरि त्यो भाषा बुझ्न अलिक गाह्रो हुन्थ्यो तर त्यहाँको अभिनय,

त्यहाँको प्रस्तुतीकरण, यी सबै कुरा खुब मज्जा लाग्थ्यो। त्यसकारण सानैदेखि नै हामीले बङ्गला नाटक हेर्ने बानी बसेको हुनाले नाटकीय एउटा रुचि ममा त्यो जागृत भएको हो।

- **अनि त्यतिबेला सर पढ्दा त सायद त्यतिबेला टिचरहरूमा त हाम्रो जगत् सर पनि हुनुहुन्थ्यो होला। जो आफै पनि नाटककार हुनुहुन्थ्यो।**

अँ, हो।

- **अनि विक्रम सर हुनुहुन्थ्यो होला। उहाँ पनि नाटककार पनि हुनुहुन्थ्यो।**

अँ, हो, हो। अँ, अब त्यतिबेला हामी पढ्दाखेरि चाहिँ त्यो...! उम्...! सानैदेखि नै पढ्दाखेरि जगत् सरहरू आउनुभएको थिएन। विक्रम सर पनि आउनुभएको थिएन। भानुभक्त कुमाई सर हुनुहुन्थ्यो। भानुभक्त कुमाई चाहिँ नेपाली साहित्य सम्मेलनको सचिव पनि हुनुहुन्थ्यो र त्यहाँ सबै किसिमको साहित्य...! यो साहित्यिक, सांस्कृतिक कार्यक्रम गर्दाखेरि उहाँहरूको ठुलो भूमिका हुन्थ्यो। र जेरेड सर आफै पनि त्यसमा रुचि लिनुहुन्थ्यो।

जेरेड मुखिया सरको छोरी मोनिका मुखिया भर्खर बित्नुभयो। किनभने उहाँको कान्छा छोरा कोर्नेलियस मुखिया चाहिँ मेरो क्लासमेट हो। सेन्ट रोबर्ट्स स्कुलमा हामी सँगै पढेको। अनि उहाँहरू सबैको रुचि थियो। त्यसकारण हामी त्यो स्कुलमा हुने जुन सांस्कृतिक कार्यक्रम हुन्थ्यो, वर्षमा दुइटा, तिनटा हुन्थ्यो। त्यहाँदेखि हाम्रो खुब रुचि बढेथ्यो त्यहाँ। चान्स त पाउँदैनथ्यौँ। तर हेर्दाखेरि हामीलाई खुब रुचि लाग्थ्यो। त्यही भएर मैले भनेँ नि, क्लास नौ पढ्दाखेरि मात्रै मैले त्यो एकाङ्कीमा भाग लिएको। र हाम्रो गाउँमा बस्नुहुन्थ्यो, आर.बी. सुब्बा सर।

आर.बी. सुब्बा सरले चाहिँ मलाई पहिलोपल्ट उहाँले लेखेको हास्य एकाङ्की नाटकमा मलाई एउटा पाठ दिनुभएको थियो, फस्ट टाइम।

- **आर.बी. सुब्बा त सेन्ट रोबर्ट्समा पढाउनुहुन्थ्यो नि ?**

हुन्थ्यो। उहाँले लेख्नुहुन्थ्यो। नाटककार पनि हुनुहुन्थ्यो। एक...! अभिनेता पनि हुनुहुन्थ्यो। र उहाँले लेखेको अँ...! एउटा थियो, "हातै लाग्यो शून्य" भन्ने हास्य एकाङ्की नाटक थियो। त्यसमा उहाँले मलाई पहिलोपल्ट मौका दिनुभएको थियो।

- **अनि सरको शिक्षकमा त कुमार प्रधान सर र राजनारायण प्रधान सर पनि केही समय हुनुहुन्थ्यो होला ?**

हो, हुनुहुन्थ्यो। केही समय। हामी क्लास टेन पढ्दाखेरि उहाँहरू आउनुभएको थियो। र राजनारायण सरले त होइन, कुमार प्रधान सरले चाहिँ मलाई हाम्रो क्लासमा

एक-दुई पटक पढाउनुभएको हो। र साथै एउटा एकाङ्की एकल अभिनय मैले गरेको थिएँ, क्लास टेन पढ्दाखेरि। त्यो एकल अभिनय गर्दाखेरि चाहिँ मलाई कुमार प्रधान सरले कहाँ-कहाँ सुधार गर्नुपर्ने हो सुझाव दिनुहुन्थ्यो।

- **सरको त्यो एउटा नाटक थियो नि, 'सेता छायाँहरू'** ?

  हजुर।

- **यो के हो ? अलि प्रयोगात्मक...।**

  हजुर, हो। अँ के रे, एक्सटेम्पोर...! के भन्छ नि, एकदम स्पोन्टेनियस...!

  अँ, हो हो।

- **यो बारेमा अलिक भन्दिनुस् न।**

अँ...! 'सेता छायाँहरू' भन्ने एकाङ्की चाहिँ अलिखित एकाङ्की नाटक हो। त्यो स्वस्फूर्त रूपमा पात्रको मनमा जे-जे संवाद उत्पन्न हुन्छ, त्यो कुराहरू बोल्ने हो। पहिला चाहिँ यो सेता छायाँहरू भन्ने के हो, त्यसको बारेमा छोटकरीमा मैले कलाकारहरूलाई, त्यहाँका अभिनेताहरूलाई मैले जानकारी दिएको थिएँ। यो-यो-यो भूमिका हो भनेको थिएँ। यसमा तपाईंहरूले आफैले इम्प्रोभाइज गरेर चाहिँ आफ्नो संवाद आफै तयार गर्नुहोला। तर एक-अर्कामा समन्वय हुने किसिमले, एक-अर्काको देखि बाझिने किसिमको संवाद भयो भनेदेखि एकाङ्की अगाडि बढ्दैन। त्यसकारण तपाईंहरूले एक-अर्कामा समन्वय गरेर चाहिँ यो मूल मर्मलाई, नाटकको अन्तर्यलाई बुझेर चाहिँ तपाईंहरूले संवाद बोल्नुस् भनेको थिएँ। त्योअनुसार अब उहाँहरूले संवाद बोल्नुभयो र अलि हास्यलाग्दो भयो।

- **यो कुन सालतिरको सर** ?

  यो १९७४।

- **अनि सरको त्यसपछि अर्को थियो नि, के रे 'तर क्षितिज हाँस्दैन'।**

'तर क्षितिज हाँस्दैन'। यसको पहिलो मञ्चन चाहिँ भएको हो अँ...! १९७१ मा। जी.डी.एन.एस हलमा भएको हो। र दोस्रो पटक चाहिँ १९७२ मा भएको हो।

- **सरको यो "अँध्यारोमा बाँच्नेहरू" नाटक अलि धेरै कोर्समा पनि पढ्नुपर्छ। भारततिर पनि छ, यहाँ पनि कोर्समा कसैले थेसिस पनि लेखिसक्नुभएको छ। त्यो बारेमा केही भन्दिनुस् न** !

'अँध्यारोमा बाँच्नेहरू' एकाङ्की नाटक हो। यो के रे...! १९६८ मा, १९६८ मा लेखिएको नाटक हो। त्यो आफैले म विभिन्न पात्रको एकल अभिनय प्रस्तुत गरेको हुँ। अँ...! त्योभन्दा अगाडि चाहिँ 'वियोग' भन्ने एकाङ्की...! वियोग, त्रिकोण, अँध्यारोमा बाँच्नेहरू, सेता छायाँ, यस्तै आठ वटा एकाङ्कीहरू सङ्कलन गरेर 'अँध्यारोमा बाँच्नेहरू' भन्ने एउटा किताब नै निस्केको थियो। सबैभन्दा पहिलो प्रकाशित एकाङ्की नाटक त्यही नै हो मेरो।

- **ए...! तर यो 'अँध्यारोमा बाँच्नेहरू' मा चाहिँ अलिकति...! धेरै मान्छेहरूले थेसिसै लेखेको रहेछ मैले देखेँ। अनि त्यसपछि उता पनि त्यसमा अलि धेरै काम...! यसको थिम चाहिँ के थियो सर 'अँध्यारोमा बाँच्नेहरू' ?**

यो थिम चाहिँ 'अँध्यारोमा बाँच्नेहरू' मान्छेहरूको एउटा आवाज जैले नै दबाउने कोसिस गरिन्छ र तिनीहरू त्यो आवाज चाहिँ मुखर गर्ने कोसिस गरेको हो। यी जति पनि पात्रहरू छन्, यी पात्रहरू सबै त्यो पुलिसको थानामा बन्द हुन्छन्। र बन्द हुँदाखेरि उनीहरूले आफ्नो आवाजहरू व्यक्त गरेको हो। सबैले आ-आफ्नो कथाहरू, व्यथाहरू, पीडाहरू व्यक्त गरेको हो। (यो एकाङ्की साझा प्रकाशनले वि.सं. २०४८ सालमा प्रकाशित नेपाली एकाङ्की भाग १ मा पनि समावेश गरिएको छ।)

- **सरको त्यो, भनौँ न, ६० को अन्तिम दशकतिर अथवा ७० को दशकतिर लेखेको नाटकहरू छन् नि, त्यो नाटकहरूमा प्रायःप्रायः अलिकति के भनौँ, अब अलिकति समाजवादी अथवा मार्क्सिस्ट टाइपको अलिकति रिभोलुसनरी देखिन्थ्यो। तीहरू सरमा त्यो चेतना भएर गरेको कि त्यत्तिकै...! त्योसँग आफू अलगिएर छुट्टै चेतनाअनुसार गरेको रहेछ ?**

अब त्यो हामी अलिकति सचेत चाहिँ थियौँ। हामीले अलिकति यो मार्क्सवादी सिद्धान्तबाट नजाने किसिमले प्रभावित भएका छौँ। त्यो टाइममा हामीले यो के रे...! साइन्टिफिक सोसलिजमको फन्डामेन्टलहरू चाहिँ अलिअलि पढेका थियौँ। त्यो मार्क्सवादी सिद्धान्त अलिअलि पढेका थियौँ। र जस्तो केही कृतिहरू पनि हामीले पढ्यौँ। अँ...! त्यसकारण यो सचेत रूपमा भए पनि के रे...! स्वस्फूर्त रूपमा भए पनि हामीले शोषित, पीडित, दलितउन्मुख मान्छेहरूप्रति हाम्रो सहानुभूति जाने जहिले पनि। र उहाँहरूको त्यो शोषित, पीडितहरूको आवाजलाई, पीडालाई विभिन्न माध्यमबाट हामीले व्यक्त गर्ने कोसिस गर्थ्यौँ। रङ्गमञ्च पनि एउटा माध्यम भयो। त्यो माध्यमबाट हामीले यसलाई देखाउन खोजेका हौँ। तर त्यस्तो के भनेदेखि खासै एउटा कुनै दलगत सिद्धान्तबाट चाहिँ प्रेरित भएर भएको चाहिँ होइन।

- **अनि त्यसपछि सरको अलिकति चर्चित नाटकहरूमा 'क्रसमा टाँगिएको जिन्दगी' आउँछ, होइन सर ?**

हजुर ।

- **अनि 'फेरि इतिहास दोहोरिन्छ' यो चाहिँ 'अनि देउराली रुन्छ' कै हाराहारीमा निस्केको होइन सर ?**

हो, पछि-पछि । 'फेरि इतिहास दोहोरिन्छ' १९७४ सालमा भएको हो । अनि त्यसमा चाहिँ दार्जिलिङका चियाकमानका मजदुरहरूको पीडाव्यथाहरू देखाउने कोसिस गरिएको हो र तिनीहरूले त्यो समयको चियाबगानमा व्यवस्थापनले कुन प्रकारले अन्याय, अत्याचार गरेको थियो ? उनीहरूलाई आवाज बुलन्द गर्दाखेरि कसरी गोलीको सिकार हुनुपरेको थियो ? यी कुराहरू मैले देखाउन खोजेको हो । अब यसको बारेमा चाहिँ त्यहाँका पीडित, त्यसमा भुक्तभोगी भएर आएका मान्छेहरूले नै आफ्नो कथा सुनाएको हुनाले त्यो कथाको आधारमा मैले लेखेको हो ।

- **सरको अर्को एउटा नाटक थियो, १९७७ मा मञ्चन भएको 'पैँचो मागेको विश्वास' । त्यो धेरै राम्रो नाटक पनि थियो । किनभने मलाई अहिले पनि थाहा छ सर, मलाई ६ क्लासमा सरले अङ्ग्रेजी पढाउनुहुन्थ्यो र समय-समयमा सरले यस्तो एक्सन गर्नुहुन्थ्यो, यो नाटक पनि केही अंश मञ्चन गरेर देखाउनुभएको थियो । यो नाटक चाहिँ पछि हरायो क्यारे होइन सर ?**

एक जना भाइले पोखरामा मञ्चन गर्छु भनेर लगेको थियो तर स्क्रिप्ट फर्केर आएन । यो प्रकाशित हुन पनि पाएन ।

- **सरको अहिलेसम्म कृतिको रूपमा चारवटा मात्रै भयो ।**

चारवटा मात्रै भयो ।

- **अनि १९७२ मा सरको नेतृत्वमा विराट् अन्तर्राष्ट्रिय नै भनौँ त्यो बेला साहित्य गोष्ठी भएको थियो– जुलाई १४, १५ र १६ मा । त्यसको यसो सानो ब्याकग्राउन्ड बताइदिनुस् न सर ! त्यो गोर्खा दुःख निवारण सम्मेलनले गरेको थियो ।**

ए ! त्यो चाहिँ हामीले कुनै एउटा त्यस्तो सेमिनार गरौँ, जुन सेमिनारको माध्यमबाट चाहिँ हामीले दार्जिलिङमा बसोबास गर्ने जति पनि साहित्यकारहरूसँग एक-अर्को भेटघाट गर्ने र दार्जिलिङबाहिर पनि जो चाहिँ नेपाली साहित्यसँग समावेश भएर बसिराखेका छन्,

सेवा गरिरहेका छन् उनीहरूसँग एकचोटि ठुलो सेमिनार गरेर हामीले अहिले नेपाली साहित्य कुन दिशातिर गइराखेको छ, भविष्यको यसको दिशाबोध कस्तो प्रकारले हुनुपर्ने हो भन्ने हामीले गर्न खोजेका थियौँ। र त्यसमा दार्जिलिङका सुप्रसिद्ध साहित्यकारहरूलाई पनि हामीले यसमा निम्त्याएका थियौँ जसमा उहाँहरूबाट हामीले एउटा दिशाबोध एउटा दिशाज्ञान प्राप्त गर्न सकौँ भनेर। र यसमा हामीले सकेसम्म यता आसाम, जलपाइगुडी जहाँ–जहाँसम्म हामीले भ्याउन सक्यौँ, त्यहाँ–त्यहाँ हामीले प्रचार गरेर हामीले बोलायौँ। अनि साथसाथै यता नजिकको भद्रपुर यतातिर पनि हामीले बोलायौँ। र के थियो भनेदेखि त्यो समय १९७२ सालमा चाहिँ नेपाली भाषाको संवैधानिक मान्यताका लागि ठुलो आन्दोलन चलिरहेको थियो। त्यस्तो प्रकारको मानसिक अवस्था नै थियो। र त्यसमा टेवा पुग्ने हिसाबले गरेको किनभने गोर्खा दुःख निवारण सम्मेलन एउटा सामाजिक संस्था हो। तिनीहरू एउटा साहित्यिक सेमिनार गरेर यो विषयमा चाहिँ उहाँहरूको के विचार छ ? उहाँहरूको कुन प्रकारले यस क्षेत्रमा योगदान हुन सक्छ, मान्यता पाउन कुन दिशामा जानुपर्ने हो, हामीले विचार बुझ्नका लागि हामीले धेरै कुरा गऱ्यौँ। अनि त्यसमा हामीले एक पटक पहिलो पटक प्रयास गर्दाखेरि चाहिँ विभिन्न कविहरूले, लेखकहरूले आआफ्नो रचना पाठ त गर्नुभयो तीन दिनमा। साथसाथै हामीले कतिपय किनारीकृत लेखक, कविहरू जो बिर्सिएका थिए, उनीहरूलाई हामीले सम्मानित पनि गरेका थियौँ। जस्तै हर्कजङसिंह छेत्री, भाइचन्द प्रधान, सानुमती राई यस्ता धेरै लेखक, कविहरू चाहिँ त्यतिबेला लाइमलाइटमा आएका थिएनन् तर योगदान थियो, उनीहरूलाई सम्मान गर्ने काम भयो। अनि यो साहित्यलाई अलिकति सिस्टमाटिकल्ली अगाडि बढाउनु पर्दाखेरि के–कसरी गर्दा ठिक होला भनेर त्यो समयमा दुईतीनवटा कमिटी पनि गठन भएको थियो। एउटा के रे पत्रकार सङ्घ। नेपाली साहित्य पत्रकार सङ्घ गठन भएको थियो हो, अर्को एउटा नेपाली साहित्यकारको कुनै एउटा संस्था पनि भनेको। एउटाको नेतृत्व चाहिँ हाम्रो भरत यादवज्यूले गर्नुभएको थियो र अर्कोको नेतृत्व रामलाल अधिकारीले गर्नुभएको थियो। ती समितिहरू गठन मात्र भए, तर त्यसले कुनै एउटा मूर्त रूप लिएन।

- **सरले पछि सम्पादन गर्नुभएको एउटा सेमिनार पेपर छ नि ! त्यसमा चाहिँ त्यो पूर्ण रिपोर्ट छ। मैले यो पढेको थिएँ। सरले भन्या जस्तै त्यतिबेला सेमिनारमा चाहिँ पठन गरेका कविताहरूमा मोहन ठकुरीको कविता त्यहाँ देखिन्छ। जीवन थिङको कविता पनि देखिन्छ। अनि जस योञ्जन प्यासीको कथा, कविता, शरद क्षत्रीका अर्थात् धेरैका रचना त्यहाँ पढ्न पाइन्छ। सरको कविता पनि पढ्न पाइन्छ लामो कविता। प्रकाश कोविदको एउटा कथा पनि छ। प्रेम प्रधानको कथा छ। जगत् सरको लेख छ।**

**त्यसपछि कुमार सरको लेख छ। त्यो धेरै पढ्न पाइन्छ। उहाँहरू आएर वार्ता पनि दिनुभएको थियो।**

त्यो समयमा गोर्खा दुःख निवारण सम्मेलनलाई चाहिँ हाम्रो मूलमन्त्री काशीराम शर्मा र सभापति इ.प्रधानले नेतृत्व गर्नुभएको थियो। म चाहिँ सहमन्त्री थिएँ। उहाँहरूले चाहिँ कसरी हुन्छ जी.डी.एन.एस.लाई चाहिँ हरेक क्षेत्रमा एक्टिभेट गर्ने भन्ने उहाँहरूको प्रयास थियो। त्यसै हुनाले यो साहित्यलाई अलिकति बेस बनाएर चाहिँ आफ्ना पत्रिकाहरू, 'खोजी' पत्रिका पनि थियो, त्यो पनि चलायो धेरै वर्षसम्म। प्रेस पनि थियो। यसरी धेरै कामहरू भएका हुन् त्यो समयमा।

- **त्यो बेलामा कथाकारमा अलि प्रमिनेन्ट कथाकारहरू को थिए सर** ! (**त्यो बेला दार्जिलिङमा, त्यो ६०–७० को दशकतिर** ?)

त्यो समयमा त ग्याब्रियल राणा...! वीरविक्रम गुरुङ, बल देवान, ...तर बल देवान त्यति ठुलो कथाकार होइनन्। तर 'तीन तिया तीन' मा उनका कथाहरू छन्। तर ग्याब्रियल राणा चाहिँ एकदम राम्रो कथाकार हो त्यो समयको। अरू त झट्ट मलाई याद आएन है। तर त्यो समयमा लेख्नेहरू त...! के रे...! सुखनम, प्रेम थापा, विक्रम रूपासा, परशुराम रोका, जगत् छेत्री, राधिका राया, देवकुमारी सिन्हा, प्रकाश कोविद। त्यतिबेला उहाँहरू अलिकति प्रमिनेन्टमा थिए।

जगत् क्षत्री, वीरविक्रम गुरुङ मिलेर कथा...! कथासङ्ग्रह निकाले। रवीन्द्रकुमार मुक्तान। हो, रवीन्द्रकुमार मुक्तानको बारेमा चाहिँ मलाई नि त्यति राम्रो थाहा छैन। 'बरको भोको भूत', 'दुई पात एक सुइरो' उपन्यास रत्न प्रकाशनले छापेको थियो। उहाँ त पछि उता ग्रिसमा सेटल गर्नुभयो। त्यसपछि अलिकति एउटा फरक धारको लेखक हुनुहुन्थ्यो नि अलिकति यौनवादी टाइपको लेखक हरीश बमजन। हो, हरीश बमजन त पछि काठमाडौँमै आएर बस्नुभयो। राम्रो कथाकार हो। उहाँको चाहिँ त्यो 'सोकेसभित्रको जिन्दगी' हो।

- **अनि सरको बेलामा त्यो एकदम चलेको पत्रपत्रिका कुन थियो होला सर** ?

एकदम चलेको त धुवाँ, के रे दियो, अनि अर्को चाहिँ त्यो दियालो। यी तीनैवटा रेगुलर आउने। अरू इरेगुलर त धेरै नै आए। तिनीहरू याद नभएर। तर दियालो चाहिँ नेपाली साहित्य सम्मेलनको मुखपत्र। दियो, दियालो र धुवाँ। धुवाँ हाम्रो नारायण क्षत्रीको सम्पादनमा निस्कन्थ्यो। अनि दियो अलिकति त्यहाँको क्रिस्चियन कम्युनिटीले गरेको।

हाम्रो एडवर्ड रोंगङको। त्यसपछि दिनेश प्रधान, खर्साङ। जोनाथन थापा। यो छाप्ने पनि त्यो क्रिस्चियनहरूको के रे...! त्यो उसमा छापिन्थ्यो ? जीवनज्योति प्रेसमा छापिन्थ्यो। अनि एल.बी. राईले पनि हामीलाई केही प्रोत्साहन गर्ने। त्यसको सम्पादक नै एल.बी. राई हो खासमा चाहिँ दियो पत्रिकाको।

- **अनि सर आफै चाहिँ कुनै पत्रिकाको सम्पादनमा लाग्नुभएन ?**

खासै लागिनँ। त्यो गोर्खा दुःख निवारण सम्मेलनबाट निस्किने खोजी पत्रिकाको कतिवटा, दुई–चारवटा अङ्क सम्पादन गरेँ। अनि दियालोको एक–दुईवटा अङ्क (हाँगो ८०–८३ सम्म) सम्पादन गरेँ। त्यसपछि मैले त्यति रुचि राखिनँ। सम्पादन गर्ने कार्यमा। साहित्यबाट पनि अलिकति बिस्तारै–बिस्तारै टाढा हुँदै गएँ। विशेष गरी मेरो रङ्गमञ्च र नाटकप्रति मेरो समय व्यतीत भयो। त्यसले गर्दाखेरि...!

- **सन् १९७७–७८ पछि सर धेरै ओझेलमा पर्दै–पर्दै आफैले आफूलाई ओझेलमा पार्दै–पार्दै जानुभयो। त्यसपछि सरले के लेख्नुभयो ?**

होइन लेख्नु त लेखेँ मैले है। तर नाटकहरू लेखेँ। तर जस्तो जहाँजहाँ म पढाउँथे नि, ती स्कुल कलेजका वार्षिक उत्सवका लागि तयार गर्थे केटाकेटी खेल्नका लागि। त्यो नाटक लेखेँ, त्यत्तिकै छोडेँ। त्यत्तिकैमा गयो त्यो।

- **त सरले लामो समय शिक्षण पेसामा बिताउनुभयो ? प्राथमिक शिक्षकदेखि लिएर पछि मास्टर्स डिग्रीसम्म...।**

तपाईंहरूलाई पढाउनुभन्दा अगाडिदेखि मैले स्कुलमा पढाएको। अँ...! लामो बिदामा मिलन प्राथमिक पाठशाला पढाएँ। अर्को त्योभन्दा अगाडि १९६७ मा मैले छ माइलको प्राथमिक पाठशालामा १९६७ देखि पढाएको। अस्ति त्यो कोभिडमा मैले पढाउन छोडेपछि मैले यसो हेरेँ, झन्डै ५२–५३ वर्ष मैले शिक्षण पेसामा बिताएछु। नेपालमा सिद्धार्थ वनस्थली, पद्मकन्या, नेपाल कमर्स क्याम्पस आदिमा पढाएँ।

- **अगमसिंह गिरीको अन्तिम कालमा सर धेरै नजिक हुनुहुन्थ्यो। उहाँसँगै तपाईं काठमाडौँ आउनुभयो, 'युद्ध र योद्धा' खण्डकाव्य बोकेर। गिरी कस्ता खालको व्यक्तित्व हुनुहुन्थ्यो सर, सानो केही भन्दिनुस् न ?**

गिरी एकदमै गाईप्राणी भन्छु म त। एकदमै सोझो, सोझो...! उहाँ एकदमै नितान्त कवि भन्ने हो भने त उहाँको परिभाषा चाहिन्छ। मैले कविको रूपमा देखेको भनेको एक जना गिरी, अर्को भूपि शेरचन। एकदम रेडी–मेड, एकदम प्रकृतिले नै उहाँहरूलाई कवि

बनाएर पठाएको हो। र उहाँ त मेरो गुरु पनि हुनुहुँदो रहेछ पछि थाहा भयो। र एकदमै... गिरी दाजुको बारेमा मैले संस्मरणमा लेखेको छु। अन्तिम समयमा जब उहाँ आउनुभयो काठमाडौँ, त्यसपछि म पनि सँगै थिएँ। र 'हाम्रो अस्तित्व' भन्ने पत्रिका उहाँले सम्पादन गर्नुहुन्थ्यो, त्यसमा छापिएको छ सबै त्यो मेरो बेलीविस्तार जम्मै। उहाँ कस्तो मान्छे हो, के हो भन्ने कुरा...!

- **सरको त्यो एकपल्ट...! अँ... यो 'अनि देउराली रुन्छ' मा काठमाडौँ आउनुभएको थियो, एउटा नाटक लिएर। यहाँ राजाले पनि हेर्नुभएको सुनेको थिएँ। त्यो सरले ल्याएको सन् १९७५ कि १९७६...?**

  सन् १९७६ मा। पहिलो पटक।

- **अनि राजाले हेरेको चाहिँ पहिलोपल्ट कि दोस्रोपल्ट सर ?**

  राजाले हेरेको पहिलोपल्ट। दोस्रोपल्ट चाहिँ रानीले हेर्नुभएको।

- **अनि हजुरलाई त्यो एउटा ठुलै रकमको पुरस्कार पनि दिएको थियो त्यो नाटकमा। त्यो पहिलोपल्ट कि दोस्रोपल्ट सर ?**

  दोस्रोपल्ट थियो। त्यो समयमा एक लाख रूपैयाँ...! हाम्रो संस्थालाई दिएको हो।

- **एक लाख रूपैयाँ त्यो बेलाको धेरै ठुलो पैसा हो। सर साठीको दशकमा दार्जिलिङको साहित्यिक माहोल कस्तो थियो ?**

सन् १९६३ मा तेस्रो आयाम आएपछि यसले दार्जिलिङमा तरङ्ग ल्यायो। केहीले समर्थन गरे केहीले विरोध। तर यस आन्दोलनलाई नेपालको रूपरेखा पत्रिकाको माध्यमबाट जुन प्रकारले एउटा समर्थन, लोकप्रियता पायो र एउटा आन्दोलनको रूपमा नै लियो त्यसैले गर्दा यसले स्थापित हुने अवसर पायो। त्यो दार्जिलिङमा पाएन क्या। ए, हो। किनभने दार्जिलिङमा दुई वटा धार थियो। एउटा तेस्रो आयामको प्रतिपादन गर्ने, प्रचार–प्रसार गर्ने नेपाली साहित्य परिषद्, जुन चाहिँ इन्द्रबहादुर राईको नेतृत्वमा चलिराखेको थियो। उहाँहरू हुनुहुन्थ्यो। कुमार प्रधान, राजनारायण प्रधान, मत्स्येन्द्र प्रधान, यिनीहरू थिए। अर्कोतिर परम्परागत धारलाई नै समातेर बसिराखेको एउटा साहित्य सम्मेलन थियो, जसमा हाम्रो तुलसीबहादुर क्षेत्री, जगत् क्षत्री, लक्खीदेवी सुन्दास, यिनीहरू। यसरी चाहिँ एक प्रकारको अज्ञात रूपमा, अदृश्य रूपमा एउटा सत्ताधारी राजनीतिक दलहरूको एउटा समर्थनजस्तो पनि थियो। त्यो यही माहौलभित्रमा पनि एउटा अलिकति विद्रोह गरेर निस्किने गुमानसिंह चामलिङ। उहाँको फरक धार थियो।

- **गुमानसिंह चामलिङलाई सरले एकदम नजिकबाट चिन्नुभएको थियो । उहाँ कस्तो खालको व्यक्तित्व हुनुहुन्थ्यो सर ? एज अ राइटर कस्तो हुनुहुन्थ्यो ?**

एक गुमानसिंह चामलिङ चाहिँ एकदमै विद्वान् मान्छे, त्यो समयमा इन्द्रबहादुर राई, कुमार प्रधान, राजनारायण प्रधानहरूजस्ता बौद्धिक व्यक्तित्वहरूलाई ठाडो चुनौती दिन सक्ने कोही साहित्यकार थिए भने त्यो गुमानसिंह चामलिङ थिए। किन उहाँले विशेष गरी सैद्धान्तिक अध्ययन गर्नुभएको थियो पाश्चात्य साहित्यको। अनि लेख्न पनि सक्नुहुन्थ्यो। साथसाथै एउटा प्रखर वक्ता पनि हुनुहुन्थ्यो र एउटा प्रखर तार्किक पनि हुनुहुन्थ्यो । यसकारण यो सबै किसिमको एउटा व्यक्तित्व समेटिएको थियो। अनि, उहाँ चाहिँ एउटा सबैसँग मिल्न सक्ने मान्छे। डाउन टू द अर्थ मान्छे उहाँ। ए, यसकारण डाउन टू द अर्थ मान्छे भएको हुनाले सबै पुस्ताका मान्छेहरू उहाँसँग घुलमिल भएर रहन सक्ने मान्छे भएको हुनाले उहाँ ज्यादै लोकप्रिय हुनुहुन्थ्यो। एउटा राम्रो नेता पनि हो। हो, हो। राम्रो नेता पनि हो। उहाँका स्वतन्त्र उम्मेदवारहरू उभिनुभएन। ए, उहाँले कहिले चाहिँ गोर्खालीको समर्थन गर्नुभयो, कहिले चाहिँ पछि गएर अथवा अन्त्य–अन्त्यमा गएर, काङ्ग्रेसलाई समर्थन गर्नुभएको हो। खासमा उहाँले नेपाली कवितामा नयाँ किसिमको धार प्रयोग गर्ने दार्जिलिङमा उहाँ हो। मलाई लाग्छ, वैरागी काइँलाभन्दा अगाडिदेखि नै उहाँले त्यस्ता किसिमका कविताहरू लेख्नुहुन्थ्यो। तर वैरागी काइँलाको चाहिँ एउटा सैद्धान्तिक समर्थन थियो, एउटा आधार थियो। गुमान सिंहले भने त्यस्तो कुनै सैद्धान्तिक आधार प्रस्तुत गर्नुभएन।

- **त्यतिबेलाको परिवेशमा भनौँ न एउटा माहौल थियो । त्यो माहौल चाहिँ अब फेरि आउन पाओस् भन्ने हाम्रो कामना छ । भारतीय नेपाली साहित्यमा जुन बेला सरले लेख्नुहुन्थ्यो, त्यो बेला एक किसिमको स्वर्णयुग नै थियो। सरहरू नाटकमा हुनुहुन्थ्यो, अब त्यही बेला गिरीहरू कवितामा हुनुहुन्थ्यो, अघि लिएका नामहरू ग्याब्रियल रानाहरू कथामा हुनुहुन्थ्यो। वीरविक्रम गुरुङ सरहरू कथामा हुनुहुन्थ्यो। नन्द हाङखिम हुनुहुन्छ कथामा। नन्द हाङखिम कवि पनि हुनुहुन्छ, कथाकार, गीतकार, उपन्यासकार।**

त्यो साहित्यिक वातावरण चाहिँ एकदमै सकारात्मक, रचनात्मक र एउटा पारस्परिक सहयोग गर्ने खालको वातावरण थियो क्या, त्यो। साहित्यिक माहौलले पनि निकै प्रभाव पार्‍यो किनभने हामीसँगैको साथी हो मदन ओझा। हामी सँगै पढ्थ्यौँ। हो, मदन ओझा, दलसिंह अकेला, पी अर्जुन। यिनीहरू दुई वर्ष जुनियर हो। अनि चन्द्र बानुछा अनि त्यो समयमा धेरै कविहरू थिए, धेरै लेखकहरू थिए। उहाँ त बिर्सिसकेँ मैले। अहिले तत्काल

नाम आएन। अनि त्यतिबेला यति विभिन्न पत्रपत्रिकाहरू निस्कन्थे, प्रायः हरेक महिना नै हरेक कमानबस्तीबाट एकएकवटा पत्रिका निस्कन्थे। एकदम राम्रो वातावरण थियो है, किनभने त्यो समयमा नेपाली भाषाको आन्दोलन चलिराखेको थियो। माटिल्डा राईले त पुरस्कार पायो **टोक्लाको फूल** कथामा। उहाँले पछि कथासङ्ग्रह पनि निकाल्नुभयो टोटलाको फूल। मदन ओभ्काको भर्खरै एक वर्षजति भयो नयाँ कवितासङ्ग्रह निस्केको छ।

- **गिरी जतिको कवि अहिलेसम्म आउन सक्ने सम्भावना पनि देख्दिनँ मैले। तर त्यसकै हाराहारीमा चाहिँ भारतीय नेपाली साहित्यमा कविता लेख्नेहरूमा चाहिँ जीवन थिङ। सरले भेट्नुभयो कि भएन** ?

जीवन थिङ भेटेको मैले। जीवन थिङ, बी योन्जन। बी योन्जन कवि पनि हो, कथाकार पनि हो। हजुर। भीम थापा पनि राम्रा कवि हुन्। जगत् राई पनि राम्रा कवि थिए तर चर्चामा कमै आए। उहाँको खण्डकाव्य धुवाँ पत्रिकामा धारावाहिक प्रकाशित भएको थियो। तर साहित्यिक कार्यक्रम कमै आउने।

- **अनि सरको एउटा गीत थियो नि, पछिल्लोमा कर्म योञ्जनले गाएको, मैले त सोचेको थिएँ पेमा लामाले गाएको होला भनेर, तर कर्म योञ्जनले नै... तर त्यो प्रोपर्ली रेकर्डेड भएको छैन त्यो गीत जस्तो लाग्छ। त्यो गीत चाहिँ हो, अँ... साँझ पर्दा...।**

ए, त्यो नाटककै गीत हो त्यो। 'विद्रोही राजरक्त' भन्ने एउटा नाटक थियो। त्यसमा गाउनुभएको कुमार सुब्बाले। अनि सङ्गीतबद्ध गर्नुभएको हाम्रो कर्म योञ्जनले। अनि त्यसपछि, पेमा भाइको भोइसमा चाहिँ रेडियो नेपालमा रेकर्ड भएको रहेछ। त्यो थाहा थिएन। पछि सुनेँ मैले त्यो।

- **मेरो कथा खालीखाली पिँजडामा खोज, मेरो व्यथा भत्किएको मन्दिरलाई सोध... यो सरको गीत त नारायण गोपालले शान्ति ठटालको सङ्गीतमा गाएको होइन र** ?

शान्ति दिदीले एउटा गीत लेख न भन्नुभयो अनि मैले लेखेँ। सुरुमा दिदीले टेरपुच्छर लाएकी थिइनन्। शब्द सुनेपछि पुलुक्क हेरिन्। अनि हारमुनियमका रिडमा औँला नचाउन थालिन्...! हेर्दाहेर्दै आधा घण्टामा तयार भयो यो गीत। सन् १९७७ तिर यो गीत नारायण गोपालले मन पराउनुभयो अनि गाए पनि।

- **सरको मलाई लाग्छ, जनदूतबाटै कथाकारिताबाटै सर आउनुभएको हो कि** ?

जनदूतमा चाहिँ पहिलो कथा छापिएको मेरो, प्रकाशित रूपमा। त्यो चाहिँ स्वतन्त्रता अनि वियोग भन्ने सन् १९६६। क्लास नाइन पढ्दाखेरि हाम्रो जगत क्षेत्रीकै सम्पादनमा निस्केको 'प्रदर्शक' भन्ने हस्तलिखित पत्रिकामा चाहिँ 'प्रेम अनि वियोग' भन्ने पहिलो कथा छापिएको हो।

- **त्यसपछि सरले त कथा त निकै लेख्नुभयो नि त ?**

तर अब कहाँ-कहाँ छाप्यो, छाप्यो, त्यो हरायो। त्यो थाहा छैन। सङ्कलन गरेर निस्केन।

- **अनि सरले कविता पनि त निकै लेख्नुभयो नि।**

लेखेँ, धेरै नै लेखेँ। त्यतिबेला पत्रपत्रिकाहरूमा छापियो, त्यत्तिकै-त्यत्तिकै हराए। सन् १९६२ मा 'कलि' नामक कविता पनि हस्तलिखित 'प्रदर्शक' पत्रिकामा छापियो। त्यसपछि जनदूतमा नै सन् १९६६ मा पहिलो पटक 'भानुभक्तप्रति' कविता प्रकाशित भयो।

- **साहित्यमा लाग्नुभयो, अब नाटक, कलामा सर लाग्नुभयो। तर यीबाहेक अरू सामाजिक कामहरूमा पनि सरको सहभागिता रह्यो ?**

सामाजिक काममा त गोर्खा दुःख निवारण सम्मेलनमा टुकी बालेर नै मैले गरेको हो विभिन्न किसिमको। सामाजिक काम भन्नाले त अब त्यहाँको स्वयंसेवक थिएँ म। क्लास सात पढ्दादेखि नै म स्वयंसेवक थिएँ गोर्खा दुःख निवारण सम्मेलनको। त्यो सामाजिक चेतनाले धेरै किसिमको काम गरियो। बेवारिसे लासहरू कति बोक्यौँ, बोक्यौँ। लासहरू दाहसंस्कारलाई लिएर जाने, गाड्ने अथवा जलाउने। दिनमा दुई पटकसमेत हामीले त्यस्ता बेवारिसे लास बोकेर तलसम्म पुऱ्याउने, तलै पुऱ्याउनुपर्थ्यो। यस्तो कामहरू गरियो।

- **सरले मलाई यति लामो समय दिनुभयो, जीवन र सृजनाको विविध पाटो केलाउने अवसर दिनुभयो। यसका निम्ति हार्दिक आभार व्यक्त गर्दछु।**

मलाई पनि पुरानो कुराहरूको याद गराउनुभयो, खुसी लाग्यो। हार्दिक धन्यवाद !

o-o-o



***टोने स्क्र्यानेच (स्लोभेनिया)***
Tone Škrjanec (Slovenia)

*टोने स्क्र्यानेच (ल्युब्लियाना, १९५३) कवि र अनुवादक हुन् । उनको पहिलो कवितासङ्ग्रह* ***द ब्लुज अफ स्विङ*** *सन् १९९७ मा प्रकाशित भएको थियो । त्यसपछि उनले एघारवटा कवितासङ्ग्रह प्रकाशित गरे, जसमध्ये अन्तिम* ***इन्डिगो*** *(२०२३) हो । साथै सन् २०२४ मा उनको सङ्कलित कविताहरूको पुस्तक* ***मर्निङ वाज नट पार्ट अफ द प्लान*** *प्रकाशित भयो । उनका कविताहरू पोलिस, फ्रेन्च, अङ्ग्रेजी, बुल्गेरियन, स्प्यानिस, क्रोएसियन र जर्मन भाषामा अनुवादित भई प्रकाशित भएका छन् । सन् २०१७ मा उनले दश वर्षको उत्कृष्ट कविता सृजनाका लागि* ***वेलेंजिकाः कप अफ इमोर्टालिटी अवार्ड*** *प्राप्त गरे र सन् २०१८ मा आफ्नो कवितासङ्ग्रह* ***ब्रिथका*** *लागि* ***जेन्को अवार्ड*** *र* ***भेरोनिका अवार्ड*** *प्राप्त गरे ।*

# एकदमै शान्त साँझको बारेमा

आजको साँझ एकदमै शान्त छ ।
मोनिका बिरालोझैँ गुँडुल्किएर सुतेकी छन् ।
हिजो र आज दुबै कठिन समय थिए ।
म बिथोलिएरै सुतेँ, सपनाका कारणले होइन,
यत्ति मात्र कि म बारम्बार ब्युँझिरहेँ,
र खाइरहेँ बदाम हालिएको गुलियो कुकिज ।
बिहान, बिस्तारै चियाको चुस्की र चुरोटको सर्को तान्दै
म धेरै बेर बसिरहेँ ।
म सोचिरहेको पनि थिइएँ । कुनै विषयमा ।
किन वा कुन विषय भन्ने चाहिँ ठ्याक्क याद भएन ।
त्यसपछि, कुहिरो आयो, अथवा त्यो एउटा तरिका थियो
कमजोर भएर

बादल र पातहरू हुँदै डुबिरहेको घामको।
तिमीले चाँचर र कागको आवाज सुन्न सक्थ्यौ।
गाडीहरू पनि निरन्तर गुडि नै रहेका थिए।

०–०–०

*(अनुवादः केशव सिग्देल)*

# हामी सबै एउटै रेलमा छौँ

के तिमी कल्पना मात्र पनि गर्न सक्छौ
कि जीवन जादु हुनसक्छ !?
चिन्ता नगर, तिमी बुझ्दैनौ, यी त गम्भीर ब्रह्माण्डीय क्षेत्रहरू हुन्।
यी सबै मान्छेका कामनाहरू, उपहारहरू र सोचपूर्ण टाउको कन्याइ हुन्।
हामी सबै केवल मसाजको कामना गर्छौं,
अझै केही धेरै चरम सुखहरू र मिठो निद।
भनूँ त अति थोरै र अति सामान्य।
मेरो जीवनमा कहिल्यै पनि मैले यति प्रेमिल महसुस गरेको थिइनँ।
म यो छोटो पलका बारेमा कुरा गर्दै छु। मलाई थाहा छ
बिदाइसँग कमजोरीको कुनै सरोकार छैन
जुन म कहिलेकाहीँ महसुस गर्छु
र कमजोरी कमजोरी नै हुनुपर्छ भन्ने पनि छैन
जब कि यी त बाह्य आवेगहरू र स्वतन्त्रताको स्वाभाविक प्रतिक्रिया हुन्।
अझ भनौँ, स्वतन्त्रताको स्पेसको अभाव !
एउटा सुन्दर काग झ्यालको खापामा बसेको छ
एउटा विशाल कालो गुजमुज्ज अस्पष्टता।
बस ! यो रङ्गसँग कसरी प्रेममा नपर्ने होला
जसका लागि कुनै नाम नै जुराउन सकिनँ।
जङ्गलमा ताजगीपूर्ण दौडपश्चात्
तिमी चाहन्छौ कि म तिम्रा घमन्डी मित्रहरूलाई अभिवादन गरूँ।
म कुनलाई महत्त्व दिऊँ ?
खै त्यो भन्न गाह्रो छ, जसलाई मैले स्पष्टसँग देखिरहेको छैन !
तैपनि जे होस्, दुबै।

आऊ विगतलाई बिदाइ गरौँ।
यो फेरि देखा पऱ्यो भने,
म तत्काले अझ गहिराइमा खस्छु।
मेरो साँझ सुरु हुँदै छ।
मेरो बिन्ती तिमी बस
र हामी सँगसँगै यो सुन्दर दिनको अन्त्य हेरौँ
जसले हाम्रा शत्रुहरूलाई धरधरी रुवाउने छ।
महत्ताहीनताहरूलाई छोडौँ।
आजको फसलको बारेमा हामीले के भन्नुपर्छ र !
अहँ, हामी सिकारी होइनौँ र हामी सबै ठिकठाक छौँ। हामी त साधकहरू हौँ
र हाम्रो प्रत्येक खोजको आकस्मिक अन्त्य छ।
त्यही कुरा नै मलाई मन पर्छ, त्यही कुराले नै मलाई आशा दिन्छ।

*हो, हामी सबै एउटै रेलमा छौँ।*

o-o-o

*(अनुवादः मोमिला/बलबहादुर थापा)*

# नमस्ते दुनियाँ, आज तपाईँलाई कस्तो छ ?

नकारात्मक मानिससँग सम्बन्ध घटाउन आवश्यक हुने छ।
तिनीहरूले मलाई हरियो रङको नङसहित समाते
र उनीहरूले त्यति मात्रै देखे।
यदि तपाईँले कुनै कुरा देख्नुभएन भने त्यसको अर्थ यो होइन कि त्यो अस्तित्वमा छैन
ईश्वर या त्यस्तै केही मिथकीय कुराले मलाई यति धेरै प्रेम गर्छ कि
उसले मलाई आनन्दको क्षणमा प्रतिस्थापन गर्छ।
मलाई भात र स्पेनिसको आवाज साँच्चिकै मन पर्छ
र म त्यस्ता मानिसले घेरिएको छु जसले मेरो प्रयोग
मूल्यको वास्ता गर्दैनन्।
मैले गर्मीको समय राम्रोसँग बिताउने प्रयास गर्दै छु,
एकातिर ताजा पाउरोटीको ढकिया र अर्कोतिर पानीको बोतल। सुन्दर !

अहँ, थाहा छैन मलाई म ती वक्राकार अङ्गहरूको प्रशंसक हुँ या होइन ।
सायद मैले प्रश्नहरू राम्रोसँग बुझिनँ कि,
फेरि यो नितान्त पृथक् कुराको बारेमा थियो
र म अनुवादमै भौँतारिइरहेको छु,
यस्तो अनुवाद जुन अर्को अनुवादको पनि कमसल अनुवाद
म प्राविधिक प्रश्नहरूको बारेमा
यति धेरै सोचिरहेको छु कि यसले कविता नै मारिदियो । ती मूर्खहरूलाई
जल्न छाडिदेऊ । त्यो मेरा निम्ति होइन । मलाई विश्वास छैन कि
केही शरीरहरू यति ताता हुन्छन् कि तिनले तपाईँलाई नै पगाल्न सक्छन् ।
मलाई त्यसको डर छैन । यो पक्कै पनि त्रासदीपूर्ण हुन्छ
र कुनै विकृत पारामा भव्य पनि हुन सक्छ ।
केही शब्दहरू कर्महरूभन्दा पनि शक्तिशाली हुन्छन्
अनि फेरि धेरै कर्महरू शब्दहरूभन्दा शक्तिशाली हुन्छन् ।
तर, हामी सङ्गत शक्तिहरूका अनुयायीहरू होइनौँ ।
हामीलाई बरु चित्र मन पर्छ ।
विशेष गरी तिखा नितम्ब भएकाहरू,
बाहिरै देखिएका आन्तरिक द्वन्द्व र बग्ने पानी । मोटी महिलाले गाइन्जेल
केहीको अन्त्य हुँदैन ।
सबै आँखाहरू कुनै ठुलो कुरा, कुनै
विशेष कुरामा टक्क अडिने छन् ।
चेतनाको खोजी, कल्पना बुझ्नका लागि एक्ला र पवित्र क्षणहरू
र छिप्पिएका साँझहरूका सङ्केतहरू हुन् ।
पहिरनबाट आँट आउँदैन, जिन्सबाट समेत ।
जब हामीले सम्पूर्ण बन र बनका गोरेटाहरू अन्त्यमा हसुर्छौँ,
तेलको समस्या असम्बन्धित हुन्छ । अनि
हिउँ खरायाहरू आउने छन् र दिशानिर्देश गर्ने छन् ।
तिनीहरूले हामीलाई खाना दिने छन्
र घामछायाको रहस्य पर्दाफास गर्ने छन् ।
०-०-०

*(अनुवादः बलबहादुर थापा)*



## *भार्या बाल्जालोस्की आन्टिच (स्लोभेनिया)*

Varja Balžalorsky Anti (Slovenia)

*भार्या बाल्जालोस्की आन्टिच (सन् १९७९) कवि एवं अनुवादक हुन् । उनले गीत सिद्धान्त, आधुनिक र समकालीन विश्व र स्लोभेनियाली कवितासम्बन्धी थुप्रै अनुसन्धानमूलक लेखहरू प्रकाशित गरेकी छन् । उनको पुस्तक **द लिरिकल सब्जेक्टको** अङ्ग्रेजी संस्करण पिटर ल्याङ प्रकाशनले सन् २०२२ मा प्रकाशित गरेको थियो । सन् २०१८ सम्म उनका कविता प्रमुख स्लोभेनियाली साहित्यिक पत्रिकाहरूमा प्रकाशित हुन्थे । सोही वर्ष उनले एलयुडी शेर्पाबाट आफ्नो पहिलो कवितासङ्ग्रह **क्लोबुक भेरे रेव्जाकिने बी.** प्रकाशित गरिन् जुन २०१९ को प्राङ्गर उत्सवका लागि चयन भएको थियो । उनका कविताहरू सर्बियन, फ्रेन्च, अङ्ग्रेजी, म्यासेडोनियन, स्प्यानिस, ग्यालिसियन र पोर्चुगिज भाषामा अनुवादित भएका छन् । उनको दोस्रो कवितासङ्ग्रह **ए वाका फर ए ब्लु क्रो** प्रकाशनको तयारीमा छ ।*

# बेलग्रेडमाथिको फ्लामेनको नाच

(ब्रान्कोको ब्रिज, उस्चे, २०१०)

र यसको अर्थ के बुझ्ने
तिमी आफैलाई छिचोलेर जाँदै छौ, रङहीन भएर, कोसाभाको आँधीबिच,
केवल तिम्रो अंश, केलाइँदै यसै क्षण, सहरको आन्द्राभुँडी हुँदै
जब तिमी भावनाको भुमरीमा कतै फ्याँकिन्छौ,
सडकको न्यानोपन, विरहबाट थकानमा
उदाङ्गै, सादा, तिमी केवल विपरीत किनारातिर दौड्दै छौ, अँगालोमा,
वर्णन शक्तिबिना, बेरङ्गी,
जेलेनी भेन्याकमा जिप्सी महिलाहरूका कानका मुन्द्रीहरूका चमकको रूपक,
इन्द्रेणी रङका कपडाको भूमिगत बजार
मलाई भुँडे सल्लाको भैँडी बगाइदिऊँ भैँ लाग्छ

पुलमुनि, भारी आकृतिले रद्दीको टोकरीमा खोजिरहेछ,
माछाले जम्मा गरेका अन्डाहरू माथि–माथि आइरहेका छन्,
जम्मा भएका कबाडीस्थलका भिजेका बिरालाहरू,
भित्र, अल्मलिएका जिब्राहरूका नरम, सफा पसिना,
र हेर, सोही चित्रमा, एक चम्किलो गुम्बज उठ्छ
(यो अनन्तता, तिमी दुबैले देखेको, तिमी दुबैभित्र देखिएको)
त्योभन्दा पर, तिमी हतारिँदै छौ, अङ्कमालित, टापुको जङ्गलको वक्राकृति अङ्कमाल गर्न
र तत्पश्चात् डान्युबको रातको बैजनी आँखीभौँ,
नदीको चिहानका चराहरूलाई भेट्न,
सुगन्धित ध्यानसिवाय केही होइन; तिमी केवल सास फेर्दै छौ,
बसाउँदै, विस्फोट हुँदै, मात्र तन्किँदै,
सर्वप्रथम नदीको चौडाइ पुनः अध्ययन गर,
साइगोनका काल्पनिक आकृतिहरू, सङ्गममाथि पाक्दै छन्,
ओ पानी, पानी, नदीहरूको मैथुनबिच तिमी कानेखुसी गर्छौ,
द्वीपको उष्ण चिसोपन जस्तो लाग्ने शुद्धता पिउँदै,
उजाडमा पनि, किनारहरूमा विलाप निश्चित रूपमा हैन,
मेरो एक्लो गतिहीनता, वायु र शोकमग्न एवं अचेत हुन नसकेकोमा
दोषी चेतनाद्वारा चुटिएर, हिमपातहरूको लेन्समार्फत चम्केर,
एउटा नृत्यमय खुसी, प्रत्येक कुरामा बेरिएर, बसमा काला
आँखाहरूका दुःखी भिजेको परिदृश्यसमेत,
तर अझ पनि एक शान्तिको नृत्यमय खुसी, एक भयङ्कर सञ्जालको खुसी,
निदाइरहेको मस्तिष्कको बाहिरी तहमाथि बकुल्लाहरूले गुँड लगाउँछन्,
सफा गर्दै, उद्दण्डतासहित सफा गर्दै, कलिलो हिलो फ्याँक्ने पम्पले
निसानामै हमला गरी बमबारी गर्ने लडाकु विमानका स्मृतिहरू पखालिदिन्छ
र अगाडि नै– तिमीले सुन्यौ ? पोटिला पातका नसाहरू बहिर निस्केका छन्,
नदीको शिशिर सालनालमा यसको उर्लँदो ओसलाई भिजाएर ।
त्यसो भए सफा गर्ने चाललाई दन्किरहेको भाला हुँदै डायफाममा कसरी तन्काउने;
कसरी आफैलाई नदीतर्फ सोझ्याउने; हेराइदेखिको उफ्राइ, आवाज,
बिना कुनै वर्णनात्मक शक्ति, बिना कुनै शृङ्गार,
तिमी किनारलाई नक्साको विपरीत व्याख्यामा जोड दिन्छौ,
थर्थराउने गरी बनाइएको घुम्ने भित्री सतहको त्यो केन्द्र, जुन अरू केही होइन;

आत्मा, यहाँ, यो–त्योको बिचमा,
अझै बढी भिज्दै गएका अउक चराहरू, तिम्रा आँखाहरू काला व्हाइटबिल चराहरू,
तिम्रा हातगोडा नदीका चराहरू जो
त्यो स्वच्छ, चरामय दिनमा सतहमा डुबुल्की मार्छन्, त्यो पुल पार गराइ,
त्यो कोलाहलमय, असङ्गत समय
जसका खाल्डाहरूमा बाचाको रस लुकेको थियो।
०–०–०

*(अनुवादः मोमिला/बलबहादुर थापा)*

# असङ्गत समयका लागि एउटा रूपरेखा

इटालेली नाटकको चरित्र हार्लेक्विनको पहिरनमा
कवि भेर्लेनका जस्ता प्रतीकात्मक विशेषताहरू कोर्छिन् डोमिना,
त्वचाको आकस्मिक भाषामा

डोमिनस तिर्खाएकी छैनन्,
उनले आफ्नो नक्कली कपाल फुकालेर आँखीभौँको रङ्ग पुछ्छिन्
मानौँ उनी गर्भावस्थाको चेतनाको
मुलायम रौँका जराले जोडिएकी छैनन्

डोमिना पौडिन्छिन्
थरीथरीका अचारका सिसाहरूमा
मानौँ ती उनकै अहम्हरूका सङ्ग्रह हुन्,
ती काँच कुनै पनि क्षण टुट्न सक्छन्
तय गरिएको समयमा
लाखौँ टुक्राहरू भएर।

जोखिमको उचाइबाट,
डोमिना चेकर्स खेलमा पराजित हुन्छिन्,
उनको बहना झुकेको छ, कोर्राको टुप्पोले
रक्तनलीको सङ्गमको गहिरो घाउमा

एक विकृत मुस्कान कोर्छ,

डोमिनस, उनको कन्ट्रोल प्यानल
र मापन गर्न बिर्सिएको उनको योनिको नाडी,
मनमौजी कुद्छन्
झुन्ड भएर विभिन्न समूहहरूमा ।
सित्कार निकालिरहेको लोखर्के, एउटा लाटोकोसेरो,
भूकम्पका चरणहरूजस्तो गरी मच्चिन्छन्,
एउटा एकाङ्की नाटक, एक जना नापित,
चक्कुमा उज्याउने उपकरण, एउटा चमेरो,

डोमिना, त्यो बबुलको रुख
जो छप्ल्याङ्ग तिम्रो रातको जङ्गलबाट निस्कन्छ
र अर्धपारदर्शी मह बनाउँछ

र कुकुरहरू त्यसपछि पनि धेरै बेरसम्म भुकिरहन्छन्,

बिहानीले मुख नबाउन्जेल ।

o-o-o

*(अनुवादः केशव सिग्देल)*

## प्रभाववादः नव गेयात्मकता

(नान्तेर, २००७-२०१०)

सुश्री क्लेयर डल्करिअर, वर्ष ५४, एक्ली,
सन्तानविहीन,
पेसाले विमानपरिचारिका, कलाले कवि
म केवल हावामा लेख्छु, म निरन्तर लेख्छु
म मुस्कुराउनुभन्दा अझ बढी लेख्छु
प्रवचनकक्ष ब्लक 'बी' को 'आर बी' २०६ मा साहित्यिक मिलन,
कविताले के नै गर्न सक्छ र यसले जे गर्न सक्छ, जे गर्छ,
हेल्लो उराठ नान्तेर, के अझ पनि भौँतारिन्छन् यहाँ ६८ आत्माहरू

क्याम्पसको चौरमा, एउटा ग्यारेज ब्यान्ड चिच्याउँछ,
यो ढोकाहरू खुल्ने दिन हो, बचपना शैलीको
पानी बेलुन फँकाइ र दशवटा प्रदर्शनमध्ये परेन कुनै पनि त्यस दिनको कार्यक्रममा
प्रत्येक साँझ सेन्ट डेनिसको बसमा तिमी विशेष सैनिक देख्छौ
यदि यो मे २००७ हो भने यसको तात्पर्य, यसको तात्पर्य ...
सहरका पहरेदारहरू र आज छिमेकका लडाकुहरू
सतर्क छन् बस पर्खेर बस्दा जहाँ असन्तोषले संसारको पेट जलाइदिन्छ
उनीहरू सोध्छन् के तिमी नयाँ शिक्षक हौ भनेर
फुस्रो गाला भएकी बच्ची तिमी यहाँ अरू के नै गरिरहेकी हुने थियौ
या उपनगर लाइनको बाटो छेउमा बस्नु नै असङ्गत कुरा हो किः
सेन्ट डेनिस, गार्गेसन्लेस–गोनिज, सारसेल्स
जहाँ त्यो दिन थोरै कुराहरू मात्र जलाइएका थिए
जेइदी विद्यालय तल, प्राथमिकतामा परेका शैक्षिक क्षेत्रहरूमा,
जे क्रान्तिले गर्न सक्छ, जे यसले गऱ्यो, जे यसले गर्छ,
कुन चाहिँ, सुश्री क्लेयर डल्करिअर म एक सुन्दर शान्त महिला हुँ
सायद अउटेउइलबाट, सायद भर्सिलिजबाट
सुश्री क्लेयर डल्करिअर, म एक चिटिक्क कविता हुँ
मार्जीपान र कागतीको पातलो तहले छोपेर बनाइएका
चक्लेट कछुवाहरू आकाश भएर उड्छन्
यो तालुमा भएको एक मखमली क्रान्ति हो, एक समयहीन घटना
उडेको बेला लेख्दै, उडेको बेला चुस्दै,
मैले निरन्तर लेख्छु कफी न्याप्किनहरूमा, जहाजका प्लेटहरूमा,
महिलाहरूको टिस्युमा बैङ्कक–हेलसिन्की उडानको दौडान विश्रामको बेला,
मेरा अन्य फूलहरूबाट तैरिँदै मैले विमानस्थलको शौचालयमा थुनिएका
देवदूतहरूका आवाज विमानचालकको सिटमुनिबाट अभिलेख गरेँ,
अनौठो प्रभाव, आकाशमा बोल्नु एक शुद्ध देवदूतीय अनुभव
कविताले के नै गर्न सक्छ र
जब हामीले कटुसको क्रिमसँगको ट्रफल चक्लेट खाँदै खुइय गर्छौँः हो
यो त नव काव्यिकता हो ।
o–o–o

*अनुवादः बलबहादुर थापा*



***ब्लाज बोजिच (स्लोभेनिया)***

Blaž Boži (Slovenia)

*ब्लाज बोजिच सन् १९९१ मा ल्युब्लियानामा जन्मिएका कवि, सङ्गीतकार, शास्त्रीय भाषाविद् र अनुवादक हुन् । हाल उनी ल्युब्लियाना विश्वविद्यालयको फ्याकल्टी अफ आर्ट्‌समा क्लासिकल फिलोलोजी विषयमा पिएचडी शोध गरिरहेका छन् । **बोजिचले ग्रिच** (२०११) शीर्षकको च्यापबुक र तीनवटा कवितासङ्ग्रह– **पोटेम स्मो सी भ्रानिसे ओद्र्ली ना नेझ्नो वालुयोची लिभादी** (२०१३), **के ओब्मोचनिम पोरोचिलोम** (२०१६) र **म्लेचेक, झबुन्जेः ग्रोबोभी भ नेम** (२०२२) प्रकाशित गरेका छन् । अनुवादकको रूपमा उनले प्राचीन ग्रिक, हङ्गेरियन, जर्मन, अल्बानियन र ओटोमन टर्किस भाषाबाट साहित्यिक कृतिहरू अनुवाद गरेका छन् । साथै, उनी नेभेम नेभेम साङ्गीतिक समूहका गितारवादक हुन् र ब्रेककोर-ग्लिचकोर-न्वाइज परियोजनाका संस्थापक पनि हुन् ।*

# हिँउको बोझ तिनले उठाउने छन्,
# जो अपवित्रताबाट टाढै रहन्छन्...

मेरा लागि समेत यहाँ
कतै कुनै बेला हेमन्त हुनुपर्छ,
अन्त्यमा तटबन्धमा उभिएर
ता कि म मेरा अग्रिम वर्षाहरू हेर्न सकूँ
एक साक्षी र लेखकको रूपमा
प्रेमीको रूपमा कदापि होइन

मैले जमिन हल्लाइरहेको छु
एउटा मुसा जन्मन्छ, आउँदै गरेको

अँध्यारो शिशिरको पर्वतश्रेणीमा
उभिएको महल
सम्पूर्ण करुणाहरू, रूपकहरूमा कुच्याइका
निरन्तर रगत गुमाइरहेछन्
को सट्टामा
सङ्गत र स्मृति र मेरा तृष्णा
मेरा भित्री अङ्गहरू छाडेर
कमजोर हावामा बिलाउँछन्

यो कथा नै हुनुपर्थ्यो भन्ने थिएन
न त त्यो झिनो नाङ्गोपनको केही भाग
यसो भनियो जसका लागि
कि प्रत्येक कुराको सुरुवातका लागि
यसले मुख बायो–

अहिले यो छुट्ट्याउन कत्ति पनि
गाह्रो छैन, याचना गरेर माटोका घण्टाहरूमा
र रक्तालिप्त समाधानको त्रासमाझ
एक पटक मैले घर भन्ने प्रयास गरेको स्थानभन्दा
दह्रो, धूर्त र शान्त
मानौँ कि मेरो कुनै पनि कुरा
बाँकी रहने कुनै आशा नै छैन
माथिल्लो चरणमा प्रवेश गर्न ?

र यो सत्य हो
हेमन्त आउनैपर्छ
र मैले उनलाई एक पटक छोड्नैपर्छ
कहिल्यै परिवर्तन नहुने गरी, अन्ततः
प्रत्येक कुरा चिन्न नसकिने हुने छ
तब मभित्रै

मेरा आँखाका अल्मलिएका ज्योतिहरू
व्यर्थमा प्रेमिल मुहारको खोजी गर्दै
ऐनाबाट परावर्तित रहलपहल
वर्षहरूलाई पनि पहिचान नगरेर...

तब तिनीहरूलाई म के नाम दिऊँ,
ती सबै किनाराहरूलाई,
ती; जसलाई तिमी नामले पुकार्छौ
म कत्ति पनि सम्झनै सक्तिनँ
०-०-०

*(अनुवादः बलबहादुर थापा)*

## अवशेषहरू बटुल्दै बेयोलु

यदि तिमीले यो प्रेमको रगतमा नुहाएको भए
तिमी बुझ्थ्यौ कि सतर्कता सधैँ एउटा एम्बुस हो
र कठिन छनौटहरू केवल बहाना हुन्

यदि तिमी हिउँ जमेका अनन्त जमिनको
चिसो पाण्डुलिपि पढ्न सक्थ्यौ, र
तिनबाट केवल सम्झनाका बाली भित्राउन सक्थ्यौ,
जसलाई वसन्तमा पुनर्लेखन गर्न सकियोस्
आफ्नै स्मृतिका जवान घामहरूको रूपमा
यदि तिमी बुझ्न सक्थ्यौ
ईश्वरका गोलीहरूको खुला कोकोहोलोमा
ती स्मृतिलाई जोगाउन नसक्ने आफ्नै निरीहता

तिमी जित्न सक्थ्यौ दूरी
एक्लै, सबैको विरुद्ध
तिमी घिस्रिन्थ्यौ

आखिरी तागतसम्म
अदृश्य नर्कहरूबाट
जीवनतिर ।

ठाउँका ठाउँ भुक्तानी स्वीकार गर
आजको साँझबिहानको सङ्गममा
काम सम्पन्न भएको पक्का गर
तिम्रो हृदयका उजाड मैदानहरूमा
रात्रिका पाण्डुलिपिहरू जल्नुअघि
मञ्चको डरलाई परास्त गरिसक
म जान्दछु,
यस्ता क्षणहरूमा तिमी जे पनि वाचा गर्न सक्छौ

त्यो तिमीमाथि जबर्जस्ती थोपरिएको थियो

लालिमायुक्त बिहानीको सट्टामा,
जसलाई तिमीले आफ्नो ओइलिएको, सुकेको शरीरमा टाँसेका थियौ,
आफ्नै सुरक्षाकवचजस्तो दिव्य बोसोले–

त्यो प्रेमको रगतमा नुहाएर तिमी अपराधबोधको अनन्त समुद्रमा लामबद्ध हुन्थ्यौ,
गोलीका खाली खोकाबिच विचारशील र समझदार हुँदै
कि समुद्री चराहरूको आगमन तिम्रै कारणले अवरुद्ध भएका छन्
तर, त्यसको मूल्य के चुकाउनुपर्ने छ भन्ने थाहा नपाई

यदि तिमी जान्दथ्यौ कसैलाई आकाश हेर्न
वा समुद्रमा डुब्नबाट जोगाउन सक्ने अन्तिम हाँगो समाउन निषेध गर्नु
के हो भन्ने

र यदि तिमी जान्दथ्यौ ईश्वरको बोसो कसरी धुन सकिन्छ,
यी बालुवाका ढिस्कोबाट, समुद्रको तटबाट

जसलाई तिमीले बनाएका थियौ
ओइलिएको, सुकुटिएको आफ्नै शरीरले
तिम्रो दिव्य बोसोको शक्तिले

तिमी केही भन्न सक्थ्यौ भरभराउँदो आकाशको तरेलीका इच्छाबारे,
हिउँजस्ता सेता पुष्पपत्रबारे,
शताब्दीकै आँधीबारे,
जब क्रियाका काला गुलाबहरू ओइलिन थाल्छन्ः

जब कसैले तिमीलाई बाटो देखाउन खोज्छ
तिमीले बेयोलुको र त्यहाँ सुरु हुँदै गरेको वसन्तको कल्पना गर्ने छौ

र जब यो प्रेमको रगतले तिमीलाई धोइदिने छ
तिमी बुझ्ने छौ कि स्थिति गम्भीर छ
र, साँच्चै अब समय पर्याप्त छैन।
o–o–o

*(अनुवादः केशव सिग्देल)*

# *जिदाना ट्राफिकाको अन्त्य*

मैले निकै राहत पाएँ
जब मैले महसुस गरेँ कि त्यहाँ कुनै लक्ष्य थिएन
मैले देखेँ, मैले बिर्सें, फेरि देखेँ, मैले फेरि सम्झेँ र बिर्सें;
भुइँमा ढलेँ, *केम्देर*मा छरिएँ,
मैले त्यहाँ भूताकृतिहरू देखेँ, धेरैपछि।
मैले मेरो जीवन
अनुपयोगी कुराहरूमा समर्पण गरेँ–
जलिरहेको खेतबारीमा र रेलको पटरीमाथि उड्दै गरेका चराहरूमा।

र गर्भाशय आफ्नो काखमा राखेर, तिमी चाहिँ बच्चाजस्तै
आकाशको रिङ्टालक्षित भएर केही भकभकाउँछौ, यसको अनुहारमा–
अनि रिङ्टालाग्दो घरबाट तिम्रा पाइलाहरू अघि बढ्छन्ः
अहिले नसोध किन यो सुनौलो दिन
अझ पनि हामीमाझ टिकेको छ ।

*(अनुवादः मोमिला/बलबहादुर थापा)*

**नोट–**

*जिदाना ट्राफिकाः लुब्ल्याना अवस्थित एक चुरोटपसलको गोप्य नाम*

*केम्देरः स्लोभेनियाको एक भूतपूर्व कन्सर्ट क्लब*

o–o–o

विश्वसाहित्य/ कविता

# जीवित रहनु



**– *स्युन्तारो तानिकावा***

जीवित रहनु भनेको
अहिले जीवित रहनु भनेको
तिर्खा लाग्नु हो,
रुखका चेपहरूबाट छिर्ने घाम चहकिलो लाग्नु हो
अचानक कुनै सङ्गीतको एक झङ्कार सम्झिनु हो
हाच्छ्युँ गर्नु हो
तिमीसँग हातेमालो गर्नु हो ।

जीवित रहनु भनेको
अहिले जीवित रहनु भनेको
मिनी स्कर्ट हो
प्लानेटेरियम हो
पिकासो हो
आल्पस् हो

सम्पूर्ण सुन्दर चिजहरूसित भेट हुनु हो
अनि
लुकेका दुर्भावनाहरूबाट सावधानीपूर्वक बच्नु हो।

जीवित रहनु भनेको
अहिले जीवित रहनु भनेको
रुन सक्नु हो
हाँस्न सक्नु हो
रिसाउन सक्नु हो
स्वतन्त्र हुनु हो

जीवित रहनु भनेको
अहिले जीवित रहनु भनेको
अहिले टाढा कतै कुकुर भुकिरहनु हो
अहिले पृथ्वी घुमिरहनु हो
अहिले कतै नवजात शिशुको प्रथम रुवाइ सुनिनु हो
अहिले कतै सिपाही घाइते हुनु हो।
कतै पिङ झुलिरहनु हो
अहिले अब बित्दै जानु हो।

जीवित रहनु भनेको
अहिले जीवित रहनु भनेको
चराहरूले पखेटा फटफटाउनु हो
समुद्रले गम्भीर गर्जना गर्नु हो
शङ्खकिरा घस्रनु हो
मानिसले प्रेम गर्नु हो
तिम्रो हातको तातो राप, प्राण हो।
०–०–०

# पारपाचुके-पत्र

तिमीबाट गोप्य राखेर वडा कार्यालयबाट
मैले पारपाचुके-पत्र लिएर आएँ।
तिमी सुतिसकेपछि
त्यो पातलो कागतमा
मैले सम्भेजति सम्पूर्ण कुराहरू लेखेँ
सात वर्षअघिको हाम्रो विवाहको मिति पनि।
त्यो दिन मौसम अति राम्रो थियो
हामीले विवाह-स्थलको हरियो चउरमा फोटो खिचेका थियौँ।
त्यसपछि मैले त्यो कागत पट्याएर हवाईजहाज बनाएँ,
पातलो हुनाले उड्न सकेन र
सुतिरहेकी तिम्रो नितम्बमाथि बज्रियो
फेरि एकचोटि त्यो कागत फैलाएर मैले
ती सूक्ष्म लेखाइहरू नियालेँ।
र डल्लो पारेर त्यसलाई शौचालयमा फाली
म सुतेँ तिम्रै बगलमा।
०-०-०

# शरीरभित्र

शरीरभित्र
गहिरो चिच्याहट छ
मुख त्यसकारण शान्त छ।

शरीरभित्र
उघ्रिनै नसकिने रात छ
दृष्टि त्यसकारण चनाखो छ।

शरीरभित्र
गुल्टिँदै जाने ढुङ्गो छ
खुट्टा त्यसकारण खुल्ला हुन्छ।

शरीरभित्र
बन्द एउटा बरन्डा छ
मन त्यसकारण खुल्ला हुन्छ।

शरीरभित्र
सम्पूर्ण उपमाहरूमा अव्यक्त रहने चिज छ
शब्दहरू त्यसकारण कोर्न सकिन्छ।

शरीरभित्र
आ...शरीरभित्र
मलाई तिमीमा बाँध्ने रगत र मासु छ
मानिस त्यसकारण यसरी
एक्लो एक्लो छ।
०-०-०

*(अनुवादः अरुणा वैद्य)*

अनुवादकः


**केशव सिग्देल**


**मोमिला**


**बलबहादुर थापा**


**अरुणा वैद्य**

कृतिपरिचय

# देशको विरूप तस्बिर "पाताल"



*ठाकुर बेलबासे*




पदम विश्वकर्मा नेपाली साहित्यमा चिनाइराख्नुपर्ने नाम होइन। आफ्नो साहित्यिक एवं सामाजिक कर्मका कारण यो नाम ख्यातनामा बनेको छ । उनी साहित्य साधक मात्रै होइनन्। साहित्यिक अभियन्तासमेत हुन्। मूलतः नेपाली साहित्यलाई परदेशमा विस्तार गर्नमा उनको ठुलो योगदान रहेको छ।

कविता, गीत, गजल, कथा र उपन्यासलगायतका विधामा सिर्जनारत विश्वकर्मा पछिल्ला समयमा उपन्यासकारका रूपमा लोकप्रिय बनिरहेका छन्। पहिलो उपन्यास "क्वारेन्टाइन"बाट उत्साहित बनेका उनले दोस्रो उपन्यासका रूपमा "पाताल" पाठकलाई दिए।

"पाताल" उपन्यास देशको वर्तमान अनुहार हो। अहिले आम नेपालीले आफ्नो उज्ज्वल भविष्य देशभित्र खोजिरहेका छैनन्। भविष्य खोज्न पाताल भासिनुपर्ने आम नेपालीको पीडालाई उपन्यासकार विश्वकर्माले उत्खनन गरेका छन्।

उपन्यासकारले नेपालको दर्दनात्मक अवस्था सिर्जना हुनुको जडलाई खोतल्ने राम्रो प्रयास गरेका छन् । उपन्यासको मूल विषय माओवादीका नाममा देशमा चलेको दशवर्षे आततायी युद्ध हो। युद्धका नामबाट नागरिकले पाएको सास्तीलाई निकै मार्मिक ढङ्गबाट उठान गर्न उपन्यासकार सफल बनेका छन्।

माओवादी युद्धको उद्‌गमस्थल मानिने रुकुमका युवा कर्म यस उपन्यासका त्यस्ता अभागी नायक हुन् जसले जीवन बाँच्ने नाममा अनेकन् पीडाहरू भोगेका छन्।

परिवर्तनका नाममा राज्यपक्ष र विद्रोही पक्षबाट नागरिकमाथि भएको चरम ज्यादतीलाई यस उपन्यासमा तस्बिरजस्तो गरी उतार्ने काम गरिएको छ । आम नेपालीले भोग्नुपरेको विषम पीडा बोकेका कर्ण र कर्मले देशले बाँच्न नदिएपछि तय गरेको विदेशयात्रा अनि भोग्नुपरेको चरम पीडाका कथाहरू पढ्दा पाठकको मन भक्कानिन्छ ।

माओवादी नामको युद्धले देखिएको पीडा र खुसीका बारेमा साहित्य कमै लेखिएका छन् । लेखिए पनि पक्षधरतामा लेखिएका छन् । पदम विश्वकर्माको यो उपन्यासले विद्रोही पक्ष र सरकारपक्ष दुवैका ज्यादतीको पर्दाफास गरिदिएको छ ।

शासकहरूका कारण आफ्नो जन्मभूमि छोड्न बाध्य भएका लाखौँलाख नेपालीहरूको विदेशको दुःख उपन्यासमा आँसु बनेर बगेको छ । देश शान्तिप्रक्रियामा गएर विद्रोही र सत्तापक्षले सरकारका नाममा आलोपालो लुट मच्चाएका छन् । बिस वर्षअगाडि ज्यान जोगाउन नेपालीहरू बिदेसिनुपर्ने अवस्था थियो । आज भविष्य जोगाउन बिदेसिनुपर्ने भएको छ ।

"पाताल" उपन्यास आम नेपालीहरूको वास्तविक कथा हो जुन कथाले सबैको मन चिरिन्छ । सुन्दर भविष्यका लागि अमेरिका कल्पिनुपर्ने नियति आज पनि झाङ्गिदो छ । अमेरिका जाने लोभले नेपालीहरू कसरी नारकीय जीवन बाँच्न विवश बनेका छन् त्यसलाई उपन्यासकार विश्वकर्माले निकै मार्मिक ढङ्गबाट उठान गरेका छन् ।

उपन्यासकारले नेपालीलाई देश र परदेश कतै पनि चयन नभएका मनै कटक्क पार्ने कथाहरू उनेका छन् । वरिष्ठ साहित्यकार कृष्ण धरावासीले आफ्नो मन्तव्यमा लेख्नुहुन्छ– "धेरैले ठान्छन् अमेरिका जानेहरूको दुःख भनेको पनि सुखै हो, आँसु भनेको पनि अमृत हो ।"

नेपालीहरू बिदेसिने घटना अब नयाँ र नौलो होइन । बिदेसिनुलाई नराम्रो भन्नु नहुने तर्क पनि आउँछन् । तर यो उपन्यासले उठान गरेको विषय बिदेसिनुको सतहमा देखिने विषयभन्दा धेरै भिन्न छ । एउटा समय थियो मारिनबाट जोगिन विदेश भाग्नु । त्यसपछि अर्को समय आएको छ जीवन बचाउन बिदेसिनु ।

लेखक विश्वकर्मा आफ्नो मन्तव्यमा भन्छन्– "अमेरिकी सडकमा भौँतारिएका उपन्यासका जीवन्त पात्रहरू आफूलाई पातालमा पाउँदा हर्षविभोर हुने छन् ।" वास्तवमा यो उपन्यास बिदेसिन बाध्य भएका नेपालीहरूको कथा मात्रै पनि होइन । पाताल भासिन प्रयास गर्दागर्दा थाकेर निराश बनेका नेपालीको पनि कथा हो । अझ आफ्ना जवान छोराछोरी विदेशीलाई बुझाएर आफ्नो मृत्यु कुर्न विवश बाबुआमाको पनि कथा हो । अनि

कथा हो शासनका नाममा देश लुटेर नागरिकका आँसुमा अट्टहास गर्ने नेपाली राजनीतिक नेतृत्वको ।

भाषाशैली अत्यन्तै सरल अनि सहज र सबै नेपालीका मनमा पिलो बनेर रहेको कथा भएका कारण उपन्यास पढ्दाको भिन्नै आनन्द हरेक पाठकले महसुस गर्छन् । यो उपन्यास युद्ध साहित्यको एउटा उत्कृष्ट कृति हो भने नेपाली बिदेसिनुको अन्तर्य बोकेको एउटा सफल दस्ताबेज पनि हो ।

पदम विश्वकर्मा लामो समयदेखि अमेरिकामा बसोबास गर्छन् । अमेरिकामा बस्नेहरूसँग फुर्सदको समय कमै हुन्छ भनिन्छ । यही व्यस्तताका बिचमा विश्वकर्माले यति सुन्दर उपन्यास लेख्न भ्याएछन् । विषयवस्तुका दृष्टिकोणले पनि खोजअनुसन्धान गरीकन लेख्नुपर्ने विषयमाथि विश्वकर्माले यति बेजोड ढङ्गबाट लेख्नुले उनको साहित्यिक उचाइलाई माथि पुऱ्याएको छ ।

०–०–०

*कृतिपरिचय*

# मधेसको कथा समेटिएको 'घुरको धुवाँ'



***मणि लोहनी***

राजेश खनाल पत्रकार कि लेखक ? धेरैको मनमा यो प्रश्न बारम्बार उब्जिरहन्छ ।

तर म प्रस्ट छु– उनी लेखक हुन् । लेखनका लागि उनीभित्र गज्जबको प्यासन छ । त्यो मैले देखेको छु । महसुस गरेको छु । मैले उनलाई चिन्दा उनी वाणिज्य बैङ्कमा काम गर्थे । राम्रा व्यङ्ग्य लेख्थे र रङ्ग पत्रकारिता गर्थे ।

पचासको दशकमा घटना र विचारमा पढेका उनका व्यङ्ग्यले मलाई निकै प्रभाव पारेको छ । थोरै शब्दमा गहिरो प्रभाव पार्न खप्पिस उनी वाणिज्य बैङ्कको जागिरबाट रिटायर्ड भएपछि भने फुलटाइम पत्रकार नै बने । बाह्रखरी अनलाइनमा विशेष भूमिकामा कार्यरत । त्यसो त यसपछि नै उनीभित्रको लेखक पनि जुर्मुरायो भन्नुपर्छ ।




राजेश खनालको संस्मरणसङ्ग्रह 'घुरको धुवाँ' पढिरहँदा जमानामा उनका शब्दहरूको शक्तिले कायल म फेरि एकचोटि झङ्कृत भएँ ।

यो सामाजिक परिप्रेक्ष्यमा लेखिएको आत्मकथा हो । हो म यसलाई दोहो¥याएर भन्छु– यो राजेशको आत्मकथा हो । अनुभव र जिज्ञासासँग समाज र संस्कृति जोडिएको आत्मकथा । स्मरण भनिए पनि यसभित्र राजेश खनालले बाल्यकाल, किशोरकाल र युवा वय बिताएको मधेसको कथा छ । उनले भोगेको जीवन र समाजको तस्बिर छ । मधेसको पनि धनुषा, महोत्तरी, सिराहा, सप्तरीलगायतका क्षेत्रमा केन्द्रित यस किताबले भूतकाललाई वर्तमानकालसँग र मजस्तालाई तराई–मधेससँग जोड्ने काम गरेको छ ।

यसभित्र संस्मरणात्मक शैलीमा छुट्टाछुट्टै शीर्षकका १८ वटा निबन्धहरू छन् । रमाइलो त के भने आजभन्दा ४० वर्षअगाडिको मधेसको चित्र उतारिएको यस किताबमा तत्कालीन समयको सामाजिक परिदृश्य छ । लेखक खनालले बिताएका बाल्यकाल र यौवनकालको भूगोल सिराहाको भलुवाहीदेखि जनकपुर, जयनगर र महोत्तरीको भरतपुरसम्म यसभित्र फिँजारिएको छ । मधेस र मिथिलाको महक बोकेका अधिकांश संस्मरणहरूले संवेदना जगाएका छन् । तराई बुझ्न यो किताब पढ्नैपर्छ । त्यो समयको मधेसी र पहाडी समाजको संस्कृति, सम्बन्ध र परम्परामा सहसम्बन्ध यसमा पढ्न सकिन्छ । र समाजको विविधता र त्यसको सौन्दर्य बुझ्न सकिन्छ । त्यति मात्र होइन यो किताब पढेपछि आम पाठकको मधेसप्रतिको धारणा नै बदलिन्छ ।

मधेसमा प्रयोग हुने भाषा, संस्कृति, परिवेश, त्यहाँको गरिबी यो किताबको आधारभूमि हो । यस किताबले मधेसको स्थानीय रङ्गलाई राम्रोसँग चिनाएको छ । मधेस नभोगेका मजस्ता सयौँ पाठकलाई त्यहाँको जनजीवन र रीतिथिति बुझाउन यो किताब सक्षम छ ।

म त राजेशको लेखाइमा आख्यानको जादु देख्छु । प्रत्येक हरफ आकर्षक छ । प्रत्येक घटनामा लोभ्याउने खुबी छ । हरेक सन्दर्भ र घटनाहरूमा उनले कथा बुनेका छन् ।

पढूँ-पढूँ लाग्ने कथा। पढेर अरूलाई पनि सुनाइहालूँ झैँ लाग्ने घटनाक्रम। सरसर्ती देखिने मधेसभित्र उनले भाइचारा र सहअस्तित्वको सभ्यतालाई पुनर्ताजगी मात्र गरेका छैनन् त्यो समयको चित्रलाई आजको आँखामा नबिझाउने गरी टाँगेका छन्।

बीपी राजमार्ग नखुल्दै काठमाडौँदेखि नारायणघाट हुँदै जनकपुर आउँदा-जाँदा रात्रिबसको यात्रा कम रोचक छैन। सुन्दरमणि मामाले हार्मोनियममा नारायण गोपालको गीत फिट्दै 'सारा दिन अरूलाई बाँडैं सायद यी रात मेरा ... मेरा सुखहरू अरूका... ।' कस्तो मिठोसँग लेखेको । सीताले बिंडी खाएको प्रसङ्ग या त्यो समयमा महिलाहरूले नाटक नखेल्ने भएकाले पुरुषहरू नै नारीको भूमिकामा अभिनय गरेको विषय पढ्दा मज्जा आउँछ । धान काटेर खलामा लगिसकेपछि एउटा-एउटा धानका बाला टिप्ने संस्कृति कस्तो रोचक। राजेश आफै नाटक खेलेका कलाकार पनि हुन्। अनि किताबमा धेरै ठाउँमा तत्कालीन समयको रङ्गमञ्च, रामलीला र कचहरी देखिन्छ। कतै दशैँमा मञ्चन गरिने नाटकको रिहर्सल त कतै डाक्टर अञ्जनीकुमार शर्माको समाजसेवा– हरेक सन्दर्भमा पाठक लटि्ठन्छन्।

'घुरको धुवाँ' तत्कालीन समयको दस्तावेज हो । यसभित्र त्यो समयको मधेसको सौन्दर्य र तागत छ। तत्कालीन समयमा घुरबाट निस्किएको त्यो धुवाँले राजेश खनाललाई समाज र संस्कृतिलाई हेर्ने एउटा सम्यक् दृष्टि दियो । र अहिले यो किताब पढ्नेले राजेशको त्यही सम्यक् दृष्टिबाट मधेसलाई बुझ्न सक्छ । हेर्न सक्छ । र तत्कालीन समयलाई महसुस गर्न सक्छ।

'घुरको धुवाँ' स्मृतिका जीवन्त घटनाहरूको एलबम बनेको छ। पल्टाइरहन मन लाग्ने र हेरिरहूँ झैँ हुने। अतीत र वर्तमान समयलाई निकै सुन्दर तरिकाले गाँसिएको यो शब्दहरूको एलबममा भाषा, शिल्प र शैली बेजोड छ। राजेशले बाल्यकालमा भोगेको संस्कार, संस्कृति र सम्बन्ध लोपोन्मुख हुँदै गइरहेको परिवेशलाई संवेदित रूपमा उतारेका छन्।

यो किताब पढेपछि मधेसलाई हेर्ने मेरो दृष्टिकोण बदलिएको छ। मधेसलाई लिएर म थप संवेदित र सकारात्मक भएको छु। र मलाई विश्वास छ, हरेक पाठकले 'घुरको धुवाँ' पढेपछि निकै संवेदित हुने छन् र मधेसप्रतिको बुझाइलाई फराकिलो बनाउने छन्। यस अर्थमा समाजशास्त्रीय दृष्टिकोणबाट पनि यो किताब महत्त्वपूर्ण मानिने छ।

०-०-०

# साँझमा सेल्फीः हेमप्रभासको प्रस्ट अनुहार




कस्तो कवितालाई राम्रो भन्ने ? के हो कविताको मापन ? बेलाबेलामा कविताका सन्दर्भ आउँदा धेरै मानिसहरू उत्कृष्ट कविताको दाबीमा विवादित हुने गरेका छन् । तर कविता मस्तिष्क र मनसँगको सिधा संवादको कर्म हो । यो कर्म जीवन दर्शन, चिन्तन, अध्ययन र अनुभवबाट खारिएर अघि बढ्छ ।

कविता लेखन सानो कुरा होइन । यो थोरै र साधारण शब्दहरूको सहायताले जीवनका गहन र संवेदनशील विषयमाथिको त्यो अभ्यास हो जसले पाठकको मन र मस्तिष्कमा एकसाथ प्रभाव सृजना गर्दछ । त्यसो त पछिल्लो समय कविता लेख्नेहरू बढेका छन् । कविताका किताब छापिने क्रम बढेको छ । तर कविहरूको सङ्ख्या बढे पनि साँच्चैका कविता लेख्नेहरू भेटिनु चाहिँ मुस्किल हुँदै गएको छ ।

यस्तैमा बजारमा आएको छ कवि हेमप्रभासको कवितासङ्ग्रह– साँझमा सेल्फी । यो नेपाली कविताको क्षेत्रमा एउटा जबरजस्त उपस्थिति हो । कविले मसिना शब्दहरूको सहायतामा जीवनका गम्भीर र गहन विषयलाई उठान गरेका छन् । भन्छन्– कहिलेकाहीँ त यस्तो लाग्छ, सुस्तरी बगेको नदीले झैँ बिस्तारै बोलूँ । हावाको मन्द लहरले हल्लाउँदा फूलका पत्रहरू आपसमा ठोकिएझैं बिस्तारै ठोकिऊँ र एउटा अनौठो धुन बनूँ । ध्यानमग्न निलो पहाडजस्तो शान्त बनूँ । हिमालहरूझैँ बिस्तारै पग्लिऊँ । चराहरूझैँ बिस्तारै चिरबिर गरूँ ।

पढेर म दङ्ग परेँ । यो भागदौडको जिन्दगीमा यी कवि कति अबोध छन् । कवि हेमप्रभासले कति बुझे जिन्दगीलाई र एउटा महान् चिन्तकले जस्तो आफूलाई व्यक्त गरिरहेछन् । त्यसो त कविताकर्म चिन्तनको विशालतम गहिराइबाट मात्र सम्भव छ ।

साँझ अर्थात् दिन ओर्लिएर रात खस्दै गरेको मधुरो प्रकाशमय अवस्था । साँझ मलाई पनि प्रिय लाग्छ । साँझ अद्भुत अवसर हो जिन्दगी बुझ्ने । सूर्य ढल्दै गर्दा देखिने रश्मि,

धमिलिँदै गएको उज्यालो र मनमा भरिने भिन्न किसिमको उदासी– गज्जब लाग्छ मलाई। साँझ यथार्थ हो। साँझ मधुर सौन्दर्यको चहक मात्रै पनि होइन जीवनको उदासीको बुझाइ पनि हो। साँझलाई चिन्न र बुझ्न तपाईंभित्र जीवनका आरोहअवरोहलाई स्विकार्न सक्ने तागत चाहिन्छ। जोकोहीले कसरी अनुभूत गर्न सक्ला यो सौन्दर्य र शक्तिको विशाल अवसरलाई। तर यहाँभित्रका कविता पढिरहँदा लाग्छ, कवि हेमप्रभासले यो अवसरलाई पटक–पटक महसुस गरेका छन्।

साँझमा सेल्फी आजको नेपाली कविताहरूको अनुहार हो। यो आजको कविता हो। यसमा कविले कवितालाई जटिल बनाएका छैनन्। कवितालाई कुनै फुर्का जोडेका छैनन्। कुनै निश्चित क्षेत्र, भूगोल, वर्ग या समुदायको माग र आवश्यकतामा केन्द्रित गरेका छैनन्। यहाँ छ त केवल कविता। पढूँ–पढूँ लाग्ने कविता।

म जन्मिएँ यहीँ
बाँचेँ यहीँ, मर्ने छु यहीँ
र मिल्ने छु यतै कतै
अलिकति हावा भएर
अलिकति पानी भएर
अलिकति माटो भएर...
म स्वर्ग जान चाहन्नँ।

यो कविताले मस्तिष्क र मनमा एकैचोटि हिर्काउँछ। मै हुँ भन्ने साधक पनि एकछिन घोरिन्छ। साँझको रङ्ग, साँझको स्वरूप, साँझको रेखा, साँझको आकार र साँझको स्पेस गरेर पाँच खण्डमा विभाजित यस किताबभित्र ७५ वटा कविताहरू छन्।

प्रेम, प्रकृति र आन्तरिक संवेदना सुसाएका हेमका कविताहरू जीवनजस्तै लाग्छन्। शब्दहरूमा पीडाका आहट दुख्छन्। रहर कोपिलाउँछन् र सपनाको संसार फैलिन्छ। कविता लामा छैनन्। बिम्बहरू नयाँ लाग्छन्। प्रिय र पढूँ–पढूँ लाग्छन्। जस्तो कि– रङ्गहरूको माला, हतारको स्टेसन, मनको चरीजस्ता जहाज, दुःखको भिरजस्तो निधार, मान्छेविरुद्धको तमसुक, गोधूलिमा मुस्कुराउने मायाको चरी, आँसुको थुङ्गा उपहार।

मैले सुरुमा पनि भनेको छु– यो आजको नेपाली कविताको जबरजस्त सङ्ग्रह हो। पछिल्लो समय कविताका नाममा धेरै मागपत्रहरू सार्वजनिक भइरहेका छन्। केही न केही फुर्का नजोडी कविता हुँदैन भन्ने भाष्यलाई बलजफ्ती स्थापित गरिँदै छ। यस्तोमा सार्वकालिक कविता लेख्नु चानचुने कुरा होइन। हेमले यो हिम्मत जुटाएका छन् र लेखेका छन् समयलाई टपक्क टिपेर कविता।

झट्ट पढ्दा मज्जा आउने कविता लेख्नेहरूको भिड नै छ अहिले । केही यस्ता कविहरू पनि छन् सभासमारोहहरूमा महफिल नै जमाउँछन् । तर यी भाइरल कविहरूको समस्या के हो भने उनीहरूको कवितामा उनीहरूको अनुहार छैन । कसैको कविता पढ्दा श्रवण मुकारुङजस्तो लाग्ने । कसैको कविता पढ्दा मोमिलाजस्तो लाग्ने । कसैको कविता पढ्दा रमेश क्षितिजजस्तो लाग्ने । कसैको कविता पढ्दा भूपाल राईजस्तो लाग्ने । कोही तुलसी दिवसका जस्ता कविता बोकेर चिच्याइरहेछन् । कोही श्यामलका कविताजस्ता कविता भनेर प्रतियोगिता जितिरहेछन् । कोही जसराज किँरातीका कविताको पुनर्लेखन गरिरहेछन् । तर कवितामा त्यो जसले पढिरहेको छ उसको अनुहार नदेखिने । पढ्दापढ्दै कविको अनुहार हत्केलामा लिएको पानीजस्तो कुन बेला चुहिन्छ थाहा नै नहुने । त्यही भएर आजको नेपाली कवितामा सङ्कट भनेकै कवि स्वयम्को अनुहारको हो । उसको पहिचानको हो । उसको निजत्वको हो । उसको परिचयको हो ।

कवितामा कवि स्वयम्को अनुहार हुनुपर्छ । कविको नाम नै नभए पनि केही हरफहरू पढेर यो कविता फलानाले लेखेको हो भनेर कविता पढ्नेले चिन्न सक्नुपर्छ । यस्तो हुन सक्यो भने मात्र त्यो कवि बाँच्यो– आफ्नै अनुहारमा । आफ्नै पहिचान र आफ्नै लेखन शैलीमा । यस्तो हैसियत कवितासाधना र निजत्वको खोजीले मात्र सम्भव छ । र, कवि हेमप्रभासले साँझको सेल्फीमा आफ्नो अनुहार खिचेका छन् । आफ्नै अनुहारको दाबी गरेका छन् । यो कवितासङ्ग्रहको सबैभन्दा सुन्दर पक्ष पनि यही हो । यसमा उनले आफ्नो पहिचानलाई प्रस्ट पारेका छन् । हेमप्रभास नेपाली कवितामा बाँच्ने कवि भएर उदाएका छन् ।

हेमप्रभासले शक्तिशाली र गम्भीर अर्थ बोकेका कविताहरू लेखेका छन् । भाषा कलात्मक छ । शिष्ट र विनम्र उनका शब्दहरूले काव्यिक चेतलाई बल पुऱ्याएका छन् । केही कविताहरू निकै उम्दा छन्– साँझमा अतीत, बन्दुक सिरानीमा हालेको योद्धा, तिमी मसँग नहुँदैमा, मेरो भन्नु केही छैन, उज्यालो खोजिरहेको मानिस, भरियाको आलाप, नाभि गाडिएको ठाउँ, नदीझैँ बग्नु तिमी, प्रेमको तिलाञ्जली, हजुरआमालाई प्रश्न । त्यसो त हरेक कविता पढिरहँदा जोकोही मग्न रहन्छ ।

अध्ययन–अध्यापनसँगै फिल्म मेकिङमा पनि सक्रिय यी कवि पछिल्लो समय कवितालाई छायाङ्कन गरिरहेछन् । दृश्यमा कविता पस्किरहेछन् । त्यसो त उनी शब्दहरूकै स्केच बनाउन पनि माहिर छन् । एउटा कवितामा उनी लेख्छन्–

म आफ्नै पहाडमा पाइला बजाएर
जीवनको धुन खोज्छु
भेट्छु बालकहरूलाई

जो कोरिरहेका छन् गोठालो जाँदा
हरिया पातहरूमा देशको नक्सा !

पढ्दापढ्दै म टक्क अडिएँ । यो मेरो समयको कविले लेखेको कविता हो । आजको तस्बिर खिचिरहेछ मेरो समयको कवि साँझमा सेल्फीबाट । भाषिक रूपमा यस किताबभित्रका कविता सरल छन् । माधुर्य बोकेका छन् । सबभन्दा ठुलो कुरा गहिरो अर्थ बोकेका छन् ।

हेमप्रभास नेपाली कविताको आफ्नो स्थान खोजिरहेका एक इमानदार कवि हुन् । उनका कविताहरूमा आधुनिक चेतनासहित सामाजिक यथार्थता भेटिन्छ । सांस्कृतिक मूल्य, दार्शनिक गहनता, प्रेम, प्रकृति, मानवीय संवेदना पढ्न सकिन्छ । वर्तमानमा लागेको रित्तोपन र उदासीको घाउका लागि मलहम हुन् यी कविता ।

तर अन्तिममा भनिदिऊँ– कवि आफ्नो निजत्वमा जमेका छन् । आफ्ना निजी भोगाइका टिमटिमाहटलाई मसिनो र भावात्मक किसिमले लेख्छन् । सिङ्गो किताबमा प्रेम, संवेदना, मानवीय चेतको प्रभाव, दु:खका पर्खाल, व्यथा, वेदनाका अनेक कहर छन् । हो कति ठाउँमा कविको अनुभूति, भोगाइ र वास्तविकता मिसमास नभएका होइनन् । कत्ति ठाउँमा कवि हतारिएका पनि छन् । कविता पढ्दापढ्दै कतै–कतै कवि बहकिएको आभास पनि हुन्छ । कहीँ नलेखे पनि हुने हरफहरू दोहोरिन्छन् । तर पनि यी आजका कविता हुन् । अहिले लेखिएका कविता । तर सबभन्दा ठुलो कुरा यसभित्र हेमप्रभासको अनुहार छ । छुट्टै, भिन्न र प्रस्ट अनुहार ।

o–o–o

# नमनः ऐतिहासिक प्रसङ्गको रोमाञ्चक प्रस्तुति

एकातिर आफूले गरेको प्रेम अर्कोतिर राजा महेन्द्रको उर्दी । 'उताको केटोसँग बिहे गऱ्यौ भने देशलाई ठुलो नोक्सानी हुन्छ ।' उनलाई पनि राजा महेन्द्रको कुरा ठिक लाग्यो । उनले बिहेअघि नै आफ्नो प्रेमीलाई सर्त राखिन् । उर्मिला गर्ग उपाध्यायका प्रेमी कृष्णमुरारी पनि दोधारमा परे । तर उनले आफ्नी प्रेमिका छोड्न चाहेनन् र सर्त माने ।

विदेशी भूमिमा कमाएको सुखसयल, मानसम्मान सब छाडेर उनी आफ्नी प्रेमिका उर्मिलासँग स्वदेश फर्किए । यो कुरा हो सन् १९५९ को । नेपालकी पहिली महिला




कलाकार उर्मिला गर्ग उपाध्यायले त्यही वर्ष नेपालमा भव्य एकल कलाप्रदर्शनी गरेकी थिइन् । कलाप्रदर्शनीको उद्घाटन गरेका थिए तत्कालीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले । त्यसताका विदेशमा उनका कलाको चर्चा हुन थालिसकेको भए पनि नेपालमा प्रदर्शनी भएको थिएन । कलाप्रदर्शनी हेर्न तत्कालीन राजा महेन्द्रले पनि चासो देखाए । उर्मिलालाई दरबारबाट पत्र आयो– 'राजा आउँदै हुनुहुन्छ तपाईँ सपरिवार प्रदर्शनीस्थलमा पुग्नू ।' पत्रको सार यस्तै थियो ।

कला प्रदर्शनीस्थलमै राजा महेन्द्रसँग कुराकानी भयो । कला र साहित्यका पारखी राजाले उनलाई 'तिमी देशकै लागि चाहिन्छ विदेशमा बस्ने केटासँग बिहे नगर' भन्ने उर्दी सुनाएको पनि त्यहीँ नै हो । भारत र फ्रान्सका विभिन्न स्थानमा लामो समय बसेकी र महात्मा गान्धी, विनोवा भावे, जयप्रकाश नारायण, मदर टेरेसासँग सङ्गत गरेकी उर्मिलालाई आफ्नो प्रेमीसँगै देशको पनि उत्तिकै माया लाग्यो । अनि त उनले आफ्ना प्रेमीलाई बिहेअघि नै सर्त राखिन् । उनले राखेका सर्त प्रेमीले माने पनि बिहेपछि उनीहरूको धेरै समय आआफ्नै व्यावसायिक व्यस्तताका कारण एक्लाएक्लै बित्यो तर प्रेम भने घटेन ।

त्याग र समर्पणमा बाँचेकी कलाकार उर्मिला गर्ग उपाध्यायबारे साहित्यिक अन्वेषक जयदेव भट्टराईको नवीनतम कृति 'नमन' मा उल्लेख भएको प्रसङ्ग हो यो । यस कृतिमा जयदेवले यस किसिमका रोमाञ्चक र ऐतिहासिक प्रसङ्गहरूलाई मिठोसँग लेखेका छन् ।

'नमन' जयदेवको दसौँ कृति हो । यसभित्र ३८ वटा निबन्धमा ३९ जना साधकहरूका परिचय, जीवनी र विविध सन्दर्भहरू समेटिएका छन् । यो पढिरहँदा पाठकले तत्कालीन समय, समाज र त्यस बेलाको मनस्थितिलाई महसुस गर्न सक्छन् । 'नमन' साहित्यभन्दा पृथक् क्षेत्रमा समर्पित साधकहरूका बारेमा केन्द्रित छ । यसभित्र वि.सं. २०४९ देखि २०८२ सम्म प्रकाशनमा आएका निबन्धहरू छन् । त्यसो त किताबमा साधक मात्र छैनन्

उनीहरूले बाँचेको युग पनि समेटिएको छ । उनीहरूको क्षेत्रको तत्कालीन अवस्था र समाजले उनीहरूलाई हेर्ने दृष्टिकोण पनि यसमा पढ्न सकिन्छ ।

नेपालमा रेडियोको आरम्भको कथा, पहिलो व्यङ्ग्यकृतिको विगत, पहिलो नायक, नायिका अनि पहिलो कथानक चलचित्रको इतिहासको झलक 'नमन' भित्र पढ्न सकिन्छ । रङ्गमञ्चको इतिहास र राष्ट्रिय झन्डाको प्रसङ्ग निकै रोचक लाग्छ ।

यस किताबमा एउटा निबन्ध छ, एक शताब्दीको कुरा । यो एक पुत्रले आफ्ना पिताका बारेमा लेखेको निबन्ध हो । तर भावुकताभन्दा ज्यादा उनले यसमा तथ्यहरू लेखेका छन् । सम्मानका साथ पिताका ख्याति र साहसका सन्दर्भहरू उतारेका छन् । जयदेवले आफ्ना पिता गुणदेवका बारेमा लेखेका छन्– 'बटु टोलमा बुबा गुणदेवको कोठाबाहिर थुप्रिएका जुत्ताचप्पल देखेर मान्छेहरू अभिप्रेरित हुन्थे रे । पढ्न आउनेहरूको भिडमा मिसिन्थेँ म पनि । डाक्टर, नेता, प्राध्यापक, साहित्यकार, राजदूत आदि त कति भए–भए उहाँका चेला । उहाँकै विद्यार्थी ऐश्वर्य राज्यलक्ष्मी पछि देशकी बडामहारानीसमेत बन्नुभयो ।'

विद्वान् बाबुका यी शालीन पुत्रले सिङ्गो किताबभित्र समाजका विशिष्ट व्यक्तिहरू इन्द्रनाथ अर्ज्याल, उत्तम नेपाली, काशीराज पाण्डे, कुलमानसिंह भण्डारी, कृष्णप्रसाद रिमाल, कृष्णबहादुर मानन्धर, कृष्णमान डङ्गोल, केशव दुवाडी, गजेन्द्रनाथ रेग्मी, गणेशबहादुर भण्डारी, गोवर्द्धनविक्रम शाह, झलकमान गन्धर्व, टेकवीर मुखिया, डा. तीर्थबहादुर श्रेष्ठ, दानबहादुर शाही, नूपुर भट्टाचार्य, प्रचण्ड मल्लमाथिका मर्मस्पर्शी ऐतिहासिक प्रसङ्गहरू लेखेका छन् । यसै गरी आआफ्ना क्षेत्रमा उत्कृष्ट योगदान दिएका प्रदीप रिमाल, बलराम थापा, बेखनारायण महर्जन, भुवन चन्द, भैरव रिसाल, रत्नदास प्रकाश, रत्नप्रसाद श्रेष्ठ, ध्रुव हाडा, राजपाल थापा, रामजीप्रसाद शर्मा, रामशरण दर्नालका योगदानलाई पनि जयदेवले 'नमन' मा समेटेका छन् । यस किताबमा लक्ष्मण राजवंशी, विजया शर्मा, शकुन्तला शर्मा, शंकरनाथ शर्मा, शशी शाह, शान्ति ठटाल, शिवशंकर मानन्धर, सत्यनारायणबहादुर श्रेष्ठ र होनीमाया गन्धर्वमाथि जयदेवले शब्दले स्केच कोरेका छन् ।

असल भावले साहित्य साधनामा तल्लीन जयदेवले सधैँ आफ्ना अनुभूतिभन्दा अरूका कुरासँगै आफ्ना अनुभूति जोड्ने गरेका छन् । उनका अधिकांश रचनाहरू संस्मरणात्मक छन् । व्यक्तिविशेषमाथि उनले गरेको अध्ययन र अनुसन्धानले यस्ता लेखाइमा उनले आफूलाई स्थापित गरेका छन् । उनको पर्याय नै बनेको छ व्यक्तिचित्र ।

लामो समय पत्रकारिता गरेका जयदेवले मधुपर्क, गोरखापत्र, गरिमालगायत पत्रिकामा समेत व्यक्तिपरक धेरै निबन्ध लेखेका छन् । उनी कुशल सम्पादक पनि हुन् । त्यो छनक यस किताबमा पनि देखिन्छ । निबन्धका शीर्षकहरू छोटा र पठनीय छन् । निबन्ध पनि छोटा छन् । थोरै शब्दमा बृहत्तर परिचय समेट्न सक्नु चानचुने कुरा होइन ।

यो किताब अनुसन्धान गर्ने रुचाउनेहरूका लागि सन्दर्भसामग्री बन्न सक्छ भने आम पाठकका लागि इतिहास र तत्कालीन समाज बुझ्ने सहज माध्यम । मानिसहरू शक्तिमा भएकाहरूको पछि लाग्छन् । योगदानभन्दा पनि चर्चाको पछि दौडन्छन् । अझ सञ्चारमाध्यमहरूले पनि साधनाभन्दा आफ्ना अनुकूलका व्यक्तिहरूको ज्यादा चर्चापरिचर्चा गर्ने गरेका छन् । तर जयदेवले समाजले बिर्सिसकेका वा भुलिसकेकाहरूलाई खोजेर एक ठाउँमा भेला पारेका छन् । उनीहरूका योगदान र साधनालाई आम पाठकसम्म पुर्‍याउने काम गरेका छन् ।

०–०–०



कृतिपरिचय

# अस्तित्ववादी चिन्तन र "मर्नुअघि" उपन्यासमा जमुना भट्टराई

***लक्ष्मण सिटौला***

*"जब महिनावारी हुन्थेँ, ऊ ममाथि अप्राकृतिक युद्ध गर्थ्यो र आफ्नो यौनतिर्खा मेट्थ्यो । त्यो त उसको पहिल्यैदेखिको आदत रहेछ । मदिराले मस्त झुम्दै ममाथि खेल्नु उसको दैनिकी नै थियो । त्यही भएर मैले पीडा सहनका लागि बजारको सस्तो रक्सी ल्याई बेहोस नहुन्जेलसम्म पिउने लत लगाउन बाध्य हुनुपरेको थियो । दुखाइ भुल्न रक्सी त के म विष पिउन पनि तयार भैसकेकी थिएँ । एक-दुईचोटि त मेटासिल किनेर पनि ल्याएँ– कि 'यो जिन्दगी अब सिध्याइदिन्छु' भनेर । तर छोराहरूको मायालाग्दो आँखा हेर्थें, भक्कानिन्थ्यो मुटु । रुन्थेँ छाती पिटी-पिटी र फेरि विष बाथरुमको पानीमा बगाइदिन्थेँ । म मरेर गएपछि सुदर्शनले मेरा बच्चाहरूलाई अनाथ बनाउँछ भन्ने मनमा एक प्रकारको त्रासदी उत्पन्न हुन्थ्यो । यिनीहरू टुहुरा हुन्छन् जस्तो लाग्थ्यो, अनि मुखनजिक लगेको*




*विषको बिर्को बन्द गर्दिन्थेँ । हरेक रात म मृत्युको मुखबाट उम्किन्थेँ यिनै छोराहरूका कारणले ।"*

उपन्यासभित्रको माथिको उद्धरण पढिसकेपछि एउटा पाठक भावविह्वल हुन्छ । सम्पूर्ण उपन्यासको सारतत्त्व यसमै जडित छ । यो पढिसकेपछि उपन्यासकार जमुना भट्टराईको लेखकीय सार छर्लङ्ग हुन्छ । उपन्यासमा प्रयुक्त नारीपात्र दीपाको मनोदशा र आर्ष पीडा छर्लङ्ग हुन्छ । उपन्यासकार पारिजातको 'शिरीषको फूल' मा जुन नारीचेतको कुरा छ, 'मर्नुअघि' मा अझै त्यो स्वर तीव्रतर छ ।

"मर्नुअघि"मा उपन्यासकारको स्वीकारोक्ति छ कि *यो उपन्यास पढेर यस जगत्को कुनै एउटा व्यक्तिले आफू अन्यायमा परिरहेको कुरा स्विकारेर उसले विद्रोहको बाटो रोज्न सक्यो भने म आफूलाई सफल मान्ने छु । किनकि मलाई विद्रोह गर्न मेरा कलिला दुई छोराको भविष्यका कारणले रोक लाग्यो । मैले मेरो स्वर दबाएँ, आफूलाई थिचेँ, आफूलाई रोकेँ, आफूले आफूलाई सम्झाएँ ।*

*म आमा हुँ, ममता नै मेरो कमजोरी थियो । म पीडित बने पनि, मजस्तै अरू कसैले आफ्नो मौनता तोड्ने हिम्मत गरून् भन्ने मेरो उद्देश्य हो । मेरो कथाले कुनै अर्कोलाई अँध्यारो बाटोमा उज्यालो देखाउन सक्यो भने मेरो लेखनीको उद्देश्य पूरा भएको भनेर सम्झने छु ।*

"मर्नुअघि"मा मेरो समालोचकीय दृष्टिकोण:

साहित्यमा समालोचना भनेको कुनै पनि साहित्यिक कृति (कविता, कथा, नाटक, उपन्यास आदि)को गुण, दोष, शैली, विषयवस्तु, प्रभाव आदिको विश्लेषणात्मक मूल्याङ्कन हो । यसले साहित्यिक रचनाको अर्थ, सौन्दर्य, सामाजिक–सांस्कृतिक प्रासङ्गिकता र साहित्यिक प्रविधिको अध्ययन गर्दछ । समालोचना विधा पूर्वीय र पश्चिमी साहित्यमा साहित्यको विकासका लागि एउटा महत्त्वपूर्ण कार्य मानिन्छ ।

समालोचनाका प्रमुख उद्देश्यहरूः कृतिविश्लेषण गर्ने; रचनाको भाषा, शैली, पात्र, संरचना आदिको गहन अध्ययन गर्ने; कृतिको मूल्याङ्कन गर्ने; रचनाको साहित्यिक गुणस्तर र प्रभावकारिता निर्धारण गर्ने; कृतिको अर्थ खोल्ने; गूढ अर्थ, प्रतीक र सन्दर्भहरूको व्याख्या गर्ने नै हो ।

प्रगतिशील नारीवादी चेतनाको आँखामा जमुना भट्टराईकृत "मर्नुअघि" उपन्यासमा यस विषयलाई गहिराइमा पुगेर विश्लेषण गर्दा जमुनाभित्र नारीवादी दृष्टिकोण, प्रगतिशील चिन्तन र 'नारी के हो ? नारी को हो ? र उसले विराल कालको अभेद ज्वाला पनि सहन सक्छे' भन्ने कुराको रहस्य यस उपन्यासमा अभिव्यक्त गरिएका भाव र प्रतीकहरूको अन्तर्सम्बन्धले स्पष्टीकरण दिएका छन् ।

जमुनाको प्रगतिशील नारीवादी चेतनाले केवल लैङ्गिक समानता मात्र होइन, जाति, वर्ग, धर्म र समाजका अन्य शोषणतन्त्रहरूविरुद्धको सङ्घर्षलाई समेत समेटेको छ । "मर्नुअघि" मा व्यक्त उनको जीवनसङ्घर्ष, कोमलता, सहनशीलता र आन्तरिक विद्रोहलाई उनले सपाट चित्रण गरिदिएकी छिन् ।

"मर्नुअघि" सौन्दर्य र कोमलताको प्रतीक पनि हो । मर्नुअघि आफै–आफै आफ्नो रोदन, दुःख, पीडाको एउटा जुनेली आकाश हो । उनले कहीँ पनि कसैलाई दुःख दिएकी छैनन् । जमुनाको मानसिक द्वन्द्वले धन्न उनलाई आत्महत्याको बाटो रोज्नबाट भने जोगाएको छ । उनी आफै नाजुक तर टिकाउ भएर घिस्रिएर दलदलबाट बामे सर्दै–सर्दै अन्ततः किनारतर्फ पुग्छिन् । उनको यो जीवनको द्वन्द्व यति भयानक छ कि यो एउटा प्रलय हुनुअगाडि आएको तुफानजस्तो लाग्छ पढ्दै जाँदा ।

उपन्यासमा प्रयुक्त पुरुषपात्र सुदर्शनको विघटनशील चरित्र यस्तो लाग्छ कि उसले हाँसी–हाँसी एउटा कोमल फूललाई अग्निमा हवन गरिरहेको छ । उपन्यासका दुई प्रमुख पात्र– सुदर्शन र रघुको चरित्रले बिम्बित गर्छ कि नारीलाई थिचोमिचो र शोषण गरेर नै उनको जिन्दगीलाई क्षणिक बनाउने आदिम प्रवृत्ति छ ।

जमुनाको स्वतन्त्र पात्र दीपाको कर्मशील राज्यमा सुदर्शन र रघुको हमलाले जीवनच्युत हुने अन्तिम अवस्थामा पुगेर पनि अन्तमा हार नमानेकी एक लडाकु योद्धा हुन् "कतै पात्र नै दीपामा तिरोहित भएको छ ।" नारीपात्र जमुना स्वयम् हुन् । पुरुषको अहङ्कार अग्निमा जल्दै गरेकी तर चुपचापले कसैलाई पनि दुःख नदिई, कसैको विरुद्ध प्रतिकारमा नउत्रीकन आफ्नो अस्मिता बचाउँदै स्वविद्रोह गर्ने नारीको छविले नेपाली उपन्यास साहित्यको परम्परागत बाटोमा "मर्नुअघि"ले एउटा फरक खालको चिन्तन निर्माण गरेको छ । यो उपन्यासले विद्रोह र जितको सन्दर्भमा एउटा अर्को बाटो देखाइदिएको छ । त्यो हो मौन विद्रोह र विजयको बाटो ।

उपन्यासमा वर्तमानको प्रासङ्गिकतालाई पूरै पन्छाएर एउटी आधुनिक नारी आफ्ना शत्रुसँग स्वयुद्ध गर्छे । अन्याय सहन्छे । बिनागल्ती जेल पर्छे । हरेक रात आफ्नो लोग्नेबाट

बलात्कृत हुन्छे । पीडा भुल्न आफै रक्सीको नसाको सहारा लिन्छे, तर ऊ लाछी र कायर भने कहिल्यै बन्दिन ।

रघु पात्र छ जसले जमुनालाई आमा भन्छ तर अन्ततः त्यही आमालाई यौनजन्य भावले हेरेको उनलाई पछि "तिमीलाई बिहे गर्छु" भनिसकेपछि मात्र थाहा हुन्छ । यहाँ जमुनाले कहिल्यै पनि पितृसत्ताको विरुद्धमा सडक प्रतिरोध गर्न चाहिनन्, बरु आफैले सडक खाली गरिदिएर शत्रुहरूलाई बाटो विस्तार गरिदिइन् ।

नारीको देह, भाषा र यौनिकताको स्वायत्ततालाई आफ्नो नियन्त्रणमा लिने पुरुष पात्रहरूको हार देखाइएको छैन । आफै हारेर पनि जितेकी छिन् जमुनाले यो मामिलामा ।

समाजले नारीलाई थोपरेको सौन्दर्य र वास्तविकताको बिचको तनाव हो "मर्नुअघि" उपन्यास । प्रगतिशील नारीवादी चेतनाले यसलाई एक मौन विद्रोही वा स्वविद्रोही स्वरको प्रतीकको रूपमा स्वीकार नगरी अब सुखै छैन । जसले नारीको स्वतन्त्रताको माग गर्दछ त्यही व्यक्ति नै नारी अस्मिताको भक्षक हो भन्ने कुराको रहस्योद्घाटन गरिएको छ यो उपन्यासमा सुदर्शन पात्रको माध्यमबाट ।

अठारौँ-उन्नाइसौँ शताब्दीको नवशास्त्रीय समालोचना, ड्रायडन तथा यथार्थवादी र प्रतीकवादी आन्दोलनका नवयथार्थवादका बाल्जाक, फ्लाउबर्टले समाजको कुरूपतालाई नग्न रूपमा चित्रण गरेका थिए । जमुना भट्टराईकृत "मर्नुअघि" ले परिवारभित्रको शोषणलाई नग्न रूपमा यस जगत्लाई बिनासङ्कोच भनिदिएकी छिन् । यो भन्नुहुन्थ्यो कि हुन्नथ्यो त्यसको लेखाजोखा अब उनले सिङ्गो समाजलाई छोडिदिएकी छिन् । हरेक रात रक्सीको मातमा मात्तिएर रजस्वलाको रगतको आहालमा डुबेकी धर्मपत्नीलाई उनको इच्छाविरुद्ध, धर्म, संस्कारविरुद्ध, पौराणिक कथन र शारीरिक कमजोरीविरुद्ध अहोरात्र बलात्कार गरिरहने लोग्नेको बर्बरतालाई यो उपन्यासमार्फत उनले यस जगत्लाई थाहा दिइन् ।

डेरिडाको विखण्डनवादमा जस्तै "मर्नुअघि"ले छोड्ने छ एउटा परिवारभित्रको आँसुको कथा र अर्थको अस्थिरता । यहाँभित्र भएको नारीवादी (वुल्फ, सिमोन द बुभा) को जस्तै लैङ्गिक राजनीतिले सुदर्शन, रघु र गोविन्दलाई समेत घर्लप्पै चपाएको छ ।

एक्काइसौँ शताब्दीको डिजिटल युग र नयाँ प्रवृत्तिहरू नेपाली साहित्यमा भित्रिसकेको अवस्थामा जमुना भट्टराईले नेपाली समाजलाई भन्न नहुने कुरा के पो भनेकी छिन् र ? सुन्नेहरूलाई यदि लाज लागेको छ भने तिमीहरूले कान थुन्न सक्छौ या नपढ्न सक्छौ यो उपन्यास । तर एकै जनाले पनि पढिदियो भने उसले थाहा पाउने छ के हो स्वविद्रोह भनेर ।

पाश्चात्य समालोचनाको इतिहास दर्शन, समाज र कलाको विकाससँग नेपाली साहित्य समानान्तर हुने दिन यस्तै-यस्तै कृतिहरूको स्वीकृतिले सम्भावना बढाउँदै जाने छन् जसले शास्त्रीय नियमलाई तोडेर क्लासिकलदेखि उत्तरआधुनिक विखण्डनसम्म एउटा लामो यात्रा तय गरिसकेको छ। आज यस्ता खालका साहित्य बहुविषयक, वैश्विक र प्रयोगधर्मी बनेका छन् जस्तो हिजो पारिजातले गरिन्। पारिजातपछि नारीवादी चेत र विद्रोह स्वर केही समय नेपाली साहित्यमा अलमलिएको हो कि भन्ने हामीलाई प्रतीत हुन्छ। "मर्नुअघि"ले ल्याएको एउटा आँधी, पारिजातपछिको अभावपूर्तिको महत्त्वपूर्ण कलेवर हो।

जमुनालाई आरोप आउला 'ओछ्यानको कुरा किन भनेको' भनेर। तर त्यही ओछ्यान नै सारा जीवन र सपनाहरूको चिहान बनिदिन्छ र आँसुले भिजिदिन्छ भने कसरी थाम्नु पीडाको त्यो पहिरो जो घरी–घरी भाग्यमा खसिरहन्छ र पुरिदिन्छ सारा खुसीहरू ? अनि कतिन्जेल सहनु विवशताको त्यो घाउ ? ओछ्यान नै ओछ्यान नरहेर भाग्यको भस्मित अगेनो बनिदिन्छ भने, अनि त्यही ओछ्यान नै प्राणहरणको बाटो बनिदिन्छ भने कतिन्जेल नभन्नु यो कुरा र कतिन्जेल यो कमजोर आँखाले थामिरहन सक्छ आँसुको त्यो गोसाइँकुण्ड ?

सर्जक जमुना भट्टराईको "मर्नुअघि" यदि पारिजात समकालीन हुन्थ्यो भने "शिरीषको फूल"सँग प्रतिस्पर्धामा उभिन्थ्यो । "शिरीषको फूल" छापिएको ६० वर्षपछि जमुनाकृत "मर्नुअघि" लेखियो । पारिजातले "शिरीषको फूल" लेख्दाको नेपाली समाजको जुन सामाजिक धरातल र पुरुष मनोविज्ञानको व्याख्या गरिन्, त्यही पार्श्वभूमि छ "मर्नुअघि"मा पनि । फरक यति हो कि पारिजातले कापीमा लेखिन्, जमुनाले कम्प्युटरमा लेखिन् । दुवै लेखिकाको कुमारी चेतनालाई र तिनको अहम् सुन्दर संसारलाई पुरुष अहङ्कारले बलात्कृत गरिदिएको छ।

पीडाको नदीमा हेलिएर बग्दै जाँदा बागदेवीको सुदूर किनारमा आशाको एउटा त्यान्द्रोमा फेरि अल्झिदिन्छ जिन्दगी । कुनै बेला "शिरीषको फूल" र "मर्नुअघि"मा विश्वविद्यालय स्तरमा तुलनात्मक अध्ययन भयो भने त्यतिबेला यसको पार्श्वाख्यानको बारेमा पुनःउत्खनन हुने नै छ । उता सुयोगवीर छ, यता सुदर्शन छ । दुवै पुरुष हुन्– नारीलाई आफ्नो कठपुतली सम्झिने । यसको विस्तृत समकालीन आँखामा "शिरीषको फूल" र "मर्नुअघि"को समालोचना म पछि लेख्ने नै छु।

"मर्नुअघि" उपन्यासमा जमुनाले जुन दुःखहरूको सपाट व्याख्या गरेकी छिन् ती हजारौँ दीपाहरूको शोषणको हुरीमा निसासिएर बलेका अग्निका आवेग हुन्।

जमुनाभित्र दीपा तिरोहित बनेर लेखिएको यो "मर्नुअघि" उपन्यास होइन, यो त आँसुको महाकाव्य हो । यो गद्यमा लेखिएको महाभोगाइको वृत्तान्त हो । यो पृथ्वीजस्तै सहनशील नारीहरूको अच्युत आबरुको चारु चर्चा हो । यौनकुण्ठा र हरेक रात रक्सीको मातले मात्तिएको पुरुष अहङ्कारको तातो भुङ्ग्रोमा भस्मित भएर अनि हरेक बिहान अनेकौँ लाञ्छना, शङ्का र प्रताडनाको चट्याङ सहेर उभिएका दीपाहरूको अग्निभूमि हो "मर्नुअघि" ।

यति राम्रो गद्यगीत, यति गहकिलो बृहत् महाकाव्य वा यति गम्भीर उपन्यास "मर्नुअघि" दिएर सबैलाई सतत बाँच्ने अभिप्रेरणा दिने म सर्जक जमुना भट्टराईलाई हृदयदेखि नै बधाई दिन्छु । यो कृतिको शार्दूल सफलता फैलियोस् र तपाईँको हृदयाकाशमा उनै दिव्यात्मा सरस्वतीको निवास होस् । फेरि पनि बधाई छ यति गहन र सुन्दर सत्कृतिका लागि !

उपन्यासकारले "मर्नुअघि" मार्फत भन्न चाहेको सतत कुरा यही हो है जसलाई मैले केस्रा-केस्रामा यसरी भन्दिएँ भने अचम्म नमान्नुहोस् है–

मर्नुअघि– आफूभित्रको साराका सारा अहङ्कार र आगोलाई निभाउन पाए हुन्थ्यो । यो जगत् मेरो हो भन्दै सारालाई लुछ्न खोज्ने, लुट्न खोज्ने आततायी मनुष्यहरूको पतनको दिन देख्न पाए हुन्थ्यो ।

मर्नुअघि– मलाई जिउँदै मार्न खोज्नेहरूको हार र तिनका आँखामा घोर पश्चात्तापको आँसु बगिरहेको देख्न पाए हुन्थ्यो । पापीहरूको हार अर्को जुनीमा होइन यही जुनीमा देख्न पाए हुन्थ्यो ।

मर्नुअघि– मलाई मरोस् भनेर श्राप दिनेहरूको श्राप तिनीहरू आफूलाई फर्केको देख्न पाए हुन्थ्यो । किनकि म यो लोकमा नहुँदा फेरि अर्को मजस्तै सोझो, इमानदार र निर्दोष नारीले मैले जस्तै दुःख झेल्न र आतङ्कित हुन नपरोस् ।

मर्नुअघि– म गलत थिइनँ भनेर म बाँचेको समाजले बुझोस् । मलाई दोष दिएर आफू निर्दोष साबित हुन खोज्ने मानिसहरूलाई त्यो बोध होस् कि कोही पनि निर्दोष व्यक्तिलाई दोषी करार गरेर समाजमा छोड्दा ऊ कसरी जिउँदै मरी-मरी बाँचिरहेको हुँदो रहेछ !

मर्नुअघि– पापीले यो पृथ्वीमा कहिल्यै बास नपाएको, सुख नपाएको, उसलाई निद्रा नलागेको, उसको अमनचयन सारा हरण भएको, उसका सारा श्री खोसिएको, उसले समाजबाट नै बहिष्कृत हुनुपरेको, उसको वसन्त मुर्झाएको, उसको उल्लास सेलाएको,

उसलाई ऊ बाँचेको समाजले सधैँ बहिष्कार गरेको देख्न पाऊँ। किनकि पृथ्वीमा नयाँ जन्म लिने मानिसले यस्ता धर्तीका दुस्मनहरू फेरि-फेरि देख्न नपरोस्।

मर्नुअघि– पृथ्वी शान्त बाँचिरहेको होस्।

मर्नुअघि– नदीहरू नरोई बाँचेको हेर्न पाऊँ। वसन्तले जवानीको गीत गाउन नछोडोस्। हिमालय पर्वत हाँसिरहोस्। पहाडहरूले आफ्नो स्थान कहिल्यै नछोडून्। आकाशको नीलिमा कहिल्यै नसक्कियोस्। पृथ्वीमा ओर्लिरहने घामका जाँगरिला खुट्टाहरू कहिल्यै नदुखून्।

"मर्नुअघि" तिनै हार्नेहरू नथाकेको, नझुकेको, नचुकेको, नलत्रिएको गुलाफी कथा हो। यो कथा तिनैको हो जो पीडाको तातो मरुभूमिको यात्रा गर्छन् समयको सुनामी झेल्दै। यहाँभित्र यात्रा गरेका ती पात्रहरूलाई म कसरी भुल्न सकुँला र जसका कारणले जमुनालाई "मर्नुअघि" लेख्न अजस्र उत्प्रेरित गरिरहे र आज उनी तिनैको आकाशमा उदाएर दिव्य बनेकी छिन् यति मिठो कृति पस्किएर। घाउ बनाइदिनेहरूलाई त्यतिबेलासम्म मात्रै सम्झिइन्छ जतिबेलासम्म घाउमा खाटा बस्दैन। तर जसले घाउ पारिदिन मध्यमार्गीको भूमिका खेल्छन् तिनीहरूलाई पीडितले कहिल्यै पनि बिर्सिन सक्दैनन्।

उपन्यासले भन्न खोजेको कुरामा सबैले सहमति देखाउनु जरुरी हुन्छ भन्ने छैन। मेरो स्वकीय चिन्तनले देखेको "मर्नुअघि"को लाल किल्ला यही हो। उपन्यासमा भाषागत केही त्रुटिहरू केलाउन बिर्सिएका छन्। यो ठुलो कुरा होइन, सुधार गर्न सकिन्छ। विदेशको व्यस्त जीवनको भागदौडमा यति बृहत् कृति जन्माउन सक्नु सामान्य कुरा होइन। उपन्यास न दुःखान्तक हो न सुखान्तक हो, यो विषय भने गौण रहेको छ।

उपन्यासकार जमुना भट्टराई क्यान्सर रोगबाट एउटा अपूर्व विजयी पात्र हुन्। चिन्ता छोडेर चिन्तनको बाटो रोज्ने हरेक मानिसले मृत्युलाई जित्ने रहेछ भन्ने यही कुराको प्रमाण दिइन् उपन्यासकारले। समग्रमा उपन्यास काव्योपन्यास बनेको छ। पढ्दा 'यो चाहिँ नभइदिएको भए हुन्थ्यो' भन्ने पात्र कोही छैनन् तर रघु भन्ने पात्रको उपस्थितिले मातृत्वप्रतिको सम्मानमा एउटा आघात भने छोडेर गएको छ।

०–०–०

कृतिपरिचय

# मल्लका 'मनका तरङ्ग'मा असनको स्वाद



*तैँ तैँ धिताल*




बिहान घामले स्वागत गरे पनि दिउँसो काठमाडौँको भदौ महिना अहिले झरिलो छ । अकस्मात् परेको आकाशे पानीले मनका तरङ्गमा छ्यापछ्याप पार्न थाल्छ । यही बेला मोबाइलमा साथीको सन्देश आउँछ,– "शनिबार त बिदा, त्यसमा पनि तिजको मौसम । म केटा मान्छेलाई त दर खाने निम्तो आयो, तपाईँलाई आएन ?"

मुस्कुराउँदै भन्छु– "दर खाने निम्तो हैन, दर नै आइपुगिसकेको छ हातमा ।" सायद उनले बुझेनन् । साँच्चिकै दर आएको थियो तर पेटका लागि होइन, मनका लागि हो । पेटलाई तृप्त पार्ने बजारमा धेरै खानेकुरा छन् । मनलाई तृप्त पार्ने निकै कम । यस्तै मनको दरमध्ये अहिले मेरो हातमा परेको दर थियो, अलका मल्लको कवितासङ्ग्रह 'मनका तरङ्ग' ।

मल्लजीका गीत, गजल र कविताले भरिएको 'मनका तरङ्ग'भित्रका दर खाँदै म भित्रभित्रै सम्हालिन्छु । मनको दर, जसले मन मोटाउँछ, सन्तुष्ट हुन्छ र उज्यालो बनाउँछ । सोच्छु, बोलाएको ठाउँमा गएर दर खाएको भए पनि मन यति सन्तुष्ट हुँदैनथ्यो होला, जति यो दर खाएर सन्तुष्ट भयो ।

अलका मल्ललाई मैले चिनेसम्म उनी कवि तथा गीतकार हुन् । एक जना कविलाई चिन्न त्योभन्दा अरू के नै चाहिएला र ? मैले उनलाई अब उनकै गीत, कविता र गजलबाट चिन्ने प्रयास पनि गरिरहेकी छु ।

किताब पल्टाउनुअघि त्यही कभरमा निकै बेर अल्झिन बाध्य भएँ। फूल अनि फूलका थुँगा त्यो पनि विशेष रङ। रङ न त सुनौलो भन्न मिल्ने न नै बदामी। तर मनमा गहिरो गरी बस्ने रङ। हातका औँलाहरूले सुमसुम्याउँछु। कभरको तलमाथि कुनामा दुई टुक्रा पानामा अक्षरहरू कोरिएको आफ्नै हृदयजस्तो लाग्ने। साँच्ची मनका तरङ्गले मनलाई तरङ्गित बनाइदिन्छ।

पुस्तकको कभरलाई सुम्सुम्याउन बाध्य बनाउने ती अनजान कलाकारलाई सम्झन्छु। लाग्छ, कभरमै उनले सुन्दर कविता कलामार्फत पोखिदिए।

त्यसपछि मेरो बानीअनुसार पछिल्तिरको कभर पल्टाउँछु। किताबबारे दुई चिरपरिचित व्यक्तित्वहरूले केही लेख्नुभएको छ। तीमध्ये एक हुनुहुन्छ, ज्ञानका खानी फिल्मकर्मी तथा साहित्यकार प्रकाश सायमी। अर्का हुनुहुन्छ, साहित्यकार माधव घिमिरे ' अटल', जससँग म अल्पज्ञानी परिचित रहिनछु।

उहाँहरू दुवैको भनाइ पढेपछि लाग्छ, अलका अलग प्रकृतिकी कवि हुन्। मनदेखि गीत लेख्छिन्। उनको स्वभावमा लप्पन-छप्पन छैन। यति पढेपछि किताबभित्र प्रवेश गर्न मन अतालिन्छ।

किताबभित्र २९ वटा गीतलाई सङ्गृहीत गरिएको छ। त्यसै गरी ५ वटा गजल राखिएका छन्। अनि ५२ वटा कविताहरू सजिएका छन्। यी सूची हेरेपछि सोचेँ, काव्य विधाभित्र पर्ने तीनवटा उपविधाका धेरथोर रचना एकसाथ पस्केर उनी के सन्देश दिन चाहन्छिन् ? सायद भन्न चाहन्छिन्, विधा एउटा बहाना मात्र हो, मन परेका सबै रचना राख्न म स्वतन्त्र छु।

पुस्तकभित्र प्रवेश गर्दा सबैभन्दा पहिले म भेट्छु, अलका गीत गुन्गुनाउन थालेकी छन्। उनले गुन्गुनाएका २९ गीतमध्ये पहिलो गीतलाई वरिष्ठ गायक प्रेमध्वज प्रधानले धेरैअघि स्वर दिइसक्नुभएको रहेछ। यति वरिष्ठ गायकले गाएको गीत कमजोर हुने कुरै भएन। लाग्यो, यही एउटा गीत लेखेर अलका अमर बनिन्। प्रेमध्वजको मिठो आवाजमा सजिने कति लेखक-कविलाई म भेटुँला ? अलकासँग अलिकति ईर्ष्याभाव जाग्छ।

अर्को गीत छ, यी मेरा कथाहरूमा जसलाई गायिका लोचन भट्टराईले स्वर दिनुभएको रहेछ। छक्क पर्छु, संस्कृत श्लोकहरूमा पारङ्गत लोचन भट्टराईले गुन्गुनाउने शब्द दिनसक्ने अलकाको क्षमताको कदर गर्नैपर्छ। अघि बढ्दै जाँदा सपना परियार, दीपेन्द्रमान सिंह, आनन्द कार्की, विराज गुरुङ, प्रकाशचन्द्र श्रेष्ठ, अमर तण्डुकार, सुवर्ण

राजभण्डारीजस्ता गायक-गायिकाहरूको स्वरले सजिएका शब्दहरू देखेँ। अब पक्का विश्वास भयो, अलका चानचुने लेखक चाहिँ होइनन्।

गजलको सूचीमा प्रवेश गरेपछि थोरै म हच्किएँ। कताकति गीतहरूमा जुन भाव छ, गजलमा त्यो कम भएको छ। सायद अलकामा गजलमा भन्दा गीतमा पकड बलियो छ। स्वतन्त्र गजलबाट बहरसहितको गजलमा प्रवेश गर्न बाँकी छ।

अब म कविताको भिडमा प्रवेश गर्छु। यहाँ भिड शब्दको प्रयोग नजानेर गरेकी होइन। जसरी भिडमा फरक-फरक स्वभाव र कदकाँठीका व्यक्तिहरू देखिन्छन्, अलकाका कविताहरू पनि त्यस्तै छन्। तर यो भिड कुनै राजनीतिक नेताको भाषण सुन्न जम्मा भएका भिड होइनन्, यो त चाडबाडका बेला असनमा घरायसी सामग्री किन्न भेला भएका भिड हुन्। फरक-फरक ठाउँबाट आए पनि उनीहरूको उद्देश्य चाडबाड मनाउने छ। घरमा पर्खिबसेका सदस्यहरूलाई खुसी बोकेर लैजाने चाहना छ। अलिकति मोलमोलाइ, अलिकति गुनासो पनि छ। तर भनेजस्तो सामग्री पाएपछि घर फर्कँदा अनुहारमा आउने चमक छ। म दिनभरिजसो यी कविताको भिडका भावनाहरूलाई नियालिरहन्छु।

यही कमाइले आजको छाक टार्नु छ
बेर भए'सि परिवार बिचल्ली हुन्छ
छाप्रोमा सुत्केरी बुढी, सानो बालक
तिहुन बनाउन अलि छिट्टै पुग्नु छ।

यो कवितामा पुगेर टक्क अडिएँ। यसअघि किनमेल गर्न गएका ग्राहकहरूको कल्पना गरेर यी कविताहरू पढिरहेकी थिएँ। यो पढेपछि लाग्यो, होइन, यो बर्खाको बेला धान गोडमेल गर्न गएका, एकदुई पैसा (जसले परिवारको भोको पेट भर्छ) त्यसका लागि ढाड, शिर नै निहुराएर बोक्नुपर्ने भरिया, तपतप पसिना चुहाउनुपर्ने मजदुरहरूको भिड पो हुन् कि यी कविता।

त्यसै भिडमा बा, आमा देखिनुहुन्छ यसरी–

"कति बन्धनमा राखिहोलिन्
चाहना र खुसीहरू
कति भोगेकी होलिन् एकल यात्रा
मात्र हामी सन्ततिका निम्ति।"

"मेरा बा
दौरासलवार बेचेर
किताब किनिदिन्थे"

उमेरले बुढ्यौलीको रेखा नबस्दै सदाका लागि बाइ–बाइ भन्नुभएको बालाई कविले धेरै नै सम्भिmइन् । अलकाजीको आँसु कवितामा छचल्किएको मैले महसुस गरेँ । साथै सात वर्षअगि मलाई छाडेर जाने मेरा बालाई सम्भिmन पुग्छु ।

मन भारी हुन्छ । जति नै भारी होस्, अगाडि बढ्नु त छँदै छ ।

आफैलाई सम्झाउँदै, भिड नियाल्दै म अघि बढ्छु पुनः । अलि पर पुगेपछि देख्छु, आफ्ना अतीत सम्झँदै रमाउने स्वच्छन्द युवाहरूको भिड देख्छु । त्यसमध्येको कोही भन्छ,

अहो, म कति भाग्यमानी
तिम्रो सम्झनामा
सपना देख्न पाउने
हरघडी समयलाई लज्जित बनाएर
सम्झने तिम्रो सम्झना
साँच्चि म कति भाग्यमानी !

अलि पर पुग्छु र भेट्छु, एक हुल सुन्दरी । उनीहरू सौन्दर्य र जवानीले अटेसमटेस छन् । खितिती–खितिती हाँसिरहन्छन् । त्यही बेला कुनै सुन्दरीले मेरो कानमा आएर फुस्फुसाउँछिन्,

कोही भन्छन्, कति फुर्किएकी
कोही भन्छन्, उत्ताउली मोरी
तर म आफै रमाउँदै हिँड्ने
यो ठाउँकी हँसिली सुन्दरी ।

अर्की सुन्दरी आएर भन्छिन्–

केही छैन गुनासो मलाई
ओइलिएर झरे पनि
फक्रन्छ भन्ने लाग्दो रै'छ
मनभित्र सम्हालेर सजाउन सके
ताजगी महसुस गराउने रै'छ

यसरी कविले उत्साह र ऊर्जा थपिदिन्छिन् । थकित जिन्दगीलाई ताजगी बनाउने उपायहरू कवितामार्फत पस्किन्छिन् ।

नारीकै हुलमा नारीलाई सुन्दरताको ज्ञान सिकाउने अर्की नारी भेटिन्छिन् 'खै ?' भन्ने कवितामा । यसमा पाउजु, पटुकी, पोते, बुलाकी तथा ढुङ्ग्रीका कुरा छन् । पढिसकेर एकपटक मुस्कुराएँ । केही गरगहना लाउन नचाहने, शृङ्गार गर्न नचाहने म आफैसँग अचम्मित हुन्छु र त्यो कविता पढ्दै गर्दा म ऐनाअगाडि पुग्छु । अनि सोह्र शृङ्गारको कल्पना गर्छु पहिलो पटक । त्यो अनुभव नयाँ थियो मेरा लागि ।

हुन त कविताको भिडमा म मान्छेका अनेक रूपरङ्ग, भावभङ्गिमा देख्दै थिएँ । तर अचानक लाग्यो, यो मान्छेको होइन, अलकाले देखेका मानिसका अनेक रूपरङ्गहरू हुन् । अझ भनौँ, उनीभित्रका मान्छेहरू हुन् ।

यस कुरालाई 'अनौठो म मान्छे' भन्ने कविता लेखेर पुष्टि गर्छिन् यसरी...!

"मान्छेहरूको भाषा नबुझ्ने म मान्छे

भावनामा बहकिन कसरी सक्छु र !"

हामी मान्छे आआफ्नो स्वभावमा रमाउँछौँ । त्यसैले सबैका लागि सबै अनौठा नै हुन्छौँ । मान्छे न एकअर्कासँग सँगै हिँड्न सक्छन्, न नै एकअर्कालाई रिझाउन । त्यसैले अलकाजीको विचार सही लाग्यो । अरूलाई अनौठो भनेर नाम दिनुभन्दा आफूले आफैलाई अनौठो म मान्छे भनेर स्विकार्न सक्नु आफूले आफैलाई जित्नु हो । आनन्दको शिखरमा पुग्नु हो ।

उसो त सङ्ग्रहभित्र उनले कल्पेका दुःख र सुख, खुसी र हाँसोहरू पनि उत्तिकै छन् । उनका कविताहरू पढ्दै गर्दा लाग्यो, उनीभित्र गहिरो गरी एउटा कवि छिरेको रहेछ । सायद यही कारण अलकालाई जे देखे पनि कविता लेख्न मन लागिहाल्छ । एउटा लेखकका लागि योभन्दा ठुलो वरदान के हुन सक्छ ?

मलाई एउटा लेख लेख्न कम्तीमा महिना दिन लाग्छ । मलाई थाहा छैन, उनलाई एउटा कविता लेख्न कति समय लाग्छ । तर कविता पढ्दा लाग्छ, उनलाई घटनाले छुनुपर्छ, उनको कलम स्वतः बग्न थाल्छ ।

यो सङ्ग्रह पढेर 'तिमीले अलकालाई कसरी मूल्याङ्कन गर्छौ, दुई लाइनमा भन' भनेर कसैले सोध्यो भने म भन्ने छु– अलकाका कवितामा कसैको प्रभाव छैन । उनको गीत, कविताको प्रवाह यस्तो छ जो कसैसँग मिल्दैन, उनले जे सोच्छिन् त्यस्तै कविता बनिदिन्छ ।

प्रिय काव्यकार अलका, यसै गरी लेखिरहनू, जसरी लेखिरहन्छौ त्यसै गरी अध्ययनको दायरा पनि फराकिलो बनाउँदै लैजानू । हामीलाई असनको स्वाद दिइरहनू ।

०–०–०



कृतिपरिचय

# जयराम तिमल्सिनाको उपन्यास ‘धीमहि’

***भावना खनाल***




वि.सं. २०८१ पुस महिनामा पेज टर्नर प्रा.लि. काठमाडौँ–२८ बागबजार, काठमाडौँ, नेपालद्वारा एक हजार एक सय प्रति सङ्ख्यासहित उपन्यासको रूपमा प्रकाशित आख्यानात्मक कृतिको नाम 'धीमहि' हो । यस कृतिका कृतिकार अर्थात् उपन्यासकार जयराम तिमल्सिना हुन् । यस उपन्यासको आवरण र सज्जा निरूपणसमेत स्वयम्ले गरेका छन् । मान्छेभित्र आत्मद्वन्द्वका कारक कति छन् त्यसको सूची बनाउन सम्भव नभएको र त्यस्ता द्वन्द्वको साथ स्थायी निकाससमेत नभएको हुँदा यो सवाललाई बहसको विषय बनाइएको छ । यस उपन्यासको सम्पादकीय खण्डमा भनिएको छ, "द्वन्द व्यवस्थापनका सूत्रबद्ध उपकरणले समस्याको शमन गरेको देखिए तापनि तिनले केही दाग वा असन्तुष्टि छाडेकै हुन्छन् भन्ने अनुभव जतातते छ । आत्मद्वन्द्वको हकमा पनि यसको व्यवस्थापन त्यति सहज देखिएको छैन । अति प्रभावशाली मानिएका र संसारका धेरै क्लिष्ट रहस्य बुझेका कतिपयले मानसिक द्वन्द्वलाई व्यवस्थापन गर्न नसकेर आत्महत्याको बाटो पनि रोजेका छन् र द्वन्द्वका सांसारिक कारकबाट आफूलाई पूर्णतः असंलग्न राख्ने बाटोतिर लागेका छन् । एक कर्मशील एवम् अन्तरजगत्को मन्थनमा नै रमाउने जयराम तिमल्सिनाको पहिलो कृति 'धीमहि' आत्मद्वन्द्व व्यवस्थापनका यिनै विकल्पहरूको आख्यानिक खोज हो ।"

काभ्रेपलाञ्चोक जिल्लाको बेथानचोक–२, ढुङ्खर्कनिवासी स्रष्टा वा आख्यानकार तिमल्सिनाले स्वकथन खण्डमा भनेका छन्ः

त्यसो त म नदीको एक किनारको यात्री हुँ । नदीमा अर्को पनि किनार छ । मबाट धेरै टाढा । मेरो विपरीत भएर बसिरहने किनार । अझ भनूँ मेरो समानान्तर तर म सँगसँगै रहिरहने । जीवन र नदीको लय उस्तै लाग्छ अचेल । जुन विन्दुमा हिँड्यो त्यही विन्दु महत्त्वपूर्ण लाग्ने ।

मेरो यात्रा एउटा किनार हुँदै बढिरहेको छ । म हिँडिरहेको यो किनारा जसलाई मैले राम्रोसँग देखेको छु, हरेक पल भोगेको पनि छु र जान्दछु पनि । मसँगै मेरो समानान्तर हिँडिरहेको अर्को किनार जसलाई मैले समानान्तर रूपमा देखिरहेको हुँ, देखेका आधारमा केही जानेँ तर भोगेको भने छैन । त्यसका आरोह–अवरोह अनुमान लगाउँछु र तिनै अनुमानका रङ्ग जीवनमा भर्छु । तिनै रङ्ग, म नहिँडेको किनार, मेरा आँखाअगाडिबाट बगिजाने मुख्य नदी यो उपन्यासको मूल भङ्गालो हो । यस उपन्यासको प्रकाशक पेज टर्नर प्रा.लि. समूहलाई आभार व्यक्त गर्दै उपन्यासकारले प्रेरक भुवनहरि सिग्देल, प्रतीक ढकाल, महेश पौड्याल, डा.अशोक थापा, रोशन शेरचन, महेश क्षितिज, नरेन्द्रकुमार नगरकोटी, लक्ष्मण वियोगी, झम्क तिमल्सिना, उषा न्यौपाने, भरत पौडेल, माया अर्याल, योगेश महर्जन र माधव नेपाल तथा आमा, केदारमाई र घरपरिवारप्रति तथा पाठकवर्गप्रति पनि आभार प्रकट गरेका छन् । संरचनाविधानका दृष्टिले नियाल्दा यो उपन्यास आवरण पृष्ठबाहेक जम्मा १८१ पृष्ठमा संरचित रहेको देखिन्छ । उपन्यासको आवरण अग्रभागमा बुद्धको चित्र र अन्त्य भागमा सम्पादकीय समावेश गरिएको छ । यस उपन्यासको पृष्ठ सातमा आरोहको उठान गरिएको छ, जसमा भनिएको छः

"उसले त आफ्नो आकार आफै निर्धारण गरेको हो । मैले चाहेजस्तो हुन जरुरत थिएन । उसलाई समयले मनमा यसै गरी आफ्नो छाप बसाएर गयो । काठमाडौँलाई तीन पटक परिक्रमा गरेपछि मात्र अवतरणका लागि अनुमति प्राप्त गरेको हो बुद्ध एयरको विमानले । निर्धारित पैँतिस मिनेटको यात्रा बढेर सत्तरी मिनेट पुगेको हो । समयले यसै गरी उपस्थिति देखाएको हो मेरो यात्रामा ।

ट्याक्सी चालक र होटलका प्रतिनिधि विमानस्थलको ढोकैमा झुम्मिएकै छन् । सिकारीले सिकार खोजेजस्तै यात्रु खोज्दै छन् उनीहरू । त्यही भिडबाट निस्किएर म ट्याक्सी स्ट्यान्डसम्म आएँ । अगाडि लाइनमा भएको ट्याक्सीको पछाडि सिटमा झोला राख्दै चालकसँगैको सिटमा आएर बसेँ । चालकलाई इसारा गर्दै भनेँ– जाऔँ । म नयाँबजार फलफूलचोकसम्म जाने हो ।

मेरो आवाज सुनेर चालक मतिर नै फर्किए तर कुनै प्रतिक्रिया जनाएनन् । अकमकाए । अनुहारको रङ नै बदलियो उनको । मानौँ मैले उनको अनुहारमा कालो छ्यापिदिएँ । दायाँबायाँ हेर्न थाले उनी । उनको हाउभाउ र अनुहारमा आएको परिवर्तन बुझ्न गाह्रो थिएन मलाई । बुझिहालेँ– भाडामा बार्गेनिङ गर्न चाहन्छन् उनी तर मैले वास्ता नै गरिनँ । नदेखेजस्तो गरेर अन्जान बनिदिएँ । मैले वास्ता नगरेको भएर होला, मिटर चलाएर ट्याक्सी अगाडि बढाए उनले । बार्गेनिङको झमेला टऱ्यो मेरो ।

ट्याक्सीका पाङ्ग्राका हरेक फन्कोसँगै मेरो घरसँगको दूरी कम हुन थाल्यो । म भने बाहिरी दृश्यमा टहलिन लागेँ । हुन त दृश्यमा कुनै परिवर्तन थिएन । सबै उस्तै नै थिए । तर मनमा भने परिवर्तन आएको भान भइरह्यो । सोचेँ– दृश्य बिराना हुँदा परिवर्तन भएजस्तै लाग्ने रहेछन् ।"

त्यसै गरी पृष्ठ २५ मा अनुप्रस्थ उपशीर्षक, पृष्ठ ५१ मा संयोग उपशीर्षक, पृष्ठ ९० मा तृष्णा उपशीर्षक, पृष्ठ १३२ मा महासत्त्व उपशीर्षक, पृष्ठ १६१ मा आत्मक उपशीर्षक र पृष्ठ १७४ मा इतिअंश उपशीर्षकमा यो उपन्यास संरचित भएको देखिन्छ । आदि, मध्य र अन्त्यको संरचनाविधानमा संरचित यो उपन्यासले मान्छेभित्रका आत्मद्वन्दका कारक तत्त्वहरूलाई मनोवैज्ञानिक रूपमा प्रस्तुत गरेको छ । काठमाडौँको परिवेशमा रचना गरिएको यो उपन्यासले विमानस्थल, लैनचौर, सोह्रखुट्टे, ठमेल, वसन्तपुर, दरबार क्षेत्रको डबली, बालाजु आदि स्थानीय परिवेशलाई प्रस्तुत गरेको छ । यसको साथै अन्तर्राष्ट्रिय परिवेशको रूपमा युरोपियन मुलुक स्पेनको पनि चर्चा गरिएको छ । यस उपन्यासका मुख्य पात्रहरू सुयोग, दीपेन्द्र (चित्रकार), पुष्कर र सावित्रा, रक्षा, प्रज्ञा, सरिता आदि देखिएका छन् । उपन्यासकार तिमल्सिनाको यो सामाजिक घटनाप्रधान मनोवैज्ञानिक उपन्यास हो । यस उपन्यासले समाजमा द्वन्द्वको व्यवस्थापन र शान्तिको स्थापनाको परिकल्पना गरेको छ । अन्तिममा यस उपन्यासले आफ्नो जन्मभूमि नेपालप्रतिको मायाममतालाई पनि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रस्तुत गरेको छ । यो उपन्यासले सिद्धपुरुषले कतिपय कुरा नभनेर पनि संसारको हित गर्दछन् भन्ने सन्देश दिएको छ ।

०–०–०




# ज्यान गया जत्तिकै लाग्छ जोवन जाने बेला



***मणि लोहनी***

'सिर्जना उत्सवमा सहभागी भइरहँदा मलाई लागिरह्यो– मञ्चमा मात्र सीमित नभएर यात्राभरि पनि उत्सव नै उत्सव थियो।' कवि गीतकार दिनेश अधिकारीको यही वाक्य यस पटकको बटमलाइन हो। अन्तिम हुन नसकेको यही वाक्यले नेपाली कलासाहित्य डट कम प्रतिष्ठानले देशका विभिन्न भागमा गएर गर्दै आइरहेको कलासाहित्य यात्रा र 'सिर्जना उत्सव' को भव्यतालाई प्रकट गर्छ।

सृजना उत्सवको अठारौँ शृङ्खला यस वर्ष रुकुम पश्चिममा चैत २२ र २३ मा सम्पन्न भयो। कलासाहित्य यात्राको अठारौँ मध्ये दिनेश दाइको यो दोस्रो कलासाहित्य यात्रा हो। यसअघि उहाँ विराटनगरमा भएको उत्सवमा सहभागी हुनुहुन्थ्यो।

म त नेपाली कलासाहित्य डट कम प्रतिष्ठानले गर्ने अधिकांश कलासाहित्य यात्रामा सहभागी छु। त्यसो त १६ भन्दा बढी यात्रामा सहभागी भएपछि मलाई के लाग्यो भने कलासाहित्यको माध्यमबाट मोफसललाई राजधानीसँग र नेपाललाई विश्वसँग जोड्ने अभियानमा सक्रिय रहेको यस प्रतिष्ठानको व्यवस्थापन र संयोजन सधैँ प्रशंसनीय छ।

यस वर्षको कलासाहित्य यात्रा २०८१ को गन्तव्य रुकुम पश्चिम रह्यो। नेपाली कलासाहित्य डट कम प्रतिष्ठान काठमाडौँको आयोजना र राप्ती साहित्य परिषद् जिल्ला

शाखा रुकुम पश्चिमको सहआयोजना एवम् त्रिवेणी गाउँपालिका, मुसीकोट नगरपालिका रुकुम पश्चिम, नेपाल पर्यटन बोर्ड र विभिन्न स्थानीय समाजसेवी व्यक्तिहरूको सहयोग एवम् समाजसेवी स्रष्टा पूर्ण ओलीको संयोजनमा सृजना उत्सव २०८१ सम्पन्न गरिएको हो ।

गत चैत्र २२ गते सिर्जना उत्सवको पहिलो सत्र त्रिवेणी गाउँपालिकाको सहिद स्मृति भवनमा विभिन्न सांस्कृतिक प्रस्तुतिसहित ठाडी भाकाको प्रतियोगिता र कविता वाचन भयो भने दोस्रो दिन चैत्र २३ गते मुसीकोटमा विभिन्न सांस्कृतिक झाँकीसहित कविता प्रतियोगिता, दृश्यमा देशदर्शन, कवितावाचन, कवि डा. अमर शाहको पुस्तक लोकार्पण, योगेश्वर वाङ्मय पुरस्कार र ग्रेगरी कलासंस्कृति पुरस्कार समर्पणका कार्यक्रमसहित सम्पन्न भयो । त्यसका लागि लेखक–कविहरूको टोली नेपाली कलासाहित्य डट कम प्रतिष्ठानका अध्यक्ष मोमिलाको नेतृत्वमा चैत २० गते काठमाडौँबाट प्रस्थान गरेको हो ।

सिर्जना उत्सवमा नेपालका प्रायः सबै प्रदेशबाट जम्मा भई काठमाडौँबाट यात्रा प्रारम्भ गरी रुकुम पश्चिम पुगेका २० जना स्रष्टाहरूमा नेपाली कलासाहित्य डट कम प्रतिष्ठानका प्रमुख संरक्षक, नेपाल सरकारका पूर्वमुख्यसचिव डा. विमल कोइराला, कविगीतकार दिनेश अधिकारी, कविमुक्तककार उषा शेरचन, कविनिबन्धकार र प्रतिष्ठानका अध्यक्ष मोमिला, कवि तथा उपाध्यक्ष राजेश्वर कार्की, कविकथाकार डा. अमर शाह, कलाकार फोटोग्राफर सुन्दर बस्नेत, स्रष्टा महेश पौड्याल थिए । यसै गरी निबन्धकार तथा स्रष्टा समाज नेपालका अध्यक्ष श्रीओम श्रेष्ठ रोदन, साहित्यिक अन्वेषक जयदेव भट्टराई, कवि तथा सिस्नुपानी नेपालका अध्यक्ष लक्ष्मण गाम्नागे, कविउपन्यासकार सरस्वती प्रतीक्षा, कवि कविता राई, कवि केशव सिग्देल, निबन्धकार भागवत खनाल, कवि तारा सुनुवार, पत्रकार आस्था के.सी., गजलकार कपिल अन्जान, कवि रोशन परियारसहित म सहभागी थिएँ । रुकुमका दुई स्थानमा भएका सृजना उत्सवमा नजिकका जिल्लाहरू जाजरकोट, बाँके,






दाङ, सल्यानबाट आएका स्रष्टाहरूको पनि विशेष सहभागिता रहेको थियो। यसमा प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय प्रमुख, त्रिवेणी गाउँपालिकाका अध्यक्षलगायत अन्य पदाधिकारीहरू, मुसीकोट नगरपालिकाका प्रमुख, उपप्रमुखहरू, पूर्वराज्यमन्त्रीलगायत प्रमुख प्रशासकीय अधिकृतहरू र सबै उमेर समूहका कलासाहित्यप्रेमीहरूको जमघटले कार्यक्रममा विशेष रौनकता थपिएको थियो।

त्यस्तै कार्यक्रममा कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री राजकुमार शर्मा, नेपाल सरकारका पूर्वमुख्य सचिव तथा साहित्यकार डा. विमल कोइराला, जिल्ला समन्वय समितिका प्रमुख लुम्बिनी गौतम, मुसीकोट नगरपालिकाका प्रमुख महेन्द्र केसीलगायतका साहित्यकार, जनप्रतिनिधि, कर्मचारी तथा साहित्य तथा कलाप्रेमीहरू सहभागी थिए। दुबै स्थानमा भएका कार्यक्रममा प्रतियोगी स्थानीय कलाकार र कविहरूलाई पुरस्कृत गरिएको थियो भने आमन्त्रित कवि तथा लेखकहरूले पनि आआफ्नो सिर्जना प्रस्तुत गरेका थिए। रुकुम जिल्लाको साहित्यिक इतिहासमा पहिलोपल्ट यसप्रकारको कार्यक्रमको आयोजना गरिएको कार्यक्रम संयोजक पूर्ण ओलीले दाबी गर्नुभएको छ।

## यात्रामा रमाइलै रमाइलो

यस पटक यात्रामा निस्कँदा मसँग सम्झनाहरू थिए।

फुक्काफाल हुनु मेरो स्वभाव हो। तर यसपालि सोचेजस्तो सहज अवस्था थिएन। वर्षको अन्तिम समय भएर पनि होला सक्नुपर्ने केही कामका सूची थिए। काम सकेर बुझाउनुपर्ने हतारो थियो। लेखन र भिज्युअलसम्बन्धी ती कामका जिम्मेवारीबाट पन्छिएर ६ दिन यात्राका लागि छुट्याउन मलाई हम्मे-हम्मे परेको हो। तर करिब ४




महिनाअघिदेखिको मोमिला दिदीले मागेको स्वीकृति, भव्य र ऐतिहासिक कार्यक्रममा सहभागी हुने आफ्नो लोभ र कार्यक्रमसँगै देशदर्शनको चाहले म रुकुम जान निक्लिएँ। र, साथमा थिए गर्नुपर्ने काम र भेट्नुपर्ने प्रिय मानिसका सम्झना।

बिहान पौने ६ बजे म बबरमहलको आर्ट काउन्सिलमा पुग्दा भागवत खनाल आइसक्नुभएको रहेछ। गाडीका चालक राम र सहचालक श्याम तम्तयार थिए। त्यसपछि क्रमशः यात्रामा सहभागीहरू आउने क्रम बढ्दै गयो। सुन्दर बस्नेत, जयदेव र श्रीओम दाजुहरू, डा. विमल कोइराला र दिनेश अधिकारी।

सहभागी सबै आएपछि सामान्य नास्ता लिएर हामी हान्नियौँ पोखरा बाग्लुङतिर।

पोखराको बाग्लुङ बसपार्कबाट कवि उपन्यासकार मेरी मित्र सरस्वती प्रतीक्षा गाडीमा थपिनुभयो। नौ डाँडा उक्लिएर लुम्ले पुगेपछि वर्षौं पहिले मुस्ताङमा भएको कलासाहित्य यात्राका क्रममा लुम्लेमा बास बसेको सम्झिएँ। कलाकार राजन काफ्ले र मित्र ठाकुर बेल्बासेलाई सम्झिएँ। डा. ध्रुवेशचन्द्र रेग्मी, शेखर खरेल, प्रमोद उपाध्याय र श्याम नेपालीलाई सम्झिएँ। उनीहरूसँग यहाँ र मुस्ताङमा बिताएका केही अनौपचारिक निकै प्रिय पलहरू सम्झिएँ।

डा. विमल कोइरालाको सत्य घटनामा आधारित धाराप्रवाह हँस्यौली सुन्दै बाग्लुङ कालिका पुग्दा साँझ झमक्क परिसकेको थियो। आज नै देवीको दर्शन गर्ने कुरा भयो।

जङ्गलैजङ्गलले घेरिएको बाग्लुङ कालिका पुग्दा साँझको आरती भइरहेको रहेछ । श्रीओम दाइले देशभरका मन्दिरमा पछिल्लो समय आरती संस्कृति कसरी पुनः जागृत भयो भन्नेबारे हामी सबैलाई जानकारी दिनुभयो ।

## भुँमे गाउँ, गुराँस र चित्रजस्ता रुखहरू

बाग्लुङ बजारमा बिउँझिएको बिहान जय दाइ र म मर्निङ वाकका लागि तल ओर्लिंदा हामी बसेको होटल शीतलको ढोका पनि खुलेको थिएन । हाम्रो आवाजपछि सहयोगी भाइले ढोका खोले । हामी हान्निँदै बाग्लुङ बजार निक्लियौँ ।

बिस्तारी बिउँझिँदै थियो बजार । कलेज जाने केटाकेटीहरू, साइकलमा दुध बेच्न हिँड्नेहरू र परेड खेलिरहेका सैनिक जवानहरू हेर्दै हामी करिब आधा घण्टा हिँड्यौँ । लगभग बजार छान मारियो । फर्किएर होटलमा चिया पिउँदै गर्दा दिनेश दाइ र कवि रोशन पनि थपिए । हामी फेरि बजार हिँड्यौँ । जय दाइलाई किन्नु थियो– काँइयो । फोटो खिच्नुअघि सधैँ पेन्टको पछाडि गोजीबाट काइँयो निकालेर कपाल कोर्दै तयार हुने जय दाइको चिरपरिचित बानी मलाई सर्वाधिक प्रिय लाग्छ ।





नास्ता लिएर हामी लाग्यौँ रुकुमतिर ।

'हेर त चित्रजस्ता रुखहरू ।' उषा दिदी चिच्याउनुभो ।

बाहिर हेर्दा निपुण कलाकारले बनाएको अब्बल कलाकृतिजस्तो एकनासका रुखहरूले भरिएको हरियो डाँडो । हिजोसम्म प्रदूषणले भरिएको काठमाडौँ, पोखरा र बाग्लुङमा बिताएका हामी यतिखेर रुकुम छिरेका थियौँ र रुकुम भित्रिएसँगै खुला देखिएको थियो निलो आकाश । थोरै सेता बादल भएको फराकिलो निलो आकाशले हामी दङ्ग थियौँ । त्यसमाथि थपिएको थियो हरियो जङ्गल र एकनासका रुखहरू ।

'आहा गुँरास ।' सरस्वतीजीले भनेसँगै सबैका आँखा सडककिनार र वरपरका जङ्गलतर्फ दौडिए । गुराँसका रुखहरूले पूरै वन नै राताम्मे ।

भुँमे गाउँ पुगेपछि चाहिँ हौसिने र बहुलाउने पालो मेरो आउँछ । लुकुम गाउँको माथितिर डाँडामा रहेका एकनासका ढुङ्गे घरहरूले भरिएको भुँमे गाउँ निकै आकर्षक देखियो । अग्ला रुखहरू र खुला पाटनजस्ता डाँडाकाँडा । जता आँखा ओच्छ्यायो त्यतै मिल्ने आनन्द । म त के गरौँ र कसो गरौँ भएँ– खुसीले । तर रोकिने समय थिएन । त्यसो त चाहेर पनि कहाँ रोकिन सकिन्छ र– यात्रामा होस् या जीवनमा, रोकिने छुट हामीलाई छैन ।

रोकिनु भनेको सकिनु पनि हो । गतिशीलता जीवनको सौन्दर्य हो ।

पर देखिने डाँडाहरूको शृङ्खलाको अन्तिम चुचुरोमा पुगेर सूर्य डुब्यो ।

त्यसको निकै बेरपछि अर्थात् साढे सात बजेतिर हामी पुग्यौँ– रुकुम पश्चिमको मुसीकोट।

मुसीकोटको एसियन होटलमा हाम्रो स्वागतमा थियो– पूर्ण ओली सर र मित्र महेश केसीलगायतको एउटा ठुलो टोली।

सहिदको समाधिमाथि ठाडी भाकाका लय
भात खाने काँसैको थाल पानी खाने बेला
ज्यान गया जत्तिकै लाग्छ जोवन जाने बेला

नेपाली कलासाहित्य डट कम प्रतिष्ठानको आयोजना र राप्ती साहित्य परिषद् रुकुम पश्चिमको सहआयोजनामा भएको सिर्जना उत्सवको पहिलो सत्रमा त्रिवेणी गाउँपालिकाको सहिद स्मृति भवनमा यसरी मौलिक ठाडी भाका घन्किएको हो। ठाडी भाकामा मुसीकोट नगरपालिका-२ का कमल खड्काको समूह प्रथम भयो। त्रिवेणी गाउँपालिका ४ की अस्माली खड्काको समूह द्वितीय, त्रिवेणी १ की तिल्सरी विक तृतीय र मुसीकोट नगरपालिका वडा नम्बर १० का हिरालाल कठायतको समूह तथा त्रिवेणी गाउँपालिका ४ की प्रतिभा खड्का सान्त्वना भएका थिए।

म तिर्न सक्दिनँ क्या हो बाउआमाको भारा
अर्गानिक तरकारी फल्ने हाम्रो रुकुम खारा

ठाडी भाकामा प्रथमले २५ हजार, दोस्रो हुनेले १५ हजार, तृतीयले १० हजार र सान्त्वनाले समान पाँच/पाँच हजार नगद र प्रमाणपत्र प्राप्त गरे। 'ठाडी भाका प्रतियोगितामा कुल २० टिम दर्ता भएकामा त्यसबाट मूल्याङ्कन गरेर पाँच वटामा झारेर पुरस्कार छनोट गरिएको हो।' संयोजक पूर्ण ओलीले भन्नुभयो। सरल, मृदुभाषी र सहयोगी पूर्ण सरको सरल व्यवहारको म प्रशंसक नै बनेँ।

सुनारैकी छोरी राम्री मुन्टैमा तिलरी
नसम्झाइदे मैनाचरी बिर्सेका बिलरी





ठाडी भाकातर्फको प्रथम पुरस्कार मुसीकोट ५ को न्यू मुन लाइट बोर्डिङ स्कुल, द्वितीय पुरस्कार भूपेन्द्रा मल्ल, तृतीय पुरस्कार बमकाजी श्रीपाली तथा सान्त्वना पुरस्कार पूर्ण ओली र मनलाल ओलीले प्रायोजन गर्नुभएको थियो। गीतसङ्गीत र साहित्यसंस्कृतिका लागि यसरी समुदायस्तरमा नै सहयोग हुनु सुखद कुरा हो।

सिर्जना उत्सवमा नेपाली कलासाहित्य डट कमका अध्यक्ष मोमिला, नेपाल सरकारका पूर्वमुख्य सचिव तथा कवि डा. विमल कोइराला, कवि गीतकार दिनेश अधिकारी, कर्णाली प्रदेशका पूर्वसचिव भरतकुमार शर्मा, जिल्ला समन्वय समितिका प्रमुख लुम्बिनी गौतम, त्रिवेणी गाउँपालिका अध्यक्ष गणेश केसीलगायतले व्यक्त गरेका विचार श्रवणीय थिए।

## कविताले सबैलाई रुवाइन्

बाबालाई एक्लै हामीलाई एक्लै कसरी बनायो
हाँसेर लियो निष्ठुरी काल बिपती जनायो
सोचिनँ मैले यो दिन चाँडै आउला भनेर
आसमा हामी बस्दै छौँ आमा भेट्छौँ कि भनेर

हिक्क-हिक्क गर्दै कविता ओलीले कविता सुनाइन्। मसँगै बसिरहेकी कवि पत्रकार आस्था केसी भक्कानिइन्। उनी पूर्व माओवादी लडाकु हुन्। यति कमलो मानिसले कसरी सेना, प्रहरीमाथि प्रहार गरिन् होला। 'सर हामी विचारले अभिप्रेरित भएर व्यवस्था बदल्न होमिएका। त्यस बेला हामीलाई डर कम र विश्वास बढी थियो।' आस्थाले मेरो मनको भाव बुझेझैँ गरेर भनिन्।

'अनि अहिले ?' रोइरहेको आस्थालाई मैले सोधेँ ।

'अहिले नेतृत्वबाट केही गल्तीहरू भएका छन् । तर हाम्रो विश्वास गुमेको छैन ।' रोइरहँदा मायालाग्दो देखिएको उनको अनुहार एक्कासि कठोर देखियो ।

स्टेजमा बसिरहेका कविताका बाबु मनराज पनि रुन थाल्नुभो । कविताकी आमा मनराजकी श्रीमती बितेको ६ महिना पनि भएको रहेनछ । बाबुछोरीसँगै सिङ्गो सभाकक्ष भक्कानियो । मनराज हिक्का छाड्दै गलामा पहिरिएको खादाले आँसु पुछ्दै रोएको देखेर मेरो आँखा पनि भरियो ।

यसरी धेरै पछि म रोएँ ।

नेपाली कलासाहित्य डट कम प्रतिष्ठानको आयोजना र राप्ती साहित्य परिषद् रुकुम पश्चिमको सहआयोजनामा सिर्जना उत्सव भएको हो । उत्सवअन्तर्गत कविता प्रतियोगितामा कविता ओली दोस्रो भइन् । जिएम दीपु दीपेन्द्र प्रथम भए । उनको कवितामा आत्महत्या गरेर मरेको मानिसको प्रलाप थियो र जीवन मास्नु हुँदैन भन्ने सन्देश । जिल्ला स्तरीय कविता प्रतियोगितामा ५४ जनाले नाम दर्ता गराएकामा ३४ वटा कविता प्रतिस्पर्धामा थिए जसबाट १२ जनालाई वाचनका लागि छनोट गरिएको थियो ।

मुसीकोटमा भएको सृजना उत्सवमा उत्कृष्ट १२ का बिचमा प्रतिस्पर्धा भएकोमा दीपेन्द्र प्रथम र कविता द्वितीय भएका हुन् । हर्कसिंह केसी तृतीय र खिमबहादुर खड्का तथा अर्जुन ओली सान्त्वना भए । प्रतियोगिताको निर्णायकमा साहित्यकार श्रीओम श्रेष्ठ रोदन, कवि सरस्वती प्रतीक्षा र रोशन परियार थिए । 'निर्णय गर्न कुनै गाह्रो भएन । हामी






तीनै जनाको छनौट मिल्यो ।' धेरै पुरस्कारका निर्णयकर्ताका रूपमा काम गर्दै आएका साहित्यकार श्रीओम दाजुले भन्नुभयो ।

'कविताहरू सबै राम्रा थिए । तर केही कविता त निकै लोभलाग्दा सुनिए ।' निर्णायक बनेकी सरस्वतीले भन्नुभयो ।

कविता प्रतियोगिताका प्रथमले २५ हजार, द्वितीयले १५ हजार, तृतीयले १० हजार र सान्त्वनाले समान ५-५ हजार नगद र प्रमाणपत्र प्राप्त गरेका छन् । प्रथम पुरस्कार विजयश्वरी बोर्डिङ स्कुल, द्वितीय पुरस्कार रुकुमेली क्याम्पस, तृतीय पुरस्कार त्रिभुवन जनता मावि तथा सान्त्वना पुरस्कार साधन शर्मा र धनबहादुर खड्का वसन्तले प्रायोजन गरेको अध्यक्ष मनराज ओलीले जानकारी दिनुभयो ।

सिर्जना उत्सवकै कार्यक्रमअन्तर्गत कथाकार एवम् कवि अमर शाहको दोस्रो कवितासङ्ग्रह 'गाउँ छाडेको मान्छे' सार्वजनिक गरियो । त्यस अवसरमा कवि शाहलाई योगेश्वर वाङ्मय पुरस्कारको सम्मान पनि समर्पण गरियो । भित्ताभरि सयौँ सहिदहरूको तस्बिर टाँगिएको आधुनिक सभाभवनमा भएको त्यस कार्यक्रममा काठमाडौँबाट गएकी कवि तारा सुनुवारले समसामयिक कविता सुनाउनुभयो–

**जसको नाममा शासनसत्ता फेरिए**

उसैको अवस्था कहिल्यै फेरिएन
जहाँ जसरी थिए उसै गरी रहिरहे



फेरि कसरी विश्वास गरौँ म
शासनसत्ता फेरिँदैमा सब थोक फेरिन्छ भनेर ।
कमलदह घुमेर नाइट बसमा दिउँसो यात्रा
मुसीकोट छाड्दै थियौँ हामी ।

हामीलाई बिदा गर्न बिहान पाँचै बजे पूर्ण सर र साथीहरू हामी बसेको होटलमा आइपुग्नुभयो । स्थानीय सबै साथीहरूसँग औपचारिक बिदाबारी भएर हामी हतार-हतार बसमा चढ्यौँ ।

बिहान गुडेदेखि नै गाडीले अलिअलि धोका दिँदै आएको हो । प्राविधिक समस्या देखिएपछि राम र श्यामलाई मात्र होइन हामीहरू पनि पटक पटक हैरानीमा पर्यौँ– विशेष गरी सुन्दर, म, तारा र सरस्वती पानी ओसार्ने र राम/श्यामलाई सहयोग गर्न तल्लीन भयौँ ।

सोचेभन्दा ढिला गरी हामी कमलदह पुग्यौँ ।

अस्ति जाँदा गाडीबाट मात्र देखेको कमलदह ओर्लेर घुम्दा निकै आनन्द आयो । भटाभट फोटो खिच्न थाल्यौँ ।

रुकुमपूर्वको सिस्ने गाउँपालिका वडा नम्बर ५ रुकुमकोटमा रहेको कमलदह निकै आकर्षक लाग्यो । यो दह १६ सय मिटर क्षेत्रफलमा फैलिएको छ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण दह ऐतिहासिक पनि रहेछ । मध्यपहाडी लोकमार्गको छेउमै रहेको कमलदहमा पुग्न अहिले सजिलो पनि भएको छ । अहिले तीनै तहका सरकारले कमलदह परिसरमा

भौतिक संरचना पनि निर्माण गरेका रहेछन् । दहका वरिपरि धार्मिक मठमन्दिरहरू पनि छन् । यस दहको मुख्य विशेषता भनेकै कमलको फूल रहेछ ।

अहिले कमल फुलेको त थिएन । तर हामी जे जति यात्रामा थियौँ ती सबै कमलभन्दा कम उज्याला र आकर्षक पनि थिएनौँ ।

लुकुम भुँमे गाउँ पुगेपछि हामी चढेको गाडी तत्काल अघि नबढ्ने भो ।

यहीँनेर देखियो मित्र तारा सुनुवारको सक्रियता र अवस्थाप्रतिको संवेदनशीलता ।

प्रहरीको सहयोगमा हामी बाग्लुङसम्म पब्लिक बसमा जाने भयौँ । उतै हामीलाई लिन नयाँ गाडी पोखराबाट आउने तय भयो । यसका लागि मोमिला दिदी, राजेश्वर दाइ र सुन्दरले गाडी कम्पनीसँग पटक पटक संवाद गरेर अवस्थालाई सहज बनाउनुभएको थियो ।

'कलासाहित्य यात्रामा कहिल्यै यस्तो भएको थिएन ।' मोमिला दिदीले भन्नुभयो । उहाँको सबैलाई मिलाउन सक्ने ऊर्जा र उच्चस्तरको व्यवस्थापकीय क्षमताले नै १८ वर्षदेखि निरन्तर कलासाहित्य यात्रा र सृजना उत्सव सफल हुँदै आइरहेको हो ।

'यो पनि एउटा फरक अनुभव बन्ने भयो ।' डा. विमल कोइरालाले भन्नुभयो । सरल र निकै सौम्य व्यक्तित्व विमल कोइराला नेपाली प्रशासनिक क्षेत्रका प्रतिष्ठित हुनुहुन्छ । उच्च बौद्धिक र सत्य घटनासँग जोडिएका उहाँका अनुभवले यो सिङ्गो यात्रा सहज बनेको हो ।






र, रुकुम मैकोटबाट काठमाडौँका लागि हिंडेको नाइटबसमा अपराह्नको १२ बजे चढ्यौँ। बसको नाम थियो काँक्री डिलक्स। लगभग खाली गाडीभित्र हाम्रो टोली चढेपछि बस मात्र भरिएन हाम्रो मन पनि डरले भरियो...! ढक्क। किशोर चालक र सहचालकको हतारो र अधैर्यले मैले यात्राभरि हाम्रा चालकदलका सदस्यहरू राम र श्यामलाई सम्झिरहेँ।

गाडीको अन्तिम सिटमा थिएँ म। मेरो अगलबगलमा थिए– प्रिय लेखक सरस्वती प्रतीक्षा र कवि रोशन परियार।

सरस्वतीको गुराँसमोहले मेरो डर त कम गर्‍यो तर झन्डै उहाँले झ्यालबाट आफ्नो मोबाइल खसालेको। बाहिर हात निकाली निकाली उहाँ गुराँसको फोटो खिच्दै हुनुहुन्थ्यो– अप्ठेरो बाटो र गाडीको गतिबिच सन्तुलन नमिल्दा पटक-पटक गाडी उफ्रिन्थ्यो।

काठमाडौँ हिंडेको नाइटबसमा दिउँसो गुड्दै सरस्वती र मैले केही साथीहरूको कुरा काट्यौँ। देशविदेशका लेखनको चर्चा गर्‍यौँ। उहाँले भनेको केही वाक्य चाहिँ मनमा गहिरोसँग बसे– 'मानिसले प्रेम गर्नुपर्छ। प्रेम नगरी मानिसले झुक्न जान्दैन र जिन्दगीका हरेक मोडमा दुःख पाउँछ। दुःख उसले मात्र पाउँदैन। उसले समाजलाई पनि दुःख दिन्छ।'

निकै अबेला हामी बाग्लुङ पुग्यौँ– पोखराबाट हामीलाई लिन आएको सुविधासम्पन्न गाडी चढेर पोखरा हान्नियौँ।




## फेवाकिनारमा सरुभक्तप्रतिको प्रेम

'सुन्नू न' हामी बसेको होटलकी साहुनीले मलाई भन्नुभयो । म उहाँतिर फर्किएँ । पाको उमेरकी उहाँ अनुभवले खारिएकी र उज्याली हुनुहुन्थ्यो ।

बिहानबिहानै फेवाताल घुमेर हामी होटल आइपुगेका थियौँ । खाजा खाएर काठमाडौँ हिंड्ने तयारी हुँदै थियो ।

'उहाँसँग तपाईंहरू सबैले पालैपालो फोटो खिच्नुभयो । सबैले निकै महत्त्व दिनुभयो । को हुनुहुन्छ उहाँ ?' उहाँले सरुभक्तलाई देखाउनुभयो ।

'उहाँ त सरुभक्त । राम्रा लेखक ।' मैले भनेँ ।

'ओहो, म चिन्छु नि । कत्ति पढेकी छु उहाँलाई । लौ न मेरो पनि फोटो खिचिदिनू ।' उहाँले लगाइरहेको कुर्तासुरुवाल अलि तन्काउनुभयो । कपाललाई दुबै हातले मिलाउनुभयो र मलाई मोबाइल थमाइदिनुभयो । सरुभक्त दाइ पनि सहज रूपमा उहाँसँग फोटो खिच्न उभिनुभयो ।

पछि गफ गर्दै जाँदा थाहा भयो । होटल सञ्चालक सीता पौडेल अधिकारी पहिले कविता र नाटकहरू लेख्ने र खेल्ने गर्नुहुँदो रहेछ । साहित्यको पारखी हुनुहुँदो रहेछ ।

एउटा साहित्यप्रेमीकै होटलमा हामीले रात बिताएका रहेछौँ ।

o–o–o

# हाम्रा कार्यक्रम तथा गतिविधिका झलकहरू




कलाश्री सम्मान तथा कलाश्री पुरस्कार

- २०६५
- २०६६





कलाश्री सम्मान तथा कलाश्री पुरस्कार

- २०६७
- २०६८





कलाश्री सम्मान तथा कलाश्री पुरस्कारहरू

- २०६९
- २०७०





कलाश्री सम्मान तथा कलाश्री पुरस्कारहरू

- २०७१
- २०७२





कलाश्री सम्मान तथा कलाश्री पुरस्कारहरू

- २०७३
- २०७४





कलाश्री सम्मान तथा कलाश्री पुरस्कारहरू

- २०७५
- २०७६





कलाश्री सम्मान तथा कलाश्री पुरस्कारहरू

- २०७७
- २०७८





कलाश्री सम्मान तथा कलाश्री पुरस्कारहरू

- २०७९
- २०८०





कलाश्री सम्मान तथा कलाश्री पुरस्कारहरू - २०८१

सुकर्म सङ्गीत साँझ २०६७





सिर्जना-उत्सव

- २०६४ नेपालगञ्ज

- २०६५ पोखरा





सिर्जना-उत्सव

- २०६६ चितवन

- २०६७ इलाम





सिर्जना-उत्सव

- २०६८ विराटनगर

- २०६९ नव बुद्ध





सिर्जना-उत्सव

- २०७० मुस्ताङ

- २०७१ रुपन्देही





सिर्जना-उत्सव

- २०७२ धनकुटा

- २०७३ कोहलपुर





सिर्जना-उत्सव

- २०७३ जाजरकोट

- २०७४ लमजुङ





सिर्जना-उत्सव

- २०७५ धनगढी

- २०७५ जाजरकोट





**सिर्जना-उत्सव**

- २०७६ जुम्ला
- २०७८ रोल्पा






**सिर्जना-उत्सव**

- २०७९ पाल्पा
- २०८० ताप्लेजुङ







**सिर्जना-उत्सव**

- २०८१ रुकुम पश्चिम





**World Literary Tour 2010**
Poetry Concert with Music & Painting (South Korea)






**World Peace Literary Tour**

- 2011 Japan
- 2013 China





**World Peace Literary Tour**

- 2014 China
- 2015 Myanmar





**World Peace Literary Tour**

- 2015 China
- 2015 Bangladesh






**World Peace Literary Tour**

- 2016 China
- 2017 Bengaluru, India





World Peace Literary Tour

- 2017
Egypt

- 2018
Russia





World Peace Literary Tour

- 2019
India





World Peace Literary Tour

- 2024
India





World Peace Literary Tour

- 2025
Italy

- 2025
Sloveniya





एनएलजी विशेष शान्ति कविता गोष्ठी तथा 'कलाश्री' लोकार्पण

- २०६९

- २०७०





एनएलजी विशेष शान्ति कविता गोष्ठी तथा 'कलाश्री' लोकार्पण

- २०७१

- २०७२





एनएलजी विशेष शान्ति कविता गोष्ठी तथा 'कलाश्री' लोकार्पण

- २०७३

- २०७४





एनएलजी विशेष शान्ति कविता गोष्ठी तथा 'कलाश्री' लोकार्पण

- २०७५

- २०७६

